



नाफिज जर्नल २०८१

अर्थचित्र

# अर्थचित्र

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को वार्षिक प्रकाशन-२०८१



## समृद्धिका तगारा

सिद्धार्थ केयर २४/७ | ०१-५९७००२० customercare@sbl.com.np

# "नारीकै नाममा घर, आर्कषक ब्याजदर"

सिद्धार्थ बैंकले "नारीको नाममा घर, आर्कषक ब्याजदर" भन्ने नारा सहित नारीको नाममा घर जग्गा खरिद गर्न प्रोत्साहन स्वरुप संचालनमा ल्याएको यस कर्जा सुविधा उपभोग गरी लाभान्वित हुनुहोस्।

**८.४९%** वार्षिक ब्याजदर
(पहिलो ७ वर्षका लागि स्थिर)

यो कर्जा सुविधा घर खरिद, निर्माण र पुनर्निर्माणका लागि लागु हुनेछ।

सिद्धार्थ हाम्रो घर कर्जा



*शर्तहरु लागु हुनेछन्।

SCAN FOR DETAILS

सम्बन्ध सधैंभरिलाई

SiddharthaBank

www.siddharthabank.com



20

साङ्ग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.

# अब सहजै गरौं उद्यम



**SME LOAN**

BASE RATE UPTO +1%*

**बिशेषताहरु:**

- सरल कर्जा प्रकृया
- 3 दिनमा कर्जा उपलब्ध गराइने

*शर्तहरु लागु हुनेछ

केन्द्रीय कार्यालय: बालुवाटार, www.shangrilabank.com
Toll free number: 1810-50-00052 01-5970052 9863589000 | customercare@shangrilabank.com

# ग्लोबल आइएमई बैंक
# नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा

**EUROMONEY AWARDS FOR EXCELLENCE**

**NEPAL BEST BANK 2024 & NEPAL BEST BANK FOR ESG 2024**

**बाट सम्मानित**







यस उपलब्धिका लागि हामी सबै प्रति हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दै सबैमा सधैं उत्कृष्ट बैंकिङ सेवा दिँदै जाने प्रतिबद्धता व्यक्त गर्दछौं।

**Global IME Bank**
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**GLOBAL CONNECT**
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

**FESTIVE OFFER**

# नबिल ढुक्क घर कर्जा

## आफ्नै घरको चाहना अब हुनेछ पुरा

**नबिल भए ढुक्क**

वार्षिक ब्याजदर

# ७.९९%

७ वर्षका लागि **निश्चित रहने**




नि:शुल्क क्रेडिट कार्ड जारी

कर्जा चुक्ता अवधि:
३० वर्षसम्म

NABIL BANK

TOGETHER AHEAD

☎ 01-5970015 ✉ customercare@nabilbank.com 🌐 www.nabilbank.com

**नेपाल आर्थिक पत्रकार संघ**
नाफिज

**नाफिज जर्नल – २०८१**
अर्थचित्र

**सम्पादक**
लोकबहादुर चापागाईं

**संयोजक**
परमेश्वर अधिकारी

**भाषा**
शम्भुराज रेग्मी

**सचिवालय**
सन्तोषी शिवाकोटी

**कभर/लेआउट**
रतन थापा
९८५७६२०४३४

**मुद्रण**
स्प्रिन्टर प्रा.लि.
बालाजु, काठमाडौं

**कार्यालय**
बुद्धनगर, काठमाडौं
फोनः ०१–५९०९३७२

इमेलः nafij2009@gmail.com
वेब- nafij.org.np

## सम्पादकीय

# समृद्धिलाई हातेमालो

नेपालको संविधान जारी भएपछि २०७९ मंसिरमा भएको आमनिर्वाचनपछि संघ र प्रदेशमा सरकार बन्ने र भत्कने क्रम रोकिएको छैन । गत असार अन्तिममा यो संसद्को बाँकी अवधि नेकपा एमाले र नेपाली कांग्रेसले मिलेर सरकारको नेतृत्व गर्ने सहमतिबमोजिम केपी ओली नेतृत्वमा बनेको संघीय सरकार फेरि परिवर्तन हुने बहस सतहमा छ । कथम्कदाचित संघीय सरकार फेरिएमा त्यसको असर प्रदेशमा पनि पर्ने विगतको अनुभवले देखाइसकेको छ । राजनीतिक परिवर्तनको विषयलाई केही पर राखेर यसपटक अर्थचित्रमा क्षेत्रगत विषयवस्तु उठान गर्दै समग्र अर्थतन्त्रका परिवेशका आयामलाई केलाउने कोसिस गरिएको छ ।

खासगरी उपभोग्य वस्तुहरु (एफएमसीजी), स्वास्थ्य, निर्माण, ऊर्जा, पर्यटन, बिमा, बैंकिङ र यातायात क्षेत्रलाई केन्द्रमा राखेर ती क्षेत्रका समस्या र समाधानका उपायमा केन्द्रित छ । अर्थतन्त्रमा देखिएका मूल समस्याहरु र त्यसमा राजनीतिक दलको प्रतिबद्धतासँगै सम्भव भएसम्म सम्बन्धित क्षेत्रमै क्रियाशील व्यक्तित्व (सरकारी तथा निजी), विज्ञ, सरकारी अधिकारीहरुको अनुभव समेटेर प्याकेज बनाइएको छ ।

> सरकारी संयन्त्रमा समन्वय अभाव, राजनीतिक नेतृत्व र कर्मचारबीच बढ्दो द्वन्द्व, भ्रष्टाचार प्रकरणमा कर्मचारी फस्ने र राजनीतिक नेतृत्व जोगिने गरेका कारण कर्मचारीहरु निर्णय गर्नुभन्दा टारेर बस्ने प्रवृत्तिले पुँजीगत खर्च वृद्धिमा बाधक देखिएको छ ।

मुलुकको अर्थतन्त्र अहिलेको अवस्थामा पुग्नुमा राजनीतिक अस्थिरता, आमरुपमा निजी क्षेत्रलाई हेर्ने नकारात्मक दृष्टिकोण, सरकारी संयन्त्रले आफूअनुकूल र परिवेशअनुसार कानुनहरुको व्याख्या गरी सेवाग्राहीलाई दुःख दिने नियत, कानुन निर्माणमा भइरहेको ढिलासुस्ती, बढ्दो भ्रष्टाचार, फैलिँदो अराजकता र कानुन कार्यान्वयनमा देखिएको फितलोपनले निजी क्षेत्रको मनोबल कमजोर बन्न पुगेको छ । निजी क्षेत्रको मनोबल खस्किँदा लगानीमा कटौती भएको र यसले रोजगारी सिर्जनामा अवरोध गर्नुका साथै वस्तु उत्पादनसमेत कटौतीमा परेको देखिन्छ ।

त्यसैगरी सरकारी भुक्तानीमा देखिएको सुस्तता र सरकार आफैले घोषणा गरेका विभिन्न अनुदान दिन गरिएको कन्जुस्याइँले समग्र औद्योगिक क्षेत्रको उत्पादन क्षमतामा ह्रास आएको अनुमान छ । परिणाम बैंक तथा वित्तीय संस्था ऋण असुलीमा समस्या भएको र निजी क्षेत्रले थप लगानीका ढोका नखोल्दा वित्तीय क्षेत्रमा अधिक तरलताको अवस्था सिर्जना भएको छ । अधिक तरलताका कारण ब्याजदर घटेर न्यून विन्दुमा रहँदा पनि निजी क्षेत्र थप लगानी गर्न उत्साहित छैनन् ।

त्यस्तै, सरकारी संयन्त्रमा समन्वय अभाव, राजनीतिक नेतृत्व र कर्मचारबीच बढ्दो द्वन्द्व, भ्रष्टाचार प्रकरणमा कर्मचारी फस्ने र राजनीतिक नेतृत्व जोगिने गरेका कारण कर्मचारीहरु निर्णय गर्नुभन्दा टारेर बस्ने प्रवृत्तिले पुँजीगत खर्च वृद्धिमा बाधक देखिएको छ । पुँजीगत खर्च नबढ्दा निजी क्षेत्र पनि लगानीका लागि तयार नहुने परिस्थिति र विदेशी लगानीकर्तासमेत आकर्षित नहुँदाको परिणाम आम्दानीका आधारहरु सकिँदै जाँदा आममानिसमा आक्रोश बढ्दै गइरहेको छ । परिणाम स्थिति झनै भयावह हुने संकेत देखिएका छन् । त्यसैले सरकारले समयमै देखिएका समस्या समाधानको पहलकदमी लिएर समृद्धिको यात्रामा अग्रसर हुन जरूरी छ ।

## अध्यक्षको भनाइ

# अवरोधमै अल्झिएको अर्थतन्त्र

आर्थिक वर्ष ०८१/८२ को पहिलो पाँच महिना सकिनै लाग्दा संघीय सरकारले कुल विकास खर्चको करिब १२ प्रतिशत मात्र परिचालन गर्न सकेको छ । त्यो भनेको तीन खर्ब ५२ अर्बमध्येको ४० अर्ब रूपैयाँ मात्र हो । गत आवको सोही समयमा पुँजीगतखर्चको हालत ठ्याक्कै यस्तै थियो । यद्यपि विकास आयोजनाका लागि लिइएको ऋणको साँवा-ब्याज तिर्न र सरकारले लगानी गर्न छुट्याइएको वित्तीय व्यवस्थामध्ये ४२ प्रतिशत अर्थात् एक खर्ब ५२ रूपैयाँ हो । यसलाई र संघीय तथा स्थानीय सरकारले समेत विकासका लागि परिचालन गरेको रकमको हिसाब गर्दा खासमा विकास खर्च निराशाजनक नरहेको मान्न नसकिने होइन । तर समग्र भौतिक, सामाजिक तथा आर्थिक विकासको आधार मानिएको सडक, रेल तथा पुल परियोजनाहरूको हालको स्थिति हेर्ने हो भने आशावादी हुने अवस्था देखिँदैन । नारायणगढ-बुटवलको १२० किमि दूरी पार गर्न ६ देखि आठ घण्टाको यात्रा गर्नुपर्ने बाध्यता बनेको तीन वर्ष भइसक्यो । काठमाडौं-मुग्लिन र काठमाडौं-तातोपानी सडकको पनि अवस्था उस्तै छ । राष्ट्रिय गौरव भनिएका सिँचाइ तथा उत्तर-दक्षिण जोड्ने सडकको पनि उस्तै बेहाल छ ।

कमजोर र कमसल पूर्वाधारका कारण व्यापार तथा उत्पादनको लागत बढेको छ । त्यसले नेपाली उत्पादनहरूलाई विदेशी मात्र होइन, स्वदेशी बजारमै महँगो बनाएको छ । सामानको ढुवानी तथा आमजनताको यात्राको लागत र समय लम्बिँदा त्यसको असर उत्पादकत्व तथा व्यावसायिक प्रतिफलमा पर्न गएको छ । अर्कातर्फ औद्योगिक पूर्वाधारका क्षेत्रमा पनि प्रगति हुन सकेको छैन । मुलुकका विभिन्न सात स्थानमा औद्योगिक क्षेत्र र ३५१ औद्योगिक ग्राम स्थापना गर्ने भनेर घोषणा गरेको वर्षौं भइसकेको छ । तर त्यस दिशामा प्रगति भने शून्य छ । कतिपय स्थानमा त सरकारले जग्गा अधिग्रहण नै गर्न सकेको छैन ।

विकास कार्यका लागि बाह्य ऋण तथा अनुदानमा भर परिरहेको नेपालका लागि सन् २०२६ मा विकासशील मुलुकमा स्तरोन्नति भएपछिको समय थप चुनौतीपूर्ण हुनेछ । सरकारले पाउँदै आएको अनुदानको महत्त्वपूर्ण हिस्सा गुमाउनेछ ।

यसैबीच वित्तीय प्रणालीमा प्रशस्त निक्षेप जम्मा हुँदा पनि सोचेजस्तो ऋण प्रवाह हुन नसक्दा बैंकहरु अधिक तरलताको समस्यामा छन् । उनीहरूलाई त्यसबाट तत्कालका लागि मुक्ति दिन केन्द्रीय बैंकले दुई खर्ब रूपैयाँभन्दा बढी रकम विगत एक महिनामै उठाएको छ । पहिले ब्याज महँगो भएर लगानी गर्न र व्यवसाय विस्तार गर्न सकिएन भनेका व्यवसायीहरु अहिले बजारमा माग घटेको भनेर पछाडि हटेका छन् । मुलुकको युवा जनशक्तिको उल्लेख्य हिस्सा विदेशिँदा त्यसले शिक्षादेखि उपभोग्य सामानसम्मकै मागमा ह्रास आएको छ । त्यसले उत्पादकको मनोबल घटाएको छ । पछिल्ला केही वर्षमा देखिएको सहकारी समस्याका कारण आमउपभोक्ताले आफ्नो बचत गुमाउँदा पनि बजारमा माग घटेको छ ।

सन् २०३० सम्ममा हासिल गर्ने भनिएका दिगो विकास लक्ष्य प्राप्त गर्न नेपाललाई वार्षिक २५ खर्ब रूपैयाँ आवश्यक पर्ने प्रक्षेपण छ । पूर्वाधार विकासका लागि मात्रै ११ खर्ब हाराहारी चाहिन्छ । तर सरकार भने प्रक्षेपित राजस्वसमेत उठाउन नसक्ने अवस्थामा छ । सरकारले परिचालन गरेको कुल राजस्वले चालु खर्च मात्र थेग्छ, विकास खर्च र ऋणको साँवा-ब्याज तिर्न फेरि ऋण नै लिनुपर्ने अवस्था छ । यसैबीच सरकार कोभिड बिमा, कृषि बिमा, स्वास्थ्य बिमाजस्ता दायित्वको चेपुवामा परेको छ । विकास कार्यका लागि बाह्य ऋण तथा अनुदानमा भर परिरहेको नेपालका लागि सन् २०२६ मा विकासशील मुलुकमा स्तरोन्नति भएपछिको समय थप चुनौतीपूर्ण हुनेछ । सरकारले पाउँदै आएको अनुदानको महत्त्वपूर्ण हिस्सा गुमाउनेछ । व्यवसायीले अमेरिका तथा युरोपेली युनियनजस्ता ठूला बजारमा पाउँदै आएको सौविध्य गुमाउनेछन् ।


यस्ता यावत् समस्याका कारण नेपालले विकासमा फड्को मार्न सकिरहेको छैन, न त अपेक्षित रूपमा आर्थिक वृद्धि नै हासिल गर्न सकेको छ । अझै पनि दुईतिहाइको हाराहारी जनसंख्या कृषिमा निर्भर रहनु, परम्परागत औद्योगिक विकासमा प्रवेश नगरी अर्थतन्त्र सिधै सेवा क्षेत्रको भरमा पुग्नु, रेमिट्यान्सका कारण विदेशी वस्तुको मागमा उल्लेख्य वृद्धि हुनु र उच्च व्यापार घाटा भोग्नु पनि नेपालका विडम्बना हुन् । यस्ता अवरोधहरूहरूबाट पार पाउने र सम्भावना भएका ऊर्जा, कृषि, सूचना प्रविधि, प्रशोधन उद्योगलगायत क्षेत्रको विकासबाट मुलुकलाई समृद्धिको बाटोमा अगाडि बढाउने उपायहरु यस पालिको जर्नलमा हामीले खोज्ने प्रयत्न गरेका छौं । नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को यो प्रयासमा साथ दिने सम्पूर्ण विज्ञ लेखक, विश्लेषक, राजनीतिक तथा व्यावसायिक नेतृत्व तथा विज्ञापनदाता एवं यो जर्नल प्रकाशनमा अहोरात्र खट्ने साथीहरूमा हार्दिक आभार ।

# यसभित्र


| | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| प्रतिबद्धता | लामो समय शिथिल रहेको अर्थतन्त्र एकैपटक माथि उठ्न अप्ठ्यारो हुन्छ | विष्णुप्रसाद पौडेल | ८ |
| | अर्थतन्त्रका सवालमा कांग्रेसले स्टन्टबाजी गर्दैन | डा. प्रकाशशरण महत | १२ |
| | नेपालको परिप्रेक्ष्यमा औद्योगिक विकास | सुमना श्रेष्ठ | १४ |
| | अर्थतन्त्रको पुनरुत्थानमा राजनीतिक सहमति आवश्यक | माधव सापकोटा | १६ |
| | आर्थिक सुधारको मार्गचित्र | चन्द्रप्रसाद ढकाल | १८ |
| | नीति प्रेरित मन्दीमा अर्थतन्त्र | राजेशकुमार अग्रवाल | २० |
| | मन्दीबाट बाहिर आउँदै छ निजी क्षेत्र | कमलेश अग्रवाल | २४ |
| | मोफसलका उद्योग व्यापारको अवस्था, सम्भावना र चुनौती | अनुपम राठी | २६ |
| उद्योग/कृषि | औद्योगिक क्षेत्रको विकासका अप्ठ्यारा र समृद्धिको बाटो | दामोदर भण्डारी | ३० |
| | 'अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नेपाली उत्पादनको लागत घटाउनुपर्छ' | पवन गोल्यान | ३४ |
| | नीतिगत अस्थिरताका कारण लगानीकर्तामा आत्मविश्वास जागिरहेको छैन | उज्ज्वलकुमार श्रेष्ठ | ३८ |
| | एकीकृत कृषि विकास प्राधिकरणको आवश्यकता | भरतराज ढकाल | ४० |
| | इँटा उद्योगलाई प्राथमिकतामा राखेर निर्माण क्षेत्रलाई सहजीकरण गर्नुपर्छ | शंकरबहादुर चन्द | ४३ |
| | कृषि उन्नयनका लागि कृषकमैत्री नीति आवश्यक छ | मोहनकुमार बस्नेत | ४६ |
| बैंकिङ | नेपालको बैंकिङ : विकास र अवसर | महाप्रसाद अधिकारी | ५० |
| | ब्याजदर, तरलता र बाह्य क्षेत्र सहजतालाई आर्थिक वृद्धिमा रुपान्तरण गर्नुपर्छ | सुनील केसी | ५४ |
| | घट्दो प्रतिफल र नीतिगत अस्थिरतामा रुमलिएको लगानी | राजेश उपाध्याय | ५८ |
| | बैंकिङ उद्योगले बिराएको बाटो, वर्तमान अवस्था र अबको रणनीति | बीएन घर्ती | ६१ |
| | आफ्ना कमजोरी सुधार्यौं भने वित्त परिचालनबाट विमुख हुनु पर्दैन | तिलक पाण्डेय | ६४ |
| | सरकार मातहतका कोषहरुको रकम पूर्वाधारमा लगानी गर्नुपर्छ | कृष्णबहादुर अधिकारी | ६७ |
| | डिजिटल बैंकको पहिलो हकदार भुक्तानी सेवा प्रदायक हुन् | विनय रेग्मी | ७० |
| बिमा | सामाजिक बिमा आजको आवश्यकता | रवीन्द्र घिमिरे | ७३ |
| | बिमा : सरेन्डर गर्ने र नवीकरण नगर्ने प्रवृत्ति रोकिनुपर्छ | प्रवीणरमण पराजुली | ७६ |
| | बिमाप्रति अविश्वासको वातावरण सरकार आफैंले सिर्जना गरिरहेको छ | कुनाल कयाल | ७८ |
| ऊर्जा | जलविद्युत् नै नेपाली अर्थतन्त्रको मेरुदण्ड | कुलमान घिसिङ | ८० |
| | लगानीका अन्योल हटाएर ऊर्जा विकासमा हातेमालो गर्नुपर्छ | गणेश कार्की | ८३ |
| | जलविद्युत् विकाससँग गाँसिएका केही पक्ष | ई. सुभाषकुमार मिश्र | ८६ |
| | सौर्य ऊर्जा : देश विकासको नयाँ आयाम | सञ्जीव न्यौपाने | ९२ |
| स्वास्थ्य | संरचना र जनशक्ति वृद्धि नहुँदा स्वास्थ्य सेवा प्रभावकारी र व्यवहारिक बन्न सकेन | डा. रोशन पोखरेल | ९५ |
| | नेपालमा औषधी उत्पादन, बजारको अवस्था र अबको बाटो | हरिभक्त शर्मा | ९८ |
| | नेपालको स्वास्थ्य सेवालाई 'मेडिकल पर्यटन'मा बदल्नुपर्छ | डा. सुदीप श्रेष्ठ | १०१ |
| पूर्वाधार | सडक विस्तारका अपेक्षा र अवरोध | केशवकुमार शर्मा | १०४ |
| | सकसमा निर्माण उद्योग | रवि सिंह | १०७ |
| | यातायात क्षेत्रका समस्याको प्रभाव मुलुकको अर्थतन्त्रमा | राजनबाबु श्रेष्ठ | ११० |
| | नेपालको सार्वजनिक यातायातः आर्थिक तथा सामाजिक विकासको दर्पण | विजयबहादुर स्वाँर | ११३ |
| पर्यटन | पर्यटन क्षेत्रको अवस्था, चुनौती र अबको बाटो | दीपकराज जोशी | ११६ |
| | पर्यटन क्षेत्रमा गर्नुपर्ने सुधार धेरै छन् | नारायणप्रसाद रेग्मी | ११८ |
| | सरकारले निजी क्षेत्रलाई केही दिनु पर्दैन, काम गर्न दिए पुग्छ | सुमन पाण्डे | १२२ |
| | नेपालमा चेन होटेलको अवधारणा, विकास र चुनौती | कृष्ण न्यौपाने | १२४ |
| | विश्वभरका मानिसलाई नेपाल घुम्नै पर्ने गन्तव्यका रुपमा परिचित गराउनुपर्छ | सागर पाण्डे | १२८ |
| | जलवायु परिवर्तनको प्रत्यक्ष असर पर्वतारोहीलाई परेको छ | मिङ्मा डेभिड शेर्पा | १३१ |
| विविध | भूराजनीति र विश्व व्यापारका चुनौती | डा. पोषराज पाण्डे | १३४ |
| | 'नीति कार्यान्वयन हुन नसक्नु नै अर्थतन्त्रको मूल समस्या हो' | कृष्णहरि बास्कोटा | १३८ |
| | स्रोतमा मुठ्ठी बाँधेर वित्तीय संघीयताको परिकल्पना साकार हुँदैन | गोपी हमाल | १४२ |
| | वित्तीय संघीयता र स्थानीय सरकार | कलानिधि देवकोटा | १४४ |

# लामो समय शिथिल रहेको अर्थतन्त्र एकैपटक माथि उठ्न अप्ठ्यारो हुन्छ

पहिलो पटकको रेटिङमै नेपालमा दक्षिण एसियामै भारतपछि राम्रो अर्थतन्त्र भएको मुलुकमा गनिएको मात्र छैन नेपाली अर्थतन्त्र विश्यव्यापी रूपमै पारदर्शी छ भन्ने सन्देश गएको छ । क्रेडिट रेटिङले नेपाली अर्थतन्त्र अपारदर्शी छ भन्नेहरूका लागि जवाफ मिलेको छ ।




विष्णुप्रसाद पौडेल

अर्थतन्त्र गम्भीर प्रकृतिका समस्याबाट बाहिर निस्कदै छ । अब निराश भएर बसिराख्नुपर्ने अवस्था छैन । विगतकाको तुलनामा आशावादी भए पनि अर्थतन्त्रका अवयबहरूले अझ उत्साहित बनाउन सकेको छैन । सरकारले अर्थतन्त्रलाई लयमा फर्काउन प्रयासहरु गरिनै रहेको छ । चालु आर्थिक वर्षको त्रैमासिक तथ्यांक हेर्दा अर्थतन्त्रको बाह्य क्षेत्रमा राम्रो सुधार देखिन्छ । विप्रेषण आप्रवाह ११.५ प्रतिशतले बढेको छ । शोधानान्तर स्थिति एक खर्ब ८४ अर्ब बचतमा छ । असोजसम्म २२ खर्ब ३२ अर्ब रूपैयाँ पुगेको विदेशी विनियम सञ्चितिले करिब १४ महिनाको वस्तु र सेवा आयात धान्न सक्ने क्षमता राख्छ । मुद्रा स्फीति लक्षित सीमाभन्दा कम अर्थात् ४.८२ प्रतिशतमा सीमित छ । बैंक तथा वित्तीय संस्थाको निक्षेप २.६ प्रतिशतले बढ्दा निजी क्षेत्रमा प्रवाहित कर्जा पनि २.५ प्रतिशतले बढेको छ । यसको अर्थ बजारमा पर्याप्त पैसा छ । बैंकको ब्याजदर घटेको छ । ऋण लिनेहरूले ७/८ प्रतिशत ब्याजमै सजिलै कर्जा पाउने अवस्था सिर्जना भएको छ । सबैभन्दा खुसीको विषय नेपालको इतिहासमै पहिलोपटक सार्वभौम साख मूल्यांकन (कन्ट्री क्रेडिट रेटिङ) भएको छ । क्रेडिट रेटिङले मुलुकको वास्तविक अवस्था उजागर गरिदिएकाले वैदेशिक लगानीकर्तालाई नेपालमा लगानी गर्न थप उत्साहित बनाउने अवस्था छ । पहिलो पटकको रेटिङमै नेपालमा दक्षिण एसियामै भारतपछि राम्रो अर्थतन्त्र भएको मुलुकमा गनिएको मात्र छैन नेपाली अर्थतन्त्र विश्यव्यापी रूपमै पारदर्शी छ भन्ने सन्देश गएको छ । क्रेडिट रेटिङले नेपाली अर्थतन्त्र अपारदर्शी छ भन्नेहरूका लागि जवाफ मिलेको छ ।

बाह्य क्षेत्रका सूचक र आन्तरिक केही आधारहरु हेर्दा हामी सहज अवस्थामा भएको देखिए पनि अर्थतन्त्रमा केही अप्ठ्यारो अवस्थामा छ । नेपाली अर्थतन्त्र यतिबेला आन्तरिक दबाबमा छ र यो परिस्थिति कसैबाट लुकाउनुपर्ने अवस्था छैन । रेमिट्यान्स बढेको, ब्याजदर घटेको, वित्तीय क्षेत्रमा अधिक तरलता रहेको अवस्था हुँदाहुँदै पनि बजारमा माग अपेक्षित रूपमा बढ्न सकेको छैन । माग नभएपछि उद्योगहरु पूर्णरूपमा सञ्चालन भएनन् । चालु वर्षको तीन महिनामा गत वर्षकै तुलनामा निर्यात ६.१ प्रतिशतले घटेको देखाउँछ । त्यसको असर रोजगारीमा परेको छ । फेरि तथ्यांकले स्वदेशी उद्योगको उत्पादन घटेर विदेशी वस्तु आयात बढेको पनि देखाउँदैन । दसैं–तिहारकै समयमा वस्तुको आयात तुलनात्मक रूपमा घटेको छ । अघिल्लो वर्ष घटेकै आयातमा चालु वर्ष फेरि ४.२ प्रतिशतले झन् गिरावट आउनु सोचनीय विषय छ । उच्च ब्याजदर र ऋण पाउन मुस्किलको अवस्थाबाट सुधार भए पनि रकम उत्पादन मुलुक क्षेत्रमा लगानी हुन सकिरहेको छैन ।

अर्थ मन्त्रालयको नेतृत्व सम्हाल्दा व्यवसायीमा मनोबल विकास गर्छु । लगानी बढाउँछु भन्ने विश्वास थियो । तर, सोचअनुसार परिणाम निस्किरहेको छैन । त्यसको मुख्य कारण लामो समय शिथिलतामा रहेको अर्थतन्त्र एकैपटक माथि उठ्न अप्ठ्यारो हुन्छ । अर्थतन्त्रको दबाब निजी क्षेत्रमा धेरै परेका कारण पनि यस्तो भएको हो । मौद्रिक नीतिमार्फत निजी क्षेत्रलाई सहज बनाउने प्रयास गरिएका कारण आर्थिक दबाबबीच निजी क्षेत्र विस्तारै बाहिर निस्किँदै छ । उद्यमीहरु लगानी वृद्धि गरी उत्पादन बढाउन खोजे पनि वातावरण बनिसकेको छैन । यसले अर्थतन्त्रमा केही समस्या छन् भन्ने देखाउँछ । सरकार निजी क्षेत्रसँगै सर्वसाधारणको मनोबल बढाउन प्रयासरत छ ।

अर्थतन्त्रको ऐनाका रूपमा हेरिने पुँजीबजार सूचक नेपाल स्टक एक्सचेन्ज (नेप्से) लामो समय १८००–२००० को बीचमा रूमल्लिएको अवस्थाबाट अघि बढेर चालु आर्थिक वर्षमा तीन हजारसम्म



पुग्यो र अहिले २७-२८ सय आसपासमा छ । समग्र कारोबार रकम पनि बढ्दो छ । लगानीकर्ता पूरै निराश भएर लगानी नभएको अवस्था छैन । अर्थतन्त्रमा सुधार हुँदै छ भनेर व्यवसायीहरु मानसिक रूपमा तयार भएर लगानी विस्तार गर्न अग्रसर भएसँगै बजार अघि बढ्नेछ । त्यसले आन्तरिक खपत बढाउँछ र रोजागारीका अवसरहरु सिर्जना हुन्छन् । त्यसैले अर्थतन्त्र चलायमान हुने आधार विस्तारै तयार भइरहेकाले छिटै राम्रो लयमा अघि बढ्छ भन्ने विश्वास छ ।

## सरकारी वित्तको अवस्था

केही वर्षदेखि सरकारी वित्तको अवस्था खस्किँदो छ । राजस्व परिचालनको अहिलेको अवस्थामा चित्त बुझाएर बस्ने ठाउँ छैन । चौमासिकसम्म तीन खर्ब २८ अर्ब रूपैयाँ राजस्व संकलन भएको छ । लक्ष्य भेट्न अझै ११ खर्ब राजस्व उठाउनुपर्छ । लक्ष्यअनुरूप राजस्व संकलन नभए बजेट कार्यान्वयनमा समस्या हुन्छ । चालु वर्ष राजस्वले लक्ष्य भेटेन भने आगामी वर्षको बजेट निर्माणमा पनि समस्या हुन्छ । राजस्व प्रशासनलाई प्रभावकारी बनाएर उत्पादन र उत्पादकत्वमा बढाउनुपर्छ । वास्तवमै राजस्वको लक्ष्य ठुलो बनाएर चालु बजेट ल्याइएकाले कार्यान्वयनमा धेरै चुनौती छन् । गत वर्षको यथार्थ राजस्व संकलनको तुलनामा चालु वर्ष ३० प्रतिशत बढी राजस्व संकलनको लक्ष्य राखिँदा अप्ठ्यारो हुने अवस्था आएको छ । गत आर्थिक वर्षमा १० खर्ब ८२ अर्ब रूपैयाँ मात्रै राजस्व संकलन भएको थियो । अर्थतन्त्र दबाब र शिथिलताकै अवस्थामा उच्च लक्ष्य पूरा गर्ने कुरा मामुली विषय होइन । यद्यपि बजेटले राखेका लक्ष्य पूरा गर्ने उद्देश्यका साथ अहिले काम भइरहेको छ ।

राजस्व संकलनको प्रभाव बजेट कार्यन्वयनमा पर्छ भन्ने विषय निर्विवाद छ । सरकारको ध्यान चालु बजेटलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी आगामी वर्षको बजेट तुलनात्मक रूपले सहज बनाउनेतर्फ केन्द्रित छ । चालु वर्षमै बाढी-पहिरोसहित प्राकृतिक विपत्तिबाट समग्र अर्थतन्त्रमै असर पुग्ने गरी वर्षायाममा कल्पनाभन्दा बढी क्षतिको सामना गर्नुपरेको छ । दैनिक अर्बौंको वस्तु कारोबार हुने राजधानी सम्बन्धविच्छेदको अवस्थामा पुग्यो । चालु वर्ष बाढी-पहिरोको प्रभावका कारण आयात घटेको अनुमान छ । तर, यो स्थिति अब सधैं रहँदैन । अर्थतन्त्र राम्रो गतितर्फ अघि बढ्दै छ भन्ने विश्वास जागेका दिन वस्तुको माग तथा खपत बढ्छ र त्यसको प्रभाव राजस्वमा पनि देखिइहाल्छ ।

> अर्थतन्त्रको ऐनाका रूपमा हेरिने पुँजीबजार सूचक नेप्से लामो समय १८००-२००० को बीचमा रुमल्लिएको अवस्थाबाट अघि बढेर चालु आर्थिक वर्षमा तीन हजारसम्म पुग्यो र अहिले २७-२८ सय आसपासमा छ । समग्र कारोबार रकम पनि बढ्दो छ । लगानीकर्ता पूरै निराश भएर लगानी नभएको अवस्था छैन ।

## खर्च प्रणालीका समस्या

हाम्रो खर्च प्रणालीमा निश्चित प्रकारका समस्या रहँदै आएका छन् । आर्थिक वर्षको सुरूका महिनामा पुँजीगत खर्च न्यून मात्रामा हुने र अन्तिमतिर तुलनात्मक रूपले बढी हुने गरेको छ । चालु खर्च भने स्वतः भइरहेकै हुन्छ । खर्चको पहिलो चौमासिक आँकडा हेर्दा चालु खर्च दुई खर्ब ९६ अर्ब र पुँजीगत खर्च ३४ अर्ब रूपैयाँ छ । चालु खर्च करिब २५ प्रतिशत हुँदा पुँजीगत १० प्रतिशत पुऱ्याउन सकिएको छैन । अहिले सबै मन्त्रालयबीच समन्वय गरेर सुधारको प्रयास भइरहेको छ । सिर्जित भुक्तानी दायित्व पूरा गर्ने र पूर्वाधार आयोजनाहरूको कार्यान्वयनलाई तीव्रता दिँदै पुँजीगत खर्च वृद्धि गर्न सरकार क्रियाशील छ ।

निर्माण व्यवसायीले लामो समय भुक्तानी नपाएको गुनासो छ । सरकारको नेतृत्व लिएपछि भुक्तानी गर्ने वाचा गरेअनुरूप केही रकम भुक्तानी भइसकेको छ । सरकारी सिर्जित दायित्वमा आलटाल गर्नु हुँदैन । तर, पहिलो त्रैमासिकमा रकमान्तर गर्न सक्ने अवस्था हुँदैन । त्यसैले अनावश्यक ठाउँमा राखिएका कतिपय बजेट रकमान्तर गरेरै भए पनि दोस्रो त्रैमासिकबाट अनिवार्य भुक्तानी दायित्व तिर्ने काम सुरू भएको छ । निर्माण व्यवसायीको दाबी अनुसारको भुक्तानी अब धेरै दिन बाँकी हुँदैन । अब काम गरिसकेको भुक्तानी पाउन व्यवसायीले आन्दोलन वा दबाब दिइराख्नु

पर्दैन । दातृ निकायले प्रतिबद्धता जनाएको रकम नआउँदा पनि कतिपय भुक्तानीमा समस्या आएको छ । अहिले २१ अर्ब रूपैयाँभन्दा बढी शोधभर्ना बाँकी छ । शोधभर्ना लिन सधैं दातृ निकायलाई घचघच्याउनुपर्ने अवस्थाको अन्त्य गरी प्रणालीगत रूपमा स्वतः रकम आउने वातावरण बनाउन सकियो भने भुक्तानीको समस्या केही हदसम्म समाधान हुन्छ ।

## अनावश्यक ठूलो बजेट कार्यान्वयनका चुनौती

गत आर्थिक वर्ष कुल सरकारी खर्च १४ खर्ब आठ अर्ब रूपैयाँ भयो । तर, चालु वर्ष १८ खर्ब ६० अर्ब अर्थात् गत वर्ष कार्यान्वयन भएको भन्दा साढे चार खर्ब ठूलो बजेट आएको छ । विगतका वर्षदेखि नै एउटा व्यक्तिले लैजाँदा केही चयनात्मक (सेलेक्टिभ) हुनुपर्छ । राष्ट्रिय गौरवका, राष्ट्रिय प्राथमिकता प्राप्त, निर्माणाधीन अवस्थाका र राम्रो प्रतिफल दिने आयोजना छनोट गरेर बजेट खर्च हुन्छ । चालु बजेटमा सूचीकृत गरिएका अनगिन्ती आयोजनाहरूको अध्ययन गरी आवश्यकता र औचित्यका आयोजना अघि बढ्छन् ।

चालु बजेट कार्यान्वयनमा देखिएका जटिलताबाट केही सिक्नुपर्छ । बजेट निर्माण गर्दाका मान्यतालाई तोड्नु हुँदैन । विगतमा बजेट निर्माण गर्दा बनाइएका केही मान्यता, प्रणाली र अनुशासन तोडेर चालु वर्षको बजेट आएका कारण केही अप्ठ्यारो अवस्था आएको हो । बजेट बनाउँदा योजना छनोटमा बढी ध्यान दिनुपर्छ । मुख्यतः योजनाको आवश्यकता पहिचान हुनुपर्छ । आयोजनाको अध्ययन भई



> कर तिर्दिनँ भनेर चुनौती दिने, भन्सार नाकाबाट चोरीपैठारीबाट अवैध वस्तु आयात गर्ने काम रोक्न कर प्रशासनले चनाखो भएर काम गर्नुपर्छ । सीमा क्षेत्रको वस्तुको मूल्यमा ध्यान दिएर करका दर हेरफेर गर्नुपर्छ । कर प्रशासनको सामर्थ्य र क्षमतालाई अझै बढाउनुपर्छ र त्यसका लागि सरकार सक्रिय भइरहेको छ ।

बजेट ल्याउने र अर्कोले कार्यान्वयन गर्नुपर्ने परिस्थिति सिर्जना भइरहेको छ । यसले बजेट कार्यान्वयनमा केही अप्ठ्यारो हुने गरेको छ । तर, जिम्मेवारीबाट भाग्न मिल्दैन । अध्ययन नभएका, पूर्वतयारीको कुनै पनि काम नभएका र आवश्यकता एकिन नभएका योजनाहरु जबरजस्ती चालु बजेटमा समेटिएको छ । गत वर्षसम्म नेपाल सरकारका करिब सात हजार योजना रहेकामा चालु वर्षमा नयाँ ११ हजार थपेर १८ हजार पुऱ्याइएको छ । यसले पनि देखाउँछ, चालु बजेट कार्यान्वयनको जटिलता । त्यसैले चालु बजेट कार्यान्वयनमा विस्तृत परियोजना प्रतिवेदन तयार भएर लागत निश्चित भएपछि मात्रै बजेट छुट्याउनुपर्छ । आयोजना त जति पनि थप्न सकिन्छ । आयोजना सूचीकृत गर्नुअघि अर्थ मन्त्रालयले स्रोत कहाँबाट ल्याउने भन्ने तय हुनुपर्छ । आयोजना सकिन कति समय लाग्छ ? त्यसले समग्रमा कस्तो प्रतिफल दिन्छ स्पष्टता हुनुपर्छ । अनावश्यक योजना सूचीकृत गर्ने तर, कार्यान्वयन गर्न नसक्ने अवस्थाबाट माथि ननिस्कएसम्म बजेट कार्यान्वयनका जटिलता सधैं रहिरहन्छ ।


बजेट कार्यक्रममा रहेका योजना ठेक्का लगाउनै समस्या छ । नयाँ ठेक्काका सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूले गृहकार्य गरिरहेका छन् । अध्ययन भएर पूर्वतयारीका आयोजनामा ठेक्का लगाउन ढिलाइ हुँदैन । तर, पूर्वतयारीकै काम नभएका योजनामा ठेक्का कसरी लगाउने ? समयमा ठेक्का नलाग्दा बजेट कार्यान्वयन नभएको विश्लेषण हुन्छ । नयाँ ठेक्का मात्रै होइन चालु रहेका ठेक्कामा समेत छुट्याएको बजेट खर्च नभइरहेको स्थिति छ । खर्च बढाउन अहिलेका ठेक्कालाई छिटो काम सम्पन्न गराउनतर्फ सबै निकाय जिम्मेवार ढंगले प्रस्तुत हुनुपर्छ ।

## राजस्वले पुँजीगत खर्च धान्दैन

पुँजीगत खर्चभन्दा वित्तीय खर्च बढ्दै गएको छ । राजस्वबाट पुँजीगत खर्च गर्न सक्ने अवस्था छैन । सरकारले उठाउने राजस्व साधारण खर्च धान्नेमा ठिक्क हुन्छ । पूर्वाधार आयोजनाका लागि ऋण वा अनुदान ल्याउनु अहिलेको बाध्यता हो । अनुदान कुरेर ३/४ आयोजना बनाउन सकिएला तर, 'कनेक्टिभिटी' पूर्वाधार बनाउन ऋण ल्याउनै पर्ने बाध्यात्मक अवस्था छ । त्यसैले पूर्वाधार आयोजना छनोट गर्दा बढी ध्यान दिनुपर्छ । देशभित्र रहेका अनगिन्ती आवश्यकतालाई राज्यले प्राथमिकता निर्धारण गरेर अघि बढ्नुपर्छ । एकैपटक सबै आयोजना बनाउन सकिँदैन । क्रमशः आयोजना निर्माण गर्दै जानुपर्छ । पूर्वाधारमा लगानी गर्ने ऋण सही र उच्चतम् प्रतिफल हुने गरी खर्च हुनुपर्छ ।

दीर्घकालका लागि ऋणभन्दा राजस्व परिचालनमा बढी ध्यान दिनुपर्छ । यसका लागि मुख्यतः तीनवटा काम गर्नुपर्छ । करदातामैत्री व्यवहार हुनुपर्छ । कर प्रशासनले करदातामैत्री व्यवहार सुनिश्चित गर्नुपर्छ । कर तिर्नुपर्छ भन्ने अभियानलाई आमनागरिकमा स्थापित गर्नुपर्छ । दोस्रो- करका दायरा विस्तार गर्नेमा सरकारले ध्यान केन्द्रित गरेको छ । एउटै वस्तुमा कर थोपर्दै जानुभन्दा बजारमा नयाँ सुरु भएका व्यवसाय र कर प्रणालीबाहिर रहेका कतिपय पुराना व्यवसायलाई कर प्रणालीभित्रै ल्याउनुपर्छ । तेस्रो- राजस्व चुहावट नियन्त्रण गरी कर प्रशासनलाई चुस्तदुरुस्त राख्नुपर्छ । कर तिर्दिनँ भनेर चुनौती दिने, भन्सार नाकाबाट चोरीपैठारीबाट अवैध वस्तु आयात गर्ने काम रोक्न कर प्रशासनले चनाखो भएर काम गर्नुपर्छ । सीमा क्षेत्रको वस्तुको मूल्यमा ध्यान दिएर करका दर हेरफेर गर्नुपर्छ । कर प्रशासनको सामर्थ्य र क्षमतालाई अझै बढाउनुपर्छ र त्यसका लागि सरकार सक्रिय भइरहेको छ । त्यस्तै, वैदेशिक ऋण र अनुदानलाई मुलुकको आवश्यकता र प्राथमिकताका आधारमा लिई उपयोग गर्नुपर्छ । कुन आयोजनामा ऋण लिने भन्ने स्पष्टता हुनुपर्छ । विदेशीले ऋण दिन्छु भन्दैमा आयोजना छनोटमा निरपेक्ष बस्नु हुँदैन ।

*(पौडेल उपप्रधान तथा अर्थमन्त्री र नेकपा एमालेका उपाध्यक्ष हुन्)*


www.machbank.com
हाम्रो
माछापुच्छ्रे बैंक
जहिले छ हाम्रो साथ...
माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

# अर्थतन्त्रका सवालमा कांग्रेसले स्टन्टबाजी गर्दैन

वित्त नीति र मौद्रक नीतिबीच तालमेल हुनुपर्छ । मध्यम बाटो अपनाउनुपर्छ । कहिले एउटा पक्ष चरम (एक्सट्रिम) मा जाने र कहिले अर्को पक्ष एक्सट्रिममा गएर नीति बनाउँदा निजी क्षेत्रको लगानीमा सकारात्मक प्रभाव पर्न सकेको छैन ।



डा. प्रकाशशरण महत

आर्थिक रूपमा हेर्दा अहिले नेपालको बाह्य स्थिति मजबुत छ । विप्रेषण आप्रवाह (रेमिट्यान्स) का कारण सहज स्थिति बनिरहेको छ । तर, आन्तरिक अर्थतन्त्रमा अझै पनि धेरै समस्याहरु देखिएको छ । अर्थतन्त्र शिथिल हुनुमा एउटा खास कारण नभएर धेरै सन्दर्भहरूले काम गरेको छ । यद्यपि निरन्तरको राजनीतिक अस्थिरतालाई अर्थतन्त्र शिथिलताको मूल कारण मान्न सकिन्छ । तथापि अस्थिरताको अवस्था धेरै दिन राखिनु हुँदैन र आन्तरिक अर्थतन्त्र सुधार गर्न ठोस कदमहरु चालिनु जरूरी छ ।

पहिलो, बजेट विनियोजन प्रणालीमा आमूल परिवर्तको खाँचो छ । एक त पुँजीगत खर्च हुन सकिरहेको छैन भने भएको पुँजीगत खर्चको यथेष्ट प्रभाव सरोकारवालासमक्ष पुग्न सकेको छैन । विनियोजित पुँजीगत खर्च अत्यन्तै धेरै कार्यक्रम र आयोजनाहरूमा बाँडिदाको असर विकास निर्माणको काममा न्यून मात्रै देखिएको छ । संघ, प्रदेश र स्थानीय तहले बनाउने कार्यक्रम र आयोजनाहरु, निश्चित रकमको सीमा तोकिनु आवश्यक छ ।

म अर्थमन्त्री हुँदा तीन करोडभन्दा तलको आयोजनाहरु संघले नगर्ने भनेर निर्णय गरियो तर, बजेट आउने बेलामा अर्को सरकार बन्यो र विगतका निर्णय लत्याएर बजेट ल्याउने काम भयो । व्यक्ति फेरिएअनुसार सिर्जना गरिने अनेकन नीतिहरूबाट सिर्जना हुने आर्थिक आधार, रोजगारी र विकासमा प्रतिकूल असर परेको छ । यसको अर्थ हो, सीमित स्रोत-साधनहरूको उचित प्रयोग हुन सकेको छैन । संघीय सरकारले महत्त्वपूर्ण उत्पादन केन्द्र र पर्यटन केन्द्रहरूलाई 'कनेक्टिभिटी' आयोजनाहरु, बाह्रैमहिना चल्ने सडक आयोजनाहरु बनाउनेतर्फ प्राथमिकता दिनुपर्छ ।

त्यसैगरी बजेट बनाउँदा बढी जनघनत्व भएका ठाउँहरूलाई प्राथमिकता दिएको खण्डमा धेरै प्रभाव पर्छ । स्वास्थ्य, शिक्षामा गरिएको लगानीमा पनि समस्या देखिएको छ । जस्तो, स्वास्थ्य क्षेत्रमा हरेक पालिकामा एउटा १५ शय्याको अस्पताल कार्यान्वयन गर्न सक्ने अवस्था छैन किनभने भवन बनाएर मात्रै अस्पताल हुँदैन । त्यसका लागि आवश्यक जनशक्तिको सुनिश्चितता गर्नुपर्छ । विनायोजना र हचुवामा भरमा कार्यक्रमहरु अगाडि बढ्दा लगानी खेर गइरहेको छ । शिक्षा क्षेत्रमा पनि कहाँ के आवश्यकता छ भन्ने ख्याल नगर्दा पनि स्रोतहरु खेर गएको अवस्था छ । त्यसकारण वित्तीय प्रणालीमा समस्याको रूपमा रहेको बजेट विनियोजन प्रणालीमा आमूल सुधारको खाँचो छ । नेपालमाजहाँ जसले जे माग्यो बजेटमा त्यही राख्ने प्रचलन अधिक छ । यस्तो अवस्थाको अन्त्य गरेर आर्थिक प्रतिफलका आधारमा काम अघि बढाउने र सरकारी स्रोतको सदुपयोग गर्न थालियो भने मात्र परिणाम आउँन थाल्छ । यसले अर्थतन्त्रमा सुधारसमेत ल्याउँछ ।

दोस्रो गत वर्षका देखि मौद्रिक नीतिमा समस्या देखिएका कारण आन्तरिक अर्थतन्त्रमा समस्या आएको पाइन्छ । वित्त नीति र मौद्रक नीतिबीच तालमेल हुनुपर्छ । मध्यम बाटो अपनाउनुपर्छ । कहिले एउटा पक्ष चरम (एक्सट्रिम) मा जाने र कहिले अर्को पक्ष एक्सट्रिममा गएर नीति बनाउँदा निजी क्षेत्रको लगानीमा सकारात्मक प्रभाव पर्न सकेको छैन ।

तेस्रो, अहिले नेपालमा भएका कतिपय कानुनी व्यवस्थाहरु आर्थिक गतिविधि बढाउन अड्चनका रूपमा देखिएका छन् । त्यसैगरी प्रशासनयन्त्रमा पनि समयमा निर्णय नहुने, अन्योलमा राखिरहने प्रवृत्ति छ । लगानीकर्ताहरूले उठाएका व्यवहारिक र सैद्धान्तिक पक्षहरूलाई केलाएर समस्या समाधानको पहल लिनुपर्छ । नेपालले लगानीकर्तालाई धेरै सर्तहरु लगाउनुपर्ने अवस्था छैन । वातावरणीय

पक्षका न्यूनतम सर्तहरु पूरा गरेपछि लगानीका लागि बाटो खोलिदिनुपर्छ ।

वैदेशिक लगानी ल्याउने विषयमा अन्तर्राष्ट्रियस्तरमै प्रतिस्पर्धा छ । त्यसकारण अरु देशभन्दा नेपालमा सहज छ भन्ने प्रत्याभूति दिन जरूरी छ । मुलुकको अन्तर्राष्ट्रिय सार्वभौम साख मूल्यांकन (कन्ट्री रेटिङ) को परिणामले नेपाल कुन स्थितिमा छ भनेर अन्तर्राष्ट्रिय समूहलाई बुझाउन सहज भएको छ । हामीले सरकारी र निजी दुवै क्षेत्रको समन्वय कायम गरी दुवैलाई सहज हुने गरी आर्थिक नीति अगाडि बढाउनुपर्छ र लगानीका क्षेत्रको पनि ठीक ढंगले प्राथमिकीकरण गर्नुपर्छ । मौद्रिक र वित्तीय नीतिलाई आर्थिक वृद्धि, रोजगारी सिर्जना र मूल्य स्थिरताका पक्षमा चलाउन सकियो भने आन्तरिक अर्थतन्त्रमा पनि सुधार आउँछ ।

## अर्थतन्त्र मजबुत बनाउन कांग्रेसले के गऱ्यो ?

२०४६ को परिवर्तनपछि नेपाली कांग्रेसको नेतृत्वमा निर्वाचित सरकार २०५१ सालसम्म चल्यो । अर्थतन्त्रले सबैभन्दा गति लिएको समय पनि यही नै हो । त्यसपछि एकल सरकार बन्ने अवस्था नबनेको मात्र होइन मुलुकमा द्वन्द्वको प्रवेश भयो । द्वन्द्वका कारण आर्थिक गतिविधिले लिएको गति कमजोर भयो । १२ वर्षे द्वन्द्वले अर्थतन्त्र सुस्त बन्यो । २०६३ मा द्वन्द्वलाई व्यवस्थापन गर्ने सहमतिसँगै शान्तिप्रक्रिया, संविधान निर्माणका समयमा आर्थिक गतिविधिले प्राथमिकता पाएन । तीन दशकको एकतिहाइ समय पनि कांग्रेसले सत्ता सञ्चालन गर्न पाएन । तर, कांग्रेसले अर्थतन्त्रलाई खुला बजार अर्थनीतिका आधारमा अघि बढाउन सदैव लागिरह्यो ।

## आन्तरिक वा बाह्य लगानीको अवस्था

निश्चिय पनि राजनीतिक दल र कर्मचारीतन्त्रले व्यावसायिक दृष्टिकोणमा उदारता राख्नुपर्छ । कतिपय अवस्थामा नियम, कानुनलाई अनावश्यक रूपबाट एकले अर्कोलाई निषेध गर्ने, अन्योलपूर्ण रूपमा राख्ने, आफूअनुकूल नियमलाई चलाउन खोज्ने र अड्चन पैदा गरिरहने सन्देहको दृष्टिकोणले हेर्ने प्रवृत्ति प्रणालीमा छ । यस्तो प्रवृत्ति अन्त्य गर्नुपर्छ । नियम–कानुनहरु पारदर्शी र विरोधाभाषपूर्ण नहुने गरी बनाइनुपर्छ । लगानी गर्नुस् भनेर मात्र हुँदैन व्यवसायीहरूलाई लगानीका लागि सहजीकरण पनि गरिदिनुपर्छ । तर, कसैले नियम, कानुन पालना गरेको छैन भने त ऊ स्वतः कानुनको परिधिमा आइहाल्छ । लगानी गर्नुअघि नै व्यवसायीलाई अनेकौं सर्तहरु तेर्साउनुको सट्टा पारदर्शी नियम, कानुनहरु बनाइदिने, नियम उल्लंघन गरे कारबाहीको भागिदार हुनुपर्छ भनेर सजग गराउनुपर्छ ।

## कांग्रेस नीति असफल भएको छैन

व्यापारकेन्द्रित अर्थतन्त्र र राजस्वबाट मुलुकलाई आन्तरिक उत्पादनकेन्द्रित अर्थतन्त्र र राजस्वमा उभार ल्याउन कांग्रेस नीति असफल भएको छैन । वास्तवमा २०४६ अघि राजस्व अत्यन्तै थोरै थियो । निजी क्षेत्रका उद्योग, व्यवसाय नगन्य थिए । कांग्रेसले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति लिएकाले अहिले देशैभरी निजी क्षेत्रले व्यापक लगानी गरेको छ । बैंक, बिमा, हवाईदेखि स्वास्थ्य, शिक्षा क्षेत्रसँगै अन्य धेरै उद्योगहरूमा निजी क्षेत्रको लगानी बढेको छ । कांग्रेसकै सरकार आएपछि राजस्वले पनि धेरै ठूलो फड्को माऱ्यो । मूल्य अभिबृद्धि कर (भ्याट) कार्यान्वयनले राजस्व असुलीमा महत्त्वपूर्ण आधार मात्रै निर्माण गरेन आर्थिक गतिविधिलाई पारदर्शी बनाउने माध्यमका रूपमा पनि अग्रसर भयो । त्यस कारण कांग्रेसका कारण अर्थतन्त्र अहिलेको अवस्थामा आइपुग्यो भन्नु भ्रम र पूर्वाग्रही सोच मात्र हो । बरू कांग्रेसको नीतिलाई पार्टीले निरन्तर गहिराइमा लाने, अझ विस्तार गर्ने जिम्मेवारपूर्ण तरिकाबाट काम गर्नुपर्छ । जसले ठूला कुरा गर्छन्, आकाश–पाताललाई एकै ठाउँमा जोड्छौं भनेजसरी कुरा गर्छन् यसबाट प्रभावित हुने राजनीति र त्यसबाट प्रभावित हुने जनमतले देश विकास र दिगो आर्थिक गतिविधिलाई मद्दत गर्दैन ।

स्टन्टबाजीको गफ संस्कृतिलाई प्रोत्साहन गर्नु हुँदैन । कुनै राजनीतिज्ञले, कुनै पार्टीले, कुनै सरकारले के आधारमा काम गर्छु भनिरहेको छ, त्यो प्रस्ट हुनुपर्छ । रोजगारी सिर्जना गर्ने आधार के ?, नीति के हो ? नीति र कार्यशैलीका बीचमा तादम्यता छ कि छैन भन्ने विषयहरूलाई आमनागरिकले गहिरो रूपमा अध्ययन गर्नुपर्छ र आफ्नो धारणा बनाउनुपर्छ । त्यस्तै, राजनीतिक दल गठन भएको पार्टीकै सेवा अर्थात् पार्टीपंक्तिलाई पृष्ठपोषण गर्न मात्रै होइन । पार्टी वा दल त जनता र देशका लागि सेवा गर्ने एउटा माध्यम मात्र हो । त्यसकारण हामीले पार्टीभन्दा माथि उठेर जनता र देशलाई केन्द्रविन्दुमा राखेर काम गर्नुपर्छ । बरू पार्टीपंक्तिलाई

> देशभित्रै युवाहरूलाई रोजगारी दिलाउन औद्योगिक विकासमा ध्यान दिनुपर्छ । युवापिढीलाई देशभित्रै ठूलो सम्भावना छ भनेर विश्वस्त बनाउनुपर्छ । यो देशमा केही हुन सक्दैन, बाहिर गए मात्रै प्रगति हुन्छ भन्ने मान्यतालाई त्यागेर स्वदेशमै केही गर्ने आधारहरू तयार गर्नुपर्छ ।

मौका पछिल्लो समयमा प्राप्त नगरेको अवस्था छ । धेरैपटक कांग्रेस सत्तामा नरहेको, सत्तामा रहे पनि निर्णायक भूमिका हुन नसकेका कारण कांग्रेस नीति फल्नफुल्न पाइरहेको छैन । यसले मुलुकको अर्थतन्त्रलाई नै घाटा पुऱ्याएको छ ।

## कांग्रेस नीति र प्रतिबद्धता

लगानी वृद्धि नभई उद्योग, व्यवसाय बढ्दैन र उद्योग, व्यवसाय नबढी रोजगारी सिर्जना हुँदैन । रोजगारी वृद्धि र व्यवसाय सहज रूपमा नचेसम्म अपेक्षित राजस्व बढ्दैन । राजस्व नबढीकन पछाडि परेको क्षेत्र, समूहको स्तरोन्नतिर पूर्वाधार विकासमा लगानी गर्न सकिँदैन भन्नेमा कांग्रेस सचेत र जानकार छ । लगानी हुने नसकेपछि नेपालमा ठूलो सम्भावना रहेको पर्यटन, अन्य विकासका सम्भावनाहरु पनि न्यून हुन्छ । यसले फेरि आर्थिक गतिविधि र रोजगारी सिर्जना गर्ने कामलाई न्यून गर्छ । तसर्थ जिम्मेवारपूर्ण राजनीति हुन जरूरी छ । कांग्रेस सस्तो लोकप्रियता र स्टन्टबाजीको पछाडि दौडिँदैन । बोल्न सजिलो छ, काम गर्न गाह्रो छ । त्यसकारण काम गर्नेहरूले मात्रै रिझाइराख्ने नीति र प्रवृत्तिलाई अन्त्य गर्नुपर्छ । त्यसो भएमा देशले विकासको फड्को मार्छ ।

देशभित्रै युवाहरूलाई रोजगारी दिलाउन औद्योगिक विकासमा ध्यान दिनुपर्छ । युवापिढीलाई देशभित्रै ठूलो सम्भावना छ भनेर विश्वस्त बनाउनुपर्छ । यो देशमा केही हुन सक्दैन, बाहिर गए मात्रै प्रगति हुन्छ भन्ने मान्यतालाई त्यागेर स्वदेशमै केही गर्ने आधारहरु तयार गर्नुपर्छ । सूक्ष्म रूपमा अवसरहरु केलाउनुपर्छ र आफ्नो उन्नतिको बाटो पकड्न अभिप्रेरित गर्नुपर्छ । रोजगारी कसैले दिन्छ भन्नेभन्दा पनि मआफैं स्वरोजगार वा उद्यमशील कसरी बन्न सक्छु भन्नेतर्फ अग्रसर गराउनुपर्छ । यसका लागि कांग्रेस अग्रसर भएर लागिरहेको मात्रै छैन आफ्नो राजनीतिक दृष्टिकोण (भिजन) युवामाझ पुऱ्याइरहेको छ । कांग्रेससँग आर्थिक, सामाजिक रूपान्तरणको भिजन पनि छ । बीपी कोइरालाले अंगीकार गरेको आर्थिक वृद्धिसँगै आर्थिक वृद्धिको पहुँचमा आमनागरिकलाई पुऱ्याउने भिजन पूरा गर्न कांग्रेस प्रतिबद्ध छ ।

*(महत पूर्वअर्थमन्त्री तथा नेपाली कांग्रेसका प्रवक्ता हुन्)*

# नेपालको परिप्रेक्ष्यमा औद्योगिक विकास

स्वदेशमै दक्ष जनशक्ति निर्माण, समयअनुकूल प्रविधिको विकास अपरिहार्य छ । यो सबै हुन राजीनिक स्थिरता र त्यसैमार्फत कानुनी र नीतिगत स्थिरता महत्त्वपूर्ण सर्त हो ।



सुमना श्रेष्ठ

नेपालको अधिकांश भूमि कृषिका लागि योग्य छ । तर, दैनिक उपभोगको अवस्था हेर्ने हो भने हाम्रै देशका कृषि उपज एकदमै कम छ । यहाँको उत्पादकत्व न्यून छ ।

नेपालको शैक्षिक क्षेत्रले उद्योगका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न सकिरहेको छैन । श्रमशक्ति विकास गर्न सकिरहेको छैन । त्यही सीप सिक्न र ज्ञान हासिल गर्न नेपाली विद्यार्थी लाखौं संख्यामा विश्वका कुना-कुनामा रहेको विश्वविद्यालयसम्म पुगेका छन् ।

नेपालको सबैभन्दा ठुलो समस्या भनेकै युवाको निर्यात र वस्तुको आयात हो । नेपालमा सजिलै उत्पादन हुने सामान्यभन्दा सामान्य वस्तु पनि अत्यधिक आयात हुने अवस्थामा मुलुक छ । यसलाई नुनदेखि सुनसम्मै भनौं न ।

अब दैनिक जीवनमा आवश्यक पर्ने सानासाना वस्तुको आयात प्रतिस्थापन गर्दै घटाउनुपर्छ । साना कुराको आयात भन्नुको अर्थ सामान्य मिहिनेतले पनि उत्पादन गर्न सकिने वस्तुको आयात हो । जस्तो कि- दैनिक उपभोग्य दाल, चामल, तरकारी र तेल, आधारभूत लत्ताकपडा र नेपालमै सम्भावना भएका खनिज पदार्थहरु । अरु त अरु अस्पतालमा अल्ट्रासाउन्डमा प्रयोग गरिने जेलसमेत आयात हुन्छ । त्यो त नेपालमै बनाउन सकिन्छ अर्थात् त्यसको आयात घटाउन सकिन्छ ।

नेपालको औद्योगीकरणको विगतबारे धेरै गहिराइमा नजाऔं । अहिलेको औद्योगीकरणको अवस्था पनि सबैलाई जाहेरै छ । स्वदेशमै भएको उत्पादनबाट कुल गार्हस्थ उत्पादन (जीडीपी) लाई पुगेको योगदान पनि एकदम न्यून छ । नेपालमा जे जति उद्योग कलकारखाना छन्, उनीहरूबीच पनि अस्वस्थ प्रतिस्पर्धा भएको पाइन्छ ।

यो सबै हुनुको पछाडि नेपालमा, लगानीसम्बन्धी कानुन र श्रम कानुनको अभ्यास समान रूपमा नहुनु भन्ने बुझ्न सकिन्छ । जसले श्रम कानुनको पालना गरिरहेको छ, जस्तो कि न्यूनतम पारिश्रमिक लागु गरेको छ । सामाजिक सुरक्षा कोषमा सहभागी भएको छ, उनीहरूको कुल नाफा एकदमै थोरै हुने गरेको पाइन्छ । जसले तुलनात्मक रूपमा धेरै कमाएका हुन्छन् अर्थात नाफाको अनुपात धेरै छ तिनीहरूले नै श्रमिकलाई चपेटामा पार्ने गरेको पाइन्छ । सरकारले स्वच्छ प्रतिस्पर्धाको मैदान बनाउन नसक्नु, उल्लिखित विषयमा नियमित अनुगमन नहुनुले बजारमा अस्वस्थ प्रतिस्पर्धा भएको पाइन्छ । नियमित अनुगमन र स्वच्छ प्रतिस्पर्धाको मैदान भएन भने नयाँ लगानीकर्ता अर्थात् मानिसहरूलाई उद्योगीकरणतर्फ आकर्षित गर्न गाह्रो हुन्छ ।

### औद्योगीकरणको चुनौती

कृषि क्षेत्रमा प्रचुर सम्भावना छ । तर, हामी हाम्रै लागि पनि उत्पादन गर्न सक्दैनौं । भारत र इजरायलको उत्पादन त कहाँ हो कहाँ । यो सबैको दोष हामी हाम्रो देशमा प्रविधिको विकास र यान्त्रीकरणको अभावलाई लिन्छौं तर वास्तवमा त्यो होइन ।

हामीले जति पनि यन्त्रीकरणको कुरा गर्छौं, कृषि क्षेत्रमा हामी मेसिनको प्रयोगले नै कायापलट हुन्छ भन्ने सोच्छौं तर त्यो मात्रै होइन । कृषि क्षेत्रमा हाम्रो हावापानीलाई सुहाउँदो बिउ हुनुपर्यो, सिँचाइका कुरा छन्, मलको कुरा छ । यी भनेका सामान्य तर महत्त्वपूर्ण पक्ष हुन् ।

हामी खन्न र जोत्न ट्र्याक्टरको प्रयोग गरौं भन्छौं । त्यसलाई नै कृषिमा आधुनिकीकरणको संज्ञा पनि दिन्छौं । तर हामीले हाम्रो भूगोल बिर्सिएका त छैनौं ? हाम्रोजस्तो सबैतिर समथर भूभाग नभएको देशमा ट्र्याक्टर त्यो हदको उपयोगी हुँदैन । त्यसमा पनि सानो स्केलको ट्र्याक्टर कान्लामा लगेर चलाऊ भन्नुको साटो हामीले हाम्रो भूगोल



अनुसारको कुनै यन्त्र बनाएका छैनौं । त्यसमा ध्यान दिन आवश्यक छ ।

हामीले कृषिको विकास भन्नेबित्तिकै सुरूमै यान्त्रीकरण भन्ने सम्झन्छौं तर त्यो होइन । पहिलो कुरा कसरी हाम्रो उत्पादन बढाउन सक्छौं भन्ने बुझ्नुपर्यो । उत्पादन बढाउन हामीले के-के गर्न सकिन्छ भन्ने सोच्न पर्यो, कृषकलाई त्यो बताउनुपर्यो ।

त्यस्तै अर्को समस्या भनेको गुणस्तर नियमन (क्वालिटी कन्ट्रोल) का लागि ब्याकवार्ड इन्टिग्रेसन हो । जस्तै- छुर्पीको उदाहरण लिउँ । हामीले छुर्पीलाई अमेरिका पठाउँछौं भने हामी त्यसको मल्टिपल भ्यालु चेन्ज हुन्छ भनेर ख्याल गर्दैनौं । उत्पादनमा भ्यालु चेन्ज हुन्छ भने सेल्स र मार्केटिङमा पनि त्यस्तै हुन्छ । निर्यातको समयमा पनि मल्टिपल भ्यालु चेन्ज हुने गर्छ । हामी त्यसबारे वास्तै गर्दैनौं । कृषकलाई राम्रोसँग बुझाउन पनि सकेका छैनौं ।

**हामीले जति पनि यन्त्रीकरणको कुरा गर्छौं, कृषि क्षेत्रमा हामी मेसिनको प्रयोगले नै कायापलट हुन्छ भन्ने सोच्छौं तर त्यो मात्रै होइन । कृषि क्षेत्रमा हाम्रो हावापानीलाई सुहाउँदो बिउ हुनुपर्‍यो, सिँचाइका कुरा छन्, मलको कुरा छ । यी भनेका सामान्य तर महत्त्वपूर्ण पक्ष हुन् ।**

कोशी प्रदेशमा केही त्यस्ता प्रोजेक्ट थिए दूध किसानहरूसँग । उहाँहरूले के भन्नुहुन्थ्यो भने हामीले यतिमा छुर्पी बेच्छौं तर हामीबाट लगेको छुर्पी बजारमा यतिमा बेचिन्छ । हामीले पनि त्यो मूल्यअनुसार रकम पाउनुपर्‍यो नि । उहाँहरूको जिज्ञासा ठीकै पनि हो । हामीले यो पनि स्वीकार्नुपर्छ कि सेल्स मार्केटिङ लागत, इन्स्योरेन्स लागत, निर्यात लागत, यी भनेकाचाहिँ वास्तविक लागतहरु हुन् ।

हामीले औद्योगीकरणका लागि औद्योगिक स्पेसिफिक भएर काम गर्नुपर्छ । जुन हामीले सदनमा धेरै भएको देख्दैनौं ।

सदनमा नभएपछि ब्युरोक्रेसीमा हुन्छ भन्ने मलाई लाग्दैन । औद्योगीकरणमा म्याक्रो इन्डिकेटरभन्दा माइक्रो इन्डिकेटर धेरै महत्वपूर्ण हुन्छ । भ्यालु चेन्जको मार्जिन भनेको कति हो त ? अर्थात् यसमा हाम्रो कम्प्यारेटिभ एड्भान्टेज कति हो ? त्यस्तै हामीले नेपालको यूएसपी (युनिक सेलिङ पोइन्ट) छ कि छैन भन्नेतर्फ पनि ध्यान दिन जरूरी छ । हामीले हाम्रोमा त्यो लेभलको सपोर्ट प्रदान गरिरहेका छैनौं । त्यसका लागि चाहिने रिसर्चमा खर्च पनि गर्दैनौं । औद्योगीकरणका लागि सबैभन्दा ठुलो शत्रु भनेको जनरल अर्थात् सामान्यीकरण गरेर कुराकानी गर्नेहरु हुन् । किनकि हामीले प्राइभेट सेक्टरलाई यो विषयमा सहयोग गर्छौं भन्दै गर्दा त्यो सफल हुन्छ भन्ने कन्फिडेन्स भएको हुन्छ ?

नयाँ आविष्कार गर्न र प्रविधिलाई पछ्याउन नेपाल एकदमै ढिलो छ । औद्योगीकरणमा मानवस्रोतपछि सबैभन्दा महत्त्वपूर्ण पक्ष हो प्रविधि । प्रविधिको पनि अध्ययन भएको छैन । हामीले शिक्षा मन्त्रालयचाहिँ विज्ञान प्रविधि मन्त्रालय पनि हो भनेर यसको ओएनएम गर्नुपर्छ भन्नेमा लागिपरेको पनि हो । त्यसको बजेट पनि एकदमै सानो छ । त्यसलाई चाहिने स्रोत-साधन पर्याप्त छैनन् ।

हामीले मन्त्रालयमा हुँदा एउटा उद्योगमा प्रयोग भएका प्रविधिको स्ट्यान्डर्ड कहाँ छ भन्ने अध्ययन थालेका थियौं । एमओयू गरेका थियौं । हामीसँग बजेट पनि छ, केही गरौं भनेका थियौं । त्यो भयो भने पो यो अवस्था छ भनेर बोल्न मिल्ने ठाउँ हुन्छ । त्यसपछि पो हामी यो-यो प्रविधिमा पछि रहेछौं यसमा लगानी गर्नुपर्छ भन्ने यकिन हुन्थ्यो । जस्तो कि लुगा सिलाउन हाम्रा स्पिनिङ प्रविधिको स्टान्डर्ड कस्तो छ त ? रिसर्च कसले गरिरहेको छ ? यसलाई सपोर्ट भइरहेको छ कि छैन ?

हामी हेटौंडा सिमेन्ट र उदयपुर सिमेन्टलाई पुनः सञ्चालन गर्ने भनेर कुरा गर्छौं । तर, त्यो फ्याक्ट्रीमा भएको प्रविधि कति वर्ष पुरानो हो ? नयाँ उद्योगहरूले कुन प्रविधिको प्रयोग गरिरहेका छन् भन्नेबारे सोच्न पर्दैन ?

हामीले प्रविधिलाई एकदमै सामान्य रूपमा लिन्छौं । तर प्रविधिको कुरा त्यति सामान्य छैन । प्रविधिको ट्रान्सफर गर्न हाम्रो कानुन, संरचना र कन्फिडेन्स दिन सकिरहेका छैनौं । निजी क्षेत्रलाई पनि यसमा लगानी गर भन्न सक्ने अवस्थामा छैनौं । यो सुन्दा सामान्य लाग्ला तर समस्या ठुलो हो ।

### स्वदेशी विद्युत्को अधिकतम प्रयोगबाट उद्योग चलायमान

पहिलो, अहिलेचाहिँ हाम्रा युवा जनशक्ति खाडी मुलुकमा कन्स्ट्रक्सनमा काम गर्न गइरहेका छन् । यो उनीहरूको स्वास्थ्यका लागि एकदमै हानिकारक छ । हामीले हाम्रो विद्युत्को महसुल उद्योगहरूमा घटाइनुपर्छ र स्वदेशमै त्यसबाट लगानी गर्ने अवस्था बनाएर रोजगार सिर्जना गराउन सक्नुपर्छ ।

आयात घटाउन र इनर्जीको अत्यधिक उपभोगका लागि हामीले लगानी गर्नुपर्ने अवस्था छ । नेपालमै रोजगारी सिर्जना गर्ने र अवसर सिर्जना गर्ने पछि पर्नु हुँदैन । रोजगारी सिर्जना गर्न सक्यो भने नेपालको अर्थतन्त्र चलायमान हुन्छ ।

### टेक्नोलोजी विकास र विस्तार

जस्तो कि रास्वपाकै वाचापत्र हेर्नुभयो भने पनि त्यो एकदमै कंक्रिट छ । हाम्रो वाचापत्रमा के छ भने, हामीले क्रिप्टो माइन गर्न दिउँ, ट्रेडिङ गर्न नदिउँ भनेर लेखेका छौं । तर, देशमा त्यसका लागि कानुन छैन, सिस्टम छैन । यस्तै सुस्त प्रणालीले गर्दा विकासमा नेपाल पछि परिरहेको छ । हामीले त्यो किसिमको सिस्टम बनाउँ, संरचना बनाउँ, कानुन आउटडेटेड भइसकेका छन् । कानुन बनाउँ, अनि पो प्रविधि विस्तार हुन्छ ।

डाटा सेन्टर खोल्यो भने सेन्टरमा त्यो क्लाउड स्पेसमा के होस्ट हुन्छ त्यो पनि त्यो सेन्टरको मान्छेले ओनरसिप लिनुपर्छ भनिन्छ । त्यस्तो त कसले कसरी ओनरसिप लिन्छ ? यस्तो छ नेपालको कानुन यहाँ कुन रिस्क प्राइभेट सेक्टरले लिन्छ कुन रिस्क लिँदैन भनेरसमेत पनि यकिन गरिएको छैन । अनि यसरी कहाँ हुन्छ विकास ?

स्वदेशमै दक्ष जनशक्ति निर्माण, समयअनुकूल प्रविधिको विकास अपरिहार्य छ । यो सबै हुन राजीनिक स्थिरता र त्यसैमार्फत कानुनी र नीतिगत स्थिरता महत्त्वपूर्ण सर्त हो ।

*(श्रेष्ठ प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय स्वतन्त्र पार्टीकी सह-महामन्त्री हुन्)*

# अर्थतन्त्रको पुनरुत्थानमा राजनीतिक सहमति आवश्यक

**संसद्मै पनि जलवायु परिवर्तनबाट पारेको प्रभाव र क्षतिको विवरण तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा लबिइङ गरी क्षतिका आधारमा क्षतिपूर्ति दाबी गरिनुपर्छ ।**



माधव सापकोटा

२०७२ को विनाशकारी भूकम्प, २०७६ देखि २०७९ सम्म करिब तीन वर्ष कोभिड-१९ का कारण परेको प्रत्यक्ष एवं परोक्ष असर, बर्सेनि हुने प्राकृतिक विपत्तिका कारण भोग्नुपरेको ठुलो जनधनको क्षति, खाद्य सामग्रीमा बढ्दो परनिर्भरता र जलवायु परिवर्तनका कारण उत्पादकत्वमा परेको असरले नेपाली अर्थतन्त्रमा गम्भीर असर परेको छ । यसलाई पुनः सशक्त बनाउन राजनीतिक नेतृत्वको दृढ इच्छाशक्ति र प्रतिबद्धता सबैभन्दा महत्त्वपूर्ण विषय हो ।

पछिल्लोपटक असोज ११-१३ मा मुलुकभर आएको बाढीपहिरोले झन् ज्यादा नोक्सानी गरेको छ । सरकारले लगत उठाउँदै छु त भनेको छ । तर, बाढीपहिरोको असर अबको ३/४ महिनापछि देखिन सुरू गर्छ । धान थन्काउन भकारी र धोक्रो तयार पारेर बसेको किसानको खेत पूरै बगर भएको छ । अब भकारीको धान सकिँदै जान्छ, खेतबाट अन्नबाली भित्र्याउने स्थिति छैन, आधा नेपालमा यस्तो परिस्थिति बन्दा यसको असर ठुलै देखिन्छ । यद्यपि पानी त गत वर्षहरूमा पनि पर्ने गरेको थियो । अहिले किन यति विधि उत्पात भयो त । मानवनिर्मित संरचनाहरु (खासगरी कोशी क्षेत्रमा क्रसर र ढुंगा खानीका कारण हो भने सिन्धुपाल्चोकतिर मौसम परिवर्तनका कारण देख्न सकिन्छ) र जलवायु परिवर्तन (क्लाइमेट चेन्ज) को असर तथा प्रभाव बुझ्न सकिन्छ । हामीले अहिले मुख्य रूपमा हेर्नुपर्ने जलवायु परिवर्तन, त्यसबाट उत्पन्न भएको असर तथा प्रभाव र त्यसले अर्थतन्त्रमा पारेको नकारात्मक असरलाई हो ।

जलवायु परिवर्तनका कारण समग्र उत्पादन क्षेत्रमा पारेको प्रभाव तथा असरबारे राजनीतिक नेतृत्वले ठीक ढंगले समयमै गम्भीरपूर्वक लिने र त्यसअनुरूपका प्रतिकार योजनाहरु बनाउने क्षमता हामीसँग कम छ । संसद्मै पनि जलवायु परिवर्तनबाट पारेको प्रभाव र क्षतिको विवरण तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा लबिइङ गरी क्षतिका आधारमा क्षतिपूर्ति दाबी गरिनुपर्छ । कोप २८ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले यस विषयमा नेपालको धारणा राखिसक्नुभएको थियो । कोप २९ मा राष्ट्रपति रामचन्द्र पौडेलेको टोलीले पनि आफ्ना विषय प्रस्ट्याएको छ ।

हामी आफैंले सिर्जित गरेका संरचनाहरूको क्षतिबारे देशभित्रै त्यसको न्यूनीकरण तथा व्यवस्थापन योजना बनाउनुपर्छ । जस्तो, हिमालमा हिउँ पर्दैन, पानी पर्छ । यो एकदमै खतरनाक कुरा हो । हिमालमा पानी पर्नु भनेको अनौठो कुरा हो, हिमालमा हिउँ नै भएन भने तल्लो तटीय क्षेत्र (अहिले हामीले विद्युत् बेच्ने भनेर भारत र बंगलादेशसँग सम्झौता भइसकेको छ) मा हिउँ नै भएन भने तल्लो तटीय क्षेत्रमा पानी कसरी आउँछ । पानी नै भएन भने कसरी जलविद्युत्को निरन्तरता हुन्छ ।

हाम्रो लक्ष्य राजनीतिक प्रतिबद्धता, नीतिगत स्थिरता, लगानी, आर्थिक गतिविधि र समग्र विकासका सूचकहरूलाई सकारात्मक बनाउनु हो । यी सबै परस्पर रूपमा अन्तरसम्बन्धित छन् । राजनीतिक प्रतिबद्धताले नीतिगत स्थिरता ल्याउँछ, स्थिर नीतिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानीकर्तामा विश्वास पैदा गर्दै प्रोत्साहन बढाउँछ । लगानीले आर्थिक गतिविधिमा बढोत्तरी हुन्छ, आर्थिक गतिविधिले रोजगारी सिर्जना, उत्पादकत्वमा वृद्धि हुन्छ । यसैबाट अर्थतन्त्रको पुनरूत्थान सम्भव छ ।

विदेशी सहायताको पारदर्शी खर्च व्यवस्थापन गर्दै दीर्घकालीन विकास र वातावरण संरक्षणलाई प्राथमिकतामा राखेर अघि बढ्न आवश्यक छ । देशको आर्थिक पुनरूत्थानको विषयमा सबै क्षेत्रका सरोकारवालाहरूसँग परामर्श हुने वातावरण बनाउन जरूरी छ । नेपालमा २०७२ मा विनाशकारी भूकम्प जाँदा सरकारले पक्ष र प्रतिपक्ष केही नभनेर राष्ट्रिय सहमतिको वातावरण बनाएर अगाडि बढ्नुपर्नेमा त्यसो नहुँदा समस्या भएको सबैले बुझेकै कुरा हो । विपक्षी दलको सांसदका रूपमा ऊर्जा क्षेत्र, वित्तीय क्षेत्र, औद्योगिक प्रवर्धन, पूर्वाधार क्षेत्र, पर्यटन क्षेत्र, सूचना प्रविधि क्षेत्रसँग सम्बन्धित रहेर अर्थतन्त्रको पुनरूत्थानका लागि राष्ट्रिय संवाद आयोजना गर्न सरकारलाई आग्रह छ ।

अर्थतन्त्रको पुनरूत्थानका लागि नीतिगत सुधार, संस्थागत सुदृढीकरण र राजनीतिक प्रतिबद्धताका विभिन्न पक्षहरूमा प्राथमिकतासाथ छलफल भएको छैन । अहिले पनि सानादेखि ठुला फोरममा एउटा पक्षले अर्को पक्षलाई आलोचना गरेर समय कटाउने गरिन्छ । प्रतिपक्षले भन्छ, 'सरकारले केही गर्न सकेन',

सरकार भन्छ, 'गरिरहेका छौं । सेयर बजार बढ्यो, अन्य क्षेत्रमा यो भयो त्यो भयो भनिरहेको पाइन्छ ।' पछिल्लोपटक त दरबारमार्गमा गरिएको 'कन्सर्ट' पनि सरकारको सय दिनको उपलब्धिमा समेटिएको छ ।

यसरी देश बरालिनुमा विचारधारा (आइडोलोजी) नभएर हो । राज्य सत्ता जहिले पनि आइडोलोजिबाट निर्देशित हुनुपर्छ । चीनमा 'सोलिट आइडोलोजी' छ । अमेरिकाको आफ्नै आइडोलोजी छ, भारतमा त्यस्तै छ । नेपालको संविधानले नै समाजवाद स्वीकार गऱ्यो तर, समाजवादको व्याख्या फरक-फरक रूपमा भइरहेको छ । नेपाली कांग्रेसले संविधानमा भएको समाजवादलाई व्याख्या गर्ने र माओवादी केन्द्रले समाजवादको व्याख्या गर्नुमा भारी अन्तर छ । कम्युनिस्टहरूले सामाजिक न्यायलाई सुनिश्चित गरेको उन्नतप्रकारको समाजवाद भनिरहेको छ । त्यो भनेको कम्युनिस्ट क्रान्तिकारीको आइडोलोजितिरको कुरा हो । नेपाली कांग्रेस उदार पुँजीवादको पक्षमा छ । पुँजीवादी आइडोलोजी हो कि समाजवादी आइडोलोजी हो भन्ने कुराको फरक छ । अन्य सबै कुरा सहायक हो, तर मुख्य कुरा भनेको आइडोलोजीमा हामी बरालिइरहेका छौं ।

माओवादी र कांग्रेस सजिलै समीकरण हुन्छ, एमाले र कांग्रेस सजिलै समीकरण हुन्छ । तर, कांग्रेसले समाजवादको व्याख्या पुँजीवादी कोणबाट गर्छ भने कम्युनिस्टहरूले समाजवादको व्याख्या सामाजिक न्यायको सुनिश्चिततासहित उन्नत प्रकारको समाजवाद या कम्युनिस्ट क्रान्तिकारीहरूले भनेको समाजवादको व्याख्या गरिरहेका छन् । जसले गर्दा समग्र अर्थव्यवस्था र राज्य प्रणालीमा अलमलको स्थिति सिर्जना भयो । नेतालाई जति गाली गरे पनि मुलुकमा अझै आइडोलोजी बहस हुन सकिरहेको छैन । नेपालको संविधान बनाउँदा माओवादीले पूरै संसद्वादी शक्तिलाई जित्न सकेन भने संसद्वादी शक्तिले पनि माओवादीलाई बाइपास गर्न नसकेर अहिलेको दस्तावेज बनेको हो ।

कांग्रेसको कुरा प्रस्ट छ, उदार पुँजीवाद, खुलाबजार अर्थतन्त्र । तर, कम्युनिस्टहरूले अहिले नै पुँजीवादी अर्थतन्त्रलाई 'क्रस' गरेर निजी क्षेत्रलाई समावेश नगरी जान नसकिने निचोड निकाले । सँगै लैजानुपर्छ, जाँदा सार्वजनिक निजी साझेदारी (पीपीपी) को मोडालिटीमा जानुपर्छभन्दा कांग्रेसले स्वीकार गर्न चाहँदैन । कांग्रेसको मोडल भनेको एउटा काम गर्ने, त्यो काम गरेबापत कमिसन ल्याउने पार्टी चलाउने र आफ्नो व्यवस्थापन गर्ने पुँजीवाद हो । नेपालमा बिचौलियालाई बदनाम बनाइएको छ तर, विदेशी देशहरूले पुँजीवादलाई राम्रोसँग स्वीकार गरेका छन् । ब्रोकर (दलाल) भनेको पुँजीवादको एउटा पिलर हो, तर कम्युनिस्टहरु बिचौलियाहरूलाई खराब मानिरहेका छन् । कांग्रेस र कम्युनिस्टबीचको विवाद पनि यही हो ।

समृद्धि यात्रामा कांग्रेससँग माओवादीको आइडोलोजी मिल्न सकेन । माओवादीको आइडोलोजी एमालेसँग मिल्छ । कम्युनिस्टहरूसँग सहकार्यको वातावरण पनि मिल्छ । आइडोलोजी एमालेसँग मिल्ने भएकैले कांग्रेसले दुई वर्षका लागि दिएको प्रधानमन्त्री बीचमै छोडेर एमालेसँग मिलिएको हो । तर, त्यो कुराको मर्म एमालेले दुरूपयोग गऱ्यो । अहिलेको मुख्य समस्या आइडोलोजिकल हो ।

त्यस्तै, जलवायु परिवर्तनका दुईवटा मुख्य असर र कारण छन् । एउटा विकसित राष्ट्रहरूले तीव्र औद्योगीकरण गरेर त्यसबाट उत्पन्न भएको कार्बन उत्सर्जन, त्यसले विश्वव्यापी रूपमा तापमानमा पारेको असर र अर्को भनेको मानव सिर्जित संरचनाहरु । यसको बुझाइमा राजनीतिक नेतृत्व तहमा मुख्य गृहकार्य (टाक्स) नै छैन । सरकारले आर्थिक वृद्धि र रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्नुपर्ने हो तर, गफमा सीमित छ । निजी क्षेत्रलाई लगानीमैत्री वातावरण सिर्जना गरी उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्ने हो तर, नीतिगत त्रुटिका कारण सम्भव भइरहेको छैन ।

स्थानीय तहदेखि संघीय संरचनासम्म बिचौलियाको प्रभाव छ, बिचौलियाबाट मात्रै काम सम्भव हुन्छ भन्ने भाष्य कायम भएको छ । भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्नुपर्ने, पारदर्शिता र जवाफदेहिता बढाउने काममा सरकारी निरिहता उदेक लाग्दो छ । सुशासन प्रवर्धन शून्य छ । सरकारी संस्थाहरूका क्षमता आमवृद्धि गरी सेवा प्रवाहलाई चुस्त बनाउने विषय प्राथमिकतामा छैन । सडक, सिँचाइजस्ता आधारभूत पूर्वाधारको विकासलाई तीव्रता दिनुपर्नेमा त्यस्तो भइरहेको छैन । कृषि उत्पादकत्व बढाउन प्रविधि विस्तार हुन सकेको छैन ।

स्वदेशी उत्पादनलाई प्रोत्साहन गरेर आयात प्रतिस्थापनमा नेपाल कमजोर हुँदै छ । लगानी सम्मेलन गरेर वैदेशिक लगानीलाई प्रोत्साहनको प्रयास भए पनि स्थायित्व नहुँदा अर्थतन्त्रमा विविधता ल्याउन सकिएको छैन । शिक्षा ऐन संसद्मा विचाराधीन छ । शिक्षा र सीप विकासमा लगानी बढाएर दक्ष जनशक्ति उत्पादनमा केन्द्रित हुन सकिएको छैन । ऊर्जा सुरक्षा सुनिश्चित गर्न खोज्दा सरकार आफै उल्टो गतिमा हिँडिरहेको छ ।

दिगो विकास लक्ष्य हासिल गर्ने समय नजिक छ । राजनीतिक स्थिरता कायम र अर्थतन्त्रसम्बन्धी नीतिगत समन्वय गर्न नसक्दा दिनप्रतिदिन अवस्था नाजुक बनिरहेको छ । त्यस्तै, अर्थतन्त्रसम्बन्धी तथ्यांकको गुणस्तरमा विश्वसनीयता छैन । तथ्यांकको गुणस्तरमा सुधार गरी नीति-निर्माणमा सहयोग पुऱ्याउन सकिन्छ । संसद्मा बजेट कार्यतालिका छैन । अर्कोतिर नेपालको आर्थिक वर्ष नै ठीक छैन । संसद्मा बजेट कार्यान्वयनको क्यालेन्डर बनाउन निरन्तर आवाज उठाए पनि सुनुवाइ भएको छैन । अर्थतन्त्रसम्बन्धी बहसलाई प्रोत्साहन दिने प्रयास भए पनि काम चलाउजस्तो मात्रै भएको छ ।

सार्वजनिक खरिद ऐनले अर्थतन्त्रलाई धेरै ठुलो असर गरिरहेको छ । सबैभन्दा कम बोलकबोल (बोली) राख्नेलाई ठेक्का दिनुपर्ने व्यवस्थाले निर्माणका कामहरु प्रभावकारी रूपमा अघि बढ्न सकिरहेको छैन । भएका काम पनि गुणस्तरीय नहुने, अनावश्यक रूपमा पैसाको मात्र खर्च भएको छ । कुन क्षेत्रमा बजेट हिस्सा प्रयोग गर्ने भन्ने नीति छैन । नेपालमा काम भनेको खाली सडक बनाउने, पूर्वाधार मात्रै बनाउनेजस्तो देखिन्छ ।

अबको हाम्रो चुनौती 'डिजिटलाइजेसन' हो । विश्व अर्थतन्त्र 'एआई' मा पुगिसक्यो । अबको अर्थतन्त्रलाई डिजिटलाइजेसन कसरी गर्ने र एआईसँगको प्रतिस्पर्धामा कसरी खरो रूपमा उत्रिने भनेर छलफल गर्न ढिलो भइसक्यो । अझ डिजिटलाइजेसनमा महिला सहभागिताको बढोत्तरी, युवाहरूको भूमिकालाई प्रोत्साहन गर्ने काम गर्नुपर्नेछ । चन्द्रागिरि डाँडो, नगरकोट, साँखु, धुलिखेलका डाडाँहरूलाई राम्रो पूर्वाधारसहित विकास गर्नुपर्छ । सरकारले लगानी गरेर उच्च गुणस्तरको इन्टरनेट राख्नुपर्छ । नेपाल टेलिकमको एउटा शाखा नै खडा गरेर उच्च गति (हाइ स्पिड) को वाइफाई राखेर काम गर्न सकियो भने भारत, अमेरिकालगायत देशका युवा-युवती ल्यापटप बोकेर नेपाल आउने बाटो खुल्छ । नेपालमै रमाइलोसँग बसेर ल्यापटपबाट आफ्नो काम गर्छन् । अहिलेका युवाहरु घोटिएर काम गर्दैनन् । उनीहरु 'टाक्स बेस' मा आफ्नो काम गर्छन्, कामसँगै रमाइलो गर्ने चलन भइसक्यो । संसारभरका मानिस रमाइलो गर्दै नेपालमा काम गर्न पाउँदा खुसी हुन्छन् भने स्थानीयस्तरमा पर्यटन प्रवर्धन हुनुका साथै समग्र मुलुककै हित हुन जान्छ ।

मुलुक संघीयतामा गए पनि पर्याप्त अधिकार विनियोजन नहुँदा समस्या कम भएन । अहिले कैयौं कार्यक्रममा दोहोरोपना देखिन्छ । हामीले परिकल्पना गरेको संघीयता यस्तो होइन । स्थानीय सरकार घरघरमै गएर (डोर टु डोर) काम गर्ने निकायका रूपमा हेरिएको हो । स्थानीय तहको ध्यान किसानले उत्पादन गरेको खाद्यान्नलगायत उत्पादित सामग्री कृषि एम्बुलेन्समार्फत बिक्री वितरण गर्नु पनि हो । त्यसले पूर्वाधारमा लगानी गर्न पाउनु भएन । प्रदेश सरकारले विकास निर्माणको काम गर्नुपऱ्यो । संघीय सरकारले समग्रमा नीति र अन्तर्राष्ट्रिय रूपमा सक्रिय हुने वातावरण बनाइदिने हो । संघीयताको परिकल्पना स्पष्ट भए पनि समयमै कानुनहरु नबन्दा संविधानको परिकल्पनाअनुसार संघीयता कार्यान्वयन भइरहेको छैन ।

आर्थिक समृद्धिका लागि पक्ष-विपक्ष जे भए पनि दलहरूबीच के-के काम गर्ने भन्ने विषयमा एउटा साझा सहमति हुनुपर्छ । आर्थिक समृद्धिको बाधक दलाल र बिचौलियातन्त्र हो । भ्रष्टाचारको अन्त्य गर्न बिचौलियातन्त्र अन्त्य हुनुपर्छ । भ्रष्टाचार अन्त्य नगरीकन र सुशासनको वातावरण नबनाईकन आर्थिक समृद्धि आउँदैन । आर्थिक समृद्धि नभईकन समाजवादमा जान सकिँदैन । समग्रतामा भन्दा समाजवाद, आर्थिक समृद्धि र सुशासन अन्तरसम्बन्धित विषयहरु हुन् ।

*(सापकोटा प्रतिनिधि सभा सदस्य तथा नेकपा माओवादी केन्द्रका नेता हुन्)*

# आर्थिक सुधारको मार्गचित्र

आर्थिक रुपान्तरणको त्यो चरणले दिन सक्ने प्रतिफल दिइसकेको छ । आर्थिक रुपान्तरणबाट प्राप्त प्रतिफलमा टेकेर सुधारमाथि नयाँ सुधारको मार्गचित्र तय गर्ने समय आइसकेको थियो । त्यसैले नेपालले अर्को अर्थात् नयाँ चरणको आर्थिक सुधारको प्याकेज तयार गरी तीव्र विकासतर्फको मार्गचित्र कार्यान्वयन गर्नुपर्ने छ ।



चन्द्रप्रसाद ढकाल

अर्थतन्त्रको वर्तमान परिदृश्यलाई हेर्ने विभिन्न दृष्टिकोणहरु छन् । जब म नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्षको हैसियतमा दिनहुँ उद्यमी, व्यवसायी तथा नीति निर्माताहरु, सरकारी अधिकारीहरु, विकास साझेदारहरु अर्थात् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा समाजका हरेक वर्गलाई प्रतिनिधित्व गर्नेहरूसँग विभिन्न छलफलहरूमा बसिरहेको हुन्छु, त्यहाँ एउटै निष्कर्ष भेटिन्छ– नेपाल अथाह प्राकृतिक स्रोत-साधनबाट सुसज्जित छ । हाम्रा छिमेकी दुई विशाल अर्थतन्त्रहरु भारत र चीनसँगको सामीप्यले अथाह बजारका सम्भावनाहरु देखाएका छन् । यति हुदाँहुदै पनि नेपाली अर्थतन्त्रले गति लिन नसकिरहेको अवस्थाले भने सबैलाई गम्भीर बनाएको भेटिन्छ । निजी क्षेत्रले पनि सबै क्षेत्रको चिन्ता र गाम्भीर्यतालाई उजागर गरिरहेको छ । त्यसैले, निजी क्षेत्रले पटकपटक उच्चस्तरीय आर्थिक सुधार आयोग र नयाँ चरणको आर्थिक सुधारका आवश्यकतामा जोड दिइरहेको छ । प्रतिस्पर्धी तथा दिगो अर्थतन्त्र निर्माणमा भइरहेको ढिलाइप्रति खबरदारी गरिरहेको छ ।

निजी क्षेत्रको निरन्तरको आवाजलाई सुनेर सरकारले चालु वर्षको बजेटमा केही एजेन्डाहरु समेटेको छ । ती आर्थिक सुधारका एजेन्डाहरूलाई नयाँ सरकारले पनि प्राथमिकताका साथ अघि बढाइरहेको छ । सरकारी सकारात्मक पहलकदमीले निजी क्षेत्र केही हदसम्म आशावादी भएको छ । सबैको एकताबद्ध पहलबाट अर्थव्यवस्था विस्तारै सम्हालिँदै छ । आगामी दिनमा अझ बढी गतिशील हुँदै जाने विश्वास गर्न सकिन्छ ।

आर्थिक सुधारका एजेन्डालाई केलाएर हेर्दा नेपाली अर्थतन्त्रले संकट या झट्काहरूलाई सहने र बिस्तारै उभिन सक्ने सामर्थ्य बनाइसकेको छ । विश्वव्यापी कोभिड १९ महामारीबाट ग्रसित अर्थतन्त्रलाई सम्हालिसकेको अवस्थामा फेरि सतहमा देखिएको मन्दीको भारका कारण नेपालको अर्थतन्त्र एक असाधारण चुनौतीपूर्ण अवस्था, बाह्य क्षेत्रको सङ्कट, आन्तरिक मागमा तीव्र गिरावट र शिथिलताबाट गुज्रियो । हतारमा लिइएका केही नीतिगत व्यवस्थाले समस्यालाई धेरै नै अप्ठ्यारो अवस्थामा पुर्‍याए पनि सावधानीपूर्वक सम्हालिँदै अघि बढेका कारण समग्र अर्थतन्त्र धेरै हदसम्म सहज अवस्थामा आइपुगेको छ ।

पछिल्ला केही दशकको आर्थिक रूपान्तरण आर्थिक सुधार र खुलापनप्रतिको निरन्तरको प्रतिबद्धता र कडा परिश्रमबाट भएको हो । यसबीचमा भएका धेरै ठुला राजनीतिक परिवर्तनको समयमा पनि आर्थिक एजेन्डाहरूमा धेरै तल-माथि भएन । यो निकै सकारात्मक पक्ष हो । आर्थिक रूपान्तरणको त्यो चरणले दिन सक्ने प्रतिफल दिइसकेको छ । आर्थिक रूपान्तरणबाट प्राप्त प्रतिफलमा टेकेर सुधारमाथि नयाँ सुधारको मार्गचित्र तय गर्ने समय आइसकेको थियो । त्यसैले नेपालले अर्को अर्थात् नयाँ चरणको आर्थिक सुधारको प्याकेज तयार गरी तीव्र विकासतर्फको मार्गचित्र कार्यान्वयन गर्नुपर्ने छ । किनभने, सरकारले एकल रूपमा, निजी क्षेत्र या दातृ समुदायका अलग-अलग 'प्रेस्किप्सन' ले अर्थतन्त्रको रूपान्तरण सम्भव छैन । अलग-अलग रूपमा अर्थतन्त्रमा देखिएका सङ्कट समाधान गर्न सकिँदैन भन्ने निचोडमा निजी क्षेत्र, सरकार र सरोकारवालाहरु पुगेकैले सामूहिक पहल भइरहेको छ । अर्को पुस्ताको आर्थिक सुधारलाई रणनीतिक रूपमा सुधारको नयाँ सेट वा प्याकेजका रूपमा अघि बढाउनुपर्ने आवश्यकता छ ।

नयाँ चरणको सुधारको अल्पकालीन लक्ष्य भनेको दुई ठुला गतिशील अर्थतन्त्रको बीचमा बसेर शिथिल अर्थतन्त्र रहनै सक्दैन । त्यसैले समग्र बजार प्रणालीलाई चलायमान बनाउँदै अन्तरनिर्भरतामा आधारित प्रतिस्पर्धी अर्थतन्त्रको विकास गरिनुपर्छ ।

दीर्घकालीन लक्ष्य भनेको समृद्ध जीवनस्तरमा पुग्नु हो- जहाँ नेपाली समाजले देशभरको पूर्ण क्षमता प्रदर्शित गर्ने अवसर प्राप्त गरी उद्यमशील समुदायमा रूपान्तरण गर्न सकोस् ।

अर्थतन्त्रका मुख्यमुख्य समस्यामा पनि व्यक्तिपिच्छे फरकफरक दृष्टिकोणहरू रहेको पाइन्छ । यसले गर्दा पनि परिणामकेन्द्रित भएर काम गर्न यदाकदा समस्या हुने गरेको छ । तर, समस्यालाई अवसरसँग जोडेर हेरिनुपर्छ । अहिले देशैभरी 'कनेक्टिभिटी'का धेरै ठूला आयोजनाहरु पूरा हुने क्रममा छन् । थानकोट सुरुङ मार्गदेखि पोखरा पुग्ने राजमार्ग, मध्य पहाडी राजमार्ग, फास्ट ट्र्याक वा ठूला सिँचाइ परियोजना जस्तै सुनकोसी–मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना सम्पन्न गराउन पछिल्लो समय बढी चासो दिइएको छ । यदि यी आयोजनाहरु समयभित्रै सम्पन्न भए भने नेपालले केही वर्षमा पूर्वाधार सञ्जालमा अभूतपूर्व फड्को मार्नेछ । अब यस्ता पूर्वाधारलाई ठूलादेखि साना, मझौला उद्योग व्यवसायसहितका आर्थिक केन्द्रहरूको रूपमा विकास गर्दै जोडेर लैजानुपर्ने हुन्छ । त्यसले मात्र पूर्वाधार, उत्पादन र रोजगारीमा गुणात्मक फड्को मार्न सकिन्छ र अर्थव्यवस्थामा वास्तविक परिवर्तनको महसुस गराउन सकिन्छ ।

लामो प्रयासपछि हालै लगानीकर्ताहरूमाझ बहुप्रतिक्षित सार्वभौम साख मूल्यांकन (कन्ट्री क्रेडिट रेटिङ) को परिणाम आएको छ । नेपालले सार्वभौम क्रेडिट रेटिङमा 'बीबी माइनस' स्कोर प्राप्त गर्न सफल भएकाले बजारमा मनोबल उच्च छ । नेपालले पहिलोपटक प्राप्त गरेको रेटिङले अर्थतन्त्रको संरचना, सार्वजनिक वित्त परिचालन र समष्टिगत आर्थिक तथा वित्तीय अवस्था लगानीमैत्री छ भन्ने संकेत विश्वास दिलाएको छैन व्यावसायिक वातावरणका लागि 'कन्फिडेन्स' बढाउन भूमिका खेलेको छ । रेटिङ एकातिर सकारात्मक आयो भनिरहँदा मुलुकका समस्याहरु ज्युँका त्युँ छन् । पूर्वाधार निर्माणको काम भइरहेको छ तर, अत्यन्तै सुस्त छ । पूर्वाधार निर्माणको सुस्तताले वस्तु तथा सेवाको मूल्य मात्रै बढाएको छैन, पूर्वाधार निर्माणमा थपिँदो लागतले मुलुकमाथि अत्यधिक व्ययभार थपिरहेको छ । पूर्वाधार हेरेर लगानीका लागि पर्खिएको निजी क्षेत्र निराश छ । जस्तै पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा नआउँदा त्यसलाई लक्षित गरी गरिएको ठूलो निजी लगानी जोखिममा छ । भर्खरै अहिले भैरहवा विमानस्थल आंशिक सञ्चालनमा आएको छ । यसलाई निरन्तरता दिनुपर्छ ।

पूर्वाधार निर्माणमा सरकारी स्रोत अपुग हुँदै गएपछि पछिल्लो समय सरकारले पूर्वाधार विकासमा निजी क्षेत्र र विकास साझेदारहरूबाट लगानी खोजिरहेको छ । हाम्रो ढोकामा भारत र बंगलादेश जस्तो ऊर्जा व्यापारको ठूलो बजार छ । नेपालबाट आयातित जलविद्युत्लाई आफ्नो नवीकरणीय ऊर्जा गणनामा समावेश गर्ने भारतको हालैको निर्णयले भारतको बजारलाई थप वृद्धि गर्नेछ । छिमेकी मुलुक बंगलादेशसँग विद्युत् व्यापारको ऐतिहासिक सम्झौताले जलविद्युत्को अर्को बजार खुला भएको छ । तसर्थ, निजी क्षेत्रका साथै बहुपक्षीय र द्विपक्षीय विकास साझेदारहरूलाई नेपालमा ऊर्जा क्षेत्रमा लगानीको ठूला अवसरहरु सिर्जना भएका छन् ।

पर्यटन क्षेत्रको हकमा नेपाल पहिलेदेखि नै लोकप्रिय गन्तव्य र लगानी अवसर भएको ठाउँ हो । नेपाल थप पर्यटकहरु 'होस्ट' गर्न तयार र उत्साहित देखिन्छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति सुरू भएको छ । बुद्धको जन्मस्थल लुम्बिनी र प्रसिद्ध पर्यटकीय गन्तव्य पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनको भरमग्दुर प्रयास भइरहेको छ । यस्तो बेला पर्यटकीय पूर्वाधारका रूपमा रहेका केबुलकार, रिसोर्ट, थिम पार्क, हिल स्टेसन र विलासी होटेलजस्ता क्षेत्रमा लगानीको ठूलो अवसर र सम्भावना छ । कृषि प्रशोधन, आईसीटी र केही अन्य क्षेत्रमा पनि लगानीका लागि ठूलो सम्भावित क्षेत्र हो । यी क्षेत्र लक्षित नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीहरूले आफ्नो लगानीबाट उत्कृष्ट प्रतिफल प्राप्त गरिरहेका छन् । त्यस्तै दिगो र मजबुत अर्थतन्त्र निर्माणमा थप रणनीतिक कदमहरु के हुन सक्छन् भन्नेमा महासंघले नेपाल सरकारलाई झकझकाइ रहेको छ ।

अहिले शिथिलप्रायः रहेको अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले आर्थिक सुधार प्याकेजअन्तर्गत समग्र वित्त तथा मौद्रिक क्षेत्रमा नयाँ सुधारको प्रस्ताव गर्न आह्वान गर्नुपर्छ । जसले अहिले लगानी बजारमा देखिएको सङ्कुचनलाई समाधान गर्न सकोस् । वित्त तथा मौद्रिक नीतिको सामञ्जस्यतालाई कायम राख्दै समग्र बजार प्रणालीलाई विश्वासमा लिए मात्र अर्थतन्त्र चलायमान बन्न पुग्छ । गत वैशाखमा सम्पन्न लगानी सम्मेलनका दौरान बाह्य तथा आन्तरिक निजी लगानी प्रवर्धनमा अवरोध पुग्ने ठानिएका केही कानुनहरु संशोधन गरिएको छ । मुलुकमा लगानी भित्र्याउन अवरोध ठानिएका कानुनहरु संसदबाट छिटोभन्दा छिटो पारित गरी कार्यान्वयनमा ल्याइनुपर्छ । त्यस्तै, वित्त तथा मौद्रिक क्षेत्रका नीति निर्माताहरु आर्थिक र वित्तीय नीतिहरूको समन्वयपूर्वक कार्यान्वयन गर्न तत्पर हुने हो भने मुलुकलाई असाधारण आर्थिक उन्नतितर्फ डोऱ्याउन सकिन्छ । यसले मात्र थप लचिलो र जीवन्त अर्थतन्त्र निर्माण हुनेछ ।

*(ढकाल नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन्)*



# नीति प्रेरित मन्दीमा अर्थतन्त्र

> उद्योगी व्यवसायीहरू आफ्ना उद्योग/व्यवसाय शतप्रतिशत क्षमतामा चलुन्, नभए कम्तिमा ७०/८० प्रतिशतसम्म चलेर काम-कारोबार नियमित चलिरहोस् भन्ने चाहन्छन् । तर, अहिले व्यवसायीको अपेक्षाविपरीत औद्योगिक क्षमताको ३०/४० प्रतिशत मात्रै चलिराखेको छ ।



राजेशकुमार अग्रवाल

मुलुकको समृद्धिको संवाहकका रूपमा उद्योग क्षेत्रलाई मानिन्छ । उद्योगविना मुलुकको आर्थिक उन्नतिको कल्पना गर्न सकिँदैन । नेपालको अर्थतन्त्रलाई टेवा दिन काँध थापिरहेको उद्योग क्षेत्रले राज्यबाट सहज नीति निर्माण र लगानीको अवसर खोजिरहेको छ । रोजगारी सिर्जना र आयात प्रतिस्थापन गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने उद्योग क्षेत्र राज्यकै नीति, नियमका कारण अप्ठ्यारोमा छ । आर्थिक समृद्धिको पहिलो सर्त उद्योगहरूको विकास र विस्तार हो । औद्योगिक विकासका लागि नीतिगत तथा कानुनी सुधार अपरिहार्य छ ।

प्रधानमन्त्री जुद्धशमशेर राणाले वि.सं. १९९३ मा विराटनगर जुट मिलको स्थापनासँगै नेपालमा औपचारिक रूपमा उद्योग, कलकारखाना खुल्ने क्रम सुरू भएको हो । विराटनगर जुट मिलको स्थापनासँगै मोरङ-सुनसरी औद्योगिक करिडोरमा मात्र नभई देशभर उद्योग स्थापनाको लहर सुरु भयो । यद्यपि पहिलो उद्योगको इतिहास बनाएको विराटनगर जुट मिल भने अहिले बन्द छ । २०४६ सालको राजनीतिक परिवर्तनपछि मुलुकले खुला बजार र उदार अर्थनीति अवलम्बन गरेसँगै निजी लगानीका उद्योगहरु खुल्ने क्रम बढेको हो ।

आर्थिक सर्वेक्षण २०८०/८१ अनुसार उद्योग विभागमा २०८० फागुनसम्म ९ हजार ३ सय ४४ उद्योग दर्ता भएका छन् । त्यसमध्ये ठुला उद्योगको हिस्सा १५ प्रतिशत छ भने मझौला २२.६ प्रतिशत र साना ६२.४ प्रतिशत छ । राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार मुलुकभर रहेका साना-ठुला ६० हजार १ सय ८५ औद्योगिक प्रतिष्ठानमा ६ लाखभन्दा बढी जनशक्ति प्रत्यक्ष संलग्न छन् ।

उद्योगहरूले रोजगारीको सिर्जना, आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनसँगै मुलुकको राजस्व योगदानमा समेत महत्त्वपूर्ण भूमिका खेलिरहेका छन् । मुलुकको राजस्व वृद्धिमा योगदान पुर्‍याइरहेका उद्योगी, व्यवसायीहरूका समस्या समाधान गर्न राज्यले पनि विशेष ध्यान दिनुपर्छ । उद्योगको प्रवर्धनका लागि सहज नीति र सहयोगी कानुन अहिलेको आवश्यकता हो । सरकारले विदेशी लगानीलाई प्रोत्साहन गरिरहेको छ तर, अपेक्षाकृत सफलता हात पारेको छैन । लगानीकर्ताहरूले स्थिर नीति तथा कानुनसँगै सम्बन्धित मुलुकको प्रक्रियागत परिवेशलाई पनि विशेष ध्यान दिन्छन् ।

### वर्तमान अर्थतन्त्रको अवस्था

खासगरी वर्तमान अवस्थामा अर्थतन्त्रका बाह्य स्रोतहरु मजबुत र राम्रो देखिएको छ भने आन्तरिक अवयवहरु लगानीअनुकूल र सहज देखिए पनि अवस्था भने निकै जटिल, संकुचित र कमजोर देखिइरहेको छ । विदेशी मुद्रा सञ्चिति उच्च छ । यसले वस्तु तथा सेवा आयातका कुनै समस्या नरहेको देखाउँछ । वित्तीय क्षेत्र अधिक तरलताको अवस्थामा छ । ब्याजदर घटेको छ । मुद्रास्फीति लक्षित सीमाभित्रै छ । तर, आयात र निर्यात दुवै घटिरहेको छ । सरकारी स्रोत (राजस्व) बढ्न सकेको छैन भने पुँजीगत खर्चको अवस्था कमजोर छ । जसको प्रभाव समग्र अर्थतन्त्र अर्थात् कुल गार्हस्थ उत्पादन (जीडीपी) सोचेअनुरूप छैन । गत वर्षको जीडीपी ३.८७ प्रतिशत हुने अनुमान छ । निर्माण र उत्पादनमूलक क्षेत्र ऋणात्मक देखिएको छ । अघिल्लो वर्ष ऋणात्मक रहेको थोक र खुद्रा व्यापारमा गत वर्ष नगन्य अंकले सकारात्मक छ । अहिलेको अर्थतन्त्रको सबैभन्दा ठूलो समस्या मागमा ज्यादै कमी छ । मागमा आएको कटौतीले वस्तु आयात बढ्न नसकेको मात्र होइन आन्तरिक उद्योगहरु पनि ३०-४० प्रतिशत क्षमतामा चलिरहेका छन् ।



अर्थतन्त्रका बाह्य स्रोतहरू मजबुत र राम्रो देखिएको छ भने आन्तरिक अवयवहरू लगानीअनुकूल र सहज देखिए पनि अवस्था भने निकै जटिल, संकुचित र कमजोर देखिइरहेको छ । विदेशी मुद्रा सञ्चिति उच्च छ । वित्तीय क्षेत्र अधिक तरलताको अवस्थामा छ । ब्याजदर घटेको छ । मुद्रास्फीति लक्षित सीमाभित्रै छ । तर, आयात र निर्यात दुवै घटिरहेको छ । राजस्व बढ्न सकेको छैन भने पुँजीगत खर्चको अवस्था कमजोर छ । जसको प्रभाव समग्र अर्थतन्त्र सोचेअनुरुप छैन ।

अर्थतन्त्र जबसम्म पूर्ण रुपमा चलायमान हुँदैन तबसम्म माग बढ्दैन । माग नबढेसम्म उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन सक्दैनन् । तीन वर्षअघि अन्तर्राष्ट्रिय कारणले बढेको मुद्रास्फीतिलाई नियन्त्रण (कन्ट्रोल) गर्न ल्याइएका नियामकीय प्रावधानहरूको असर अहिलेसम्म अर्थतन्त्रमा देखिइरहेको हो । खासगरी त्यतिबेला मुख्यतः माग घटाउने र ब्याज बढाउने गरी ल्याइएका नियामकीय प्रावधानका कारण मागमा आएको गिरावट अहिलेसम्म पनि सुधार (रिकभर) हुन सकिरहेको छैन ।

अहिले उद्योगीहरूले सामना गरिरहेको समस्यालाई नीति प्रेरित मन्दी (पोलिसी इन्ड्युस्ड स्लो डाउन) भन्न सकिन्छ । किनभने यसअवधिमा सरकार र नियामकहरूले एकैपटक सबै क्षेत्रमा कडाइ गर्ने (माग घटाउने, ब्याज बढाउने, घरजग्गा र सेयर कारोबारलाई संकुचित गर्ने) नीति अवलम्बन गरे । विदेशी मुद्रा सञ्चिति खुम्चिएको भन्दै आयात निरूत्साहित गरियो । एकैपटक अर्थतन्त्रका अवयवहरूलाई संकुचित गर्ने नीतिहरु लिँदाको असर अहिलेसम्म देखिएको छ ।

उद्योगी व्यवसायीहरु आफ्ना उद्योग/व्यवसाय शतप्रतिशत क्षमतामा चलुन्, नभए कम्तिमा ७०/८० प्रतिशतसम्म चलेर काम-कारोबार नियमित चलिरहोस् भन्ने चाहन्छन् । तर, अहिले व्यवसायीको अपेक्षाविपरीत औद्योगिक क्षमताको ३०/४० प्रतिशत मात्रै चलिराखेको छ । जति क्षमतामा चले पनि उद्योग खर्च करिब समान नै हुन्छ किनभने कर्मचारीलाई दिने तलब, बैंकलाई तिर्ने ब्याज, प्रशानिक खर्चदेखि अन्य सबै प्रकारका अधिकांश खर्चहरु एउटै हुन्छ । यसबाट औद्योगिक लागत एउटै दरमा आउने तर, व्यावसायिक आम्दानी घट्दै जाने हुँदा उद्योगी/व्यवसायीहरु उठ्नै नसक्ने अवस्थातर्फ उन्मुख छन् ।

### उद्योग क्षेत्रमा लगानीको अवस्था

नेपाल उद्योग परिसंघ (सीएनआई) आफैंले बेलाबेला विभिन्न सर्वेक्षणहरु गर्न गर्दछ । गत वर्षकै चौथो त्रैमासमा पनि लगानी खासै बढेको अवस्था छैन । समग्र मागमा देखिएको कमी र उद्योगीहरूको बढ्दो खर्चका कारण उद्योग कसरी बचाउने, कसरी चलाउने भन्ने अवस्थामा पुगेका कारण थप लगानीका विषयमा सोच्नुपर्ने बेला आएको छ । अर्थतन्त्र चलायमान भइरहँदा र व्यापार व्यवसाय ठीकठाक चलिरहँदा नयाँ अवसर खोज्ने गरिन्छ । तर, अहिले सबै क्षेत्र कुनै न कुनै समस्यामा परेको छ ।

अहिले सहकारी क्षेत्र समस्यामा छ । लघुवित्तको समस्या उस्तै छ । नियामकीय प्रावधानका कारण मानिसहरूको लगानी सहकारी, सेयर बजार र घरजग्गामा फसिरहेको छ । यसको असर आममानिसहरूमै खर्च गर्ने प्रवृत्ति कम भएको छ । भएको व्यवसाय नै कसरी जोगाउने भन्ने अहिले मुख्य चुनौती देखिएको छ । बैंकको ब्याज तिर्न, कर्मचारीलाई तलब दिन गाह्रो भइरहेको अवस्थामा नयाँ लगानीबारे सोच्ने सम्भावनै कमै हुन्छ ।

उद्योग विभागका अनुसार पछिल्लो ४ महिनामा साना-ठूला ४ सय प्रतिष्ठान दर्ता भएका छन् । त्यसमा आठवटा मात्रै नयाँ ठुला उद्योग छन् भने बाँकी सबै साना एवं होटेल, रेस्टुरेन्टजस्ता व्यवसाय छन् । लगानीकर्ता वा निजी क्षेत्रमा आत्मविश्वास (कन्फिडेन्स) नभएका कारण यस्तो अवस्था आएको हो ।

### विदेशी लगानी

थप विदेशी लगानी भित्र्याउन नेपालमा भएको लगानी संरक्षित हुनुपर्छ । त्यसपछि मात्रै विदेशी लगानीको कुरा गर्दा राम्रो हुन्छ । विशिष्ट र सम्भावनायुक्त क्षेत्र भएकाले जलविद्युत्मा विदेशी लगानी आउँछ । स्थापित उद्योगहरु पूर्ण क्षमतामा नचलिरहेको र अरु थुप्रै सामाजिक प्रभावहरूका कारण जलविद्युत् बाहेकका उत्पादनशील क्षेत्रमा तत्काल विदेशी लगानी आउने सम्भावना कम छ । स्वदेश उद्योग खुल्ने र रोजगारी सिर्जना हुने अवस्था नभएकैले धेरै युवाहरु रोजगारीका लागि विदेशिइरहेका छन् । यसो भनेर लगानी हुँदै-हुँदैन भन्ने होइन तर, नीतिगत सहुलियतसहित व्यावसायिक वातावरण बनेमा भने निश्चित क्षेत्रमा लगानी आउन सक्छ । त्यसका लागि पहिला कस्तो प्रोडक्ट (चिज) उत्पादन गर्न चाहिरहेको हो भन्ने सरकार प्रस्ट हुनुपर्छ । सम्बन्धित उत्पादनमा आत्मनिर्भर भएर आयात प्रतिस्थापन गर्ने गरी सरकारबाटै नीति आउनुपर्छ र आवश्यकताअनुरूप सहजीकरण गरिदिनुपर्छ ।

२०४८ मा पहिलो चरणको सुधार (रिफर्म) गर्‍यौं तर, दोस्रो चरणको सुधार अझै भएको छैन । ३० वर्षदेखि एउटै आधारमा हिँडिरहेको अवस्था छ । सरकारले औद्योगिक नीति २०६७ लाई देखाएर आफूले काम गरेको र उद्यमीलाई



सुविधा दिएको बताउने गर्छ । तर, समय र परिप्रेक्ष्य धेरै बदलिएकाले डेढ दशक पुरानो औद्योगिक नीति काम नलाग्ने भइसकेको छ । पुराना ऐन, नियमावली, कार्यविधि, नीति र निर्देशनहरूका कारण नयाँ लगानी आउन समस्या छ । मुलुकले दोस्रो चरणको आर्थिक सुधार गर्ने भनेपछि दुनियाँ तेस्रो, चौथो चरणमा प्रवेश गरिसकेको छ । तर, नेपालले अझै दोस्रो चरणको आर्थिक सुधारको प्रक्रिया अघि बढाउन नसकिरहेको अवस्था छ ।

मुलुकमा आज पनि पचासौं वर्ष पुराना कानुनहरू क्रियाशील छन् । कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा भएको २० प्रतिशतभन्दा बढी नाफा लिन पाइँदैन भन्ने व्यवस्थालाई देखाएर व्यवसायीलाई तर्साउने गरिन्छ । अब कसैले इन्नोभेसन गरेर, अनुसन्धान गरेर कुनै प्रोडक्ट डेभलप (उत्पादन विकास) गरेको छ भने उसलाई तोकेको भन्दा बढी लिन पाउँदैन भन्न त मिल्दैन नि । जस्तै एप्पल फोन बनाउने खर्च एक सय डलर मात्र लाग्छ होला र उसले एक हजार डलरमा बेच्न सक्छ । तर, नेपालमा इन्नोभेसन गर्न कानुनले नै रोकेको छ । पुराना धेरै कानुनहरूलाई समयसापेक्ष बनाइएको (संशोधन भएको) छैन । नेपाला धेरै वर्षदेखि बस्तु आयात गर्ने र राजस्व प्राप्त गरी मुलुक चलाउने रणनीतिअनुसार नीतिनियम बनाइएकाले उद्योग क्षेत्रमा थप लगानी आउन सकिरहेको छैन । सरकारले पहलकदमी लिएर नीतिगत सहजीकरण गर्ने हो भने थप रोजगारी सिर्जनाको आधार मात्र बन्दैन राजस्वको दिगोपना पनि हुन्छ । यसो हुँदा अन्तर्राष्ट्रिय भूराजनीतिक कारणले आउने संकटबाट पनि बच्न सकिन्छ ।

सीएनआईले सरकारसँगको सहकार्यमा 'मेक इन नेपाल' स्वदेशी अभियान चलाइरहेको छ तर, प्रभावकारी देखिइरहेको छैन । सरकारले स्वामित्व (ओनरसिप) लिए पनि गर्नुपर्ने नीतिगत काम नगरेको मात्र होइन आवश्यक बजेट व्यवस्था र प्रचारप्रसारमा पनि खासै धेरै सहयोग गरेको छैन । यस्तो हुनुमा छिटोछिटो हुने राजनीति परिवर्तन पनि एउटा कारण हो । कुनै नीतिगत सुधार गर्न चाहयो भने पनि राजनीतिक अस्थिरता र असहयोग नीतिले कतिपय बेला सरकारलाई गाह्रो हुने अवस्था छ ।

### लगानी नबढ्नुको दोष र समाधानका उपाय

उद्योग क्षेत्रमा लगानी नबढ्नुको दोषी कसलाई मान्ने ? सरकार दोषी भन्दा पनि कुन (कसको) सरकार भन्ने ? हरेक ६ महिनामा सरकार परिवर्तन भइरहेको छ । त्यसैले सबैभन्दा ठुलो समस्या विद्यमान पुराना ऐन, कानुनहरू हुन् । पुराना कानुनहरूलाई संशोधन गरेर लगानीमैत्री बनाउन सकियो भने लगानी आफैं आउँछ । उद्योगी/व्यवसायीले जहाँ अवसर देख्छ, त्यहाँ लगानी गर्छ । पछिल्लो २/३ दशकको विकास हेर्ने हो भने शिक्षा, स्वास्थ्य, बैंकिङ, बिमालगायत क्षेत्रमा अवसर देखेपछि निजी क्षेत्रले लगानी गरेकै हो । अलिकति नीतिगत सहजता हुनेबित्तिकै सिमेन्ट उद्योगमा निजी क्षेत्रले पर्याप्त लगानी गरेर मुलुकलाई आत्मनिर्भर अवस्थामा पुऱ्याएको मात्र छैन निकासी गर्नसमेत सफल भएको छ । जलविद्युत् क्षेत्रमा पर्याप्त लगानी गरेर निजी क्षेत्रले सरकारले भन्दा बढी विद्युत् उत्पादन गरिसकेको छ । पाइपलाइनका जलविद्युत् आयोजनामा निजी क्षेत्रको अझ बढी लगानी छ । निजी क्षेत्रले आफूले गर्न सक्ने काम गरेकै छ । पुराना नीतिगत तथा कानुनी समस्या हटाएर सरकारले उद्योगीलाई अवसर (अपरचुनिटी) देखाइदिने हो भने निजी क्षेत्रले मजाले लगानी गर्छन् ।

उद्योग क्षेत्रमा देखिएका समस्या समाधान गर्न सीएनआईले पहल लिइरहेको छ । समस्याहरूको व्यापक अध्ययन गरी समाधान सूत्रसहितको एउटा खाका (रोडम्याप) सीएनआईले सरकारलाई बुझाएको छ । १९ वटा ऐन, नियममा संशोधन गर्न तीन महलेसहितको सुझाव सरकारलाई दिइएको छ । कुन ऐनको कुन दफा र कुन बुँदामा के संशोधन गर्ने, किन गर्ने र त्यसले पारेको असरसमेत केलाइएको छ । केही पुराना कानुनहरू खारेजे गर्नुपर्नेछ भने केही कानुन नयाँ ल्याउने पर्नेछ ।

गत वैशाखमा भएको लगानी सम्मेलनका दौरान केही कानुनहरू संशोधन गरिए । तर, त्यो पर्याप्त छैन र अझै धेरै कानुनहरू संशोधन र नयाँ बनाउनुपर्ने आवश्यकता छ । पछिल्लो समय सरकारसँग विभिन्न चरणमा छलफल भइराख्दा सरकार अलि बढी सक्रिय भएको आभाष मिलेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा विभिन्न ऐनहरू संशोधनका लागि छलफलहरू भइरहेका छन् र केही ऐनका मस्यौदा (ड्राफ्ट) तयार पनि भएको छ । केही नियमावलीहरूलाई अन्तिम रूप दिएर मन्त्रिपरिषद्मा पुगेको अवस्था छ । तर, प्रक्रिया (प्रोसेस) अलिकति लामो भएका कारण सतहमा परिणाम नदेखिएको चाहिँ हो । विदेशी लगानीकर्ताले उठाइरहेको बौद्धिक सम्पत्तिको अधिकार (इन्टेलेक्चुअल प्रोपर्टी राइट) सम्बन्धी ऐनको मस्यौदा तयार भएर प्रक्रिया अघि बढाइएको छ । त्यसबाहेक अरू केही कानुनहरू आवश्यक छ, त्यसमा पनि पर्याप्त छलफल गरी अघि बढ्न सकिन्छ ।

सरकार स्थिर रहँदा अघि बढेको प्रक्रियाले पूर्णता पाउने र लगानीमैत्री वातावरण बन्ने आधार तयार हुन्छ । राजनीतिक दल, सांसदहरु र प्रशासन संयन्त्रमा पनि विस्तारै कानुन र प्रक्रियाका कमी-कमजोरी महसुस (रियलाइजेसन) हुन थालेको बुझ्न सकिन्छ । अर्थतन्त्र ठीक भएन भने अरु सबै कुरा केही काम लाग्दैन भन्ने महसुस चौतर्फी भएका कारण उद्योग क्षेत्रमा देखिएका समस्या समाधानको प्रक्रिया अघि बढेको छ । निजी क्षेत्रले यो प्रक्रिया नबिथोलियोस् भन्ने कामना गरिरहेको छ ।

*(अग्रवाल नेपाल उद्योग परिसंघका अध्यक्ष हुन्)*


NBL
सर्व सुलभ
आवास
कर्जा
अब बन्छ सबैको सपनाको घर...
किनकि हामीसँग छ सर्वाधिक न्यून ब्याजदर...
आधार दरमा मात्र
०.४३%
थप प्रीमियमदरबाटै प्रारम्भ
24/7
कल सेन्टर: ०१-५९७१२२२
*शर्तहरु लागु हुनेछ ।
विशेषताहरू:
रू.२ करोड सम्मको कर्जा सुविधा
कुल लागतको १००% सम्म कर्जा
सेवा शुल्कमा ३३.३३% छुट
घर तथा अपार्टमेन्ट खरिद, घर निर्माण तथा मर्मतसम्भार गर्न
२५ वर्षसम्मको लचिलो कर्जा अवधि
सम्पूर्ण शाखाबाट कर्जा प्रवाह
थप जानकारीको लागि आजै आफ्नो नजिकको शाखा कार्यालयमा वा कल सेन्टरमा सम्पर्क गर्नुहोस् ।
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय: धर्मपथ, काठमाडौं
कल सेन्टर: ०१-५९७१२२२
टोल फ्री नं.: १६६००१३७३७३
नेपालको पहिलो बैंक
www.nepalbank.com.np

# मन्दीबाट बाहिर आउँदै छ निजी क्षेत्र

**विलासिताका वस्तु र आवश्यकताका वस्तुबीच एकै प्रकारको दर सामाजिक न्यायको दृष्टिकोणले पनि उचित देखिँदैन । यसमा फरक दर कायम गर्न आवश्यक छ ।**



कमलेश अग्रवाल

मुलुकको अर्थतन्त्र विगत चार वर्षदेखि भोलाटाइल अवस्थामा छ । कोभिड १९ को प्रभावबाट बाहिर आएजस्तो देखिए पनि अर्थतन्त्रमा परेको गहिरो असर अहिलेसम्म कायमै छ ।

गत आव ०८०/८१ को तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको मात्रै ४.८६ प्रतिशत छ । त्यस्तै, निर्माण क्षेत्रको ५.४१ प्रतिशत र थोक तथा खुद्रा व्यापारको १३.८४ प्रतिशत छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांक हेर्ने हो भने गत वर्ष कर्जा विस्तार ५.८ प्रतिशत मात्रै रहेको देखिन्छ । जुन हाम्रो आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न १५ प्रतिशत कर्जा विस्तार आवश्यक छ । जुन गत वर्ष आधाभन्दा कम रहेको देख्यौं । यसले प्रस्ट रूपमा निजी क्षेत्रमा कर्जाको माग नबढेको र लगानीका लागि व्यवसायीहरु उत्साही नभएको देखाउँछ ।

पछिल्लो तथ्यांकअनुसार राज्यसँग विदेशी मुद्राको सञ्चिति अहिलेसम्मकै उच्च २० खर्ब ४१ अर्ब छ । यसले १३ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्छ । जुन हाम्रा लागि ठुलो कुरा हो ।

माथि उल्लेख गरिएका तथ्यांकले अहिले राज्य र राज्यका संयन्त्रहरु चुस्त-दुरुस्त अवस्थामा रहेको देखाउँछ । अहिले बैंक तथा वित्तीय संस्थहरूसँग पनि लगानीयोग्य रकम पनि पर्याप्त छ ।

### वर्तमान अवस्था

पहिले राज्यलाई कोभिडले थिच्यो । लगत्तै व्यवसायीहरु एक-दुई वर्षसम्म त्यसबाट बाहिर आउने समय लाग्यो । विगतमा बैंकहरूको ब्याजदर पनि उच्च रहेकाले व्यवसायीहरूले कर्जा लिन चाहेनन् ।

घरजग्गा कारोबार पनि शिथिल छ । यसलाई भूमि व्यववस्थापन तथा अभिलेख विभागको तथ्यांबाट पनि हेर्न सकिन्छ । सेयरबजारको कारोबार पनि अहिले तीन वर्षयताकै उच्च विन्दुमा भइरहेको छ ।

आव ०८०/८१ मा सरकारले साढे ११ प्रतिशत कर्जा विस्तारको लक्ष्य लिएको थियो । करिब आधामा मात्रै सीमित भयो । चालु आवमा साढे १२ प्रतिशतको कर्जा विस्तारको लक्ष्य लिएको छ । साढे १२ प्रतिशतको कर्जा विस्तार भएमा ६ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण छ ।

### समस्या र चुनौती

घरेलु तथा साना व्यापार-व्यवसायहरु चल्ने भनेकै सहकारी र लघुवित्तबाट हुन् । साना तथा मझौला व्यवसायलाई प्रोत्साहन गर्ने सहकारी र लघुवित्तको अवधारण आएको थियो । तर, विगतमा जुन सहकारी र लघुवित्तबाट सर्वसाधारण पीडित भए । त्यसले मानिसमा लगानी गर्न, ऋण लिन तथा व्यवसाय चलाउन निरुत्साहन गरेको छ ।

साथै राज्यले पनि व्यवसायीमाथि दबाब दिँदै आएको छ । व्यवसायीमाथि करको दायित्व थुपार्ने काम मात्रै भयो । अन्तर शुल्क ऐनको स्वेच्छाधारी प्रयोग भयो । आयकर ऐन २०५८ अव्यवहारिक भयो ।

उद्योगीहरु किस्ता र ब्याज तिर्न नसकेर व्यवसायीहरु कालोसूचीमा परेका छन् । तीन दशकमा एक लाख २७ हजार ३१८ जना व्यवसायी कालोसूचीमा परेका छन् । गत वर्ष मात्रै ७५ हजार ९५७ व्यवसायी कालोसूचीमा परेका छन् । तीन दशकमा जति कालोसूचीमा परेका छन् । त्यसको ६० प्रतिशत त पछिल्लो दुई वर्षमा मात्रै परेका छन् ।

### समाधान

नीतिगत स्थायित्व र निजी क्षेत्रलाई नीतिगत संरक्षण दिनु राज्यको पहिलो प्राथमिकतामा हुनुपर्छ । सरकारले आर्थिक शिथिलताको अन्त्य गर्न निजी क्षेत्रलाई सँगै लैजानुपर्छ ।

वैदेशिक रोजगारबाट फर्किएका युवाको सीप स्वदेशमै परिचालन गर्ने कार्यक्रम सञ्चालन हुनुपर्‍यो । यसले विदेशबाट फर्किएका युवालाई

पुनः विदेश जानबाट रोक्छ । साथै स्वदेशमै रोजगारी सिर्जना गर्न भूमिका पनि निर्वाह गर्छ ।

निर्यात प्रवर्धन रणनीतिक योजना तर्जुमाका लागि पहल गर्ने र निर्यात प्रोत्साहन र आयातलाई व्यवस्थापन एवं आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि नीति तथा योजना बनाउन आवश्यक पहल गर्ने चेम्बरको योजना छ ।

बैंक तथा सहकारीमा रहेका धितो अर्थात् धरौटी सम्पत्तिको व्यवस्थापनका लागि 'एसिट म्यानेजमेन्ट कम्पनी' स्थापना गर्न आवश्यक छ ।

आव ०८१/८२ का लागि पारित आर्थिक ऐनमा भएको आयात हुने वस्तुमाल वस्तुको मूल्यांकनसम्बन्धी व्यवस्थाले मूल्यांकनको अधिकार सम्बन्धित कर्मचारीलाई प्रदान गरेको छ । यसमा संशोधन गर्नु आवश्यक छ । त्यसैले हामीले सरकारसँग लबिइङ गरिरहेका छौं । यसका साथै कारोबार मूल्यलाई आधार बनाई नीति प्रतिपादन गरिनुपर्छ ।

चालु आवको आर्थिक ऐनमा गरिएको व्यवस्थाले व्यक्तिको स्रोत प्रमाणित आधार नभएको अवस्थामा गरिने कर निर्धारणसम्बन्धी व्यवस्थाले व्यवसायीहरु निरूनिरूत्साहित हुने देखिन्छ । त्यसैले स्रोतसम्बन्धी समस्या समाधानका लागि अभिलेखीकरण हुन जरूरी छ ।

**घरेलु तथा साना व्यापार-व्यवसायहरू चल्ने भनेकै सहकारी र लघुवित्तबाट हुन् । साना तथा मझौला व्यवसायलाई प्रोत्साहन गर्न सहकारी र लघुवित्तको अवधारण आएको थियो । तर, विगतमा जुन सहकारी र लघुवित्तबाट सर्वसाधारण पीडित भए । त्यसले मानिसमा लगानी गर्न, ऋण लिन तथा व्यवसाय चलाउन निरुत्साहन गरेको छ ।**

### अबको कार्यदिशा

चालु आवको सुरूवातमै देशकै ठुला दल नेकपा एमाले र नेपाली कांग्रेसको सहकार्यले निजी क्षेत्र उत्साही भएको छ । दुई ठुला दलको सहकार्यले स्थिर सरकारको सुनिश्चित गरेको छ । जसले गर्दा लगानीको प्रोत्साहन भएको छ ।

साथै चालु आवको लचिलो मौद्रिक नीतिले पनि निजी क्षेत्रका अधिकांश समस्या सम्बोधन गरेको छ । जसले गर्दा आगामी दिनमा व्यापार क्षेत्रका अन्य समस्या पनि सम्बोधन गर्दै जाने विश्वास लिइएको छ ।

नीतिगत सहजताले मात्रै आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । यो विगतमा लिइएका कसिला नीतिले पनि पुष्टि गरिसकेको छ ।

नेपाल चेम्बर अफ कमर्सले तीन वर्षीय रणनीतिक कार्ययोजना गत जेठमै सार्वजनिक गरिसकेको छ । कालोबजारी ऐन २०३२ एवं अन्य पुराना र अव्यवहारिक कानुनहरूलाई खारेज गरी नयाँ कानुन निर्माणका लागि पहल गर्ने कार्ययोजना बनाएर अगाडि बढिरहेका छौं ।

औद्योगिक वातावरण एवं रोजगारी सिर्जना गर्न संस्थागत पहल गर्ने तयारी गरिरहेका छौं । श्रम बजारमा वार्षिक ५ लाख युवा प्रवेश गर्छन् । जुन हाम्रा लागि निकै अप्ठ्यारोको विषय हो । त्यसैले वार्षिक २० प्रतिशतका दरले थप रोजगारी सिर्जना गर्न सक्यौं भने, बाहिर जाने जनशक्तिलाई केही हदसम्म यहीं रोक्न सक्षम हुन्छौं ।

अहिले कुल गार्हस्थ उत्पादन (जीडीपी) लाई कम्तिमा ७२ खर्ब पुर्‍याउने गरी औसतमा वार्षिक ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्नुपर्ने आवश्यक छ । सरकारले लिएका लक्ष्य पूरा गर्न सबैभन्दा ठुलो भूमिका आन्तरिक उत्पादनको छ । आन्तरिक उत्पादनमा हामी आत्मनिर्भर भयौं भने निर्यात पनि बढाउँदै लैजानुपर्छ । यसमा समन्वयत्मक भूमिका निर्वाह गर्न हामी तयार छौं । काम पनि गरिरेहकै छौं ।

जीडीपीमा योगदान हेर्ने हो भने, थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान १४ प्रतिशत छ । थोक तथा खुद्रा व्यापार क्षेत्रको योगदान बढाउन सक्यौ भने, व्यावसायिक एवं रोजगारी अभिवृद्धिका बाटाहरु खुल्दै जान्छन् ।

प्रतिव्यक्ति आय करिब १५ सय अमेरिकी डलर पुग्ने अनुमान गरिरहेका छौं । तर कम्तिमा पनि दुई हजार डलर पुर्‍याउने लक्ष्य राखेर अगाडि बढ्नुपर्‍यो ।

हामी हरेक वर्ष बजेटको आकार मात्रै बढाउन अतुर देखिन्छौं । आकार बढाउन आयस्रोत पनि बढाउनुपर्ने हुन्छ । स्रोतको समस्या समाधानका लागि सम्पत्ति अभिलेखीकरणको नीतिगत व्यवस्था आवश्यक छ । त्यसमा जोड दिन सक्यौ भने, हाम्रो स्रोत र साधनको उचित सदुपयोग गर्न सकिन्छ ।

पूर्वाधारका योजनालाई पाइलट प्रोजेक्टका रूपमा विकास गरी विदेशी लगानीको आकर्षणका लागि पहल गर्नुपर्नेछ । हाम्रो पूर्वाधार तयार भएपछि देशभित्रका अनेकौं सम्भावनालाई पहिचान गर्न सहयोग पुग्छ । कृषि, पर्यटन, तथा सूचनाप्रविधि क्षेत्रमा स्वदेशीसँगै विदेशी लगानी भित्र्याउन सकिन्छ । जसका लागि हाम्रा पूर्वाधार तयार छैनन् । त्यसैले हामीले पूर्वाधार तयार गर्नुपर्नेछ ।

साथै वैदेशिक रोजगारबाट फर्किएका युवाको सीपलाई उत्पादन बढाउन सदुपयोग गर्नुपर्छ । युवाहरूको सीपलाई स्वदेशी उत्पादनमा लगाउन प्रवर्धन कार्यक्रम सञ्चालन गर्नुपर्छ । अहिले भित्रिरहेको रेमिट्यान्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न आवश्यक छ । जसका लागि नीतिगत कार्ययोजना बनाएरै अगाडि बढ्नुपर्नेछ ।

नेपाल विश्व व्यापार संगठनको सदस्य बनेयता निरन्तर व्यापारघाटा बेहोरिरहेको छ । हाल आयातको हिस्सा ९० र निर्यातको हिस्सा १० प्रतिशतको अनुपातमा छ । जुन हाम्रा लागि निकै चुनौतीको विषय हो । हामीले आयातलाई सक्दो घटाउनुपर्नेछ । निर्यातलाई बढाउन आवश्यक छ । त्यसैले चेम्बरले वार्षिक १० खर्ब रूपैयाँको निर्यात क्षमता पुर्‍याउने गरी निर्यात प्रवर्धन रणनीतिक योजना तर्जुमाका लागि पहल गर्ने योजना अगाडि सारेको छ । यसका लागि सातै प्रदेशमा निर्यात घर स्थापनासम्बन्धी अवधारणाको व्यवहारिक कार्यान्वयन गर्नुपर्नेछ । निर्यात सहजीकरणका लागि अन्तर्राष्ट्रियस्तरको क्वारेन्टिन ल्याब स्थापना गर्न पहल आवश्यक छ । निर्यात प्रोत्साहन र आयात व्यवस्थापन एवं आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने नीति तथा योजना बनाउन विगतदेखि नै पहल गर्दै आइरहेका छौं ।

हस्तकलाका सामग्री, खानीजन्य वस्तु बहुमूल्य रत्न पत्थर जडीबुटी आदि वस्तु उत्पादन र प्रशोधन एवं ब्रान्डिङ गरी निर्यात प्रवर्धन गर्दै लैजानुपर्छ । निर्यातजन्य वस्तुहरूको प्रवर्धनका लागि मूल्य अभिवृद्धिका आधारमा १५ प्रतिशतसम्म प्रोत्साहन रकम दिनुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन जरूरी छ । अहिले सरकारले ५ प्रतिशतसम्मको अनुदानको रकम भुक्तानी दिन सकेको छैन । यसरी हुँदैन । नेपालले नवप्रर्वधन एवं स्टार्टअप उद्यम नीतिलाई अघि सारेको छ । यसलाई विस्तारै बढाउँदै लैजानुपर्नेछ ।


त्यस्तै, कृषिजन्य निर्माण सामग्री आयात गर्दा भन्सार अन्तशुल्क छुट सबैभन्दा महत्त्वपूर्ण छ । यसमा हामीले छुटलाई निरन्तरता दिन सक्यौ भने, सबैभन्दा बढी सम्भावना रहेको कृषि क्षेत्रको उत्पादन बढाउन ठुलो भूमिका यसले खेल्छ ।

साथै भन्सारमा कारोबार मूल्यलाई मान्यता दिई सन्दर्भ मूल्यलाई खारेज गर्न आवश्यक छ । अहिले विलासिताका वस्तु र आवश्यकताका वस्तुबीच एकै प्रकारको दर सामाजिक न्यायको दृष्टिकोणले पनि उचित देखिँदैन । यसमा फरक दर कायम गर्न आवश्यक छ । मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागु गरी उपभोक्तालाई सुलभ मूल्यमा सामान उपलब्ध हुने वातावरण बनाउनुपर्नेछ ।

*(अग्रवाल नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष हुन्)*

# मोफसलका उद्योग व्यापारको अवस्था, सम्भावना र चुनौती

आयात निर्भर राजस्व प्रणालीका कारण आयात घटिरहँदा राजस्व पनि घटिरहेको छ । आयाततर्फ पनि विशेषगरी औद्योगिक कच्चापदार्थ र तयारी सामानको आयात घटेको छ । यसले उद्योगहरूलाई कमजोर बनाएको छ भने उपभोक्ताहरूको क्रयशक्ति घट्नाले व्यापारलाई प्रत्यक्ष असर पुऱ्याएको छ ।



अनुपम राठी

नेपालको कुल उद्योग र व्यापारको ७० प्रतिशत हिस्सा राजधानीबाहिर अर्थात् मोफसलमा छ । नेपालको अर्थतन्त्र अहिले जटिल अवस्थामा गुज्रिरहँदा मोफसलका उद्योग र व्यापारको अवस्था थप चुनौतीपूर्ण बनेको छ ।

सरकारीस्तरबाट सार्वजनिक हुने अर्थतन्त्रका विभिन्न सूचकहरु सकारात्मक देखिए पनि आन्तरिक अर्थतन्त्र कमजोर छ । चालु आर्थिक वर्षको पहिलो त्रैमासमा मुद्रास्फीति ४.८२ प्रतिशत छ । विप्रेषण आप्रवाह (रेमिट्यान्स) ११.५ प्रतिशतले बढेको छ । शोधानान्तर स्थिति करिब एक खर्ब ८५ अर्ब बचतमा छ । विदेशी विनिमय सञ्चितिले १४ महिनालाई आयात धान्न सक्ने अवस्था छ । ब्याजदर घटिरहेको छ । यस्ता सूचकले अहिलेको वातावरण लगानीका लागि उत्तम रहेको दर्शाउँछ । तर, लगानी भने बढ्न सकेको छैन । आर्थिक क्रियाकलापहरु संकुचित छन् । पहिलो त्रैमासमा आयात ४.२ प्रतिशत र निर्यात ६.१ प्रतिशतले घटेको छ । वित्तीय प्रणालीमा निक्षेप संकलनभन्दा कर्जा प्रवाह निकै सुस्त छ ।

आयात निर्भर राजस्व प्रणालीका कारण आयात घटिरहँदा राजस्व पनि घटिरहेको छ । आयाततर्फ पनि विशेषगरी औद्योगिक कच्चापदार्थ र तयारी सामानको आयात घटेको छ । यसले उद्योगहरूलाई कमजोर बनाएको छ भने उपभोक्ताहरूको क्रयशक्ति घट्नाले व्यापारलाई प्रत्यक्ष असर पुऱ्याएको छ । सर्वसाधारणदेखि उद्योगी व्यवसायीहरु कसैले पनि अर्थतन्त्र सहज मान्न र भन्न सकिरहेको अवस्था छैन अर्थात् गरिखाउँ भन्ने अवस्था छैन ।

अहिलेको मुलुकको आर्थिक स्थितिले मोफसलको उद्योग र व्यापारलाई थप चुनौतीपूर्ण बनाएको छ । यद्यपि सम्भावना पनि उत्तिकै छ । मुलुकमा उद्योगहरूको विकास, व्यापारिक गतिविधि र समग्र आर्थिक वृद्धिमा मोफसलको भूमिका महत्त्वपूर्ण छ । ब्याजदर घट्दैमा, सञ्चिति बढ्दैमा अफ भनौँ सरकारी ढुकुटीमा पैसा थुप्रिएर देश विकास हुँदैन । नेपालजस्तो विकासोन्मुख मुलुकले केही वर्ष कम्तिमा ७-८ प्रतिशतको आर्थिक वृद्धि गर्ने गरी योजनाहरु कार्यान्वयन गर्नुपर्छ ।

### मोफसलका उद्योग र व्यापारमा सम्भावना

मोफसलका उद्योग र व्यापारलाई चलायमान बनाउने आधारहरु पर्याप्त छन् । छिमेकी मुलुक भारतसँग १८ सय किलोमिटरको सीमा छ । भारतको बिहार, बंगाल, उत्तर प्रदेश (यूपी) जस्ता अधिक जनसंख्या भएको सिमाना छ । भारतको ४० प्रतिशत अर्थात् ६० करोड जनसंख्या यही क्षेत्रमा बसोबास गर्छन् । भारतको विशाल जनसंख्या र नेपालको सीमावर्ती क्षेत्रलाई केन्द्रित गरेर आर्थिक गतिविधि सञ्चालन गर्न सकिन्छ । दुई सय किलोमिटर सीमा क्षेत्रमा बसोबास गर्ने २५-३० करोड भारतीय जनसंख्याको एक प्रतिशतलाई मात्र नेपालका सेवाहरूमा आकर्षित गर्न सकियो भने नेपालका उद्योग र व्यापारलाई ठुलो लाभ पुग्न सक्छ । भारत नेपालको ठुलो ग्राहक बन्न सम्भव छ । नेपालको आयात तथा निर्यात भारतीय बाटो भएर हुन्छ । तर, राजधानी बाहिरबाट कसरी भित्र्याउने, के-कस्ता सेवा दिने भन्नेमा भने स्पष्ट हुनुपर्छ ।

### स्वास्थ्य र शिक्षा क्षेत्रका सम्भावना

सीमा क्षेत्रका भारतीय नागरिकका लागि गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवा प्रदान गर्न नेपालले ठुलो अवसर पाएको छ । नेपाल आँखा उपचारका लागि भारतका नागरिकबीच लोकप्रिय छ । सीमा क्षेत्रमा थप मेडिकल कलेज र गुणस्तरीय अस्पताल स्थापना भए नेपालले ठुलो संख्यामा भारतीयलाई आकर्षित गर्न सक्छ किनभने सीमावर्ती क्षेत्रमा भारततर्फ पनि स्वास्थ्य र शिक्षाको अवस्था नाजुक छ अर्थात् अरु राज्यको तुलनामा निकै कम विकास भएको छ ।

### पर्यटन सम्भाव्यता

भारतका नागरिकलाई केन्द्रित गर्दा पनि मोफसलको पर्यटनमा निकै वृद्धि हुन्छ । लुम्बिनी, पोखरा, चितवन, भैरहवा, सिद्धार्थनगर, गोरखाजस्ता बौद्धस्थल र विभिन्न हिन्दु धार्मिकस्थलहरु भारतका धार्मिक पर्यटकहरुमाझ स्थापित छन् । नेपालमा हिमाल, पहाड र तराईका विभिन्न किसिमका प्राकृतिक सौन्दर्यलाई पनि पर्यटनका रुपमा विकास गर्न सकिन्छ । अझै पनि नेपालसँग थुप्रै नयाँ (भर्जिन) पर्यटकीयस्थलहरुको प्रवर्धन गर्ने अवसर छ । नेपालको सीमा क्षेत्रबाट १/२ सय किलोमिटरसम्म पनि भारततर्फ पहाडी भूभाग छैन, यस्तो अवस्थामा सीमावर्ती भारतीयलाई मात्रै केन्द्रित गरेर पर्यटन सम्भाव्यता खोजी गर्न सकिन्छ । यसले समग्र पर्यटन उद्योगका साथै आन्तरिक अर्थतन्त्रमा पनि निकै ठुलो भूमिका खेल्छ । तर, त्यसका लागि आवश्यक पूर्वाधार निर्माण र ठोस रणनीति भने आवश्यक पर्छ ।

### सीमा क्षेत्रको उत्पादन र बजार

सीमा क्षेत्रमा उत्पादित वस्तुहरुको भारतीय बजारमा प्रवाह सम्भावना यथेष्ट छ । नेपालले भारतसँग प्रतिस्पर्धा गर्न कठिन भए पनि विशिष्ट उत्पादनहरुलाई लक्ष्य गरेर रणनीतिक बजार विस्तार गर्न सकिन्छ । नेपाल कृषिप्रधान देश भएको हुँदा कृषिमा आधारित उद्योगहरुको सम्भाव्यता उत्तिकै छ । कृषिमा आधारित उत्पादन र प्रशोधन उद्योगहरुको विकासको ठुलो सम्भावना छ ।

हस्तशिल्प र स्थानीय उत्पादन विश्व बजारमा रुचाइएको पाइन्छ । दूरदराजका स्थानीय उत्पादनलाई व्यापार तथा पर्यटनसँग जोडेर अघि बढाउन सकिन्छ । साथै 'एक स्थानीय तह, एक उत्पादन' अभियानलाई व्यावसायिक रुपमा कार्यान्वयन गरेर स्थानीय उत्पादनलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा पुर्‍याउन सकिन्छ । साथै सूचना प्रविधि क्षेत्रको पनि मोफसलमा ठुलो सम्भावना छ । यसरी नेपालको अर्थतन्त्रलाई सहजै नेतृत्व गर्न सक्ने कृषि, स्वास्थ्य, शिक्षा, पर्यटनलगायत क्षेत्रमा आधुनिकीकरणका साथै औद्योगिकीकरण गर्ने हो भने देशको अर्थतन्त्र जरादेखि नै दीर्घकालीन रुपमा बलियो बनाउन सकिन्छ । मोफसलमा उद्योग र व्यापारको जति धेरै सम्भावना छ त्यति नै चुनौतीहरु पनि छन् ।

### मोफसलका चुनौतीहरु

नेपालको मोफसल क्षेत्रमा उद्योग र व्यापार विकासका लागि व्यवसायमैत्री कानुन र आधारभूत पूर्वाधार तयार नहुनु मुख्य समस्या हुन् । मोफसलमा सरकारले पूर्वाधार निर्माणलाई चासो नदिने प्रवृत्ति छ भने निजी क्षेत्रले लगानी गर्न खोज्दा कानुनी बाधाहरु तेर्स्याउन्छ ।

### कानुनी अस्पष्टता

नेपालमा भएका अधिकांश कानुन अस्पष्ट अर्थात् समयसापेक्ष छैनन् । समयमै कानुनहरुमा आवश्यक संशोधन र परिमार्जन गर्न नसक्दा र कतिपय क्षेत्रमा कानुन नै नबनाइँदा लगानीकर्ताहरुमा अनिश्चितता छाएको छ । उदाहरणका लागि तारे होटेल र सामान्य पसलमा बराबर बिक्री मूल्य हुनुपर्ने, विदेशी लगानीको न्यूनतम सीमाजस्ता विभिन्न कारणले लगानी बढ्न सकेको छैन । साथै कानुन समयसापेक्ष बनाउन राजनीतिक पहुँच हुनैपर्नेजस्ता समस्याले मोफसलमा लगानी विस्तार हुन कठिन भइरहेको छ ।

### प्रशासनिक झन्झट

नेपालमा लगानीका लागि लगानीकर्ता तयार भएर मात्रै नहुने स्थिति छ । कानुनी प्रक्रियाहरु धेरै नै झन्झटिला र कर्मचारीअनुसार व्याख्या गर्न सकिने खालका छन् । उद्योग तथा व्यावसाय दर्ताका लागि लामो, जटिल प्रक्रिया छ । स्थानीय सरकार भएर पनि कतिपय कागजात बनाउन ठुलो खर्च र लामो समय खर्चेर राजधानीमै जानुपर्ने बाध्यता छ । बाह्य लगानी भित्र्याउन अझ अतिरिक्त कागजातको सूची र नियामक निकाय तथा राजनीतिक व्यक्तिहरुको हस्तक्षेपका कारण थप पेचिलो बन्ने गरेको छ ।

नेपालले भारतसँग प्रतिस्पर्धा गर्न कठिन भए पनि विशिष्ट उत्पादनहरूलाई लक्ष्य गरेर रणनीतिक बजार विस्तार गर्न सकिन्छ । नेपाल कृषिप्रधान देश भएको हुँदा कृषिमा आधारित उद्योगहरूको सम्भाव्यता उत्तिकै छ ।



## निवेशको वातावरण

नेपालको राजनीतिक अस्थिरता र पूर्वाधार निर्माणको अपर्याप्तताले लगानी वातावरणलाई नकरात्मक प्रभाव पारेको छ । पूर्वाधारको कमीका कारण मुख्य सहरभन्दा बाहिर उद्योग व्यापारको सम्भावना संकुचित छ । लागत बढ्दा आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न र बजार पाउन नसक्ने अवस्था छ ।

## मोफसलको उद्योग व्यापारसँगै समस्यामा समग्र अर्थतन्त्र

कोभिडपछि नेपालको अर्थतन्त्र समस्याग्रस्त छ । उद्योग व्यावसाय धराशयी भएको छ । औद्योगिक प्रतिष्ठानहरु क्षमताको आधाभन्दा कम चलेका छन् । आन्तरिक उत्पादन घटेको छ भने युवाशक्ति पलायन बढिरहेको छ । उभोक्ताको संख्या र गुणस्तरीय उपभोक्तामा कमी आएको छ । भएका उपभोक्ताको आम्दानी र क्रयशक्ति घटेको छ । सरकारले राजस्व उठाउन सकेको छैन । सरकारको राजस्व नउठ्दा वर्षौंदेखिको निजी क्षेत्रको भुक्तानी रोकिएको छ । विकास खर्च उस्तै सुस्त गतिमा छ । एक त्रैमास सकिँदा १० प्रतिशत विकास खर्च पनि मुस्किल भएको छ । एक त्रैमासमा कम्तिमा २० प्रतिशत खर्च हुन आवश्यक छ । सरकारले विकास खर्च गर्न नसक्दा अर्थतन्त्रको एउटा चेन जाममा फसेको छ । विकास खर्च नहुँदाको असर राजधानीबाहिरको पूर्वाधार निर्माणमा परेको छ ।

सरकारले उद्योग तथा व्यापारका लागि अनुकूल वातावरण बनाउन लगानी कानुनका बाधाहरु फुकाएर निजी क्षेत्रलाई लगानीको मौका दिनुपर्छ । सरकारले निजी क्षेत्रले विश्वास जित्नुपर्छ । सरकार उद्योग चलाउने र व्यापार गर्ने संस्था होइन । जनतालाई राहत दिने क्षेत्रमा काम गर्ने हो । लगानी वातावरण बनाइदिने हो भने लगानी गर्न निजी क्षेत्र तयार छ । भूकम्पपछिका केही वर्ष विकास खर्च बढ्दा र जलविद्युत्का ठुला योजना निर्माण प्रक्रिया सुरू हुनेबित्तिकै निर्माण क्षेत्र (सिमेन्ट, स्टिल आदि) मा ठुला उद्योगहरु खुले र अहिले सञ्चालनमा छन् । तर, अहिले निर्माण कार्य संकुचित हुँदा ती उद्योगहरु घाटामा छन् । यस्तो अवस्थामा निजी क्षेत्रले सरकारप्रति कसरी विश्वास गर्ने र नयाँ उद्योग खोल्ने ?

सरकारले आफैंले लगानी गर्नुपर्ने शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि निजी क्षेत्रले लगानी गरेको छ । सरकारी र निजी क्षेत्रको सेवा प्रवाहको स्तर धेरै फरक छ । सरकारले सबैखाले जनतालाई सन्तुष्ट बनाउने गरी सेवा दिन सक्दैन भने निजी क्षेत्रको उपस्थिति हुने गरी नीति आउनुपर्छ ।

७० प्रतिशत आयातमा निर्भर मुलुकमा आयातलाई प्रभावित पार्न सक्ने खुला सिमाना छ । सरकारले हरेक नीति बनाउँदा खुला सीमालाई केन्द्रमा राख्नुपर्ने हुन्छ तर, सधैं बेवास्ता गरेको देखिन्छ । सरकारका अधिकांश नीति खुला सीमाबाट हुने चोरी-पैठारीलाई प्रोत्साहित गर्ने खालका छन् । कोभिडको समयमा सरकारले कतिपय वस्तुहरूको आयात बन्द गऱ्यो तर नेपाली बजारमा कहिल्यै प्रतिबन्ध लगाइएका सामान अभाव भएन ।

नेपाल सरकारले बनाउने नीतिका कारण मात्रै नभई भारत सरकारले बनाउने नीतिका कारण पनि चोरी पैठारी हुन्छ । तसर्थ छिमेकी राष्ट्रले नीति परिवर्तन गर्दा नेपालले पनि सँगसँगै नीति परिवर्तन गर्नुपर्ने हुन्छ । जस्तो विगतमा भारतले चिनी, गहुँ, चालममा कोटा छुट्याएर निर्यात बन्द गऱ्यो तर, नेपाली बजारमा ती वस्तु अभाव भएन । यस्तो अवस्थामा आफ्ना नीतिनियम छिटो परिवर्तन गर्न सक्ने क्षमता सरकारले राख्नुपर्छ । नीति परिवर्तन गर्न बजेट कुर्ने परिस्थिति रहनु हुँदैन । यस्तो हुँदा एक वर्षसम्म चोरी पैठारीमै बजार बानी परिसक्छ । यसले मोफसलका उद्योगी व्यापारीले आफ्नो लक्ष्य, उद्देश्यअनुरूप काम गर्न नपाउने मात्रै हैन सरकारको राजस्वमा पनि कमी आउँछ । अहिले धेरै क्षेत्रमा यस्तै अवस्था सिर्जना भएको छ ।

चालु बजेटले खाद्यान्नमा अग्रिम आयकर लगाएपछि चोरी पैठारीमा वृद्धि भएको छ । भारतले चिनीको निर्यात बन्द गर्दा नेपालमा अभाव महसुस भएन तर महँगो मूल्यमा सहजै उपलब्ध थियो । त्यस्तै, नेपाल सरकारले केराउ, सुपारीजस्ता वस्तु आयात बन्द गरेको छ तर, नेपाली बजारमा उपलब्ध छन् । यस्ता गतिविधिले राजस्व संकलन प्रभावित भइरहेको छ ।

सरकारका अव्यवहारिक नीतिहरूले उद्योग र व्यापारलाई अनुकूलता दिनुको सट्टा अवैध गतिविधिलाई प्रोत्साहन गरिरहेको छ । अवैध गतिविधिका कारण उद्योगी व्यापारीले सहज रूपमा आफ्नो काम गर्न पाउँदैनन् । त्यसको असर सरकारी राजस्वमा कमी आउनुका साथै अवैधानिक कारोबार मौलाउँछ । अवैध व्यापार दिनानुदिन बढ्दै गइरहेको छ । यस्तो अवस्थामा सरकारले संवेदनशील र सचेत भएर निर्णय लिनुपर्ने हुन्छ । जसबाट स्वदेशी उत्पादन तथा उद्योगको संरक्षण हुने मात्र होइन अवैधानिक व्यवसाय पनि बन्द होस् ।

अहिले दुई ठुला पार्टी मिलेर सरकार बनेको छ । यस्तो अवस्थामा समस्याबाट अर्थतन्त्रलाई बाहिर ल्याउन सरकारले ठोस निर्णय लिन सक्नुपर्छ । सीमा क्षेत्रको तस्करी नियन्त्रण, समयसापेक्ष नीतिगत सुधार, विकास खर्चको वृद्धि, निजी क्षेत्रको प्रोत्साहन र पर्यटन तथा सेवा क्षेत्रमा लगानीमार्फत मात्र मोफसलको उद्योग व्यवसाय चलायमान बन्न सक्छ ।

तसर्थ, मोफसल र केन्द्रको उद्योग र व्यापार एक-अर्काका परिपूरक हुन् । मोफसलको उद्योग व्यापार नेपालको आर्थिक विकासको मेरूदण्ड हो । सरकारले मोफसललाई प्राथमिकतामा राख्दै वर्तमान चुनौतीहरु सामना गर्ने दीर्घकालीन रणनीतिका साथ नेपालको आर्थिक पुनरूत्थानमा अघि बढ्न सक्छ । अन्यथा सुस्त अर्थतन्त्र अझै गहिरो समस्यामा फस्ने खतरा छ ।

*(राठी मोरङ उद्योग व्यापार संघका अध्यक्ष हुन्)*

**सरकारले आफैंले लगानी गर्नुपर्ने शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि निजी क्षेत्रले लगानी गरेको छ । सरकारी र निजी क्षेत्रको सेवा प्रवाहको स्तर धेरै फरक छ । सरकारले सबैखाले जनतालाई सन्तुष्ट बनाउने गरी सेवा दिन सक्दैन भने निजी क्षेत्रको उपस्थिति हुने गरी नीति आउनुपर्छ ।**




हाम्रो बचतको
सम्मान र
सही लगानी
बचत देखि लगानीसम्मको यात्रा
हेर्नका लागि Scan गर्नुहोस्
लक्ष्यमा सँग-सँगै
01-5970684, 4217070
www.laxmisunrise.com
Connect with us
Laxmi Sunrise

# औद्योगिक क्षेत्रको विकासका अप्ठ्यारा र समृद्धिको बाटो

सरकारसँग स्रोतको सीमितता रहेकाले निजी क्षेत्रका लगानीकर्ताहरूलाई औद्योगिक पूर्वाधारहरू निर्माण गर्न आह्वान गरिरहेको अवस्था छ । सरकारले औद्योगिक पूर्वाधारका रूपमा रहेका जमिन, बाटो, विद्युत्, पानीलगायत विषयमा आएका गुनासा सम्बोधन गर्ने पहल गरिरहेको छ । सहुलियत र अनुदानका समस्या त कार्यविधि आएसँगै टुंगिन्छ ।



दामोदर भण्डारी

नेपालमा औद्योगिक क्षेत्रको वृद्धि निकै सुस्त छ । औद्योगिक क्षेत्रले गति लिन चाहिने वातावरण बन्न नसकेको भनेर धेरै तिरबाट चासो र चिन्ता जाहेर पनि भइरहेको छ । तर, अघि बढिरहेको छैन । आर्थिक समृद्धिका लागि औद्योगिक विकास अपरिहार्य छ । उद्योगमैत्री वातावरण बनाउन सरकारकै (विशेषतः उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको) मुख्य भूमिका हुन्छ भने अन्य निकायहरू र आमसर्वसाधारणको पनि त्यतिकै भूमिका रहन्छ । त्यसका लागि उद्योग क्षेत्रमा रहेका विभिन्न समस्या, चुनौती र अवसरहरूलाई पहिचान गर्न आवश्यक छ । समस्याहरूको पहिचान र समाधानका उपायहरू सुझिसकेपछि यस क्षेत्रलाई अगाडि बढाउन सकिन्छ । उद्योग मन्त्रालय औद्योगिक क्षेत्रको विकास, समृद्धि र उपयुक्त वातावरण बनाउने प्रयासमा लागिरहेको छ ।

बिग्रिएको औद्योगिक वातावरण सुधार्नैका लागि दुई ठुला दल मिलेर वर्तमान सरकार गठन भएको हो । नयाँ सरकार बनेपछिको पहिलो सय दिनमा मन्त्रालयको अग्रसरता र समन्वयमा आपूर्ति व्यवस्थापनलाई सहज बनाउन, उपभोक्ता हित संरक्षण, औद्योगिक पूर्वाधार निर्माण, वैदेशिक लगानी तथा व्यापार सहजीकरण र उद्यमशीलता प्रवर्धनको क्षेत्रमा प्रगति हासिल गर्ने आधार तयार भएको छ ।

## औद्योगिक क्षेत्रका समस्याहरू

आर्थिक संकुचनको प्रभाव सबैभन्दा बढी औद्योगिक क्षेत्रमा परेको छ । त्यसको मार अहिलेसम्म पनि कायम छ । आन्तरिक उत्पादनदेखि र आयातित वस्तुसम्म र दैनिक उपभोग गर्ने खाद्यान्नसम्म आर्थिक संकुचनको प्रभाव देखिएको छ । मूल्यवृद्धिको चापदेखि औद्योगिक पूर्वाधारको विकास र स्रोत अभाव समस्याका कारण व्यावसायिक वा उद्योगमैत्री वातावरण बन्न सकिरहेको छैन । लामो समयदेखि रूग्ण तथा आंशिक सञ्चालनमा रहेका उद्योगहरूलाई निजीकरण गर्न सकिएको छैन भने पुनः सञ्चालनमा ल्याउन पनि सकिएको छैन । पछिल्लो समय रूग्ण उद्योगहरूलाई सञ्चालन गर्ने प्रक्रियामा थुप्रै भ्रम छर्ने काम बाहिरी रूपमा भइरहेको छ । जसले गर्दा मानिसहरूमा नराम्रो सन्देश प्रवाह भइरहेको छ । गत भदौमा हेटौंडा कपडा उद्योगको स्थलगत अनुगमन गरेको थियौं । सरकारको नीति तथा कार्यक्रममै उद्योगहरूलाई सञ्चालन गर्ने प्रतिबद्धता जाहेर गरिएको छ र सरकार लागि पनि रहेकै छ । सरकारी संस्थानहरू सरकारी संस्थानहरू आफैंले चलाउने कि निजीकरण गर्ने भनेर लामो समयदेखि बहस भइरहे पनि टुंगो लागिरहेको छैन ।

अर्कोतिर सरकारले विभिन्न समयमा घोषणा गरेका कतिपय सहुलियत अनुदानहरू स्रोत अभाववका कारण दिन सकिरहेको छैन । सरकारले बजेटमार्फत तोकिएका स्वदेशी उत्पादनहरू वार्षिक ५० करोड रूपैयाँभन्दा बढीको निर्यात गर्नेलाई ८ प्रतिशतसम्म नगद अनुदान दिने कार्यक्रम अघि सार्‍यो । तर, कार्यान्वयन पक्षमा सरकार चुक्यो । निर्यातमा नगद अनुदान दिने कार्यविधिहरूका विभिन्न जटिलताले अनुदान रोकिएको स्थितिका कारण सरकारी घोषणाहरूको औचित्यमाथि प्रश्न उठ्न थालेको छ ।

सरकारले आर्थिक वर्ष ०६९/७० देखि नेपाली उत्पादनलाई प्रोत्साहन गर्न नगद अनुदान दिन सुरू गरेकामा ०८०/८१ सम्म ७ अर्ब ७९ करोड ८७ लाख रूपैयाँ स्वदेशी उत्पादन निर्यातकर्ताहरूलाई भुक्तानी दिइसकेको पनि छ । बाँकी भुक्तानी दिन अग्रसर भइरहेकै छ । सबैले पाउन नसकेको स्थिति अन्त्य गर्न सरकार लागिरहेको छ । समयमा भुक्तानी नहुँदा उद्योगीहरूको विश्वास जित्न सरकारलाई गाह्रो हुने र व्यावसायिक वातावरणमा पनि असर पर्ने सम्भावना

रहन्छ । सरकारले गर्ने काम ढिलाइ हुँदा कतिपय व्यावसायिक क्षेत्रले अविश्वासका रूपमा लिने गर्छन् ।

सरकारले उच्च मूल्य अभिवृद्धि हुने वस्तु तयारी पोसाक गलैँचा, पस्मिना, छाला जुत्ता, चप्पल, कफी, फेल्ट, हातेकागज, अलैँची, अदुवा, चिया, जडीबुटीलगायत र उच्च मूल्य कम आयतन भएका वस्तु उत्पादन र निर्यात प्रवर्धनका लागि अनुदान दिँदै आइरहेको छ । निर्यात अनुदान दिनुपर्ने वस्तुहरूभित्र अरु उत्पादन पनि थप्नुपर्ने माग आइरहेको छ । सरकार थप परिवेश अध्ययन गरेर कार्यविधि बनाउन लागिरहेको छ ।

## निर्यात अनुदान र कार्यविधिका समस्या

निर्यातकर्ताहरूलाई अनुदान दिने एउटा व्यवस्थित प्रक्रिया छ । त्यसका लागि भन्सार विन्दुबाट निर्यात भइसकेको प्रमाणसहित उद्योग विभागमा निवेदन दिनुपर्छ । विभागले प्राप्त निवेदनका आधारमा वास्तविकता अध्ययन गरी निर्यात प्रमाणित गरेर तोकिएको बैंकलाई पत्राचार गर्छ । बैंकले पनि नेपाल राष्ट्र बैंकबाट शोधभर्ना माग्छ । त्यसपछि निर्यातकर्तालाई बैंकले अनुदानको रकम उपलब्ध गराउँछ । यो प्रक्रिया सामान्यजस्तो देखिए पनि निर्यातकर्ताका लागि विभिन्न कागजी झन्झट हुँदै आएको छ । विगतमा कृषि अनुदान लिन निकै झन्झटिलो प्रक्रिया रहेको भन्दै कृषकहरूले गुनासो गरेका थिए ।

यसअघि घोषित ८ प्रतिशत नगद अनुदानलाई घटाएर ५ प्रतिशतमै सीमित गर्ने तयारी भइरहेको छ । सरोकारवालाहरूसँग छलफलमा पनि अधिकतम ५ प्रतिशतसम्म अनुदान दिन सकिने निष्कर्ष निस्केको छ । यसअघि स्पष्ट नभएका विषयहरूलाई स्पष्टता दिँदै कार्यविधि संशोधन प्रक्रियामा छ । अब छिटै मन्त्रिपरिषद्ले पारित गरेपछि सतहमा देखिएका अनुदानसम्बन्धी धेरै समस्या स्वतः समाधान भएर जान्छन् ।

**सरकारले आर्थिक वर्ष ०६९/७० देखि नेपाली उत्पादनलाई प्रोत्साहन गर्न नगद अनुदान दिन सुरु गरेकामा ०८०/८१ सम्म ७ अर्ब ७९ करोड ८७ लाख रुपैयाँ स्वदेशी उत्पादन निर्यातकर्ताहरूलाई भुक्तानी दिइसकेको पनि छ । बाँकी भुक्तानी दिन अग्रसर भइरहेकै छ ।**

## समाधान

आर्थिक संकुचनमा परेको औद्योगिक क्षेत्रलाई सहज वातावरण प्रवेश गराउनु अहिलेको सबैभन्दा ठुलो चुनौती हो । सबै संकटबाट बाहिर निस्किन सबैभन्दा पहिला उद्योग क्षेत्रको मनोबल बढाउन आवश्यक छ । उद्योगीहरूको मनोबल बढेपछि मात्रै औद्योगिक क्षेत्रको विकास हुन सक्छ । त्यसैले सरकारले उद्योग क्षेत्रको मनोबल बढाउने गरी काम गरिरहेको छ । औद्योगिक मनोबल कायम राख्न सरकारले एउटा योजनाअगाडि बढाउँदै छ । सरकारसँग स्रोतको सीमितता रहेकाले निजी क्षेत्रका लगानीकर्ताहरूलाई औद्योगिक पूर्वाधारहरु निर्माण गर्न आह्वान गरिरहेको अवस्था छ । सरकारले औद्योगिक पूर्वाधारका रूपमा रहेका जमिन, बाटो, विद्युत्, पानीलगायत विषयमा आएका गुनासा सम्बोधन गर्ने पहल गरिरहेको छ । सहुलियत र अनुदानका समस्या त कार्यविधि आएसँगै टुंगिन्छ ।

अर्कोतिर सरकारले सार्वजनिक संस्थानहरु सञ्चालनको प्रारूप (मोडालिटी) का विषय छलफल गरिरहेको छ । त्यस्तै, रूग्ण उद्योगहरूको अवस्था अध्ययन गरिरेको छ ।



हालसम्म निकासा गरिएको अनुदान रकम

| क्र.सं. | आर्थिक वर्ष | अनुदान रकम (करोडमा) |
|---|---|---|
| १ | २०६९/७० | [illegible] |
| २ | २०७०/७१ | [illegible] |
| ३ | २०७१/७२ | [illegible] |
| ४ | २०७२/७३ | [illegible] |
| ५ | २०७३/७४ | [illegible] |
| ६ | २०७४/७५ | [illegible] |
| ७ | २०७५/७६ | [illegible] |
| ८ | २०७६/७७ | [illegible] |
| ९ | २०७७/७८ | [illegible] |
| १० | २०७८/७९ | [illegible] |
| ११ | २०७९/८० | १००.०० |
| १२ | २०८०/८१ | [illegible] |
| | जम्मा | [illegible] |



**कुनै पनि काम अघि बढाउनुअघि विनाजानकारी घोषणा गरेर मात्रै समाधान निकाल्न सकिँदैन । कुनै पनि उद्योग व्यवसायको वास्तविक धरातल, योगदान र आगामी दिनमा प्रदर्शन गर्न सक्ने परिणामजस्ता विषयलाई हेरेर मात्र अघि बढ्ने मनस्थितिमा सरकार छ ।**



विगतका अध्ययन प्रतिवेदन र अहिले प्राप्त सुझावका आधारमा सार्वजनिक संस्था र रूग्ण उद्योग सञ्चालनका लागि एउटा विधि बनाएर आगामी दिनमा कुनै किसिमको समस्या नआउने गरी अघि बढ्ने बाटोमा सरकार लागिरहेको छ ।

कुनै पनि काम अघि बढाउनुअघि विनाजानकारी घोषणा गरेर मात्रै समाधान निकाल्न सकिँदैन । कुनै पनि उद्योग व्यवसायको वास्तविक धरातल, योगदान र आगामी दिनमा प्रदर्शन गर्न सक्ने परिणामजस्ता विषयलाई हेरेर मात्र अघि बढ्ने मनस्थितिमा सरकार छ । त्यसैले उच्चस्तरीय अध्ययन समिति बनाएर देशभरका रूग्ण उद्योगहरूको अवस्था बुझेर सञ्चालन मोडालिटी तयार हुन्छ । उद्योग मन्त्रालय मातहत सञ्चालनमा रहेकामध्ये बन्द तथा आंशिक सञ्चालित ९ वटा रूग्ण उद्योगको अद्यावधिक विवरण अर्थ मन्त्रालय (संस्थान समन्वय महाशाखा) मा पठाइएको छ । रूग्ण उद्योग पुनः सञ्चालन गर्न सकियो भने राज्यको दायित्व कम हुनुका साथै रोजगारी सिर्जनामा सहयोग मिल्छ । यसबाट आन्तरिक उत्पादन बढ्न गई मुलुक आत्मनिर्भर हुने बाटोमा अग्रसर हुन्छ ।

### अबको कार्यदिशा

सबैभन्दा पहिला आन्तरिक तथा बाह्य लगानीकर्ताहरूलाई लगानीयोग्य वातावरण भन्ने महसुस गराउन सरकार क्रियाशील छ । त्यसैले सरकारको पहिलो प्राथमिकता नीतिगत सुधारमा केन्द्रित छ । उद्योग मन्त्रालयले अन्तरमन्त्रालय समन्वय गरी निजी क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने ऐन परिमार्जनको माग अघि बढाएको छ । त्यस्तै, सबै प्रदेशमा औद्योगिक क्षेत्रको विकास गर्न औद्योगिक पूर्वाधार निर्माण सरकार केन्द्रित छ । यसले देशको सबैभन्दा ठुलो समस्याका रूपमा रहेको बेरोजगारी हटाउन र आन्तरिक उत्पादनमा वृद्धि गरी आयात निर्भर अर्थतन्त्रबाट बाहिर निकाल्न सहयोग गर्नेछ । औद्योगिक पूर्वाधार निर्माण भएर वस्तु उत्पादन सुरू भएसँगै उत्पादित वस्तुको बजारीकरणका क्षेत्रमा काम गर्नुपर्छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारीबाट सक्दो प्रतिफल निकालेर मुलुकमा व्यावसायिक वातावरण निर्माणमा हरदम प्रयास हुनेछ ।

सरकारी स्वामित्ववमा रहेका औद्योगिक संथानहरु निजी क्षेत्रलाई दिएर सञ्चालनमा ल्याउनुपर्छ भन्ने विषय सरकार स्पष्ट छ । उद्योगहरूको जग्गा यथावत् राखेर (नबेची) सञ्चालन प्रारूपमा छलफल भइरहेको छ । उद्योगहरु सधैं बन्द गरेर राखेर पनि हुँदैन । उद्योगअन्तर्गतको ९ वटा सार्वजनिक संस्थानहरूको दायित्व नै झन्डै एक खर्ब रूपैयाँ छ र यो दायित्व निरन्तर थपिँदै गएको छ । कैयौं कर्मचारी काम नगरी तलब खाइरहेका छन् । निरन्तर घाटामा गइरहेका संस्थानहरु सरकारमाथि भार थप्ने माध्यम बनिरहेका छन् । त्यसैले रूग्ण उद्योगहरूलाई सकेसम्म सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडलमा र प्राथमिक निष्कासनमार्फत पुँजी जुटाइ अघि बढ्ने विषयमा घनिभूत छलफल भइरहेको छ । अब ढिला गरेर हुँदैन, परिणाम देखिने छिटै निष्कर्षमा पुग्नुपर्छ ।

भैरहवा विशेष आर्थिक क्षेत्रमा १० उद्योगलाई स्थापना गर्न प्लट (जग्गा) अनुमति दिइसकिएको छ । ती उद्योगबाट कुल तीन अर्ब ४४ करोड रूपैयाँ लगानी भई तीन हजार पाँच सय २३ जनालाई रोजगारी सिर्जना गर्ने प्रतिबद्धता आएको छ । त्यस्तै, सिमरा विशेष आर्थिक क्षेत्रमा १५ उद्योगलाई स्थापनाका लागि प्लट (जग्गा) अनुमति दिइएको छ । ६ अर्ब ८४ करोड रूपैयाँ लगानी र एक हजार दुई सय ८७ जनालाई रोजगारी सिर्जना गर्ने प्रतिबद्धता आएको छ । सिमरामा प्लट अनुमति दिइएकामध्ये सातवटा उद्योगसँग उद्योग सञ्चालन सम्झौतासमेत भइसकेको छ ।

त्यस्तै, वस्तु, सेवा र प्रक्रियाको गुणस्तर निर्धारण गर्ने संस्थाहरूको कामको स्तर निर्धारण तथा प्रमाणीकरण गर्ने उद्देश्यले नेपाल 'एक्रिडिटेसन सेन्टर' स्थापना भई सञ्चालनमा छ । उद्योग विभागबाट तोकिएको क्षेत्रमा ५० करोड रूपैयाँसम्मको प्रत्यक्ष वैदेशिक लगानी स्वचालित मार्ग (अटोमेटेड रूट) बाट स्वीकृत हुन थालेको छ । यसले लगानी सहजीकरण हुनुका साथै लगानीकर्ताको समय र लागत घट्ने विश्वास गर्न सकिन्छ ।

*(भण्डारी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री हुन्)*



Introducing
NMB Buddha Visa Debit Card
Get upto 10% OFF on Air Fares
*While purchasing tickets from all Buddha Air Counters in Nepal.
5KG EXTRA BAGGAGE
UPTO 100% REFUND ON TICKET CANCELLATION
*T&C Apply
Customer Care: 01-5970150 | E-mail address: call@nmb.com.np
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि
FMO
The Netherlands
Member of
Global Alliance for Banking on Values
Bank of the Year, ASIA 2021
Bank of the Year, Nepal 2017, 2018, 2020 & 2021

# ‘अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न नेपाली उत्पादनको लागत घटाउनुपर्छ’

हाम्रो कच्चा पदार्थ भनेकै कृषि उत्पादन, वन र वनसम्बन्धी उत्पादन हुन् । त्यसबाहेक सौर्य ऊर्जा, जलविद्युत् र पर्यटन हुन् । यस्तो अवस्थामा जबसम्म सरकार आयात प्रतिस्थापन र निर्यात गर्ने उद्योगमा केन्द्रित हुँदैन तबसम्म नेपालको अर्थतन्त्रले फड्को मार्न सक्दैन ।



पवन गोल्यान

वि.सं. १९९२ मा उद्योग परिषद् र १९९३ मा विराटनगर जुट मिलको स्थापना भएसँगै नेपालमा औद्योगिक विकासको संस्थागत सुरूवात भएको मानिन्छ । कम्पनी ऐन, १९९३ बनेपछि राइस, कटन र चिनी मिलको स्थापना भयो । तत्कालीन राणाकालमै करिब दुई दर्जन उद्योग स्थापना भएको इतिहास छ । उद्योग क्षेत्रमा आवश्यक लगानी जुटाउने उद्देश्यले २०१६ मा नेपाल औद्योगिक विकास निगम (एनआईडीसी) स्थापना भयो भने त्यसै वर्ष औद्योगिक व्यवसाय ऐन जारी भयो । त्यसपछि मोरङ-सुनसरी कोरिडोरमा उद्योग स्थापना भएको पाइछ । २०१६ मै ६७० हेक्टरमा बालाजु औद्योगिक क्षेत्र खुलेको देखिन्छ । त्यसपछि भने मुलुकभर औद्योगिक क्षेत्र खोल्ने क्रम सुरू भएको पाइन्छ । २०४३ मा नेपाल र भारतबीच द्विपक्षीय व्यापार तथा पारवाहन सन्धि भएपछि भने नेपालमा पनि भारतलक्षित उद्योगहरु खुल्दै गए ।

२०४६ को राजनीतिक परिवर्तनपछि नेपालले आठौं पञ्चवर्षीय योजनामार्फत आर्थिक उदारीकरण र खुला बजार अर्थनीति लियो । २०४९ मा औद्योगिक व्यवसाय ऐन २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र वाणिज्य नीति २०४९ आए । यसले नयाँ उद्योग खोल्ने क्रमले तीव्रता पायो । खुला अर्थनीतिका कारण निजी क्षेत्रका लगानीकर्ताले तोकिएका सीमित क्षेत्रबाहेक क्षेत्रमा लगानी गर्ने पाउने भए । जसका कारण सकारात्मक लगानी माहोल सिर्जना गऱ्यो र आर्थिक गतिविधि तीव्र रुपमा चलायमान हुन थाल्यो । खुला बजार नीतिको सकारात्मक प्रभाव बैंकिङ, बिमा, हवाई उड्डयन, शिक्षा र स्वास्थ्य क्षेत्रमा देखिन थाल्यो भने निजी क्षेत्रको लगानी वृद्धिले रोजगारी सिर्जना र आर्थिक वृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्न थाल्यो । परिणाम २०४९ मा ठुला उद्योगको संख्या चार हजारभन्दा माथि र घरेलु, साना तथा मझौला उद्योग साढे ५ हजारमाथि दर्ता भए ।

विडम्बना नेपालमा लगानीकर्ताको मनोबल उच्च हुँदाहुँदै पनि देशमा चलिरहेको राजनीतिक अस्थिरता र राज्यसंयन्त्र कमजोर हुँदा उत्पादनमूलक उद्योगतर्फ लगानी आकर्षण रहँदारहँदै पनि औद्योगिक विकासको गति सुस्तायो । खासगरी उदारीकरण सुरू भएलगत्तै २०५२ देखि करिब दुई दशक राजनीतिक संक्रमण र सशस्त्र द्वन्द्वका कारण औद्योगिक क्षेत्रमा थप विकास हुन सकेन । कुल गार्हस्थ उत्पादन (जीडीपी) मा औद्योगिक क्षेत्रको २२.२३ प्रतिशतसम्म हिस्सा योगदान क्रमशः घट्दै गएर अहिले १३ प्रतिशतमा सीमित छ ।

सशस्त्र द्वन्द्व सुरू भएपछि मुलुकमा उद्योग स्थापना गर्नुभन्दा विदेशबाट सामान आयात गरी बिक्रीवितरण गर्नु सजिलो र नाफामूलक हुन थाल्यो । त्यसपछि मानिसहरु लगानीयोग्य पुँजी उद्योगतर्फ लगानी छोडेर व्यापारतर्फ आकर्षित भए । औद्योगिक क्षेत्रमा सबैभन्दा धेरै योगदान उत्पादनमूलक क्षेत्रको रहन्छ । जसका कारण रोजगारी सिर्जना, आम्दानी वृद्धि, नाफा आर्जन र निर्यात वृद्धि भई आर्थिक वृद्धिमा योगदान पुग्छ । यसै अवधिमा चरम ऊर्जा संकटका कारण उत्पादन लागतमा वृद्धि, असहज श्रम सम्बन्ध, पूर्वाधार विकासको अपर्याप्तता, राजनीतिक अस्थिरता र सरकारको निरन्तर फेरबदल, 'सिन्डिकेट' र 'कार्टेलिङ' का समस्या, नीतिगत, कानुनी, संस्थागत, प्रक्रियागत एवं कर्मचारीका आचरणगत र मनोवृत्तिका कारण हालसम्म पनि उत्पादनमूलक क्षेत्र फस्टाउन सकिरहेको छैन ।

नेपालमा उद्योग सञ्चालन गर्नु भनेको एउटा अपराध गरेजस्तो बनाइएको छ । लोडसेडिङका बेला विद्युत् उपलब्ध गराइयो । उद्योगीका कारण आमजनतालाई अँध्यारोमा राख्यो भनेर भ्रम छरियो । नेपाल विद्युत् प्राधिकरण (जो आफैं सरकारी निकाय हो) ले आमजनतामा भ्रम छर्दा अहिले उद्यम गर्नु अपराध गरेसरह भएको छ ।

**वर्तमान अवस्था**

नेपालमा हालसम्म ९ हजार ३ सय ४४ उद्योग दर्ता छन् । त्यसमध्ये ठुला उद्योग १५ प्रतिशत, मझौला २२.६ प्रतिशत र साना उद्योगको हिस्सा ६२.४ प्रतिशत छ । उद्योग संख्याका आधारमा उत्पादनमूलक ३७.३ प्रतिशत, सेवामूलक २६.५ प्रतिशत र पर्यटन उद्योगको हिस्सा २२.५ प्रतिशत छ भने सबैभन्दा कम पूर्वाधारसम्बन्धी उद्योगको ०.८ प्रतिशत छ । त्यस्तै, घरेलु तथा साना उद्योगहरूको संख्या ७ लाखभन्दा धेरै छ । आर्थिक वर्ष ०७९/८० मा १.९८ प्रतिशतले ऋणत्मक रहेको औद्योगिक क्षेत्र (उत्पादनमूलक उद्योग) को कुल मूल्य अभिवृद्धि ०८०/८१ मा १.६ प्रतिशतले ऋणात्मक छ ।

विगतको तुलनामा अहिले नेपालको अर्थतन्त्र सुधारियो कि अप्ठ्यारोमा छ भन्ने प्रश्न सधैं तेर्सिरहन्छ । हेर्दा सुध्रिएको जस्तो तर, अनुभूति गर्न सकिने अवस्था छैन । बाह्य क्षेत्रका तथ्याङ्कहरूले अर्थतन्त्र राम्रो देखाए पनि जीडीपी बढ्न सकेको छैन । नेपालको भूगोल अन्य देशसँग दाँज्न नमिल्ने खालको छ । नेपालले आफ्ना छिमेकीसँग हरेक कुरामा दाँजेर जान सक्दैन । त्यसैले मुलुकको आवश्यकता के हो र आधार के हुन् भन्ने प्रस्ट हुनुपर्छ । छिमेकले उत्पादन कम गर्ने र हाम्रोमा उत्पादनको सम्भावना बोकेका उपजको उत्पादन तथा बजारीकरणले अर्थतन्त्र सुदृढ गर्न मद्दत पुग्छ ।

हाम्रो कच्चा पदार्थ भनेकै कृषि उत्पादन, वन र वनसम्बन्धी उत्पादन हुन् । त्यसबाहेक सौर्य ऊर्जा, जलविद्युत् र पर्यटन हुन् । यस्तो अवस्थामा जबसम्म सरकार आयात प्रतिस्थापन र निर्यात गर्ने उद्योगमा केन्द्रित हुँदैन तबसम्म नेपालको अर्थतन्त्रले फड्को मार्न सक्दैन । यसको अर्थ राज्यले आफ्नो सम्पदाको महत्त्व बुझेको छैन अथवा बुझेर पनि प्रवर्धन गर्न सकिरहेको छैन ।

आयात प्रतिस्थापन गर्न आशा जगाएका सिमेन्ट उद्योगहरूको अवस्था पनि अहिले धराशायी छ । वार्षिक दुई करोड ५० लाख टनसम्म उत्पादन क्षमता राख्ने सिमेन्ट उद्योगहरु खपत घट्दै जाँदा समस्यामा परेका छन् । कतिपय सिमेन्ट उद्योग बन्द भएका छन् । त्यस्तै, देशभर साढे दुई दर्जनभन्दा बढी चिनी मिल दर्ता भएकामा एक दर्जन पनि सञ्चालनमा नहुनु अर्को दुःखद् पक्ष हो । नेपालमा चिनीको वार्षिक माग करिब दुई लाख ५० हजार टन छ भने साढे ४ लाख टन उत्पादन क्षमता भएका उद्योगहरु कच्चा पदार्थको अभावमा पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । यसको असर नेपाली उपभोक्ताले चाडबाडको समयमा चिनी पाउन नसक्ने अवस्था बन्दै गएको छ । नेपालको औद्योगिक क्षेत्रमा यस्ता समस्या धेरै छन् । सरकारले समयमै समस्याको समाधान खोजेन र सम्भावनालाई कार्यान्वयनमा बदल्न अभिभावकीय भूमिका निभाएन भने कालान्तरमा मुलुकले ठुलो क्षति बेहोर्नुपर्ने अवस्था आउँछ ।

रिलायन्स स्पिनिङ मिल्स अहिले देशकै ठुलो निर्यातकर्ताका रूपमा स्थापित भएको छ । कम्पनीले उत्पादन गरेको धागो भारत तथा टर्कीलगायत देशमा निर्यात हुँदै आएको छ । कम्पनीले चार हजारभन्दा बढी श्रमिकलाई रोजगारी दिइरहेको छ । अन्य देशहरूबाट धागो आयात गर्नुपर्ने अवस्थामा रिलायन्सले धागो आयातलाई प्रतिस्थापन मात्रै गरेन उल्टै निर्यातसमेत गऱ्यो । जसका कारण रिलायन्स भारत तथा तेस्रो मुलुकमा आफ्ना उत्पादन पठाउने अग्रणी निर्यातकर्ताका रूपमा स्थापित भएको छ । विराटनगरको दुहबीमा करिब ६ अर्ब रूपैयाँमा खुलेको



रिलायन्स अहिले मुलुककै सबैभन्दा ठूलो रोजगारदाता उद्योग हो ।

### समृद्धिको आधार

औद्योगिक विकास आर्थिक विकासको मेरूदण्ड हो । उद्योगहरूको स्थापना र सञ्चालन गरी उत्पादित मालसामानको घरेलु बजारमा गरिने ओसार-पसार, बिक्री-वितरण र बाह्य बजारमा गरिने निर्यातबाट सरकारको कर तथा गैरकर राजस्वमा वृद्धि, विदेशी मुद्राको आर्जन तथा सञ्चिति, रोजगारी सिर्जना र जनताको आम्दानीमा अभिवृद्धि भई आर्थिक क्रियाकलापहरूको विस्तारमा सघाउ पुग्छ । यसबाट मुलुकको खुद राष्ट्रिय आम्दानी बढ्न गई आन्तरिक बचत दरमा वृद्धि हुन जान्छ । सामाजिक-आर्थिक विकासका थप कार्यक्रम र आयोजनाहरु पनि सञ्चालन गर्न सकिन्छ । त्यसैले औद्योगिक विकास आर्थिक समृद्धिको प्रमुख आधार हो । नेपालको सन्दर्भमा औद्योगिक विकासमा निजी क्षेत्रको सक्रियता र अगुवाइमा ठूला तथा मझौला प्रकृतिका उद्योग स्थापना भई सञ्चालनमा छन् । यद्यपि नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत सहजीकरण सरकारले गर्छ । त्यस्तै, सरकारको सक्रिय पहल र लगानी समेतमा साना, घरेलु तथा लघु उद्यम व्यवसायको प्रवर्धन, स्थापना र विस्तार भइरहेको छ । यसमा लक्षित वर्ग (गरिब, असहाय, विपन्न, उपेक्षित, पिछडिएका र पछाडि पारिएका सीमान्तकृत, विशेषतः महिला, दलित, जनजाति र मधेशी समुदाय) को सक्रिय सहभागिता रहँदै आएको छ ।

### विद्युत कटौतीको मारमा उद्योग

नेपालमा सबैभन्दा सजिलो व्यापार गर्न छ, त्यो पनि आयातमा आधारित । आयातका लागि आवश्यक औपचारिकता पूरा गर्नदेखि बिक्री पनि सहज छ । तर, मुलुकमै उत्पादन गरेर स्वेदशी उद्यमको प्रवर्धन गर्नु चुनौतीपूर्ण छ । अझै भन्दा उद्यमशीलता फलामको चिउरा चपाएजस्तै छ । उद्योगको समस्या उस्तै छन् । भएका वस्तु पनि किनबेच गर्न सकिँदैन । नेपालको उत्पादन बेच्न नदिँदा किसानको लगानी, बैंकको लगानी खेर गइरहेको छ । हामीले मूल्य शृंखला तयार गर्न सकेका छैनौं । गर्न चाहँदा पनि गर्न दिइँदैन । कृषि क्षेत्रमा हेर्दा कृषि प्रशोधनदेखि लिएर हरेक ठाउँमा उद्योगहरूलाई सास्ती छ । नेपालमा उद्योग सञ्चालन गर्नु भनेको एउटा अपराध गरेजस्तो बनाइएको छ । लोडसेडिङका बेला विद्युत् उपलब्ध गराइयो । उद्योगीका कारण आमजनतालाई अँध्यारोमा राख्यो भनेर भ्रम छरियो । नेपाल विद्युत् प्राधिकरण (जो आफैं सरकारी निकाय हो) ले आमजनतामा भ्रम छर्दा अहिले उद्यम गर्नु अपराध गरेसरह भएको छ । देशको आर्थिक अवस्था नै विषम् छ । गत वर्ष विद्युत् आपूर्तिमा समस्या (ट्रिपिङ) का कारण उत्पादनमा २७.८० प्रतिशतले गिरावट आयो । जसले मागअनुसार वस्तु आपूर्ति हुन सकेन ।

### उच्च लागत मुख्य चुनौती

मुलुकको औद्योगिक समस्या र चुनौती भनेकै उच्च लागत हो । अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन नेपाली उत्पादनको लागत घटाउनुपर्छ । प्रक्रियागत सरलीकरण गर्दा र सहजै जग्गा उपलब्ध गराउँदा वा सस्तोमा विद्युत् उपलब्ध गराउँदा पनि लागत घट्छ । ढुवानीमा कार्टेलिङका कारण नेपालको ढुवानी अत्यन्तै महँगो छ । कार्टेलिङ हटाएर प्रतिस्पर्धी ढुवानी कायम गर्न सकिए पनि लागत घटाउन मद्दत गर्छ ।

उद्योगमा जति चुनौती र जोखिम व्यापारमा छैन । त्यसैले उद्योग (उत्पादन) क्षेत्रलाई व्यापारको तुलनामा एक तह कम हुने गरी ब्याजदर कायम गरी सहज रूपमा कर्जा उपलब्ध गराउनुपर्छ । अहिले उद्योग स्थापनाका लागि सबैभन्दा ठुलो समस्या जग्गाको अभाव हो । उद्योगका मेसिनरीदेखि अन्य कारखाना उपकरण जडानभन्दा पनि कुल लागतको ८०-९० प्रतिशतसम्म जग्गामै खर्च गर्नुपर्ने अवस्था छ । त्यसैले सरकारले ठुला औद्योगिक क्षेत्र स्थापना गरेर उद्योगलाई जग्गा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ । अहिले भएका औद्योगिक क्षेत्रमा जग्गा खाली छैन । नयाँ औद्योगिक क्षेत्र स्थापना हुन सकेको छैन । घोषणा भएका औद्योगिक क्षेत्रमा समेत काम अघि बढेको छैन । उद्योगका लागि आवश्यक जग्गाको जोहो नहुनु औद्योगीकरणको मुख्य अवरोध हो । सरकारले सहज रूपमा लामो समयका लागि उद्योगलाई जग्गा उपलब्ध गराउनुपर्छ ।

सरकारले उत्पादन वृद्धि तथा निर्यात प्रवर्धन गर्ने भनेर विशेष आर्थिक क्षेत्र (सेज) स्थापना तथा सञ्चालन गरिरहेको छ । तर, सेजमा भाडा महँगो छ भने पर्याप्त पूर्वाधार नहुँदा समस्या ज्युँको त्युँ छ ।

*(गोल्यान, गोल्यान ग्रुपका अध्यक्ष हुन्)*

अहिले उद्योग स्थापनाका लागि सबैभन्दा ठुलो समस्या जग्गाको अभाव हो । उद्योगका मेसिनरीदेखि अन्य कारखाना उपकरण जडानभन्दा पनि कुल लागतको ८०-९० प्रतिशतसम्म जग्गामै खर्च गर्नुपर्ने अवस्था छ । त्यसैले सरकारले ठुला औद्योगिक क्षेत्र स्थापना गरेर उद्योगलाई जग्गा उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ ।

## नेपालमा औद्योगिक क्षेत्र स्थापनाको स्थिति


| स्थापना मिति वि.सं. | औद्योगिक क्षेत्रको नाम | क्षेत्रफल (हेक्टरमा) |
|---|---|---|
| २०१६ | बालाजु | ६७० |
| २०२० | हेटौंडा | २८२९ |
| २०२० | पाटन | २९३ |
| २०२९ | धरान | २३३ |
| २०३० | नेपालगन्ज, | २०२ |
| २०३१ | पोखरा | ५०१ |
| २०३२ | बुटवल | ४३४ |
| २०३५ | भक्तपुर | ७१ |
| २०३८ | वीरेन्द्रनगर | ९० |
| २०४१ | धनकुटा | ६३ |
| २०४४ | राजविराज | २९४ |



नेपालकै
सर्वाधिक
विश्वासिलो
नेपाल लाइफ
केटाकेटी
सुनौलो भविष्य
जीवन बीमा योजना
सुनिश्चित शिक्षा, सुरक्षित भविष्य
"बालबालिकाको उज्जवल भविष्यको लागि
बचत तथा सुरक्षा योजना"
नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
Customer Service:
01-5970971 9801170971
www.nepallife.com.np

# नीतिगत अस्थिरताका कारण लगानीकर्तामा आत्मविश्वास जागिरहेको छैन

राज्यले लिने औद्योगिक नीतिले उद्योगहरूको भविष्य टिकेको हुन्छ । विडम्बना नेपालमा उद्योगीहरूले राज्यको औद्योगिक नीतिभन्दा बढी आर्थिक नीतिमा ध्यान दिन बाध्य छन् । निरन्तर परिवर्तन भइरहने अस्थिर कर नीतिका कारण उद्योगीहरू अलमलमा छन् ।



उज्ज्वलकुमार श्रेष्ठ

नेपालमा फलामे छड उद्योग निरन्तर खस्कँदो छ । २०७२ को विनाशकारी भूकम्पपछि नेपालमा फलामे छडको बजार विस्तार भएको देखिन्छ । भूकम्पपछिको पुनर्निर्माणले तीव्रता पाउँदा छडको प्रयोग बढ्यो । भूकम्पपछि छडको प्रयोगमा आएको वृद्धिलाई आधार बनाएर उद्यमीहरूले कोभिडअघि फलामे छड उद्योगमा लगानी पनि गरे । तर, कोभिडपछिका वर्षहरूमा लगानीअनुरूपको प्रतिफल देखिएको छैन । सुस्ताउँदो अर्थव्यवस्था तथा वित्तीय क्षेत्रको नियामक राष्ट्र बैंकले लिएको कसिलो मौद्रिक नीतिका कारण समग्र निर्माण क्षेत्र सुस्ताउन पुग्यो र प्रत्यक्ष मारमा फलामे छड उद्योग परे ।

फलामे छड उद्योगहरूको कुल उत्पादन क्षमता वार्षिक करिब ५० लाख टन छ । तर, पछिल्लो तीन वर्षमा छड उद्योगहरू पूर्ण क्षमतामा सञ्चालन भएका छैनन् । तीन वर्षअघि १२ लाख टन उत्पादन भएको छड गत वर्ष त ९ लाख टनमा सीमित हुन गयो । यसरी हेर्दा उद्योगहरू आफ्नो उत्पादन क्षमताको करिब २० प्रतिशत हाराहारी मात्रै वस्तु उत्पादन भइरहेको छ ।

### ३१ मध्ये २४ उद्योग मात्र सञ्चालनमा

नेपालमा रहेका ३१ फलामे छड उद्योगमध्ये हाल २४ उद्योग मात्रै सञ्चालनमा छन् । सञ्चालनमा नरहेका उद्योगमध्ये केही पूर्ण रूपमा बन्द छन् भने केही सञ्चालनमा भए पनि खर्च धान्न नसक्ने अवस्थामा छन् । अर्थतन्त्र सुधार र विकास निर्माणका कार्यले तीव्रता नपाएसम्म रूग्ण बनेका फलामे उद्योगहरू पुनः सञ्चालनमा आउन कठिन छ ।

### लागतका कारण छड महँगो

फलामे छडको कच्चा पदार्थहरूको ग्रेड फरक-फरक हुने हुँदा कच्चा पदार्थहरूको खरिद लागत पनि एकै प्रकारको हुँदैन । पञ्चकन्या स्टिलले फलामे छड उत्पादनमा प्राइम बिलेट्सको प्रयोग गर्छ । प्राइम बिलेट्सको खरिद लागत अन्य ग्रेडका बिलेट्सभन्दा महँगो छ । प्राइम बिलेट्सबाट उत्पादन गरिने छडको लागत नै महँगो भएकाले पञ्चकन्या ग्रुपका उद्योगबाट उत्पादित छडको मूल्य अन्य ब्रान्डका तुलनामा थोरै महँगो छ । नेपालमा अधिकांश उपभोक्ताहरु गुणस्तरमा भन्दा मूल्यमा बढी ध्यान दिन्छन् । यसले पञ्चकन्याका उत्पादनलाई बजारमा अन्य ग्रेडको बिलेट्स प्रयोग गर्ने तथा 'स्पन्ज' र 'स्क्राप' पगाली 'इन्डक्सन फर्नेस' मार्फत छड बनाउने उद्योगबाट उत्पादित छडसँग प्रतिस्पर्धा गर्न केही हदसम्म गाह्रो भएको छ ।

कोभिडपछि पञ्जकन्याले आफ्नो व्यापार रणनीति परिवर्तन गरेको छ । कोभिडअघि बिक्रीमा ध्यान दिने गरिएको थियो । तर, अहिले परिस्थिति फरक छ । उद्योगले हाल खरिदकर्ताबाट बिक्रीबापतको रकम उठाउने तथा नगद प्रवाहलाई चुस्त राख्नेतर्फ बढी ध्यान केन्द्रित गरेको छ । कर्जाको ब्याज बढेर बजार खस्किएका कारण नगद प्रवाहलाई प्राथमिकतामा राखेर अघि बढ्नु उद्योगको बाध्यता भएको छ । अहिलेको परिस्थितिमा नगद प्रवाहलाई प्राथमिकतामा नराख्दा कतिपय फलामे छड उद्योग बिक्री गर्नुपर्ने अवस्था आएको छ भने कतिपय बन्द भएका छन् ।

### कर्जा दुरुपयोग हुँदा समस्या

कोभिडका कारण शिथिल बनेको अर्थतन्त्रलाई चलायमान बनाउन राष्ट्र बैंकले पुनर्कर्जा सुविधा ल्याएर सहज रूपमा कर्जा लगानी हुने व्यवस्था गरेको थियो । तर, सुविधाप्राप्त कर्जाहरु उत्पादनमूलक व्यवसायमा प्रयोग नभई अन्य क्षेत्र (अनुपात्दक क्षेत्र) मा गयो । जसले गर्दा राज्यको आर्थिक अवस्था नै हलचल हुन पुग्यो । फलस्वरूप राष्ट्र बैंकले कसिला नीति अघि सार्दै कर्जा लगानीलाई कस्न थाल्यो । यसको प्रभाव साना व्यवसायीहरु चलायमान हुन सकेनन् र बजारमा पैसाको अभाव हुन थाल्यो । परिणाम निर्माण क्षेत्र विस्तारै सुस्ताउन थाल्यो ।



**कोभिडपछि राष्ट्र बैंकले अवलम्बन गरेको कडा कर्जा नीतिका कारण शिथिल भएका साना व्यवसायीहरुमा अझै पनि आत्मविश्वासको कमी देखिन्छ । साना व्यवसायीहरुमा आत्मविश्वास नजाग्दा समग्र अर्थतन्त्र अझै लयमा आउन सकेको छैन ।**

पछिल्लो दुई वर्षदेखि राज्यले नियमित रूपमा निर्माण व्यवसायीलाई भुक्तानी दिन नसकेका कारण निर्माण व्यवसायीहरूले उद्योगहरूलाई निर्माण सामग्री बापतको भुक्तानी समयमा दिन सकेका छैनन् । निर्माण व्यवसाय र निर्माण क्षेत्रसँग सम्बन्धित उद्योगले पछिल्लो समय कठिन अवस्थाको सामना गर्नुपरिरहेको छ । समग्र निर्माण क्षेत्र सुस्ताउँदा र कसिलो मौद्रिक नीतिका कारण साना व्यवसायी धरासायी हुँदा निर्माण सामग्रीको बजार खस्किन थाल्यो । राष्ट्र बैंकले पछिल्लो समय कर्जा लगानी सहज बनाउँदै लगेको छ । र, बैकहरूको आधारदरसमेत एकल विन्दुमा झरेको छ । बैंकको ब्याज सस्तो हुँदा पनि आमउपभोक्ता एवं व्यवसायीमा लगानी गर्ने आत्मविश्वास जाग्न सकेको छैन । निर्माणसम्बन्धी गतिविधि नबढेसम्म छड उद्योगीहरूमा तत्काल आत्मविश्वास पैदा हुन सक्ने सम्भावना कम छ ।

### प्रोत्साहन प्रभावकारी भएन

सरकारले आर्थिक वर्ष ०७९/८० को बजेटमार्फत सिमेन्ट, छडलगायत वस्तु निकासीमा ८ प्रतिशतसम्म नगद अनुदान दिने व्यवस्था आयो । बजेटको व्यवस्थाअनुरूपको लाभ लिन केही उद्योगीले आर्थिक वर्ष ०७९/८० मा ६० टन छड निकासी गरे । भन्सार विभागका अनुसार ०७९/८० भन्दा अघि छडको निकासी शून्य थियो र त्यसपछिको वर्षमा पनि शून्य नै छ । सरकारले आफूले घोषणा गरेको अनुदान नदिएपछि समस्या भयो ।

### विदेशी जनशक्तिको भर

नेपालमा सञ्चालित छड उद्योगहरूबाट स्वदेशी जनशक्तिले रोजगारीको लाभ प्राप्त गर्न नसकेको अवस्था छ । फलामे छड उद्योग रोजगारीका दृष्टिले अन्य उद्योगका तुलनामा जोखिमपूर्ण मानिन्छ । इन्डक्सन फर्नेस भट्टीमा काम गर्ने करिब शतप्रतिशत श्रमिक भारतीय छन् । नेपालमा बढ्दो इन्डक्सन फर्नेस भट्टीमा सिर्जना भएको रोजगारीका अवसरहरूले स्वदेशी श्रम बजारमा फाइदा पुऱ्याएकै छैन ।

### नीतिगत अस्थिरता

राज्यले लिने औद्योगिक नीतिले उद्योगहरूको भविष्य टिकेको हुन्छ । विडम्बना नेपालमा उद्योगीहरूले राज्यको औद्योगिक नीतिभन्दा बढी आर्थिक नीतिमा ध्यान दिन बाध्य छन् । निरन्तर परिवर्तन भइरहने अस्थिर कर नीतिका कारण उद्योगीहरु अलमलमा छन् । तीन वर्ष अगाडि राज्यले कुनै अध्ययनविना इन्डक्सन फर्नेस मिललाई प्रोत्साहन हुने गरी आर्थिक नीति लागु गऱ्यो ।

नेपाल भूकम्पीय दृष्टिकोणले एकदमै संवेदनशील तथा उच्च जोखिमयुक्त क्षेत्र हो । जलवायु परिवर्तनको मारमा परेको देशमा फलामे छडको गुणस्तरलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ । तर, सरकारले सीमित उद्योगलाई मात्रै फाइदा हुने गरी गुणस्तरमा दीर्घकालीन असर पर्ने नीतिहरूलाई प्रशय दियो । तर, ३ वर्षपछि आर्थिक वर्ष ०८१/८२ को बजेटमार्फत पुरानो नीतिमा केही संशोधन गऱ्यो । यसरी अध्ययनविना ल्याइएको इन्डक्सन फर्नेस मिल प्रोत्साहन गर्ने नीति वातावरण र गुणस्तरमा प्रतिकूल असर पर्ने खालको हुँदा क्षणिक आर्थिक लाभका लागि धेरै रोलिङ मिलहरूले आफ्नो उद्योगलाई इन्डक्सन फर्नेसमा विस्तार गरे । राज्यले अवलम्बन गरेको नीतिको चौतर्फी आलोचना भएका कारण अन्ततः सरकार सामान्य भए पनि नीतिगत सुधारमा जान बाध्य भयो । यद्यपि अझै सुधार गर्नुपर्ने ठाउँ धेरै छन् । खस्कँदो बजार र आर्थिक रूपमा कठिन अवस्थामा क्षणिक आर्थिक लाभका लागि इन्डक्सन फर्नेसमा विस्तार भएका उद्योगहरूको नजरबाट हेर्दा राज्यको लगानीकर्ताहरूप्रतिको चरित्र एकदमै अस्थिर देखिन्छ । अस्थिर नीतिका कारण रोलिङ मिल र इन्डक्सन फर्नेस उद्योग चलाउने दुवैथरी उद्योगी राज्यप्रति विश्वस्त हुन नसक्दा ढुक्कसँग लगानी हुन सकेको छैन ।

### बजारमा टिक्न मूल्य युद्ध

कोभिडपछि राष्ट्र बैंकले अवलम्बन गरेको कडा कर्जा नीतिका कारण शिथिल भएका साना व्यवसायीहरूमा अझै पनि आत्मविश्वासको कमी देखिन्छ । साना व्यवसायीहरूमा आत्मविश्वास नजाग्दा समग्र अर्थतन्त्र अझै लयमा आउन सकेको छैन । राष्ट्र बैंकको नीतिको प्रभाव हालसम्म पनि समग्र व्यवसायीको नगद प्रवाहमा देखिएको छ । खस्किएको बजारमा नगद प्रवाहको असर स्वरूप फलामे छड उद्योगहरूबीच एक प्रकारको मूल्ययुद्ध (प्राइस वार) चलेको छ । अहिले सबै उद्योगहरूको पहिलो ध्यान बैंकको कर्जा व्यवस्थापनमा गएको छ । छड उद्योगहरु अहिले उत्पादन लागत मात्रै उठ्ने गरी बजारमा प्रतिस्पर्धा गरिरहेका छन् । नेपालमा छडको बजार मूल्य भारतको मूल्य बराबर आउन थालिसकेको छ ।

छड तयार गर्न आवश्यक कच्चा पदार्थदेखि जनशक्ति सबै भारतबाट आउने गर्छ । भारतबाट कच्चा पदार्थ सडक मार्गबाट ढुवानी गरी नेपाल ल्याउनुपर्छ । महँगो श्रम लागतमा उत्पादित छडको मूल्यसमेत भारतकै हाराहारी मूल्यमा आउनुले फलामे छड उद्योगको विकराल अवस्था चित्रण गर्छ । यो परिस्थितिबाट पार पाउन केही फलामे छड उद्योगले आफ्नो उत्पादनलाई एंगल पत्तीमा विस्तार गर्न थालेका छन् ।

### क्षणिक लाभका लागि लगानी

नेपालमा अझै कुनै पनि व्यवसाय सञ्चालन गर्नुपूर्व राम्रोसँग अध्ययन गर्ने प्रणाली विकास भएको छैन । कुनै व्यवसायले राम्रो गरिरहेको छ भन्ने लाग्यो भने अर्को व्यक्तिले पनि त्यही व्यवसाय अँगाल्ने परिपाटी नेपालमा छ । यसरी विनाअध्ययन र लगानी गर्ने प्रक्रियासम्बन्धी पर्याप्त ज्ञानविना हतारिएर लगानी गर्दा व्यवसायबाट राम्रो प्रतिफल पाउन सकेको देखिँदैन । भूकम्पपछि पुनर्निर्माणका कामले तीव्रता पाउँदा नेपालमा फलामे छड उद्योगको संख्या बढ्न पुग्यो र एउटा निश्चित विन्दुपछि मागभन्दा उत्पादन धेरै हुन थाल्यो । तर, कोभिडपछि लगानीकर्ताहरु आफ्नो लगानी फिर्ता आउँछ कि आउँदन भनेर दोधारमा बसेका छन् ।

*(श्रेष्ठ पञ्चकन्या ग्रुपका कार्यकारी निर्देशक हुन्)*

# एकीकृत कृषि विकास प्राधिकरणको आवश्यकता

कुल गार्हस्थ उत्पादन (जीडीपी) कृषि क्षेत्रको योगदानको हिस्सा खुम्चिँदै गएको छ । विगतमा अर्थतन्त्रको आकार ५-७ खर्बको हुँदा कृषिको हिस्सा ७०-७२ प्रतिशत थियो । ७ वर्ष अघिसम्म जीडीपी २५-२६ खर्बको हुँदा कृषिको हिस्सा ३० प्रतिशत हाराहारीमा थियो भने अहिले जीडीपीमा कृषिको हिस्सा २४ प्रतिशत हुँदा अर्थतन्त्रको आकार भने ५७ खर्बको छ ।



भरतराज ढकाल

वित्तीय पहुँच नभएर, पैसा नभएर उद्यम गर्न पाएनौं, कृषि गर्न पाएनौं, अरु व्यवसाय गर्न पाएनौं भन्ने अवस्थालाई चिर्न नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रमा १५ प्रतिशत अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था अघि सा¥यो । बैंक तथा वित्तीय संस्थाहरूले ऋण दिएर मात्र कृषिको विकास नहुने, वित्तीय पहुँचको दुरूपयोग हुने, कृषिका लागि चाहिने मल, बिउ, उपकरण, प्रविधि, बैंक ग्यारेन्टी र बजार व्यवस्थापन गर्ने संयन्त्र नभएसम्म वित्तीय संस्थाको कर्जा जोखिम कायमै रहने भएकाले सबै प्रकारका समस्याहरु समाधान गर्न सक्रिय बनाउने गरी मुक्तिनाथ विकास बैंकको अग्रसरतामा मुक्तिनाथ कृषि कम्पनी सञ्चालनमा छ ।

सतहमा हेर्दा कृषिमा गएको कर्जा सुरक्षित मानिए पनि बैंक, राष्ट्र बैंक र सरकारलाई कृषि क्षेत्रमा गएको कर्जा दुरूपयोग (अन्य क्षेत्रमा प्रयोग) भएको आशंका छ । त्यसकारण वित्तीय संस्थाले कृषि कर्जालाई जोखिम कर्जाका रूपमा राखेका छन् । त्यसो हुनुको मूल कारण किसानले समयमै मलबिउ, औजार नपाउनु, गुणस्तरीय सामान सहज रूपमा दिने प्रविधिमैत्री संयन्त्र नहुनु र प्रतिस्पर्धी बजारको परिकल्पना नगरिनु हो । यस्ता समस्या समाधान गर्न संस्थागत रूपमा गैरवित्तीय कम्पनीका रूपमा मुक्तिनाथ कृषि कम्पनी आएको हो ।

## बढ्दो कृषि

कुल गार्हस्थ उत्पादन (जीडीपी) कृषि क्षेत्रको योगदानको हिस्सा खुम्चिँदै गएको छ । विगतमा अर्थतन्त्रको आकार ५-७ खर्बको हुँदा कृषिको हिस्सा ७०-७२ प्रतिशत थियो । ७ वर्ष अघिसम्म जीडीपी २५-२६ खर्बको हुँदा कृषिको हिस्सा ३० प्रतिशत हाराहारीमा थियो भने अहिले जीडीपीमा कृषिको हिस्सा २४ प्रतिशत हुँदा अर्थतन्त्रको आकार भने ५७ खर्बको छ । समग्रमा मूल्य (भ्यालू) अनुसार कृषि व्यवसाय बढे पनि योगदानको पाटोबाट भने अर्थतन्त्रमा कृषिको हिस्सा घट्दै गएको छ ।

## उपभोग शैलीले बढ्दो आयात

विगतमा सीमित जनसंख्या र सीमित उत्पादन हुँदा बिहान-बेलुका दुईछाक मात्र खाने र जे भेटिन्छ त्यही खाने चलनबाट मध्यम परिवारले पनि ४/५ परिकार र ४/५ पटक खाने प्रवृत्ति विकास भएको छ । घरघरमा खानाको खपत बढेको छ । त्यति मात्र होइन पछिल्लो समय होटेल रेस्टुरेन्टमा गएर खाने चलन पनि एकदम बढेको छ । एकछाकमा सीमित खाने कुरा पाक्ने परिस्थितिबाट खानाको परिकारमा विविधीकरण भएको छ । जनसंख्या बढेसँगै सेवा क्षेत्रको विस्तारले रोजगारी पनि बढिरहेको छ । खानेकुरा खपतको बानी एकदम परिवर्तन भएको छ । समग्रमा १० वर्षअगाडि भन्दा अहिले उत्पादन बढेको छ तर, घटेको छैन ।

अहिले पशुपन्छी व्यावसायिक रूपमा पालन गर्ने प्रवृत्ति बढ्दो छ । विगतमा निर्वाहमुखी पशुपक्षीपालन गर्दा गाउँकै ढुटो पिनाले पनि पुग्थ्यो । तर, अहिले गाउँगाउँमा पनि बजारको ढुटो पिनामा भर पर्नुपर्ने अवस्था छ । अहिले विश्वभर जति खानाकुरा खपत हुन्छ त्यसमध्ये एकतिहाइ पशुपन्छीका लागि उपयोग हुने गरेको छ । तर, तिनै पशुपक्षीलाई अप्रत्यक्ष रूपमा दूध र मासु बनाएर मानिसहरूले नै खाइरहेका छन् ।

अहिले मकै, सोयाबिनलगायत खाद्यान्न पशुपक्षीको दानाका लागि आइरहेको छ । धानको उत्पादन पनि राम्रो छ । धानको उत्पादन सरकारको रेकर्डमा आउने तर नेपाली बजारमा नआइ अनौपचारिक रूपमा भारत जाने र भारतबाट फेरि औपचारिक माध्यमबाट नेपालमा चामल आउने गरेको छ । फेरिएको उपभोगशैलीका कारण उत्पादन बढ्दै जाँदा पनि खाद्यान्नको आयात बढिरहेको छ ।



अहिले लाग्ने अधिकांश रोग विषादीजन्य खाएकाले, ब्यालेन्स डाइट नपुगेकाले, कम पोषकतत्त्व (न्युट्रिसन) का कारण विभिन्न प्रकृतिका रोगहरूले समातिरहेको छ । मान्छेले स्वास्थ्यमा, खानामा खर्च गर्छ त्यसका लागि त्यहीअनुसारको उत्पादन प्रणाली विकास गरेर जानेबित्तिकै समस्या हुँदैन ।

हरेक उत्पादनका आ–आफ्नै र फरक प्रकृतिका ग्राहक हुन्छन् । एउटै पसलमा चारथरी ग्राहकले एउटै सामान चारथरी मूल्यमा किनिरहेको पाइन्छ । जस्तै, स्याउ विभिन्न थरीका आउँछन् र सबैको एउटै मूल्य छैन । फरक ग्राहकले फरक मूल्यमा खरिद गर्न सक्छ । कतिपय सामान बिक्री गर्न बजारीकरणले महत्त्वपूर्ण भूमिका खेलिरहको हुन्छ । नेपालमा भारतबाट आयातित सस्तो स्याउ मात्र बिक्ने भएको भए जुम्लाको स्याउ किन बिकेन ? फेरि महँगोमा चीनबाट आयातित स्याउ पनि बिकिरहेको छ । यस्तो अवस्था आउनुमा अनौपचारिक अर्थतन्त्र पनि एउटा कारण हो । हामीसँग भएको वस्तुका विषयमा ग्राहकलाई जागरूक नबनाउँदा र सही तरिकाले प्रवर्धन गर्न नसक्दा समस्या भएको छ । बजारीकरण (क्याम्पेन) राम्रोसँग गर्ने र हरेक वस्तुको उत्पादनदेखि विक्रेतासम्म चेनमा जोडिने हो भने मूल्यले फरक पार्दैन । यस्तोबेला के जुम्ला, के मुस्ताङको स्याउ, पहिले नेपाली स्याउ बिक्री हुने अवस्था बन्छ ।

अहिले लाग्ने अधिकांश रोग विषादीजन्य खाएकाले, ब्यालेन्स डाइट नपुगेकाले, कम पोषकतत्त्व (न्युट्रिसन) का कारण विभिन्न प्रकृतिका रोगहरूले समातिरहेको छ । मान्छेले स्वास्थ्यमा, खानामा खर्च गर्छ त्यसका लागि त्यहीअनुसारको उत्पादन प्रणाली विकास गरेर जानेबित्तिकै समस्या हुँदैन ।

## किसानलाई उत्पादनमा लागत नै थाहा छैन

नेपालमा आयात हुने तरकारी, फलफूल, दूध, माछा, मासुजन्य उत्पादनहरूमा प्रतिस्पर्धी छौं । बिहारमा उत्पादन गरेको काउली सस्तो हुने र चितवनमा उत्पादन गरेको सस्तो नहुने अथवा त्यो लागतमा उत्पादन गर्न नसकिने भन्ने होइन । कपिलवस्तुवारि एउटा कृषि उत्पादन २० रूपैयाँ पर्ने र पारिपट्टि ५ रूपैयाँमा पाइने भन्ने हुँदैन । पहिला भारत सरकारले एकदम सुरक्षा गरेको छ भन्ने आउँथ्यो । तर, अहिले नेपालमा पनि वडा, पालिका, प्रदेश सरकार, संघीय सरकार विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थाहरु जोडिएका छन् । उनीहरूले किसानलाई धेरै सहयोग गरिरहेका छन् । पहिला भारतले रासायनिक मलमा अनुदान दिएको थियो । अहिले नेपालमा पनि रासायनिक मलमा ७० प्रतिशत अनुदान छ । डीएपीमा पनि २५-३० प्रतिशत अनुदान छ । समग्रमा हेर्दा नेपालमा रासायनिक मल थोरैले मात्र महँगो हो ।

अन्नबालीका हकमा ५-१० कठ्ठामा गरिरहँदा र अलिकति धेरै क्षेत्रमा उत्पादन गर्दा बाहिरसँग तुलना गर्न पर्दैन । ५ बिघामा धान रोप्ने र ५ कठ्ठामा धान रोप्ने लागत फरक परिहाल्छ ।

नेपालमा किसानलाई राम्रोसँग लागतको शिक्षा छैन । अर्थात् किसानले आफ्नो उत्पादनको खर्च कति भयो भन्न सक्दैन । गत वर्ष उत्पादन कम भएकाले औसतमा ४० रूपैयाँ किलोमा बेचेको अहिले त २५ रूपैयाँ मात्र पर्‍यो भनेर घाटा भएको महसुस किसानले गर्छ । किसानले उत्पादनमा १० रूपैयाँ लागत लागेर २५ रूपैयाँमा बेचेकाले नाफा कम भयो भन्नुपर्नेमा गत वर्षभन्दा कम मूल्यमा बेचेकाले घाटा भयो भन्ने गरेको पाइन्छ ।

गत वर्षभन्दा कममा बेच्यो भने घाटा भयो र बढीमा बेच्यो भने नाफा भयो भनेर फुर्किने अवस्था छ । माग र पूर्तिको सिद्धान्त नबुझेका कारण यस्तो समस्या भएको हो । बजार कहाँ हो ? कतिको बजार हो ? के हो ? भन्ने कुरा विश्लेषण नगरी किसानले अन्धाधुन्ध उत्पादन गरेको हुन्छ । अनि उत्पादन गरेपछि बजार खोज्न थाल्छ । अर्कोतिर बजारलाई पनि कहाँ उत्पादन भइरहेको छ भन्ने जानकारी हुँदैन । जसले गर्दा किसान मारमा परिरहेका छन् ।

## जोड्ने माध्यम सहकारी

बिचौलियाहरूले किसानले उत्पादन गरेका उपजहरु संकलन गर्ने र विभिन्न होलसेलमा लगेर बेच्ने गरेका छन् । विचौलियाहरु पनि आपूर्ति प्रणाली (सप्लाई चेन) मा जोडिइरहेका छन् ।

मुक्तिनाथ कृषि कम्पनीले बिचौलियाहरूलाई रोक्न साना किसानलाई सहकारीको माध्यमबाट

जोड्ने ढाँचा ल्याएको हो । सहकारीले प्राविधिक राख्न, मल, बिउ, औजार दिनसक्छ । स-साना उत्पादन सहकारीले संकलन गर्ने भएपछि किसानहरूले त्यहाँ ल्याएर बेच्ने गरेका छन् । सहकारीहरूसँग सम्झौता गरेर 'इन्पुट' दिन्छौं, प्रविधि दिन्छौं र संकलनको तहसम्म जाऊ भन्छौं । यसो गर्दा सिधै बजारसँग र उद्योगसँग जोडिने स्थिति बन्न गयो ।

किसानहरु उद्योगसँग एकदम कम जोडिएको छन् । दूध, टमाटर पनि सडकमा फालेको अवस्था छ । उद्योगसँग जोडिएर भण्डारण र केचप बनाउन सकेको भए यस्तो नाटक मञ्चन गर्नुपर्ने थिएन । हामीसँग मूल्य अभिवृद्धि (भ्यालु एडिसन) गर्ने संरचना भएको भए किसानलाई प्रिमियम मूल्य पनि दिन सकिन्थ्यो । कृषि उत्पादनलाई उद्योगसँग जोड्नेबित्तिकै खेर जाँदैन । तरकारी फलफूलहरु दुई दिनमा बिक्री गरेन भने बिग्रन्छ । त्यसकारण किसानहरु सस्तोमा बिक्री गर्न बाध्य भएका हुन् । बिचौलियालाई पनि बजारबारे जानकारी नभएकाले सयौं ठाउँका किसानबाट संकलन गरेर बल्खु, कालीमाटीमा आएको हुन्छ । किसानसँग मूल्य नतोकी ल्याएकाले बल्खु, कालिमाटीमा जतिमा बिक्री गर्यो त्यसमा नाफा राखेर किसानलाई दिने गरेको पाइन्छ । किसानबाट एक हजार किलो ल्याएर बिचौलियाले आठ सय किलो बेच्यो भने आठ सय किलोलाई एक हजार किलो मानेर बेच्ने र त्यही पैसा किसानलाई दिने गरेको छ । जतिमा पनि उठाऊ भन्ने हुँदा प्रक्रिया नै पूरै अनौपचारिक भयो । त्यसलाई व्यवस्थित गर्न बजारमा पहुँच (मार्केट एक्सेस) स्थापित हुनुपर्छ । यसका लागि कृषि कम्पनीजस्ता संयन्त्रअगाडि बढे भने मूल्य भनेको दोस्रो कुरा हो ।

> एकीकृत कृषि विकास प्राधिकरणले कम्पनीहरूको नियमन गर्नेदेखि बाहिरका सबै परियोजनाहरूलाई एकद्वार प्रणालीमा ल्याउने, समर्थन मूल्य तोक्ने, स्थानीय पालिकाहरूलाई ग्रामीण उत्पादनमा लगाउने, सहरीलाई वितरणमा लगाउने प्रणाली विकास गरी नियमनको काम गर्ने हो भने अरू काम निजी क्षेत्रले गर्छ ।

## अनुदानले उत्पाते हुँदैन

सरकारले अहिले ५ प्रतिशत ब्याज अनुदान दिएर उत्पाते होलाजस्तो लाग्दैन । अर्बौको उद्योग राख्नेको हकमा ५ प्रतिशत अनुदानले केही हुन्छ । किनभने एक अर्ब कर्जा चलाउनेलाई १० करोड ब्याज भयो भने त्यसमा ५ प्रतिशत भनेको आधा छुट पाइयो । गत वर्ष ३ खर्ब ८० अर्ब रूपैयाँ कृषि भनेर ऋण प्रवाह भएको छ । यति धेरै ऋण लगानी हुँदा कम्तिमा एक खर्ब रूपैयाँको उत्पादन बढ्नुपर्ने हो । त्यसमा पनि २० अर्ब रूपैयाँ ब्याज अनुदान दिनुपर्ने कर्जा दुई खर्ब ३० अर्ब रूपैयाँ गएको छ । ब्याज अनुदान भनेर दुई खर्ब ३० अर्ब रूपैयाँ कर्जा प्रवाह हुँदा एक खर्बको उत्पादन बढ्नु परेन ?

किसानको पाटोबाट हेर्दा ब्याज अनुदान चाहिने भनेको लागत कम गर्न हो । किसानलाई सहकारीमार्फत मल, बिउ, गाईभैंसी, औजार, प्रविधि दिएर उत्पादन गरेको मूल्य कटाएर रकम फिर्ता गर्ने ढाँचा अवलम्बन गर्ने हो भने अनुदान रकम किसानलाई किन चाहिन्छ र ?

कृषि कर्जाको ४० प्रतिशत काठमाडौं वरिपरि लगानी भएको छ । त्यसमा पनि गोलभेडा (टमाटर) खेतीका लागि । टमाटर नेपालको मुख्य वस्तु होइन, नखाए पनि हुन्छ । यसको जीडीपीमा एकदमै न्यून योगदान छ । जीडीपीमा कम योगदान भएको क्षेत्रमा अनुदानको ठूलो कर्जा खन्याएपछि उत्पादन र उत्पादकत्व किन बढेन भन्नुको के अर्थ ?

नेपालीहरूले दैनिक दालभात खाने भएकाले धान र दलहन उत्पादन बढाउन लगानीका परियोजना कसरी बन्छ भनेर हेर्नुपर्छ । धान मकै गहुँलगायतको कृषि जीडीपीमा ३५-४० प्रतिशत योगदान छ । त्यो क्षेत्रमा बैंकले लगानी गर्न पाएकै छैन अथवा गरेकै छैन । बैंकको लगानी राइस मिलहरूमा भए पनि उत्पादनको पाटोबाट लगानी भएको छैन । कृषि जीडीपीमा १२-१३ प्रतिशत योगदान भएको तरकारीहरु र २० प्रतिशत आसपास योगदान भएको पशुपक्षीपालनमा बैंकहरूले आक्रामक लगानी गरेका छन् ।

## कृषिमा युवाहरूको बढ्दो आकर्षण

पछिल्लो समय कृषि क्षेत्रमा युवाहरु आउन खोजिरहनुभएको छ । विदेशमा बसेर नेपाल आउनेहरु कृषि क्षेत्रमा आइरहनुभएको छ । त्यसको अनुपात पनि बढ्दो अवस्थामा छ । विगतमा परम्परागत रूपमा पारिवारिक कृषिलाई अगाडि बढाएकामा अहिले व्यावसायीक रूपमा अगाडि बढेको छ । हामीले पुस्तान्तरण गर्दै गर्दा 'पढिनस् भने हलो जोत्छस्' भनेर प्रशिक्षित गरेर नपढेको मान्छेले कृषि गर्ने संस्कार बनाइदियौं । बुबाआमालाई पनि गाउँमा बसेर कृषि गर्नेभन्दा छोराछोरीले सहर बसेर २० हजार रूपैयाँको जागिर खाए पनि राम्रो हुन्छ भन्ने भयो । घरमा कृषि कर्म गर्नुभन्दा जागिर खाओस्, विदेश जाओस् भन्ने सामाजिक परम्परा विकास गरेका कारण समस्या भइरहेको छ । फलानाको छोराले डिग्री सकेर पनि हलो जोतेर बसेको छ भन्ने संस्कारका कारण युवा पलायन बढ्दो छ ।

पछिल्लो समय कृषिमा लागेर सफल भएका उदाहरणहरु सञ्चारमाध्यमबाट आउन थालेपछि कृषिप्रति आकर्षण बढाएको छ । कृषि अपनाएर पनि राम्रो गर्न सकिन्छ भन्ने उदाहरणसहित व्यापक रूपमा जागरण अभियान सञ्चालन गर्ने हो भने आकर्षण बढ्दै जान्छ । कृषि कम्पनीजस्ता संस्थाहरु विशिष्टकृत भएर आए भने झन् राम्रो हुन्छ ।

स्याउबाट वाइन, अचार, ड्राइङ बनाउन अथवा स्टोरेज गर्न जुम्ला वा सुर्खेतमा कम्पनी खुल्न सक्छ । नेपालमा उत्पादित आलु व्यवस्थापनका लागि ५/७ वटा कम्पनी आउनसक्छ । यस्ता कम्पनीहरु (अझ कृषि कम्पनीजस्ता पब्लिक कम्पनी) संस्थागत रूपमा आए भने राज्य वा राष्ट्र बैंकले सहयोग गरेर बचाउने, प्रवर्धन गर्न सक्छ भने निलम्बन गर्न पनि सक्छ । यस्ता कम्पनीहरु धेरै भएमा एउटा क्षेत्रमा एक उत्पादन उठाउन एउटा कम्पनीले जिम्मा पाउँछ भने अर्को ठाउँमा अर्कै कम्पनीले । यसमा कम्पनीको दायित्व पनि हुन्छ । मूल्य निर्धारण गरेर वस्तु किन्छ । मूल्य अभिवृद्धि गरेर उद्योग राख्न सकिन्छ ।


## एकीकृत कृषि विकास प्राधिकरण बनाऔं

कृषिको सुधारका लागि संघीय सरकारले एकीकृत कृषि विकास प्राधिकरण बनाउन सक्छ । जसले निजी क्षेत्रको लगानीलाई प्रवर्धन गर्ने, निजी क्षेत्रलाई लाइसेन्स दिने काम गर्न सक्छ । यस्तो कम्पनीको एक अर्ब पुँजी राख्नुपर्‍यो भने पनि ५० वटा कम्पनी खुल्छन् । लगानी सुरक्षित गर्न सकिन्छ कि सकिँदैन भन्ने द्विविधाले लगानी आइरहेको छैन । यद्यपि व्यक्तिगत रूपमा लगानी भइरहेको छ । एकीकृत कृषि विकास प्राधिकरणले कम्पनीहरूको नियमन गर्नेदेखि बाहिरका सबै परियोजनाहरूलाई एकद्वार प्रणालीमा ल्याउने, समर्थन मूल्य तोक्ने, स्थानीय पालिकाहरूलाई ग्रामीण उत्पादनमा लगाउने, सहरीलाई वितरणमा लगाउने प्रणाली विकास गरी नियमनको काम गर्ने हो भने अरु काम निजी क्षेत्रले गर्छ । यस्तो हुँदा स्थानीय सरकारलाई पनि नियमन र अनुगमन गर्न सजिलो हुन्छ । गलत काम गर्नेलाई कारबाही गर्न सकिन्छ । यसो हुँदा संस्थागत रूपमा कृषि क्षेत्रमा निजी क्षेत्र प्रवेश गर्न सक्छन् । संघीय प्राधिकरणले राम्रोसँग काम गरेको खण्डमा प्रदेशहरूले पनि प्रदेशअनुसार प्राधिकरण बनाएर अगाडि लैजाने वातावरण बन्छ । एकीकृत कृषि प्राधिकरणका लागि सबैले पहल कदमी लिनुपर्ने आवश्यकता छ ।

*(ढकाल मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष हुन्)*

# इँटा उद्योगलाई प्राथमिकतामा राखेर निर्माण क्षेत्रलाई सहजीकरण गर्नुपर्छ

वार्षिक एक अर्ब हाराहारी राजस्वमा योगदान दिइरहेको इँटा उद्योगमा करिब १४ अर्ब रुपैयाँ लगानी भएको अनुमान छ । तर, मुलुक संघीयतामा गएसँगै इँटा उद्योगले प्रोत्साहन पाउन सकेको छैन ।



शंकरबहादुर चन्द

नेपालको इँटा कलात्मक इँटा हो । नेपालमा प्रयोग गरिने रातो इँटा सयौँ वर्ष टिकाउ हुने मात्रै नभई निकै कलात्मक पनि छ । ३०००-३५०० वर्ष पुरानो इँटा कपिलवस्तुमा उत्खननका क्रममा भेटिएकै छ । ती इँटा र अहिले बनाउने इँटाको उत्पादन विधि तथा प्रक्रिया एउटै हो । यस हिसाबमा अहिलेका इँटा उद्योगहरूले सयौ वर्ष पुरानो सभ्यता जोगाइराखेका छन् भन्दा अत्युक्ति हुँदैन ।

हाल नेपालमा ११ सयको संख्यामा इँटा उद्योग सञ्चालनमा छन् । दुइ वर्ष अगाडिसम्म देशभर एक हजार तीन सयको संख्यामा इँटा उद्योग थिए । सरकारले पूर्वाधार निर्माणको बजेट खर्च गर्न नसक्दा पछिल्ला वर्षमा इँटाको माग घटिरहेको छ । जमिनको कित्ताकाट र आर्थिक मन्दीको प्रभावले निजी आवास निर्माणमा पनि संकुचन आउँदा इँटाको मागमा कमी आएको छ । स्थानीय तहहरूले सिमेन्टबाट बनेका 'ब्लक' प्रयोगलाई प्राथमिकता दिएका कारण इँटाको मागमा केही शिथिलता देखिएको छ । यद्यपि 'ब्लक' को आयु कति भन्नेबारे वैज्ञानिक परीक्षण सायद भएको छैन ।

### दक्ष कामदारको अभाव पूर्ति गर्न पाठ्यक्रम तयार

एउटा इँटा उद्योगमा औसतमा दुई सयभन्दा बढीले काम गर्छन् । यसरी हेर्दा कम्तिमा साढे दुई लाख व्यक्तिले इँटा उद्योगमा प्रत्यक्ष रोजगारी पाएका छन् । प्रत्यक्ष रोजगारी पाएकामध्ये ५४ प्रतिशत पुरुष र ४६ प्रतिशत महिला रहेको अनुमान छ । नेपालका इँटा उद्योगको वार्षिक पाँच अर्ब युनिट इँटा उत्पादन क्षमता छ भने चार अर्ब ३० करोड युनिट माग रहेको विभिन्न अध्ययनले देखाएका छन् ।

यद्यपि नेपालमा इँटा उद्योगका लागि स्वदेशी दक्ष जनशक्ति एकदमै न्यून छन् । अहिले पनि भारतबाट दक्ष कामदार ल्याउनुपर्ने बाध्यता छ । यो बाध्यताबाट मुक्तिका लागि इँटा उद्योग महासंघले 'इसिमोड' भन्ने संस्थासँग मिलेर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) मार्फत २९० घण्टाको 'ब्रिक फायर मास्टर' नामक एउटा पाठ्यक्रम तयार गरिएको छ । सीटीईभीटीमार्फत व्यावसायिक तालिम दिएपछि क्रमशः दक्ष कामदारको अभाव पूर्ति हुँदै जाने विश्वास छ ।

### 'जिग-ज्याग' प्रविधिमा रूपान्तरण र विदेशी लगानी

म आफैं २०५२ सालदेखि इँटा उद्योगमा संलग्न छु । अहिले पनि कञ्चनपुरको वेदकोट नगरपालिका शिवशंकर इँटा उद्योग सञ्चालित छ । नेपालको भौतिक विकास, सांस्कृतिक सम्पदाको निर्माण र कला संस्कृतिमा इँटा उद्योगको योगदान ठुलो छ । हाम्रा पुरातात्त्विक महत्त्वका सम्पदा र कलात्मक मठ-मन्दिरमा रातो इँटा प्रयोग भएको हुन्छ । यसबाट पनि हाम्रो मुलुकको सांस्कृतिक र पुरातात्त्विक क्षेत्रमा इँटा कति महत्त्वपूर्ण छ भन्ने देखाउँछ । बुद्ध जन्मभूमि लुम्बिनीसहित पौराणिक महत्त्वका स्थानहरूमा उत्खनन् गर्दा भेटिएका हजारौँ वर्ष पुराना इँटाहरूले पनि यो कुराको पुष्टि गर्छ ।

इँटा उद्योगहरूले पनि पुरानो प्रविधिलाई हटाएर नयाँ एवं आधुनिक अँगाल्दै आएका छन् । हाम्रो कला र गुणस्तरमा कुनै कमी नहुने गरी अहिले इँटा उद्योगहरु 'जिग-ज्याग' प्रविधिमा रूपान्तरण भइरहेका छन् । यो प्रविधि भनेको इन्धनको खपत कम गर्ने, वातावरणमैत्री र गुणस्तर वृद्धि गर्ने प्रविधि हो ।

इँटा उद्योगहरूले 'कोल (कोइला)' को खपत कसरी घटाउने भन्नेतिर ध्यान दिइरहेका छन् । सरकारले पनि त्यसतर्फ ध्यान दिनु आवश्यक छ । अहिले 'हाइब्रिड हफुम्यान किल्न' र 'टनेल किल्न' मा आधारित इँटा उद्योगमा विदेशी लगानी पनि आइरहेको छ । इँटा उत्पादन गर्दा सबैभन्दा ठुलो लगानी इन्धनमा गर्नुपर्छ । एउटा इँटा बनाउन



**स्थानीय तहहरूले सिमेन्टबाट बनेका 'ब्लक' प्रयोगलाई प्राथमिकता दिएका कारण ईंटाको मागमा केही शिथिलता देखिएको छ । यद्यपि 'ब्लक' को आयु कति भन्नेबारे वैज्ञानिक परीक्षण सायद भएको छैन ।**

लाग्ने कुल खर्चमध्ये ५० प्रतिशत खर्च इन्धन (कोइला) मा जान्छ । कोइला आयातमा ठुलो धनराशि विदेशिने गरेको छ । इन्धनको आयातमा पैसा बिदेसिइरहने र नेपाली कच्चा पदार्थका रूपमा केबल माटो मात्रै प्रयोग हुने हो भने ईंटा उद्योगमा विदेशी लगानी आउँदा अपेक्षित लाभ नेपाललाई नहुन सक्छ । यस्तो अवस्थामा नेपालकै विद्युत् प्रयोग हुने 'बायोमास फ्युल' मा जानुपर्ने आवश्यकता छ । यदि 'बायोमास फ्युल' मा जान सकियो भने ईंटा उद्योगमा विदेशी पुँजी आउँदा मुलुकलाई राम्रै हुन्छ ।

### ईंटा उद्योगलाई राष्ट्रिय नीतिमा राखेर उद्योगको मान्यता दिनुपर्छ

निर्माण सामग्रीमध्ये ईंटा मुख्य वस्तु हो । मुलुकको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा ईंटा उद्योगको योगदान ३ प्रतिशत हाराहारी रहेको बताइन्छ । इसिमोडले सन् २०१८ मा गरेको एक अध्ययनअनुसार जीडीपीमा ईंटा उद्योगको योगदान २ प्रतिशत छ ।

वार्षिक एक अर्ब हाराहारी राजस्वमा योगदान दिइरहेको ईंटा उद्योगमा करिब १४ अर्ब रूपैयाँ लगानी भएको अनुमान छ । तर, मुलुक संघीयतामा गएसँगै ईंटा उद्योगले प्रोत्साहन पाउन सकेको छैन । विगतमा ईंटा उद्योग घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएर चल्दै आएका थिए । तर, संघीयता कार्यान्वयनपछि ५ करोडभन्दा कम पुँजी भएका उद्योगहरु प्रदेश सरकारले हेर्ने भनियो । अधिकांश ईंटा उद्योगहरु प्रदेशअन्तर्गत रहने भए पनि निर्वाचित प्रदेश सरकार आएको सात वर्ष बितिसक्दा पनि वातावरण, श्रम, कच्चा पदार्थ र इन्धनसम्बन्धी नीति, ऐन वा प्रावधान ल्याउन सकेनन् ।

अर्कोतिर वातावरण ऐन, श्रम ऐन, राजस्वसम्बन्धी ऐन र गुणस्तरसम्बन्धी ऐन केन्द्र सरकारले मात्रै बनाउने र लागु गर्ने भन्ने व्यवस्थाका कारण ईंटा उद्योगहरु कुन तहको सरकारअन्तर्गत चलिरहेका छन् भन्ने अन्योल सिर्जना भएको छ ।

स्थानीय स्तरबाट माटो, भस्कट (बालुवा) ल्याउनुपर्छ । त्यसमा पनि प्रस्ट व्यवस्था छैन । खानी विभागले औद्योगिक माटो (माइलस्टोन भएको) र साधारण माटो भनेर माटोलाई दुई तहमा वर्गीकरण गरेको छ । प्रदेश सरकारले माटो वर्गीकरणको कुरै बुझेनन् र उद्योगले प्रयोग गर्ने माटो नै औद्योगिक माटो हो भनेर बुझे । प्रदेश सरकारहरूले माटोको वर्गीकरण नबुझेकाले अहिले ईंटा व्यवसायीहरूले माटोको मूल्यभन्दा बढी कर तिर्नुपरिरहेको छ । नीतिमा स्पष्टता नहुँदा अन्योलको अवस्था आएको छ । प्रदेशमा जनशक्ति नहुँदा काममा ढिलाइ भइरहेको छ । यस्तो अवस्थामा ईंटा उद्योगहरूलाई राष्ट्रिय नीतिमा राखेर व्यवहार गरिनुपर्छ । यद्यपि ईंटा व्यवसायीहरु प्रदेश सरकार मातहत बस्न मान्दैनन् भन्ने होइन ।

अहिले ईंटाको माग केही घटे पनि ईंटा भट्टालाई ईंटा उद्योगमा रूपान्तरण गर्ने अभियानमा महासंघ लागिरहेको छ । सरकारले पनि समयसापेक्ष प्रविधिलाई रूपान्तरण र उद्योगलाई अभिमुखीकरण गर्न जरूरी छ । ईंटा उद्योगका लागि अल्पकालीन योजनाअन्तर्गत हामीले 'जिग-ज्याग' प्रविधिमा रूपान्तरण गरिरहेका छौं । तर, यत्तिले मात्रै पुग्दैन । आत्मनिर्भर भइसकेको ईंटा उद्योगलाई दीर्घकालीन रूपमै सबै कच्चा पदार्थ स्वदेशी नै प्रयोग हुने वातावरण बनाउन आवश्यक छ । दीर्घकालीन रूपमा सरकारले नै आयातित कोलको खपत घटाउने योजना बनाउनुपर्छ । त्यसका लागि ईंटा व्यवसायीहरु सरकारसँग सहकार्य गर्न तयार छौं । यद्यपि पछिल्लो समय सरकारले प्रविधिबारे



**उद्योग स्थापना भएपछि बसेका बस्तीले प्रदूषण भयो, स्वास्थ्यमा प्रतिकूल असर पर्‍यो भनेर आन्दोलन गर्दा उद्योगमा असर गरिरहेको हुन्छ । उद्योग बसिसकेपछि बसेको बस्तीले उद्योगलाई असर पुर्‍याउन नहुनेतर्फ सरकारले स्पष्ट मापदण्ड बनाउन आवश्यक छ ।**

अवगत गराउँदै र रूपान्तरणका लागि अग्रसरता लिन थालेको छ । यसले ईँटा व्यवसायीलाई उत्साहित बनाएको छ । कोभिड-१९ बाटै क्रमशः घट्न थालेको ईँटाको माग विस्तारै बढ्छ भन्ने आशा छ ।

### उद्योग स्थापनापश्चात् बसेका बस्तीले आन्दोलन गर्दा समस्या

सुरूदेखि नै ईँटा उद्योग ग्रामीण क्षेत्र केन्द्रित छन् । प्रायः बाटो र बिजुलीको सहज पहुँच नभएका क्षेत्रमा ईँटा उद्योग खोलिन्छन् । धेरैजसो क्षेत्रमा व्यवसायीहरु आफैँले आफ्नै हिसाबले सडक बनाएर ईँटा उद्योग सञ्चालन गर्ने गर्छन् । पछिल्लो समय स्थानीय तहहरूलाई पहुँचमार्ग पुर्‍याउन अनुरोध गर्ने गरिएको छ । ठुलो बजेट चाहिँदा प्रदेश सरकार र केन्द्र सरकारमा स्थानीय तहले लबिइङ गर्नुपर्ने अवस्था पनि छ ।

उद्योग स्थापना भएपछि आसपासमा पूर्वाधार बन्छन्, बस्ती बस्छन् । यो स्वभाविक प्रक्रिया हो । तर, उद्योग स्थापना भएपछि बसेका बस्तीले प्रदूषण भयो, स्वास्थ्यमा प्रतिकूल असर पर्‍यो भनेर आन्दोलन गर्दा उद्योगमा असर गरिरहेको हुन्छ । उद्योग बसिसकेपछि बसेको बस्तीले उद्योगलाई असर पुर्‍याउन नहुनेतर्फ सरकारले स्पष्ट मापदण्ड बनाउन आवश्यक छ ।

### ईँटा उद्योगलाई चालु पुँजी दिने प्रावधान हुनुपर्छ

पछिल्लो समय वास्तवमै ईँटा उद्योगमा लगानी साँघुरिएको छ । बस्तीको विकास हुनु, नयाँ प्रविधिमा रूपान्तरण हुन नसक्नु, उद्योगका रूपमा यान्त्रीकरण (मेसिनाइज्ड) गर्न नसक्नु, ठाउँको अभाव, बढ्दो लागत र न्यून प्रतिफलका कारण ईँटा उद्योगमा लगानी साँघुरिएको छ । यद्यपि, नयाँ युवा पुस्ताको प्रवेश रोकिएको भने छैन ।

दशकअघि एउटा ईँटा उद्योग स्थापना गर्दा जग्गाबाहेक २ देखि साढे २ करोड रूपैयाँ लाग्थ्यो । तर, अहिले न्यूनतम पाँच करोड रूपैयाँ आवश्यक पर्छ । बैंक तथा वित्तीय संस्थाहरूको लगानी नीति ईँटा उद्योगमैत्री छैन । उदाहरणका लागि डन्डी उद्योगले गोदाम (स्टक सामान अर्थात् प्लेज) धितो राखेर बैंकबाट चालु पुँजी कर्जा पाउँछन् । डन्डी उद्योगले उत्पादित डन्डी गोदाममा राखेर त्यहीँ गोदाम धितो देखाउँछन् र त्यसलाई सिल गरेर बैंकले कर्जा दिन्छन् । पछि कर्जा तिरिसकेपछि त्यो सिल फुकुवा हुन्छ । तर, ईँटा उद्योगलाई यो सुविधा छैन । जबकि, उद्योग परिसरमै करोडौँको सामान स्टक हुन्छ । त्यसैलाई धितो मानेर अहिले ईँटा उद्योगलाई बैंकहरूले चालु पुँजी लगानी गर्नुपर्ने आवश्यकता छ ।

सँगसँगै पुनर्कर्जाको व्यवस्था हुनु पनि उत्तिकै आवश्यक भइसकेको छ । यसो हुन सके मुलुककै अर्थतन्त्रमा योगदान पुग्छ । किनकि, अहिले नेपालको रातो ईँटा (रेड ब्रिक) विदेशमा निर्यात हुन थालेको छ । मुलुकको वैदेशिक व्यापार घाटा चुलिँदै गएको अवस्थामा निकासी सुरू हुनु भनेको आशा जगाउनु हो । काठमाडौं उपत्यकाभित्र रहेका उद्योगहरूबाट कलात्मक ईँटाहरु तिब्बत, भियतनामलगायत गन्तव्यमा निकासी हुन थालेको छ । यो मुलुककै लागि गौरवको विषय हो । यद्यपि अहिले परिमाण थोरै छ, यसलाई बढाउन सरकारले पनि सहजीकरण गरिदिनुपर्छ ।

### एसिया स्तरको संगठनमा नेपाल अध्यक्ष

महासंघले पहलकदमी लिएर अन्तर्राष्ट्रिय रूपमा पनि ईँटाको गुणस्तर र प्रविधि एउटै बनाउन दक्षिण एसियामा संगठन निर्माण भएको छ । सन् २०१९ मा खोलिएको 'फेडेरेसन अफ साउथ एसियन ब्रिक क्लिन एसोसिएसन (फाब्का)' नामक संगठनको अध्यक्ष अहिले नेपाल ईँटा उद्योग महासंघ छ । फाब्काको नेपाल संस्थापक अध्यक्ष पनि हो । नेपाल, भारत, बंगलादेश र पाकिस्तान गरी चार देशका ईँटा उत्पादक संगठन सदस्य रहेको फाब्काको सचिवालय पनि नेपालमै छ ।

एसियाभर ईँटा उद्योगमा एउटै प्रविधि र एउटै नीति बनाउन पहल गर्ने उद्देश्य संगठनको छ । पहिलो चरणमा दक्षिण एसियाका सबै मुलुक संगनमा समेट्ने अभियानमा फाब्का लागेको छ । ईँटा उद्योगमा प्रयोग हुने प्रविधि, वातावरण, श्रमलगायत विषयमा एसियामा समानता ल्याउन र दक्ष कामदार उत्पादनका लागि तालिम केन्द्र सञ्चालन गर्न फाब्का क्रियाशील छ । यसबाट दक्ष जनशक्ति आपूर्ति भई नेपालको ईँटालाई अन्तर्राष्ट्रिय बजारमा थप पहुँच पुग्ने आशा गर्न सकिन्छ ।

*(चन्द नेपाल ईँटा उद्योग महासंघका अध्यक्ष हुन्)*

# कृषि उन्नयनका लागि कृषकमैत्री नीति आवश्यक छ

**करिब १८ प्रतिशत नेपाली निरिपेक्ष गरिबीको रेखामुनि रहेको अवस्थामा सबैका लागि खाद्य हक स्थापित गर्न पनि निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायीकरण गरी सामाजिक रूपान्तरण गर्नु आवश्यक छ ।**



मोहनकुमार बस्नेत

सरकारले निर्वाहमुखी कृषि क्षेत्रमा व्यावसायिक वातावरण सिर्जना गर्न सम्पूर्ण खेती प्रणाली र पशुधनमा किसानहरूको सामाजिक सुरक्षालाई प्राथमिकता दिई अनिवार्य बिमा कार्यक्रम अघि सारेको छ । मुलुकको आर्थिक विकासको महत्त्वपूर्ण आधारमध्ये एक मानिएको कृषि क्षेत्रभित्र कृषि एवं पशुपालन जडीबुटी, वनजन्य क्षेत्र समेटिएका छन् । कृषि, वन र जडीबुटी क्षेत्रका सम्भावना र चुनौतीका विषयमा पर्याप्त अध्ययन तथा अनुसन्धान पनि भइरहेका छन् र त्यसका आधारमा आगामी राणनीतिहरु पनि बनिरहेका छन् ।

ग्रामीण अर्थतन्त्रलाई क्रियाशील बनाउन र नागरिकलाई स्वदेशमै स्वरोजगारको वातावरण तथा रोजगारीको अवसर सिर्जना गर्न उद्यमशीलता विकास गरी उत्पादित वस्तुको बजारीकरण गर्न निजी क्षेत्र र तीनै तहका सरकारबीच सहकार्यको अवधारणा अघि बढिरहेको छ । प्रांगारिक मलखाद उपयोग गरी उत्पादन वृद्धि गर्न प्रोत्साहित गर्ने नीति, वैज्ञानिक मापदण्डका साथै सहुलियत र अनुदानबाट राज्य कृषि क्षेत्रमा थप उपलब्धि हासिल गर्न अग्रसर भएको पाइन्छ ।

देशको कुल गार्हस्थ उत्पादन (जीडीपी) मा २४.९५ प्रतिशत योगदान कृषि क्षेत्रको छ । त्यसैगरी खेतीयोग्य जमिन घटिरहेको छ भने कृषिमा आश्रित परिवारको संख्या बढिरहेको छ । यद्यपि समग्र जनसंख्यामा कृषि क्षेत्रप्रतिको आबद्धता भने घटेको छ । पछिल्लो राष्ट्रिय कृषि गणना २०७८ अनुसार पछिल्लो १० वर्षमा तीन लाख सात हजार २२९ हेक्टर खेतीयोग्य जमिन घटेको छ । राष्ट्रिय कृषि गणना २०६८ अनुसार ३८ लाख ३१ हजार ९३ कृषक परिवारले २५ लाख २५ हजार ६३९ हेक्टरमा कृषि कार्य गर्ने गरेकामा पछिल्लो गणनाअनुसार ४१ लाख ३० हजार ७८९ परिवारले २२ लाख १८ हजार ४१० हेक्टरमा खेती गर्ने गरेका छन् । कृषि गणना २०७८ अनुसार १७ लाख आठ हजार घरपरिवारले गाईगोरू पालन गरेका छन् जबकि २०६८ मा गाईगोरू पालन गर्ने घरपरिवारको संख्या २२ लाख ८१ हजार थियो । कृषि गणना २०६८ मा जम्मा घरिपरिवाध्ये ७१ प्रतिशत कृषिमा आबद्ध रहे पनि २०७८ मा भने ६२ प्रतिशत देखिएको छ । त्यस्तै, आफूले उत्पादन गरेको कृषिजन्य वस्तुमा वर्षभरि खान पुग्ने कृषक परिवारको संख्या ४५ प्रतिशत छ ।

संविधानले प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक र खाध्य सम्प्रमुताको हक अर्थात् खाद्य हक सुनिश्चित गरेको छ । तर, राज्यले खाद्य हक कार्यान्वयन गर्न सकेको छैन । करिब १८ प्रतिशत नेपाली निरिपेक्ष गरिबीको रेखामुनि रहेको अवस्थामा सबैका लागि खाद्य हक स्थापित गर्न पनि निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायीकरण गरी सामाजिक रूपान्तरण गर्नु आवश्यक छ । कृषि क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने कृषि तथा पशुपक्षी विकास मन्त्रालयको वार्षिक बजेट नै ५० अर्ब रूपैयाँ हाराहारी छ । त्यसमध्ये २० अर्ब रूपैयाँ मल अनुदानमै खर्च हुन्छ । प्रशासनिक तथा अन्य खर्चका कारण कृषि अनुसन्धानका कार्यक्रमका लागि बजेट अभाव हुने गरेको छ । गत आर्थिक वर्षमा ४० अर्ब रूपैयाँ बराबरको धान–चामल आयात गरिएको अभिलेख कृषि मन्त्रालयसँग छ । तर, भन्सार विभागको तथ्यांक हेर्ने हो भने ठूलो राशि कृषिजन्य वस्तु आयातमै खर्च भइरहेको छ । आर्थिक वर्ष ०७९/८० मा एक खर्ब रूपैयाँभन्दा बढीको कृषि उपभोग्य सामग्री आयात गरिएकामा ०८०/८१ मा भने केही घटेर ९० अर्ब रूपैयाँमा खुम्चिएको छ ।

एकातिर खाद्यान्न आयात बढ्दो छ भने अर्कोतिर करिब ५० लाख युवा जनशक्ति रोजगारीको

खोजीमा विदेश पलायन भएकाले कृषियोग्य जमिन बाँझिँदै गएको छ । यसबाट बर्सेनि कृषि उत्पादकत्व क्षमतामा ह्रास आइरहेको छ । यस्तो अवस्थामा सरकारले कृषि तथा पशुपक्षी विकास तथा प्रवर्धनमा गरेको लागनीबाट लक्षित वर्ग/समुदाय अपेक्षाकृत रूपमा लाभान्वित हुन सकिरहेका छैनन् । कृषि क्षेत्रमा गरिने लगानीले समग्र कृषि उपजको उत्पादन वृद्धि भई कृषक लाभान्वित हुनुपर्नेमा सरकारी लगानी 'बालुवामा पानी' जस्तै भएको छ । मल अभाव, उन्नत बिउ-बिजनको समस्या, उत्पादनले बजारसँग प्रतिस्पर्धा गर्न नसक्नु कृषि क्षेत्रका मुख्य समस्या हुन् । अझ बिचौलिया हाबी हुँदा वास्तविक किसान मर्कामा परिरहेको तथ्य जगजाहेर छ । सरकारले अंगीकार गरेको नीति तथा कार्यक्रम र आमकृषकको वास्तविक समस्याबीच तालमेल हुन सकिरहेको छैन भने कृषि उपजको बजारीकरण एवं मूल्य निर्धारणमा सरकारी उदाशीनता उदेकलाग्दो छ । अझ वास्तविक किसान को हो भन्नेमा राज्य बेखबरजस्तै देखिन्छ । त्यसैको परिणाम राज्यले उत्पादन बढाउन भनि दिएका अनुदान तथा सहुलियत टाठा बाठाहरूले नै प्रयोग गरिरहेको पाइन्छ ।

कृषि क्षेत्रमा सरकारले लिएको दशवर्षे लगानी नीति एउटा महत्त्वपूर्ण योजना हो । कृषि क्षेत्रमा सरकारले गर्ने खर्चका लागि स्रोत सुनिश्चित हुनुपर्छ । तीनै तहका सरकार, गैरसरकारी तथा निजी क्षेत्रबीच सहकार्य भई कृषिका प्राथमिकता पहिल्याइ लगानीका आयाम पहिचान गर्नुपर्छ । कृषियोग्य जमिन संरक्षण गर्न भूउपयोग नीति र कृषि उत्पादन बढाउन चक्लाबन्दी कार्यक्रमलाई प्रभावकारी रूपले कार्यान्वयन गर्नुपर्छ ।

प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनको नकारात्मक प्रभावका कारण बहुसंख्यक किसानलाई प्रतिकूल असर परिरहेको छ । सीमित सिँचाइ सुविधा, परम्परागत खेती पद्धति, गुणस्तरीय मल बिउको अभावमा उत्पादकत्व घट्दै गएको छ । यसलाई सुधार गर्न कृषि क्षेत्रमा राष्ट्रियस्तरको सूचना व्यवस्थापन प्रणालीको एकीकृत सञ्जाल बनाइनुपर्छ । तुलनात्मक लाभ भएका अधिकांश कृषिजन्य उत्पादन अर्धप्रशोधित तथा अप्रशोधित रूपमा निकासी भइरहेका वस्तुहरु स्वदेशमै प्रशोधन गर्ने व्यवस्था हुनुपर्छ । प्रशोधनपश्चात् निर्यात गर्दा बढी मूल्य पाउनुका साथै स्वदेशमै रोजगारीको आधार पनि तयार हुन्छ ।

कृषिको व्यावसायीकरणका लागि सहकारी, सामूहिक र करार खेतीलाई प्रोत्साहित गरी बजार प्रवर्धन र पूर्वाधार विकासमा सार्वजनिक, निजी साझेदारी (पीपीपी) मोडल अपनाउनुपर्छ । प्रत्येक स्थानीय तहमा रहेको बाँझो जग्गालाई आधुनिक कृषि गर्न चाहने उद्यमी/व्यवसायीलाई निश्चित अवधिका लागि भाडा (लिज) मा दिने व्यवस्था हुनुपर्छ । ठूला कृषि फार्महरूको सम्भाव्यता अध्ययन र माटो गुणस्तर परीक्षण गरी नमुना सामूहिक कृषि फार्महरूको विकास गरिनुपर्छ । अर्ग्यानिक वस्तुको उत्पादनमा जोड दिई विषादीरहित क्षेत्रको विकास गर्नुपर्छ । पछिल्लो समयमा ग्रामीण पर्यटन र अर्ग्यानिक खेतीको लोकप्रियता बढ्दै गएकाले 'होम स्टे' का माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटकलाई अर्ग्यानिक कृषि उत्पादन प्रवर्धनमा जोड्न सकिन्छ ।

उत्पादन बढाउने र किटाणु नष्ट गर्ने नाममा खेतीयोग्य जमिनमा जथाभावी रसायन (केमिकल) प्रयोग गरिँदा जमिनको उत्पादकत्व क्रमशः ह्रास हुँदै गएको छ । पहाडी क्षेत्रमा उच्च पहिरो र तराई क्षेत्रमा बाढीका कारण उर्वर भूमिमा क्षति पुगिरहेकैले कृषि क्षेत्र निकै जोखिमयुक्त बन्दै गएको छ । त्यसैले भूक्षय रोक्न र उर्वर जमिनको संरक्षण गर्न आवश्यक कानुन बनाएर लागु गर्नुपर्छ ।

अन्तर्राष्ट्रिय बजारमा माग भएका निर्यातयोग्य कृषि उत्पादन बढाउन तोकिएका मापदण्ड तथा गुणस्तर पालनामा कृषकहरूलाई प्रोत्साहित गर्नुपर्छ । कृषि ऋणका लागि ब्याज अनुदान तथा ऋण प्रवाहमा छिटो-छरितो र सरलीकृत व्यवस्था अपनाइनुपर्छ । मल, बिउ तथा विषादी प्रयोगबारे किसानलाई जानकारी दिनुपर्छ । रैथाने बिउको जगेर्ना गर्न 'बिउ-बिजन बैंक' स्थापना गरिनुपर्छ । त्यसैगरी कृषिलाई यान्त्रिकृत गरिनुपर्छ । यान्त्रीकरणले व्यवसायमुखी कृषिको विकास हुन्छ । परम्परागत ढंगले गरिएको कृषि प्रतिस्पर्धी र गुणस्तरीय हुन सक्दैन । कृषिमा आएको यान्त्रीकरणले नेपालभन्दा साना मुलुकले पनि कृषि क्षेत्रमा ठुलो प्रगति गरेका छन् । यान्त्रीकरणमा मर्मत तथा पार्टपुर्जाको जडान गर्न राष्ट्रिय आविष्कार केन्द्रसँग आवश्यक समन्वय गरी किसानलाई सहुलियत दिन सकिन्छ । त्यसैगरी कृषि उत्पादन कार्यको पूर्वाधार एवं मेसिन औजार आपूर्तिमा कमजोर देखिएको सरकार आविष्कार केन्द्रसँग मिलेर काम गर्न सक्छ ।

खडेरी, असिना हावाहुरी, मौसमी प्रतिकूलता,





**पहाडी क्षेत्रमा उच्च पहिरो र तराई क्षेत्रमा बाढीका कारण उर्वर भूमिमा क्षति पुगिरहेकैले कृषि क्षेत्र निकै जोखिमयुक्त बन्दै गएको छ । त्यसैले भूक्षय रोक्न र उर्वर जमिनको संरक्षण गर्न आवश्यक कानुन बनाएर लागु गर्नुपर्छ ।**

अप्रत्यासित आगन्तुक किरा (सलहजस्ता) को प्रकोप, जंगली पशुपक्षी (हात्ती, बाँदर, नीलगाई, दुम्सी, चराचुरूङ्गी) को आक्रमण र समय-समयमा आउने विभिन्न रोगव्याधि तथा महामारीबाट कृषि उपज नै घट्न जाने र भाउसमेत घटने जोखिम सदैव देखिन्छ । त्यस्तै, न्यून गुणस्तरको बिउबिजनका कारण खाद्यान्न, फलफूल तथा तरकारी उत्पादनमा नोक्सानी भइरहेको छ । यसबाट कतिपय किसानको लगानी बर्सेनि खेर गइरहँदा कृषि पेसाप्रति नै लगानीकर्ता उदासीन बन्दै जाने क्रम बढिरहेको छ । यस्तो समस्याबाट किसानलाई बचाउन सरकारी तबरबाटै भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता छ । आयातित कृषि उपजसँग स्थानीय उत्पादनहरूले प्रतिस्पर्धा गर्न नसकेको अवस्थामा किसानहरूको उत्पादनलाई संरक्षण गरी लगानीको उचित प्रतिफल उपलब्ध गराउन सरकारले भूमिका खेल्नुपर्छ । आयातित सामग्रीलाई भन्सार शुल्क बढाएर भए पनि स्वदेशी उत्पादनसँग समायोजन गर्नुपर्छ । आत्मनिर्भर बन्न सक्ने कृषि उपजको आयातमा पूर्ण प्रतिबन्ध लगाई स्वदेशी किसानलाई प्रोत्साहित गरिनुपर्छ ।

कृषिमा दक्ष जनशक्ति उत्पादनसँगै कृषि कच्चा पदार्थमा आधारित उद्योगहरु विकासका लागि कच्चा पदार्थको मूल्य र उपलब्धतामा एकरूपता कायम गर्नुपर्छ । कृषि क्षेत्रमा देखिएका सबै प्रकारका जोखिम न्यूनीकरणका लागि सहज र सरल रूपमा कृषि बिमा नीति अख्तियार गर्नुपर्छ । अहिले कृषि बिमा कार्यक्रम अघि बढे पनि प्रभावकारी देखिइरहेको छैन । समग्रतामा भन्दा कृषि क्षेत्रको उन्नयनका लागि कृषकमैत्री नीति आवश्यक छ ।

वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको लगत संकलन गरी उनीहरूको सीपलाई व्यावसायिक रूपमा उपयोग गर्न सकिन्छ । त्यसका लागि उद्यमशील तालिम दिने तथा ऋणमा सहज पहुँच बढाउन सरकारले भूमिका खेल्नुपर्छ । त्यस्तै, भारत, चीन, जापान, दक्षिण कोरीया, जर्मनी, इजरायललगायत विकसित मुलुकमा भइरहेको कृषि अनुसन्धानका कार्यक्रममा बर्सेनि कृषिसम्बन्धी तालीम लिएर नेपाल फर्किएको ठुलो जनशक्तिलाई कृषि व्यवसायमा क्रियाशील गराउन सकिन्छ (अहिले केही प्रयास गरिए पनि प्रभावकारी देखिएको छैन) । त्यसका लागि कृषि उत्पादनको मूल्य किसानको फार्म/गेटमा तोकिनु आवश्यक छ । यसबाट बिचौलियाले लिने अत्यधिक नाफाको अन्त्य गरी किसानले आफ्नो उत्पादनको मूल्य पाउने वातावरण बनाउँछ । त्यसका लागि किसान र व्यवसायीको प्रत्यक्ष संलग्नता हुने गरी हरेक स्थानीय तहमा खरिद-बिक्रीका लागि सहज हुने गरी एउटा अत्याधुनिक सूचना केन्द्र (प्रविधि र शीत भण्डारसहितको एग्रोभेट/संकलन घर) स्थापना गरिनुपर्छ । जहाँ बजारको मागभन्दा बढी उत्पादन भएका कृषिजन्य उत्पादनलाई भण्डारणसेत गर्न सकियोस् ।

पालिकाहरूकै सक्रियतामा सामूहिक फार्महरूको विकास गर्न सकिन्छ । यसरी फार्महरूमा उत्पादित सामानको प्राविधिक (गुणस्तर र केमिकल) परीक्षणपछि ग्रेडिङ, ब्रान्डिङ, प्याकेजिङजस्ता कामहरु गरी बजारमा पठाउने प्रणाली विकास गर्न सकिए कृषक तथा कृषि उद्यमीहरूलाई नाफा कमाउने आधार तयार हुन्छ र अझ लगानी बढाउन प्रेरित हुन्छन् । कृषि र कृषकको पहिचान, सूचीकरण, एवं वर्गीकरण गरी उनीहरूलाई वित्तीय सुविधामा पहुँच सहज बनाउनुपर्छ । बजारको मागका आधारमा आपूर्तिको व्यवस्था तथा कृषि उपजहरूलाई आत्मनिर्भर बनाउनेतर्फ नीति तथा बजेटमा व्यवस्था गरिनुपर्छ । यसले समग्र कृषि क्षेत्रमा लगानी वृद्धि गराउने आधार तयार हुन्छ । यसबाट खाद्य तथा उपभोग्य वस्तुमा बाहिरिने ठूलो रकम सञ्चित हुन गई समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव देखिन्छ । त्यसका लागि सरकार, व्यवसायी र कृषकहरूमा दृढ इच्छा शक्ति हुनुपर्छ ।


*(बस्नेत बल्खु तरकारी बजारका अध्यक्ष हुन्)*

NIC ASIA
एन आई सी एशिया बैंक लि.

# Bank Anytime Anywhere with NIC ASIA

## MoBank App

NEA
Flight ticket
Government payment
Apply For Share
TV
Water
Internet
Topup
Insurance
EMI
School
Cardless withdraw
Fund transfer
Credit card
Demat



**SCAN** to **DOWNLOAD**

ANDROID APP ON Google play

Download on the App Store

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

Customer Care: **1660-01-77771, 1810-21-77771**
Hotline: **01-5970101**

# नेपालको बैंकिङ : विकास र अवसर

राष्ट्र बैंकको निरन्तर प्रयास र प्राथमिकताका कारण वित्तीय पहुँचमा उल्लेख्य वृद्धि भएको छ । वित्तीय साक्षरता अभिवृद्धि तथा ग्राहक संरक्षणमा सुधार आएको छ ।



महाप्रसाद अधिकारी

## विषय प्रवेश

अर्थतन्त्रमा उपयुक्त स्तरको मुद्रा प्रदाय कायम गरी बैंकिङ प्रणालीमा रहेको स्रोत-साधनलाई उत्पादनमूलक क्षेत्रमा लगानी गराई अर्थतन्त्रलाई स्थायित्व प्रदान गर्ने भएकाले बैंकिङ क्षेत्रलाई अर्थतन्त्रको मेरूदण्ड मान्ने गरिन्छ । यस क्षेत्रले वित्तीय मध्यस्थताका माध्यमबाट छरिएर रहेका बचतलाई पुँजीका रूपमा परिचालन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । यसका साथै, आर्थिक कारोबारको फरफारक एवं व्यक्ति तथा संस्थाका लागि अत्यावश्यक वित्तीय सेवा प्रदान गर्नसमेत बैंकिङ क्षेत्रले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसै परिप्रेक्ष्यमा नेपालको बैंकिङ विकासको सिंहावलकोन गर्दै विद्यमान चुनौती र आगामी बाटोका विषयमा यस लेखमा संक्षिप्त विश्लेषण गरिएको छ ।

नेपालको बैंकिङ विकासक्रम

वि.सं. १९९४ मा नेपाल बैंक लिमिटेडबाट सुरू भएको नेपालको औपचारिक बैंकिङ यात्रा २०१३ सालमा नेपाल राष्ट्र बैंकको स्थापना र सञ्चालन, कृषि विकास बैंक, नेपाल औद्योगिक विकास निगम, राष्ट्रिय वाणिज्य बैंक हुँदै अगाडि बढेको पाइन्छ । सन् १९८० को दशकदेखि देशले आर्थिक उदारीकरणको नीति अपनाएपश्चात् वैदेशिक संयुक्त लगानीका बैंकहरूको प्रवेश भएपछि बैंकिङ क्षेत्रको विकास र सुधारले गति लिएको मानिन्छ । संरचनात्मक समायोजन कार्यक्रम र तत्पश्चात् अवलम्बन गरिएका वित्तीय क्षेत्रको सुधारका कार्यक्रमहरूको फलस्वरूप यस क्षेत्रको संख्यात्मक, गुणात्मक एवं सेवामा उल्लेखनीय वृद्धि र संरचनात्मक परिवर्तन देखिएको छ । सन् १९८५ देखि विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता बहुपक्षीय निकायहरूको सहयोगमा नेपालले वित्तीय क्षेत्र सुधारसम्बन्धी विभिन्न कार्यक्रम ल्याएको थियो । रूपान्तरणको प्रमुख कार्यहरूमा राज्यको स्वामित्वमा रहेका बैंकहरूको सुधार, आधुनिक बैंकिङ अभ्यासहरूको थालनी, ब्याजदरका नवीन सिद्धान्तको उदारीकरण, नेपाल राष्ट्र बैंकलाई स्वायत्तता प्रदान गरी सबल केन्द्रीय बैंकका रूपमा स्थापित गर्ने तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको विवेकशील नियमहरूको कार्यान्वयन आदि थिए । उक्त सुधार कार्यक्रमले वित्तीय समावेशिता अभिवृद्धि गर्न, पहुँचविहीन क्षेत्रहरूलाई कर्जाको सुविधा

तालिका १ : वित्तीय संस्थाहरूको वृद्धि

| बैंक तथा वित्तीय संस्था | १९८० | १९९० | २००० | २०१० | २०२० | २०२४ |
|---|---|---|---|---|---|---|
| वाणिज्य बैंक | २ | ५ | १३ | २७ | २७ | २० |
| विकास बैंक | २ | २ | ७ | ७९ | २० | १७ |
| वित्त कम्पनी | – | – | ४७ | ७९ | २२ | १७ |
| लघुवित्त वित्तीय संस्था | – | – | ७ | १८ | ८५ | ५२ |
| पूर्वाधार विकास बैंक | – | – | – | – | १ | १ |
| जम्मा | ४ | ७ | ७४ | २०३ | १५५ | १०७ |
| | | | शाखा संख्या | २२६५ * | ९७६५ | ११५३० |
| | | | प्रतिशाखा जनसंख्या | ११७५३ * | ३०७२ | २५२९ |

*२०१२ जनवरीको तथ्यांक, स्रोतः नेपाल राष्ट्र बैंक




उपलब्ध गराउन तथा बाह्य झट्काको प्रतिरोध गर्न बैंकिङ क्षेत्रको क्षमतालाई सुदृढ बनाउने उद्देश्य राखेको थियो । विभिन्न चरणका यस्ता सुधारका कार्यक्रमलाई नेपाल राष्ट्र बैंकले निरन्तरता दिइरहेको छ ।

सन् १९८० मा नेपालको बैंकिङ क्षेत्र प्रारम्भिक चरणमा थियो, जतिबेला चारवटा वित्तीय संस्था मात्र थिए । वित्तीय क्षेत्र उदारीकरणको नीतिपश्चात् सन् २००० सम्ममा ७४ वटा बैंक तथा वित्तीय संस्था सञ्चालनमा रहन पुगे । जसबाट बैंकिङ क्षेत्र अझ विविधिकृत हुँदै गयो । सन् २०१० सम्म यसले अझै तीव्रता पायो र बैंक तथा वित्तीय संस्थाको संख्या २०३ पुग्यो । तर, सन् २०१० पछि नयाँ बैंक खोल्न रोक, पुँजी वृद्धि र मर्जर/प्राप्ति नीतिमार्फत वित्तीय एकत्रीकरण सुरु गरियो । फलस्वरूप बैंक तथा वित्तीय संस्थाहरूको संख्या घटेर सन् २०२० मा १५५ हुँदै हाल सन् २०२४ मा १०८ मात्र हुन पुगेको छ । वर्तमान परिवेशमा बैंक तथा वित्तीय संस्थाहरु आपसमा मर्जर तथा प्राप्ति हुन गई १०८ कायम भएका छन् । *(तालिका १)*

यद्यपि, बैंक तथा वित्तीय संस्थाहरूको संख्यामा कमी आए पनि बैंकको शाखाहरूको संख्या उल्लेखनीय रूपमा बढेर सन् २०१० मा २,२६५ बाट सन् २०२४ सम्ममा ११,५३० पुगेको छ । शाखाहरूको विस्तारले वित्तीय पहुँचमा उल्लेखनीय सुधार ल्याएको छ । जसको फलस्वरूप प्रतिशाखा जनसंख्या सन् २०१० मा ११,७५३ बाट घटेर सन् २०२४ सम्ममा २,५२९ मा रहेको छ *(तालिका १)* ।

वित्तीय संस्थाको संख्यात्मक बढोत्तरीसँगै वित्तीय गहनतामा नेपालले फड्को मारेको छ । सन् १९८० मा विस्तृत मुद्राप्रदाय देशको कुल गार्हस्थ उत्पादनको २२.६ प्रतिशत, कर्जा कुल गार्हस्थ उत्पादनको ८.२ प्रतिशत तथा निक्षेप कुल गार्हस्थ उत्पादनको १४.४ प्रतिशतमा सीमित थियो । तर नेपालका यी गहनता परिसूचकहरु हाल दक्षिण एसिया स्तरमै धेरैमाथि रहेको र समग्र एसियामा नेपालको स्थान माथि रहन गएको छ । पछिल्लो तथ्यांकअनुसार नेपालको विस्तृत मुद्रा प्रदाय कुल गार्हस्थ उत्पादनको १२२.१ प्रतिशत, निजी क्षेत्रमा प्रवाहित कर्जा ९१.२ प्रतिशत तथा निक्षेप ११३.१ प्रतिशत छ

**समग्रमा बैंक तथा वित्तीय संस्थाले निक्षेप परिचालन र कर्जा प्रवाह मात्र नभई अन्य अत्यावश्यक वित्तीय सेवाहरूसमेत प्रवाह गर्ने गर्छन् । वित्तीय सेवा अर्थतन्त्र र समाजका हरेक पक्षसँग जोडिएको हुनाले वित्तीय प्रणालीप्रति सर्वसाधारणको साख जोगाइराख्न बैंक तथा वित्तीय संस्था दिगो हुनुपर्ने र घाटामा जान नहुने अन्तर्राष्ट्रिय मान्यता छ ।**

**तालिका २: वित्तीय गहिराइका सूचकहरू, कुल गार्हस्थ उत्पादनको प्रतिशतमा**

| वर्ष | विस्तृत मुद्रा प्रदाय | निजी क्षेत्रमा प्रवाहित कर्जा | निक्षेप |
|---|---|---|---|
| १९८० | २२.६ | ८.२ | १४.४ |
| १९९० | ३०.५ | ११.३ | २१.२ |
| २००० | ५६.० | २८.८ | ४०.८ |
| २०१० | ७७.२ | ४२ | ५२.० |
| २०२० | १०८.८ | ८४.३ | ९८.७ |
| २०२४ | १२२.१ | ९१.२ | ११३.१ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

*(तालिका २)* । यसरी हेर्दा यी परिसूचकहरूले वित्तीय पहुँचको वृद्धि, बैंकिङ सेवाको विस्तार तथा आर्थिक क्रियाकलापलाई प्रवर्धन गर्न उल्लेख्य मद्दत गरेको छ ।

## बैंकिङ क्षेत्रको अन्तर्राष्ट्रिय अभ्यास

अन्य क्षेत्र जस्तै बैंकिङ क्षेत्रलाई समेत विभिन्न अध्ययन अनुसन्धानका नतिजा, विगतका संकटबाट सिकिएका पाठ एवं विश्व बैंकिङसँग सम्बन्धित सदस्य राष्ट्रहरूले अपनाएका विभिन्न सिद्धान्त, संरचना र मार्गदर्शनले निर्देश गर्ने गर्छ । यस क्षेत्रमा खासगरी बासेल कमिटी फर बैंकिङ सुपरभिजनले भुक्तानी प्रणाली र नियमन तथा सुपरिवेक्षणमा अग्रणी भूमिका खेल्दै आएको छ । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता वित्तीय सल्लाहकार संस्थाहरूले वित्तीय क्षेत्र सुधार, मौद्रिक व्यवस्थापन, विदेशी विनिमय, संकट व्यवस्थापन, प्राविधिक ज्ञान प्रदान, अनुभव आदान-प्रदानजस्ता विषयमा भूमिका खेल्छन् । यसैअनुरूप नियामक निकायको स्वतन्त्रता, निरन्तर सुधार, नयाँ प्रविधि तथा प्रोडक्टको प्रयोग र वित्तीय संकटसँग जुध्ने

क्षमता विकास प्रमुख छन् ।

सन् २००८ को विश्व वित्तीय संकटपश्चात् बैंकिङ क्षेत्रको नियमन र सुपरिवेक्षणमा थुप्रै नयाँ आयामहरु कार्यान्वयन भएको छ । सूक्ष्म विवेकशील नियमनबाट समष्टिगत विवेकशील नियमन, बलिया संस्थाका लागि पर्याप्त पुँजीकोष, प्रणालीगत जोखिम हुन सक्ने वित्तीय संस्थाको विशेष निगरानी आदि प्रमुख हुन् । सन् २००८ को वित्तीय संकटपश्चात् वित्तीय स्थायित्व प्रवर्धन गर्न तथा प्रणालीगत जोखिम न्यूनीकरणका लागि उल्लेखनीय सुधार भएको छ । यस सुधार प्रक्रियामा पुँजीकोष प्रावधान सम्बन्धमा बासेल १ र २ हुँदै हाल बासेल ३ का सिद्धान्त कार्यान्वयनमा छन् र नेपालले समेत ती सिद्धान्तलाई आधार मानी आफू सुहाउँदो सिद्धान्त कार्यान्वयनमा ल्याएको छ । वित्तीय संकटप्रति प्रतिरोधात्मक क्षमता सुनिश्चित गर्न बैंक तथा वित्तीय संस्थाको पुँजीकोष मजबुत बनाउने, तरलता सुनिश्चित गर्ने र धेरै जोखिम लिनबाट रोक्ने आदि पर्छन् ।

पछिल्लो समय मौ□िक नीति तथा समष्टिगत विवेकशील नियमन बीचको समन्वयलाई पनि जोड दिइँदै आएको छ । वर्तमान परिवेशमा विश्वका अधिकांश केन्द्रीय बैंकले मु□ास्फीति नियन्त्रण तथा आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने परम्परागत भूमिकासँगै वित्तीय स्थायित्वलाई समेत प्राथमिकतामा राख्दै आएका छन् । यसका लागि मौद्रिक नीतिसँगै विवेकशील नियमनबीच उचित तालमेलमा जोड दिइएको पाइन्छ ।

वित्तीय संकटको अनुभवबाट विश्वले बैंकिङ संरचनालाई सबल राख्न नवीन अवधारणा अपनाउँदै गरेका बेला नेपाल राष्ट्र बैंकले समेत बासेल दुई र तीनका सिद्धान्तहरूलाई अपनाउँदै आएको छ । यसअनुरूप, वित्तीय क्षेत्रको एकत्रीकरणमार्फत संख्या घटाउने र पुँजीकोष बलियो बनाउने, प्रतिस्पर्धा र गुणस्तर अभिवृद्धि गर्ने, नियमन र सुरिवेक्षणलाई अनुपालनामा आधारितबाट जोखिममा आधारित बनाउने आदि पर्छन् । यस प्रकारका अन्तर्राष्ट्रिय असल अभ्यासहरूले हाम्रो वित्तीय प्रणालीलाई सुरक्षित र सबल राख्न उल्लेखनीय मद्दत गरेको छ ।

### नेपालको वित्तीय क्षेत्रको पछिल्लो अवस्था

कोभिड १९ को महामारीको असरको गहिराइ बढ्दै जाँदा विकसित मुलुकहरूले समेत अर्थतन्त्रमा ठुला चुनौती खेप्नुपर्‍यो । लकडाउनका कारण ठप्प व्यापार-व्यवसायका कारण अर्थतन्त्र मन्दीमा जाने र अर्कोतर्फ आपूर्ति शृंखलामा असर पुगी मुद्रास्फीति बढ्ने जोखिम धेरैले बेहोर्नुपर्‍यो । यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकले पुनर्कर्जा, नियामकीय खुकुलोपनालगायत गैर-परम्परावादी मौद्रिक उपकरणहरु प्रयोग गरेर बजार चलायमान बनायो भने वित्तीय प्रणालीको दैनिक कामकारबाही सञ्चालनमा नेतृत्वदायी भूमिका खेल्यो । फलस्वरूप कोभिड १९ को असर नेपालमा अन्य देशको तुलनामा कम पर्न गयो र हामी छिट्टै माथि उठ्यौं । यसैबीच, वित्तीय बजारमा केही विसंगतिहरु देखिएपश्चात् यसलाई सही ढंगले अघि बढाउन यस बैंकले वित्तीय क्षेत्र सुधारलाई उत्तिकै निरन्तरता दियो । चालु पुँजी कर्जा मार्गदर्शनमार्फत् वित्तीय स्रोतको उपयोगमा हामीले ठुलो सुधार गरेका छौं । वाणिज्य बैंकहरूको संख्या २० वटामा झरेको छ विकास बैंक १७, वित्त कम्पनी १७ र लघुवित्त वित्तीय संस्थाहरु ५२ मा सीमित भएको छ । गाभ्ने/गाभिने एवं प्राप्तिमार्फत वित्तीय क्षेत्र एकीकरणमा उल्लेखनीय उपलब्धि हासिल भएको छ । पूर्वाधार विकास बैंकसमेत सञ्चालनमा छ ।

> **वित्तीय संस्थाको संख्यात्मक बढोत्तरीसँगै वित्तीय गहनतामा नेपालले फड्को मारेको छ । सन् १९८० मा विस्तृत मुद्राप्रदाय देशको कुल गार्हस्थ उत्पादनको २२.६ प्रतिशत, कर्जा कुल गार्हस्थ उत्पादनको ८.२ प्रतिशत तथा निक्षेप कुल गार्हस्थ उत्पादनको १४.४ प्रतिशतमा सीमित थियो । तर नेपालका यी गहनता परिसूचकहरू हाल दक्षिण एसिया स्तरमै धेरैमाथि रहेको र समग्र एसियामा नेपालको स्थान माथि रहन गएको छ ।**

कोभिड १९ को असरसँगै बाह्य क्षेत्रमा देखिएको दबाबलाई न्यूनीकरण गर्न नेपाल राष्ट्र बैंकले कसिलो मौद्रिक नीति अवलम्बन गरेकामा बाह्य क्षेत्रको दबाब कम भएसँगै सजगतापूर्वक लचिलो बनाउँदै लगिएको छ र यसको प्रतिबिम्ब घट्दो ब्याजदरमा देखिएको छ । निक्षेपमा भएको वृद्धिसँगै मुद्रा प्रदाय विस्तार भएको छ । यद्यपि आर्थिक क्रियाकलापमा देखिएको शिथिलता र समग्र मागमा आएको गिरावटका कारण कर्जाको मागमा अपेक्षाअनुरूप बढ्न सकेको छैन । वित्तीय प्रणालीमा निष्क्रिय कर्जा केही बढेको छ । विगत केही समयमा बैंकको निष्क्रिय कर्जा अनुपातमा वृद्धि देखिएको छ । तुलनात्मक रूपमा खुद निष्क्रिय कर्जा भने अझै पनि कम छ । निक्षेप र कर्जाको ब्याजदर अन्तर घट्दै गएको, वित्तीय प्रणालीको तरलता, पुँजी पर्याप्ततालगायत वित्तीय स्थायित्वका परिसूचक स्वस्थ रहेकाले विभिन्न झट्काका बाबजुद समग्र वित्तीय स्थायित्व कायम छ । राष्ट्र बैंकको निरन्तर प्रयास र प्राथमिकताका कारण वित्तीय पहुँचमा उल्लेख्य वृद्धि भएको छ । वित्तीय साक्षरता अभिवृद्धि तथा ग्राहक संरक्षणमा सुधार आएको छ । वाणिज्य बैंकका शाखा ७५३ वटै स्थानीय तहमा पुगिसकेका छन् ।

### विद्यमान चुनौती र सम्भावना

वित्तीय क्षेत्र सुधार कार्यक्रमपश्चात् वित्तीय पूर्वाधार, पहुँच, सुदृढीकरण र कार्यकुशलतामा नेपालले ठुलै फड्को मारे पनि वित्तीय क्षेत्रमा समेत केही सवाल विद्यमान छन् । यसलाई नेपाल राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय क्षेत्रको सुधारमार्फत सम्बोधनका प्रयास गर्दै आइरहेको छ । ब्याजदर करिडोरको प्रभावकारी कार्यान्वयनका लागि ब्याजदरमा आधारित मौद्रिक नीति सञ्चालन, स्थायी निक्षेप एवं कर्जा सुविधा, खुला बजार कारोबारको आधुनिकीकरणजस्ता कार्य भएका छन् । कर्जाको गुणस्तर अभिवृद्धिका लागि चालु पुँजी कर्जा मार्गदर्शनलगायत ऋणको हरितीकरणलाई रोक्न नियामकीय व्यवस्था गरिएको छ । बैंकिङ प्रणालीबाट कर्जा प्रवाह बढेको तुलनामा अर्थतन्त्रमा आन्तरिक उत्पादन बढ्न सकेको छैन । यसलाई समष्टिगत विवेकशील नियमनका उपायमार्फत सम्बोधन गर्ने प्रयास गरिएको छ ।

बैंक कर्जा आन्तरिक रूपमा औद्योगिकीकरण बढाउन र अर्थतन्त्रको उत्पादनशील क्षमता वृद्धिमा कम प्रयोग गरिएको हुँदा नेपालको बैंकिङ प्रणालीमा तरलता र ब्याजदरसम्बन्धी उतारचढाव आइरहने गरेको छ । यस समस्यालाई सम्बोधन गर्न निर्देशित कर्जा व्यवस्था लागु गरिएको छ । पुँजीबजारको संरचनात्मक विकासमा पछिल्लो समय संख्यात्मक रूपमा लगानीकर्ताको उल्लेख्य बढोत्तरी भए पनि संस्थागत बन्डको बजार विकास हुन नसक्दा वित्तीय साधनको लागि बैंकिङ प्रणालीमा बढी आश्रित हुनुपर्ने स्थिति छ । बैंकिङ र वित्तीय क्षेत्रको विस्तारअनुरूप अर्थतन्त्रमा उद्यमशीलताको विकास नहुँदा पनि कर्जाको अलि बढी केन्द्रीकरण भएको र पहुँच विस्तारसँगै ऋण ग्रस्तता बढ्दै गएको देखिन्छ ।

संस्थागत एवं सरकारी ऋणपत्रको बजार विकासमार्फत पुँजीबजारलाई थप विविधीकरण तथा गतिशील बनाउन नसक्दा दीर्घकालीन पुँजी परिचालनमा अल्पकालीन निक्षेपको स्रोत परिचालन गर्ने बैंक तथा वित्तीय संस्थामाथि अधिक भर पर्ने एवं प्रत्यक्ष पुँजी परिचालन गर्नुपर्ने संस्थाहरु पनि बैंक निक्षेपको ब्याज आम्दानीमा आश्रित हुँदा मौद्रिक बजारमाथि अत्यधिक भार परेको छ । पछिल्ला वर्षहरूमा मौद्रिक नीतिको आफ्नै सीमा हुँदाहुँदै केन्द्रीय बैंकमाथि सबैको आशा बढेको छ । यसका आफ्नै सीमा र दायित्वहरु छन् । यस अवस्थामा अपेक्षा व्यवस्थापन पनि एक चुनौती बनेको छ ।

विप्रेषण आप्रवाह नेपालको बाह्य क्षेत्र



स्थायित्वसँग जोडिएको छ । आयातको तुलनामा निर्यातको आधार अत्यन्तै सानो रहेको सन्दर्भमा पर्यटन आम्दानी र विप्रेषण आयमा अपेक्षित वृद्धि नभएमा चालु खाता घाटा बढ्ने र शोधनान्तर स्थितिमा चाप पर्ने देखिएको छ । विप्रेषणमा आधारित शोधनान्तर बचत भएका कारण वस्तु तथा सेवा निर्यातको दिगो आधार नहुन्जेल वैदेशिक श्रम बजारमा हुने उतारचढावको सोझो असर हाम्रो बाह्य क्षेत्र स्थायित्वमा पर्ने गर्छ । साथै, पुँजी खातालगायत बाह्य क्षेत्रमा गरिनुपर्ने सुधारलाई गति दिनुपर्ने देखिएको छ ।

पछिल्ला महिनाहरूमा बैंकिङ प्रणालीमा कर्जा असुली प्रभावित भई निष्क्रिय कर्जा अनुपात बढेको सन्दर्भमा पुँजी पर्याप्ततालगायत परिसूचकहरूबाट वित्तीय स्थायित्वमा दबाब पर्न नदिनेतर्फ सजग रही मौद्रिक नीतिसँग सामञ्जस्यता कायम गर्दै नियामकीय नीति तर्जुमा गर्ने व्यवस्थालाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ । कर्जाको गुणस्तर बिग्रन नदिई खराब कर्जा कम गराउने चुनौती एकातिर छ भने कर्जाको प्रवाह विस्तारमार्फत आर्थिक गतिविधि चलायमान बनाउनु उत्तिकै आवश्यकता छ ।

बैंकिङ क्षेत्रमा आन्तरिक नियन्त्रण प्रणालीलाई थप सुदृढ गराउँदै, विद्यमान नीतिगत व्यवस्थाको थप निगरानीका साथ अनुपालना गराउने वातावरण सिर्जना गर्ने र बैंक वित्तीय संस्थाको सुशासनको अवस्थालाई मजबुत बनाउँदै लैजानु वर्तमान आवश्यकता छ । यसका अलावा बैंकिङ क्षेत्रले अवलम्बन गरेको डिजिटाइजेसनको गति तथा ग्राहक वर्गमा रहेको डिजिटल फाइनान्सियल लिट्रेसीको खाडलले बैंकिङ क्षेत्रमा जोखिम निम्त्याई प्रणालीगत विश्वास गुम्न नदिनेतर्फ सचेत हुनुपरेको छ । यसका लागि बैंक तथा वित्तीय संस्थाको प्रणालीलाई साइबर रिजिलेन्ट बनाउने, वित्तीय सचेतना बढाउने तथा उपभोक्ता संरक्षणमा जोड दिनुपर्नेछ ।

बैंकिङ क्षेत्रको अर्को चुनौती भनेको संस्थागत सुशासन कायम गर्नु हो । वर्तमान परिवेशमा अधिकांश बैंक तथा वित्तीय संस्थाहरु ऋणको जोखिम व्यवस्थापन गर्न कठिनाइ भोगिरहेका छन् । यसका अलावा, सीमित क्षेत्र तथा उद्योगहरूमा निर्भरता, सञ्चालक समितिले दैनिक काम-कारबाहीमा हस्तक्षेप गर्ने, बैंकर र व्यवसायी नछुट्टिएका आदि सवालहरु विद्यमान छन् र क्रमशः सम्बोधन गर्दै जानुपर्ने देखिएको छ ।

कानुनी, संस्थागत तथा वित्तीय पूर्वाधार विकास वित्तीय क्षेत्रको अर्को चुनौती छ । हालसम्म एकीकृत ग्राहक पहिचान प्रणाली विकास नभएको अवस्थामा यसको अविलम्ब विकासको आवश्यकता छ । कर्जा प्रवाह गर्दा नगदप्रवाहभन्दा पनि धितोलाई अझै प्राथमिकतामा राखिने गरेको सन्दर्भमा प्राकृतिक व्यक्तिको समेत वास्तविक क्रेडिट स्कोर दिनसक्ने कर्जा सूचना प्रणाली विकासतर्फ हामी अग्रसर छौं । यससँगै ऋण असुली प्रक्रियालाई अझै सरलीकरण गर्दै लग्नुपर्नेछ । अर्कोतर्फ, डिजिटल बैंकिङ कारोबार विस्तार हुँदै गर्दा ग्रामीण क्षेत्रहरूमा प्रविधिको अभाव तथा वित्तीय साक्षरताको कमीले गर्दा समग्र बैंकिङ क्षेत्रमा चुनौती थपिएको छ । हामीले डिजिटल बैंकिङ र फिनटेकमार्फत भुक्तानी प्रणालीमा ठुलै फड्को मात्र मारेका छैनौं, हाम्रो प्रणालीलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीसँग अन्तरआबद्धता बढाउँदै गइरहेका छौं । यससँगै जोडिएका साइबर जोखिम न्यूनीकरण र वित्तीय साक्षरता प्रवर्धनमा चुनौतीहरु विद्यमान छन् र रहन्छन् ।

समग्रमा बैंक तथा वित्तीय संस्थाले निक्षेप परिचालन र कर्जा प्रवाह मात्र नभई अन्य अत्यावश्यक वित्तीय सेवाहरूसमेत प्रवाह गर्ने गर्छन् । वित्तीय सेवा अर्थतन्त्र र समाजका हरेक पक्षसँग जोडिएको हुनाले वित्तीय प्रणालीप्रति सर्वसाधारणको साख जोगाइराख्न बैंक तथा वित्तीय संस्था दिगो हुनुपर्ने र घाटामा जान नहुने अन्तर्राष्ट्रिय मान्यता छ । बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय सेवा प्रवाह गर्ने एवं लगानीको मूल स्रोत सर्वसाधारणको निक्षेप रहेबाट आधारभूत वित्तीय सेवाप्रवाह सुनिश्चित गर्न र सर्वसाधारणको निक्षेप सुरक्षित गर्दै वित्तीय स्थायित्व कायम राख्ने सवालमा बैंक तथा वित्तीय संस्था नै घाटामा जाँदा निक्षेपकर्ताको विश्वास गुम्न सक्ने अवस्था रहन्छ ।

## अबको बाटो

नेपाल राष्ट्र बैंकले समग्र अर्थतन्त्रको हित, संवर्धन तथा आमजनमानसमा बैंक तथा वित्तीय संस्थाप्रतिको विश्वास कायम राख्न समष्टिगत आर्थिक परिसूचकहरु, विश्व परिवेश तथा आगामी परिदृश्य समेतका आधारमा मौद्रिक तथा वित्तीय नीतिहरु तर्जुमा र सोको कार्यान्वयन गर्दै आएको छ । समग्रमा हेर्दा, नेपालको बैंकिङ क्षेत्र क्षेत्रीय स्तरमै सबल, मजबुत र गहन छ । यद्यपि, वित्तीय स्थायित्व हुँदै आर्थिक स्थायित्व कायम राख्न सके मात्र दिगो आर्थिक वृद्धि र विकास हुने विभिन्न अन्तर्राष्ट्रिय अनुभवले देखाएको छ । अर्थतन्त्रमा देखिएका संरचनागत एवं उदीयमान समस्या सम्बोधन गर्न नीतिगत, कानुनी, संस्थागत एवं मानव संसाधन क्षेत्रमा भने नवीनतम् अभ्याससँगै निरन्तर सुधार गर्नुपर्ने हुन्छ । वित्तीय क्षेत्रमा कतिपय संरचनागत समस्या विद्यमान छन् । बैंकिङ क्षेत्र वित्तीय क्षेत्रको एउटा पाटो मात्र भएकाले धितोपत्र बजार, बिमा, सहकारी, गैर-बैंक वित्तीय संस्थालगायत वित्तीय स्रोत परिचालन गर्ने क्षेत्रहरूको कामकारबाहीले अर्थतन्त्रमा प्रभाव पार्छ । तथापि, नेपाल राष्ट्र बैंक मुलुकको केन्द्रीय बैंकका नाताले वित्तीय क्षेत्रको अभिभावकको भूमिका निर्वाह गर्दै आइरहेको सन्दर्भमा वित्तीय क्षेत्रको विकासलाई गति दिँदै आर्थिक स्थायित्व कायम राख्न सधैं तत्पर छ ।

*(अधिकारी नेपाल राष्ट्र बैंकका गभर्नर हुन्)*

# ब्याजदर, तरलता र बाह्य क्षेत्र सहजतालाई आर्थिक वृद्धिमा रूपान्तरण गर्नुपर्छ

उच्च मुद्रास्फीति नियन्त्रण गर्न विश्वभरका केन्द्रीय बैंकले अघि सारेको कसिलो मौद्रिक नीतिलाई नेपाल राष्ट्र बैंकले पनि अनुसरण गऱ्यो ।



सुनील केसी

नेपालमा औपचारिक बैंकिङ सुरूवात भएको करिब ९ दशक भयो । आधुनिक र सर्वसाधारणले वास्तविक बैंकिङ सेवाको अनुभव लिन थालेको भने सन् १९८० को दशकबाट हो । सरकारको सक्रियतामा नबिल (नेपाल अरब बैंक), नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (नेपाल इन्डो स्विस बैंक) र स्ट्यान्डर्ड चार्टर्ड बैंक (ग्रिनलेज बैंक) विदेशी संयुक्त लगानीका बैंक स्थापना नै नेपालको बैंकिङ क्षेत्रको विकासको प्रस्थानविन्दु हो । त्यसको ६/७ वर्षपछि मात्र नेपालमा निजी क्षेत्रको लगानीमा बैंक खुल्न थाले । सन् २००७/२००८ सम्म पुग्दा नेपालमा ३२ वाणिज्य बैंक थिए । विकास बैंक, वित्त कम्पनी र लघुवित्तसमेत गर्दा नेपाल 'ओभर ब्राउडेड' वित्तीय बजार बन्न पुग्यो ।

२००८ मा अमेरिकामा देखिएको आर्थिक संकट र त्यससँगै विश्व बजारमा देखिएको आर्थिक संकटपछि सन् २०११ मा पुग्दा नेपालमा पनि वित्तीय प्रणालीमा दबाब बढ्दै गयो । सोही समयदेखि तरलता र ब्याजरमा उतारचढाव नेपालको बैंकिङ क्षेत्रको समस्याका रूपमा देखिँदै आएको छ । २०१५ मा नयाँ संविधान जारी भएपछि मुलुक संघीय संरचनामा गयो । तर, त्यहीवेला केन्द्रीय बैंकले पुँजी बढाउने र बैंकहरूको संख्या घटाउने नीति अघि सार्दाको परिणाम अहिले वाणिज्य बैंक २० वटामा सीमित भएका छन् ।

सरकारी बैंकहरूलाई छोड्ने हो भने नेपालको बैंकिङ इतिहास छोटो अवधि (४० वर्ष) को मात्रै छ । तर, यस अवधिमा पनि नेपालको बैंकिङ क्षेत्रले धेरै विषयमा आफूलाई स्थापित गरी वित्तीय क्षेत्रमा ठुलो फड्को मार्न सफल भएको छ । विद्युतीय भुक्तानीमा विकसित धेरै मुलुकको बैंकिङभन्दा राम्रो अवस्थामा पुगेको छ । वित्तीय पहुँच, निष्क्रिय सम्पत्तिजस्ता सूचकमा नेपालको बैंकिङ दक्षिण एसियामै उत्कृष्ट छ । नेपाल राष्ट्र बैंकको नियामकीय भूमिका र वित्तीय क्षेत्रको पारदर्शिताले नै यो सम्भव भएको हो ।

### वर्तमान चुनौती

नेपालको बैंकिङ क्षेत्रको पछिल्लो २० वर्षको पोर्टफोलियोको वृद्धिदर वा कर्जाको वृद्धिदर करिब औसत १९/२० प्रतिशत छ । वित्तीय क्षेत्रले पछिल्लो दुई दशकमा आन्तरिक र अन्तर्राष्ट्रिय धेरै चुनौतीको सामना गरेको छ । लामो समयसम्म चलेको माओवादी द्वन्द्व र पटक-पटकको राजनीतिक अस्थिरता सामना गर्दै बैंकिङ क्षेत्र कुशलतापूर्वक अगाडि बढेको छ । विनाशकारी भूकम्प र त्यसपछिको नाकाबन्दीबाट बाहिर आउन खोज्दै गरेको बैंकिङ क्षेत्रले कोभिड महामारी सामना पनि गऱ्यो । कोभिडबाट बाहिर निस्कँदै गर्दा रूस-युक्रेन युद्धलगायत कारणले अन्तर्राष्ट्रिय आपूर्ति प्रणालीमा परेको प्रभाव नेपाली अर्थतन्त्रमा पनि देखियो । उच्च मुद्रास्फीति नियन्त्रण गर्न विश्वभरका केन्द्रीय बैंकले अघि सारेको कसिलो मौद्रिक नीतिलाई नेपाल राष्ट्र बैंकले पनि अनुसरण गऱ्यो । विभिन्न चुनौतीबीच पनि वित्तीय क्षेत्र अहिले सन्तुलित अवस्थामै रहेको देखिन्छ । यद्यपि वित्तीय क्षेत्रका अगाडि मुख्य चारवटा चुनौती देखिएका छन् ।

### १. तरलता र ब्याजदरको उतारचढाव

सानो र आन्तरिक रूपमै सीमित अर्थतन्त्रका कारण बैंकिङ प्रणालीमा तरलतामा धेरै उतारचढाव देखिने गरेको छ । दुई वर्षअगाडि तरलता अभाव भएर पैसा दिन नसक्ने अवस्थामा पुगेको बैंकिङ प्रणालीमा अहिले सात खर्ब रूपैयाँ लगानी गर्ने पैसा छ । तर, लगानी गर्न सकेको छैन । त्यसलाई तरलता व्यवस्थापनको औजार प्रयोग गरेर राष्ट्र बैंकमा राख्नुपरेको छ ।

छोटो अवधिको निक्षेप लिएर जलविद्युत्,

होटेलजस्ता परियोजनामा लगानी गरेका कारण पनि यस्तो अस्थिरता बढेको छ । पछिल्लो समय रेमिट्यान्स केही घट्ने, आयात बढ्ने र सरकारले खर्च कम गर्दा तरलता कम हुने र रेमिट्यान्समा सुधार हुने, आयातमा केही संकुचन हुँदा अधिक तरलताको अवस्था पटक-पटक देखिँदै आएको छ । यसले ब्याजदरमा समेत उच्च उतारचढावको अवस्था सिर्जना गरेको छ ।

यो बैकिङ क्षेत्रको मात्रै नभएर समग्र अर्थतन्त्रकै समस्याका रूपमा देखिएको छ । लगानीको वातावरण बन्न नसक्दा र नेपालको पहुँच पुग्न नसक्दा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) आउन सकेको छैन । अन्य औजारमार्फत पनि विदेशी 'फन्ड' ल्याउन नसक्दा तरलता र ब्याजदरमा बढी उतारचढाव देखिने गरेको छ ।



## २. मानवीय पुँजी रोक्ने चुनौती

वित्तीय क्षेत्रमा दक्ष जनशक्ति आगामी दिनमा चुनौतीका रूपमा आउने देखिन्छ । एक दशक अगाडिसम्म नेपालमा एमबीए सकेका दीक्षित युवाको पहिलो रोजाइ बैंकमा जागिर खाने हुन्थ्यो । तर, परिवेश फेरिएको छ ।

बैंकिङले क्षेत्रले आकर्षक रोजगारीमार्फत नेपालको सामाजिक अर्थतन्त्रको विकासमा ठुलो योगदान पुऱ्याएको थियो । जसले सामाजिक परिवेश र अवस्था नै परिवर्तन गर्न मद्दत गरेको थियो । वैदेशिक रोजगारीको प्रमुख गन्तव्य यूएई, कतार, मलेसियाजस्ता मुलुक हुँदा शिक्षित युवाहरूको रोजाइ राम्रो सेवा-सुविधाका कारण बैकिङ क्षेत्र हुने गरेको थियो । बदलिँदो सामाजिक परिवेशसँगै शिक्षित युवाहरूको पहिलो रोजाइ नेपालमा रोजगारीभन्दा पनि युरोप, अमेरिकामा जस्ता मुलुकमा अवसर खोज्न लागेका छन् । बैकिङ क्षेत्रमा राम्रो पोस्टमा रहेकाहरूले समेत देश छोड्दा बैकिङ क्षेत्रले आगामी दिनमा नेतृत्व गर्ने जनशक्ति नै नपाउने हो कि भन्ने अवस्था सिर्जना गरेको छ । जुन बैकिङको लागि ठुलो 'थ्रेट' हो । बैकिङ क्षेत्रमा थाहा नहुने गरी बढिरहेको मानवीय पुँजीको समस्या सम्बोधन गर्नुपर्ने चुनौती भने छ । यद्यपि नेतृत्व विकासको चुनौतीसँगै नयाँ अवसर सिर्जना पनि गर्नेछ ।

## ३. कोभिडको असर, खस्कँदो कर्जाको गुणस्तर

कोभिडसँगै लामो समयसम्म बन्दाबन्दी भयो । त्यस समयमा अर्थतन्त्रको पुनरुत्थानमा केही हदसम्म बैकिङ क्षेत्र र राष्ट्र बैंकले सहयोग पुऱ्याए । पुनर्कर्जामार्फत सहुलियत ब्याजमा पैसा दिएर व्यवसायहरु पुनरुत्थान गराउन खोजियो । साना तथा मझौला उद्यम (एमएसएमई) क्षेत्रलाई ब्याजदर कम गर्नेभन्दा पनि पछिसम्म व्यवसाय बन्द नगरी अगाडि बढ्नुपर्ने चुनौती थियो । त्यस समयमा एमएसएमई व्यवसाय प्राथमिकता दिएका विश्वका धेरै मुलुकले 'स्टिमुलस प्याकेज' ल्याएर पुनरुत्थान गरे । तर, नेपालको प्राथमिकतामा साना व्यवसाय जोगाउने विषय परेन ।

नेपालमा एसएमईलाई पुनरुत्थान प्याकेज दिन नसक्दा कोभिड र त्यसपछि आपूर्ति प्रणालीमा सिर्जित दबाबले साना तथा मझौला व्यवसायी सबैभन्दा बढी प्रभावित भए । पछिल्लो समय एसएमई क्षेत्रको कर्जा नउठ्ने, बैंकहरूको कर्जाको गुणस्तर कमजोर भएर जाने समस्या बढिरहेको छ ।

अहिले निजी क्षेत्रमा आत्मविश्वास कमजोर भएको अवस्था छ । उपभोग गर्ने युवा जमात विदेशिएका कारण उपभोग घटेको छ । यसले उत्पादकको उत्पादन क्षमता प्रयोग हुन सकिरहेको छैन । सरकारले पूर्वाधार निर्माणमा खर्च गर्न सकेको छैन । खर्च गर्ने स्रोतको अभाव छ । विगतमा आयात प्रतिबन्ध लगाउँदा अनौपचारिक अर्थतन्त्र बढ्न पुग्यो (प्रतिबन्धित वस्तु नेपाली बजारमा आउने अवस्था रोकिएन) । यसले सरकारको राजस्व कम हुने र अनौपचारिक अर्थ प्रणाली बढ्न पुग्यो । यी सबै कारणले बैकिङ क्षेत्रमा बढेको निष्क्रिय कर्जाको व्यवस्थापन चुनौतीपूर्ण बनेको छ ।

बैंकहरूको पर्याप्त कर्जा नोक्सानी व्यवस्था गर्दा कुल निष्क्रिय कर्जा ४ प्रतिशत पुगे पनि खुद निष्क्रिय कर्जा १ प्रतिशतभन्दा केही माथि मात्रै छ । धेरै कर्जा धितो सुरक्षण भएकाले समस्याकै अवस्था छैन तर, सजग हुनुपर्ने अवस्था भने छ । व्यवसायीले लगानी गर्ने अवस्था र आर्थिक गतिधिमा सुधार भए बैकिङ क्षेत्रमा पनि सुधार हुन्छ ।

## ४. पुँजीकोषमा दबाब

विभिन्न कारणले कर्जा असुली (रिकभरी) मा समस्या हुँदा बैंकहरूको पुँजीकोषमा धक्का लाग्दै गएको छ । कर्जा असुलीमा समस्या र नयाँ लगानी हुन नसक्दा नाफा खुम्चिन थालेको छ । चालु वर्षको प्रथम त्रैमासिक प्रतिवेदनअनुसार प्रतिफलको दर ९ प्रतिशत मात्रै छ ।

विगतमा देखिएको उच्च कर्जा विस्तार र सोही अनुपातमा आर्थिक वृद्धिदर हासिल हुन नसक्दाको परिणाम नेपालको बैकिङ क्षेत्र र अर्थतन्त्रमा चुनौतीका रूपमा देखिएको छ । त्यसको मूल कारण अर्थतन्त्रको संरचना हो । यद्यपि अहिले देखिएका धेरै समस्या तात्कालिक हुन् । यस्ता विभिन्न चुनौतीका बाबजुद नेपालको बैकिङ क्षेत्र दक्षिण एसियाका अन्य देशको तुलनामा राम्रो अवस्थामा छ ।

पछिल्लो दुई दशकमा नेपालमा करिब

१९/२० प्रतिशतले कर्जा विस्तार भएको छ । तर, त्यस अनुपातमा अर्थतन्त्रको विस्तार हुन सकेको छैन । जसले गर्दा पटक-पटक उत्पादन र अनुत्पादक क्षेत्रको लगानीका विषयमा प्रश्न उठ्दै आएको छ । बैंकिङ क्षेत्रको लगानी उत्पादक र अनुत्पादकभन्दा पनि माग भएको ठाउँमा हुने हो ।

राष्ट्र बैंकले ४० प्रतिशत लगानी तोकिएका क्षेत्रमा गर्नुपर्ने गरी दिएको निर्देशनलाई बैंकहरूले सहजताका साथ पालना गरेका छन् । नेपालभित्रै उत्पादकत्व बढाउन र आवश्यक पूर्वाधार तयार बनाउन बैंकहरूले लगानी गरिरहे पनि त्यसबाट अझै प्रतिफल नपाएको अवस्था छ ।

अर्थतन्त्रको कुनै पनि क्षेत्रलाई अगाडि बढाउन लगानी गर्ने निजी क्षेत्र, फाइनान्स गर्ने बैंकिङ क्षेत्र र सरकारको समेत पहल चाहिन्छ । नेपालको जलविद्युत् क्षेत्र अहिलेको अवस्था आउनुमा सरकारको भूमिकाले मात्र नभई निजी क्षेत्रको प्रवेश र बैंकहरूको लगानीले विद्युत् निर्यात गर्नसक्ने अवस्थामा पुगिएको हो । पछिल्लो १०-१५ वर्षमा निजी क्षेत्रको प्रवेशसँगै नेपालमा हाइड्रोपावरको विकास एउटा सफलताको कथा हो । निमार्णाधीन परियोजनासमेत हेर्दा नेपालमा हाइड्रोपावर विकासमा ठुलो सम्भावना देखिन्छ ।

लगानीको प्रतिफलको प्रत्याभूति र प्रतिफलका लागि आवश्यक प्रणाली वा पूर्वाधार भएका ठाउँमा लगानी गर्न बैंकहरु आफैं तयार हुन्छन् । कृषिमा पनि बैंकहरूको लगानी छ । तर, कृषिको समग्र नीति र संरचनामै समस्या छ । कुल लगानीको १२/१३ प्रतिशत ऋण प्रवाह जाँदा पनि वार्षिक ३/४ खर्बको कृषि उपज आयात गर्नुपर्ने परिस्थितिले कृषि बजारको अवस्था देखाउँछ ।

बैंकहरूले लगानी गरेपछि सरकारले नीतिगत रूपमा व्यवस्थापन गर्नुपर्ने थियो तर, त्यसो हुन सकेन । खुला सिमाना र भारतमा सहुलियत (नेपालमा सहुलियत नभएको) हुँदा नेपालको कृषि उपज प्रतिस्पर्धी हुन सकेको छैन । कृषि व्यवसायमा प्रोत्साहन नहुँदा कृषियोग्य धेरै जमिन प्रयोगविहीन छ । यसले गर्दा बैंकहरूको ठुलो लगानी हुँदा पनि कृषिमा प्रतिफल देखिएको छैन ।

पर्यटनमा बैंकहरूले पूर्वाधारमा लगानी गरेका छन् । ठुला-ठुला होटेल निर्माण भएका छन् । अहिले पनि 'कनेक्टिभिटी' मा समस्या छ । बनेका दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल चल्न सकेको छैन । पर्यटनको लगानीले पर्यटक धान्न सक्ने क्षमता बनेको छ । अन्य निकायबाट आवश्यक नीति र पूर्वाधार तयार हुने हो भने प्रतिफल दिन थाल्छ ।

लगानीबाट प्रतिफल कसरी लिने, पुँजी निर्माण कसरी गर्ने ? सरकारले लिनुपर्ने सक्रियताबाट प्रत्यक्ष लगानी र प्रविधि कसरी भित्र्याउने ? उत्पादनमा कसरी काम गर्ने ? स्पष्ट खाका छैन । नेपालको अर्थतन्त्र रेमिट्यान्सले धानेको अवस्था छ । अहिले १० रूपैयाँको सामान किनेर एक रूपैयाँको बेचिरहेको अवस्था छ । १० रूपैयाँको हरेक कारोबारमा ९ रूपैयाँ घाटा हुँदा रेमिट्यान्सबाट पूर्ति गरिरहेको स्थिति छ । अर्थतन्त्रमा फन्डामेन्टल समस्या छन् ।

२०८१ असारसम्म वाणिज्य बैंकहरूको कुल कर्जामा कृषि, हाइड्रोपावर र साना तथा मझौला व्यसायमा गरेको कर्जा लगानी

| कर्जाको क्षेत्र | कुल कर्जामा क्षेत्रगत लगानी प्रतिशत |
|---|---|
| कृषि | १३.१२ |
| हाइड्रोपावर | ८.०८ |
| एमएसएमई | ८.७६ |

## आर्थिक वृद्धिको अनुकूलताको समय

अर्थतन्त्रको बाह्य क्षेत्रलाई हेर्दा अहिले बैंकिङ क्षेत्रका लागि अनुकूलताको समय पनि हो । विदेशी विनिमय सञ्चिति पर्याप्त छ, भुक्तानी सन्तुलन बचतमा छ । तरलता पर्याप्त र ब्याजदर न्यून दरमा आएको छ ।

ब्याजदर घट्दा कुनै पनि अर्थतन्त्रमा आर्थिक वृद्धिका लागि सहयोग गर्छ भन्ने छ । निजी क्षेत्रले भनेजस्तो ब्याजदर एकल अंकमा छ । जुन आर्थिक वृद्धिका लागि सकारात्मक हो । तत्कालीन समयमा बाह्य र आन्तरिक दुवै कारण लगानी बढाउन सक्ने अवस्था छ । यद्यपि दीर्घकालीन लगानीको स्रोतका लागि बाह्य स्रोत परिचालनमा ध्यान दिनुपर्छ ।

नेपालको अर्थतन्त्रको वित्तीय संरचनामै समस्या छ । लगानीका लागि नेपालको स्थानीय स्रोत र साधनमा निर्भर रहनुपर्छ । पुँजी बजारमा 'बन्ड मार्केट' विकास हुन सकेको छैन । मध्यपूर्वका अरब देशमा सानो समस्या भएर रेमिट्यान्समा कमी आउनासाथ निक्षेपको स्रोतमा प्रभाव पर्छ । तरलताको स्रोत अर्कोतर्फ 'मुभ' गर्छ । सरकारले समयमा खर्च नगर्दा पनि तरलतामा असर गर्छ । विदेशी स्रोत परिचालन, एफडीआईजस्ता स्रोतको विविधीकरण भए यो समस्या समाधान हुन्छ ।

बैंकहरूले स्थिर ब्याजदरमा कर्जा दिन सुरू गरिसकेका छन् । राष्ट्र बैंकले केहीमा प्रिमियम तोकेको छ भने कर्जामा प्रिमियम एकपटक निर्धारण भए पनि परिवर्तन गर्न नपाउने गरी ब्याजदरमा स्थिरता ल्याउन खोजिएको छ । ब्याजदर जहाँ पनि परिवर्तन हुन्छ । विकसित देशमा समेत १ प्रतिशतको ५ प्रतिशतसम्म पुग्यो । यो अर्थतन्त्रको चक्र पनि हो । तर, नेपालमा बढी उतारचढाव हुनुमा संरचनागत समस्या छ ।

## लगानी नहुनुका कारण

निजी क्षेत्रले लगानी गर्न तल्लो तहसम्म माग सिर्जना भइसकेको छैन । अर्थात् लगानी गर्नेले पनि अवसर नदेखेको हुनसक्छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान करिब ८० प्रतिशत छ । सरकारको भूमिका सहजीकरण र प्रोत्साहन गर्नेमा छ । अर्थतन्त्रको अहिलेको संरचनाले लगानी वातावरण बनाउने भूमिका सरकारको भए पनि अवसर सिर्जना गर्न नसकेको जस्तो देखिन्छ ।

अहिले क्षमता भएर पनि उपयोग हुने नसकेको क्षेत्र उत्पादन हो । त्यसमा निर्माण क्षेत्र र पूर्वाधार क्षेत्रसँग सम्बन्धित सिमेन्ट, डन्डीलगायत उद्योगको क्षमता उपयोग हुन सकेको छैन । अहिलेको प्रश्न क्षमता भएर पनि उपयोग हुन किन सकेन भन्ने हो । विकास निर्माणको काम सरकारी पक्षबाट नहुँदासम्म निर्माण क्षेत्रका उद्योगको क्षमता उपयोग हुन सक्दैन । निजी क्षेत्रले अगाडि बढाएको हाइड्रोपावरमा उपयोग भए पनि क्षमताअनुसार माग सिर्जना गर्न सकेको छैन ।

निजी क्षेत्रले जहिले पनि सुरक्षित लगानी र उच्च प्रतिफल खोज्छ । यस्तो वातावरण बन्न धेरै कुराले अर्थ राख्छ । पछिल्लो समय निजी क्षेत्रमा आत्मविश्वास धेरै नै कमजोर भएकाले लगानी गर्ने उत्साह र हिम्मत देखिँदैन । युवाशक्ति विदेश जाँदा उपभोग गर्ने उपभोक्ता घटेका कारण मागमा कमी आएको आशंका छ । अर्थतन्त्रको शिथिलताका कारण मागमा कमीभन्दा पनि निजी क्षेत्रमा लगानी सुरक्षित छ र प्रतिफल आउँछ भन्ने आत्मविश्वास नहुँदा समस्या देखिएको छ ।

अहिलेको समस्या रोजगारी कसरी सिर्जना गर्ने भन्ने हो । त्यसका लागि सरकार र निजी क्षेत्र दुवैले काम गर्नुपर्छ । निजी क्षेत्र रोजगारी दिन तयार होला तर, उत्पादन र उपभोग हुने वातावरण भने सरकारले नै बनाउनुपर्छ । त्यसका लागि सरकारले नाफा-घाटा नहेरी छिटो निर्णय गरेर लगानी र पूर्वाधार अगाडि बढाउनुपर्छ । यसले माग सिर्जना गर्न सहयोग गर्छ । त्यस्तै, सरकारले निश्चित मार्जिन तोकेर उत्पादन किन्ने ग्यारेन्टी गरेर उद्योग व्यवसाय चलाउनुपर्छ ।

## दोषी को ?

सबै क्षेत्रले केही न केही कमजोरी गरेका छन् । कतिपय नियन्त्रण गर्न सकिने आधारमा पर्याप्त ध्यान नपुग्दा समस्या भयो होला । कति विश्वव्यापी रूपमा भएको द्वन्द्व, भूराजनीतिक कारण आदि होलान् । तर, मुख्य कमजोरी ' पोलिसी डिपार्चर' हुन नसक्नु हो ।

देशको अर्थव्यवस्था कस्तो बनाउने भन्ने मुख्य भूमिका सरकारकै हातमा हुन्छ । सरकारले समस्याको समाधान दीर्घकालीनभन्दा पनि तत्कालीन समाधान खोजेर टालटुल नीति अवलम्बन गर्ने गरेका कारण कहिल्यै पनि समाधानको जडमा पुग्न नसकिएको हो । सोह्रौं योजना चलिरहेको छ । दीर्घकालीन रणनीति के हो । कसरी जाने भन्ने हुन्छ । १६औं योजनामा १०३ खर्बको जीडीपी र ७.५

निर्यात बढाउन योजनाबद्ध भएर अघि बढ्नुपर्छ । एकपटक गरिएको लगानीले अरू अवसर पनि सिर्जना गर्ने वातावरण बनाउनुपर्छ ।



प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य भनिएको छ । तर, त्यसका लागि आवश्यक पूर्वाधार नीति के हुनपर्छ ? विदेशी लगानी भित्र्याउन गर्नुपर्ने नीति के हो ? नेपालीको प्रतिस्पर्धी क्षमता बढाउने कसरी हो ? निजी क्षेत्रलाई कसरी साथमा लैजाने भन्ने विषयमा छलफलै भएको छैन । निजी क्षेत्रले पनि केही त्याग गरेर तत्कालीन फाइदा भन्दा दीर्घकालीन र दिगो प्रतिफल हेर्नुपर्नेमा क्षणिक लाभ हेरिरहेको छ । सबै क्षेत्र तत्कालीन फाइदा हेर्न र त्यसैमा रमाउने प्रवृत्तिले समस्या बढाइरहेको छ ।

सबैतिर क्षणिक पुँजीगत लाभ खोज्ने प्रवृत्ति छ । बैंकिङमा पनि त्यही प्रवृत्ति हाबी छ । नियामक पनि 'सर्ट टर्म' समस्या समाधान गर्नेतर्फ केन्द्रित छ । अब नियामकले दीर्घकालीन योजना बनाएर 'स्ट्रक्चरल रिफर्म' गरी बैंकहरूलाई पनि एउटा दिशानिर्देश गर्नुपर्ने देखिन्छ ।

### समस्या समाधानका उपाय

अर्थतन्त्रमा परिवर्तन लगानीले ल्याउने हो । बैंकिङ क्षेत्रसँग ५० खर्बको लगानी छ । त्यो लगानीले इम्प्याक्ट पार्न सक्ने र भोलिको दिनमा बजार सिर्जना गर्न सक्ने क्षमता राख्छ । दिगो र सस्टेनेबल किसिमको क्षेत्रमा लगानी गर्नुपर्छ ।

विशेष गरी वास्तविक क्षेत्रमा लगानी बढाएर 'इकोसिस्टम' लाई नै बलियो बनाउनुपर्छ । यही कुरा निजी क्षेत्रले पनि कार्यान्वयन गर्नुपर्छ । अल्पकालीन लगानीमा फाइदा हुन सक्छ तर, लगानीको धेरै हिस्सा वास्तविक क्षेत्र र सस्टेनेबल वित्तमा गयो भने बैंकहरूलाई साझेदारी गर्न सहज हुन्छ । निजी क्षेत्रले क्षणिक पुँजीगत लाभभन्दा दीर्घकालीन लाभको क्षेत्र हेर्नुपर्छ ।

निर्यात बढाउन योजनाबद्ध भएर अघि बढ्नुपर्छ । एकपटक गरिएको लगानीले अरु अवसर पनि सिर्जना गर्ने वातावरण बनाउनुपर्छ । ऊर्जा क्षेत्रको अहिलेको लगानीले भोलि ठुलो परिवर्तन ल्याएर प्रतिस्पर्धी क्षमता बढाउँछ । अर्को, व्यवसाय गर्न पनि उपयुक्त वातावरण बनाउँछ । त्यसले रोजगारी र उपभोग सिर्जना गर्न पनि भूमिका खेल्छ ।

आगामी दिनमा राम्रो रोजगारी सिर्जना गर्न बैंकहरूले वातावरणसँग सम्बन्धित विषयमा ध्यान दिएर लगानी योजना बनाउनुपर्छ । त्यसका लागि उपलब्ध धेरै सस्तो फन्डहरूलाई आकर्षित गर्न सक्नुपर्छ । प्रतिस्पर्धी भएर एफडीआई ल्याउँदा त्यसले फन्ड मात्रै नभएर प्रविधिसमेत ल्याउनुपर्छ । त्यसका लागि बैंकिङ र निजी क्षेत्र पनि लाग्नुपर्छ । राष्ट्र बैंकले यस्तो कार्यक्रम कार्यान्वयन गर्ने नीति ल्याउनुपर्छ । इनर्जी, वातावरण, 'क्लाइमेट चेन्ज' ले संसारभरी ठुलो प्राथमिकता पाएको छ । सस्तो फन्ड पनि त्यसैमा छ । त्यसलाई नेपालको रणनीतिक रूपमा काम गर्न सकिने क्षेत्रमा लगानी ल्याउन फोकस गर्नुपर्छ । निजी क्षेत्रले पनि त्यस्तो स्रोत परिचालन गर्न बढी प्राथमिकता दिनुपर्छ । सरकार र राष्ट्र बैंकले त्यसका लागि आवश्यक नीति बनाउनुपर्छ । हालै मात्रै राष्ट्र बैंकले ग्रिन फाइनान्स ट्याक्सनोमी जारी गरेको छ । जुन सकारात्मक छ ।

निजी क्षेत्रले खुलेर काम गर्ने वातावरण बनाउन आवश्यक कानुनी रिफर्म जरुरी छ । दीर्घकालीन कर नीति हुनुपर्छ । विदेशबाट लगानी र फन्ड ल्याउँदा सहयोगी कर नीति हुनुपर्छ । लगानी एक्जिटको समस्या हटाउनुपर्छ । धेरै ठुलो परिवर्तनभन्दा पनि हाम्रो जस्तै लगानी ल्याउन अन्य मुलुकले गरेको काम गर्दा पनि धेरै ठुलो फरक पर्छ । अन्य देशभन्दा विदेशी लगानी ल्याउन कसरी प्रतिस्पर्धी हुने ? भन्नेमा राज्यको नीति केन्द्रित हुनुपर्छ । सरकारले दीर्घकालीन योजना अनुसारको 'रोडम्याप' बनाएर काम गर्नुपर्छ । निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ । व्यवसाय गर्दा पुँजी निर्माण हुन्छ भन्ने सोचभन्दा पनि कस्तो अवसर सिर्जना भएको छ भनेर हेर्नुपर्छ र त्यहीअनुसार प्रोत्साहित गर्नुपर्छ । विदेशी लगानी ल्याउन उदारता देखाउनुपर्छ ।

लगानी गर्नेले प्रतिफल लैजान्छ । लगानीले ठुलो अवसर सिर्जना गर्छ भन्ने भुलिनु हुँदैन । करको विषय पछि-पछिसम्म पनि आउने र लगानीकर्ताले दुःख पाउने गरेको छ । कूटनीति आर्थिक क्षेत्रमा केन्द्रित हुनुपर्छ । दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल चलाउन नसक्दा कति ठुलो आर्थिक क्षति भएको छ । त्यस्तो समस्या आर्थिक कूटनीतिमार्फत समाधान गर्नुपर्छ । विमानस्थलको लागत मात्रै नभएर उक्त पूर्वाधार निर्माणपछि सञ्चालन हुनुपर्ने आर्थिक गतिविधि हुन नसक्दा त्यसबाट हुने नदेखिएको घाटा धेरै ठुलो छ ।

### निष्कर्ष


सरकार जिम्मेवार भएर जाने र निजी क्षेत्रलाई विश्वासमा लिएर अगाडि लैजानु अहिलेको आवश्यकता हो । नेपालीसँग उद्यमशीलता छ भन्ने निजी क्षेत्रले प्रमाणित गरिसकेको छ । हाइड्रोपावर र सिमेन्ट ठुलो उदाहरणका रूपमा देखिन्छ । सूचनाप्रविधि क्षेत्रको उद्योगलाई सरकारले प्राथमिकता दिएको छ तर, अझै धेरै सुधार गरेर लैजाने ठाउँ छ । भारतको सफलताको कथा सूचना प्रविधि उद्योगमा पनि जोडिन्छ । विश्वको एकतिहाइ जनसंख्या नेपालसँग जोडिएको देश र भूगोलमा छ । जुन नेपालका लागि फाइदा पनि हो । नेपाललाई न्युट्रल भेन्युका रूपमा चीन र भारतको व्यापारको केन्द्रका रूपमा विकास गरेर फरक टुरिजम हबका रूपमा विकास गर्न सकिन्छ ।

कतिपय उत्पादनमा हाम्रो प्रतिस्पर्धी क्षमता नहुन सक्छ । शिक्षा, सांस्कृति, पर्यटनजस्तो क्षेत्रमा पूर्वाधार बनाएर जान सकिन्छ । नेपालसँग विदेशी मुद्रा सञ्चिति आवश्यकताभन्दा धेरै छ । ठूलो पैसा परिचालन गरेर सडक, हवाई कनेक्टिभिटीमा परिवर्तन गर्न सकिए धेरै परिवर्तन हुन्छ । ब्याजदर, तरलता र बाह्य क्षेत्र सहज अवस्थालाई हामीले आर्थिक वृद्धिमा रूपान्तरण गर्न सक्नुपर्छ । सरकारको अबको फोकस राजनीतिक विषयभन्दा पनि आर्थिक विकास र आर्थिक गतिविधिमा गर्नुपर्छ । यसका लागि सबैले आफ्नो क्षेत्रबाट आवश्यक कदम चाल्नुपर्छ ।

*(केसी नेपाल बैंकर्स संघका अध्यक्ष तथा एनएमबि बैंकका प्रमुख कार्यकारी अधिकृत हुन्)*

# घट्दो प्रतिफल र नीतिगत अस्थिरतामा रुमलिएको लगानी

पर्याप्त तरलता हुँदा–हुँदै र ब्याजदर न्यून विन्दुमा रहिरहँदा पनि लगानीकर्ताहरूको आत्मबलमा सुधार आएको छैन । त्यसको असर समग्र लगानीमा परेको छ । लगानीकर्ताहरू उत्साहित नभएका कारण बजारबाट कर्जाको माग नआउँदा वित्तीय संस्थाहरूको व्यवसाय वृद्धिमा सकस भइरहेको छ ।



राजेश उपाध्याय

पछिल्लो समय सहकारीमा समस्या आएसँगै वित्तीय संस्था पनि संकटमा जाने हुन् कि भन्ने डर छ । सहकारीमा आएको समस्याले बैंकिङ क्षेत्रलाई केही असर गरेका कारण आशंकाहरू जन्मिनु अन्यथा होइन । सहकारीमा आँधी आउँदा बैंकिङमा केही बादल लागेको हो तर, बैंकिङ क्षेत्र अप्ठ्यारोमा पर्ने तहको छैन । बैंकका सेयरधनीहरूले सम्बन्धित संस्थाबाटै कर्जा लिन पाउँदैन । सहकारीमा ठ्याक्कै उल्टो छ र सदस्यले मात्रै ऋण लिन पाउँछन् । त्यसैगरी वित्तीय संस्थाहरू केन्द्रीय बैंकबाट अन्तर्राष्ट्रिय मान्यताअनुरूप निर्देशित छन् र राम्रो अनुगमन तथा सुपरिवेक्षणमा छन् । तर, सहकारीहरू स्वनियनमा रहने व्यवस्था छ । त्यति मात्र होइन वित्तीय संस्थाहरूले तरलता अनुपात, पुँजीकोष अनुपात, कर्जा निक्षेप अनुपातजस्ता विषयहरू अनुपालन गरेका हुन्छन् । ऋण लगानीबाहेक विभिन्न क्षेत्रमा लगानी गर्नुका साथै सरकारी ऋणपत्र खरिद गरेर बसेका हुन्छन् । त्यस्तै पाँच लाख रूपैयाँसम्मको निक्षेपको सुरक्षण गरिएको हुन्छ । ठुलो आकारको पुँजी छ । त्यति मात्र होइन प्रत्येक महिना र त्रैमासिक रूपमा आवश्यक विवरणहरू सार्वजनिक गर्नुपर्छ । त्यसैले सहकारीजस्तो वित्तीय संस्थाहरू सजिलै डुब्दैनन् ।

बैंक तथा वित्तीय संस्थाहरूलाई एकतर्फबाट मात्र नभई बहुआयामिक रूपमा हेर्नुपर्छ । पछिल्लो केही वर्षदेखि वित्तीय संस्थाहरूको व्यवसाय विस्तार एकदम सुस्त छ । वित्तीय संस्थाको व्यवसाय विस्तार भयो कि भएन भनेर कर्जामार्फत हेरिन्छ । गत वर्ष वित्तीय संस्थाहरूले ६ प्रतिशत पनि व्यवसाय विस्तार गर्न सकेनन् । चालु वर्ष पनि कर्जाको माग बढेको छैन । वित्तीय संस्थाहरूमा अधिक तरलता छ । ब्याजदर न्यून विन्दुमा भएका कारण निक्षेपकर्ताहरूलाई पनि फाइदा छैन । मुद्रास्फीति घट्दै गइरहेकाले निक्षेपको ब्याज घट्दा पनि बेफाइदा नै भएको भने छैन । तर, निक्षेपको आयमा निर्भर भएकाहरूलाई भने ब्याजदर घटेका कारण गाह्रो भने पक्कै भएको छ ।

पर्याप्त तरलता हुँदा–हुँदै र ब्याजदर न्यून विन्दुमा रहिरहँदा पनि लगानीकर्ताहरूको आत्मबलमा सुधार आएको छैन । त्यसको असर समग्र लगानीमा परेको छ । लगानीकर्ताहरू उत्साहित नभएका कारण बजारबाट कर्जाको माग नआउँदा वित्तीय संस्थाहरूको व्यवसाय वृद्धिमा सकस भइरहेको छ । खासगरी सरकारको अस्थिर नीतिको असर लगानीकर्तामा देखिएको छ । नेपालमा छिटोछिटो नीतिहरू परिवर्तन हुन थालेपछि लगानीकर्ताहरू अल्मलिएका छन् । आशंकित छन् । सहज तरिकाले लगानी बढाउन लगानीकर्ताहरू रोकिएका छन् । अर्थतन्त्रमा मन्दी छाएका कारण विगतमा गरिएको कर्जा लगानी पनि सहज तरिकाले उठ्न नसकेपछि अहिले वित्तीय संस्थाहरू अलि बढी दबाबमा छन् । यसको असर वित्तीय संस्थाको प्रतिफलमा पनि देखिएको छ । बर्सेनि वित्तीय संस्थाको प्रतिफल घट्दै गइरहेको छ । लगानी गरेपछि प्रतिफल आउने वातावरण सिर्जना नभएसम्म लगानीका माहोल बन्न कठिन हुन्छ ।

खासगरी सरकारले भूतप्रभावी निर्णय गरेर बैंक तथा वित्तीय संस्थाहरूसँग गाभ्ने/गाभिने (मर्जर) प्रक्रियामा लाभ प्राप्त गरेको र प्रिमियममा प्राथमिक निष्कासन (आईपीओ जारी) गरेका कम्पनीहरूको थप प्रिमियमलाई लाभ सिर्जना गरेर आयकर लिएपछि लगानीकर्ताहरू धेरै नै सशंकित देखिएका छन् । प्रिमियम आईपीओ र मर्जरमा लाभ प्राप्त भएकामा आयकर लगाएपछि धेरै लगानीकर्ता सरकारले कुन बेला कस्तो नीति



ल्याएर समस्यामा पार्छ भन्ने अनुभूतिमा छन् । यसले लगानी विस्तार गर्नबाट लगानीकर्ताहरु हच्किएका छन् ।

### चालु पुँजी कर्जा मार्गदर्शनको असर

पछिल्लो समय नेपालको ऋण वृद्धि भयो तर अर्थतन्त्रमा अपेक्षित परिवर्तन आएन भन्ने बहस सुरू भएको छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) जस्तो संस्थाहरूले कर्जा दिएको हुन्छ । निगरानी गरिरहेको हुन्छ । कोभिडपछि कुल गार्हस्थ उत्पादन (जीडीपी) को १०९ प्रतिशतसम्म कर्जा पुगेको अवस्था पनि थियो । जीडीपीभन्दा बढी कर्जा विस्तार हुँदा पनि मुलुकको आर्थिक वृद्धिमा किन सघाउ पुगेन भनेर प्रश्न उठ्यो ।

सबैतिरबाट वित्तीय संस्थाको कर्जा लगानीमा प्रश्न उठ्न थालेपछि प्रवाहित क्षेत्रको कर्जा उपयोग भए/नभएको अध्ययनमा केन्द्रीय बैंक लाग्यो । कतिपय कर्जाहरु उद्देश्यबाहिर गएको भेटिएपछि नेपाल राष्ट्र बैंकले तोकिएकै क्षेत्रमा कर्जा उपयोग गराउन मद्दत पुऱ्याउने उद्देश्यले चालु पुँजी कर्जा मार्गदर्शन ल्यायो । यसपछि भने ब्याज तिर्दैमा कुनै एक क्षेत्रमा लगानी सक्छु भनेर ऋण लिएको पैसा अर्को क्षेत्रमा लगानी गर्न नपाइने अवस्था सुरू भयो ।

कर्जा जुन उद्देश्यका लागि लिएको हो, त्यही क्षेत्रमा लगानी गर्दा अर्थतन्त्र र बैकिङ प्रणालीलाई बलियो बनाउँछ । तर, त्यसको असर कर्जा विस्तारमा सुस्तता देखियो । सीमित व्यक्तिहरूले धेरै कर्जा चलाएको अवस्थालाई नियमन गर्न राष्ट्र बैंकले चालु पुँजी कर्जा मार्गदर्शन ल्याएको देखिन्छ । ऋण लगानीममा पहिला जस्तो फुक्काफाल हुने अवस्था छैन । अर्थतन्त्र ५ प्रतिशत बढ्ने तर, कर्जा विस्तार २०/३० प्रतिशतले हुने परिवेशलाई नियन्त्रण गर्न मार्गदर्शन कामयावी देखिएको छ । यसबाट अहिले कर्जा विस्तार सुस्त देखिए पनि भविष्यमा सबैको हितमा नतिजा आउने सम्भावना भने छ ।

| आर्थिक वर्ष | मुद्रास्फिती % | निक्षेपको ब्याजदर% | कर्जाको ब्याजदर% |
|---|---|---|---|
| २०८०/८१ | ५.४४ | ५.७७ | ९.९३ |
| २०७९/८० | ७.७४ | ७.८६ | १२.२ |
| २०७८/७९ | ६.३२ | ७.१४ | ११.६२ |
| २०७७/७८ | ३.६ | ४.६५ | ८.४३ |
| २०७६/७७ | ६.१५ | ६.०१ | १०.११ |
| २०७५/७६ | ४.६४ | ६.६ | १२.१३ |

### सरकारी आम्दानी र खर्चको असन्तुलन

बैंक तथा वित्तीय संस्था, उद्योग, व्यवसाय, सेवा क्षेत्रलगायत जुन सुकै व्यवसाय भए पनि अर्थतन्त्रभित्रका अङ्ग हुन् । अहिलेको समस्या बैंकिङ क्षेत्रको नभई अर्थतन्त्रको समस्या हो । अर्थतन्त्र समस्याका रूपमा अहिले युवा पलयान र लगानीकर्ताको आत्मबल कमजोर हुनु हो । युवा पलायन रोकियो र लगानीकर्ताको मनोबल बढ्यो भने अर्थतन्त्र सुधार हुँदै जान्छ । युवा पलयान हुँदा उपभोग्य जनसंख्यामा कमी आएको र त्यसले माग घट्दा लगानीकर्ताको आत्मबल कमजोर हुन पुग्यो र थप लगानीका लागि लगानीकर्ता हच्किए ।

युवालाई नेपालमा रोजगारी सिर्जना गर्ने गरी योजना आउन सकेन । रोजगारी सिर्जना गर्न स्वदेशी र विदेशी लगानी चाहिन्छ । स्वदेशी लगानीकर्ता हच्किएको अवस्थामा विदेशी लगानीकर्ता आउने सम्भावना पनि कम हुन्छ । यद्यपि सरकारले लगानी सम्मेलनमार्फत विदेशी लगानीकर्ता देशमा लगानी बढाउन आह्वान गरेको अवस्था भने छ । स्वदेशी लगानीकर्ताको मनोबल बढेर लगानी गर्न अग्रसर भएका बेला मात्रै विदेशी लगानीकर्ताहरु आउने हुन् । लगानीले रोजगारी सिर्जना गर्छ । रोजगारी सिर्जना भएपछि बाहिर जाने आवश्यकता कम भएर जान्छ । लगानीकर्तामा विश्वास (कन्फिडेन्ट) जागेपछि लगानी आउँछ र त्यसलाई बजारले सहयोग गर्छ । स्वदेशी र विदेशी लगानीलाई कसरी आकर्षित गर्न सकिन्छ भन्नेतर्फ सरकारले ध्यान दिनुपर्छ । स्वदेशी लगानीकर्ताले कमायो भने विदेशी लगानीकर्ता स्वतः आउँछ । स्वदेशी लगानीकर्ताले नकमाएको अवस्थामा विदेशी लगानीकर्ता आउँदैनन् ।

अर्थतन्त्र विस्तारको बाधकका रूपमा सरकारी खर्च पनि रहेको



**आज हाम्रा गाउँबस्तीहरु खाली भएर जंगल बनिरहेको छ । भएका किसानले उत्पादित वस्तुको मूल्य पाइरहेका छैनन् । कृषिमा राम्रो मूल्य पाउने हो भने युवा व्यवस्थापन गर्ने अचुक अस्त्र हो, कृषि क्षेत्र । त्यसैले किसानले मूल्य पाउने अवस्था सिर्जना गर्नुपर्छ ।**

छ । सरकारी आम्दानीभन्दा खर्च बढी भइरहेको छ । साधारण खर्च पनि राजस्वबाट नउठ्ने परिस्थिति बन्दै गइरहेको छ । अर्थतन्त्रले बचत सिर्जना गर्नुपर्नेमा ऋण सिर्जना गर्नेतिर अग्रसर भएको आभाष दिइरहेको छ । आन्तरिक र बाह्य ऋण पछिल्लो समय बढ्दै गएको छ । विकास खर्च घटेको छ । सरकारले खर्चको आकार बढाउँदै गए पनि आम्दानी (राजस्व) बढाउन सकिरहेको छैन । आम्दानी र खर्चबीच बढ्दो असन्तुलनले अर्थतन्त्रमा थप समस्या ल्याउन सक्छ ।

### वित्तीय संस्थामा लगानीकर्ताको घट्दो आकर्षण

बैंक तथा वित्तीय संस्थाका संस्थापक सेयरधनीहरु एकपछि अर्को गर्दै सेयर बेचेर निस्किरहेका छन् । वित्तीय संस्थाको लगानीमा प्रतिफल घटिरहेका बेला सबैजसो क्षेत्रले आक्रमण गरिरहेको र वित्तीय संस्थालाई नकारात्मक दृष्टिकोणबाट हेर्ने प्रवृत्ति विकास हुँदै गएकाले संस्थापक लगानीकर्ताहरु पलायनको बाटो लिन थालेका हुन् । अपवादबाहेक अहिले वित्तीय संस्थाहरूको प्रतिफल औसत ५/६ प्रतिशतमा सीमित भएको छ । लगानीकर्ताको इज्जतमाथि प्रहार गर्ने काम भइरहेको छ । वित्तीय संस्थाहरूले करिब ७० हजार व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिएको छ । कुनै बैंक वा व्यक्तिले गल्ती गरेको स्थितिमा गलत गर्ने व्यक्ति वा बैंक सजायको भागिदार हुने गर्छ र भइरहेको छ । तर, नेपालमा समग्र बैंकिङ क्षेत्रलाई गाली गर्ने, ढुंगा हान्ने काम भइरहेको छ । यसले लगानीकर्ताहरूको मनोबल गिराएको छ ।

प्रतिफलका हिसाबले अहिले वित्तीय क्षेत्र मात्रै नभएर अपवादबाहेक धेरै क्षेत्रको राम्रो छैन । लगानीको प्रतिफलप्रति आमसर्वसाधारणसँगै सरकारको बुझाइ पनि नकारात्मक छ । प्रतिफलप्रति गलत भाष्य निर्माण भइरहेको छ । प्रतिफल लिँदा लुटेर खायो भन्ने आरोप लाग्ने गरेको छ । पारदर्शी क्षेत्रमा पनि यसखालको व्यवहारले लगानीकर्ता आजित बनिरहेका छन् ।

अझ बैंक तथा वित्तीय संस्थासम्बन्धी (बाफिया) ऐन संशोधन प्रस्तावका कारण लगानीकर्ताहरूको आकर्षण अझ घटेको छ । व्यवसायी छुट्याउने नीति भनेर बैंकका लगानीकर्ताहरूले व्यवसाय गर्दा ऋण लिन नपाउने प्रस्तावले धेरै लगानीकर्तालाई मर्माहत बनाएको छ । बाफिया प्रस्तावमा अचानक आएको यो प्रावधानले आगामी दिनमा अप्ठ्यारो स्थिति ल्याउन सक्छ । आफूले गरिरहेको व्यवसाय छाड्ने कुरा हुँदैन । यस्तो अवस्थामा बैंकको लगानी घटाउने परिस्थिति निर्माण हुन्छ । अधिकांश बैंकका लगानीकर्ताहरूले सेयर बेच्ने अवस्थामा बजार 'क्र्यास' हुन्छ कि भन्ने डर छ ।

### अर्थतन्त्र पुनरुत्थानको प्रमुख आधार कृषि र वन

अर्थतन्त्र पुनरूत्थान गर्न युवा पलायन रोक्नुपर्छ । जनसंख्या घट्न दिनु भएन । आजको दिनमा विदेशिएका युवाहरु स्वदेश फर्किए भने वा स्वदेशमै भएका युवाहरु विदेश जान छाडे भने उनीहरूका लागि रोजगारी दिने उद्योगहरु नेपालमा खुलिसकेका छैनन् । युवाहरूलाई रोजगारी दिने आधार के हुन सक्छ भनेर समीक्षासमेत भएको पाइँदैन । आज हाम्रा गाउँबस्तीहरु खाली भएर जंगल बनिरहेको छ । भएका किसानले उत्पादित वस्तुको मूल्य पाइरहेका छैनन् । कृषिमा राम्रो मूल्य पाउने हो भने युवा व्यवस्थापन गर्ने अचुक अस्त्र हो, कृषि क्षेत्र । त्यसैले किसानले मूल्य पाउने अवस्था सिर्जना गर्नुपर्छ । किसानले बेच्ने मूल्य र उपभोक्ताले तिर्ने मूल्यमा देखिएको अन्तर घटाउन काम गर्नुपर्छ । धेरै मूल्यबीचको व्यक्तिले खाने अवस्था नियन्त्रण नगरेसम्म न त किसानले मूल्य पाउँछन् नत उपभोक्ताले सस्तोमा सामान नै पाउँछन् । किसानलाई उचित मूल्य दिन सकिएको खण्डमा धेरै विदेशिएका युवाहरु नेपाल फर्कन्छन् वा फर्काउन सकिन्छ । अन्य क्षेत्रमा ठुलो रोजागरी दिने गरी उद्योग खोल्न सक्ने अवस्था नरहेकाले कृषि नै उपयुक्त क्षेत्र हो ।

लगानीको वातावरण सिर्जना भएको अवस्थामा केही रोजगारी उद्योग, होटेल, केबलकार र पर्यटनका क्षेत्रमा सिर्जना गर्न सकिन्छ । यसो हुँदा कृषि क्षेत्रमा उत्पादित सामान निर्यात गर्न नसके पनि स्वदेशमै खपत बढाउन सकिन्छ । सरकारले लगानीको वातावरण बनाइदियो भने निजी क्षेत्रले आफ्नो लगानीको क्षेत्र खोज्न सुरु गर्छ । सरकारले आफ्ना नीतिहरु छिटो-छिटो परिवर्तन गर्छ भन्ने त्रास लगानीकर्ताको मनबाट हटाउन सक्नुपर्छ । सरकार फेरिएपिच्छे राजस्वमा हुने चलखेल गर्ने परिपाटी अन्त्य हुनुपर्छ ।

पछिल्लो समय नेपालबाट विद्युत् नियमितजस्तो निर्यात भइरहेको छ । विद्युत् जस्तै काठ र जडीबुटीहरु नियमित निर्यात गर्न सकिन्छ । काठ र जडीबुटीहरु जंगलमै कुहिएर खेर जाने गरेको छ । खेर जाने काठ र जडीबुटी निर्यातका लागि देखिएका अप्ठ्याराहरु फुकाइनुपर्छ । वन-जङ्गललाई सही तरिकाले उपयोगिता बढाएको खण्डमा त्यसले केही रोजगारी सिर्जना गर्छ भने विदेशी मुद्रा आर्जनमा पनि सघाउ पुर्‍याउँछ । कृषि, जंगल, जलविद्युत् र पर्यटनमा क्षेत्रा सरकारले आकर्षक नीतिहरु ल्याएर रोजगारी सिर्जना र आम्दानी वृद्धिमा ध्यान दिनुपर्छ । यसबाट मात्र अर्थतन्त्र पुनरुत्थान हुन सक्छ ।

*(उपाध्याय बैंक तथा वित्तीय संस्था परिसंघका वरिष्ठ उपाध्यक्ष तथा महालक्ष्मी विकास बैंकका अध्यक्ष हुन्)*

# बैंकिङ उद्योगले बिराएको बाटो, वर्तमान अवस्था र अबको रणनीति

अहिले कर्जाको माग नभएको होइन, 'बैंकेवल' कर्जाको माग नभएको समय हो । त्यसैले, बैंकहरूले विगतमा जस्तै आक्रामक रूपमा कर्जा प्रवाह गर्ने आँट गरेका छैनन् ।



बीएन घर्ती

बैंक तथा वित्तीय संस्था (बैंक) सँग कर्जायोग्य कोष फालाफाल छ । त्यसैले, कर्जा बढाउनुपर्छ । निक्षेप धेरै भयो, नियन्त्रण गर्न ब्याजदर घटाउनुपर्छ । आजकाल यस्तै चर्चा परिचर्चा हुने गरेको छ । समाचार पनि त्यस्तै प्रकाशित हुँदै आएका छन् ।

के लगानीयोग्य कोष फालाफाल छ ? के निक्षेप अत्यधिक बढेको छ ? निक्षेप नियन्त्रण गर्न अझै ब्याजदर घटाउँदै जानुपर्छ ? नेपाली बैंकिङ उद्योगले कहाँनिर बाटो बिराएको थियो ? के आक्रामक रूपमा कर्जा वृद्धि गर्न उपयुक्त समय आएको हो ? राष्ट्र बैंकले सम्बोधन गर्नुपर्ने विषय पनि छन् ? यहाँ यिनै विषयलाई केलाउने प्रयास मैले गरेको छु ।

### के बैंकहरूसँग तरल सम्पत्ति बढी छ ?

तथ्यांकले बैंकहरूसँग अत्यधिक तरल सम्पत्ति भएको देखाउँदैन । राष्ट्र बैंकले प्रकाशित गरेको २०८१ असोज मसान्तसम्मको तथ्यांकले बैंकहरूसँग २५.७६ प्रतिशत तरल सम्पत्ति छ, जुन अत्यधिक होइन । अत्यधिक होइन भन्नुको पछाडि केही कारण छन्–

पहिलो, तरलता अनुपात औसत २५ प्रतिशतभन्दा तल झर्नेबित्तिकै बैंकहरु निक्षेपको 'प्राइस-वार' मा उत्रिहाल्ने गरेका छन् । त्यसले अन्ततः कर्जाको ब्याजदरलाई पुनः महँगो गराइदिन्छ । फेरि कर्जाको ब्याजदर बढ्यो भने ऋणीहरु अहिलेको समस्याबाट बाहिर निस्कन नसक्ने अवस्थामा पुग्छन् ।

राष्ट्र बैंकको निर्देशनअनुसार बैंकहरूले कम्तीमा २० प्रतिशत तरल सम्पत्ति राख्नुपर्छ । त्यसैले, उक्त अनुपात कायम गर्न बैंकहरु अत्तालिएर विगतमा निक्षेपको ब्याजदर बढाउने गरेका थिए । अहिले पनि केही बैंकहरूको तरलता अनुपात २५ प्रतिशतभन्दा तल झरिसकेको छ, जुन उनीहरूका लागि पूर्वचेतावनीको संकेत हो ।

दोस्रो, तरल सम्पत्ति अत्यधिक रूपमा बढी हो कि होइन भन्ने सुनिश्चता गर्न कम्तीमा 'लिक्विडिटी कभरेज रेसियो' र 'नेट् स्टेबल फन्डिङ रेसियो' गणना गरेर हेर्नुपर्छ । तर, यी अनुपात प्रकाशित भएको छैन । त्यसैले, अहिले कायम रहेको तरल सम्पत्ति किटेर बढी हो भन्न सकिने अवस्था छैन ।

२०७८ चैतमा बैंकहरूलाई तरलता अभावले प्याकप्याक्ति पारेको थियो । त्यतिबेला पनि बैंकहरूसँग औसत तरल सम्पत्ति २४.४३ प्रतिशत थियो । असहज मानिएको २०७९ र २०८० असारको समयमा पनि उक्त अनुपात बढेर क्रमशः २७.५२ प्रतिशत र २७.१० प्रतिशत पुगेको थियो । तर, अहिले सहज मानिएको अवस्थामा पनि तरल सम्पत्तिले २६ प्रतिशत नाघेको छैन । त्यसैले, अहिले तरल सम्पत्ति फालाफाल भएको देखिँदैन । बरू, राम्रो आम्दानी आउने तरल सम्पत्तिमा लगानी अवसर नभएकाले बैंकहरु अत्तालिएका भने पक्कै हुन् । अहिले होसियारीपूर्वक निर्णय लिँदै र वासलात व्यवस्थापन गर्दै जानुपर्ने समय हो ।

### के निक्षेप अत्यधिक रूपमा बढ्दै गएको छ ?

निक्षेप पनि अत्यधिक रूपमा बढेको छैन । आर्थिक वर्ष ०८०/८१ मा निक्षेप १३ प्रतिशतले बढ्यो । आर्थिक वर्ष ०७९/८० मा पनि निक्षेप करिब १२ प्रतिशतले मात्र बढेको थियो । तरलता अभावको चाप परेको आर्थिक वर्ष ०७८/७९ मा निक्षेप ९ प्रतिशत मात्रले बढेको थियो । त्यसपछि निक्षेप वृद्धले गति लिन सकेको छैन ।

२०७४ सालमा बाहेक २०७० सालयता हरेक वर्ष १७ देखि २१ प्रतिशतको बीचमा निक्षेप वृद्धि हुँदै आएको थियो । तर, चालु आव ०८१/८२ को पहिलो ३ महिनामा पनि निक्षेप २.६ प्रतिशतले मात्र बढेको छ ।




केही वर्षयता विप्रेषण भित्रिने क्रम बढ्दै गएको छ । आयात पनि घटेको छ । निजी क्षेत्रबाट हुने विकास निर्माणका कार्यमा पनि सुस्तता आएको छ । तैपनि निक्षेप उत्साहजनक रूपमा वृद्धि हुन सकेको छैन । त्यसको कारण खोज्नुपर्ने देखिएको छ । माथिका तथ्यांकले निक्षेप अत्यधिक रूपमा बढ्दै गएको छ भन्ने भनाइलाई पुष्टि भने गर्दैन ।

### अहिले कर्जा आक्रामक रूपमा बढाउने बेला हो ?

अहिले कर्जाको माग नभएको होइन, 'बैंकेवल' कर्जाको माग नभएको समय हो । त्यसैले, बैंकहरूले विगतमा जस्तै आक्रामक रूपमा कर्जा प्रवाह गर्ने आँट गरेका छैनन् ।

गत आव ०८०/८१ मा कर्जा करिब ६ प्रतिशतले मात्र बढ्यो । त्योभन्दा अघिल्लो आवमा पनि कर्जा झन्डै ३ प्रतिशतले मात्र बढेको थियो । त्यसैले, तरलता व्यवस्थापनमा चाप परेको थिएन ।

तर, चालु आवको प्रथम तीन महिनामा कर्जा २.५ प्रतिशत बढेको छ । अर्थात्, निक्षेप र कर्जा वृद्धिको अनुपात उस्तै–उस्तै छ । त्यसैले तरलता अनुपातमा पहिलेको तुलनामा नजानिँदो रूपमा संकुचन आउन थालेको संकेत देखिन थालेको छ ।

सचेततापूर्वक कर्जाप्रवाह नगरी बैंकहरूले आम्दानी बढाउन सक्दैनन् । कर्जा वृद्धि नगरी अर्थतन्त्रमा टेवा पनि पुग्दैन । त्यसैले, कर्जा त वृद्धि गर्दै जानुपर्छ ।

तर, कर्जा पनि कुन क्षेत्रमा बढाउने हो, त्यो पनि अत्यन्तै महत्त्वपूर्ण विषय हुन आउँछ । किनकि, विगतमा कम उत्पादनशील क्षेत्रमा आक्रामक रूपमा कर्जा बढाउँदै जाँदा नेपाली बैंकिङ उद्योगलाई अप्ठ्यारा दिनहरूको सामना गर्नुपरेको थियो ।

मुख्य रूपमा, तथ्यांक केलाउँदा अहिले आक्रामक रूपमा कर्जा बढाउने वेला होइन भन्ने प्रस्ट देखिन्छ । त्यसैले, कर्जा वृद्धिमा आक्रामक हुने होइन, सावधानीपूर्वक कर्जा विस्तार र व्यवस्थापन गर्नुपर्ने समय अहिलेको हो ।

### बैंकिङ क्षेत्रको समस्याको कारण के हो ?

२०७२ सालयता कर्जा प्रवाहमा बैंकहरु आक्रामक भएकै हुन् । उक्त ८/९ वर्षको अवधिमा निक्षेप वृद्धिले २१ प्रतिशत कहिल्यै नाघेको थिएन । तर, आव ०७६/७७ साललाई छाडेर २०७० सालयता हरेक आवमा बैंकहरूले १८ प्रतिशतदेखि २८ प्रतिशतसम्म कर्जा वृद्धि गर्दै गए ।

आव ०७६/७७ मा लगभग ४ महिना देश लकडाउनमा गयो । त्यसैले, कर्जा वृद्धिमा सुस्तता आएको थियो । तैपनि, उक्त आवमा पनि १२ प्रतिशतले कर्जा वृद्धि भएको थियो ।

उक्त अवधिमा खासगरी चालु पुँजी कर्जा, व्यक्तिगत कर्जा र कम उत्पादनशील कर्जामा बढी लगानी हुन पुग्यो । यसरी प्रवाह गरिएको कर्जा घुमाउरो तरिकाले कर्जाको ब्याज र किस्ता तिर्न र घरजग्गा खरिद गर्न प्रयोग भएको आशंका गरिएको छ ।

बैंकबाट प्रवाह भएको कर्जाले अर्थतन्त्र टेवा दिनुपर्ने हो । तर, त्यतिबेला आक्रामक रूपले प्रवाह गरेको कर्जाले अर्थतन्त्रलाई पूर्ण रूपमा योगदान दिएको देखिएन । उदाहरणका लागि बैंकबाट सहज रूपमा कर्जा उपलब्ध हुँदा अत्यन्तै छोटो अवधिमा घरजग्गाको मूल्य १०/१५ गुणाले बढ्न पुग्यो । तर, उत्पादकत्व बढाउनमा सहयोग गरेन ।

यहाँनिर हामीले एसियन वित्तीय संकट र विश्व वित्तीय संकटलाई पनि स्मरण गर्नु उपयुक्त हुन्छ । बैंकहरूले कर्जाका मापदण्डमा सम्झौता गरेर कर्जा बढाउँदा उक्त संकटहरु निम्तिएका थिए ।

अहिले घरजग्गाको कारोबार घटेकाले निजी क्षेत्रबाट हुने आर्थिक गतिविधिमा पनि कमी आएको छ । २०७७ असारमा रहेको १.४८ प्रतिशतको निष्क्रिय कर्जा २०८१ असोजसम्म आइपुग्दा बढेर ४.४२ प्रतिशत पुगेको छ । तैपनि, निष्क्रिय कर्जालाई अझै पनि छोपिएको त छैन भन्ने शंका कायमै छ ।

घरजग्गाको कारोबारमा आएको सुस्तताले गर्दा बैंकहरूले सहज रूपमा घरजग्गा धितोलाई लिलामी गर्न सकेका छैनन् । त्यसैले, उक्त सम्पत्ति बैंकहरूले आफ्नै नाममा ल्याउँदै गएका छन्, तर बिक्री गर्न सकेका छैनन् ।

२०७७ असारमा बैंकहरूसँग गैरबैंकिङ सम्पत्ति मात्र ७ अर्ब रूपैयाँ थियो । अहिले, उक्त रकम बढेर ३७ अर्ब रूपैयाँ नाघेको छ । उक्त अवधिमा कर्जा करिब ६० प्रतिशतले वृद्धि भएको छ । तर, गैरबैंकिङ सम्पत्ति भने ४२५ प्रतिशत बढीले वृद्धि भएको छ । यसबाट पनि प्रस्ट हुन्छ कि घरजग्गाको कारोबारमा आएको कमीले बैंकहरूलाई पनि असर गर्दै गएको छ ।

त्यति मात्र होइन, अर्को पनि रूचिपूर्ण पाटो छ । बैंकहरूले करिब ७५ प्रतिशत कर्जा स्थिर सम्पत्तिको धितोमा प्रवाह गरेका छन् । जबकि, चालु पुँजी प्रकृतिको कर्जा नै करिब ३० प्रतिशत प्रवाह भएको छ । तर, चालु सम्पत्ति मात्रको धितोमा प्रवाह गरिएको कर्जा भने १५ प्रतिशत पनि छैन । यस तथ्यले पनि बैंकहरूको कर्जा मुख्यतः घरजग्गा धितोमा आधारित छ भन्ने पुष्टि गर्छ । धितोसम्बन्धी प्रतिवेदन कतै यथार्थपरक छैन कि भन्ने शंका पनि उब्जाउँछ ।

अहिले राष्ट्र बैंकले व्यक्तिगत कर्जा प्रवाहमा कडाइ गरेको छ । व्यवसाय गर्न लिने कर्जाका लागि बैंकमा पेस गरिने र कर कार्यालयमा पेस गरिने वित्तीय विवरण पनि एउटै हुनुपर्छ । यसले ऋणीलाई अनुशासनमा राख्न महत्त्वपूर्ण भूमिका खेलेको छ । सँगसँगै पहिलेजस्तो अस्वभाविक रूपमा कर्जा लिने कार्यलाई पनि निरूत्साहित गरेको छ ।

यसैबीच, राष्ट्र बैंकले २०७९ सालमा चालु पुँजीसम्बन्धी मार्गनिर्देशन ल्यायो । उक्त मार्गनिर्देशन पहिल्यै आउनुपर्थ्यो, तर ढिलो आयो । मार्गनिर्देशन सुरूमा ल्याउँदा अत्यन्तै अव्यवहारिक प्रावधान राखेर ल्याइयो । तथापि, पटक–पटक संशोधन गरेर सहज बनाउने कार्य भइसकेको छ । त्यसले कारोबारको तुलनामा अत्यधिक कर्जा लिने ऋणीलाई निरूत्साहित गर्ने अपेक्षा गर्न सकिन्छ ।

अनिवार्य रूपमा 'ड्रइङपावर' गणना गर्नुपर्ने र राष्ट्र बैंकले तोकिदिएको सूत्रका आधारमा मात्र कर्जा नवीकरण गर्न सकिने भएकाले अस्वभाविक रूपमा बढी कर्जा लिने/दिने कार्यलाई नियन्त्रण गर्ने भएको छ । तर, कर्जा नवीकरणसम्बन्धी प्रावधान पूर्ण रूपमा लागु गर्न थप हिच्कीहरु आउने जोखिम कायमै छ ।

अहिलेको समस्या कर्जाको भारी एकमाथि अर्को गर्दै खप्टिँदै गएको कारणले पनि आएको हो । आर्थिक गतिविधि पनि घट्दै गएको छ । नियमनकारी निकायले एकपछि

अर्को कडा निर्देशन जारी गर्दै गएको छ । यस्ता कारणले बैंकिङ क्षेत्रमा रहेको निष्क्रिय कर्जा थप बढ्न सक्ने सम्भावना देखिन्छ । तर, लगानीयोग्य कोष प्रशस्त हुँदा आक्रामक रूपमा कर्जा प्रवाह गरेको नतिजा पनि हो अहिलेको समस्या ।

त्यसैले, बैंकिङ उद्योगले आक्रामक रूपमा कम उत्पादनशील क्षेत्रमा कर्जाप्रवाह गरेर बाटो बिराएको थियो । उक्त बिराएको बाटो परिवर्तन गर्ने अहिले उपयुक्त समय हो । मुनाफा घट्न सक्छ । आत्तिने बेला होइन । बैंकिङ व्यवसाय दीर्घकालीन लक्ष्य राखेर गरिने सेवा व्यवसाय हो भन्ने हामीले बिर्सनु हुँदैन ।

### के निक्षेपको ब्याजदर अझै घटाउनुपर्छ ?

२०७९ फागुनमा ८.५१ प्रतिशत पुगेको निक्षेपको औसत ब्याजदर घटेर ५.२४ प्रतिशतमा झरेको छ । त्यसैगरी, त्यसै समयमा १३.०३ प्रतिशत पुगेको कर्जाको ब्याजदर घटेर ९.३३ प्रतिशतमा ओर्लिसकेको छ । औसतमा निक्षेपको ब्याजदर ३.२७ प्रतिशत विन्दुले घटेको छ । तर, ऋणीहरु खुसी हुनुपर्छ- कर्जाको ब्याजदर औसतमा ३.७० प्रतिशत विन्दुले घटिसकेको छ ।

२०७७ र २०७८ सालका सुरूका केही महिनामा बचतको ब्याजदर १ प्रतिशतसम्म झर्दा बैंकिङबाट निक्षेप सहकारीतर्फ लाग्यो । त्यसले सहकारी क्षेत्रमा समेत समस्या ल्याइदियो । किनकि सहज रूपमा निक्षेप पाएपछि सहकारी सिद्धान्तको मर्म बिर्सेर केही सहकारीले अन्धाधुन्ध कारोबार बढाउँदै लगे । संस्थागत सुशासन कायम राखेनन् ।

मैले २०७८ भदौमा लेख लेख्दै बैंकहरूले ब्याजदर घटाउन गरेको प्रतिक्रियात्मक कदमले तरलता समस्या पुनः बल्झिने दिन आउँछ भनेको थिएँ । नभन्दै त्यस्तै दिन पनि आयो ।

तथापि, २०७८ पुसमा गएर निक्षेपको ब्याजदर घट्न नदिन नियन्त्रणात्मक औजार प्रयोग गर्‍यो । त्यतिबेला उक्त औजार काम गर्न भ्याएन । तर, उक्त औजारका कारण पहिलेजस्तै ब्याज घटाएर निक्षेपकर्ता निरूत्साहित गर्ने ठाउँ बैंकहरूलाई अहिले पाएका छैनन् ।

त्यसैले, अब थप ब्याजदर घटाउँदै गएमा त्यो घातक कदम हुन सक्छ । हुन त ब्याजदरको निर्धारण माग र आपूर्तिको नियममा आधारित भएर गरिनुपर्ने हो । तथापि, निक्षेपको ब्याजदर अब थप घटाइनु हुँदैन ।

### निर्दिशित कर्जा लगानीलाई पुनरावलोकन गर्नुपर्ने

निर्देशित लगानीका सम्बन्धमा राष्ट्र बैंकले समयसापेक्ष रूपमा पुनरावलोकन गर्नुपर्ने हो, तर गरेको छैन । उदाहरणका लागि बैंकहरूले आफ्नो जम्मा कर्जा लगानीको ५ प्रतिशत कर्जा विपन्नवर्गमा प्रवाह गर्नुपर्छ । प्रवाह गर्न नसके राष्ट्र बैंकले जरिवाना लगाउँछ ।

बैंकहरु आफैंले खुद्रा विपन्नवर्ग कर्जा प्रवाह गर्ने क्षमताको विकास गरेका छैनन् । त्यसैले, उनीहरूले लघुवित्तलाई थोक कर्जा दिन्छन् र विपन्नलाई खुद्रा कर्जा प्रवाह गर्छन् ।

लघुवित्तले सहज रूपमा स्रोत परिचालन गर्न पाएका कारण कर्जाका मापदण्डमा सम्झौता गरेर अत्यधिक रूपमा कर्जाप्रवाह गर्दै गएको पनि देखिन्छ । फलस्वरूप, अहिले कतिपय लघुवित्तमा समस्या आएको छ ।

२०६० सालतिर समग्र बैंकिङ उद्योगले करिब एक-डेढ खर्ब रूपैयाँ कर्जा प्रवाह गरेको थियो । अहिले कर्जा ५१/५२ खर्ब रूपैयाँ पुगिसकेको छ । तर, त्यतिबेला तोकिएको लक्ष्य अहिले पनि पुनरावलोकन गरिएको छैन ।

त्यति मात्र होइन, कुनै वेला कृषि कर्जा प्रवाह गर्न हरेक शाखालाई समेत लक्ष्य तोकिएको थियो, जुन पटक्कै व्यवहारिक थिएन । उदाहरणका लागि काठमाडौं उपत्यकाका शाखाले तोकिएको लक्ष्यअनुसार कृषि कर्जा प्रवाह गर्न ग्राहक खोज्न कहाँ जाने ?

वाणिज्य बैंकका लागि कृषि र ऊर्जाका लागि क्रमशः १५ र १० प्रतिशत लक्ष्य तोकिएको छ । लघु, घरेलु, साना एवं मझौला उद्यमीलाई कम्तीमा १५ प्रतिशत कर्जा प्रवाह गर्न निर्देशन दिइएको छ ।

यसरी तोकिएका लक्ष्य अध्ययनमा आधारित होइनन् । असल उद्देश्यका साथ लक्ष्य तोकिएको हो । तर, उक्त प्रावधानले बैंकहरूलाई कर्जा खोसाखोस गर्न उक्साएको छ । नियामकीय कारबाहीबाट बच्न कर्जाका मापदण्डमा सम्झौता गरेर पनि कर्जा प्रवाह गर्न प्रोत्साहित गरेको छ । अन्ततः निष्क्रिय कर्जा बढाउने कार्य पनि गरेको छ । तसर्थ, राष्ट्र बैंकले निर्देशित कर्जा लगानीको लक्ष्य पुनरावलोकन गर्न अब ढिला गर्नु हुँदैन ।

### घरजग्गाको कारोबार बढाउने नीति

प्रत्यक्ष र अप्रत्यक्ष रूपमा घरजग्गामा अत्यधिक लगानी गरेका कारण अहिलेको समस्या आएको हो । तर, रोग जे कारणले सुरू भएको थियो, त्यही कारणको उपचार नगरीकन समस्याको समाधान नहुने संकेत देखिँदै गएको छ ।

त्यसैले, बैंकहरूको निष्क्रिय कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना गर्न कानुनी संरचना बनाउन अब ढिला गर्नु हुँदैन । बैंकहरूको काम बैंकिङ कार्य गर्ने हो । घरजग्गा आफ्नो नाममा सकारेर थुपार्दै जाने होइन ।

त्यसैगरी, पहिलेजस्तै अत्यधिक रूपमा जग्गाको मूल्य बढाएर घर-घडेरी किन्नै नसक्ने बनाउन उक्साउने समय पनि होइन । तर, साना-साना घर-घडेरी, साना-साना घरका कारोबार बढ्न सक्ने वातावरणको सिर्जना नगरी अहिलेको बैंकिङ समस्या कम हुँदै जाने संकेत देखिएको छैन ।

त्यसैले, त्यस्तो वातावरण कसरी बनाउन सकिन्छ, के कस्ता व्यवहारिक, नियन्त्रणात्मक औजार प्रयोग गर्न सकिन्छ, कसले कस्तो भूमिका निर्वाह गर्नुपर्छ भन्ने विषयलाई सारांशमा ल्याउन एक अध्ययन समिति बनाउनुपर्ने देखिन्छ । यसका लागि वित्त नीति र मौद्रिक नीति बनाउने दुवै पक्ष, बैंकर्स एसोसिएसन, घरजग्गा व्यवसायी र सम्बन्धित विषय विज्ञको पनि प्रतिनिधित्व गराइनु उपयुक्त हुन्छ । तर, घरजग्गाको मूल्य आकाशमा पुर्‍याउने पुरानो गतिविधि नदोहोरियोस् भन्ने कुरामा भने उत्तिकै सचेत भने हुनुपर्छ ।

अन्त्यमा, फेरि एकपटक दोहोर्‍याउँदै भन्न चाहन्छु–

अहिले बैंकिङ उद्योगमा रहेको तरल सम्पत्ति अत्यधिक होइन । अहिले आक्रामक रूपमा कर्जा विस्तार गर्ने बेला होइन । तर, अर्थतन्त्रलाई चलायमान बनाउन 'बैंकेवल' कर्जा विस्तार गर्दै जानुको विकल्प छैन । फेरि कम उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरेर पुरानै रोग निम्त्याउनु हुँदैन । अब निक्षेपको ब्याजदर पनि थप घटाइनु हुँदैन । निर्देशित कर्जा लगानीको लक्ष्य राष्ट्र बैंकले पुनरावलोकन गर्न ढिला गर्नु हुँदैन । साना घरजग्गा कारोबारलाई गति दिन के कस्ता औजार प्रयोग गर्न सकिन्छ भन्ने निचोडमा पुग्न एक अध्ययन समिति तुरुन्तै बनाइनुपर्छ । अध्ययन समितिले दिएका व्यवहारिक सुझावको कार्यान्वयन गरी बैंकिङलाई सहज अवस्थामा फर्काउनुपर्छ ।

*(घर्ती बैंकिङ विज्ञ हुन्)*

**बैंकहरूले करिब ७५ प्रतिशत कर्जा स्थिर सम्पत्तिको धितोमा प्रवाह गरेका छन् । जबकि, चालु पुँजी प्रकृतिको कर्जा नै करिब ३० प्रतिशत प्रवाह भएको छ । तर, चालु सम्पत्ति मात्रको धितोमा प्रवाह गरिएको कर्जा भने १५ प्रतिशत पनि छैन ।**

# आफ्ना कमजोरी सुधार्यौं भने वित्त परिचालनबाट विमुख हुनु पर्दैन

> उत्पादनमूलक उद्योग, निर्माण क्षेत्र सँगसँगै सहकारी, रियल स्टेट र सेयर बजारलगायत अर्थतन्त्रका धेरै क्षेत्रमा समस्या आयो । सहकारीमा व्यापक अनियमितता र विचलन देखिएपछि नेपाली अर्थतन्त्रको एक खम्बा भत्किएको महसुस भयो ।



तिलक पाण्डेय

### पृष्ठभूमि

ढड्डाबाट डिजिटल बैंकिङसम्म आइपुगेको नेपाली बैंकिङ क्षेत्रको जननी नेपाल बैंक हो । तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरको पहलमा १९९४ मा स्थापना भएको नेपाल बैंकले नेपालमा औपचारिक बैंकिङको सुरूवात भयो । यद्यपि नेपालमा बैंकिङ अवधारणा त्यसअघि नै थियो । सरदार गुञ्जमान सिंहले बेलायतमा रहँदा सिकेको बैंकिङ अभ्यासलाई नेपालमा लागु गर्न जुद्धशमशेरसँग हातेमालो गरेका थिए ।

८८ वर्षअघि स्थापित नेपाल बैंकले सार्वजनिक निजी साझेदारी (पीपीपी) अवधारणालाई आत्मसात् गरेको थियो । एक करोड रूपैयाँ अधिकृत पुँजीसहित स्थापित नेपाल बैंकले २०१४ मा नेपाल राष्ट्र बैंकको स्थापना हुनुअघि केन्द्रीय बैंकका रूपमा समेत काम गर्थ्यो । वि.सं. २००२ मा नेपाल सरकारले नेपाली मुद्रा जारी गर्दा नेपाल बैंककै अधीन थियो भने सरकारको ढुकुटी पनि हेर्थ्यो । नेपालमा बैंक खाता, बैंक खाताका प्रकार, खाताका विशेषता, कर्जा र कर्जा प्रकारका विषयमा सर्वसाधारणलाई बैंकिङ शिक्षा प्रदान गर्ने जग नेपाल बैंकले बनाएको हो । भौचर, लेजर, ब्यालेन्स सिट निर्माण गर्ने काम पनि नेपाल बैंकले नै सिकाएको हो ।

२०४० सालपछि संयुक्त लगानीका बैंक खुल्नु अघिसम्म नेपालमा सरकारी स्वामित्वका चारवटा (नेपाल बैंक, कृषि विकास बैंक राष्ट्रिय वाणिज्य बैंक र औद्योगिक निगम) बैंक थिए । संयुक्त लगानीका र निजी क्षेत्रका बैंक आउनुपूर्व बैंकिङ क्षेत्रमा सरकारी बैंककै एकाधिकार थियो । प्राचीन तरिकाले चलेका बैंकहरूसँग प्रडक्टहरु दिनुपर्छ भन्ने अवधारणा पनि थिएन । कारोबारको आवश्यकता पनि सीमित थियो भने बैंकहरूले पनि सीमित सुविधा उपलब्ध गराउँथे । निक्षेप संकलन र ऋण लगानीमा पनि पर्याप्त ज्ञान नभएको अवस्थामा राष्ट्र बैंकका नियमहरु पालनामा पनि कतिपय बेला समस्या हुन्थ्यो । तर, सन् २००३-२००४ मा बासेल ३ कार्यान्वयनमा ल्याएपछि भने केन्द्रीय बैंकका नियमहरु कडाइसाथ पालना हुन थालेको हो । सरसर्तीभन्दा संयुक्त लगानीका र निजी क्षेत्रबाट बैंकहरु खुल्न थालेपछि मात्रै नेपालमा आधुनिक बैंकिङको सुरूवात भएको हो ।

संयुक्त लगानीका रूपमा स्ट्यान्डर्ड चार्टर्ड (तत्कालीन ग्रिनलेज) बैंक र नबिल बैंक (तत्कालीन नेपाल अरब बैंक) नेपाल आएपछि नयाँ-नयाँ किसिमका बैंकिङ प्रोडक्ट आउन थाले । औद्योगिक वा व्यावसायिक क्षेत्र पनि नयाँ नयाँ बैंकिङ प्रोडक्टमा रमाउन थाले । नयाँ बैंकहरु बजार नयाँ ढंगले गइरहँदा पनि सरकारी बैंकहरु प्रतिस्पर्धामा जान हच्किरहेको अवस्था थियो ।

### बैंकिङ क्षेत्रका चुनौती

बैंकिङ क्षेत्र कहिल्यै पनि चुनौतीरहित हुँदैन । चुनौतीकै बीचबाट आफूलाई अब्बल साबित गर्न सकेमा मात्र बैंकिङ क्षेत्रमा आफ्नो पहिचान पनि सकिन्छ । तथापि पछिल्लो एक दशकमा नेपालको बैंकिङ क्षेत्रले विनाशकारी भूकम्प, कोरोना महामारी, भूराजनीतिक टकराव, आर्थिक मन्दी र आन्तरिक रूपमा सहकारीमा देखिएको विचलनको प्रभावलाई घटाउँदै सम्हालिएर अगाडि बढिरहेको छ । नेपालमा बैंकिङ सुरु गरिँदाका वर्षहरूमा अन्तर्राष्ट्रिय क्षेत्रमा बैंकिङका नयाँ प्रविधि नेपालसम्म तत्कालै आइपुग्ने अवस्था थिएन । तर, अहिले विश्व बैंकिङमा के भइरहेको छ भन्ने तुरून्तै जानकारी हुन्छ । नेपालमा बैंकिङ इतिहास ८८ वर्ष पुरा भए पनि आधुनिक बैंकिङको विकास भने पछिल्लो चार दशकमा अभूतपूर्व रूपमा भएको छ ।

पछिल्ला केही वर्षमा विश्वव्यापी देखिएको कोरोना महामारी, आर्थिक सुस्तता र विश्वव्यापी

परिस्थितिका कारण नेपालको बैंकङ क्षेत्रले ठुलो समस्या सामना गरिरहेको छ । अझ अर्थतन्त्रलाई समस्यामुक्त बनाउन वित्तीय नीतिभन्दा मौद्रिक उपकरणको बढी प्रयोगले बैंकिङ क्षेत्र झन् समस्यामा फसेको छ । कोरोना महामारीजस्तो विषम् परिस्थितिलाई बैंकिङ क्षेत्रका कारण नेपालको अर्थतन्त्र धराशायी हुनबाट जोगिएको थियो अर्थात् बैंकिङ क्षेत्रले अर्थतन्त्रलाई 'टेको' लगाएको थियो भन्दा अत्युक्ति हुँदैन । कोरोना महामारीबाट सिर्जित समस्या समाधान गर्न मौद्रिक उपकरणलाई बढी प्रयोग गर्दाको असर अहिले वित्तीय क्षेत्रले सुस्तता भोगिरहेको छ । खासगरी सहुलियत दरमा उत्पादन गर्न लिएका कर्जा अनुत्पादक क्षेत्रमा खपत भए पनि उचित निरीक्षण वा सुपरिवेक्षण नहुँदा अहिले समस्या आइरहेको छ ।

महामारीबाट उठ्दै गर्दा भूराजनीतिक परिवेशबाट नेपालले अर्थतन्त्र र नेपालको बैंकिङ क्षेत्र अछुतो रहन सकेन । समग्रमा वस्तु तथा सेवाको मागमा गिरावट आउँदा उद्योगहरूको क्षमता उपयोग हुन सकेन । यसले व्यवसायीको मनोबल खस्कियो । उत्पादनमूलक उद्योग, निर्माण क्षेत्र सँगसँगै सहकारी, रियल स्टेट र सेयर बजारलगायत अर्थतन्त्रका धेरै क्षेत्रमा समस्या आयो । सहकारीमा व्यापक अनियमितता र विचलन देखिएपछि नेपाली अर्थतन्त्रको एक खम्बा भत्किएको महसुस भयो ।

सहकारीसँगको विश्वास तोडिँदा बैंकिङ क्षेत्रमा निक्षेप वृद्धि भएका कारण अहिले वित्तीय क्षेत्रमा अधिक तरलताको स्थिति सिर्जना भएको हो । लामो समयसम्म रियल स्टेट र सेयर बजार चलायमान नहुँदाको चक्रीय प्रभाव निर्माण क्षेत्रमा पनि पर्‍यो । औद्योगिक उत्पादन र निर्माणजन्य सामग्रीको माग एकैपटक खस्किँदा उत्पादनमा कमी आउन थाल्यो र त्यसले वित्तीय क्षेत्रमा कर्जाको माग मात्रै घटाएको होइन, पुरानो ऋण असुलीमा समेत समस्या पैदा भयो । अन्ततः सबै परिवेशको असर वित्तीय क्षेत्रमा पनि देखियो ।

## ब्याजदर, लगानी र लगानीका पाटाहरूको अन्तरसम्बन्ध

सामान्य सिद्धान्त हेर्ने हो भने जब ब्याजदर घट्दै जान्छ लगानीको वातावरण बन्दै जान्छ । तर, अहिले ब्याजदर घट्दै जाँदा पनि लगानी अर्थात् कर्जाको माग बढेको छैन ।

डेढ वर्ष अघिसम्म उद्योगी व्यापारीहरूको मुख्य माग ब्याजदर घटेर एकल अंकमा आउनुपर्छ र त्यसो नभएसम्म व्यावसायिक वातावरण निर्माण हुँदैन भन्ने थियो । तर, कर्जाको ब्याजदर ९ प्रतिशतभन्दा तल झरिसक्दा पनि कर्जाको माग आएको छैन । आर्थिक क्षेत्र चलायमान भएको छैन । वस्तु तथा सेवाको उपयोग बढ्न सकेको छैन । व्यापार व्यवसाय पनि सामान्य हिसाबले चलिरहेको छ । ठुला पूर्वाधारमा लगानी हुन सकेको छैन । नाफा सिर्जना हुन सकेको छैन । जसले गर्दा नयाँ उद्योगमा लगानी आउन सकेको छैन ।

लगानीको वातावरण बन्न नसक्नुलाई औद्योगिक तथा व्यावसायिक क्षेत्रले नीतिमा आइरहने तीव्र उतारचढावलाई मानेका छन् । उदाहरणका रूपमा स्टिल व्यवसायमा सरकारले तीन वर्षको अन्तरमा गरेको नीतिगत हेरफेरलाई लिन सकिन्छ । निर्माणका उद्योगहरु एक-अर्कामा अन्तरसम्बन्धित छन् । स्टिलको व्यापार बढ्नु निर्माण क्षेत्र मजबुत बन्नु हो । त्यसले सिमेन्ट तथा अन्य निर्माण सामग्रीको पनि माग बढाउन मद्दत गर्छ ।

अर्कोतिर सरकार आफैंले पनि पूर्वाधार

डेढ वर्ष अघिसम्म उद्योगी व्यापारीहरूको मुख्य माग ब्याजदर घटेर एकल अंकमा आउनुपर्छ र त्यसो नभएसम्म व्यावसायिक वातावरण निर्माण हुँदैन भन्ने थियो । तर, कर्जाको ब्याजदर ९ प्रतिशतभन्दा तल झरिसक्दा पनि कर्जाको माग आएको छैन । सेवाको उपयोग बढ्न सकेको छैन ।



निर्माणको काम प्रभावकारी रूपले अघि बढाउन सकेको छैन । सरकारी निर्माण गतिविधि ठप्प हुँदा वा पूर्वाधार निर्माण नहुँदा समग्र उद्योग क्षेत्रको मागमा कमी आइरहेको छ । निर्माण क्षेत्रका समस्या पनि उस्तै छन् । ती सबै क्षेत्रको समस्याको भार वित्तीय क्षेत्रमा देखिएको छ ।

### कर्जा विस्तार र आर्थिक वृद्धिको सम्बन्ध

पछिल्लो दशकको कुरा गर्दा कर्जाको विस्तारको दर वार्षिक औसतमा १५ प्रतिशतभन्दा बढीले भएको छ । तर, अर्थतन्त्र मुस्किलले ४ प्रतिशनको औसतमा उकालो लागेको छ । कर्जा विस्तार र आर्थिक वृद्धिको खाडल (ग्याप) ले पनि बैंकिङ क्षेत्रको कर्जा लगानी फलदायी नभएको संकेत गर्छ । निजी क्षेत्र क्षणिक पुँजीगत लाभमा आकर्षित हुने र बैंकिङ क्षेत्रले पनि लगानीको उपयोगिता सुनिश्चित गर्न नसक्दा कतिपय अवस्था लक्ष्य प्राप्त गर्न मौद्रिक नीतिले १५ प्रतिशत कर्जा विस्तारको लक्ष्य लिनुपर्छ र सोहीअनुरूप मौद्रिक उपकरण प्रयोगमा ल्याउनुपर्छ । यद्यपि कर्जा विस्तार हुनेबित्तिकै आर्थिक वृद्धि हुने भन्ने होइन । कर्जा प्रवाह गर्ने, निर्माण वा उत्पादन हुने, रोजगार सिर्जना हुने र त्यसपछि आर्थिक वृद्धि हासिल हुने एउटा चक्र हुन्छ । कर्जा विस्तार र आर्थिक वृद्धिको पनि सोहीअनुसार सम्बन्ध हुनुपर्छ ।

### कमजोरी कसको ?

नेपालको अर्थतन्त्र तीनखम्बे नीति (सार्वजनिक, निजी र सहकारी) मा आधारित छ । वस्तुको मागसँगै उत्पादनमा कमी र निर्माण कार्यमा सुस्तताका कारण सरकारको राजस्वमा कमी आयो । राजस्व कटौती हुँदा स्रोत अभावमा सरकारले पुँजीगत खर्च गर्न सकेन । अर्कोतिर सरकार चाँडो–चाँडो परिवर्तन भइरहँदा 'पोलिसी डिपार्चर' हुन

> **संयुक्त लगानीका रूपमा स्ट्यान्डर्ड चार्टर्ड बैंक र नबिल बैंक नेपाल आएपछि नयाँ–नयाँ किसिमका बैंकिङ प्रोडक्ट आउन थाले । औद्योगिक वा व्यावसायिक क्षेत्र पनि नयाँ नयाँ बैंकिङ प्रोडक्टमा रमाउन थाले । नयाँ बैंकहरू बजार नयाँ ढंगले गइरहँदा पनि सरकारी बैंकहरू प्रतिस्पर्धामा जान हच्किरहेको अवस्था थियो ।**

समस्या आएको छ ।

बैंकिङ क्षेत्रले पनि कतिपय बेला नाफालाई प्राथमिकता दिएर र व्यवस्थापकहरूले आफ्नो काम देखाउने होडबाजीमा प्रवाहित कर्जाको उपयोगमा प्रश्न गर्न सकेन । सामान्यतः बैंकबाट लिएको कर्जाको उपयोगबाट रोजगारी सिर्जना गर्ने वा कायम राख्ने, राजस्व बुझाउने माहोल बनाउने र केही न केही उत्पादन नियमित बनाउन सहयोग गर्नुपर्छ । जुन प्रयोजनका निमित्त कर्जा प्रवाह भएको हो त्यसमा खर्च नभई घरजग्गा तथा सेयर किन्न खर्च हुँदा कर्जाको विस्तारले अर्थतन्त्र वृद्धिमा तात्त्विक असर पारेन । खासगरी कोरोना महामारीपछि जुन रफ्तारमा कर्जा विस्तार भयो र अनुत्पादक भनिएका क्षेत्रमा खर्च भयो त्यसको असर अहिले वित्तीय क्षेत्रले भोगिरहेको छ । नियामकले कर्जा विस्तारमा अंकुश लगाउन नसकेको र नाफाको लोभमा बैंकले कर्जा रोक्न नचाहँदा आज परिवेश अप्ठ्यारो बनिरहेको छ ।

तर, २० वर्षको तथ्यांक केलाउँदा कर्जा विस्तारले आर्थिक वृद्धिमा टेवा पुऱ्याउन नसकेको देखिन्छ । सामान्यतः १ प्रतिशत आर्थिक वृद्धिका लागि ३ प्रतिशत कर्जा विस्तार हुनुपर्छ । ५ प्रतिशतको आर्थिक वृद्धि सकेन । तत्काल लोकप्रिय हुन ल्याइएका कतिपय नीतिको भार अर्थतन्त्रले खेप्नुपऱ्यो ।

सरकारी नीति कमजोर हुँदा मौद्रिक नीति एक्लैले देशको विकास र अर्थतन्त्रलाई काँध हाल्न सकेन । राष्ट्र बैंकले निक्षेपकर्ताको निक्षेप सुरक्षण र मूल्य स्थायित्वमा ध्यान दिनुका अतिरिक्त निजी क्षेत्रलाई बचाइराख्न नियामकीय कर्तव्य पालना गर्दाको परिणाम अहिले सतहमा देखिएको छ ।

त्यस्तै, बैंकरहरूले भविष्यप्रति धेरै पूर्वमूल्यांकन गरेनन् । बैंकहरू तत्कालीन उतारचढावलाई हेरेर नाफा केन्द्रित हुँदा कर्जा गुणस्तर र उपयोगमा ध्यान गएन । जसका कारण अहिले निष्क्रिय कर्जाको अनुपात बढेका कारण बैंकहरूको कर्जा प्रवाह गर्ने क्षमता घट्न गयो । कर्जा लगानी 'स्पेस' भएन । अहिलले कतिपय बैंकको कर्जा विस्तार देखिएको छ तर, त्यो कर्जा बढेको नभई कर्जा 'स्वाप'को असर हो ।

हामी अन्तर्राष्ट्रिय मूल्य–मान्यताअनुसार बैंकिङ अभ्यास गरे पनि भविष्यका सम्भावित चुनौती वा ब्याजदरको उतारचढावलाई नियाल्न सक्दैनौं । उपलब्ध आर्थिक तथ्यांकले पनि भविष्यको अवस्था आकलन गर्न सक्ने स्थिति छैन । निजी क्षेत्रका पनि आ–आफ्नै कमजोरी छन् । उत्पादनमूलक क्षेत्रमा लगानी नगर्ने, क्षणिक नाफाका लागि प्रतिस्पर्धा गर्ने, बैंकबाट लिएका कर्जाको पनि सदुपयोग नगर्नेजस्ता समस्या उद्योगी व्यवसायीमा छ । सरकार, राजनीतिक व्यक्ति, सञ्चार माध्यम, अर्थतन्त्रका मञ्चहरू, निजी क्षेत्रका छाता संगठन र अन्य जोकोहीले पनि सकारात्मक विषय उठान गरेर उद्योगी व्यवसायीको मनोबल उठाउनुपर्छ ।

### के गर्ने ?

सरकारको नीति निजी क्षेत्रको लक्ष्य र आमसर्वसाधारणको संलग्नता पनि कृषिलगायत आधारभूत 'स्ट्रेन्थ' मै हुनुपर्छ । अधिकांश नेपालीले कृषि जानेको छ । जोसुकै जानकार विज्ञ व्यवसायी बैंकर सबैको मुखमा नेपालका लागि उत्तम र प्राथमिकतामा राख्नुपर्ने विषय केही भुन्डिन्छ भने त्यो कृषि, पर्यटन र ऊर्जा हो ।

पर्यटनमा नेपाल एक किसिमले सक्षम हुँदै गइरहेको छ । देशमा स्थापित र सञ्चालित होटेलले ३५ लाख पर्यटकलाई सेवा दिन सक्छ । अझै होटेल खुल्ने क्रममा छन् । पर्यटनका नयाँ गन्तव्य र गतिविधि उजागर र विकास हुँदै छ । नयाँ ट्रेकिङ रूटहरू खुल्दै छन् । यातायातको 'कनेक्टिभिटी' ले हिमाल, पहाड, तराई सीमित घण्टामा यात्रा गर्न सम्भव बनिसकेको छ । यद्यपि पर्यटन स्रोतसँगको कनेक्टिभिटी निकै कमजोर छ । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन र बन्दै गरेका सडकमार्गको पूर्णताले पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउनेछ ।

त्यस्तै, जलविद्युत्मा पनि एक किसिमको सक्षमता विकास भइसकेको छ । तीन हजार मेगावाट आन्तरिक उत्पादनले देशको माग धान्न सक्ने भइसकेको छ । छिमेकी मुलुक भारतले दीर्घकालमा १० हजार मेगावाट र बंगलादेशले पाँच सय मेगावाट विद्युत् खरिद गर्ने प्रतिबद्धता गरिसकेका छन् । त्यसैले ऊर्जाका भविष्य निकै उज्ज्वल छ ।

कृषि क्षेत्र केही कमजोर देखिएको छ । कृषि क्षेत्र उत्थान गर्न सरकारले दुई वर्षअघि ल्याएको सहुलियतले पर्याप्त उपलब्धि दिन सकेको छैन । अहिले पनि किसानहरू सहुलियतपूर्ण कर्जा मागिरहेका छन् । तर, हामी बैंकहरूले ऋण दिन सकिरहेका छैनौं किनकि कृषि क्षेत्रले भोग्दै आएको आपूर्ति चेनको समस्या उत्पादित वस्तुले बजार नपाउने स्थितिको अन्त्य गर्नु आवश्यक छ । उदाहरणका लागि दूध उत्पादक किसानका लागि मिल्क होलिडे कायम राख्ने र दूधमा पाउडर मिसाउनेजस्ता समस्या व्यापक रूपमा छ ।

समग्रमा नेपालको मूल समस्या लगानीको वातावरण नहुनु हो । पूर्वाधार र कनेक्टिभिटीमा उल्लेख्य फड्को मार्न सकेको स्थितिमा मुलुक समृद्धितर्फ अग्रसर हुन्छ ।

*(पाण्डेय नेपाल बैंकका प्रमुख कार्यकारी अधिकृत हुन्)*

# सरकार मातहतका कोषहरूको रकम पूर्वाधारमा लगानी गर्नुपर्छ

अहिलेसम्मको परिवेश हेर्दा सार्वजनिक पूर्वाधार निर्माणका कामहरू राज्य आफैंले गर्दै आएको देखिन्छ । राज्यको पुँजीगत खर्च थोरै भएकाले नीतिगत व्यवस्था मिलाएर निजी क्षेत्रलाई पनि सार्वजनिक पूर्वाधार निर्माणमा सहभागी बनाई द्रुत गतिमा पूर्वाधारहरूको विकास गर्नुपर्ने हुन्छ ।



कृष्णबहादुर अधिकारी

पूर्वाधार भन्नाले सामान्यतः त्यस्तो प्रकारको बुनियादी भौतिक एवं सांगठनिक संरचना हो जुन समाज, उद्योग, व्यवसाय वा व्यापार सञ्चालनका लागि आवश्यक हुन्छ । यसमा यातायात, सञ्चार, खानेपानी, सिँचाइ, स्वास्थ्य, पर्यटन, ऊर्जा तथा व्यक्तिगत/व्यावसायिक/सामुदायिक भवनजस्ता महत्त्वपूर्ण सुविधा, सेवा तथा प्रणालीहरू सामेल हुन्छन् । जसले देशको आर्थिक गतिविधिमा टेवा पुर्‍याई आमजनताको जीवनस्तर सुधार्न मद्दत गर्छ । नेपाल राष्ट्र बैंकले पनि पूर्वाधार भनेर ऊर्जा, उद्योग/कलकारखाना, कृषि, व्यापार प्रवर्धन, सूचना तथा सञ्चार, यातायात, स्वास्थ्य, शिक्षा, वातावरण, सहरी विकासलगायत विभिन्न १४ प्रकारका क्षेत्र तोकेको छ ।

समग्रमा पूर्वाधारलाई तीन प्रकारमा वर्गीकरण गर्ने गरिन्छ । देशको अर्थतन्त्र तथा मानवीय आवश्यकतालाई प्रत्यक्ष सहयोग गर्ने अत्यावश्यक सुविधाहरू प्राथमिक पूर्वाधार (प्राइमरी/कोर इन्फ्रास्ट्रक्चर) मा पर्छन् । प्राथमिक पूर्वाधारभित्र यातायात, सञ्चार, खानेपानी आदि क्षेत्र पर्छन् । समाज कल्याण, विकास तथा जनताका जीवनस्तर उकास्न सहयोग गर्ने सुविधाहरूलाई सामाजिक पूर्वाधार (सेकेन्डरी/सोसियल इन्फ्रास्ट्रक्चर) भनिन्छ । यसभित्र शिक्षा, स्वास्थ्य, मनोरञ्जनजस्ता क्षेत्र अटाउँछन् । आर्थिक गतिविधि र व्यापार व्यवसायमा टेवा दिने सुविधाहरूलाई आर्थिक पूर्वाधार (टेरिटोरी/इकोनोमिक इन्फ्रास्ट्रक्चर) भनिन्छ । यसभित्र बैंक, बिमा, धितोपत्र बजार, व्यावसायिक केन्द्र आदि समेटिन्छन् । तीनै प्रकारका पूर्वाधारहरूले मुलुकमा रोजगारी सिर्जना तथा वृद्धि गरी कुल गार्हस्थ उत्पादन (जीडीपी) बढाउन सहयोग गर्छ ।

नेपालको विशिष्टताका हिसाबले मुलुकको आर्थिक वृद्धिका लागि पहिलो प्राथमिकता कृषि क्षेत्रले पाउने गरेको छ । अहिले प्रायः कृषिको काम परम्परागत ढंगले भइरहेको छ । कृषि क्षेत्रको उत्थानका लागि बजार पूर्वाधार, यातायात पूर्वाधारलगायतको तयारी र व्यवस्थापन भइरहेको छैन । जीडीपीमा २४.१ प्रतिशतको योगदान रहेको र आर्थिक विकासको मेरूदण्ड मानिएको कृषिको औद्योगिकीकरण हुन सकिरहेको छैन ।

नेपालको अर्थतन्त्र विकासका लागि कृषिपछिको महत्त्वपूर्ण क्षेत्र वा पूर्वाधार जलविद्युत् हो । लामो समयदेखि प्राकृतिक स्रोत खेर गइरहेको अवस्थामा पछिल्लो समय जलविद्युत् क्षेत्रमा सकारात्मक माहोल बन्दै आइरहेको छ । अहिले करिब तीन हजार मेगावाट विद्युत् उत्पादन भइरहेको छ । तथापि उत्पादनको सम्भाव्यताअनुसार पूर्वाधार विकास भइरहेको छैन । पछिल्लो समय जलविद्युत् विकासका लागि निजी क्षेत्र धेरै नै सक्रिय भइरहेको छ । लगानी पनि उत्साहप्रद बढिरहेको छ । जलविद्युत्पछि अर्थतन्त्रमा बढी सक्रिय भएको र दिगो तथा धेरै रोजगारी सिर्जना गर्ने क्षेत्रका रूपमा रहेको पर्यटन क्षेत्रमा आशाप्रद लगानी आइरहेको छ । पर्यटन क्षेत्र पनि एउटा उद्योगकै रूपमा अगाडि बढिरहेको छ ।

नेपालको अर्थतन्त्रमा सबैभन्दा बढी हिस्सा ओगटेको सेवा क्षेत्र पनि महत्त्वपूर्ण छ । सामान्यतः विकासको चरणमा कृषि, उद्योग हुँदै सेवा क्षेत्रको विस्तार हुने गर्छ । तर, नेपालले उद्योगको क्षेत्रमा धेरै सक्रिय नभएर फड्को मार्दै सेवा क्षेत्रमा बढी सक्रिय भएको देखिन्छ । नेपालको सेवा क्षेत्र अन्तर्राष्ट्रिय स्तरमा पनि गइरहेको छ । मुलुकको जीडीपीमा सेवा क्षेत्रको योगदान ६२.९० प्रतिशत छ । नेपालको सेवा क्षेत्र अधिकतर अन्य मुलुकसँग निर्भर छ । विदेशीहरूले नेपाली सेवा लिन छाडेमा मुलुकको अवस्था कस्तो हुन्छ भन्ने प्रश्नको जवाफ भने कसैसँग छैन । जीडीपीमा अर्को महत्त्वपूर्ण

हिस्सा ओगट्ने क्षेत्रका रूपमा निर्माण तथा उत्पादन क्षेत्रको १३ प्रतिशत छ ।

मुलुकको दिगो आर्थिक विकासका लागि उत्पादनमूलक क्षेत्र अर्थात् वास्तविक क्षेत्र मजबुत हुनुपर्छ । उद्योग, कृषि वा सेवा क्षेत्रमा निजी क्षेत्रको योगदान निकै राम्रो छ । जीडीपीमा करिब ८१ प्रतिशत निजी क्षेत्रको योगदान छ । रोजगारी सिर्जनामा पनि निजी क्षेत्रले ८५ प्रतिशतभन्दा बढी योगदान दिँदै आएको छ । पूर्वाधारको विकास नभई अन्य उद्योग, व्यवसायको विकास हुँदैन । उद्योग व्यवसाय रोजगारी सिर्जना गर्न र आय वृद्धिका लागि महत्त्वपूर्ण हुन्छ । शिक्षा, स्वास्थ्य, पर्यटन, बैंक, बिमाजस्ता सेवा क्षेत्रका लागि पनि आफ्नै किसिमका पूर्वाधारहरु आवश्यक हुन्छन् ।

नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा) नेपालको पहिलो पूर्वाधार विकास बैंकका रूपमा २०७५ गराउन सकिए राज्यको भार कम हुने मात्र होइन सार्वजनिक पूर्वाधारहरु छिटो निर्माण र सेवा चुस्तदुरूस्त हुन मद्दत पुऱ्याउँछ । राज्यले निर्माण सुरू गरेका परियोजनाहरु पनि पुँजी अभावका कारण धेरै वर्ष लाग्ने परिस्थिति छ भने कतिपय आयोजनाको निर्माणको काम घोषणामै मात्र सीमित हुन पुगेको छ । त्यसैले पूर्वाधार निर्माणको क्षेत्र तीव्र गतिमा विकास खोज्न निजी क्षेत्रको संलग्नता अपरिहार्य छ ।

नेपालमा धेरै वर्षदेखि सार्वजनिक निजी साझेदारी (पीपीपी) मा बहस भए पनि ऊर्जा क्षेत्रबाहेक अन्य क्षेत्रमा सक्रियतापूर्वका कार्यान्वयन हुन सकिरहेको छैन । अन्य पूर्वाधारका क्षेत्रमा पीपीपी प्रारूपलाई सफल परीक्षण गर्नुपर्ने आवश्यकता छ । अस्पताल, विमानस्थलजस्ता पूर्वाधारहरु पीपीपी अवधारणामा सहजै अघि बढाउन सकिन्छ । तर, अवधारणा कार्यान्वयनमा चुनौती खडा भएको छ ।

पूर्वाधार निर्माणका लागि यथेष्ट लगानी नहुनु अर्को समस्या हो । पूर्वाधार निर्माणमा धेरै लगानी चाहिने भएकाले सरकार एक्लैको सामर्थ्यले भ्याउँदैन । पछिल्लो समय राज्यले पूर्वाधार निर्माणमा वार्षिक तीन खर्ब रूपैयाँ हाराहारी लगानी गर्ने घोषणा गर्छ तर, कार्यान्वयन हुँदैन । १६औं पञ्चवर्षीय योजनामा करिब १११.८३ खर्ब रूपैयाँ पुँजीगत खर्च गर्ने भनिएको छ । जबकि मुलुकको वार्षिक बजेटै १६ खर्ब हाराहारीको छ भने पुँजीगत बजेट साढे तीन खर्ब मात्र छ । धेरै रकम खर्च गर्ने संरचना र क्षमता पनि राज्यले विकास गर्न सकिरहेको छैन । जस्तै, सरकारले वीर अस्पतालको विस्तारित संरचना भक्तपुरको दुवाकोटमा बनाउँदै छ । २०७२



फागुन २२ बाट वित्तीय कारोबार सुरू गरेको हो । बैंक स्थापनाको उद्देश्य नै पूर्वाधार विकास तथा विस्तारमा योगदान गर्नु रहेको छ । सडक सञ्जाल विस्तार, विमानस्थल, सुरूङ, फ्लाइओभरजस्ता पूर्वाधारका अतिरिक्त सहरी विकास, स्मार्ट सिटी, ऊर्जालगायत क्षेत्रको पूर्वाधारमा निफ्राले वित्तीय परामर्श र वित्तीय सहयोग जुटाउने गर्छ ।

अहिलेसम्मको परिवेश हेर्दा सार्वजनिक पूर्वाधार निर्माणका कामहरु राज्य आफैंले गर्दै आएको देखिन्छ । राज्यको पुँजीगत खर्च थोरै भएकाले नीतिगत व्यवस्था मिलाएर निजी क्षेत्रलाई पनि सार्वजनिक पूर्वाधार निर्माणमा सहभागी बनाई द्रुत गतिमा पूर्वाधारहरूको विकास गर्नुपर्ने हुन्छ । तर, राज्यले सार्वजनिक पूर्वाधार निर्माणमा निजी क्षेत्रसँग सामञ्जस्यता मिलाउन सकिरहेको छैन । सडक, विमानस्थल, सुरूङ मार्ग, फ्लाइओभरजस्ता पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई पनि सहभागी नीति राम्रो, बलियो, दिगो, निजी र सार्वजनिक हितमैत्री हुनुपर्छ । नीति राम्रो भएर मात्र हुँदैन, कार्यान्वयन पक्ष पनि एकदमै सबल र सक्षम हुनुपर्छ भने तीनै तहका सरकार, लगानी बोर्ड नेपाल, नेपाल राष्ट्र बैंक र अन्य सम्बन्धित सरकारी निकायहरूले राम्रोसँग समन्वय गरेर काम गर्नुपर्ने हुन्छ ।

## पूर्वाधार निर्माणका चुनौती

नेपालको पूर्वाधार विकास तीव्र गतिमा अघि बढ्नुको मुख्य कारणका रूपमा नीतिगत बाधालाई लिइन्छ । विनाअध्ययन नीति अघि सारिने भएकाले कार्यान्वयन चरणमा समस्या धेरै झेल्नुपर्ने अवस्था आउँछ । जस्तो स्मार्ट सिटी (हरित बसोबासयोग्य सहर) को अवधारणा अघि सारेको वर्षौं भइसक्यो तर, जग्गा एकीकरणको समस्या र हदबन्दीका कारण अघि बढाउन सम्भव भइरहेको छैन । बढ्दो अस्तव्यस्त सहरीकरणले नयाँ देखि सुरू भएको संरचना निर्माणले अहिलेसम्म खासै प्रगति हासिल गरेको छैन । यस्ता परियोजनाहरु छिमेकी मुलुक भारतले पीपीपी अवधारणामा सफलतापूर्वक विकास गरेको छ । उदाहरणका लागि ५०० शय्याको पटना अस्पताल, अपोलो अस्पताल आदिलाई लिन सकिन्छ । नेपालको निजी क्षेत्र पनि यस्तै ढाँचामा काम गर्न तत्पर देखिन्छन् । राज्यले निजी क्षेत्रलाई पूर्वाधार निर्माणमा हातेमाले नगर्दा पनि स्रोत अभावको समस्या झेलिरहेको छ । अहिले वित्तीय प्रणालीमा यथेष्ट तरलता रहेको अवस्थामा निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्ने हो भने ठुला-ठुला आयोजनाहरु निर्माण गर्न सकिन्छ । यसबाट सरकार, निजी क्षेत्र र आमसर्वसाधारण सबैलाई लाभ मिल्छ ।

सरकारसँग पुँजीको अभाव छ । निजी क्षेत्रको मनोबल खस्किएका कारण नयाँ उद्योगधन्दाहरु आउन सकेका छैनन् । सञ्चालित उद्योगधन्दाहरु पनि पूर्ण क्षमतामा



**पछिल्लो समय राज्यले पूर्वाधार निर्माणमा वार्षिक तीन खर्ब रुपैयाँ हाराहारी लगानी गर्ने घोषणा गर्छ तर, कार्यान्वयन हुँदैन । १६औं पञ्चवर्षीय योजनामा करिब १११.८३ खर्ब रुपैयाँ पुँजीगत खर्च गर्ने भनिएको छ । जबकि मुलुकको वार्षिक बजेटै १६ खर्ब हाराहारीको छ भने पुँजीगत बजेट साढे तीन खर्ब मात्र छ । धैरै रकम खर्च गर्ने संरचना र क्षमता पनि राज्यले विकास गर्न सकिरहेको छैन ।**

चलेका छैनन् । अहिले मुलुकसँग भएको सामर्थ्यले आवश्यक पूर्वाधारको समग्र विकास गर्न सम्भव छैन । विकल्पका रूपमा लिइएको विदेशी लगानी पनि खासै आकर्षित भएको देखिँदैन । जग्गाको हदबन्दी, जङ्गलको समस्या, सरकारी भुक्तानीमा हुने विलम्ब र विनालेनदेन कामको भुक्तानी नपाउने अवस्था, स्थानीयस्तरमा राजनीतिक दल र अन्य आपराधिक गुन्डाहरूको रजगज, अन्तरनिकाय समन्वयको अभाव, अस्थिर राजनीतिक संस्कार र कमजोर नीति कार्यान्वयन पक्षका कारण स्वदेशी तथा विदेशी लगानी भित्र्याउन गाह्रो भइरहेको देखिन्छ ।

पछिल्ला वर्षहरूमा राज्यमा नागरिकको मनोबल बढ्न सकेको छैन । गत वर्ष ब्याजदर उच्च भएकाले लागत निकै महँगो मात्रै भएन तरलता अभाव लगानी रकम नै नपाउँदा प्रणालीले काम नै गर्न सकेन । जसले व्यवसायीहरूलाई काम गर्न नसक्ने अवस्थामा पुऱ्यायो । तर, अहिले प्रणालीमा पैसा भएर सस्तो ब्याज कायम हुँदा पनि प्रणाली भत्किएका कारण व्यवसायीले लगानी गर्न सकिरहेका छैनन् ।

पूर्वाधार बैंक ६ वर्षको अवधिसम्म आइपुग्दा मुलुकको अर्थतन्त्र विकासका लागि ठूलो योगदान गरेको भनेर दाबी गर्ने अवस्था छैन । बैंकको पोर्टफोलियो २२ अर्ब हाराहारी छ । तथापि बैंकले ऊर्जा, होटेल तथा अस्पतालजस्ता पूर्वाधारलगायत २८ वटा विभिन्न उद्योग व्यवसायमा लगानी गरेर रोजगारी सिर्जना र मुलुकको आर्थिक वृद्धिमा थोरै मात्र भए पनि भूमिका खेलिरहेको छ । निफ्राले पूर्वाधार निर्माणमा नेतृत्वदायी भूमिका खेल्नुपर्छ र सार्वजनिक महत्त्वका पूर्वाधारहरु निर्माण गर्न सक्नुपर्छ । निफ्राले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरबाट लगानी जुटाएर पूर्वाधार निर्माण गर्ने र मुलुकको आर्थिक विकासमा ठुलो सहयोग पुऱ्याउने उद्देश्यका साथ अहिले काम गरिरहेको छ ।

## समस्या समाधानका लागि के गर्ने ?

पूर्वाधार विकासका समस्याहरु पहिचान गरी समाधानका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति अपनाउनुपर्छ । नीति निर्माण तहदेखि समस्या समाधान गर्दै जानुपर्छ । त्यसका लागि नीति निर्माण गर्दा नै सरोकारवालाहरु सबैको सहभागितामा व्यापक छलफल गरी नीति बनाउने र बनेको नीतिप्रति सबैले अपनत्व लिने वातावरण बनाउनुपर्छ ।

राज्यले अझै केही समय क्षमता विस्तारमा काम गर्नुपर्छ । द्विपक्षीय, बहुपक्षीय तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरूसँगको समन्वय र सहयोगलाई प्रभावकारी बनाउनुपर्छ । पूर्वाधारमा लगानी गर्दा वित्तीय प्रतिफल कम र आर्थिक प्रतिफल बढी हुने भएकाले लगानी गर्नै पर्छ । कम लागतमा काम गर्न विभिन्न प्रकारका पूर्वाधार कोषहरूको आवश्यकता पर्छ । वाणिज्य बैंकहरूबाट ऋण लिएर मात्र काम गर्न निकै कठिन हुन्छ । मुलुकमा अत्यावश्यक पूर्वाधार विकास गर्ने हो भने वित्तीय प्रणालीको सम्पूर्ण तरलता नगन्यजस्तै हुन्छ र त्यसबाट मात्र काम गर्दा लागत महँगो पर्न जान्छ । त्यसका लागि पूर्वाधार बैंकले सम्भव भएसम्म न्यून लागतमा दीर्घकालीन स्रोत खोज्नुपर्छ ।

विद्यमान व्यवस्थाबमोजिम नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, नेपाली सेनाको कोष, सामाजिक सुरक्षा कोषलगायत संस्थाहरूले वाणिज्य बैंकहरूमा मात्रै लगानी गर्नुपर्छ । मुलुकमै उपलब्ध यस्ता दीर्घकालीन स्रोतहरूलाई पूर्वाधार विकासमा परिचालन गर्ने गरी बाटो खोल्नुपर्छ । देशभित्रको कोषले मात्रै पुग्दैन । त्यसैले पूर्वाधारमा लगानी गर्न आफूसँग भएको आन्तरिक स्रोत देखाएर अपुग स्रोतका लागि विदेशी राष्ट्र र दातृ निकायलाई गुहार्न सकिन्छ । त्यसैले पूर्वाधारमा लगानी बढाउन आफ्नै दीर्घकालीन आन्तरिक स्रोत परिचालनमा सहजीकरण गरिरनुपर्छ । त्यसका लागि अन्तरसम्बन्धित निकायहरूको समन्वय प्रभावकारी बनाउनुपर्छ । निजी क्षेत्रलाई समावेश गर्दा विभिन्न किसिमको सहुलियतहरु दिनुपर्छ किन भने पीपीपी अवधारणाअन्तर्गत विकसित प्रायः सम्पूर्ण परियोजना निश्चित अवधिपछि सरकारलाई हस्तान्तरण गरिन्छ । तसर्थ पूर्वाधारका परियोजनाहरु सफल भए मात्रै मुलुकले बृहत्तर आर्थिक प्रतिफल हासिल गर्ने हो । त्यसका लागि सरकारले अल्पकालीन फाइदा/बेफाइदा भन्दा पनि दीर्घकालीन सोंच, योजना तथा नीति नियम बनाएर अघि बढ्नुपर्ने हुन्छ ।

*(अधिकारी नेपाल इन्फ्रास्ट्रक्चर बैंकका प्रमुख कार्यकारी अधिकृत हुन्)*

# डिजिटल बैंकको पहिलो हकदार भुक्तानी सेवा प्रदायक हुन्

> राष्ट्र बैंकका अनुसार २०८० भदौसम्म नेपालमा एक करोड ९९ लाख २२ हजार वालेट प्रयोगकर्ता रहेकामा २०८१ भदौमा २ करोड ४२ लाख ६४ हजारभन्दा धेरै पुगेका छन् । अर्थात् एक वर्षको अवधिमा वालेट प्रयोगकर्ता झन्डै २२ प्रतिशतले बढेका छन् ।



विनय रेग्मी

नेपालमा डिजिटल भुक्तानी सुरू भएको सात वर्षको छोटो अवधिमा हासिल गरेको प्रगति प्रशंसायोग्य छ । यद्यपि त्यसमै सन्तुष्ट रहेर बस्ने अवस्था छैन । कानुनी संरचनामा केही सुधार र सेवा प्रदायकलाई केही थप अधिकार थपेर भए पनि नेपालमा डिजिटल भुक्तानीको आयतनलाई बढाउन सकिन्छ ।

अन्तर्राष्ट्रिय स्तरमा रहेको अभ्यासअनुरूप डिजिटल भुक्तानीका लागि नेपाल राष्ट्र बैंकले भुक्तानी सेवा सञ्चालक र भुक्तानी सेवा प्रदायक गरी दुई प्रकारको लाइसेन्स दिने गरेको छ । भुक्तानी सेवा सञ्चालकले विशेषतः पूर्वाधारका क्षेत्रमा काम गर्छन् भने भुक्तानी सेवा प्रदायकले ग्राहकसँग प्रत्यक्ष जोडिएर काम गर्छन् । अहिलेको अवस्थामा ९ वटा भुक्तानी सेवा सञ्चालक र २६ वटा भुक्तानी सेवा प्रदायक छन् । यद्यपि करिब आधा दर्जन भुक्तानी सेवा प्रदायकले मात्र उल्लेख्य रूपमा कार्य गरिरहेका छन् ।

राष्ट्र बैंकका अनुसार २०८० भदौसम्म नेपालमा एक करोड ९९ लाख २२ हजार वालेट प्रयोगकर्ता रहेकामा २०८१ भदौमा २ करोड ४२ लाख ६४ हजारभन्दा धेरै पुगेका छन् । अर्थात् एक वर्षको अवधिमा वालेट प्रयोगकर्ता झन्डै २२ प्रतिशतले बढेका छन् । एकै व्यक्तिले एकभन्दा बढी वालेट प्रयोग गरिरहेको हुन सक्ने हुँदा केही दोहोरोपनाको सम्भावना छ । तर डिजिटल भुक्तानी प्रणालीमा नेपालको ठुलो जनसंख्या आबद्ध भइसकेको छ ।

२०८१ भदौमा २ करोड ९१ लाखभन्दा धेरैपटक वालेटबाट कारोबार भएको छ । असार र साउनमा भने यो संख्या ३ करोडभन्दा धेरै थियो । त्यस्तै, २०८१ साउनमा वालेटमार्फत ४३ अर्ब ६९ करोड र भदौमा ४० अर्ब ३४ करोड कारोबार भएको छ । २०८० साउनमा यो रकम २० अर्ब हाराहारी मात्रै थियो । अर्थात् एक वर्षमा वालेटमार्फत हुने भुक्तानी रकम शतप्रतिशत बढेको देखिन्छ । त्यस्तै, क्यूआर कोड मार्फतको भुक्तानी पनि पछिल्लो एक वर्षमा शतप्रतिशत बढेको छ । २०८० भदौमा क्यूआरमार्फत ३० अर्ब ५६ करोडको कारोबार भएकामा २०८१ भदौमा ६१ अर्ब ३९ करोड रूपैयाँ पुगेको छ । त्यसैगरी २०८१ साउनमा ६२ अर्ब बढीको कारोबार क्यूआरमार्फत भएको थियो । एकै महिनामा वालेट र क्यूआरमार्फत अर्बौंको कारोबार हुनु भनेको वालेट र क्यूआरप्रति आममानिसको विश्वास जाग्नु हो ।

### भुक्तानी सेवा प्रदायकका समस्या

भुक्तानी सेवा प्रदायकका केही समस्या छन् । पहिलो सेवा प्रदायकहरूले आफ्नोभन्दा कैयौँ गुणा धेरै पुँजी, नेटवर्क र जनशक्तिसँग प्रतिस्पर्धा गर्नुपरेको छ ।

दोस्रो, आम्दानीको स्रोत सीमित छन् । कार्यक्षेत्र पनि एकदमै साँघुरो छ । डिजिटाइजेसनको अग्रपंक्तिमा भुक्तानी सेवा प्रदायकहरु रहनुपर्थ्यो । त्यसो हुँदा सानोभन्दा सानो व्यवसायलाई पनि डिजिटलाइज गर्न सकिन्थ्यो । बैंक तथा वित्तीय संस्थाहरूले गरिरहेकै काम मात्र भुक्तानी प्रदायकहरूले काम गर्नुपरिरहेको छ । सीमित कार्यक्षेत्रका कारण खुलेर कारोबार गर्न नपाइँदा प्रतिस्पर्धामा उत्रिन निकै गाह्रो छ । अधिकांशको सेवा लगभग मोबाइल/टीभी रिचार्ज गर्ने, फिल्म टिकट बुक गर्ने, इन्टरनेट/खानेपानी/बिजुलीको पैसा तिर्नेमा सीमित छ । कार्यक्षेत्र सीमित गरिदिएर नै यो समस्या आएको हो ।

तेस्रो, भुक्तानी सेवा प्रदायकले अधिकांश सेवा निःशुल्क दिइरहेका छन् । सफ्टवेयर विकास गर्न, प्रणाली बनाउन ठुलो खर्च लागेको हुन्छ । तर, निःशुल्क सेवा दिँदा अस्तित्व नै संकटमा पर्न सक्छ ।

चौथो, राष्ट्र बैंकले अहिले दिएको अनुमतिले स्वदेशभित्र मात्र काम गर्न पाइन्छ । तर, कतिपय भुक्तानी सेवा प्रदायकले विकास गरेको प्रविधि




**कर्जा प्रवाहका लागि आवश्यक पर्ने आधार, नीति, नियम, कार्ययोजना एवं ठोस उपलब्धिका आधारमा हाल बजारमा रहेका केही सेवा प्रदायकलाई लाइसेन्स दिन सकेमा भुक्तानी प्रणाली थप प्रभावकारी हुन सक्छ ।**

अन्तर्राष्ट्रिय रूपमा क्रस बोर्डर कारोबार गर्ने र अन्तर्राष्ट्रिय सेवा प्रदायकसँग प्रतिस्पर्धा गर्न सक्षम छन् । ग्राहक, व्यवसायको प्रकृति र अन्य निर्देशनका आधारमा सबल एवं सक्षम प्रविधिलाई अन्तर्राष्ट्रिय बजारमा विस्तार गर्न कानुनी बन्देज हटाएर नेपाली कम्पनीलाई राम्रो अवसर सिर्जना गरिदिनुपर्छ ।

## समाधानका उपाय

भुक्तानी सेवा प्रदायकका समस्या समाधान गर्न ऐन संशोधन गरिनुपर्छ । ऐन संशोधन गरी भुक्तानी सेवा प्रदायकको कार्यको स्कोप बढाई थप कार्यको जिम्मेवारी दिनुपर्छ । भुक्तानी प्रदायकलाई अहिलेकै अवथामा राखिरहँदा अहिले सहकारीमा देखिएको जस्तो समस्या भोलि भुक्तानी सेवा प्रदायकमा देखिन सक्छ । सेवा प्रदायकका पूर्वाधार, प्रविधि र सुरक्षाको मापदण्ड तोकिनुपर्छ र स्पष्ट प्रावधानसहित कार्यान्वयन भए/नभएको अवस्था नियामकले हेर्नुपर्छ । भुक्तानी सेवा प्रदायकहरूले पनि आमसर्वसाधारणको रकम वालेटमा राख्ने भएकाले राम्रो सुरक्षा प्रबन्ध मिलाउनुपर्छ । अहिले पनि राष्ट्र बैंकको नियमन अब्बल छ । तर थप अधिकारसहित नियमन र सुपरिवेक्षणलाई अझ बढाउनुपर्ने आवश्यकता छ ।

भुक्तानी प्रदायकलाई थप अधिकार दिएको खण्डमा रिचार्ज, बुकिङभन्दा पनि धेरै सेवा दिन सकिन्छ । अहिले भुक्तानी प्रदायकको कामलाई भुक्तानी सहजीकरणका रूपमा मात्र लिइएको छ, तर काम 'प्रोसेसिङ' पनि हो । भुक्तानी प्रदायकले भुक्तानी सहजीकरणसँगै गैरवित्तीय सेवाहरु पनि दिन सक्छन् ।

उदाहरणका लागि सिटी पे रेमिट्यान्स कम्पनीसँग जोडिएको संस्था हो । रेमिट्यान्स कम्पनीसँग ग्राहकका रूपमा ३० लाख नेपाली आबद्ध छन् । यदि भुक्तानी सेवा प्रदायकले ग्राहकलाई कर्जा प्रवाह गर्न सक्ने व्यवस्था कार्यान्वयन गरिदिए तत्कालै ३० लाखलाई आवश्यकताअनुसार कर्जा प्रवाह गर्न सकिन्छ । माउ कम्पनीको तथ्यांकमा आधारित भएर कर्जा प्रवाह गर्न आफ्नो वालेट पुलमा रहेको ब्यालेन्सबाट अथवा 'पी टू पी लेन्डिङ' गर्न सकिन्छ ।

अहिले लघुवित्त वित्तीय संस्थाबाट विपन्न वर्ग कर्जा प्रदान गर्न सक्ने व्यवस्था छ । विपन्न वर्ग कर्जा प्रवाह गर्ने सदस्यका रूपमा वालेट कम्पनीहरूलाई पनि समावेश गर्न सक्ने गरी कानुनी व्यवस्था गरिनुपर्छ र थोरै रकमको डिजिटल कर्जा अवधारणा प्रयोगमा ल्याउनुपर्छ । डिजिटल कर्जाको कर्जा सूचना पनि सहज रूपमा सेयर गर्न सकिन्छ ।

राष्ट्र बैंकले डिजिटल बैंकको अनुमति प्रक्रिया अघि बढाउँदै छ । तर, कुनै नयाँ संस्था वा समूहलाई भन्दा अहिले डिजिटल कारोबार गरिरहेका भुक्तानी सेवा प्रदायकहरूलाई डिजिटल बैंकको लाइसेन्सको दिनु उपयुक्त हुन्छ । अहिले हामीले गरिरहेको कार्य नै डिजिटल बैंकको पनि कार्यक्षेत्र हो । जसमध्ये कर्जा प्रवाहका लागि आवश्यक पर्ने आधार, नीति, नियम, कार्ययोजना एवं ठोस उपलब्धिका आधारमा हाल बजारमा रहेका केही सेवा प्रदायकलाई लाइसेन्स दिन सकेमा भुक्तानी प्रणाली थप प्रभावकारी हुन सक्छ ।

भुक्तानी सेवा प्रदायकले कानुनी अधिकार नपाएकाले डिजिटल रूपमा निक्षेप संकलन र कर्जा प्रवाह नगरेका मात्र हुन् । निक्षेप संकलन र कर्जा दिने अधिकार थपेर भुक्तानी सेवा प्रदायकलाई नै डिजिटल बैंकका रूपमा अघि बढाउन सकिन्छ । यसो हुँदा भुक्तानी सेवा प्रदायकहरूले नवीन प्रोडक्टहरु पनि ल्याउन सक्छन् । भुक्तानी प्रदायकसँग अहिले नै प्रविधि छ, संरचना छ, ग्राहक छन्, बजार छ, जनशक्ति छ । यस्तो अवस्थामा पूरै संरचना नयाँ बनाउनु पर्नेलाई भन्दा काम गरिरहेका भुक्तानी सेवा प्रदायकलाई डिजिटल बैंकको अनुमति दिँदा उद्देश्यप्राप्ति छिटो हुन्छ ।

## चुक्ता पुँजीको चुनौती

राष्ट्र बैंकले भुक्तानी सेवा प्रदायकहरूको न्यूनतम चुक्ता पुँजी तोकेको छ । भुक्तानी कार्डबाहेक अन्य उपकरणहरु सञ्चालन गर्ने भुक्तानी सेवा प्रदायकको चुक्ता पुँजी पाँच करोड र भुक्तानी कार्डसहित अन्य उपकरणहरु सञ्चालन गर्नेलाई २५ करोड रूपैयाँ तोकिएको



छ । २०८५ असारसम्म न्यूनतम चुक्ता पुँजी पुऱ्याउन भनिएको छ । अधिकांश भुक्तानी सेवा प्रदायकहरु अहिले नाफामा छैनन् । नाफाबाट लाभांश दिएर चुक्ता पुँजी पुऱ्याउन कठिन छ । यस्तो अवस्थामा पुँजी पुऱ्याउने विकल्प मर्जर हो । हालै भुक्तानी सेवा सञ्चालक नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल) ले नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम्स् लिमिटेड (नेप्स) लाई गाभेको छ । भुक्तानी सेवा प्रदायकहरूलाई पनि मर्जरका लागि केही प्रोत्साहन दिनुपर्छ । तर मर्जर हुँदा दुई संस्थाको सिनर्जी मिल्नुपर्छ, केही न केही मूल्य अभिवृद्धि हुनुपर्छ । अनि बल्ल मर्जर सार्थक हुन्छ । समान प्रोडक्ट र समान ग्राहक भएका दुई संस्था मर्ज हुँदा खासै लाभदायी हुँदैन । राष्ट्र बैंकले भुक्तानी सेवा प्रदायकको मर्जरका लागि गृहकार्य गरिरहेकाले प्रोत्साहित वातावरण बनाउन अग्रसर हुनुपर्छ । चुक्ता पुँजी बढाउने अर्को विकल्प सेयरको सार्वजनिक निष्कासन (आईपीओ) हो । तर भुक्तानी सेवा प्रदायकहरु अंकित मूल्यमा सेयर निष्कासन गर्न तयार छैनन् । कम्पनीहरूले प्रविधिमा ठूलो लगानी गरेका छन्, जुन दीर्घकालीन लगानी हो, जसको प्रतिफल आउन समय लाग्छ । वालेटहरूले भविष्यका लागि भनेर लगानी गरेका छन्, अहिले सबै सेवा निःशुल्क दिएकाले आम्दानीको स्रोत कम छ । अहिले सुरुवातमा कम नाफा भएको कारण देखाएर अंकित मूल्यमा सेयर निष्कासन गर्न लाउनु उचित हुँदैन ।

## साइबर सुरक्षाको चुनौती

अनलाइनमार्फत कारोबार गर्ने जो-सुकैलाई पनि साइबर सुरक्षाको चुनौती बढ्दो रुपमा छ । विश्वका कहलिएका कम्पनीहरुमा पनि साइबर सुरक्षाको समस्या देखिएका छन् । साइबर सुरक्षाका लागि लगानी बढाएर, प्रणाली बनाएर मात्र हुँदैन । जति बलियो प्रणाली बनाए पनि संस्थाभित्रकै कोही व्यक्तिले जानेर वा नजानेर कुनै एउटा लिंकमा 'क्लिक' गर्यो भने पनि सिंगो प्रणालीमै समस्या आइहाल्छ । त्यसकारण साइबर सुरक्षाको चुनौती सामना गर्न सबैको साथ सहयोग र साझा प्रतिबद्धता चाहिन्छ, आमजनमानसमा जनचेतना पनि बढाउन जरूरी छ ।

## वालेटमा ब्याजको बहस

वालेटले ब्याज नदिएको विषय पनि बेला-बेलामा बहसमा आउने गरेको छ । वालेटलाई ब्याज दिन कानुनले रोकेको पनि छैन । राष्ट्र बैंकको स्वीकृति लिएर ब्याज दिन सकिन्छ । तर वालेटमा थोरै रकम मात्र ब्यालेन्सका रुपमा राख्न सकिन्छ । सानो रकममा ब्याज दिँदा ग्राहकलाई खासै लाभ नहुने देखेर नै ब्याज नदिइएको हो । ब्याजबापत जति लाभ हुन्थ्यो त्योभन्दा बढी लाभ हुने गरी सेवा प्रदायकहरूले 'क्यासब्याक', छुटलगायत सुविधा दिइरहेका छन् ।

अर्को विषय वालेटमा राखेको पैसा कल एकाउन्टमा रहन्छ । कल एकाउन्टमा खासै ब्याज आउँदैन । वालेटमा भएको रकमको निश्चित रकम कहीं कतै लगानी गर्ने व्यवस्था हुन्थ्यो भने त्यसबाट आउने प्रतिफल वा आम्दानीले राम्रै ब्याज दिन सकिन्थ्यो । साथै वालेटहरूले कर्जा दिन सक्ने व्यवस्था भएको भए पनि 'स्प्रेड' मार्फत हुने आम्दानीले ब्याज दिन सम्भव हुन्थ्यो । तर वालेटहरूलाई यो दुवै काम गर्न दिइएको छैन ।

## भ्याटको मार र शुल्कको बहस

सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत विद्युतीय भुक्तानी (डिजिटल पेमेन्ट एन्ड क्लियरिङ) मा लगाएको मूल्य अभिवृद्धि कर (भ्याट) को भार उपभोक्तालाई थपिएको छ । अनलाइन भुक्तानीलाई प्रोत्साहन गर्नु पर्नेमा भ्याट लगाउनु गलत छ । विदेशमा अनलाइन भुक्तानीलाई प्रोत्साहन गरेर विभिन्न छुट स्किमहरु प्रदान गरिएको हुन्छ । नेपालमा भने नीति एकातिर काम अर्कोतिर छ ।

वालेटका कारण कारोबारमा पारदर्शिता बढेको छ । हरेक व्यापार व्यवसायले क्यूआरमार्फत भुक्तानी लिँदा उनीहरूले आफ्नो कारोबार र आम्दानी लुकाउन सक्दैनन् । यसले उनीहरूले तिर्ने कर बढेर राजस्वमा राम्रो योगदान भएको छ । अनलाइन भुक्तानीलाई सरकारले प्रोत्साहन गरेर तल्लो तहसम्म लैजान सकेमा राजस्वमा ठुलो सुधार देखिन्छ । कतिपय देशमा प्रोत्साहनका लागि अनलाइन भुक्तानी गर्नेहरूले करयोग्य आय घटाउन सक्नेसम्मको सुविधा छ । त्यस्ता प्रोत्साहन नेपालमा पनि आवश्यक छ । भ्याटको व्यवस्था फिर्ता हुनुपर्छ ।

वालेटहरूले लिने शुल्कका विषयमा पनि बेलाबेला बहस हुने गर्छ । वालेटहरूले भुक्तानी सहज बनाइदिएको छ । भुक्तानी प्रक्रियालाई सरलीकृत गरिदिए बापत वालेटहरूले न्यूनतम शुल्क लिँदा पनि कोकोहोलो गरेको सुनिन्छ । उदाहरणका लागि पहिले बिजुलीको बिल तिर्दा दिनभरको समय खर्च हुनुका साथै केही रकम खर्च हुन्थ्यो भने अहिले वालेटबाट केही सेकेन्डमा काम फत्ते हुन्छ । सम्बन्धित ग्राहकको समय र थप खर्च बचेको छ । यस्तो अवस्थामा न्यूनतम शुल्क तिर्न सेवाग्राही तयार हुनुपर्छ । सबै सेवा निःशुल्क खोजेर पनि हुँदैन ।

भुक्तानी सेवा प्रदायकहरु आममानिसको दैनिक जीवनयापन सहज बनाउने सारथि हुन् । कानुनमा केही संशोधन गरी भुक्तानी सेवा प्रदायकलाई थप अधिकारहरु दिए अनलाइन भुक्तानीलाई अझै बढाउन सकिन्छ । अहिले भुक्तानी सेवा प्रदायकहरूले जे गरिरहेका छन्, यो सुरुवात मात्र हो । भुक्तानी सेवा प्रदायकहरूको भविष्य धेरै उज्ज्वल छ ।

*(रेग्मी भुक्तानी सेवा प्रदायक संघका सचिव तथा सिटी पेका प्रमुख कार्यकारी अधिकृत हुन्)*

# सामाजिक बिमा आजको आवश्यकता

> अहिलेका बिमा कम्पनीहरू व्यापारिक भएकाले बढी नाफामुखी छन् । उद्‌गमबाट हेर्ने हो भने बिमा नाफा कमाउने क्षेत्र होइन । जब बिमालाई व्यापारको विषय बनाएर नाफा कमाउने क्षेत्रका रूपमा लिइयो, त्यसले विकृतिहरू भित्र्याएको छ ।



रवीन्द्र घिमिरे

### पृष्ठभूमि

वि.सं. १९९४ मा नेपाल बैंक स्थापना भएसँगै नेपालमा बिमा व्यवसाय सुरू भएको मानिन्छ । वि.सं. २००४ असोज ८ गते नेपाल माल चलानी तथा बिमा कम्पनी लिमिटेडको स्थापना भएपछि नेपालमा विधिवत् बिमा अभ्यास सुरू भयो । तर, नेपाल माल चलानी तथा बिमा कम्पनीलाई नेपाल इन्स्योरेन्स कम्पनीमा रूपान्तरित भएपछि आधुनिक बिमाको अभ्यास सुरू भएको हो । हाल नेपालमा १४/१४ वटा जीवन र निर्जीवन बिमा कम्पनी, दुई पुनर्बिमा कम्पनी र ७ लघुबिमा गरी ३७ बिमा कम्पनी सञ्चालित छन् । बिमाको पहुँच ४० प्रतिशत हाराहारी पुगेको छ । २० प्रतिशत जनसंख्या अझै गरिबीको रेखामुनि छ । अहिलेका बिमा कम्पनीहरु व्यापारिक भएकाले बढी नाफामुखी छन् । उद्‌गमबाट हेर्ने हो भने बिमा नाफा कमाउने क्षेत्र होइन । जब बिमालाई व्यापारको विषय बनाएर नाफा कमाउने क्षेत्रका रूपमा लिइयो, त्यसले विकृतिहरु भित्र्याएको छ । त्यसैले बिमामा लगानी गरेर सेयर मूल्य उच्च गर्ने, लाभांश खाने सोचबाट लगानीकर्ता पछि हट्नुपर्छ । बिमालेख बिक्री गरेबापत अभिकर्ता (एजेन्ट) लाई कमिसन लगायतबाट बिमा कम्पनी अधिकतम नाफा गर्ने क्षेत्र बनाइएको छ ।

वास्तवमा बिमा नाफामुखी नभई सामाजिक उपकरण हो । बिमाको चरित्र भनेको निःशुल्क हुनुपर्ने हो । राज्यले बिमा गर्नुपर्ने हो अथवा नाफारहित हुनुपर्ने हो । तर, त्यसको ठीक विपरीत नाफा लिने क्षेत्र बनाइँदा समस्या सिर्जना गरेको छ । त्यसैले अब बिमालाई सामाजिक बिमाका रूपमा रूपान्तरण गर्नुपर्छ ।

कसैको मृत्यु भयो भने हिन्दु धर्म संस्कृतिअनुसार १३ दिनसम्म काम गर्न मिल्दैन । घरमै बसेर खानपिन गर्नुपर्ने हुन्छ । तर, आज कमाएर आजै खानुपर्ने स्थिति छ धेरै मानिसको छ । यस्तोमा गाउँलेहरूले घिउ, चामल, दाल, दूध, दही, पिठो लिएर जाने चलन छ । मान्छे जलाउँदा पनि गाउँलेहरूले घरघरबाट दाउरा लिएर जाने गर्छन् । मलामीहरूलाई निःशुल्क खाना खुवाइन्थ्यो । कसैको पनि खर्च हुँदैनथ्यो । तर, विस्तारै भेटी दिने चलन कम हुँदै गएपछि अचेल फलफूल लगेर जाने चलन छ । साथै आफ्नो मनले जति हुन्छ सानोतिनो रकम दिने गरिन्छ ।

जसरी सम्पन्न व्यक्तिले पाँच सय रुपैयाँ दिन सक्छ भने गरिब व्यक्तिले १०/२० रूपैयाँ दिन सक्छ । किन कम वा बढी रकम दिएको भनेर भेदभाव गरिँदैन । स्वास्थ्य बिमामा पनि सम्पन्न व्यक्तिले तीन हजार पाँच सय रूपैयाँ तिर्छ भने कमजोर आर्थिक अवस्था भएको व्यक्तिले रकम नै तिर्नु पर्दैन । तर, उपचार भने निःशुल्क गर्छ । बिमाको सौन्दर्य पनि यही हो । सक्नेले धेरै तिर्ने र नसक्नेले नतिर्ने हो । आवश्यकता परेकाले प्रयोग गर्ने र आवश्यकता नपरेकाले प्रयोग नगर्ने हो । जस्तो मैले विगत ६/७ वर्षदेखि स्वास्थ्य बिमाको प्रिमियम तिरिरहेको छु । मैले एक रूपैयाँको पनि औषधी उपचार गर्नुपरेको छैन । तर, मेरा छिमेकीले सेवा उपभोग गरिरहेका छन् ।

बिमा भनेको दुःख परेको मान्छेलाई सहयोग गर्ने सामाजिक उपकरण हो । तर, केही व्यक्तिले बिमालाई व्यापारिक अखडा बनाएका छन् । नेपालका सबै बिमा कम्पनी व्यापारिक मात्रै छन् । सामाजिक बिमाका रूपमा स्वास्थ्य बिमा बोर्ड मात्र क्रियाशील छ । सामाजिक बिमामा समस्या कम छन् भने व्यापारिक बिमामा समस्या धेरै छन् ।

### बिमाको दीर्घकालीनता

क्षतिपूर्ति गर्ने उपकरण बिमा हो । तर, महामारी र ठुला विपत्तिको बिमा हुँदैन पनि भनिन्छ । पहिला



भूकम्पको बिमा हुँदैन थियो । समुद्रको तटमा ठुला सुनामी आएर अर्बौंको क्षति हुने गरेको छ । एउटा सहरमा आएको सुनामीका कारण थुप्रै पुनर्बिमा कम्पनी टाट पल्टिएका छन् किनभने भुक्तानी गर्न सक्दैनन् । अमेरिकाको 'ट्विन टावर' ध्वस्त भएका बेला धेरै पुनर्बिमा कम्पनी टाट पल्टिएका थिए । व्यापारिक बिमा कम्पनीले क्षतिपूर्ति गर्न सक्ने भएको भए किन टाट पल्टिन्थे ? त्यसकारण केही व्यापारी मिलेर गरेको व्यवसायले सम्पूर्ण क्षति न्यूनीकरण गर्न सम्भव छैन र क्षतिपूर्ति गर्न पनि सकिँदैन ।

प्रिन्सिपल अफ इन्डेम्निटी, इन्स्योरेबल इन्ट्रेस्ट, प्रोक्सिमेट कज, डिटक्टिबललगायत बिमाका विभिन्न सातवटा सिद्धान्त छन् । यी सबैले बिमालाई सीमित बनाएको छ । ५० लाखको गाडी दुर्घटनामा पर्‍यो भने ३० लाख रूपैयाँ मात्रै भुक्तानी पाइन्छ । बाँकी २० लाख डिटक्टिबल हुन्छ । विभिन्न कारणले बिमाको वास्तविकता उडेर गएको छ ।

## विगत र वर्तमानमा बिमा

पहिला गाउँघरमा एसएलसी पास गरेका मान्छे देख्न मुस्किल हुन्थ्यो । अहिले एउटै घरका सबै मान्छेले स्नातकोत्तर गरेका छन् । यो समयले ल्याएको परिवर्तन हो । नेपालको बिमा उद्योगमा पनि क्रमिक रूपमा विकास र परिवर्तन भएको छ । यो बिमा क्षेत्रका लागि सकारात्मक पक्ष हो । तर, जति विकास र परिवर्तन हुनुपर्ने त्यति भएको छैन । जस्तो दुई करोड रूपैयाँको घर बनाउँदा एक करोडको मात्रै बिमा गर्छ । घरको मूल्य त दुई करोड रूपैयाँ हो । यसलाई अन्डर इन्स्योरेन्स भन्छन् र बिमामा अन्डर इन्स्योरेन्सको समस्या व्यापक छ । त्यस्तै केही टाठाबाठाले ओभर इन्स्योरेन्स गरेका छन् । जस्तो गोदाममा एक करोडको सामग्री छ भनेर पाँच करोडको बिमा गर्छन् । तर, केही समयमा आगलागी भयो भनेर बिमा दाबी भुक्तानी माग गर्छन् । बिमाका लागि ओभर इन्स्योरेन्स र अन्डर इन्स्योरेन्स दुवै घातक छ ।

## गलत बिमा (रङ इन्स्योरेन्स)

जसको बिमा नै हुँदैन, त्यसको बिमा गरिएको पाइन्छ । बिमा गर्नु नपर्ने (नो इन्स्योरेन्स) को बिमा गर्ने र बिमा गर्नुपर्नेको नगर्ने समस्या पनि छ । जस्तो कुनै मान्छे गत वर्ष बितेको थियो । त्यो मान्छे मरेको छैन भनेर अहिले बिमा गरिन्छ । एक/दुई वर्षको प्रिमियम तिर्छन् । र, केही समयपछि मान्छे मरेको हो भनेर दाबी भुक्तानी लिन आउँछन् । गाईवस्तुको बिमामा पनि विभिन्न किसिमका ठगी छन् । घरमा एउटा गाई हुँदैनन् । छाडा छाडेका मर्न लागेका गाईभैँसी ल्याएर फोटो खिचेर बिमा गराएर दाबी भुक्तानी लिने गरिएको पाइन्छ । गाडी ग्यारेजमा थन्काएर ब्लुबुक निरन्तर नवीकरण गरेको हुन्छ । पछि विभिन्न समस्या देखाएर दाबी भुक्तानी लिने गरेका छन् । नेपालको बिमा बजारमा यस्ता थुप्रै समस्या छन् ।

## बिमा क्षेत्रका समस्याहरू

बिमा भनेको नुन हो । सबै मान्छेलाई चाहिन्छ । निःशुल्क नुन पायो भन्दैमा एक चम्चा खाने ठाउँमा दुई चम्चा खाइँदैन । तर, बिमालाई चिनीका रूपमा प्रयोग गरिएका कारण समस्या सुरु भएको छ । अहिले सबैभन्दा बढी जोखिम दुर्गम क्षेत्रमा बस्ने मान्छेलाई छ । घाँस-दाउरा गर्न जाँदा भिरबाट लडेर मृत्यु हुन सक्छ । धेरैको ज्यान गएको पनि छ । तर, त्यो ठाउँको मान्छेको बिमा नै छैन । सहरमा बस्ने मान्छेको मात्रै बिमा गरिएको छ । जसलाई जोखिम कम छ उनीहरूलाई बिमाको सुविधा धेरै छ । तर, जसलाई बढी जोखिम छ उसलाई बिमाको सुविधा नै छैन ।

राज्यले शतप्रतिशत मान्छेलाई बिमाको दायरामा ल्याउन जरूरी छ । अर्थात् सबै मान्छेको जोखिम बिमामार्फत सुरक्षित गर्नुपर्छ । त्यसका लागि पुँजीवाद र समाजवादको फ्युजन गर्न सकिन्छ । पाँच लाखसम्मको बिमा अनिवार्य गरिदिनुपर्छ । तोकिएको रकमभन्दा माथिको बिमा गर्न चाहयो भने आफैं रकम थप्नुपर्छ । जस्तो एक लाखसम्मको स्वास्थ्य बिमा । तर, पाँच लाखसम्मको स्वास्थ्य बिमा लिन मन लाग्यो भने चार लाखको बिमा कम्पनीबाट लिन सकिन्छ । सुरूको उपचार खर्चको भुक्तानी स्वास्थ्य बिमाले गर्छ । यदि स्वास्थ्य बिमाको रकमले खर्च पुग्छ भने व्यापारिक बिमा कम्पनीको प्रिमियम जोगिन्छ । सबैले बिमा गरेपछि जोखिम व्यवस्थापन पनि राज्यको दायित्वबाट सरेर बिमामा जान्छ । र, राज्यले अन्य काम गर्न पाउँछ । जस्तो असोजमा आएको बाढीले ठूलो क्षति गर्‍यो । यदि सामाजिक बिमा गरेको भए क्षतिपूर्ति बिमाबाट हुन्थ्यो ।

नेपालको सन्दर्भमा कम्पनीले बिक्री गर्ने प्रडक्ट बिमा हो, बिमा प्रडक्ट खरिदबिक्री गर्नु बिमा व्यवसाय हो, बिमा शुल्क र दाबी भुक्तानी बजार हो भन्ने भाष्य बनाइएको छ । तर, समयमा दाबी भुक्तानी नभएका गुनासोहरू आउन छाडेका छैनन् । दाबी भुक्तानी ढिलासुस्ती हुँदा मान्छेमा वितृष्णा पैदा हुन्छ ।

बिमा कम्पनीले नाफा कमाउनुपर्छ । दाबी



**बिमा सबैका लागि अनिवार्य हुनुपर्छ । बिमानीति सर्वव्यापी हुनुपर्छ, जसले सबै नेपालीलाई समेट्न सकोस्, बेरोजगार भएका समयमा उसको सुरक्षा, बिरामी परेको बेलामा स्वास्थ्य उपचार, दुर्घटनाग्रस्त भएर घरमा बसेका बेला आम्दानी नहुँदा वा स्रोतविहीन हुँदा बिमा, आमाबुबा दुर्घटनामा परेका बालबालिकाको खानपिन, शिक्षा, स्वास्थ्यको व्यवस्था बिमाले गर्नुपर्छ ।**

भुक्तानी दिन बार्गेनिङ गर्ने अभ्यास छ । एक करोड दाबी भुक्तानी दिन ५० लाखबाट सुरु गऱ्यो भने ७०/८० लाखमा पक्कै भर्छ भनेर कम्पनीले बार्गेनिङ गर्छ । एक करोडको दाबीमा ८० लाख रूपैयाँ मात्रै भुक्तानी गर्न सकियो भने कम्पनीका लागि २० लाख रूपैयाँ नाफा हो । त्यसैले बिमा कम्पनीको उद्देश्य नै अधिक नाफा कमाउने भएपछि प्राथमिकतामा दाबी भुक्तानीको रकम घटाउने पर्यो । दाबी रकम घटाउन सकिएन भने ढिलासुस्ती गर्ने अभ्यास छ । यदि एक महिना ढिला गऱ्यो भने एक करोडलाई बैंकमा राख्दा लाखौं रूपैयाँ ब्याज आम्दानी हुन्छ । त्यो ब्याज आम्दानी पनि कम्पनीका लागि नाफा हो । मुद्दा-मामिलामा गयो भने एक/दुई वर्ष ढिलासुस्ती हुन्छ । त्यसबेला त कम्पनीलाई धेरै नै नाफा हुन्छ ।

तर, पछिल्लो समय बिमितले मुद्दा जित्यो भने ब्याजसहित भुक्तानी तिर्नुपर्ने भनेर कानुनी व्यवस्था गरेपछि बिमा कम्पनीलाई घाटा हुने देखिन्छ । जब बिमालाई व्यावसायिक बनाइयो, त्यसपछि जसरी पनि नाफा कमाउनुपर्छ भन्ने दृष्टिकोण लागु भयो । त्यसपछि दाबी भुक्तानीमा ढिलाइ गर्ने, विभिन्न विवाद सिर्जना गर्ने, दाबी भुक्तानी अस्वीकार गर्ने परिपाटी बिमामा मौलाएको छ । जसले गर्दा ग्राहकहरूमा चरम निराशा उत्पन्न भएको छ ।

त्यसको 'काउन्टर अट्याक'का रूपमा बढाएर बिल भर्पाइ गर्ने प्रवृत्ति हाबी हुन थालेको छ । नियमसंगत एक करोडको दाबीलाई ५० लाख रूपैयाँ मात्रै भुक्तानी दिने भएपछि ग्राहकहरूले पनि दुई करोडको दाबी भनेर गलत प्रक्रिया अपनाउन थाले । यदि दुई करोडको दाबी माग गर्यो भने एक करोड पक्कै आउँछ भन्ने सोचले गलत तरिकाबाट दाबी भुक्तानी माग गर्न थाले । त्यसैले व्यापारिक बिमा कम्पनीमा क्षतिपूर्तिको सिद्धान्त गलत छ ।

पश्चिम युरोपका स्विट्जरल्यान्ड, स्विडेन, फिनल्यान्ड, जर्मनलगायत देशमा बिमालाई राज्यले सञ्चालन गरिरहेको छ । विश्वका सबैभन्दा ठुला पुनर्बिमा कम्पनी स्विस री र म्युनिक री पनि स्विट्जरल्यान्ड र जर्मनीमा छन् । तैपनि त्यहाँ सामाजिक बिमा सञ्चालनमा छ । सन् १८८३ बाट ओट्टोभान विस्मार्कले सामाजिक बिमाको सुरूवात गरेपछि स्वास्थ्य बिमा सञ्चालनमा आएको हो । सन् १९३५ मा अमेरिकामा सामाजिक सुरक्षा ऐन (व्यवस्थित ऐन मानिन्छ) आयो । नेपालमा सन् २०१२ मा कृषि बिमा आयो भने एक वर्षपछि सामाजिक सुरक्षाका रूपमा स्वास्थ्य बिमा सञ्चालनमा आयो । व्यापारिक बिमामा समस्या थपिँदै छन् भने सामाजिक बिमामा समस्या कम छन् । यसबाट पनि प्रस्ट हुन्छ कि बिमाको चरित्र सामाजिक हो, व्यापारिक होइन ।

### समस्या समाधानका उपाय

एउटा पाँचतले घर र अर्को भुपडी घर छ । पाँचतले घरधनीले प्रिमियम तिर्छ । तर, भुपडी घरधनी प्रिमियम तिर्न सक्ने क्षमता छैन र सरकारले प्रिमियम रकम तिर्छ । भूकम्पले पाँचतले घर र भुपडी घर ढले । व्यापारिक बिमामा पाँचतले घरधनीले धेरै प्रिमियम तिरेको हुँदा पाँचतले घर बराबरको क्षतिपूर्ति पाउँछ भने भुपडी घरधनीले कम क्षतिपूर्ति पाउँछ ।

तर, सामाजिक बिमामा भने घटना भइसकेपछि दुवैलाई समान रूपमा देख्छ । दुवै घरधनीलाई एकतले घर बनाइदिन्छ । यसलाई 'रिडिस्ट्रियुसन अफ दी रिसोर्सेस' भनिन्छ । यो नै बिमाको सौन्दर्य हो । त्यसैले बिमा समाजवादको एउटा दृष्टिकोण हो । सामाजिक बिमामा ठगीको समस्या आउँदैन । दाबी भुक्तानीमा पनि ढिला-सुस्ती हुँदैन । तर, बिमा व्यापारिक बनाएर तमाम समस्या निम्त्याइएका छन् ।

बिमा सबैका लागि अनिवार्य हुनुपर्छ । बिमानीति सर्वव्यापी हुनुपर्छ, जसले सबै नेपालीलाई समेट्न सकोस्, बेरोजगार भएका समयमा उसको सुरक्षा, बिरामी परेको बेलामा स्वास्थ्य उपचार, दुर्घटनाग्रस्त भएर घरमा बसेका बेला आम्दानी नहुँदा वा स्रोतविहीन हुँदा बिमा, आमाबुबा दुर्घटनामा परेका बालबालिकाको खानपिन, शिक्षा, स्वास्थ्यको व्यवस्था बिमाले गर्नुपर्छ । विकसित देशमा सबै काम राज्यले गरिदिन्छ भन्ने भाष्य सिर्जना भएको पनि सामाजिक बिमाको अभ्यासका कारण हो । नेपालमा पनि सामाजिक बिमाको आवश्यकता छ ।


नागरिकले इमानदारीका साथ कर तिर्नुपर्छ । राज्य कोषमा योगदान गर्नुपर्छ । धनीले बढी गर्नुपर्छ भने गरिबले कम गर्नुपर्छ । सेवा लिँदा धनीले कम लिनुपर्छ भने गरिबले बढी लिनुपर्छ । यसमा मन अमिलो बनाउनु भएन । एक करोडको गाडी चढ्छ भने एक लाख कर तिर्न आनाकानी गर्नु हुँदैन । इमानदार र जिम्मेवार नागरिक धेरै लोभी बन्दैन ।

हाल सञ्चालनमा रहेका बिमा कम्पनीलाई सामाजिक बिमामा रूपान्तरित गर्नुपर्छ । 'म्युचुअल इन्स्योरेन्स' हुनुपर्छ । म्युचुअल इन्स्योरेन्समा सेयरधनी हुँदैनन् । कम्पनीको सेयरको मूल्यमा उथलपुथल पनि हुँदैन । बिमालेख धनी आफैंमा सेयरधनी हुन्छन् । म्युचुअल इन्स्योरेन्स नेपाल र भारतमा बाहेक विश्वका धेरै देशमा सञ्चालनमा छ । म्युचुअल इन्स्योरेन्समा ठगी कम हुन्छ भने प्रिमियम पनि अनावश्यक लाग्दैन । नो-क्लेम डिस्काउन्ट बढी हुन्छ । बिमा प्राधिकरणले म्युचुअल इन्स्योरेन्स ल्याउनुपर्छ भने व्यापारिक बिमालाई म्युचुअल इन्स्योरेन्समा रूपान्तरण गर्नुपर्छ ।

*(घिमिरे पोखरा विश्वविद्यालयका सहप्राध्यापक तथा बिमा विज्ञ हुन्)*

# बिमा : सरेन्डर गर्ने र नवीकरण नगर्ने प्रवृत्ति रोकिनुपर्छ

राज्यले दिएका सहुलियत र चेतना वृद्धिका कारण बिमाको पहुँच वृद्धि सम्भव भएको हो । चेतना वृद्धिकै कारण देशका कुना-कुनामा बिमा कम्पनीहरूले आफ्नो व्यवसाय फैलाउन सफल भएका छन् ।



प्रवीणरमण पराजुली

नेपालमा ४ प्रकृतिका ३७ बिमा कम्पनी सञ्चालनमा छन् । जीवन बिमा कम्पनी १४, निर्जीवन बिमा कम्पनी १४, पुनर्बिमा कम्पनी दुई र लघुबिमा कम्पनी ७ वटा (जीवन ३ र निर्जीवन ४ वटा) छन् । सबै प्रकारका बिमा कम्पनीको कार्यक्षेत्र बिमा नियमावलीले स्पष्ट तोकेको छ भने कम्पनीहरूको चुक्ता पुँजी व्यवसायअनुसार छुट्याइएको छ ।

जीवन बिमा गर्नु भनेको लगानीका साथै जोखिम वहन पनि हो भने निर्जीवन बिमाले सम्पत्तिको सुरक्षामा सहयोग गर्छ । पुनर्बिमा कम्पनीले जीवन र निर्जीवन बिमाले गरेका बिमाहरूको पुन: बिमा गरेर बिमा कम्पनीहरूको व्यवसायलाई सुरक्षित र जोखिमरहित बनाउन देश र विदेशमा साझेदारी गर्ने गरेको छ ।

पछिल्लो समय नेपालमा बिमाको पहुँच बढ्दै गएको छ । राज्यले दिएका सहुलियत र चेतना वृद्धिका कारण बिमाको पहुँच वृद्धि सम्भव भएको हो । चेतना वृद्धिकै कारण देशका कुना-कुनामा बिमा कम्पनीहरूले आफ्नो व्यवसाय फैलाउन सफल भएका छन् । नेपाल बिमा प्राधिकरणको भदौसम्मको तथ्यांकअनुसार जीवन बिमा (म्यादी, आवधिक, वैदेशिक रोजगारी र अन्यसमेत) को पहुँच ४२.९२ प्रतिशत जनसंख्यामा पुगेको छ । तर, अझै पनि ५७.१ प्रतिशत जनसंख्या बिमाको पहुँचबाहिरै छन् । यसले बिमाको सम्भावना अझै धेरै रहेको देखाउँछ ।

प्राधिकरणले बिमा क्षेत्रको विकास र व्यवसायलाई व्यवस्थित गर्न 'दोस्रो रणनीतिक योजना २०२३-२०२७' कार्यान्वयनमा ल्याएको छ । बिमाको पहुँच वृद्धि, बिमा कम्पनीमा सुशासन तथा अर्थतन्त्र वृद्धिमा बिमा क्षेत्रको भूमिकालाई रणनीतिक योजनाले महत्वका साथ उठाएको छ ।

## शिथिल अर्थतन्त्रको प्रभाव

पछिल्लो समयमा मुलुकमा देखिको आर्थिक शिथिलताबाट बिमा क्षेत्र पनि अछुतो छैन । बिमा कम्पनीहरूको आम्दानीको मुख्य स्रोत बैंक तथा वित्तीय संस्थाले दिने मुद्दती निक्षेप (एफडी) को ब्याजदर घट्दै गएको छ । ब्याजदर घट्दा बिमा क्षेत्रको लगानी र प्रतिफल दुवै घटिरहेको छ । अहिले वित्तीय क्षेत्रमा पर्याप्त तरलता छ । लगानीयोग्य रकम पर्याप्त भए पनि बजारमा आत्मविश्वासको कमी देखिन्छ ।

अधिक तरलताका कारण वित्तीय संस्थाले थप निक्षेप लिन सक्ने सम्भावना कम हुँदै गएको छ । ऋणको ब्याजदर एकल विन्दुमा झरेको छ र लामो समयसम्म सस्तोमा ऋण पाउने अवस्था बनेको छ । यद्यपि ऋण अत्यन्तै कम गइरहेको छ । मानिसहरूको क्रयशक्ति न्यून भएका कारण ऋण कम हुँदै गएको बुझ्न सकिन्छ । ऋण बढेको खण्डमा बजारमा पैसा जान्छ । उत्पादन क्षेत्रमा लगानी हुन्छ । लगानी बढेपछि थप रोजगारी सिर्जना हुन्छ र मानिसहरूको खल्तीमा पैसा आउँछ । खल्तीमा पैसा भएपछि मानिसहरु खर्च गर्न उत्साहित हुन्छ र यसले समग्र अर्थतन्त्रमा चलायमान बनाउँछ ।

बिमा क्षेत्र पनि अर्थतन्त्रकै एक पाटो हो । बजारमा माग नबढ्दा बिमा क्षेत्र पनि प्रभावित हुन पुगेको छ । यद्यपि पछिल्लो तथ्यांकले बिमा व्यवसाय बढेकै देखाउँछ । वैदेशिक रोजगारी र म्यादी बिमालाई छोड्दा पनि समग्रमा बिमा व्यवसायको वृद्धि देखिन्छ । म्यादी, लघु म्यादी, वैदेशिक रोजगार जीवन बिमालेखसहित करिब ४३ प्रतिशत जनसंख्या बिमाको दायरामा आउनु बिमा व्यवसाय वृद्धि भएको संकेत हो ।

पछिल्लो समय बिमालेख समर्पण (सरेन्डर) गर्ने क्रम र मात्रा (भोल्युम) बढेकाले चुनौती थपिएको छ । त्यस्तै, नवीकरण गर्नेको प्रतिशत पनि घटेको देखिन्छ । नवीकरण गराउनकै लागि संस्थाहरूले विभिन्न पुनरूत्थान कार्यक्रम (रिभाइभल स्किम) चलाइरहेका छन् । अहिले आएका चुनौतीले नयाँ व्यापारमा केही न केही संकुचन ल्याएको छ । तर, नवीकरण नगर्ने र सरेन्डर गर्नेको संख्या बढ्नुले अर्थतन्त्रको वास्तविक चित्र देखाउँछ । बैंकको ब्याजदर बढ्यो भने बिमामा सरेन्डर गर्ने क्रम बढ्छ किनभने बिमामा गरेको लगानी झिकेर बढी ब्याज आउनेतिर मानिसहरूले पैसा राख्ने गरेको पाइन्छ । यो बेला ऋण लिने पनि बढेका हुन्छन् ।

अप्ठ्यारो अवस्थामा पनि बिमा कसरी अघि बढिरहेको छ भन्ने कतिपयलाई लाग्न सक्छ । तर, मानिसहरूले आफूसँग भएको पैसा कि त लगानी गर्छन् कि त वित्तीय संस्थामा बचत गर्छन् । बिमा भनेको बचत पनि हो । तर, बचतका रूपमा राखिने निक्षेपको ब्याजदर सस्तिँदा मानिसहरु पैसा के गर्ने भनेर अल्मलिएका छन् । त्यस्तै, पुँजीबजारमा आएको उतारचढावले पनि मानिसहरु केही आत्तिएको देखिन्छ । घरजग्गा कारोबार सुस्ताएको छ ।

बिमामा गरेको लगानी सुरक्षित हुन्छ । संस्थागत रूपमा बिमा कम्पनीले गरेको लगानीको प्रतिफल अहिले कम आउला । तर, अहिलेसम्म गरेको लगानीको पोर्टफोलियो

मिसिएर औसत (एभरेजिङ) गर्दा हाल प्राप्त गरिरहेको भन्दा बढी प्रतिफल आगामी दिनमा पाउने अवस्था बन्छ । बिमा गर्दा जोखिम वहन हुनुका साथै केही बचत पनि हुने भएकाले बुझेका मानिसहरु बिमा गर्न प्रेरित हुन्छन् ।

### बिमा र ब्याजदर

बैंकको ब्याजदर कम हुँदा बिमा गर्ने बढ्छन् । तर, उनीहरुको अपेक्षाअनुसार बिमा कम्पनीले सेवा दिन सक्छन् वा सक्दैनन् भन्ने मुख्य चुनौती हुन्छ किनभने बिमाको सबैभन्दा बढी लगानी मुद्दती निक्षेपमा हुन्छ । सामान्यतः मुद्दती निक्षेपको ब्याजदर कम भएका बेला वित्तीय संस्था अधिक तरल अवस्थामा हुने भएकाले थप निक्षेप लिन खासै इच्छुक हुँदैनन् । पहिले ऋणको ब्याजदर ज्यादै बढ्दा व्यक्तिगत मुद्दती निक्षेप र संस्थागत मुद्दती निक्षेपको ब्याजदर अन्तर १.५ प्रतिशत थियो । पछि १ प्रतिशतमा आयो । कर्जाको ब्याजदर नै एकल विन्दुमा आएपछि संस्थागत निक्षेपलाई दिइने ब्याजदर र व्यक्तिगत निक्षेपकर्तालाई दिइने ब्याजदरमा भिन्नता नहुनुपर्ने थियो । तर, नेपालमा फरक बनाइएको छ । बिमा कम्पनीहरुको मुख्य लगानी बैंकको मुद्दती निक्षेपमा हुन्छ । यस्तो अवस्थामा निक्षेपलाई संस्थागत र व्यक्तिगत भनेर छुट्याइनु न्यायोचित होइन र नेपाल राष्ट्र बैंकले आफ्नो नीतिमा पुनर्विचार गर्नु आवश्यक छ किनभने छरिएर रहेको पुँजीलाई संस्थागत च्यानलभित्र ल्याउने काम बिमा कम्पनीहरुले गरेका छन् । बिमा कम्पनीमा सामान्यतः ६ प्रतिशत बोनस दरको हिसाब भइरहेको हुन्छ । त्यसैले बिमालाई दोहोरो मारमा पर्ने गरी राख्नु हुँदैन ।

**वाणिज्य बैंकहरूको औसत ब्याजदर**

| वर्ष | २०८० | | | | | २०८१ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिना | मंसिर | पुस | माघ | फागुन | चैत | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक |
| ब्याजदर | ७.७६ | ७.६२ | ७.३२ | ७.०१ | ६.७४ | ६.५३ | ६.३५ | ६.१७ | ५.७७ | ५.६६ | ५.५३ | ५.२४ |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### जीवन बिमामा करको असर

जीवन बिमाको कर गणना गर्ने विधिमा पुनर्विचार गर्नुपर्ने देखिन्छ । जीवन बिमा कम्पनीले सुरुकै नाफामा कर्पोरेट कर २५ प्रतिशत तिर्छन् । बिमाशुल्क (प्रिमियम) का रुपमा आएको रकमलाई लगानी गरेपछि आएको प्रतिफललाई आयका रुपमा गणना गरिन्छ । तर, बिमितलाई बिमाबापत दिइने रकम र दाबी (क्लेम) बापत दिइने रकमलाई कर गणना राखिँदैन, जबकि विकसित मुलुकमा समायोजन गर्न दिइन्छ । नेपालमा भने करले आयलाई मात्र चिनेका कारण जीवन बिमा कम्पनीहरुलाई असर परिरहेको छ ।

नेपाल लाइफ इन्स्योरेन्सले ०८०/८१ मा ५३ प्रतिशतसम्म अर्थात् दुई अर्ब ५६ करोड रुपैयाँ कर तिरेको छ । कम्पनीले प्रत्यक्ष तिर्नुपर्ने २५ प्रतिशत भए पनि अप्रत्यक्ष रुपमा लाग्ने करको प्रभाव जीवन बिमा कोषमा पर्ने गरेको छ । सही हिसाबले गणना गर्ने विधि भएको भए जीवन बिमा कोषमा रकम थप हुन्थ्यो । बिमा कोष बढ्नु भनेको बिमालेख खरिद गर्नेको हित हुनु हो । बिमा कोषको ९० प्रतिशत प्रतिफल बिमालेख खरिदकर्तालाई जान्छ र १० प्रतिशत मात्र सेयरधनीलाई जान्छ । यसलाई नीतिगत रुपमै सुधार गर्नुपर्ने आवश्यकता छ ।

नेपाल स्रोतको कमी भएको मुलुक हो । राज्यले सामाजिक सुरक्षाको अवधारणा अगाडि सारेको छ । तर, सामाजिक सुरक्षामा कति जोडिएका छन् त ? यसमा धेरैलाई जोड्न सकिएको छैन । सामाजिक सुरक्षामा बिमाले केही हदसम्म सहयोग गरेको छ । राज्य आफैंले गर्नुपर्ने काम जनताले बिमामार्फत सेवा दिएका छन् ।

### बिमाको पहुँच बढाउन राज्यको भूमिका

४३ प्रतिशतमा बिमाको पहुँच पुगेको भनिए पनि यथार्थ (कोर) मा १७/१८ प्रतिशत छ । वैदेशिक रोजगारी, लघु र म्यादी बिमालाई जोड्दा ठुलो हिस्सा देखिएको हो । यद्यपि केही वर्ष अगाडिसम्म न्यून रहेको बिमाको पहुँच वृद्धि भएको छ, त्यो सबै पक्ष आक्रामक तरिकाले प्रस्तुत भएकाले सम्भव भएको हो ।

बिमाको पहुँच बढाउन राज्यले दिँदै आएको प्रिमियमबापत ४० हजारसम्मको कर छुटलाई बढाएर न्यूनतम एक लाख रुपैयाँ पुऱ्याउनुपर्छ । यसले बिमाको विस्तार बढ्नुका साथै राज्यले दिन नसकेको 'कभरेज' बिमा मार्फत हुन्छ । जनताले आफ्नै खल्तीबाट पैसा तिरेर सुरक्षित भइरहेको हुन्छ । कारोबार बढेपछि राज्यले पनि कर्पोरेट कर पाउँछ । बिमा बजार बढ्यो भने राज्यलाई नै फाइदा हुने हो ।

बिमा बजारमा वित्तीय औजारको पनि आवश्यकता छ । जीवन बिमा कम्पनीले १५ देखि २० वर्षको बचत योजना ल्याएका हुन्छन् । तर, कम्पनीहरुसँग सम्पत्ति आर्जन गरेर लगानी गर्नलाई कुनै औजार छैन । 'इक्विटी मार्केट' केही मात्रामा भए पनि सबै पैसा त्यहाँ राख्न सकिँदैन । राज्यको पुँजीगत खर्च भएन, उत्पादन क्षेत्रमा पैसा गएन, अरु क्षेत्रको पैसा पनि प्रविधि क्षेत्रमा गएन भनिरहेको अवस्था छ । बिमा क्षेत्रलाई विभिन्न ऋण (बन्ड) को खाँचो छ । बिमा क्षेत्रले नियमित नगद प्रवाह (क्यास फ्लो) हुने र आगामी दिनमा इक्विटीमा परिवर्तन गर्न सकिने हाइब्रिड वित्तीय औजारको आवश्यकता छ । यसले राज्यका पूर्वाधार पनि बन्छन् भने बिमा कम्पनीहरुलाई वित्तीय औजारको अवसर पनि प्राप्त हुन्छ । बिमा क्षेत्रलाई चलायमान बनाउन र आवश्यक सहजीकरण गर्न राज्य जिम्मेवारीपूर्वक प्रस्तुत हुनुपर्छ । नियामकले आ-आफ्नो पक्षबाट राज्यको आवश्यकताअनुसार काम गर्नुपर्छ र अफ्ठ्यारो परेको ठाउँ खुला गर्न जहिले पनि तयार हुनुपर्छ ।

**बिमालेख संख्या र शुल्क संकलन**

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|
| बिमाशुल्क संकलन (रू. करोडमा) | १२११४ | १३८७९ | १४२५७ | १५६५० |
| बिमालेख संख्या | ७१७७ | १२७६९ | १२३७१ | ६५८३ |

*स्रोतः नेपाल बिमा प्राधिकरण*

**सरेन्डर बिमालेखको संख्या र रकम**

| आर्थिक वर्ष | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|
| बिमालेख सरेन्डर रकम (रू. लाखमा) | ९८९१४ | १२१८०८ | १३३४३३ | १४५०१२ |
| सरेन्डर बिमालेख | ६३३३१ | ८१८६० | ९९३८ | ११३९७६ |

*स्रोत : नेपाल बिमा प्राधिकरण*

### निष्कर्ष

बिमाको पहुँच बढाउन र महत्त्व बुझाउन बिमा शिक्षालाई बालबालिकासम्म पुऱ्याउनुपर्छ । त्यसका लागि विद्यालय पाठ्यक्रममा बिमा शिक्षा हुनुपर्छ । राज्यबाटै बिमा किन चाहिन्छ भनेर बुझाउन सक्नुपर्छ ।


निक्षेपमा दिने ब्याजदर 'डाइनामिक' हुनुपर्छ । एउटा नीति लागु गरेपछि सधैं निरन्तरता दिएर हुँदैन । संस्थागत निक्षेपको अहिलेको व्यवस्था परिवर्तन गर्नुपर्छ । नीति-नियम सधैं स्थिर हुनु हुँदैन । बिमा ऐनमा सहायक कम्पनीबाट लगानी गर्न मिल्ने भएकाले नेपाल लाइफले सहायक कम्पनीमार्फत लगानी विविधीकरण गरिरहेको छ । तर, यस्ता कम्पनीलाई लगाइने करमा पनि हेरफेर गर्नुपर्छ । व्यवसाय प्रवर्धन (प्रमोसन) का लागि केही वर्ष सहज अवस्था बनाउनुपर्छ । दिनानुदिन प्रविधिको पहुँच बढिरहेको छ । प्रविधिमा आधारित सेवा विस्तारमा संस्थाहरुले ध्यान दिनुपर्छ र सरकारले पनि प्रोत्साहन गर्नुपर्छ ।

बजार डाइनामिक भएकाले ग्राहकले सेवा पनि त्यहीअनुसारको खोजी गर्छन् । निश्चित अवधि पुगेपछि सरेन्डर किन भइरहेको छ । सरेन्डर गर्नुपर्ने आवश्यकता हो कि अरु कुनै कारण छन् खोजीकै विषय छ । यद्यपि सरेन्डर कम गर्न सबै पक्ष मिलेर काम गर्नुपर्ने आवश्यकता छ । कहिलेकाहीं बिमितले नबुझेरै सरेन्डर गरेको हुन सक्छ । बिमालेख सरेन्डर गरिरहँदा बिमितलाई भोलि त्यही मूल्यमा बिमालेख पाइँदैन भन्ने बुझाउनु आवश्यक छ । बिमालेख बिक्री गर्दा नै बिमा कम्पनीले यस्ता विषय बुझाउनुपर्छ । कुनै 'लुपहोल' का कारण बिमितलाई असर पर्ने र संस्थालाई फाइदा हुने परिस्थिति बन्नु हुँदैन । बिमित र कम्पनीलाई असर पुऱ्याउने नीति बनाइनु हुँदैन ।

*(पराजुली नेपाल जीवन बिमक संघका उपाध्यक्ष तथा नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी हुन्)*

# बिमाप्रति अविश्वासको वातावरण सरकार आफैंले सिर्जना गरिरहेको छ

बिमितको अपेक्षा र बिमा कम्पनी बीचको पुल बिमा अभिकर्ता बन्नुपर्ने थियो । अभिकर्ताले कति प्रिमियम तिर्दा कति दाबी भुक्तानी पाइन्छ भन्ने कुरा बिमितलाई बुझाएर बिमा गर्दा यस्तो समस्या देखिँदैन थियो । कम्पनीहरूले पनि बिमा अभिकर्तालाई सोहीअनुसार 'ट्रेन्ड' गर्न सकेका छैनन् ।



कुनाल कयाल

बिमा गर्न चाहने बिमितको पहिलो इच्छा हुन्छ– 'आफूले बिमा गरेबापतको पैसा केही समयपछि दोब्बर भएर फिर्ता आओस्' । सर्वसाधारण बिमितको बिमाप्रतिको साझा इच्छा हो यो । निर्जीवन बिमामा अधिकांश बिमितले आफूले बिमा गरेको सम्पत्तिमा क्षति पुगेजतिको सबै रकम बिमा कम्पनीले बेहोरोस्, क्षति बराबरको रकम आफूले पाइयोस् भन्ने नै हुन्छ । यो बिमाप्रतिको सर्वमान्य सिद्धान्त नै हो ।

सामान्यतः बिमा गरेर पनि क्षतिपूर्ति बराबरको पूरै भुक्तानी पाइएन वा जति सम्पत्तिमा क्षति भयो त्यो सबैको भरण बिमा कम्पनीले गरेन भन्ने आमगुनासो हुन्छ । बिमितको यो अपेक्षा गलत पनि होइन किनभने बिमा व्यवसायीहरूको पनि त्यही उद्देश्य हुन्छ– बिमितले बिमा गरेबापतको भुक्तानी पाउन र क्षतिपूर्ति बिमाबाटै भरण गरियोस् ।

बिमितको अपेक्षा र बिमा कम्पनी बीचको पुल बिमा अभिकर्ता बन्नुपर्ने थियो । अभिकर्ताले कति प्रिमियम तिर्दा कति दाबी भुक्तानी पाइन्छ भन्ने कुरा बिमितलाई बुझाएर बिमा गर्दा यस्तो समस्या देखिँदैन थियो । कम्पनीहरूले पनि बिमा अभिकर्तालाई सोहीअनुसार 'ट्रेन्ड' गर्न सकेका छैनन् । यसले पनि बिमाप्रतिको बिमितको विश्वासलाई कहिलेकाहीँ कमजोर बनाउने गरेको छ । त्यसबाहेक कहिलेकाहीँ बिमितको आफ्नै हेलचेक्र्याँइले पनि कम्पनीको विश्वास धरमराउन सक्छ । जस्तो बिमा गर्दा बिमितले अक्सर कम प्रिमियम भएका बिमालेखहरु रोज्ने गर्छन् । कम्पनीसँग बिमालेखको प्रकृति र मूल्यअनुसार त्यसमा लाग्ने प्रिमियम (बिमाशुल्क) फरक–फरक दरमा हुन्छन् । यस्तो अवस्थामा थोरै प्रिमियम तिरेर बिमालेख किन्दा सबै सम्पत्तिको बीमा नभएको हुनसक्छ र पछि बिमा गरेको सम्पत्तिको क्षति बढी भएको अवस्थामा किनेको थोरै प्रिमियमवाला बिमालेखले नसमेट्न सक्छ । किनभने बिमा कम्पनीले बिमा गरिएको रकमको क्षति बराबरको मात्रै भुक्तानी गर्छन् । यसले बिमितको क्षतिको पूर्ण भरण हुँदैन र बिमा कम्पनीप्रति असन्तुष्टि देखिन्छ । त्यसैले प्रिमियमभन्दा पनि सम्पत्तिको मूल्यांकन गरेर सोहीअनुसारको बिमा खरिद गर्नुपर्छ । प्रिमियम कम तिर्ने हुँदा बढी क्षति भएको खण्डमा सोहीअनुसारको भुक्तानी बिमितले पाउँदैनन् । यसरी बिमितले अपेक्षाअनुसारको भुक्तानी नपाएपछि बिमाप्रतिको विश्वास कम हुन थाल्छ ।

यता कम्पनीहरूले बिमितले खरिद गरेकै बिमालेख बराबरको भुक्तानी गर्ने हुनाले बिमितको थप अपेक्षा पूरा गर्न सक्दैनन् । यस्तो अवस्थामा कहिलेकाहीँ बिमाप्रतिको विश्वास धरमराउन पुग्छ र यस्तो हुनुको मूल कारण बिमितलाई बुझाउन नसक्दाको परिणाम हो ।

मुलुक सूचना प्रविधि (आईटी) क्षेत्रमा बिस्तारै अघि बढिरहेको छ । बिमा क्षेत्रको नियामक नेपाल बिमा प्राधिकरणले डिजिटल कारोबारलाई जोड दिइरहेको छ । तर, अझै डिजिटल कारोबारमा जान सकिरहेको अवस्था छैन । दाबी भुक्तानीसमेत पूर्ण डिजिटलाइज भएको खण्डमा सर्वसाधारणमा बिमा पहुँच अझ बढ्ने अपेक्षा गर्न सकिन्छ ।

बिमा सम्झौतामा उल्लेख गरिएका सम्पूर्ण नियमहरु बिमितलाई बुझाउन नसक्नु कम्पनी र बिमा अभिकर्ताको हो । बिमितले पनि आफूले खरिद गरेको बिमासम्बन्धी नियमहरु नपढी बिमा गर्नु गल्ती हो । यो सबै समस्याको जड बिमाप्रतिको जानकारीको अभाव हो । बिमाप्रति जानकार बनाउन बिमा कम्पनी, बिमा अभिकर्ता, नियामक प्राधिकरण र सरकार सबैले तदारूकताका साथ काम गर्नुपर्छ ।

बिमा क्षेत्रमा अर्को सबैभन्दा बढी सुनिने जनगुनासो हो, भुक्तानी ढिलो भयो भन्ने । कम्पनीहरूले भुक्तानीमा ढिलो गर्न पाउँदैनन् । नियामकले दाबी भुक्तानीको निश्चित समयसीमा तोकेको छ र सोहीअनुसार कम्पनीले भुक्तानी दिनैपर्छ । तर, भुक्तानी गर्नुभन्दा पहिले दाबीउपर कम्पनीबाट सर्भेयरले सर्भे गर्छन् । सर्भे प्रतिवेदन आइसकेपछि कम्पनीहरूले बिमितबाट आवश्यक कागजात लिएर भुक्तानीप्रक्रिया अगाडि बढाउँछन् । तर, कतिपय ग्राहकले 'क्लेम' दाबी गरेपछि दिनुपर्ने कागजातहरु (जस्तै दुर्घटना परेको खण्डमा पुलिस रिपोर्ट, अस्पतालको रिपोर्ट आदि) दिनै ढिलो गर्छन् । यसले दाबी भुक्तानीका लागि कागजात पेस गर्न ढिला हुन्छ । यो प्रायः बिमा कम्पनीहरूको साझा समस्या हो ।

अझ यस्तो डकुमेन्टमा दाबी बापतको रकम थोरै देखिए पनि बढी रकम भुक्तानीका लागि माग गरिएको हुन्छ । अधिकांशमा बिमा गर्नेबित्तिकै फुल क्लेम (पूर्ण भुक्तानी) पाइन्छ भन्ने भ्रम हुन्छ । तर त्यसो हुँदैन । अभिकर्ताले बिमा गर्दा बिमितलाई सम्झौताको कागज दिएका हुन्छन् जसमा प्रिमियम शुल्क, दाबी भुक्तानीलगायत सम्पूर्ण विवरण उल्लेख गरिएको हुन्छ । यस्ता कुराहरूलाई बेवास्ता गर्दा बिमितको अपेक्षा र कम्पनीले दिने भुक्तानीमा फरक हुन्छ । यही कारणले पनि बिमा कम्पनी र बिमितबीचको सम्बन्ध कहिलेकाहीँ बिग्रने गर्छ । यसका लागि बिमितले आफूले कति रकम बराबरको र कति क्षेत्र समेट्ने गरी बिमा गरेको छु ? कति प्रिमियम तिर्दै छु ? बिमाको सम्झौता विवरणमा के-के विषय समेटिएको छ ? भन्ने जानकारी राख्नुपर्छ ।

प्रिमियम तिर्दा थोरै तिरौँ र क्लेम पाउँदा सकेसम्म धेरै पाउँ भन्ने आमप्रवृत्ति हुन्छ । यसले पनि ग्राहकको अपेक्षा पूरा हुन सक्दैन । त्यसैले प्रिमियम मात्रै नहेरेर बिमाले समेट्ने क्षेत्रका बारेमा विस्तृत बुझेर मात्रै बिमा गुर्नपर्छ । अहिले पनि बिमाबारे सामान्य जानकारी कतिपयमा भेटिँदैन । त्यसैले बिमासम्बन्धी जानकारी बढाउनुपर्ने आवश्यकता छ ।

## आफैं मान्दैन सरकार आफ्नै निर्णय

अहिले बिमा प्रतिको विश्वास कमजोर हुनुको प्रमुख कारण भुक्तानी रोकिएको कोरोना बिमा र कृषि बिमाले गर्दा हो । सरकारले भुक्तानीको आश्वासन दिएर पनि बिमा कम्पनीहरूमार्फत गरिएका यस्ता बिमाहरूको भुक्तानी दिएको छैन । जसले गर्दा बिमितले अझै अर्बौं रकम बराबरको दाबी भुक्तानी लिन बाँकी छ ।

सरकारले आर्थिक वर्ष ०७७/७८ को बजेटमार्फत कोरोना बिमामा ५० प्रतिशत अनुदान दिने घोषणा गऱ्यो । तर, घोषणा अनुसारको रकम भने भुक्तानी गरेन । त्यसबेला बिमा कम्पनीहरूले १३ लाख मानिसलाई बिमालेख बिक्री गरेका थिए । जसमा एक लाख २९ हजार जनाले दाबी माग गरेकामा अझै ११ अर्ब बराबरको भुक्तानी बिमितले पाएका छैनन् ।

बिमा कम्पनीहरूले मात्रै अर्बौंको दाबी भुक्तानी दिन सक्ने अवस्था छैन । दाबी भुक्तानीलाई लिएर अदालतसम्म हारगुहार गर्नुपरेको अवस्था छ । कोरोना बिमाको दाबी भुक्तानीका लागि सरकारले तदारूकतासमेत देखाएको छैन । त्यस्तै अवस्था छ, कृषि बिमाको पनि । सानो पुँजीसहित खेती किसान गरिरहेकाहरूले बिमा गरे तर, बिमाबापतको दाबी भुक्तानी पाउन सकेका छैनन् । सरकारले कृषि बिमाको पनि भुक्तानी रोकेको छ । स्वास्थ्य बिमामा हालत पनि उस्तै छ । स्वास्थ्य बिमाको दाबी भुक्तानी नदिएर मुलुकका धेरै अस्पतालहरूले स्वास्थ्य बिमा सुविधा दिन नसकिने बताइरहेका छन् ।

सरकारले दिन्छु भनेको रकम नदिँदा बिमा व्यवसायी आफैंले भुक्तानी गर्न सक्दैन । यसले बिमा प्रतिको हेर्ने नजरलाई थप धुमिल्याउन सहयोग गरेको छ । भुक्तानी नपाउँदा बिमाप्रति जनमानसमा नकारात्मक धारणाको विकास भइरहेको छ । सरकारले दिन्छु भनेको रकम समयमै भुक्तानी दिएको भए बिमाप्रति अविश्वासको वातावरण सिर्जना हुने थिएन । अहिले बिमा कम्पनीहरु सरकारले कोरोना होस् वा कृषि बिमाको भुक्तानी कहिले देला र बिमितलाई तिर्छु भनेर बसेका छन् । यसरी सरकारले आफ्नै कर्तव्य पूरा नगर्दा सम्पूर्ण बिमा व्यवसायी मात्र नभएर बिमितसमेत पीडित हुने अवस्था छ । यसप्रति सरकार चनाखो भई तदारूकताका साथ समस्या समाधानमा लाग्नुपर्छ ।

**अहिले बिमा प्रतिको विश्वास कमजोर हुनुको प्रमुख कारण भुक्तानी रोकिएको कोरोना बिमा र कृषि बिमाले गर्दा हो । सरकारले भुक्तानीको आश्वासन दिएर पनि बिमा कम्पनीहरुमार्फत गरिएका यस्ता बिमाहरुको भुक्तानी दिएको छैन ।**

## विकल्प होइन बिमा अनिवार्य हो

नेपालको बिमा क्षेत्र विस्तार हुने क्रममै छ तर, गति केही सुस्त देखिन्छ । यद्यपि नेपालमा बिमा क्षेत्र एकदमै फराकिलो छ । भौगोलिक कारणले पनि नेपाल जोखिमयुक्त मानिन्छ । नेपालमा हरेक वर्ष बाढी-पहिरोको वितण्डा चल्छ भने भूकम्पहरु पनि बेलाबेला आउने सम्भावना उत्तिकै छ । भौगोलिक, राजनीतिकजस्ता जोखिम भएकै कारण पनि हरेक क्षेत्र, परियोजनामा अनिवार्य बिमाको व्यवस्था हुनुपर्ने आश्यकता छ ।

भइपरी आउने प्रकोपबाट पुग्ने क्षतिलाई केही हदसम्म कम गर्न बिमाले महत्वपूर्ण भूमिका खेल्न सक्छ । सरकारले दिने राहतसँगै बिमादाबी भुक्तानीले पनि क्षतिलाई कम गराउन सक्थ्यो । सरकारलाई पनि यस्ता क्षतिबाट बौरिन समय लाग्दैन थियो । सरकारले हरेक भौतिक पूर्वाधारहरु, परियोजनाहरु तथा निजी भौतिक संरचनाहरूमा बिमा अनिवार्य गर्न सके क्षतिलाई कम गराउन सकिन्थ्यो । यसले बिमा व्यवसायको दायारा मात्रै बढ्ने थिएन सरकारको खर्चसमेत जोगिन्थ्यो । तर, सरकार अझै बिमालाई प्राथमिकतामा नराखेर मौन नै देखिन्छ ।

अहिले बिमा कम्पनीहरु बलिया बन्दै आएका छन् । मर्जर भएपछि कम्पनीहरूको आयतन मात्रै बढेको छैन क्षमताको हिसाबमा पनि सक्षम र बलिया बनेका छन् । नियामक निकाय बिमा प्राधिकरणले बिमा कम्पनीहरूको चुक्तापुँजी बढाएर निर्जीवन बिमा कम्पनीहरूको हकमा साढे दुई अर्ब र जीवन बिमा कम्पनीको हकमा पाँच अर्ब रूपैयाँ पुऱ्याएको छ । कम्पनीहरूले तोकिएको पुँजी पुऱ्याउने योजना अघि सारेका छन् । प्राधिकरणको पुँजी वृद्धि योजनाले बिमा कम्पनीको जोखिम वहन क्षमता दोब्बरले बढेको छ । यद्यपि पुँजीगत रूपमा बिमा बजार अधिक पुँजीकरण (ओभर क्यापिटलाइज) को मारमा परेका छन् ।

बिमामा केही वर्ष पहिलेसम्म अस्वस्थ प्रतिस्पर्धा देखिन्थ्यो । कम्पनीहरूले प्रतिस्पर्धी बन्नकै लागि पनि बिमाका दरहरूमा फरकफरक मूल्य राख्थे । यसले व्यावसायिक माहोललाई अस्वस्थ बनाएको थियो । प्राधिकरणले निश्चित दर तोकेर सोहीअनुसार व्यवसाय गर्न निर्देशन दिएपछि अस्वस्थ प्रतिस्पर्धा कम हुँदै गएको छ ।

*(कयाल, सानिमा जीआईसी इन्स्योरेन्सका अध्यक्ष हुन्)*

# जलविद्युत् नै नेपाली अर्थतन्त्रको मेरुदण्ड

अहिले स्वदेशमै २२ सय मेगावाटसम्म विद्युत् खपत हुने गरेको छ । विद्युतीय गाडी, विद्युतीय चुलो, एसीको बढ्दो प्रयोगका कारण नेपालमा विद्युत्‌को माग बढ्दो छ । नेपालको माग पूरा गरेर बर्खामा भारतीय बजारमा एक हजार मेगावाटसम्म विद्युत् निर्यात हुन थालेको छ । सीमा नजोडिएको बंगलादेशमा पनि सांकेतिक रूपमा ४० मेगावाट विद्युत् निर्यात सुरु भएको छ ।



कुलमान घिसिङ

नेपालको राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत्‌को जडित क्षमता तीन हजार पाँच सय मेगावाट पुगेको छ । देशभर सात हजार सर्किट किलोमिटर प्रसारण लाइन बनेको छ । विभिन्न ठाउँमा करिब दुई सयवटा सबस्टेसन छन् । वितरणलाइन पनि दुई लाख आठ हजार सर्किट किलोमिटर बनिसकेको छ । ९९ प्रतिशत जनता विद्युत्‌को पहुँचमा पुगेका छन् ।

नेपाल विद्युत् प्राधिकरणले १० हजार तीन सय मेगावाटभन्दा बढी विद्युत् खरिद गर्ने गरी परियोजनाहरूसँग सम्झौता गरेको छ । अहिले सात हजार मेगावाट क्षमताका परियोजनाहरू निर्माण चरणमा छन् । आगामी पाँच वर्षभित्र विद्युत् जडित क्षमता १० हजार मेगावाट पुग्ने अनुमान छ । त्यसबाहेक ९६० मेगावाट विद्युत् सोलार परियोजनाबाट खरिद गर्ने प्रक्रिया अघि बढेको छ । त्यस्तै, ११-१२ हजार मेगावाटका परियोजनाहरू विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) को पखाईमा छन् । पीपीएपछि उनीहरू पनि निर्माण प्रक्रियामा जानेछन् ।

अहिले स्वदेशमै २२ सय मेगावाटसम्म विद्युत् खपत हुने गरेको छ । विद्युतीय गाडी, विद्युतीय चुलो, एसीको बढ्दो प्रयोगका कारण नेपालमा विद्युत्‌को माग बढ्दो छ । नेपालको माग पूरा गरेर बर्खामा भारतीय बजारमा एक हजार मेगावाटसम्म विद्युत् निर्यात हुन थालेको छ । सीमा नजोडिएको बंगलादेशमा पनि सांकेतिक रूपमा ४० मेगावाट विद्युत् निर्यात सुरू भएको छ । प्राधिकरणले व्यावसायिक रूपमा २०२१ नोभेम्बरदेखि भारतमा र २०२४ नोभेम्बर १५ देखि बंगलादेशमा विद्युत् निर्यात सुरू गरेको हो । गत आर्थिक वर्षमा प्राधिकरणले आयातभन्दा १३ करोड रूपैयाँको विद्युत् बेचेर पहिलोपटक खुद विद्युत् निर्यातकर्ता बनेको छ । गत वर्ष बर्खामा मात्रै एक हजार मेगावाट विद्युत् भारतमा निर्यात गरेर १७ अर्ब रूपैयाँ आम्दानी भएको छ । चालु वर्षको कात्तिकसम्म १२ अर्ब ७१ करोड रूपैयाँको विद्युत् निर्यात भएको छ । ऊर्जा क्षेत्रमा अहिले निर्माणाधीन र सञ्चालनमा रहेका परियोजनाहरूमा स्वदेशी तथा विदेशी गरी १०-१५ खर्ब रूपैयाँ लगानी परिचालन भइरहेको छ ।

कुनै समय नेपालमा १८ घण्टासम्म लोडसेडिङ थियो । केही वर्षअघि लोडसेडिङ सामना गरिरहेको नेपालले बंगलादेशमा विद्युत् निर्यात गर्ने कल्पना गरेको थिएन भने भारतले नेपाली विद्युत् किन्दैन भन्ने आशंका थियो । तर, यसबीचमा लामो लोडसेडिङ अन्त्य भएर भारत र बंगलादेशमा विद्युत् निर्यात सुरू भएको छ । सीमा नजोडिएको बंगलादेशमा पनि भारतीय प्रसारण लाइन हुँदै विद्युत् निर्यात भइरहेको छ । यद्यपि, हिउँदमा विद्युत् आयात गर्नुपर्ने बाध्यता कायमै छ । अबको २-३ वर्षमै हिउँदमा पनि विद्युत् आयात गर्नु पर्दैन भने हिउँदमा नेपालबाट विद्युत् निर्यात गर्ने बाटो खुल्नेछ । भारतमा १० वर्षमा १० हजार मेगावाट विद्युत् बिक्री गर्ने गरी सम्झौता भएको छ । बंगलादेशमा पाँच वर्षमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य छ । योबाहेक उत्तरी छिमेकी मुलुक चीनसँग पनि विद्युत् व्यापार गर्ने तयारी छ । यसो हुदाँ निकट भविष्यमै ५-७ खर्ब रूपैयाँ बराबरको विद्युत् निर्यात गर्न सकिने देखिन्छ । विद्युत् निर्यात गरेर ठुलो मात्रामा विदेशी मुद्रा आम्दानी गर्दा अर्थतन्त्र थप बलियो हुने देखिन्छ ।

पहिला नेपालमा प्रसारण लाइन न्यून थियो र अधिकांश १३२ केभी क्षमताका मात्रै थिए । अहिले २२० केभी र ४०० केभी क्षमताका प्रसारण लाइन सञ्चालनमा आइसकेका छन् । स्थानीयको अवरोध, जग्गा अधिग्रहण, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत झन्झट, सडक पनि नभएका भौगोलिक रूपमा अत्यन्तै जोखिमयुक्त

र कठिन क्षेत्रमा काम गर्न निर्माण सामग्री र मानिसहरू खच्चड र हेलिकोप्टरबाट ढुवानी गर्नुपर्नेजस्ता चुनौतीपूर्ण अवस्थालाई पार लगाउँदै प्रसारण लाइन निर्माणमा उल्लेख्य प्रगति भएको छ ।

देशका प्रमुख सहरलाई ११ क्लस्टरमा विभाजन गरी सन् २०५० सम्मको मागलाई आपूर्ति गर्न सक्ने प्रसारण र वितरण संरचनाको गुरुयोजना तयार गरी क्रमिक रूपमा कार्यान्वयनमा लगिएको छ । नेपाल-भारत अन्तरदेशीय विद्युतीय पूर्वाधारमा पनि ठुलो फड्को मारेको अवस्था छ । केही अघिसम्म नेपाल-भारतबीच विद्युत् आदान-प्रदान गर्न १३२ केभीका मात्रै अन्तरदेशीय प्रसारण लाइन रहेकामा अहिले ४०० केभीका अन्तरदेशीय प्रसारण लाइन बन्न थालेका छन् ।



**विद्युत्को आन्तरिक खपतको प्रभाव, विद्युत् निर्यात र त्यसबाट आम्दानी हुने विदेशी मुद्रा, स्वदेशी तथा विदेशी लगानी, निर्माणको चरणमा खुल्ने रोजगारीलगायत आधारले नेपाली अर्थतन्त्रको मेरुदण्ड र विकासका लागि पहिलो बलियो आधार ऊर्जा क्षेत्र हुने देखिन्छ ।**

४०० केभीको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमै छ । नयाँ बुटवल-गोरखपुर ४०० केभी दोस्रो अन्तरदेशीय प्रसारण लाइन निर्माणाधीन छ । ४०० केभीकै इनरुवा-पूर्णिया र लम्की-बरेली अन्तरदेशीय प्रसारण लाइन अध्ययनको चरणमा छ । साथै, नेपाल-भारतबीच थप प्रसारण लाइन, नेपालदेखि बंगलादेशसम्म डेडिकेटेड प्रसारण लाइन र चीनसँग अन्तरदेशीय प्रसारण लाइन बनाउने विषयमा पनि अध्ययन भइरहेको छ ।

केही वर्षअघि ८० वटा रहेको सब-स्टेसनको संख्या अहिले २०० हाराहारीमा छन् । क्षमता १३ हजार एमभीए पुगेको छ । खपतका आधारमा पनि नेपालममा विद्युत् खपत बढ्दै गएको छ । ७-८ वर्षअघि विद्युत् खपत तीन अर्ब ७२ करोड युनिट रहेकामा अहिले सवा १० अर्ब युनिट पुगेको छ । यसरी विद्युत्सम्बन्धी पूर्वाधार निर्माण र खपतका आधारभूत तथ्यांकले नेपालको ऊर्जा क्षेत्रले पछिल्लो समय फड्को मारेको देखिन्छ ।

विद्युत्को आन्तरिक खपतको प्रभाव, विद्युत् निर्यात र त्यसबाट आम्दानी हुने विदेशी मुद्रा, स्वदेशी तथा विदेशी लगानी, निर्माणको चरणमा खुल्ने रोजगारीलगायत आधारले नेपाली अर्थतन्त्रको मेरुदण्ड र विकासका लागि पहिलो बलियो आधार ऊर्जा क्षेत्र हुने देखिन्छ । यद्यपि अहिले पनि ऊर्जा क्षेत्र नेपाली अर्थतन्त्रको बलियो आधारस्तम्भ हो । विद्युत् प्राधिकरणकै कारण बजारमा वर्षमा डेढ खर्ब रूपैयाँ हाराहारीमा नगद प्रवाह हुन्छ । प्राधिकरणले विद्युत् बिक्री र निर्यातबाट वार्षिक सवा खर्ब रूपैयाँसम्म आम्दानी गर्छ । सरकारबाट आउने बजेट, लगानीलगायत माध्यमबाट प्राधिकरणले वर्षमा डेढ खर्ब रूपैयाँ पुँजी परिचालन गर्छ । प्राधिकरणले विद्युत् खरिद गरेबापत निजी परियोजनालाई मासिक आठ अर्ब रूपैयाँ भुक्तानी गर्छ । त्यो पैसाबाट परियोजनाले बैंकको ऋण तिर्ने, सेयरधनीलाई लाभांश दिने र ऋण फिर्ता भएपछि पुनः अर्को परियोजनामा लगानी गर्ने गर्छ । जलविद्युत् कम्पनीहरूमा सर्वसाधारणको पनि लगानी रहने गरेको छ ।

जब जलविद्युत् परियोजनामा लगानी भित्रिएर निर्माण प्रक्रियामा जान्छन् तब हजारौं संख्यामा थप रोजगारी सिर्जना हुन्छ । निर्माण चक्रले सिमेन्ट, डन्डीजस्ता उद्योगहरु भएकाले अन्य क्षेत्र पनि चलायनमान हुँदा समग्र अर्थतन्त्रमा राम्रो फाइदा पुऱ्याउँछ र पुऱ्याइरहेको पनि छ ।

विद्युत् आफैंमा सबै क्षेत्रका लागि अपरिहार्य सेवा हो । अहिले विद्युत्विना केही काम पनि असम्भवजस्तै भइसकेको छ । यातायात, इन्टरनेट, कम्प्युटर, टेलिभिजन, मोबाइल, एसी, हिटर, पंखा, वासिङ मेसिनलगायत मानिसको दैनिक जीवनयापनसँग जोडिएका सेवा तथा सामग्रीमा विद्युत् अपरिहार्य छ । नेपालमा वस्तु तथा सेवाको आन्तरिक उत्पादन बढाउन एकदमै आवश्यक छ । त्यसका लागि उद्योग आउनै पर्छ । तर, विद्युत् नभएसम्म उद्योग सञ्चालन गर्न सकिन्नँ । उद्योग सञ्चालन गर्न विद्युत् पहिलो अपरिहार्य सेवा हो । कृषिमा समेत ऊर्जाको आवश्यकता देखिएको छ । सिँचाइ सुविधा नपुगेको धेरै खेतीयोग्य जमिनमा 'लिफ्टिङ' प्रणालीमार्फत पानी तानेर सिँचाइ सुविधा पुऱ्याइएको छ । पछिल्लो समय खाद्य सामग्रीको ग्यारेन्टी पनि ऊर्जासँग जोडिन पुगेको छ ।

विद्युत् नभएसम्म सामाजिक तथा आर्थिक प्रणाली नै चल्न नसक्ने अवस्था बनिरहेको छ । उद्योग, कृषि, घर, कार्यालयहरूका लागि विद्युत् कच्चा पदार्थ जस्तै हो । विद्युत् भए सबै क्षेत्रले राम्रोसँग काम गर्छन्, अन्यथा गाह्रो छ । अहिले सिमेन्टमा नेपालमा आत्मनिर्भर भएर निर्यात गर्ने तहमा पुग्नु पनि विद्युत्कै कारण सम्भव भएको हो । विद्युत्ले हरेक क्षेत्रलाई मूल्य अभिवृद्धि -भ्यालु एड) गराएर अघि बढ्न मद्दत गर्छ । यस्तो विद्युत् नेपालमा सहजै पर्याप्त मात्रामा उत्पादन गर्न सकिन्छ ।

जलवायु परिवर्तनका कारण विश्वभर सफा ऊर्जा (क्लिन इनर्जी) प्रयोग गर्नुपर्ने दबाब सिर्जना भएको छ । जलविद्युत् आफैंमा क्लिन इनर्जी हो । त्यसले नेपालमा उत्पादन हुने विद्युत्को छुट्टै महत्त्व छ । विद्युत्को आन्तरिक खपत बढाएर र निर्यात गरेर नेपाली अर्थतन्त्रलाई नयाँ उचाइमा पुऱ्याउन सकिन्छ । खाना पकाउन प्रयोग गरिने आयातित उच्च लागतको एलपी ग्यासले वातावरणलाई नकारात्मक असर पुऱ्याइरहेको छ । यस्तो अवस्थामा एलपी ग्यासको विकल्प विद्युतीय चुलो बनेको छ । यसको प्रयोग बढ्दै पनि गएको छ ।

नेपालमा विद्युत् उत्पादन बढ्ने क्रममा छ । विद्युतीय चुलो प्रयोग गर्दा विद्युत्को खपत पनि बढ्ने भयो । साथै, विद्युतीय चुलो ग्यासभन्दा सस्तो हुन्छ । त्यसो हुँदा उपभोक्तालाई आर्थिक रूपमा समेत फाइदा छ । विद्युत्को बढ्दो प्रयोगले ग्यासको आयत विस्थापित भई बर्सेनि ठुलो मात्रामा विदेशी मुद्रा बाहिरिनबाट जोगाउँछ । त्यस्तै, पछिल्लो समय नेपालमा विद्युतीय गाडीको प्रयोग बढ्दै गएको छ । बढ्दो जलवायु परिवर्तनका कारण विश्वभर



पेट्रोलियमभन्दा विद्युतीय गाडीको प्रयोग बढ्दो छ । जुन ट्रेन्ड नेपालमा पनि देखिएको छ । यसले वातवारण प्रदूषणबाट मात्रै बचाएन आर्थिक रूपमा पनि ठुलो फाइदा पुऱ्याउँछ । पेट्रोलियम गाडीभन्दा विद्युतीय गाडी सञ्चालन आफैंमा सस्तो पर्छ भने विद्युत्को खपतसमेत बढाउँछ । यसले पेट्रोलियम गाडीको आयात मात्रै घटाएन पेट्रोलियम पदार्थको आयातसमेत घट्छ ।

विद्युतीय चुलो र गाडीको प्रयोगले आन्तरिक रूपमा विद्युत्को खपत बढाउनुका साथै ग्यास र पेट्रोलियम पदार्थको आयात विस्तारै विस्थापित हुँदै जान्छ । अहिले नेपालमा सबैभन्दा धेरै आयात हुने वस्तुहरूको सूचीमा ग्यास र पेट्रोलियम पदार्थ अग्रस्थानमा छन् । यस्ता वस्तुको आयातमा बर्सेनि खर्बौं रूपैयाँ बाहिरिँदा नेपालले वैदेशिक व्यापारमा सधैं घाटा बेहोर्दै आएको छ । विद्युत्मार्फत ग्यास र पेट्रोल विस्थापित गर्न सकियो भने व्यापार घाटा कम हुँदै जानेछ ।

अहिले भारतमा डिजेल तथा कोइला प्लान्टबाट उत्पादन भएको विद्युत् बढी छ । बंगलादेशमा पनि कोइला र डिजेल प्लान्टकै विद्युत् छन् । तर, त्यस्तो प्लान्ट सञ्चालन गर्दा वातावरण नमज्जाले प्रभावित भइरहेको छ । उनीहरूसँग त्यो बन्द गरेर पर्याप्त मात्रामा स्वच्छ विद्युत् उत्पादन गर्न छुट्टै प्लान्ट तथा जलविद्युत् परियोजना बनाउन सक्ने सम्भावना न्यून छ । त्योअनुसार उनीहरूलाई नेपालबाट विद्युत् खरिद गर्नुपर्ने दबाब हुन्छ ।

नेपालमा विदेशी मुद्रा आउने माध्यम कमजोर छ । तर, भविष्यमा विद्युत् क्षेत्रलाई नै विदेशी मुद्रा आर्जनको बलियो आधार बनाउन सकिन्छ । विदेशी मुद्रा आम्दानी गर्ने स्रोत भएपछि विदेशी लगानी पनि आकर्षित हुन्छ । विदेशी लगानीकर्ताले कुनै पनि देशमा लगानी गर्दा, त्यो देशको विदेशी मुद्रा आम्दानी हुने माध्यमलाई पनि राम्रोसँग विश्लेषण गर्छन् । तसर्थ, विदेशी लगानी भित्र्याउन विदेशी मुद्रा आम्दानी गर्ने स्रोत पनि बलियो बनाउनुपर्ने हुन्छ । तर, त्यसका लागि विद्युत् उत्पादन, प्रसारण तथा वितरणसम्बन्धी काम तत्काल द्रुत गतिमा अघि बढाउनुपर्छ । सरकारले विद्युत् विकास मार्गचित्र पनि बनाउँदै छ । २०३५ सालसम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य कार्यान्वयनमा आए केही नीतिगत सुधार पक्कै पनि हुनेछ । ५० वर्षपछि परियोजना बनाएर कुनै फाइदा छैन । अहिले नै छिटोभन्दा छिटो परियोजनाहरु बनाएर लाभ लिन अग्रसर हुनुपर्छ । ढिलो गर्‍यौं भने पछि पछुतो हुन सक्छ ।

साथै, प्रसारण लाइन, सब-स्टेसन तथा वितरण लाइनसम्बन्धी पूर्वाधार विकासमा पनि अग्रसर हुनुपर्छ । यस्ता कामका लागि पनि उत्तिकै लगानी आवश्यक पर्छ । लगानी नपाउँदा पनि कतिपय परियोजना बन्न सकेका छैनन् । यो अवस्थामा लगानी जुटाउन सरकारले पनि सहयोग गर्नुपर्छ । अहिले विद्युत् निःशुल्क दिएर काम गर्ने बेला होइन । उचित मूल्यमा विद्युत् बिक्री गरेर आम्दानी गरी परियोजना तथा पूर्वाधार निर्माणमा लगानी गर्ने बेला हो । तर, नेपालमा निःशुल्क विद्युत् दिनेजस्ता प्रवृत्ति देखिएको छ । यसले भविष्यमा पछुताउनुपर्ने हुन सक्छ । निःशुल्क विद्युत् दिँदै हिँड्दा भोलि परियोजनामा लगानी जुटाउन समस्या हुन सक्छ । स-सानो रकमबाट लगानी व्यवस्थापन गर्दै जानुपर्ने भएकाले सरकारले निःशुल्क विद्युत् दिने निर्णयमा पुनर्विचार गर्न आवश्यक छ ।

अर्थतन्त्रको मेरूदण्ड हुँदै गरेको ऊर्जा क्षेत्रमा सहजै लगानी पाउने अवस्था छैन । सबै परियोजनालाई एकैपटक लगानी जुटाउन सकिन्नँ । यस्तो अवस्थामा आवश्यकताका आधारमा परियोजना छनोट गरेर लगानी परिचालन गर्नुपर्ने देखिन्छ । तर, प्राथमिकता भने जलाशय र पम्प स्टोरेज परियोजनालाई दिनुपर्छ । अहिले पर्याप्त मात्रामा जालयशयुक्त र पम्प स्टोरेज परियोजना नहुँदा विद्युत् उत्पादनलाई सन्तुलनमा ल्याउन सकिएको छैन ।

कसैगरी जलविद्युत् परियोजनामा लगानी जुटाइहाले पनि निर्माणका लागि मुख्य बाधकका रूपमा जग्गा प्राप्ति (सरकारी तथा निजी) र वनसम्बन्धी व्यवस्था छ । सरकारले सुरूमा परियोजना स्वीकृत गरेर लाइसेन्स दिए पनि विभिन्न बहानामा थप स्वीकृत माग्दै पुनः सरकारमा जानुपर्ने बाध्यता छ । तर, सम्बन्धित मन्त्रालय तथा निकायबाट कुनै सहयोग तथा अन्तर मन्त्रालय/विभाग/कार्यालयबीच समन्वय हुने गरेको छैन । रूख कटानीको स्वीकृत लिन पाँच वर्षसम्म लाग्ने गरेको छ । वन तथा निकुञ्ज लगायतको सरकारी जग्गा प्रयोग गर्दा सोही बराबरको जग्गा अन्त किनिदिनुपर्ने व्यवस्था छ, जुन गलत हो । हजारौं हेक्टर जमिन कहाँ खोजेर किनिदिने ? त्यसको सट्टा पैसा दिन्छौं भन्दा पनि नहुने स्थिति छ । जलविद्युत् परियोजना सम्बन्धित फाइल स्वीकृत हुन महिनादेखि वर्षौंसम्म लाग्ने गरेको छ । त्यसैगरी स्थानीय तह तथा सडक विभागको सहयोग र समन्वय पनि न्यून छ । बजेट पनि पर्याप्त छुट्याइएको हुँदैन । समस्याका चाङ हेर्ने हो भने यसबीच जे जति काम भएको छ, त्यो अत्यन्तै सकारात्मक हो । अब लक्ष्यअनुसार थप काम गर्न विशेष सुविधा ल्याउनुपर्छ ।

मुख्यतः जग्गा प्राप्ति र रूख कटानीको स्वीकृतिमा सरकारले सहजीकरण गर्नुपर्छ । आयोजना बनाउन स्वीकृति (लाइसेन्स) नै दिइसकेको परियोजनाका हकमा रूख कटानीको स्वीकृतिलगायत नाममा पटक-पटक सरकारी निकाय धाउनुपर्ने र वर्षौं कुनपर्ने बाध्यता हट्नुपर्छ । सर्वप्रथम ऊर्जासम्बन्धी परियोजना विकास गर्न १० वर्षका लागि छुट्टै विशेष ऐन ल्याउनुपर्छ । परियोजना बनाउने मामिलामा त्यो ऐन अवधिभर अन्य ऐन लागु नहुने व्यवस्था गर्नुपर्छ । परियोजना विकास निर्माणका सम्बन्धमा आएका जग्गा प्राप्ति, रूख कटानीजस्ता समस्यालाई त्यसबाटै समाधान गर्नुपर्छ । एकपटक सरकारले परियोजनालाई लाइसेन्स अर्थात् स्वीकृत दिएपछि रूख कटानी तथा जग्गा प्राप्तिजस्ता बहानामा थप स्वीकृति लिने व्यवस्था हटाउनुपर्छ ।

बरू सुरूमा लाइसेन्स दिँदा नै कडाइ गर्ने नीति ल्याउनुपर्छ । राष्ट्रिय निकुञ्ज, जंगलहरूमा परियोजना बनाउने कि नबनाउने भन्ने विषयमा पहिला नै कडा मापदण्ड बनाएर सरकारले उचित निर्णय गर्नुपर्छ । आवश्यक छैन भने सुरूमै अनुमति तथा लाइसेन्स नदिए पनि हुन्छ तर, दिएपछि सरकारले सहजीकरण गरिदिनुपर्छ । एकपटक लाइसेन्स लिएपछि परियोजना बन्ने बेलासम्म थप स्वीकृति लिनुपर्ने व्यवस्था हटाउनु पर्छ । यो या त्यो बहानामा वर्षौंसम्म झुलाएर राख्न हुँदैन । परियोजनाको निर्माण कार्यलाई प्रधानमन्त्री कार्यालयबाटै प्रभावकारी रूपमा समन्वय भए समयमै लक्ष्य हासिल गर्न सकिन्छ ।

*(घिसिङ नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हुन्)*

# लगानीका अन्योल हटाएर ऊर्जा विकासमा हातेमालो गर्नुपर्छ

अहिलेकै परिस्थितिमा तोकिएको समयमा लक्षित विद्युत् उत्पादन हुन्छ कि हुँदैन आशंकित छ । विद्युत् उत्पादन बढाउन सरकारले सबैभन्दा पहिले रोकिएको पीपीए खोल्नुपर्छ । आयोजनाको पीपीए रोकेर १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन हुँदैन ।



गणेश कार्की

वि.सं २०६० देखि जलविद्युत्का स-साना परियोजना आउन थाले । त्यसबेला एउटा परियोजना बनाउन आवश्यक पैसा जुटाउन र बैंकबाट ऋण लिन निकै गाह्रो थियो । आवश्यक पूर्वाधार र कच्चा पदार्थ जुटाउन उस्तै कठिन । आर्थिक वर्ष ०६६/६७ पछि नेपालमा विस्तारै जलविद्युत् परियोजना निर्माणले गति लिन थालेको हो । २०७२ मा सरकारले १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य अघि सारेपछि लगानीकर्ताहरुमा आफू सुरक्षित भएको महसुस हुन गयो र जलविद्युत् आयोजना निर्माण प्रक्रियाले तीव्रता पायो । अबको लगानीको क्षेत्र ऊर्जा रहेछ भनेर लगानीकर्ताहरु जलविद्युत्तर्फ आकर्षित भए ।

अहिले झन्डै ३२ सय मेगावाट विद्युत् उत्पादन हुन्छ । ३ हजार मेगावाटका आयोजना निर्माणाधीन छन् । केही आयोजना विद्युत् खरिद सम्झौता (पीपीए) सकेर निर्माण चरणमा छन् । २०७५ यता सरकारले पीपीए नरोकेको भए दोब्बर आयोजनाहरु निर्माण प्रक्रियामा सहभागी भइसकेका हुन्थे । अहिले झन्डै १२ हजार मेगावाटका आयोजनाहरु पीपीए गरेर बसेका छन् । अरु २० हजार मेगावाटका आयोजनाहरुले लाइसेन्स लिएका छन् ।

सरकारलाई पनि धेरै विद्युत् उत्पादन हुँदा कहाँ बेच्ने भन्ने समस्या होला । मुलुकमै खपत गर्न पनि पर्याप्त प्रसारण लाइन बन्न सकेका छैनन् । भारतमा निर्यात गर्न विद्युत् व्यापार सम्झौता नभएको स्थितिमा सरकारले पीपीए रोक्दा विद्युत् उत्पादन प्रक्रिया तदारूकतासाथ अघि बढ्न सकेन । ऊर्जा क्षेत्रमा निजी क्षेत्रको प्रवेशपछि धेरै नै प्रगति भएको छ । अहिलेसम्म झन्डै २६ सय मेगावाट विद्युत् उत्पादन निजी क्षेत्रले गरेको छ । निर्माणाधीन ३ हजार मेगावाटको आयोजनामा पनि ८० प्रतिशत हिस्सा निजी क्षेत्रकै छ ।

सरकार र निजी क्षेत्र दुवैले मुलुकलाई समृद्ध बनाउने एउटा आयामका रुपमा ऊर्जा क्षेत्र (जलविद्युत्) लाई लिएका छन् । तर, सरकारीस्तरबाट गर्नुपर्ने थुप्रै नीतिगत र प्रक्रियागत कामहरु भएका छैनन् । पर्याप्त प्रसारण लाइनहरु बनेका छैनन् । २०७५ मा बनाइसक्ने भनिएका प्रसारण लाइन अहिलेसम्म बनेका छैनन् । कतिपय आयोजनाहरु निर्माण सकिएर विद्युत् उत्पादन प्रक्रियामा गए पनि प्रसारण लाइन अभावमा विद्युत् खेर गइरहेको अवस्था छ । विद्युत् उत्पादन गर्ने प्रमुख क्षेत्र ग्रामीण भेग हुन् । विद्युत् आयोजना बनाउने सिलसिलामा २/४ दिनसम्म हिँडेर जानुपर्ने विकट ठाउँमा निजी क्षेत्रले आफ्नो लगानीमा बाटो बनाइदिएको छ । ती बाटो सर्वसाधारणले पनि उपभोग गरिरहेका छन् । तर, सरकारले आफैंले गर्छु भनेका काम पनि नगरिदिएर लगानीकर्तालाई निरूत्साहित गरिरहेको छ ।

पहिले नेपालमा ८३ हजार मेगावाट विद्युत् उत्पादन हुन्छ भनिए पनि अहिले नेपालमा सोलार र हाइड्रोपावर गरी २ लाख मेगावाट विद्युत उत्पादन हुन्छ भन्न थालिएको छ । जसमा सोलारबाट मात्र ४० हजार मेगावाट उत्पादन हुने भनिएको छ ।

र सोलार ४० हजार मेगावाटसम्म उत्पादन हुन्छ भन्न थालिएको छ । कति वर्षमा कति मेगावट विद्युत् क-कसले उत्पादन गर्ने भन्ने विषयमा सरकारले एउटा लक्ष्य लिएर मापदण्ड बनाइ अघि बढ्नु उपयुक्त हुन्छ ।

भारतसँग १० हजार मेगावाट विद्युत् बेच्ने सम्झौता भइसकेको छ । त्यस्तै बंगलादेशलाई विद्युत् बेच्न पनि नेपाल, भारत र बंगलादेशबीच त्रिपक्षीय सम्झौता भएको छ । नेपालमा पनि खपत बढाउने लक्ष्यसहित २०३५ सम्म २८ हजार मेगावाट उत्पादन गर्ने लक्ष्य सरकारको छ । तर, अहिलेकै परिस्थितिमा तोकिएको समयमा लक्षित विद्युत् उत्पादन हुन्छ कि हुँदैन आशंकित छ । विद्युत्



> जलविद्युत् कम्पनीको १० प्रतिशत सेयर हिस्सा अनिवार्य रुपमा स्थानीयलाई दिनुपर्ने प्रावधान छ । अरू केही हिस्सा सर्वसाधारण (पब्लिक) लाई पनि बिक्री गर्न पाइन्छ । तर, पछिल्लो समय १८ महिनादेखि नेपाल धितोपत्र बोर्डले कम्पनीहरूको फाइल रोकेकाले पुँजी जुटाउने कार्य कठिन भइरहेको छ ।

उत्पादन बढाउन सरकारले सबैभन्दा पहिले रोकिएको पीपीए खोल्नुपर्छ । आयोजनाको पीपीए रोकेर १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन हुँदैन ।

निजी क्षेत्रले आयोजना निर्माण गर्दा आफूले २० प्रतिशत सम्पत्ति (इक्विटी) हालेर ८० प्रतिशतसम्म बैंकबाट ऋण लिने गरेको छ । जलविद्युत् कम्पनीको १० प्रतिशत सेयर हिस्सा अनिवार्य रुपमा स्थानीयलाई दिनुपर्ने प्रावधान छ । अरु केही हिस्सा सर्वसाधारण (पब्लिक) लाई पनि बिक्री गर्न पाइन्छ । तर, पछिल्लो समय १८ महिनादेखि नेपाल धितोपत्र बोर्डले कम्पनीहरूको फाइल रोकेकाले पुँजी जुटाउने कार्य कठिन भइरहेको छ ।

दुई वर्षअघिसम्म १ प्रतिशत भन्सार कर तिरेर मर्मतका सामान ल्याउन पाइन्थ्यो । तर, अहिले २८ प्रतिशतसम्म पुऱ्याइएको छ । ऊर्जा उत्पादकहरूले पुरानै भन्सार मागिरहेको भए पनि सरकारले भने आश्वासन मात्रै दिएको छ तर, माग सम्बोधन गरेको छैन । निजी क्षेत्रलाई लगानी गर्न सक्ने वातावरण बनाइदिने काम सरकारको हो । लगानीको वातावरण सहज भए सर्वसाधारणले पनि क्षमताअनुसार लगानी गर्न सक्छन् ।

प्राकृतिक विपत्तिसँगै आन्तरिक तथा बाह्य कारणहरूले जलविद्युत् आयोजनाको निर्माणमा ढिलाइ हुँदा लागत बढ्दै गएको छ । अहिले सरकार २८ हजार ५ सय मेगावाट विद्युत् उत्पादन गर्ने भनेर लागेको छ । त्यसका लागि ६१ खर्ब रूपैयाँ लागत चाहिन्छ । कसले कति लगानी गर्ने भन्ने तय छैन । लगानी आकर्षित गर्न पनि आन्तरिक तथा बाह्य अवरोधहरु हटाउनुपर्ने हुन्छ । तर, बाह्य अवरोध हटाउन नसके पनि आन्तरिक समस्याहरु सल्टाउन सक्ने भए पनि सरकारले सकारात्मक भूमिका खेलिरहेको देखिँदैन । जलविद्युत् आयोजनामा पर्ने रूख कटान अर्को ठूलो समस्या छ । रूख कटानको एउटा फाइल स्वीकृत गर्न वन तथा वातावरण मन्त्रालयले २-३ वर्ष लगाइदिन्छ । वनको समस्या सरलीकृत गरिनु आवश्यक छ । त्यस्तै जग्गाको हदबन्दीले पनि आयोजना निर्माणमा समस्या थपिरेको छ । सरकारले नै जग्गा अधिग्रहण गरिदिनु आवश्यक छ । आयोजनाको स्वीकृतिका लागि एकद्वार प्रणाली लागु गर्नुपर्छ ।

कोरोना महामारीपछि बाह्य युद्ध (रूस युक्रेनलगायत) का कारण तेलको भाउ तेब्बरसम्म बढ्यो । तेल पनि पाइएन । भारतबाट विस्फोटक पदार्थ ल्याउनुपर्छ । तर, केही समयदेखि भारतले स्वीकृत दिएको छैन । दुई वर्षअघि बैंकहरूले ऋण नै दिएनन् । बर्सेनि बाढी र पहिरोले धेरै बाटा र पुलहरु भत्किए । सरकारले बाढीले क्षति पुऱ्याएकाहरूलाई मात्र लक्षित कानुन बनाउने गरेको छ । हरेक पटकका बाढीमा फरक नीति बन्छन् । सरकारले परिस्थिति हेरेर स्थिर नीति बनाइदिनुपर्छ । काबुबाहिरका परिस्थितिले परियोजना बनाउन सकेनौँभन्दा पनि सरकार एकोहोरो निजी क्षेत्रलाई पेल्ने नीतिमा देखिएको छ ।

### पश्चगामी विद्युत् विधेयक २०८०

विद्युत् ऐन २०४९ आएपछि नेपालका निजी क्षेत्र जलविद्युत् उत्पादनमा लागे । संशोधन प्रक्रियामा रहेको विद्युत् विधेयक २०८० मा निजी क्षेत्रको हात बाँध्न खोजिएको छ । प्रस्तावित विधेयकमा सरकारले एक सय मेगावाटसम्मका परियोजना सरकारी कम्पनीलाई र त्यसमाथिका आयोजना विदेशी कम्पनीलाई सिधै दिन पाउने भनिएको छ । त्यसो भए नेपाली जनताले कस्ता परियोजना लिने त ? कसैले नलिएका परियोजना निजी क्षेत्रले लिने हो ?

अहिले पीपीएमा पनि प्रतिस्पर्धा गर्नुपर्छ । पीपीए दरमा पनि विदेशीसँग प्रतिस्पर्धा कसरी सम्भव हुन्छ ? हामीले विद्युत् ऐन २०४९ अनुसार लगानी गरेको हो । त्यसमा विद्युत् उत्पादन अनुमति ५० वर्षसम्मका लागि हुनेछ भनिएको छ । ५० वर्षपछि पनि सोही कम्पनीलाई दिइने भन्ने आधारमा दीर्घकालीन योजनासहित अघि बढेको हो । ऐनमा ५० वर्षको व्यवस्था तोकिएकाले झन्डै ५० लाख जनताले लगानी गरिसके । तर, प्रस्तावित विधेयकमा पुराना लगानीकर्ताका लागि ३५ वर्ष तोकिएको छ । र नयाँ लगानीकर्तालाई ४० र ४५ वर्ष भनिएको छ । दुःखका बेला परियोजना बनाएर मुलुकलाई उज्यालोतिर लग्ने लगानीकर्तालाई थप सुविधा दिनुपर्नेमा उल्टै कटौती गर्न खोजिएको छ । यस्ता प्रावधानले नेपाली जनतालाई व्यवसाय नगर भने जस्तो देखिन्छ । विधेयकले प्रसारण लाइन बनाउन र विद्युत् निर्यात गर्न निजी क्षेत्रलाई दिने भनिएको छ । तर, विधेयकमा भएका प्रावधान निजी क्षेत्रले कहिल्यै पूरा गर्न सक्दैनन् । विधेयक जस्ताको त्यस्तै पास भयो



## हकप्रद निष्कासनको पाइपलाइनमा रहेका हाइड्रोपावर कम्पनी

| कम्पनी | स्वाप रेसियो | शेयर कित्ता | रकम |
|---|---|---|---|
| बाराही हाइड्रोपावर | १:१ | २,५००,००० | २५०,०००,००० |
| दोर्दी खोला जलविद्युत कम्पनी | १:१ | १०,५४२,६०४ | १,५०४,२६०,४०० |
| राप्ती हाइड्रो एण्ड जनरल कन्ट्रक्सन | १:१ | ६,१२७,९३८ | ६१२,७९३,८०० |
| रिभर फल्स पावर | १:१ | ७,०००,००० | ७००,०००,००० |
| शिवश्री हाइड्रोपावर | १:१ | १४,७६४,००० | १,४७६,४००,००० |
| खानी खोला हाइड्रोपावर | १:१ | ४,६५७,१४३ | ४६५,७१४,३०० |
| तेह्रथुम पावर कम्पनी | १:१ | ४,०००,००० | ४००,०००,००० |
| पिपुल्स पावर | १:०.५ | ३,१६३,००० | ३१६,३००,००० |
| छ्याङदी हाइड्रोपावर | १:१ | ३,८६९,७७५ | ३६८,९७७,५०० |
| बरूण हाइड्रोपावर | १:१ | ५,३५८,१५० | ५३५,८१५,००० |
| जोशी हाइड्रोपावर | १:०.६५ | २,४१४,१०० | २४१,४१०,००० |

## आईपीओ पाइपलाइनमा रहेका जलविद्युत् कम्पनी

| कम्पनी | सेयर संख्या | सेयर रकम |
|---|---|---|
| याम्बलिङ हाइड्रोपावर | २८००,००० | २८०,०००,००० |
| विकास हाइड्रोपावर कम्पनी | ४,४५४,५९६ | ४४५,४५९,६०० |
| रिज लाइन इनर्जी | ५,८०४,२०१ | ५८०,४२०,१०० |
| लाफिङ बुद्ध पावर नेपाल | ६,५७७,००० | ६५७,७००,००० |
| कालिञ्चोक हाइड्रोपावर | ७५०,००० | ७५,०००,००० |
| हिम रिभर पावर | २,२६०,००० | २६६,०००,००० |
| लोअर इर्ख्वा हाइड्रोपावर | २,८०५,७५० | २८०,५७५,००० |
| सानिमा हाइड्रोपावर | १,४७०,००० | १४७,०००,००० |
| भुजुङ हाइड्रोपावर | १,४५५,००० | १४५,५००,००० |
| सोलु हाइड्रोपावर | २०,०००,००० | २,०००,०००,००० |
| सान्भी इनर्जी | ३,७९०,००० | ३७९,०००,००० |
| हिम स्टार ऊर्जा कम्पनी | १,११९,००० | १११,९००,००० |
| रिचेत जलविद्युत् कम्पनी | १,१७६,४५० | ११७,६४५,००० |
| माबिलुङ इनर्जी | १,८९०,५३० | १८९,०५३,००० |
| टक्सार पिखुला खोला | ४,२३०,६६८ | ४२३,०६६,८०० |
| दरम खोला हाइड्रो इनर्जी | ३,९५०,००० | ३९५,०००,००० |
| बेनी हाइड्रोपावर | २,०८०,००० | २०८,०००,००० |

भने नेपालका निजी क्षेत्र विद्युत् क्षेत्रबाट पलायन हुन्छन् । लगानीकर्ताले विद्यमान कानुनअनुसार लगानी गरेका हुन्छन् । तर, कानुनमा बीचमै छेडखानी गरिन्छ भने लगानीकर्ताको मनोबल कसरी बढ्छ ? तसर्थ निजी क्षेत्रका गुनासा समेटेर मात्रै ऐन बनाइनुपर्छ ।

आयोजना निर्माणका लागि लगानी धेरै चाहिन्छ । विदेशी लगानी ल्याउँदा पैसा ल्याउन र लैजाने सहज नीति हुनुपर्छ । नेपालमै किन लगानी गर्ने भन्ने प्रश्नको जवाफ दिई लगानीकर्ता आकर्षित गर्न सक्नुपर्छ । हरित ऊर्जा (ग्रिन इनर्जी) को अवसर देखाउनुपर्छ । विदेशी लगानीमा केही परियोजना अघि बढेका आधारमा भोलिका दिनमा लगानी सहज रूपले आउँछ भन्ने हुँदैन । लगानी वृद्धिका लागि सर्वसाधारणलाई प्रेरित गर्नुपर्छ । आयोजना निर्माण क्षेत्रका बासिन्दा सेयर पाएजस्तै प्रसारण लाइन बनाउने ठाउँका जग्गाधनीहरूलाई पनि जलविद्युत्मा लगानीको अवसर दिनुपर्छ ।

सन् २०३५ सम्म सरकारले ऊर्जा दशक घोषणा गर्नुपर्छ र ऊर्जा विकासका लागि संकटकाल लगाउनुपर्छ । यसो गरियो भने निजी क्षेत्रले नै नेपालमा लगानी गर्न 'मार्केटिङ' गर्छ । अहिले सरकारकै नीति र ढिलासुस्तीका कारण जलविद्युत् क्षेत्रमा लगानी बढ्न सकेको छैन । अहिले प्रतिसेयर नेटवर्थ ९० रूपैयाँभन्दा कम भएका कम्पनीहरु आईपीओमा जान नपाउने भन्न थालिएको छ । यद्यपि सार्वजनिक लेखा समितिले रोकेको छैन । चुक्ता पुँजीको १० प्रतिशत सेयर स्थानीयलाई दिनुपर्छ तर, धितोपत्र बोर्डले विलम्ब गरिर्दिदा प्रक्रिया लम्बिरहेको छ । २५ प्रतिशत सेयर ऋण नतिरी बेच्न नपाइने भन्न थालिएको छ । यस्ता विषय कसको स्वार्थमा आउँछन् बुझ्न सकिएको छैन । कि त ५१ प्रतिशत संस्थापक सेयर बेच्न पाउँदैनौ भन्नु सक्नुपर्‍यो । त्यसका लागि बैंक, बिमा कम्पनीमा जस्तै लगानीकर्ताको अवधि तोकिनु भएन । सरकार परिवर्तन हुँदा नीति परिवर्तन हुनु भएन । स्थिर र दीर्घकालीन नीति कार्यान्वयन भएमा मात्रै लगानीकर्ता मनोबल बलियो हुन्छ र लगानी पनि भित्रिन्छ ।

ऊर्जा क्षेत्रमा पनि दक्ष जनशक्तिको पनि अभाव छ । पढेका इन्जिनियरहरु युरोप र अमेरिका जान थाले । ओभरसियरहरूको पनि अभाव छ । थुप्रै परियोजना छिमेकी देशका कामदारबाट अघि बढाइएको छ । किन यस्तो परिस्थिति निर्माण भइरहेको छ भन्नेतर्फ राज्यले ध्यान दिनुपर्छ । ऊर्जा क्षेत्र चल्यो भने मात्र कलकारखाना, रेस्टुरेन्ट र अन्य व्यवसायहरु चल्न गई अर्थतन्त्रमा आमूल सुधार आउने हो । २ हजार मेगावाट विद्युत् खपत हुँदा खुसियाली बाँडेर बस्नेभन्दा पनि कम्तिमा १२ महिना पुग्ने विद्युत् उत्पादन अर्थात् विनाआयात विद्युत् माग पूर्ति गर्ने स्थिति बनाउनुपर्छ । हिउँदमा १३ हजार मेगावाट विद्युत् खपत हुन्छ भने ५२ हजार मेगावाट उत्पादन गर्नुपर्छ । नेपालमा उत्पादित विद्युत्ले आन्तरिक खपत नै धान्न नसक्ने अवस्था छ । त्यसैले अहिले विद्युत् बेच्नेभन्दा किन्ने धेरै छ । सबैलाई विद्युतीय सामग्री (विद्युतीय सवारीसाधन, इन्डक्सन चुलो, पम्प आदि) प्रयोगमा प्रेरित गर्नुपर्‍यो र आवश्यकताअनुसार चार्जिङ स्टेसन बनाउनुपर्‍यो । यद्यपि वर्षाको समयमा विद्युत् खपत भन्दा बढी उत्पादन हुने गरेको छ ।

छिमेकी देशहरूले विद्युत् उत्पादनमा ९० प्रतिशतसम्म प्रगति गरिसके । तर, हामी भर्खर वामे सर्दै छौं । भारतले ५०० मेगावाटको सोलार उत्पादन थालिसक्यो । तर, हामी ऊर्जामार्फत समृद्धि बनाउने भनेर हेरेकोहेर्‍यै छौं । १० हजार मेगावाट विद्युत् खरिद गर्न तयार भएको भारत समयमा नेपालले विद्युत् उपलब्ध गराएन भने विकल्प खोज्छ । त्यसैले सतहमा देखिएका सबै समस्यालाई निदान गरेर ऊर्जा विकासमा सबै पक्षले हातेपालो गर्नुपर्नेछ ।

*(कार्की स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल - इप्पानका अध्यक्ष हुन्)*

# जलविद्युत् विकाससँग गाँसिएका केही पक्ष

नेपालमा विद्युत्शक्तिको कुल जडित क्षमता २०८१ साउनसम्म तीन हजार एक सय ५७ मेगावाट छ जसको करिब ९५ प्रतिशत अर्थात् दुई हजार नौ सय ९१ मेगावाट योगदान जलविद्युत्कै छ । करिब ७ हजार सात सय मेगावाट बराबरका जलविद्युत् आयोजनाहरू निर्माणोन्मुख र लगभग ११ हजार मेगावाटका आयोजनाहरू अध्ययनको विभिन्न चरणमा छन् । भारत तथा बंगलादेशमा विद्युत्को बजार विस्तार भएसँगै थप सम्भावनाको ढोका खोलिएको छ भने सरकारले सन् २०३५ सम्म २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने महत्त्वाकांक्षी लक्ष्य लिएको छ ।



ई. सुभाषकुमार मिश्र

(प्रस्तुत लेख मूलतः जलविद्युत् विकासका सन्दर्भमा सरकारीनाताका कम्पनीमा कार्यरत रहँदा गरिएको अध्ययन, अवलोकन र अनुभवमा आधारित छ । यहाँ प्रस्तुत कतिपय विषयमा प्राइभेट वा सरकारी नाताबाहेक अन्य पब्लिक कम्पनीहरूको समेत चासो रहन सक्छ ।)

नेपालमा विद्युत्शक्तिको कुल जडित क्षमता २०८१ साउनसम्म तीन हजार एक सय ५७ मेगावाट छ जसको करिब ९५ प्रतिशत अर्थात् दुई हजार नौ सय ९१ मेगावाट योगदान जलविद्युत्कै छ । करिब ७ हजार सात सय मेगावाट बराबरका जलविद्युत् आयोजनाहरू निर्माणोन्मुख र लगभग ११ हजार मेगावाटका आयोजनाहरू अध्ययनको विभिन्न चरणमा छन् । भारत तथा बंगलादेशमा विद्युत्को बजार विस्तार भएसँगै थप सम्भावनाको ढोका खोलिएको छ भने सरकारले सन् २०३५ सम्म २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने महत्त्वाकांक्षी लक्ष्य लिएको छ । यसरी हेर्दा नेपालमा जलविद्युत् विकासको भविष्य उज्ज्वल छ । यद्यपि यसका लागि राष्ट्रियस्तरमै क्षमता वृद्धि एवं विभिन्न क्षेत्रगत सुधार भने गर्नैपर्छ ।

### चिलिमेको स्थापना र पहल

नेपालमा जलविद्युत् आयोजनाहरूको विकास २०४९ सालअघि मूलतः सरकारी स्तरबाट मात्रै हुँदै आएकामा विद्युत ऐन-२०४९ जारी भएपछि निजी क्षेत्रले पनि प्रवेश पायो । २०५२ मा सार्वजनिक (सरकारी) तथा गैरसरकारी तह (निजीस्तर) को संलग्नतामा पब्लिक कम्पनीका रूपमा चिलिमे जलविद्युत् कम्पनी लिमिटेड स्थापना भयो । ५१ प्रतिशत सेयर नेपाल विद्युत् प्राधिकरणले राखेर चिलिमेको संस्थापक बन्यो भने ४९ प्रतिशत सेयर सर्वसाधारणलाई छाडिदियो ।

२२.१ मेगावाटको चिलिमे जलविद्युत् आयोजना विकास गर्ने लक्ष्य लिएर स्थापित चिलिमेले विभिन्न कठिनाइ पार गर्दै २०६० भदौ ८ गते विद्युत्को व्यापारिक उत्पादन सुरू गऱ्यो । त्यसयता एउटै आयोजनामा मात्र सीमित नरही चिलिमेले मुख्य संस्थापक भई तीनवटा सम्बद्ध कम्पनी- सान्जेन जलविद्युत् कम्पनी, रसुवागढी हाइड्रोपावर कम्पनी र मध्य भोटेकोशी जलविद्युत् कम्पनी स्थापना गरी आयोजना निर्माणको कामलाई अघि बढायो । सान्जेन ५७.३ मेगावाट (१४.८ मेगावाटको माथिल्लो सान्जेन र ४२.५ मेगावाटको तल्लो सान्जेन), रसुवागढी १११ मेगावाट र मध्य भोटेकोशी १०२ मेगावाटका छन् । विविध र कष्टसाध्य परिस्थितिबीच २०८० असोजदेखि माथिल्लो सान्जेन आयोजना र २०८१ कातिक अन्तिम सातादेखि रसुवागढी र तल्लो सान्जेन आयोजनाहरूको बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको छ । मध्य भोटेकोशीबाट पनि २०८१ माघभित्र विद्युत् उत्पादन हुने अपेक्षा गरिएको छ । यी आयोजनाहरूको योगदानबाट २७० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध हुनु सुखद रहे पनि आयोजनाहरू सम्पन्न गर्न सुरुमा निर्धारितभन्दा धेरै लामो समय लागेका कारण लागत वृद्धि हुनु सुखद पक्ष होइन । यद्यपि आयोजना निर्माणमा ढिलाइ हुनुमा बहुआयामिक कारणहरू छन् ।

चिलिमेले ३०४ मेगावाट क्षमताका थप चारवटा जलविद्युत् आयोजनाहरूको विकास पनि अघि बढाएको छ । जसअन्तर्गत बझाङमा सेती नदी-३ (८७ मेगावाट), गोरखामा बूढीगण्डकी प्रोक (८१ मेगावाट), बूढीगण्डकी प्रोक-१ (९३ मेगावाट) तथा चुमचेत स्यारखोला (४५ मेगावाट) छन् । सेतीनदी-३ को विस्तृत सम्भाव्यता एवं वातावरणीय अध्ययन समाप्त भई जग्गा अधिग्रहणसमेत भएर वित्तीय व्यवस्थापन र पीपीए गरी निर्माण चरणमा जानेछ भने अन्य आयोजनाहरू अध्ययनको विभिन्न चरणमा छन् ।

## जलविद्युत् विकासका समस्या, चुनौती तथा विशिष्टता

### (१) सरकारी नाताका कम्पनीको विशिष्ट चुनौती

चिलिमेलगायत विद्युत् प्राधिकरण अथवा सरकारी स्वामित्वका संस्थाको अधिकांश वा आंशिक लगानी रहेका पब्लिक कम्पनीहरूले दोहोरो पहिचान तथा जिम्मेवारी बोकी आफूलाई सञ्चालन गर्नुपर्ने विशिष्टता हुन्छ । यद्यपि कम्पनीहरूभने प्रचलित कम्पनी ऐनबमोजिम स्थापित हुन्छन् । कम्पनी ऐनअन्तर्गत स्थापित कम्पनीहरु कानुनी रूपमा स्वायत्त मानिन्छन् । सरकारको स्वामित्वका संगठित संस्थाको अधिकांश वा आंशिक लगानी रहेका कम्पनीहरूलाई सरकारी कम्पनी वा सरकारी निकायअन्तर्गतका मानिन्छन् । सरकारको सीधा संलग्नता नभए पनि अप्रत्यक्ष संलग्नता रहेको मानिने भएकाले चिलिमे र चिलिमेजस्ता पब्लिक कम्पनीहरु सरकारी नाताका कम्पनीका रूपमा रहन्छन् ।

सरकारी नाताका कम्पनीहरूले कम्पनी ऐन तथा सम्बद्ध नियामक व्यवस्थाहरूलाई अंगीकार गर्नुका साथै विशुद्ध सरकारी कार्यालयहरूका लागि तर्जुमा गरिएका ऐन, नियमहरूलाई पनि उत्तिकै जिम्मेवारीपूर्वक पालना गरी व्यवसाय सञ्चालन गर्नुपर्छ । अर्थात् सरकारी स्वामित्वका कम्पनीहरूले दोहोरो मापदण्ड पूरा गर्नुपर्ने भएकाले विशिष्ट प्रकारको चुनौती भोगेको महसुस हुन्छ । दोहोरो नियामकीय प्रावधान पूरा गरेर विशिष्ट परिस्थितिबीच परिणाम निकाल्नु अत्यन्तै चुनौतीपूर्ण हुन्छ । सरकारी स्वामित्वका पब्लिक जलविद्युत् कम्पनीहरूलाई कुनै विशेष व्यवस्था वा सहुलियत प्राप्त नभई अन्य निजी वा पब्लिक कम्पनीसरह नै हुन्छ ।

### (२) प्रक्रियागत जटिलता एवं दोहोरो-तेहरोपनको घनचक्कर

जलविद्युत् कम्पनीका सम्बन्धमा प्रक्रियागत जटिलता हट्न सकेको छैन । प्रक्रिया सहजीकरण भएको अवथामा जलविद्युत् प्रवर्धन खर्च, मानवीय ऊर्जा, समय र अन्य स्रोत आयोजना निर्माण र सञ्चालनमा केन्द्रित गर्न सकिन्थ्यो । तर, कतिपय अवस्थामा त्यस्तो हुँदैन । जलविद्युत् क्षेत्रको मूल निकाय विद्युत् विकास विभागले अनुमतिपत्र प्रदान गरिसकेपछि उद्योग विभागमा पनि दर्ता गर्नुपर्ने विषय तर्कसंगत देखिँदैन । सम्पर्क निकायहरु घटाएर चुस्तता ल्याउनुपर्नेमा थप वृद्धि गरी लगानी बोर्डको समेत स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ । विद्युत् उत्पादनको अनुमतिपत्र प्राप्त गर्न उद्योग दर्ता हुनुपर्ने, उद्योग दर्ता गर्न लगानी बोर्डको स्वीकृति चाहिने र लगानी बोर्डको स्वीकृतिका लागि विद्युत् उत्पादनको अनुमतिपत्र आवश्यक पर्ने त्रिकोणात्मक गाँठो फुकाउनुपर्छ ।

त्यस्तै, प्रस्तावित आयोजनास्थलमा प्राविधिक र वातावरणीय अध्ययन गर्ने सैद्धान्तिक स्वीकृति लिन वनसम्बन्धी निकायमा वर्षौं लाग्ने गरेको छ । सम्भाव्यता अध्ययन गरिसकेपछि सोको निष्कर्ष स्वीकार गर्ने या नगर्ने हुनसक्छ तर एउटा सक्षम निकाय (विद्युत् विकास विभाग) ले कानुनबमोजिम कुनै जलविद्युत् आयोजनाको सर्भेक्षण गर्ने अनुमति दिएपछि अर्को सरकारी निकाय (वन मन्त्रालय सम्बद्ध) बाट 'आयोजनाको अध्ययन गरे' हुन्छ भनी सहमति प्राप्त गर्न वर्षौं लाग्नु दुखद् हो । प्रस्तावित आयोजना संरक्षण क्षेत्रभित्र गर्न गयो भने जटिलता झन् थपिन्छ । सर्वेक्षण अनुमतिपत्र अधिकतम ५ वर्षका लागि दिइन्छ । तर अध्ययन आरम्भ गर्ने सहमतिमै आधा समय व्यतित हुन गए बाँकी अवधिमा उल्लेख्य समय लिने विभिन्न गतिविधिहरु जस्तै- प्राविधिक अध्ययन समाप्त

सम्भाव्यता अध्ययन गरिसकेपछि सोको निष्कर्ष स्वीकार गर्ने या नगर्ने हुनसक्छ तर एउटा सक्षम निकाय (विद्युत् विकास विभाग) ले कानुनबमोजिम कुनै जलविद्युत् आयोजनाको सर्भेक्षण गर्ने अनुमति दिएपछि अर्को सरकारी निकाय (वन मन्त्रालय सम्बद्ध) बाट 'आयोजनाको अध्ययन गरे' हुन्छ भनी सहमति प्राप्त गर्न वर्षौं लाग्नु दुखद् हो ।



गरी सोको स्वीकृति प्राप्त गर्ने, वातावरणीय मूल्यांकन गरी सोको प्रतिवेदन तयार गरी स्वीकृति प्राप्त गर्ने, आयोजनाको वित्तीय व्यवस्थापन गर्नेलगायत कार्यहरु सम्पन्न गर्न नभ्याइन सक्छ । यसो भए प्राप्त अनुमतिपत्र खारेज हुने, उक्त अवधिसम्म गरेको लगानी एवं मिहिनेत खेर जाने र आयोजनाको निर्माण पछाडि धकेलिन गई राज्यलाई नै नोक्सान पर्न जान्छ ।

त्यसैगरी, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारी तथा स्वीकृति प्रक्रियामा पनि दोहोरोपन छ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको स्वीकृतकर्ता वन तथा वातावरण मन्त्रालय हो । तर, वन मन्त्रालयमा पठाउनुअघि लामो समय पर्खिएर वन मन्त्रालयकै विज्ञसमेतको उपस्थितिमा विद्युत् विकास विभागमा प्रस्तुतीकरण हुन्छ । प्रतिवेदन वन मन्त्रालयमा पुगेपछि पुनः आरम्भबाटै जाँच तथा विस्तृत प्रस्तुतीकरणको चक्र पुनः पूरा गर्नुपर्छ । अन्ततः वन तथा वातावरण मन्त्रालयमा विभिन्न तहगत सिफारिसका आधारमा स्वीकृत गर्ने हो भने विद्युत् विकास विभागमा सोही प्रक्रियाका लागि लामो समय र मानवीय ऊर्जा खर्च गर्नु तर्कसंगत देखिँदैन ।



### (३) कम्पनीसँगको अपेक्षा

जलविद्युत् कम्पनीसँग धेरै किसिमको अपेक्षा गरिन्छ । त्यसका लागि दबाबमूलक स्थिति पैदा पनि गरिन्छ । रोजगारी उपलब्ध गराउने, आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने, चन्दा दिनुपर्ने, स्कुल-कलेज भवनहरु निर्माण गरिदिने, बाटोघाटो बनाइदिने, शिक्षक राखिदिने, अस्पताल बनाइदिने, निर्माण कार्यमा (ठेक्कापट्टामा) सहभागी गराइदिनुपर्ने, निर्माण सामग्री सप्लाइ गर्न पाउनुपर्ने आदि ।

प्राकृतिक स्रोत उपयोग गरी वातावरणमा असर गरेबापत् कानुनबमोजिम रोयल्टी तिर्ने, नाफा बमोजिमको कर तिर्ने, सामाजिक उत्तरदायित्व निर्वाह गर्ने, स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिमको वातावरणीय र सामाजिक दायित्व निर्वाह गर्ने, यथाशक्य आवधिक रोजगारी उपलब्ध गराउने काम कम्पनीले गरिरहेकै हुन्छन् र गर्नु पनि पर्छ । तर, कैयौं स्वभाविक/अस्वभाविक, वाञ्छित/अवाञ्छित माग पूरा नभए निर्माण कार्य अवरुद्ध पार्ने, धाक-धम्की दिइ हतोत्साही पार्ने गतिविधिसमेत भोग्नुपर्ने हुन्छ । कतिपय माग कम्पनीले धान्नै नसक्ने पनि हुन्छन् । उदाहरणका लागि रोजगारीलाई लिन सकिन्छ । वस्तुतः रोजगारी राष्ट्रिय सरोकारको विषय हो । राष्ट्रको दीर्घकालीन नीति, सोको योजना तर्जुमा, कार्यान्वयन एवं व्यवस्थापनको विषय हो, जसको नेतृत्व सरकार सञ्चालक राजनीतिक दलहरुले लिनुपर्ने हो । व्यावसायिक कम्पनीहरुले सानो र चुस्त जनशक्तिबाट अधिकतम काम लिनु धर्म हो । तर जलविद्युत् आयोजनाहरुमा कम्पनीहरुलाई आवश्यकै नभए पनि दलैपिच्छेका मान्छेहरु भर्ना गर्ने ठूलो दबाब सिर्जना हुन्छ । रोजगारीलगायत विषयले आयोजना प्रमुखको ठुलै ऊर्जा र समय लिँदा आयोजनाको प्रगतिमा समेत प्रभाव पर्छ ।

### (४) लगानीको विषय

जलविद्युत् कम्पनीहरुले आयोजनाको कुल लागतको ठुलो अंश (लगभग ७० प्रतिशत) ऋण जुटाएर र बाँकी अंश (लगभग ३० प्रतिशत) संस्थापकको स्वःपुँजी र सर्वसाधारणलाई सेयर जारी गरेर जुटाउँदै आएका छन् । चिलिमेअन्तर्गतका आयोजनामा कर्मचारी सञ्चय कोषले ऋण उपलब्ध गराउँदै आएको छ । सरकारले २०३५ सम्ममा २८ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य लिएको छ जसका लागि खर्बौं रूपैयाँ आवश्यक पर्छ । लागतको उल्लेख्य हिस्सा विदेशी मुद्रामा आवश्यक पर्छ । सबै लगानी आन्तरिक स्रोतबाट मात्र जुट्न सक्ने देखिँदैन ।

### (५) प्राकृतिक, भौगर्भिक तथा जलवायुजन्य समस्याहरु

नदीको पानीको उच्चतम् उपयोग गर्नुपर्ने हुँदा जलविद्युत् आयोजनाका खर्चिला संरचनाहरु (जस्तै- सुरुङ, भूमिगत विद्युत्गृह, प्रसारण लाइन आदि) दुर्गम एवं विषम् भू-बनोट भएका पहाडी धरातल तथा खोलानाला छेउछाउ निर्माण गर्नुपर्ने हुन्छ । नेपालका अधिकांश पहाडको भौगर्भिक अवस्था अत्यन्तै कमजोर छ । नेपाल भूकम्पीय जोखिम क्षेत्रमा समेत पर्छ । यिनै कारणहरुले गर्दा आयोजनाको निर्माण तथा सञ्चालन दुवै चरणमा भूकम्प, बाढी-पहिरो आदिले ठूलो नोक्सानी पुऱ्याउने जोखिमहरु गाँसिएर आउँछन् । यस्ता जोखिमहरुले पूर्वानुमान गर्न नसकिएको जटिल अवस्थाहरु उत्पन्न गराई निर्माण कार्यलाई पछाडि धकेल्छन् भने सञ्चालन चरणमा लामो समयसम्म विद्युत् उत्पादन बन्द गर्नुपर्ने अवस्थासमेत सिर्जना गर्छन् । फलतः प्रवर्धकको पूर्वप्रक्षेपित आम्दानी गुम्छ र ऋणको साँवा तथा ब्याजको रकम बढ्दै जान्छ । पछिल्लो समयमा जलवायु परिवर्तनको असरसमेत टड्कारो रुपमा देखिन थालेको छ ।

खोलानालाको बहाव आयोजना निर्माणपूर्व आकलन गरिएभन्दा घट्नसमेत जान्छ । फलतः ऊर्जा उत्पादनमा कमी आई जलविद्युत् कम्पनीले ठुलो क्षति बेहोर्नुपर्ने हुन्छ । यही कारण नेपालका बिमा कम्पनीले जलविद्युत् आयोजनाहरुको बिमा गर्न गाह्रो मान्ने, गरे पनि अत्यधिक धेरै प्रिमियम लिने गरेकाले समेत आयोजनाको लागत बढाउँछ ।

### (६) प्रसारण लाइनसँग गाँसिएको चुनौती

विद्युत् प्रवाहका लागि विद्युत्गृहदेखि राष्ट्रिय ग्रिडसम्म गर्नुपर्ने उच्च भोल्टेज प्रसारण लाइनको निर्माणकार्य आफैंमा अत्यन्तै जटिल, खर्चिलो, चुनौतीपूर्ण र लामो समय लिने प्रकृतिको हुन्छ । जलविद्युत् आयोजना तयार भइसक्ने बेलासम्म प्रसारण लाइन तयार हुन्छ कि हुँदैन भन्ने जोखिम रहिरहन्छ । यदि यथासमयमै प्रसारणलाइन तयार भएन भने जलविद्युत् प्रवर्धकले खेर जाने विद्युत्को



सम्भाव्यता अध्ययनपश्चात् पीपीएका लागि आवेदन दिन्छन् । तर पीपीए गर्ने सम्बन्धमा प्राधिकरणको आफ्नै अप्ठ्यारा, कठिनाइ र चुनौती हुने भएकाले पीपीए प्रतीक्षासूची अत्यन्तै लामो हुन्छ । पीपीए हुन विलम्ब भए आयोजना तोकिएको समयमा आरम्भ हुन सक्दैन फलतः सम्भाव्यता अध्ययन गर्दासम्मको खर्चको उत्पादकत्व नहुने, आयोजनाको लागत बढ्दै जाने र अन्य समस्या उत्पन्न हुन्छन् ।

करिब तीन दशक यात्रा पार गरिसकेको नेपाली पुँजीबजार अझै पनि प्रौढ अवस्थामै छ। वयस्क अवस्थामा प्रवेश गर्न कति समय लाग्छ भन्ने अनुमान गर्न पनि कठिन छ। वर्षौंदेखि पुँजीबजार सुधारका लागि गरिने भनेका र सरकारका नीतिमा परेका कार्यक्रम अगाडि बढ्न सकेका छैनन्।

रकम, ऋणको थपिँदै जाने उच्च दरको ब्याजको भार र अन्य ठुलो क्षति बेहोर्नुपर्छ ।

### (७) उत्पादन अनुमतिपत्रको अवधिसम्बन्धी

विद्युत्को उत्पादन अनुमतिपत्रको अवधि अनुमतिपत्र जारी भएको मितिदेखि सामान्यतः ३५ वर्षको हुन्छ । त्यसपछि आयोजना चालु अवस्थामा सरकारलाई हस्तान्तरण हुन्छ । क्षमता/आकार, कार्यभार, पूर्वाधारको अवस्था आदि पक्षका आधारमा जलविद्युत् आयोजनाको निर्माण अवधि ३ देखि ६ वर्ष लाग्ने अनुमान गरिएको हुन्छ । तर, माथि उल्लिखित र अन्य विविध कारणले गर्दा आयोजनाहरु तोकिएको अवधिभित्र सम्पन्न नभएका धेरै उदाहरण छन् । आयोजना विलम्ब हुनुमा प्रवर्धक कम्पनीको आन्तरिक कारण पनि हुनसक्छ तर, उसको नियन्त्रण बाहिरका पक्षहरुको भूमिका धेरै हुने गर्छ । परिणामतः अनुमतिपत्रको निर्धारित अवधिको उल्लेख्य समय निर्माण चरणमै सकिन्छ । अर्थात्, व्यापारिक उत्पादन सुरु भई विद्युत् बिक्री गर्न आरम्भ गरेको मितिदेखि अनुमतिपत्रको बाँकी अवधिसम्म ऋणको साँवा र ब्याज भुक्तानी, सञ्चालन सम्भार खर्च, रोयल्टी एवं कर तथा अन्य खर्च कटाउँदा लगानीकर्तालाई प्रतिफलै दिन नसक्ने अवस्थामा पुग्ने ठुलो जोखिम रहन्छ ।

### (८) विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) सम्बन्धी

जलविद्युत्को विकासमा पीपीए अत्यन्तै महत्त्वपूर्ण पाटो हो । यो सम्झौता हालसम्म प्रवर्धक कम्पनी र विद्युत् प्राधिकरणबीच हुन्छ । पीपीए नभई आयोजनको वित्तीय व्यवस्थापन नहुने, उत्पादन अनुमतिपत्र प्राप्त नहुने र उद्योग दर्ता हुँदैन । यो सम्झौता प्रवर्धकको उत्पादन बिक्री हुने प्रत्याभूति पनि हो । त्यही भएर पीपीए गरिपाउन निवेदन दिन आकांक्षीको प्रतीक्षासूची अत्यन्तै लामो छ । विद्युत् ऐन तथा नियमावलीको सर्त पूरा गर्ने जोकोहीले पनि विद्युत् आयोजना प्रवर्धन गर्न सक्ने हुँदा सर्भेक्षण अनुमतिपत्र प्राप्त गरी

### (९) आयोजनाको लागत र निर्माण तालिकाको स्टिमेट सम्बन्धमा

अनुभवका आधारमा हेर्दा निर्माणसम्बद्ध बहुसंख्यक आयोजनाहरु सुरुमा आकलन गरिएको लागत र समयावधिमा तयार हुँदैनन् । यसो हुनुमा आयोजनाको प्राविधिक अध्ययन कार्य पर्याप्त नहुनु, आयोजनाको लागत र समयावधि कम आकलन (अन्डर स्टिमेट) गर्नु र आयोजनाबाट प्राप्त हुने लाभलाई बढी आकलन (ओभर स्टिमेट) गर्नु आदि हुन् । आयोजनाको लागत, समयावधि र लाभ आकलन गर्दा आयोजना कार्यान्वयनका क्रममा कुनै समस्या वा व्यवधान पर्दैन, सम्पूर्ण कुरा सामान्य ढंगले र समस्यारिहत रुपमा अघि बढ्छ भन्नेमा अति विश्वस्त (ओभर कन्फिडेन्ट) रहनु पनि हो । यस्ता समस्याले आयोजनाको लागत र समय बढाएर आयोजनाको लाभ घटाउँछ ।

### (१०) अन्य समस्या तथा जटिलता

निजी तथा वन क्षेत्रको जग्गा प्राप्ति, वन कटानी, जग्गाको हदबन्दी, कतिपय निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन, निर्माण चरणमा आउने प्राविधिक/भौगर्भिक समस्या, ठेक्का विवाद र यसले निम्त्याउने समस्या आदि बारे पर्याप्त चर्चा परिचर्चा हुँदै आएको विषय हो ।

माथि चर्चा गरिएका समस्या, जोखिम, विधि-प्रक्रियागत कठिनाइ, चुनौती आदिका बीचबाट जलविद्युत् आयोजना अगाडि बढाउँदै जाँदा उल्लेख्य रकम खर्च भइसकेको हुन्छ र कम्पनी 'पोइन्ट अफ नो रिटर्न' मा पुगिसकेको हुन्छ । यस्तो स्थितिमा कम्पनीले जस्तोसुकै समस्या, दबाब, माग वा जोखिम आए पनि छोड्ने स्थिति हुँदैन । जसरी पनि आयोजना सम्पन्न गर्नुपर्ने बाध्यताका कारण पनि कम्पनीबाट जे-जति लिन सकिन्छ लिइहालौं भन्ने भावना राखेर समाजका विभिन्न तप्का लागिरहेका हुन्छन् । यस्ता समस्याले आयोजनाको लागतको दाँजोमा लाभको परिमाण घट्दै गइरहेको हुन्छ ।

## सुधारको गुञ्जायस

### (१) राष्ट्रिय क्षमतामा अभिवृद्धि

जलविद्युत् आयोजनाको निर्माण र सञ्चालनमा देखिएका समस्या, चुनौती वा विशिष्टताहरुमा सुधारको गुञ्जायसका लागि

'राष्ट्रिय क्षमता'को चर्चा गर्नु उपयुक्त हुन्छ । हामीले जलविद्युत् आयोजना बनाउँदै गर्दा सरकार, राज्य, प्रवर्धक कम्पनी, निर्माण कम्पनी, राजनीतिक दल तथा संगठनहरु, आयोजना प्रभावित जनसमुदायलगायत सरोकार राख्ने सबैको लगभग समान दृष्टिकोण रहने, कम्पनीले गर्ने कार्यको स्वतन्त्र र विवेकसम्मत अनुगमन हुने, कम्पनीले आयोजना प्रभावित व्यक्ति/समुदायका लागि प्रचलित कानुन तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा तोकिएका दायित्व न्यायोचित रूपले पूरा गर्ने एवं समुदायले आयोजनाप्रति न्यायोचित धारणा राख्ने वा आयोजनाबाट न्यायोचित मात्र अपेक्षा राख्ने, मतान्तर भएमा राज्य या अनुमतिपत्र जारी गर्ने निकायले 'रेफ्री' को भूमिका निर्वाह गरिदिने तर निर्माणकार्य अवरूद्ध हुन नदिने, समयसापेक्ष एवं सरोकारवालाको सुझाव मनन् गर्दै आयोजना-विकासमैत्री हुनेगरी ऐन/नियम संशोधन, तर्जुमा वा लागु हुने, स्वीकृति दिने निकायहरूको तह र संख्या घट्ने; निर्णय गरिदिनुपर्ने निकायहरूले शीघ्र निर्णय गरिदिनुपर्ने, ऐन/कानुनको छिद्र खोजेर निर्णयमा विलम्ब नगरिदिने; सरोकारवाला निकायबीचको समन्वय प्रभावकारी हुने; जलविद्युत् आयोजनाका लागि आर्थिक स्रोतको व्यवस्थापन हुनसक्ने वातावरण बन्ने; आयोजना निर्माण तथा सञ्चालन गर्दा वातावरणीय पक्षको प्रभावकारी कार्यान्वयन हुने; सबै तप्कामा जिम्मेवारीबोध हुने; प्रवर्धक कम्पनीले आफ्नो दक्षता उच्च राख्ने; सरोकारवाला सबैमा एक-अर्काप्रति विश्वास रहने स्थिति आदिको समग्रतालाई 'राष्ट्रिय क्षमता'को संज्ञा दिन सकिन्छ । जलविद्युत् आयोजना निर्माण वा सञ्चालनमा राष्ट्रिय क्षमता विशृङ्खलित रहेको वा यसका केही कडीहरूको अभाव रहेको देखिन्छ । राष्ट्रिय क्षमता अभिवृद्धि नभएमा जलविद्युत् विकासको महत्त्वाकांक्षी लक्ष्य प्राप्ति हुने देखिँदैन ।

### (२) रोयल्टीको महत्त्व उजागर गर्नुपर्ने

जलविद्युत् आयोजनाले स्थानीय प्राकृतिक स्रोत प्रयोग गरेर आम्दानी गरेबापत सरकारलाई ठुलै रकम रोयल्टी तिर्ने गर्छ । तर रोयल्टीको पक्षबारे स्थानीयस्तरमा अपेक्षाकृत सञ्चार भएको पाइँदैन । रोयल्टीको उल्लेख्य हिस्सा आयोजना रहेको स्थानीयतहमा उपलब्ध हुने र स्थानीय आवश्यकतानुसार खर्च गर्ने प्रभावकारी व्यवस्था कायम हुनसके प्रवर्धक कम्पनी र जनस्तरबीच विश्वास बढ्छ । जति चाँडो आयोजना सम्पन्न हुन सक्यो त्यति चाँडै रोयल्टी रकम प्राप्त हुने र स्थानीय समुदाय लाभान्वित हुने कुरा बुझाउन अत्यन्त जरूरी देखिन्छ । रोयल्टी आएपछि स्थानीयस्तरमा सामुदायिक विकासका कार्यहरु योजनाबद्ध रूपमा हुने विश्वास दिलाउन सके मुआब्जा/क्षतिपूर्ति, वातावरणीय प्रतिवेदनमा उल्लेखित क्रियाकलाप एवं



निर्माणका कारण तत्काल पर्न गएको क्षति सम्बोधन हुने कामबाहेक प्रवर्धक कम्पनीले महँगो ब्याज तिरेर लिएको ऋणको अंश अन्य सामुदायिक कार्यमा खर्च गर्नुपर्ने अवस्था आउँदैन । परिणामतः आयोजनाको लागत घट्न जान्छ ।

### (३) वातावरणीय पक्ष

जलविद्युत् आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदनको तयारी र स्वीकृति प्रक्रियामा प्राथमिक जोड दिने र कडाइ गर्ने गरिएको छ । प्रतिवेदन स्वीकृत भएपछि उपादेयता सकियो जसरी लिइन्छ । अध्ययनको सम्पूर्ण प्रक्रिया पूरा गरी अन्तिम स्वीकृति प्राप्त गर्न अत्यन्त लामो समय, धेरै फलोअप र मिहिनेतको आवश्यकता पर्छ । वातावरण मन्त्रालयले निर्दिष्ट गरेको ढाँचा र सम्बन्धित ऐन, नियमावलीले तोकेअनुसार स्वतन्त्र विषयविज्ञहरूको टोलीले तयार गरेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन मन्त्रालयअन्तर्गत वातावरण हेर्ने विशिष्ट शाखाबाट तहगत सिफारिस भएपश्चात् मन्त्रीस्तरीय निर्णयबाट मात्र स्वीकृत हुने पट्यारलाग्दो परिपाटी छ । देशको ठुलठुला नीतिहरु निर्माण गर्ने र जटिल राष्ट्रिय विषयमा केन्द्रित हुनुपर्ने मन्त्रीस्तरको व्यक्तित्वले नै निश्चित ढाँचामा तयार पारिएको र रूटिन प्रकृतिको प्राविधिक प्रतिवेदन स्वीकृत गर्नमा आफ्नो व्यस्त समय किन खर्च गरेको होला भन्ने प्रश्न उब्जिन्छ । वातावरणीय प्रतिवेदन स्वीकृतिमा जति कडाइ देखिन्छ त्यसको अनुगमन र कार्यान्वयन त्यति प्रभावकारी देखिँदैन ।

जलविद्युत् आयोजनाहरूको तीव्रतर विकास र एउटै खोलामा धेरैवटा आयोजना निर्माण भएका कारण जलचर र खोलाको जलप्रणाली प्रभावित भएको समाचारहरु आइरहेका छन् । यस्तो स्थितिमा वातावरणीय क्षति न्यूनीकरणको पक्षमा गम्भीरतापूर्वक धेरै काम गर्नुपर्ने देखिन्छ । यसमा प्राथमिक दायित्व प्रवर्धक कम्पनीकै हुन्छ । स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा निर्धारित दायित्व तथा कर्तव्यको इमानदारीपूर्वक परिपालना गरे आयोजनाको वातावरणीय पक्ष स्वतः सवल हुन्छ । साथै, प्राधिकार निकायद्वारा आयोजनाहरूले वातावरणीय दायित्व पूरा गरे/नगरेकोबारे नियमित रूपमा अनुगमन गर्नुपर्ने देखिन्छ ।

### (४) नीतिगत सुधार

जलविद्युत् विकासका लागि विद्युत् विकास विभागबाट सर्भेक्षण अनुमतिपत्र प्राप्त गर्ने तर सर्भेक्षणको काम गर्न जान अर्को निकायसँग पुनः सहमति प्राप्त गर्नुपर्ने र यस्तो सहमति प्राप्तिका लागि वर्षौं धाउनुपर्ने व्यवस्थाको अन्त्य गर्ने, विद्युत् विभागबाट अनुमतिपत्र पाइसकेपछि उद्योग विभागमा दर्ता हुनुपर्ने र स्वदेशी आयोजनाहरूले लगानी बोर्डबाट समेत स्वीकृति प्राप्त गर्नुपर्ने व्यवस्था हटाउने, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको चेकजाँच र स्वीकृति दोहोरो नपर्ने गरी वातावरण मन्त्रालयबाट गर्ने, वातावरणीय



**करिब तीन दशक यात्रा पार गरिसकेको नेपाली पुँजीबजार अझै पनि प्रौढ अवस्थामै छ। वयस्क अवस्थामा प्रवेश गर्न कति समय लाग्छ भन्ने अनुमान गर्न पनि कठिन छ। वर्षौंदेखि पुँजीबजार सुधारका लागि गरिने भनेका र सरकारका नीतिमा परेका कार्यक्रम अगाडि बढ्न सकेका छैनन्।**

प्रभाव मूल्यांकन प्रतिवेदनको स्वीकृतिमा सरलता ल्याउन मन्त्रीस्तरको सट्टा सहसचिव वा सचिवस्तरबाट स्वीकृत गर्ने व्यवस्था गर्दा कार्यदक्षता बढ्छ ।

जलविद्युत् विकासका नीति-प्रक्रिया सरलीकृत गर्ने सन्दर्भमा पीपीएको प्रतीक्षा सूचीको चापलाई दृष्टिगत गरी सर्वेक्षण अनुमतिपत्र जारी गर्ने र विद्युत् आयोजनाको सबै युनिटबाट उत्पादन सुरू भएपछि होइन कि एउटा युनिटबाट विद्युत् उत्पादन हुन थालेपछि नै व्यापारिक कारोबार सुरू हुने व्यवस्था गर्दा उपयुक्त हुने देखिन्छ । किनकि यसबाट कुनै पनि पक्षलाई कुनै किसिमको दायित्व थपिने हुँदैन र एउटा युनिटबाटै उत्पादित विद्युत्ले पनि ग्रिडमा विद्युत् ऊर्जाको परिमाण थप गर्छ नै । अनेकौं अप्ठ्याराहरु बीचबाट ऋण र ब्याजको ठूलो भार बोक्दै बल्ल-बल्ल आयोजनाबाट विद्युत् उत्पादन हुने चरणमा पुगिसकेपछि एउटा युनिटबाट हुने आम्दानीले पनि ब्याजको केही न केही अंश घटाउन मद्दत गर्छ । सबै युनिटबाट उत्पादन सुरू भएपछि मात्र व्यापारिक कारोबार सुरू गर्दा ३/४ वटा युनिट भएका आयोजनालाई ठूलो नोक्सानी पर्न जान्छ ।

त्यस्तै, बृहत् वातावरणीय दृष्टिकोणबाट संरक्षित क्षेत्रमा जलविद्युत् आयोजना निर्माण गर्न नदिने हो भने वन मन्त्रालयले नियममै व्यवस्था गरेर यो-यो स्थानमा जलविद्युत् आयोजना बनाउन नपाइने भनेर प्रस्टसँग उल्लेख गर्नुपर्छ । यसो भएमा जलविद्युत् कम्पनीहरूले ती स्थानमा आयोजनाको पहिचान नै गर्दैनन् र अनुमतिपत्र माग गर्दैनन् ।

नीति-प्रक्रिया सरलीकृत गर्ने सन्दर्भमै चर्चा गर्दा अनुमतिपत्र जारी भएको मितिदेखि होइन कि विद्युत्को व्यापारिक उत्पादन आरम्भ भएको मितिदेखि उत्पादनको अनुमतिपत्र बहाल रहने अवधि गणना गर्दा राहत पुग्ने देखिन्छ । किनकि निर्माण अवधिको प्रकृति र सञ्चालन अवधिको प्रकृति भिन्दा-भिन्दै हुने र शाब्दिक अर्थ नै 'उत्पादन' भन्ने रहेकाले विद्युत् उत्पादन भएको मितिदेखि विद्युत् उत्पादनको अनुमतिपत्रको अवधि गणना हुनुपर्ने अपेक्षा गर्न सकिन्छ । निर्माण चरणका लागि 'निर्माण अनुमतिपत्र'को व्यवस्था गर्न सकिन्छ । अथवा, अनुमतिपत्रको अवधि ३५ वर्षको सट्टा ४० वर्ष बनाउँदा पनि उपयुक्त हुन्छ किनकि बढाइएको अवधिको पनि सरकारले रोयल्टी तथा कर बापतको राजस्व पाउँछ । आयोजना सरकारको स्वामित्वमा जानेबित्तिकै आफैंले सञ्चालन गर्दा रोयल्टी र करको विषय आउँदैन ।

### (५) लगानीको समग्र वातावरणमा सुधार

जलविद्युत्को तीव्रतर विकासका लागि खर्बौं लगानीको आवश्यकता पर्छ, जुन स्वदेशी पुँजीले मात्र सम्भव देखिँदैन । तसर्थ, वैदेशिक लगानीलाई पनि आकर्षित गर्नैपर्छ । अहिलेको लगानीको वातावरण सन्तोष मानेर बस्ने अवस्थामा छैन, नीतिगत र राष्ट्रिय क्षमतामा उल्लेख्य सुधार गर्नुपर्छ ।


### (६) आयोजनाको आकार र क्षमता

नेपालमा जलाशययुक्त ठुला-ठुला क्षमताका आयोजनाहरूको अध्ययन वर्षौंदेखि (२०-२५ वर्षदेखि) भइरहेका छन् । तर विभिन्न प्रकृतिका जटिलताका कारण आयोजनाले मूर्तरूप धारण गरी निर्माणचरणमा प्रवेश गर्न सकेका छैनन् । यस्ता आयोजनाको लागत अत्यन्तै ठुलो हुने, सामाजिक/वातावरणीय/व्यवस्थापकीय पक्षहरु पनि बृहत् तथा निकै जटिल हुन्छन् । हालसम्मको अनुभवका आधारमा हेर्दा निर्माण सकिन पनि अत्यन्त लामो समय (सामान्यतः १२-१५ वर्ष) लाग्न सक्छ । साना आयोजना अर्थात् १०/२० मेगावाट क्षमताका आयोजनाहरूले अबका दिनमा बढ्दो विद्युत् माग सम्बोधनमा अर्थपूर्ण योगदान दिन सक्दैनन् । तर, यिनीहरूको विकासका लागि पनि लामो समय लाग्ने, सम्पूर्ण कानुनी र प्रशासनिक प्रक्रियाहरु पूरा गर्नैपर्ने, ठुलै मात्रामा मानवीय ऊर्जा लगाउनुपर्ने, प्रसारण संरचनाका लागि छुट्टै मार्गाधिकार (राइट अफ वे) लिनैपर्ने जस्ता कारणहरूले गर्दाससाना क्षमताका आयोजनाको निर्माणलाई अबका दिनमा प्रोत्साहित गर्नु तर्कसंगत लाग्दैन । तसर्थ, विद्युत्को बढ्दो मागलाई यथोचित सम्बोधनका लागि २००-३०० मेगावाट क्षमताका रन-अफ-रिभर र पिकिङ-रन-अफ-रिभर प्रकृतिका आयोजनाहरूलाई थप प्रोत्साहन दिनुपर्छ । अनुभवका आधारमा भन्दा कम्पनी ऐनअन्तर्गत स्थापित भई सरकारी नाताका कम्पनीको मोडलमा बृहत् जलाशययुक्त आयोजनाको प्रभावकारी र तीव्र विकास सम्भव देखिँदैन । तसर्थ, जलाशययुक्त बृहत् आयोजनाहरूको विकास छुट्टै कानुनी तथा प्रशासनिक अधिकार सम्पन्न संयन्त्रको माध्यमबाट समानान्तर रूपमा गर्दै जाने नीति लिनुपर्छ ।

*(मिश्र चिलिमे जलविद्युत् कम्पनीका प्रबन्ध सञ्चालक हुन्)*

# सौर्य ऊर्जा : देश विकासको नयाँ आयाम

वि.सं. २०५० मा तनहुँ जिल्लाको पुलिमर्याङमा ५४ वटा घरधुरीबाट घरेलु सौर्य ऊर्जाको सुरुवात भएको पाइन्छ । राष्ट्रिय प्रसारण लाइन नभएको समयमा दुई-चार बत्ती बाल्ने गरी गुजारामुखी ऊर्जाको स्रोत सौर्य ऊर्जा थियो ।



सञ्जीव न्यौपाने

नेपाल जलस्रोतको मात्रै नभई सौर्य विकिरण (रेडिएसन) को पनि धनी देश हो । वर्षको झन्डै तीन सय दिन घाम लाग्ने नेपालमा सौर्य ऊर्जाको विकासले मुलुकको समग्र विकासमा नयाँ आयाम थप्न सक्छ । पछिल्लो दशकमा भएको जलविद्युत् उत्पादनले नेपाललाई लोडसेडिङमुक्त बनायो भने भारत र बंगलादेशमा विद्युत् निर्यात गर्न सघायो । तर, सुक्खायाममा नेपालले भारतबाट चर्को मूल्यमा बिजुली आयात गरिरहेको छ । जलविद्युत्मा मात्रै केन्द्रित रहेको नेपालको ऊर्जा क्षेत्रमा सौर्य ऊर्जा दिगो र भरपर्दो ऊर्जा आपूर्तिको माध्यम बन्नेछ । ग्रामीण विद्युतीकरणदेखि औद्योगिक विकास र कृषि क्षेत्रको आधुनिकीकरणदेखि वातावरण संरक्षणसम्म सौर्य ऊर्जाले बहुआयामिक रूपमा भूमिका खेलिरहेको छ ।

नेपालमा सौर्य ऊर्जाको इतिहास हेर्दा वि.सं. २०५० मा तनहुँ जिल्लाको पुलिमर्याङमा ५४ वटा घरधुरीबाट घरेलु सौर्य ऊर्जाको सुरूवात भएको पाइन्छ । राष्ट्रिय प्रसारण लाइन नभएको समयमा दुई-चार बत्ती बाल्ने गरी गुजारामुखी ऊर्जाको स्रोत सौर्य ऊर्जा थियो । तर, पछिल्लो तीन दशकमा सौर्य ऊर्जाबाट उत्पादित बिजुली राष्ट्रिय प्रसारणलाइनमा जडान गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले मिश्रित ऊर्जा प्रणालीअन्तर्गत सौर्य ऊर्जालाई उपयुक्त विकल्पका रूपमा विकास र प्रवर्द्धन गर्दै आएको छ । आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म सौर्य ऊर्जाबाट ९७.०४ मेगावाट विद्युत् उत्पादन भएको छ, जुन कुल जडित विद्युत् क्षमताको ४.७ प्रतिशत हो । प्राधिकरणले हालै ९६० मेगावाट सौर्य ऊर्जा उत्पादनका लागि सार्वजनिक बोलकबोलमार्फत निर्माण ठेक्का दिइसकेको छ । यी परियोजना सञ्चालनमा आएपछि राष्ट्रिय ग्रिडमा जडित सौर्य ऊर्जाको हिस्सा बढ्दै जानेछ । यसबाट सुक्खायाममा विद्युत्का लागि भारतमा भर पर्नुपर्ने बाध्यतालाई न्यूनीकरण गरी विद्युत् आयातमा बाहिरिने रकमको बचत गर्नेछ ।

सुक्खायाममा जलविद्युत् उत्पादन कम हुँदा विद्युत्को उच्च माग पूरा गर्ने भरपर्दो विकल्पका रूपमा सौर्य ऊर्जालाई लिन सकिन्छ । बर्खामा नदी तथा खोलानालामा प्रशस्त पानी हुने भएकाले जलविद्युत् उत्पादन धेरै हुन्छ । औद्योगिक क्षेत्रको माग धान्न समस्या हुँदैन तर सुक्खायाममा नदीनाला सुक्ने भएकाले विद्युत् उत्पादन घट्न जान्छ । विद्युत् उत्पादन घट्यो भनेर माग घट्दैन । यस्तो अवस्थामा विद्युत् माग पूर्ति गर्न सौर्य ऊर्जा भरपर्दो वैकल्पिक ऊर्जाका रूपमा स्थापित भइरहेको छ ।

लगानी बोर्ड नेपालले सार्वजनिक गरेको 'इनर्जी' प्रतिवेदनअनुसार नेपालमा एक वर्गमिटरमा ३.६ देखि ६.२ युनिटसम्म विद्युत् उत्पादनको सम्भाव्यता दर्शाएको छ । प्रतिवेदनअनुसार एक किलोवाट सोलार पीभी जडान गर्दा जोमसोममा औसत १.८५ मेगावाट घण्टा, काठमाडौंमा १.५३ मेगावाट घण्टा र नेपालगन्जमा १.४५ मेगावाट घण्टा ऊर्जा उत्पादन हुन्छ । यस तथ्यांकलाई आधार मान्दा नेपालमा सौर्य ऊर्जा उत्पादनको कुल प्राविधिक सम्भाव्यता चार लाख ३२ हजार मेगावाट अनुमान गरिएको छ । नेपालमा जलविद्युत् उत्पादनको आर्थिक तथा प्राविधिक सम्भाव्यता ४३ हजार मेगावाट रहेको छ भने सौर्य ऊर्जा उत्पादनको सम्भावना जलविद्युत्को तुलनामा १० गुणा धेरै छ । त्यसैले सौर्य ऊर्जालाई प्राथमिकतामा राखेर प्रवर्द्धन गरेमा मुलुकलाई आत्मनिर्भर बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ ।

ऊर्जाका विषयमा महत्त्वपूर्ण र पेचिलो विषय भनेको जलवायु परिवर्तन हो । नेपाल जलवायु परिवर्तनबाट प्रभावित हुने विश्वका शीर्ष देशको सूचीमा पर्छ । गत असोज ११ र १२ गतेको भारी वर्षाले कैयौँ जलविद्युत्का परियोजना बगाएको छ ।



**गत असोज ११ र १२ गतेको भारी वर्षाले कैयौँ जलविद्युत्का परियोजना बगाएको छ । अर्बौं रुपैयाँको क्षति भएको छ । तुलनात्मक रूपमा सौर्य ऊर्जाका परियोजना कम प्रभावित भएका छन् । यसरी सौर्य ऊर्जामा गरिएको लगानी सुरक्षित भएको सन्देश दिएको छ ।**

अर्बौं रूपैयाँको क्षति भएको छ । तुलनात्मक रूपमा सौर्य ऊर्जाका परियोजना कम प्रभावित भएका छन् । यसरी सौर्य ऊर्जामा गरिएको लगानी सुरक्षित भएको सन्देश दिएको छ । साथै सौर्य उत्पादनका लागि काम सुरू गरेको (टेन्डर अवार्ड भएको) ४-६ महिनाभित्रमा सोलार आयोजनाबाट विद्युत् उत्पादन गर्न सकिन्छ । जलविद्युत् परियोजनाको निर्माण सम्पन्न गर्न नै न्यूनतम ३-४ वर्ष लाग्छ । छिटो र सस्तोमै उत्पादन गर्न सकिने भएपछि प्राधिकरणले पनि सौर्य ऊर्जाको प्रवर्धनलाई प्राथमिकतामा राखेको देखिन्छ ।

### सौर्य ऊर्जा क्षेत्रका समस्या र समाधानका उपाय

सौर्य ऊर्जा उत्पादनको पनि सबैभन्दा ठूलो समस्या पीपीए (विद्युत् खरिद-बिक्री सम्झौता) दर हो । प्राधिकरणले घटाघट विधिबाट परियोजनाको बोलपत्र आह्वान गर्ने गरेको छ । हालै ठेक्का लागेको ९ सय ६० मेगावाटको टेन्डरमा औसत् पिपिए दर पाँच रूपैयाँ ५० पैसा तोकिएको छ र परियोजना अवधिभर (३० वर्ष) सम्म सोही दर कायम रहन्छ । अहिले बैंक तथा वित्तीय संस्थाहरूमा तरलता छ । ब्याजदर एकल अंकमा झरेको छ र सोलार प्यानलको मूल्य पनि पछिल्लो वर्षमा घट्दै जाँदा व्यवसायीले पाँच रूपैयाँ ५० पैसामा विद्युत् उत्पादन गरेर प्राधिकरणलाई बिक्री गर्न सक्नेछन् । तर, सधैं यही अवस्था रहन्छ भन्ने ग्यारेन्टी छैन । त्यसमाथि दिनानुदिन मुद्रास्फीति बढ्दै छ । ३० वर्षसम्मका लागि पीपीए दर कायमै रहने प्रावधानले दीर्घकालमा व्यवसायीहरु मारमा पर्छन् । तसर्थ पीपीए दरलाई समय-समयमा समीक्षा गरी मुद्रास्फीति दरअनुसार समायोजन गरेर जानुपर्छ । यदि एउटै दर ३० वर्षसम्म कायम रहने हो भने यो विद्युत् खरिद-बिक्री सम्झौता नभई करार (कन्ट्रयाक्ट) हुन जान्छ । जसले प्राधिकरण र सरकारलाई मात्रै फाइदा दिन्छ ।

सौर्य ऊर्जाका कारण आएको एउटा ठूलो समस्या हो- सोलार परियोजनाका कारण मासिँदै गएको खेतीयोग्य जमिन । राज्यले कृषि उत्पादकत्व बढाउने नीति अघि सारिरहँदा तराईको उर्वर भूमिमा क्षमतावान्ले सोलार प्यानल राखेका छन् । अरु कतिपयले जग्गा प्लटिङ गर्दै खेतीयोग्य जमिन मासिरहेका छन् । खेतीयोग्य जमिन र सौर्य ऊर्जा एक-अर्कोमा बाझिँदा दीर्घकालमा ठूलो समस्या निम्त्याउने देखिन्छ । हामीले अहिले आफ्नो मलिलो जग्गा मासेर आयातित चामल, तेलको प्रयोग गरिरहेका छौं । यसतर्फ पनि सरकार र प्राधिकरणले ध्यान दिन आवश्यक छ । टेन्डर आह्वान गर्दा सब-स्टेसननजिक पर्ने पहाडको भूभागमा सोलार प्यानल राख्नुपर्छ । छिमेकी भारतकै उदाहरण हेर्दा राजस्थान, हरियाणा, गुजरात र पन्जाबका सुक्खा (बन्जर) भूमिमा सोलार प्यानल राखेको पाइन्छ । प्यानल राख्दा कृषि क्षेत्रलाई असर नपुग्ने गरी पूर्ण अध्ययन गरेर भारतकै मोडालिटी अपनाउन सकिन्छ ।

त्यस्तै, पहाडमा सोलार प्यानल राख्दा पकेट क्षेत्रको स्थापना गर्न सकेमा एउटै प्रसारण लाइनमा धेरै परियोजनाको विद्युत् जडान गर्न सकिन्छ र प्रसारण लाइन विस्तारको काम माकुराको जालोजस्तो देखिँदैन । अर्थात् कृषि र सोलार परियोजनालाई एकीकृत ढङ्गबाट अघि बढाउन सकिन्छ । सोलार प्यानलको स्ट्यान्ड अग्लो बनाएर, प्यानलमुनि बदाम, जिरा, बेसार, सागजस्ता बाली लगाउन सकिन्छ । भारतको बैङ्गलोर, कर्नाटकमा सोलार प्यानलमुनि 'पोल्ट्री फार्म' गरिरहेका छन् । विद्युत् उत्पादन पनि हुने र कृषि उत्पादनमा पनि टेवा पुग्न गई रोजगारी वृद्धिमा समेत सहयोग गर्छ । त्यसैले सोलार क्षेत्रको विस्तारले कृषि क्षेत्रलाई पनि टेवा पुऱ्याउन सक्छ । उर्वरभूमि बाँझो हुँदैन ।

सौर्य ऊर्जाको अर्को समस्या प्राविधिक विकासलाई अनुसरण गर्न नसक्नु हो । विश्वमा नयाँनयाँ 'इन्नोभेसन' भइरहेको छ । सोलार प्यानलको क्षमता दिनानुदिन बढ्दै गएको छ । अपी पावर कम्पनीले सौर्य ऊर्जा उत्पादन सुरू गर्दा प्यानलको इफिसेन्सी ३५० वाट पिक थियो अहिले ६५० वाट पिक क्षमताका सोलार प्यानल चीनमा प्रयोग भइरहेको



छ । त्यसैले विश्वव्यापी रूपमा विकसित प्रविधि अँगाल्न पनि पछि पर्नु हुँदैन । उच्च क्षमता भएका गुणस्तरीय प्यानलको प्रयोग गर्दा थोरै जग्गामा पनि अधिकतम बिजुली उत्पादन गर्न सकिन्छ । यस्तै रोबोटले सोलार प्यानल सफा गर्ने प्रविधि विकसित देशहरूमा छ । कम पानीको प्रयोग गरेर मानव आँखा देख्न नसक्ने फोहोरलाई पनि रोबोटको प्रयोग गरी सफा गरिएको छ । यस्ता प्रविधि नेपालमा पनि हस्तान्तरण (ट्रान्सफर) हुन आवश्यक छ । त्यसका लागि सरकारले व्यवसायीहरूलाई सचेत बनाउने र तालिम दिने काम गर्नुपर्छ । विज्ञान र प्रविधिको युगमा विकसित प्रविधिको प्रयोग गर्न सके धेरै फाइदा लिन सकिन्छ ।

पछिल्लो समय 'रूफटप' सोलार प्यानलको प्रयोग विकसित देशहरूमा बढ्दै गएको छ । देशका मुख्य उद्योगहरूले आफ्नो छानामा सोलार प्यानल राखी विद्युत् उत्पादन गरेर आफूलाई चाहिँदा आफूले प्रयोग गर्ने र बढी भएको प्राधिकरणलाई बेचेर नेट-मिटरिङको अवधारणा अवलम्बन गर्न सकिन्छ । व्यवस्थित अध्ययन गरी रूफटप प्रविधिलाई प्रयोगमा ल्याउन सकिए उद्योगहरूले भोगिरहेको विद्युत् कटौतीको समस्या पनि समाधान हुने देखिन्छ ।

## नीतिगत सहजताको अपेक्षा

सौर्य ऊर्जा प्रचुर सम्भावना बोकेको क्षेत्र हो । छोटो समयमा निर्माण सम्पन्न हुने, उत्पादन सुरु भएदेखि प्रतिफल दिने भएकाले लगानीका हिसाबमा पनि सहज र सुरक्षित छ । सहज किन भने सौर्य ऊर्जा उत्पादनको टेन्डर अवार्ड भइसकेपछि लाइसेन्सिङ, जेनेरेसन लाइसेन्सिङ, रोयल्टी र वातावरणीय पक्ष (ईआईए) का लागि जलविद्युत् परियोजनाका लागि जस्तो धेरै विभाग धाउनु पर्दैन । तर, थप व्यवस्थित गर्दै एकद्वार प्रणाली भने निर्माण गर्नुपर्छ ।

त्यस्तै, सौर्य ऊर्जाका क्षेत्रमा विदेशी लगानीकर्ताले नेपालमा लगानी गर्न चाहे लगानी सुनिश्चितता सरकारले गरिदिनुपर्छ । साथै लगानीको प्रतिफल फिर्ता लैजाने प्रक्रियालाई सहज र सरलीकृत गरिदिनुपर्छ । यसले विदेशी लगानीकर्तामा आकर्षण बढ्छ । त्यसैगरी १५ वर्षसम्म दिइएको आयकर छुट परियोजना अवधिभर लागु गरे व्यवसायीहरु थप आकर्षित हुन सक्छन् ।

सौर्य ऊर्जा विस्तारलाई दिगो बनाउन टेन्डर आह्वानका क्रममा घटाघट विधि अपनाइरहँदा गुणस्तर र दीर्घकालीन प्रभावलाई पनि ध्यानमा राख्नुपर्छ । पीपीए दरको समीक्षा गरी संशोधन गर्नुपर्छ । सस्तो बिजुली मात्रै होइन विद्युत्‌को माग, आपूर्ति र सब-स्टेसनको क्षमतालाई हेरेर पहाडमा पनि सोलार प्यानल राख्नुपर्छ । पूर्ण अध्ययन गरेर तराई र पहाडका लागि फरक-फरक टेन्डर आह्वान गर्नुपर्छ किनकि मूल्यमा मात्रै जोड दिँदा सोलार परियोजना तराईकेन्द्रित भइरहेका छन् ।

सस्तो बिजुली मात्रै होइन विद्युत्को माग, आपूर्ति र सब-स्टेसनको क्षमतालाई हेरेर पहाडमा पनि सोलार प्यानल राख्नुपर्छ । पूर्ण अध्ययन गरेर तराई र पहाडका लागि फरक-फरक टेन्डर आह्वान गर्नुपर्छ किनकि मूल्यमा मात्रै जोड दिँदा सोलार परियोजना तराईकेन्द्रित भइरहेका छन् ।

## निष्कर्ष

सरकारले कृषियोग्य जमिनको संरक्षण र सौर्य ऊर्जाको विकासबीच सन्तुलन कायम गरी विद्युत् खरिद दरलाई समयानुकूल समायोजन, नवीनतम प्रविधिको प्रयोग र नीतिगत सहजीकरण गरिदिए सौर्य ऊर्जाले नेपालको विकासमा नयाँ आयाम थप्नेछ । सौर्य ऊर्जा र कृषि क्षेत्रको एकीकृत विकास गर्दै आधुनिक प्रविधिको प्रयोग र वैदेशिक लगानी आकर्षण गर्न सके नेपालले छोटो समयमै ऊर्जा क्षेत्रमा आत्मनिर्भरता हासिल गर्न सक्छ । यसका लागि सरकार, निजी क्षेत्र र सरोकारवालाहरूको समन्वय आवश्यक छ । सौर्य ऊर्जाका क्षेत्रमा देखिएका समस्याहरूको समाधान गरी प्रचुर सम्भावना बोकेको सौर्य ऊर्जाको विकास र प्रवर्धनले देशको आर्थिक विकासमा महत्त्वपूर्ण टेवा पुर्‍याउनेछ ।

*(न्यौपाने अपी पावर कम्पनीका प्रबन्ध निर्देशक हुन्)*



# संरचना र जनशक्ति वृद्धि नहुँदा स्वास्थ्य सेवा प्रभावकारी र व्यवहारिक बन्न सकेन

औषधीको व्यापार तथा व्यवसाय नियमन गर्न सरकारी तवरमै दुविधा छ । औषधी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले हेर्ने कि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हेर्ने भन्नेमै दुविधा छ । अनुगमनको काम औषधी व्यवस्था विभागले गर्ने गरेको छ तर, प्रभावकारी हुन सकिरहेको छैन ।



डा. रोशन पोखरेल

- औषधीमा अत्यन्तै चर्को अस्वस्थ प्रतिस्पर्धा
- स्वास्थ्य उपकरण खरिद प्रणाली नै गलत
- नेपालमा दर्ता भएका १३२ औषधि उद्योगमध्ये ८६ वटा सञ्चालनमा
- नेपालमा औषधीको कुल बजार ६५ अर्ब रूपैयाँ हाराहारी
- आयातित औषधीले करिब ६० प्रतिशत माग धानेको स्थिति

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपालमा औषधी व्यवस्था विभागले आवश्यक औषधीको अनुमति दिने गर्छ । धेरै स्टेक होल्डर भएकाले मुलुकमा औषधी व्यवस्था गर्न निकै गाह्रो हुने गरेको छ । औषधीमा अस्वस्थ प्रतिपर्धा छ भने विश्वस्तरको ल्याब नभएका कारण गुणस्तर परीक्षण पनि राम्रोसँग हुन सकिरहेको छैन । नेपालमा ल्याब भए पनि कम गुणस्तरका छन् भने दक्ष जनशक्तिको पनि अभाव देखिँदै आएको छ । दक्ष जनशक्ति थप्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सकिरहेको छैन ।

नेपालमा औषधी आयात पनि दुईथरीले गर्छन् । एकथरी औषधी आयातकर्ता छन् र उनीहरूले औषधी पसलमा बेच्छन् । अर्काथरी भने ठूला औषधी पसल चलाएकाहरु आफैंले आयात गरी बिक्री-वितरण गर्छन् । स्वदेशमा उत्पादित औषधीको व्यवसाय फेरि आफ्नै किसिमको छ । नेपालमा औषधी पसलेहरूको एउटा माग हुन्छ भने औषधी उत्पादक संघको अर्कै माग हुन्छ । अधिक स्टेक होल्डर र आर्थिक रूपमा धेरै बलिया भएकाले औषधीमा धेरै नै चलखेल हुने गरेको छ । वास्तवमा भन्ने हो भने औषधीका मामिलामा नेपालमा सरकारभन्दा व्यापारी बढी बलिया छन् । धेरै स्टेक होल्डरका कारण औषधीमा देखिएको समस्या निराकरण गर्न राज्यले ठुलै हिसाबले सोच्नुपर्ने आवश्यकता छ ।

## नियमनमा दुविधा

औषधीको व्यापार तथा व्यवसाय नियमन गर्न सरकारी तवरमै दुविधा छ । औषधी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले हेर्ने कि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले हेर्ने भन्नेमै दुविधा छ । अनुगमनको काम औषधी व्यवस्था विभागले गर्ने गरेको छ तर, प्रभावकारी हुन सकिरहेको छैन । स्वास्थ्य र उद्योग मन्त्रालय मातहतका निकायहरूसँग संयुक्त अनुगमन गर्न सकिने अवस्था पनि अहिले छैन किनकि स्वास्थ्य मन्त्रालयसँग २०५९ सालदेखि अनुगमन जनशक्ति बढ्न सकेको छैन । पहिलेकै जनशक्तिबाट औषधीको आयात गर्नेदेखि उत्पादक, औषधीको पैठारी गर्नेलाई स्वीकृति दिनुपर्ने अवस्था अहिले छ । सोही जनशक्तिले नै औषधी पसलहरूको अनुगमन गर्नुपर्ने अवस्था छ । त्यसैले यो क्षेत्रमा जनशक्ति बढाउनुपर्ने आवश्यकता छ ।

## औषधीको मूल्य न्यून

नेपालमा सरकारी कम्पनीले उत्पादन गर्ने औषधीको मूल्य एकदमै कम छ । नेपाल औषधी लिमिटेडले न्यून मात्रमा उत्पादन गर्ने र मूल्य पनि न्यून छ । सिटामोल, जीवनजलजस्ता औषधीको मूल्य धेरै लामो समयदेखि बढाउन सकिएको छैन । मूल्य बढायो भने ठुलो राजनीतिक मुद्दासमेत बन्ने भएकाले औषधीको मूल्य सान्दर्भिक बनाउन सकिएको छैन । यसले नेपालमा औषधी उद्योगहरूको विकास हुन सकेको छैन । पेट्रोलदेखि दूधसम्मको मूल्य अन्तर्राष्ट्रिय बजारमा छाड्ने तर, औषधीको मूल्य सधैँ एउटै राखिराख्नुपर्ने न्यायोचित होइन । कम्तिमा लागत उठ्ने गरी औषधीको मूल्य तोकिनुपर्ने अहिलेको अवश्यकता छ ।

अहिले निजी क्षेत्रले औषधीको कच्चा पदार्थ बाहिरबाट ल्याइरहेका छन् । व्यवसायीहरूले



औषधीका कच्चा पदार्थ एउटा देशबाट ल्याउन नसके अर्को देशबाट ल्याउने गरी राज्यलाई सुनिश्चितता दिन भने सकेका छैनन् । औषधीको कच्चा पर्दा कहाँबाट ल्याउने ग्यारेन्टी गर्ने हो भने भन्सार महसुल छुट वा कम गर्ने विषयमा अर्थ मन्त्रालयमा छलफल गर्न सकिन्छ । कच्चा पदार्थ आयात गर्ने सुरक्षण भएको अवस्थामा नेपालमा भएका उद्योगहरूलाई प्रोत्साहन गर्न सक्ने अवस्था प्रशस्त छ ।

कच्चा पदार्थ ल्याउन सक्ने ग्यारेन्टी नभएको अवस्थामा राज्यले प्रोत्साहन दिन सक्दैन किनभने पछि भारतले, चीनले कच्चा पदार्थ ल्याउन दिएन भनेर औषधी उत्पादन रोकिएको भारी स्वास्थ्य मन्त्रालयले बोक्न सक्दैन । त्यसैले कच्चा पदार्थ आयातमा लाग्दै आएको भन्सार घटाउनु अघि उद्योगीले सरकारलाई आश्वस्त पार्न सक्नुपर्छ ।

नेपाल अति कम विकासितबाट स्तरोन्तति हुँदै गर्दा कतिपय सुविधाहरू खोसिँदा औषधी उद्योगहरू मारमा पर्ने सम्भावना पनि छ । तर, आत्तिनुपर्ने अवस्था भने छैन । विकासशील मुलुक बन्दै गर्दा मुलुकको मूल्य (भ्यालु) नै उच्च हुने भएकाले उद्योगहरूले पनि आफूहरूलाई विकास गर्न जरूरी छ । सरकारले पनि उद्योगहरूको अवस्थालाई माथि उकास्न गुरूयोजना (मास्टर प्लान) बनाउँदै छ ।

कच्चा पदार्थ ल्याउन सक्ने ग्यारेन्टी नभएको अवस्थामा राज्यले प्रोत्साहन दिन सक्दैन किनभने पछि भारतले, चीनले कच्चा पदार्थ ल्याउन दिएन भनेर औषधी उत्पादन रोकिएको भारी स्वास्थ्य मन्त्रालयले बोक्न सक्दैन । त्यसैले कच्चा पदार्थ आयातमा लाग्दै आएको भन्सार घटाउनु अघि उद्योगीले सरकारलाई आश्वस्त पार्न सक्नुपर्छ ।

## स्वास्थ्य उपकरण खरिदमा समस्या

सरकारी स्वास्थ्य संस्थाहरूलाई आवश्यक स्वास्थ्य उपकरणहरू खरिद गर्न संघीय सरकारले नै बजेट व्यवस्थापन गर्दै आएको छ । स्वास्थ्य मन्त्रालयले प्रादेशिक सरकार र सम्बन्धित स्थानीय तहलाई बजेट पठाउने गरेको छ र उनीहरूले आवश्यक उपकरण खरिद गर्ने गरेका छन् । तर, एउटै सामान स्थानीय तहले खरिद गर्दा र केन्द्रले खरिद गर्दा मूल्यमा आकाश पातालको फरक पर्ने देखिएको छ । स्थानीय र प्रदेश सरकारबाट खरिद भएका सामाग्रीहरूको मूल्य तीन गुणासम्म महँगो भएको पाइएको छ । त्यसैले केन्द्र, प्रदेश र स्थानीय तहबाट उपकरणहरू खरिद गर्दा एउटै प्रणाली लागु गर्न खोजिए पनि सम्भव भइरहेको छैन ।

केन्द्रले किनेर एउटा मूल्य तय भएपछि प्रदेश र स्थानीय तहले त्यही मूल्यमा केन्द्रसँग लिने व्यवस्था गर्न सकियो भने केही व्यवस्थित हुने देखिन्छ । तर, यो प्रणाली लागु गर्न निकै कठिन छ । प्रदेश र स्थानीय तहले झन् विवाद सिर्जना गराउने सम्भावना छ । अरू सामग्रीहरू खरिद गर्न स्वास्थ्य मन्त्रालयलाई एउटै नियम छ । संघले खरिद नियमावलीको प्रावधानभित्र रहेका आवश्यक वस्तुहरू खरिद गर्छ । प्रतिस्पर्धाका माध्यमबाट सस्तोमा समानहरू खरिद गर्दा कहिले राम्रो र कहिले नराम्रो पर्ने गरेको छ । खरिद प्रणालीकै कारण सस्तोमा खरिद गरिएका धेरैजसो सामग्री नराम्रा वा गुणस्तहीन वा कमसल पर्ने र धेरै बिग्रिरहने भएका कारण हैरानी र गाली खेप्नुपर्ने अवस्था छ । यस्ता समस्या समाधान गर्न स्वास्थ्य मन्त्रालयले प्रयास गरे पनि खरिद प्रणालीमै भएको समस्या समाधान गर्न सम्बन्धित निकायले चासो नदेखाएपछि प्रक्रिया रोकिएको छ । सार्वजनिक खरिद ऐन, नियमावलीलाई केही संशोधन गरेर स्वास्थ्यलाई छुट्टै व्यवस्था गर्न जरूरी छ । स्वास्थ्यलाई अन्य खरिदमा मुछिनु राम्रो हुँदै होइन, यसले सधैंभरी विवाद निम्त्याउने छ । एउटा सामग्री खरिद गर्दा पाँचवटा खरिदकर्ताहरू भिडाउनुपर्ने र स्वार्थ समूहलाई समान खरिद गर्न दिएको भनेर आरोप खेप्नुपर्ने अवस्था छ । राम्रो सामग्री लिँदा महँगो पर्ने र सस्तो ल्याउँदा कमिसन चक्करमा सस्तो ल्याएको भनेर आरोप लाग्ने गरेको छ । त्यसैले स्वास्थ्य मन्त्रालयसकभर खरिदको मामिलाबाट पन्छिन खोज्छ । स्वास्थ्य सामग्री, उपकरण सम्बन्धित अस्पतालहरूले खरिद गर्न सक्ने व्यवस्था गर्नुपर्छ ।

## स्वास्थ्य सेवा पहुँचका गुनासा

देशभरका अस्पतालहरूमा स्वास्थ्य सेवा सरकारी स्रोत, साधनले भ्याएसम्म प्रभावकारी



रूपमै सञ्चालन गरिरहेको अवस्था छ । देशका कतिपय अस्पतालहरूमा सेवा प्रभावकारी भएन भनेर गुनासाहरूसमेत आउने गरेको छ । नेपाली जनतालाई सरकारी अस्पतालको सेवा चित्त नबुझेको जस्तो देखिन्छ । २०४८ पछि नेपालमा ठूला अस्पतालहरु बनिरहेका छैनन् । अहिले सञ्चालित सबै सरकारी अस्पतालहरु २०–३०–४० वर्ष अगाडिका हुन् । तत्कालीन समयको जनसंख्याका आधारमा बनाइएका अस्पतालहरु धेरै जनसंख्या बढेको अहिलेको अवस्थामा आइपुग्दा निकै नै साँघुरिएको अवस्था छ । जनताले अस्पतालबाट छिटो, सहज र गुणस्तरीय सेवा-सुविधा खोजिरहेका छन् । तर, दशकौंअघिको स्वास्थ्य संरचनाले आजको आवश्यकता धान्न निकै मुस्किल परेको छ । समयअनुसार मानिसहरूका आवश्यकता बढ्छन्, सेवा सुविधाहरु पनि त्यही रूपमा अद्यावधिक गर्नुपर्ने हुन्छ । तर, सरकारी अस्पतालहरु सहज रूपमा परिवर्तित भइरहेका छैनन् । यसो हुनुको मुख्य कारण समयअनुसार कानुनहरु परिमार्जित हुन नसक्नु पनि हो ।

अहिले पनि २०५८ कै दरबन्दीमा रहेर अस्पतालहरु चलिरहेका छन् । यस्तो अवस्थामा अहिलेको आवश्यकता, माग धान्न निकै कठिन हुन्छ नै । यद्यपि स्वास्थ्य संस्थाहरूको क्षमता केही रूपमा भए पनि वृद्धि भई नै रहेको छ । वीर अस्पताल तीन सय बेडबाट नौ सय बेडमा विस्तार गरिएको छ । विराटनगरको कोशी अस्पताल दुई सय बेडको स्वीकृतिबाट साढे तीन सय बेड पुगेको छ । भरतपुर अस्पताल डेढ सय बेडको स्वीकृतिबाट साढे ६ सय बेडमा पुऱ्याइएको छ । वीरगन्जको अस्पतालमा साढे चार सय बेड सञ्चालनमा छ ।

अस्पतालहरु देशका मुख्य सहरका केन्द्रमै रहेको तर अत्यधिक जनसंख्या वृद्धिका कारण थप अस्पतालहरु र जनशक्ति बढ्न नसक्दा सेवा-सुविधा केही मात्रामा वृद्धि हुँदा पनि अभावको महसुस भएको हो । पुरानै जनशक्तिलाई काम थप गरेर सेवा उपलब्ध गराउन स्वास्थ्य मन्त्रालय सक्रिय छ । स्वास्थ्य मन्त्रालयले सक्ने जति सबै उपाय लगाएर स्वास्थ्य सेवालाई आधुनिक र भरपर्दो बनाउने प्रयास जारी राखेको छ । तर, अहिलेको जनशक्ति, संरचनाबाट अब थप सेवा विस्तार हुने सम्भावना कम छ । सीमित जनशक्ति र संरचनालाई धेरै पेल्दा विस्फोट हुने खतरा रहन्छ । गुणस्तरीय स्वास्थ्य सेवा विस्तारका लागि राज्यले नयाँ ढंगबाट सोच्न जरुरी छ । धेरैजसो ठाउँमा जनता सरकारी अस्पतालमा सेवा लिन जाने वातावरण बनेकाले स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन सबै पक्षको सक्रियता आवश्यक छ । पछिल्लो समय निजी अस्पतालहरूमा सेवा लिन जानेको संख्या विस्तारै घट्दै गएको छ । धेरै मानिसहरु बाध्यतामा परेर निजी अस्पतालमा उपचार गराउन जाने गरेका छन् भने कतिपय धनीमानीहरु रवाफ देखाउनकै लागि जाने गरेका छन् ।

यसो भनेर सरकारी अस्पतालहरु सबै ठीक छन् भन्न मिल्दैन । अहिले पनि सरकारी अस्पतालमा समय पाउन ढिला हुने, डाक्टर भेट्न महिनौं कुर्नुपर्ने, सरकारी चिकित्सकले नै निजीमा जान सिफारिस गर्ने गरेका गुनासाहरु आउने गरेका छन् । उपचार गर्न जाने पढेलेखेकाहरु आफूले भनेकै डाक्टर भेट्न खोज्ने, चिनेजानेका र पहुँचवालाले जुनसुकै डाक्टरलाई जुनसुकै समयमा भेट्न खोज्ने गरेका कारण पनि समस्या सिर्जना हुने गरेको छ । सरकारी अस्पतालमा निजी अस्पतालको जस्तो सेवा दिन अहिलेको संरचनाले नभ्याउने भएकाले पनि गुनासाहरु बढी आएका हुन् ।

निजी अस्पतालमा जाँदा चियाकफी खुवाउने, स्वागत सत्कार गर्ने गरिएका कारण पनि मानिसहरु राम्रो हस्पिटालिटी भन्दै निजीतर्फ आकर्षित हुने गरेका छन् । तर, ती सबैको रकम असुलेका हुन्छन्, त्यसको हिसाबकिताब हुँदैन । सरकारी अस्पतालमा सामान्य न्यूनवर्गका मानिसहरूले उपचार गराउने भएकाले विभिन्न सर्त वा सेवा देखाएर राज्यले सेवाग्राहीबाट रकम असुल्न सक्दैन । त्यसैले सरकारी अस्पताललाई निजीजस्तै बनाउन सकिने अवस्था छैन । तर, सरकारीमा एउटा समय निर्धारण गरेर निजीसरह काम गर्न डाक्टरहरूलाई सुविधा दिने हो भने डाक्टरहरूको आम्दानी पनि बढ्ने, सेवा वृद्धि हुने, अस्पतालहरूको आम्दानीसमेत बढ्न सक्ने देखिन्छ । डाक्टरहरूलाई यस्ता सुविधा दिन सरकारले नीतिगत रूपमै प्रबन्ध गर्नुपर्छ । यसो भनेर सामान्य जनतालाई दिने सेवामा भने कदापि कमी आउन दिनु हुँदैन । समग्रमा भन्दा जनशक्तिको चरम अभावका कारण स्वास्थ्य सेवा व्यवहारिक र प्रभावकारी बन्न सकिरहेको छैन ।

*(पोखरेल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव हुन्)*



# नेपालमा औषधी उत्पादन, बजारको अवस्था र अबको बाटो

औषधी उद्योगहरूको संख्या बढिरहे पनि प्रतिफल लिन भने सकस परिरहेको छ । आममानिसको जीवनसँग जोडिएका औषधी उद्योगहरूका दुःख पनि पर्याप्त छन् । ०६२/६३ को परिवर्तनपछि नेपाल उद्योगमैत्री बन्छ, नेपालले औद्योगिक विकासमा फड्को मार्छ भन्ने निजी क्षेत्रको अपेक्षा तुषरापात भएको छ ।



हरिभक्त शर्मा

देउराली-जनता फर्मास्युटिकल्स सञ्चालनमा आउँदा नेपालमा औषधी उद्योगहरु खासै थिएनन् । देउराली पाँचौँ स्थानमा थियो । अहिले औषधी उत्पादनमा लगानी बढेर उद्योगहरूको संख्या पनि बढेको छ । हजारौँले रोजगारी पाएका छन् । १५/२० वर्षदेखि नेपालमा औषधी खपतको ४५ प्रतिशत हिस्सा आन्तरिक उत्पादनले धानिरहेको छ । अहिले पनि नेपालमा खपत हुने ५५ प्रतिशत औषधी भारत, चीन, बंगलादेशगायत विभिन्न विकसित मुलुकहरूबाट आउने गर्छ । औषधी उत्पादनको कच्चा पदार्थ पनि विभिन्न देशबाट आयात गरिन्छ । तर, औषधी उद्योगहरूको संख्या बढ्दै गर्दा बजारको हिस्सा भने घट्दै गएको छ ।

औषधी उद्योगहरूको संख्या बढिरहे पनि प्रतिफल लिन भने सकस परिरहेको छ । देउराली-जनताले पनि औषधी उत्पादनमा ठुलो लगानी गरेको छ । तर, लगानीअनुसारको प्रतिफल पाएको छैन । आममानिसको जीवनसँग जोडिएका औषधी उद्योगहरूका दुःख पनि पर्याप्त छन् । ०६२/६३ को परिवर्तनपछि नेपाल उद्योगमैत्री बन्छ, नेपालले औद्योगिक विकासमा फड्को मार्छ भन्ने निजी क्षेत्रको अपेक्षा तुषरापात भएको छ । परिवर्तनले दुई दशक पुग्दै गर्दा पनि देशमा उद्योगमैत्री वातावरण बनाइएन, देश व्यापारमैत्री मात्रै भयो ।

नेपालमा आयातलाई सहज र उत्पादनलाई अप्ठ्यारो हुने गरी बनाइँदै आएको नीतिमा कुनै सुधार भएन । नीतिगत रूपमै नेपाल व्यापार गरेर मात्रै खाने मुलुक रूपमा विकास भइसकेको छ ।



एउटै प्रकृतिको विदेशी कम्पनीले उत्पादन गरेको औषधी २५ रूपैयाँमा बिक्री गर्न दिने सरकारले स्वदेशी उत्पादकहरूलाई भने १५–१६ रूपैयाँमा बेच्न बाध्य पार्छ । उत्पादनकै लागत हेर्ने हो भने पनि विदेशी कम्पनीहरूको भन्दा नेपाली उद्योगले उत्पादन गर्ने वस्तुहरूमा लागत बढी पर्न जान्छ । सबै कच्चा पदार्थको मूल्य बढेको छ । डलरको मूल्यदेखि पेट्रोलियम पदार्थलगायत सबै वस्तुको मूल्य बढेको छ । तर औषधीको मूल्य भने १२–१५ वर्ष अगाडिदेखि एउटै छ । कच्चा पदार्थको मूल्य र उत्पादन लागत अन्य देशको तुलनामा महँगो छ, अनि औषधीको मूल्य सबैभन्दा सस्तो छ । पुरानै मूल्य राखेर मात्रै औषधी व्यवस्था विभागले नवीकरण गर्ने गरेको छ । नेपालमा उत्पादन भएको औषधीको मूल्य सस्तो बनाउन बाध्य पारिन्छ र नेपाली उद्योगलाई प्रणालीगत रूपमै समस्यामा पार्ने गरिएको छ ।

नेपाली उद्यमीहरूलाई पाइला–पाइलामा अप्ठ्यारो सिर्जना गरिन्छ तर, औषधी आयात खुरूखुरू गर्न दिइन्छ । नेपाली औषधी उत्पादकहरूलाई चाहिनेभन्दा बढी कागजातहरु पेस गर्नेदेखि अनेकन झन्झटिलो प्रक्रियामा अल्झाउने गरिन्छ । जस्तै– हरेक कच्चा पदार्थ आयात गर्न हरेक वर्ष नयाँ लाइसेन्स लिनुपर्छ । हरेक उत्पादनका लागि छुट्टाछुट्टै अनुमतिपत्र लिनुपर्छ र हरेक वर्ष नवीकरण गर्नुपर्छ । यस्तो नियम संसारमा अन्यत्र कहीँ पनि छैन । नयाँ उत्पादनको लाइसेन्स लिन त दुई/तीन वर्षसम्म कुर्नुपर्ने बाध्यता छ । अझ नयाँ उत्पादन गर्नुभन्दा त्यसको अनुमति लिन समस्या छ । त्यस्तैः विदेशबाट कुनै प्राविधिक (टेक्निसियन) ल्याएको खण्डमा पाँच वर्षसम्म श्रम स्वीकृतको व्यवस्था छ तर, श्रम विभागले बढीमा एक वर्ष श्रम स्विकृति दिइनेछ भनेर श्रम नियमावलीमा बनाएको छ । कानुनमा भएको व्याख्याभन्दा खराब नियमावली कसरी बन्छ बुझिनसक्नु छ ।

औषधी मात्रै होइन अहिले जुनसुकै उद्योग क्षेत्रमा समस्या छ । भाषणमा सबैले उद्योगमैत्री बनाउँछु भन्छन् तर, व्यवहारमा उद्योगमैत्री वातावरण छैन । नेपालाई औद्योगीकरणको बाटोमा लैजान धेरै ढिला भइसकेको छ । नेपाली उद्योगहरु फस्टाउन नसक्दा नयाँ लगानी गर्न उद्यमी डराइरहेका छन् । नेपालमा उद्योग सञ्चालन गर्नेहरू सबै बदमास हुन्छन्, यिनीहरूले ठगी गर्छन् भन्ने भाष्य निर्माण गरिएको छ । कानुन पनि त्यही दृष्टिकोणले बनाइन्छ र सबै सरकारी कार्यालयहरूले त्यहीअनुसार काम गर्छन् । सरकारले उद्यमीहरूलाई सानो गल्तीमै जेल लगेर राख्ने कानुन बनाएको छ । सानो गल्तीमै ठुलो सजाय दिने गरेपछि उद्योग चलाउन डराउने भए ।

नेपालमा उद्योगलाई धेरै नियमन र नियन्त्रण गरिएको छ । औषधीको क्षेत्रमा पनि चाहिनेभन्दा बढी नियमन छ । एकातिर खुला अर्थतन्त्रका कुरा गर्छौं तर, अर्कातिर चलमलाउनै नसक्ने गरी बाँधिदिन्छौं । कुनै नेपाली औषधी उद्योगले नयाँ औषधीको अनुज्ञापत्र लिनै सक्दैन । कि नियन्त्रित अर्थतन्त्रमा जानुपर्‍यो होइन भने खुला अर्थतन्त्रका सामान्य सिद्धान्तहरु पनि पालना नगर्ने अवस्था रहनु हुँदैन । न हाँस न बकुल्लाको चालले उद्योगधन्दाको विकास हुँदैन । सरकारले उद्योगमैत्री वातावरण बनाउने हो भने नेपाल औषधीमा आत्मनिर्भर बन्न सक्छ । तर, औषधीका क्षेत्रमा अहिले भएका नीतिहरु नफेरेसम्म आत्मनिर्भर बन्न सकिँदैन । छिमेकी मुलुकहरूमा औषधी उत्पादनका उद्योगको आकारै ठुलो छ भएकाले ठूलो स्केलमा उत्पादन गर्छन् । तर, नेपालमा ठुला उद्योगलाई फस्टाउन दिइँदैन, सानाले उत्पादन गरेर प्रतिस्थापन गर्न सक्दैनन् ।

पहिलो, मुलुकको अर्थनीति के हो, बनाउन चाहेको कस्तो हो स्पष्ट हुनुपर्छ । संसारका हामीजस्तै मुलुकमा दुई रूपैयाँमा बेचिरहेको वस्तु नेपालमा एक रूपैयाँमा बेच्नुपर्छ भन्ने आधार के हो ? यस्तो वातावरणमा नेपालको उद्योगहरूले विश्वमा प्रतिस्पर्धा गर्नु त परको कुरा भइहाल्यो, नेपालमै पनि प्रतिस्पर्धा गर्न सक्दैनन् ।

एउटा उदाहरण हेरौं न, देउराली–जनताको उद्योग टोखा नगरपालिकामा छ । नगरपालिकामा पहिला व्यवसाय दर्ता गर्नुपर्छ । काठमाडौं महानगरपालिमा कार्यालय छ, त्यहाँ पनि व्यवसाय दर्ता गर्नुपर्छ । उद्योग विभागले उद्योग दर्ता गर्छ । कम्पनी रजिस्ट्रारले कम्पनी दर्ता गर्छ । औषधी व्यवस्था विभागबाट स्वीकृति नलिई केही गर्न पाइँदैन । तीन/तीनवटा सरकारी अड्डाबाट दर्ता गरिसकेपछि नगरपालिकामा पनि रजिस्ट्रेसन गर्नुपर्छ । नगरपालिकाको रजिस्ट्रेसनकर लिन मात्रै हो । पहिले उद्योगधन्दालाई सम्पत्ति कर लाग्दैन थियो । अहिले नगरपालिकाहरूले सम्पत्ति कर उठाइरहेका छन् । संसारमा धेरैजसो मुलुकले उद्योगधन्दाको सम्पत्तिमा सम्पत्ति कर लिँदैनन् । तर, नेपालमा पालिकामार्फत सम्पत्ति कर लिने गरिएको छ । उद्योगलाई सबैतिरबाट नियमन र उद्योगसँग राजस्व मात्रै लिनुपर्छ भन्ने सोचले उद्योगहरु संकटमा पर्दै गएका हुन् ।

अहिले धेरै औषधी उद्योगहरु अप्ठ्यारोमा चलिरहेका छन् । यस्तै अवस्था रहिरहे तीन/चार वर्षमा औषधी उद्योगहरु हराउँदै जान सक्छन् । नेपालमै उद्योग खोलेर काम गर्छु भन्नेहरूलाई उचित वातावरण छैन । बरू आयात गर्नेहरूलाई धेरै सुविधा दिइएको छ । आयात बढाउने र व्यापक राजस्व उठाउने ध्यानमा सरकार छ । यसले दीर्घकालमा नेपालमा उद्योगहरूको क्षमतामा ह्रास पुर्‍याउँछ र उद्योगमैत्री वातावरण अभावमा वैदेशिक लगानी पनि रोकिन्छ । नेपालमै भएका युवाहरु उद्योगमा लगानी गर्ने आँट गर्दैनन् । मुलुकमा कुनै आशा/भविष्य नदेखेपछि विभिन्न कारण देखाएर युवाहरु विदेशिने क्रम बढ्दो छ ।

नेपालमा अवसरहरु नभएको होइन तर, अवसरहरूको उपयोग गर्न नदिने खालको कानुन, नीति, नियम छ । यसलाई सुधार गर्न कसैको ध्यान छैन । निजी क्षेत्रले समस्या छन्, अप्ठ्यारो भइरहेको छ र सहज वातावरण बनाउन सके थपअगाडि बढ्न सकिन्छ भनेर ढाडस दिइरहेको छ । तर, सरकार र राजनीतिक दलहरु नीतिगत

**नयाँ उत्पादनको लाइसेन्स लिन त दुई/तीन वर्षसम्म कुर्नुपर्ने बाध्यता छ । अझ नयाँ उत्पादन गर्नुभन्दा त्यसको अनुमति लिन समस्या छ । त्यस्तैः विदेशबाट कुनै प्राविधिक (टेक्निसियन) ल्याएको खण्डमा पाँच वर्षसम्म श्रम स्वीकृतको व्यवस्था छ तर, श्रम विभागले बढीमा एक वर्ष श्रम स्विकृति दिइनेछ भनेर श्रम नियमावलीमा बनाएको छ । कानुनमा भएको व्याख्याभन्दा खराब नियमावली कसरी बन्छ बुझिनसक्नु छ ।**



सुधारका लागि पटक्कै तयार छैनन् । आफैं उत्पादन गर्ने, निर्यात गर्नेभन्दा आयातमा रमाएर विदेशीहरूको भरमा बस्ने बानी लगाइरहेका छौं । मुलुक जति पनि आयात गर्न तयार भएकैले नेपाली उद्योगहरु फस्टाउन सकेका छैनन् । ग्लोबल स्केलमा काम गर्ने खालको वातावरण नेपालमा छैन ।

कुनै पनि मुलुक आम्दानी नगरी खर्च गर्ने ठुलो आकांक्षा राख्छ भने ती देशहरु आर्थिक हिसाबले डामाडोल भएका छन् । नेपाल पनि अहिले त्यही बाटोमा हिँडिरहेको छ । नेपालको अहिलेको अवस्थालाई सुधार नगरी अघि बढ्ने हो भने ढिलोचाँडो मुलुक असफल हुन्छ । बहुदल आएपछि नेपालमा कुनै पनि गुणस्तरीय उद्योग कलकारखाना बन्न सक्ने औद्योगिक क्षेत्रहरूको निर्माण भएको छैन । बरु पञ्चायतले बनाएको औद्योगिक क्षेत्रहरु तहसनहस पारिएको छ । राजा महेन्द्रका पालामा धेरै औद्योगिक क्षेत्रहरु बनेका थिए । अहिले भाषणमा मात्रै औद्योगिक क्षेत्र छ तर निर्माण प्राथमिकतामा छैन । यस्तो अवस्थामा हामी उद्यमीहरु कसरी अगाडि बढ्न सक्छौं ?



बहुदल आएपछि नेपालमा कुनै पनि गुणस्तरीय उद्योग कलकारखाना बन्न सक्ने औद्योगिक क्षेत्रहरूको निर्माण भएको छैन । बरु पञ्चायतले बनाएको औद्योगिक क्षेत्रहरु तहसनहस पारिएको छ । राजा महेन्द्रका पालामा धेरै औद्योगिक क्षेत्रहरु बनेका थिए । अहिले भाषणमा मात्रै औद्योगिक क्षेत्र छ तर निर्माण प्राथमिकतामा छैन । यस्तो अवस्थामा हामी उद्यमीहरु कसरी अगाडि बढ्न सक्छौं ?

नेपाली औषधी उद्योगहरूलाई सहज तरिकाले चल्न सक्ने वातावरण बनाउने हो भने आयातित औषधीलाई प्रतिस्थापन गर्न सकिन्छ । चुरोट, रक्सी नेपालमै बनाउन सकिन्छ भने औषधी बनाउने किन सकिँदैन ? प्रविधि (टेक्नोलोजी) ल्याउन दिनुपर्‍यो, लगानी गर्न तयार छौं, आयात प्रतिस्थापन गर्छौं, नेपाललाई औषधीमा आत्मनिर्भर बनाउँछौं र निर्यात पनि गर्छौं भनिरहेका छौं । र पनि उद्योगीहरूका कुनै कुरा सरकारले सुन्दैन । औषधी उद्योगका लागि बनाइएका अनावश्यक नीति, नियमहरु हटाउनुपर्छ । चाहिनेभन्दा बढी नीति, नियमन परिमार्जन गरेर औषधी उद्योगको लागत नबढ्ने उपाय अपनाउन ढिलो भइसक्यो ।

जति कडा कानुन बनायो त्यति धेरै व्यवसायिक अनुशासन राम्रो हुन्छ भन्ने गलत सोच राखिएको छ । यदि यस्तो हुँदो हो त नेपालमा अहिले रामराज्य हुनुपर्ने हो । तर, त्यस्तो सुशासन कतै देखिँदैन । खराब मानिसहरूले त्यही प्रणालीबाट झन् खराब काम गरिरहेका छन् । जहाँ नचाहिँदो तरिकाले नियन्त्रण गर्न खोजिन्छ त्यहाँका असल नागरिक बाहिर जान्छन् । नेपालमा उद्योगीहरूलाई अविश्वास गर्ने वातावरण बनाइएको छ । निजी क्षेत्रलाई हेर्ने नजर परिवर्तन गरी सरकारले विश्वास गर्नुपर्छ । खराब गर्‍यो भने कारबाही गर्ने कानुन छँदै छ ।

नेपालीले गर्नुपर्ने नेपालमै हो । नेपालीले केही राम्रो गर्दा गर्व गर्ने नेपालले नै हो । मानौं, मैले अमेरिकामा गएर ठुलै काम गरे पनि त्यहाँ गर्व गर्न सक्दिनँ । किनभने त्यो मेरो ठाउँ होइन । नेपाल अब कसरी बन्नसक्छ र के कारणले नेपाल बनेन भनेर आत्मसमीक्षा गर्ने बेला आएको छ । आत्मसमीक्षा गरेर परिवर्तनको बाटो खोल्नुपर्छ । नेपालमा वर्षमा १५ हजार रोजगारी पनि सिर्जना नभएको अवस्था छ । रोजगारी बढाउन उद्योगधन्दा खुल्नुपर्छ र त्यसका लागि उद्योगको प्रवर्धन गर्नुपर्छ । उद्योगधन्दा धेरै समस्यामा छन् भनेर बारम्बार भनिरहे पनि सुधार भएको छैन । समस्याहरूको समाधान गर्ने हो भने उद्योगधन्दा फस्टाउन सक्छन् । यसले रोजगारी बढ्छ, अर्थतन्त्र बढ्छ र नेपाल पनि चाँडै बन्छ ।

विदेशी औषधीको आयातमा गरिएको सहजता, नेपाली उत्पादनका लागि लामो र झन्झटिलो प्रक्रिया र निर्यातमा सहजीकरण नहुनु मुख्य समस्या हुन् । नयाँ प्रविधि, औषधी उद्योग निर्माण गर्न आवश्यक पर्ने संसाधन, निर्माण सामग्रीको आयातमा लाग्ने उच्च भन्सार र मूल्य अभिवृद्धि करले गर्दा उद्योगको लगानी छिमेकी मुलुकमा भन्दा ४०-५० प्रतिशत महँगो भएका कारण समस्यामा परेका हुन् । नीतिगत तहमा सम्बोधन नभई अवस्था सहज हुँदैन । अहिले सरकार उद्योगधन्दा चलाउनेभन्दा पनि उद्योग र उद्यमीलाई नियन्त्रण गर्ने, धेरै राजस्व लिने र मूल्य नियन्त्रण गर्नेमा केन्द्रित भएको छ । यसरी उद्योगहरु फस्टाउन सक्दैनन् ।

अहिले पनि नेपाली औषधी उद्योगहरूले उत्पादन गरेका औषधीहरूको बजार हिस्सा आयातको भन्दा कम छ । आयातलाई निरूत्साहित गर्दै औषधी उद्योगहरूलाई प्रोत्साहन गरेमा मात्रै आत्मनिर्भर हुने सम्भावना बढ्छ । विदेशको भर नपर्ने गरी नेपालमै औषधी उत्पादन गर्न सकिन्छ, आयात प्रतिस्थापन हुन्छ र आत्मनिर्भर बनाउँदै निर्यात पनि गर्न सकिन्छ । त्यसका लागि सरकारले कानुन र नीतिमा आमूल सुधार गरी उद्योगहरु प्रोत्साहन हुने वातावरण बनाउनुपर्छ ।

*(शर्मा देउराली-जनता फर्मास्युटिकल्सका कार्यकारी सञ्चालक हुन्)*

# नेपालको स्वास्थ्य सेवालाई ‘मेडिकल पर्यटन’मा बदल्नुपर्छ

अहिले विश्वभर ‘मेडिकल टुरिजम’ मौलाएको छ । नेपालको हावापानी र मौसमले मेडिकल टुरिजमको सम्भावना बलियो देखाउँछ । तर, राष्ट्रिय नीति अभावमा पर्याप्त काम हुन सकिरहेको छैन ।



डा. सुदीप श्रेष्ठ

विश्वभर हरेक वर्ष क्यान्सरका बिरामी बढ्दै गइरहेको पाइन्छ । तर, बिरामीको तुलनामा उपचारका आवश्यक विधि र सुविधा खासै बढ्न सकेको छैन । नेपालमा पनि बिरामी बढिरहेका छन्, तर सुविधा निकै सीमित छ । यद्यपि, पछिल्लो समय विभिन्न अस्पतालहरूले क्यान्सरका उपचारका लागि आवश्यक औजार र उपकरणहरू प्रयोगमा ल्याउन थालेका छन्, जुन राम्रो पक्ष हो ।

नेपालमा एकपछि अर्को अस्पतालहरु खुलिरहे पनि सुविधासम्पन्न क्यान्सर अस्पतालको अभाव देखेरै नेपाल क्यान्सर हस्पिटल खुलेको हो । भारतमा अध्ययनरत रहँदा दिल्लीस्थित राजीव गान्धी क्यान्सर अस्पतालमा पुगेका धेरै नेपालीको दुःख मैले नजिकबाट देखें । जतिबेला भारतमै पनि अहिलेको जस्तो सुविधासम्पन्न अस्पतालहरु खासै थिएनन् । भारतमै पनि उपचार सम्भव नभएपछि कतिपय बिरामी बैंककसम्म पुग्ने गर्थे । क्यान्सरका बिरामीहरूको यो दुःख देखेपछि सन् २००० तिरै नेपालमै सुविधासम्पन्न क्यान्सर अस्पताल बनाउनुपर्छ भन्ने भयो । नेपालमा भक्तपुर र भरतपुरको क्यान्सर अस्पताल सामान्य रूपमा चलिरहेका बेला भक्तपुरमा हामीले सेवा सुरू गर्‍यौं तर, उच्चतम् प्रविधि नेपालमा थिएन । भरतपुरमा तुलनात्मक रूपमा सुविधा ठीकै भए पनि आममानिसको पहुँच कम थियो ।

सुविधासम्पन्न अस्पताल चाहिन्छ भनेर सन् २०१० बाट काठमाडौंमा क्यान्सर हस्पिटल स्थापनाका लागि 'फन्ड कलेक्सन' सुरू भयो । विगतमा हामीले गरेका कामले चर्चा पाएकाले लगानी जुटाउन गरिएको मिहिनेतले केही राहत पनि मिल्यो । क्यान्सर अस्पतालको योजना अघि सारेपछि हामीले उपचार गरेका बिरामीका परिवारहरूबाट समेत लगानी आयो र करिब दुई अर्ब रूपैयाँ लगानीमा नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टर स्थापना भयो । सेवा शुभारम्भसँगै 'नेपाली क्यान्सरका बिरामीको उपचार नेपालमै' भन्ने 'थिम' अनुसार आजसम्म पनि अस्पतालले काम गरिरहेको छ ।

निजी क्षेत्रबाट चलेका अस्पताल नाफाकेन्द्रित हुन्छन् भन्ने भाष्य गलत छ । समुदायस्तरबाट सञ्चालित अस्पतालहरूले निकै राम्रो काम गरिरहेका पनि छन् । अस्पतालमा दिइने सेवाबाहेक क्यान्सर लाग्नबाट बच्ने तरिका, रोकथाम, उपचार पद्धतिलगायत विषयमा जनचेतामूलक काम गरिरहेको हुनाले नागरिकस्तरको विश्वास हामीप्रति बढ्दो छ ।

## नेपालमा क्यान्सरको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ छ । जसमा पुरूषको संख्या ४८.९८ प्रतिशत र महिला ५१.०२ प्रतिशत छ । यसअनुसार पुरूषको औसत आयु ६८.९ वर्ष र महिलाको ७२ वर्ष छ ।

नेपालमा क्यान्सर बिरामी कति छन् र त्यसको वृद्धिदर कस्तो छ भन्ने एकिन तथ्य वा कुनै अध्ययन भएको पाइँदैन । तर, काठमाडौंका ६ प्रमुख अस्पतालमा सन् १९९४ मा क्यान्सरको अवस्थाका विषयमा भएको एउटा सामान्य सर्वेक्षणले ५ वर्ष (१९८७-१९९२) को अवधिमा पाँच हजार ९० प्रमाणित क्यान्सर रोगी पहिल्याएको थियो । पछिल्ला केही अध्ययन तथा अनुमानहरूले प्रति एक लाख जनसंख्यामा १०३.७ जनामा क्यान्सरको संक्रमण हुने गरेको र त्यसमध्ये ७७.८ जनाको सफल उपचार नभई मृत्यु हुने आकलन गरेको छ । यसले पनि देखाउँछ गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सीमित जनसंख्यामा मात्रै छ । राष्ट्रिय बजेटको लगभग ५ प्रतिशत हिस्सा स्वास्थ्य क्षेत्रमा छुट्याउने परिवेशले पनि स्वास्थ्य उपचारको अवस्थालाई झल्काउँछ । नेपालमा लगभग ८० प्रतिशत ग्रामीण जनसंख्या छ, जसको क्यान्सर उपचार केन्द्रसम्मको पहुँच

न्यून छ । आर्थिक र अन्य विभिन्न कारणले करिब १० प्रतिशत क्यान्सरका बिरामी मात्र उपचार केन्द्रसम्म पुग्ने गरेको अनुमान छ । अस्पतालका पछिल्ला तथ्यांकहरूले क्यान्सरका बिरामीको चाप बढ्दै गएको देखाएकाले गुणस्तरीय क्यान्सर उपचारमा केन्द्रित हुनुपर्ने आवश्यकतालाई जोड दिएको छ ।

**Major Cancers in Nepal**

1) Lungs
2) Breast
3) Uterine Cervix
4) Oral,
5) Head & Neck cancers
6) Colon and rectal
7) Gastric and Hematopoetic system.

**Centers where Radiotherapy Units:**

1. Nepal Cancer Hospital and Research Center (NCHRC)*
2. Bhaktapur Cancer Center, Bhaktapur
3. Kathmandu Cancer Center, Bhaktapur
4. BPKMCH Bharatpur, Chatwan
5. Chitwan Medical College (CMC), Chitwan
6. Purbanchal Cancer Hospital Birtamod, Eastern Nepal
7. Nobel Medical College, Biratnagar Eastern Nepal
8. Birat Medical College Biratnagar in Eastern Nepal
9. Manipal Medical College Pokhara, Mid Western Nepal (RT machine out of function)
10. Bir Hospital .
11. Civil Hospital.

** NCHRC is only the comprehensive cancer center in private sector providing comprehensive cancer care under one roof to >2000 new patient each year in affordable cost.*

## निजी र सरकारी हस्पिटलबीच सहकार्य आवश्यक

हामीले क्यान्सरको बिरामी पैसा अभावकै कारण उपचार गर्न नसकेर फिर्ता हुनु नपरोस् भन्ने हेतुले काम गरिरहेका छौं । यदि कोही बिरामी पैसा तिर्न सक्ने अवस्थामा छैन भने उसको निःशुल्क उपचार पनि हामी गर्छौं । तर, नेपालमा 'हेल्थ केयर गाइड' गर्ने कोही पनि छैनन् । क्यान्सरका बिरामी र परिवारका सदस्यको कुरा सुन्ने र उहाँहरूलाई आवश्यक सही सरसल्लाह र सुझावको ज्यादै खाँचो छ । त्यसका लागि बिरामीको हेरचाहमा बढी ध्यान दिनुपर्छ । बिरामी र बिरामीका परिवारसँग मिठो बोल्ने, कुरा सुन्ने, रमाइलो गर्ने, सुमधुर व्यवहार गर्ने र सही सरसल्लाह उपलब्ध गराउँदा एक हदसम्म उनीहरूले राहत महसुस गर्छन् ।

कतिपय अस्पतालमा बिरामीहरूलाई बेवास्ता गर्ने गरेको गुनासा पनि सुन्न पाइन्छ । सरकारी र निजी क्षेत्रबाट सञ्चालित सबै अस्पतालबीच सहकार्य हुने हो भने सीप, क्षमता, प्रविधि र औजार उपकरणको पनि आदानप्रदान गरी धेरै गुनासा घटाउन सकिन्छ । सबै सुविधा र दक्षता सबै अस्पतालमा सम्भव नहुन सक्छ । त्यसैले एक-अर्कोमा नभएका सेवा सुविधा र दक्षता आदानप्रदानले क्यान्सरका बिरामीलाई धेरै नै राहत दिनसक्छ । तर, निजी क्षेत्रबाट चलेका अस्पतालहरु पैसा कमाउन मात्रै आएका हुन् भन्ने चिन्तन राजनीतिज्ञ, प्रशासक र जनसाधारणमा रहँदा कहिलेकाहीँ सेवा सञ्चालनमा निकै अप्ठ्यारो पनि बनाउने गरेको छ । नेपालजस्तो साधन-स्रोत कमी भएको देशमा सार्वजनिक निजी साझेदारी (पीपीपी) अवधारणामा काम गर्न सकिए क्यान्सर उपचारमा फड्को मार्न सकिन्छ र निजी क्षेत्रले सदैव सरकारसँग सहकार्यको अपेक्षा गरिरहेकै हुन्छ ।

## भारतनिर्भर ल्याब टेस्ट र जनशक्ति अभाव

नेपाल क्यान्सर हस्पिटल आएपछि अरु अस्पतालहरूले पनि क्यान्सर उपचार सुरु गरिरहेका छन् । बिराट, नोबेल र चितवन मेडिकल कलेजमा रेडियोथेरापी मेसिन थपिएका छन् । सिभिल र नेपालगन्जमा पनि रेडियोथेरापी मेसिन थप हुँदै छ भन्ने सुनिएको छ । यतिले मात्र पनि पर्याप्त हुँदैन ।

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ) ले १० लाख मानिस बराबर कम्तीमा एउटा रेडियो थेरापी मेसिनको आवश्यकता दर्शाएको छ । यसरी हेर्दा नेपालमा कम्तिमा ३० वटा क्यान्सर जाँच मेसिन हुनुपर्ने हो । तर, अहिले ९/१० वटा मात्रै छ । क्यान्सर हस्पिटलको सबैभन्दा बढी लगानी रेडियोथेरापी मेसिन खरिदमा हुन्छ । सरकारले क्यान्सर उपचारलाई सहज र सरल पहुँचमा पुर्‍याउन पनि रेडियोथेरापी मेसिन खरिदमा सहुलियत र सुविधा प्रदान गर्नुपर्छ । 'मोलिकुलर ल्याबरोटरी' सञ्चालन गर्न राज्यबाट विशेष पहल आवश्यक छ ।

अझै पनि क्यान्सरको 'ल्याब टेस्ट' का लागि 'स्याम्पल' भारतमै पठाउनुपर्ने बाध्यता छ । ल्याब टेस्टका नाममा मात्रै वार्षिक करिब २० करोड नेपाली रूपैयाँ भारत गइरहेको छ । सरकारले विशेष सहुलियत र प्रोत्साहन दिई एउटा ल्याब नेपालमै राखिनुपर्छ । सरकारी प्रोत्साहनविना महँगो उपकरण नेपालमा ल्याउन सम्भव छैन ।

नेपाल क्यान्सर हस्पिटलमा अहिले ६ सय कर्मचारी छन् । तर, नेपालका क्यान्सर हस्पिटलमा दक्ष जनशक्तिको अभाव छ । डाक्टर




करिब तीन दशक यात्रा पार गरिसकेको नेपाली पुँजीबजार अझै पनि प्रौढ अवस्थामै छ। वयस्क अवस्थामा प्रवेश गर्न कति समय लाग्छ भन्ने अनुमान गर्न पनि कठिन छ। वर्षौंदेखि पुँजीबजार सुधारका लागि गरिने भनेका र सरकारका नीतिमा परेका कार्यक्रम अगाडि बढ्न सकेका छैनन्।



मात्रै होइन, 'नर्सिङ स्टाफ' को पनि अभाव छ । जनशक्ति अभाव स्वास्थ्य क्षेत्रकै ठूलो समस्या हो । भएका जनशक्ति पनि विदेश पलायन हुँदै छन् । दक्ष जनशक्ति नेपालमै रोक्ने खालको नीति नहुँदा स्वास्थ्य क्षेत्रमा ठूलो समस्या आउने देखिन्छ । अझै पनि क्यान्सर हस्पिटलमा रेडियोग्राफर भारतबाटै ल्याउनुपर्ने बाध्यता छ ।

### विदेशी लगानी ल्याउन कठिन

क्यान्सर उपचारमा विदेशी लगानी ल्याउन निकै कठिन छ । नेपाल क्यान्सर हस्पिटल सुरु गर्दा प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) ल्याउन निकै ठूलो प्रयास गरिए पनि सफल भएन । 'प्रोफिट रिटर्न पोलिसी' का कारण विदेशी लगानी आउन गाह्रो रहेछ । स्वास्थ्य क्षेत्रमा वैदेशिक लगानी आएमा केवल पैसा मात्रै होइन, विश्वस्तरीय प्रविधि पनि आउँछ । जसबाट गुणस्तरीय सेवाको विस्तार र छिटोछरितो उपचार सम्भव हुनसक्छ ।

### कर प्रणालीमा समस्या

क्यान्सर हस्पिटल मात्रै नभई मेडिकल क्षेत्रमै प्रयोग गरिएको कर प्रणाली वैज्ञानिक छैन । एउटा अस्पतालले १०० रूपैयाँ कमाउँदा ६० रूपैयाँ विभिन्न किसिमका करमार्फत सरकारलले लगिसकेको हुन्छ । अस्पतालमा बिरामीले तिर्नुपर्ने मूल्य अभिवृद्धि कर (भ्याट) हटाए पनि अस्पतालले औषधि, औजार उपकरण खरिद गर्दा तिर्नुपर्ने भ्याट यथावत् छ । यस्तो कर अन्ततः सेवाग्राहीमै गएर ठोक्किने हो ।

बैंकबाट कर्जा लिन महँगो छ भने भने प्रक्रिया अझै पनि झन्झटिलो छ । स्वास्थ्य संस्थाहरूले सहुलियतमा ऋण पाउने वातावरण बन्नुपर्छ । विदेशबाट ल्याउनुपर्ने औषधि सहजै ल्याउन सकिँदैन । अन्तर्राष्ट्रिय एजेन्सीहरूले योग्य भनेर प्रमाणित गरेका औषधि ल्याउन पनि औषधि व्यवस्था विभाग (डीडीए) को प्रमाणीकरण चाहिन्छ । यसले गर्दा कतिपय अत्यावश्यक औषधि समयमै ल्याउन सकिँदैन । निजी अस्पताल निर्माणको मापदण्ड पनि एकदमै कसिलो छ । तर, सरकारी अस्पतालहरूले मापदण्ड उल्लघंन हुँदा पनि कुनै कारबाही गरिँदैन । यसरी स्वास्थ्य सेवामा पनि विभिन्न किसिमको विभेद कायम छ, जुन दुर्भाग्यपूर्ण छ ।

### मेडिकल हबको अवधारणा र 'राष्ट्रिय क्यान्सर नीति'

नेपालमा क्यान्सर रोगका विषयमा कुनै तथ्यपरक विवरण उपलब्ध छैन । सरकारले अहिलेसम्म 'राष्ट्रिय क्यान्सर नीति' बनाएको छैन । जसले गर्दा अस्पताल निर्माण, जनचेतना तथा सेवामा प्रोत्साहन कार्यक्रम, दक्ष जनशक्ति उत्पादनजस्ता विषयमा सरकारी लक्ष्य नै देखिएन । बरू निजी क्षेत्रबाट क्यान्सर अस्पताल चल्दैन भनेर हतोत्साही गर्ने काम भयो । तर, अहिले अस्पतालको आवश्यकता रहेछ भन्ने महसुस हुँदै छ । अझै पनि बिरामीको दरअनुसार अस्पताल तथा उपकरण अपुग भएकाले सरकारले सहुलियत दिएर निजी क्षेत्रलाई स्वास्थ्य संस्था स्थापनामा प्रोत्साहित गर्नुपर्छ । अहिले विश्वभर 'मेडिकल टुरिजम' मौलाएको छ । नेपालको हावापानी र मौसमले मेडिकल टुरिजमको सम्भावना बलियो देखाउँछ । तर, राष्ट्रिय नीति अभावमा पर्याप्त काम हुन सकिरहेको छैन । नेपालको स्वास्थ्य सेवालाई प्रभावकारी रूपले विस्तार गर्ने हो भने सस्तो, सुलभ र सहज उपचार सम्भव छ । अहिले पनि विश्वका विभिन्न मुलुकमा पुगेका कतिपय नेपाली स्वास्थ्य उपचारका लागि नेपाल आउने गरेका छन् । विश्वस्तरीय स्वास्थ्य सेवा दिँदा नेपाललाई स्वास्थ्य हबका रूपमा विकास गर्न सकिन्छ ।

### स्वास्थ्य बिमाको दर र दायरा विस्तारको आवश्यकता

सरकारले विपन्न वर्गका नागरिकलाई दिने स्वास्थ्य सेवा प्रदान गर्न निजी अस्पतालहरूलाई जोड्नु सकारात्मक भए पनि सेवाबापतको रकम भुक्तानीमा गरिएको विलम्ब र सानो आकारको बिमा रकमले उपचार प्रभावित हुने अवस्था बनिरहेको छ । सरकारले हरेक महिना स्वास्थ्य सेवाबापतको रकम भुक्तानी गर्नुपर्छ । त्यसैगरी स्वास्थ्य बिमाको दर र दायरा दुवै बढाउनुपर्ने आवश्यकता छ । स्वास्थ्य बिमालाई व्यवहारिक बनाएर गुणस्तरीय सेवा विस्तारमा ध्यान दिएको खण्डमा स्वास्थ्य उपचार थप प्रभावकारी बन्न सक्छ ।

### विदेश उपचारको सहुलियतले प्रभावित स्वदेशी संस्था

क्यान्सरसहित धेरै रोगको उपचार नेपालमै सम्भव छ । तर, अहिले पनि धेरै बिरामी भारत गएको पाइन्छ । नेपालमै उपचार सम्भव भएका विषयमा सरकारले सन्देश दिन पनि हिच्किचाइरहेको छ । अस्पतालहरूले गरिने प्रचारभन्दा सरकारले दिने एउटै सन्देश कैयौं गुणा कामयाबी हुन्छ । तर, सरकारले यसतर्फ चासो दिएको देखिँदैन । अझ कतिपय सहुलियतले त सरकार विदेशमै उपचारका लागि प्रोत्साहन गरिरहेको हो कि भन्ने भान पर्छ ।

सरकारी स्वामित्वको नेपाल एयरलाइन्सले क्यान्सरका बिरामी विदेशमा उपचार गर्न जाँदा (अधिकांश भारतमा जान्छन्) भाडा छुट दिन्छ । तर, हुम्ला, मुगुको बिरामी काठमाडौं वा नेपालभित्रकै अन्य सहरमा भएका अस्पतालमा लैजाँदा कुनै सुविधा दिँदैन । विकट ठाउँबाट उपचारका लागि काठमाडौं वा अन्य सहरमा आउँदा यस्ता सुविधा दिन किन नमिल्ने ?

नेपालका क्यान्सर अस्पतालको मात्रै नभएर धेरै रोगको उपचार हुने अस्पतालको प्रतिस्पर्धी भारतीय अस्पतालहरु हुन् । भारतका ठूला अस्पतालहरु नेपालमा बजारीकरणका लागि आउँछन् र एकपटक भारत गएका बिरामीलाई सकेसम्म नफर्कने गरी (फलोअपसमेत) आफ्नै अस्पतालमा सेवा लिन बाध्य गराउँछन् । यसबाट पैसा मात्रै होइन, कतिपय तथ्याङ्कसमेत बाहिर गइरहेको हुन्छ ।

अर्कोतिर सरकारी अधिकारीहरूले विदेशमा उपचार गराउन जाँदा विभिन्न सेवा-सुविधा पाउँछन् । तर, स्वदेशमै उपचार गराए कुनै सुविधा पाउँदैनन् । उपचारमै स्वदेश र विदेश भनेर किन विभेद गरिएको ? नेपालभित्र उपचार गराउँदा विदेशकै सुविधा पाउने व्यवस्था गर्न किन रोकेको बुझ्न सकिएको छैन । यसले मुलुकमै सम्भव भएका रोगहरूको उपचारका नाममा बर्सेनि अर्बौं रूपैयाँ विदेशिएको मात्र छैन मेडिकल वैज्ञानिकहरु नयाँ-नयाँ प्रविधिबाट सिक्ने मौकाबाट समेत वञ्चित भइरहेका छन् । राजनीतिक नेतृत्व (राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री, सांसदलगायत) र उच्च तहका कर्मचारीहरूले स्वदेशमै उपचार गरेर अन्य नागरिकलाई स्वदेशमै जस्तासुकै रोगको उपचार सम्भव छ भनेर विश्वास जगाउनुपर्छ । नेपालमा सम्भव हुने उपचार नेपालभित्रै गराउनुपर्ने कानुनी व्यवस्थासँगै आर्थिक सहुलियत दिने हो भने स्वास्थ्य क्षेत्रको ठुलो रकम विदेशिनबाट जोगिन्छ ।

*(श्रेष्ठ नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टरका अध्यक्ष हुन्)*

# सडक विस्तारका अपेक्षा र अवरोध

बुटवल नारायणगढ, कञ्चनपुर–कमला सडक चालु वर्षमा सकिन्छन् । अरू आयोजनाहरू पनि अघि बढ्दै जान्छन् । कोभिडका कारण निर्माणको गतिमा ब्रेक लागेकाले केही आयोजना 'ओभर ल्याप' भए । समयमा सुरु भए पनि सम्पन्न हुन समय लाग्यो । यसले गर्दा काम गराइका सन्दर्भमा बेलाबेला प्रश्नहरू उठ्न पुगे ।



केशवकुमार शर्मा

नेपालको सडक यातायात केन्द्रीय सडक र स्थानीय सडक प्रणालीमा विभाजित छ । केन्द्रीय सडक सञ्जाल भौतिक पूर्वाधार तथा यातायात (तत्कालीन निर्माण तथा यातायात) मन्त्रालयमार्फत सडक विभागले २०२५ सालदेखि हेर्दै आइरहेको छ । स्थानीय सडक सञ्जाल स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (डोलिडार) ले २०५५ देखि हेर्दै आइरहेको छ ।

मुख्यतः सडक प्रणाली दुई प्रकारको छ । केन्द्रीय सडक दुई सरकारी मन्त्रालय भौतिक पूर्वाधार तथा यातायात र सहरी विकास मन्त्रालय मातहत छ । बाँकी सडक डोलिडार तथा प्रदेश र स्थानीय सरकारले हेर्ने गरी नेपालको सडक यातायात प्रणाली विभाजन गरिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले ठूला राजमार्ग, रणनीतिक सडक र सहरी सडकमा पनि सामरिक महत्त्वका सडक हेर्ने गर्छ । नयाँ सहर तथा स्मार्ट सहरलगायत केही मुख्य सहरका सडक सहरी विकास मन्त्रालयअन्तर्गत छ ।

मुलुक संघीय संरचनाअन्तर्गत सञ्चालन भएसँगै २०७६ जेठमा कुन सडक संघअन्तर्गत रहने भनेर मन्त्रिपरिषद्ले निर्णय गरेको छ । राष्ट्रिय राजमार्ग केन्द्रीय सरकार मातहत रहने संवैधानिक व्यवस्था छ । ८० राजमार्गलाई राष्ट्रिय राजमार्ग घोषणा गरेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको सडक विभागमा राखिएको छ । यी राजमार्गको लम्बाइ १४ हजार ९१३ किलोमिटर छ । प्रदेश र स्थानीय तह गरी करिब ९० हजार किलोमिटर सडक छन् । तीनै तहको सडक सञ्जाल जोड्दा नेपालमा करिब एक लाख किलोमिटर सडक विस्तार भइसकेको छ ।

### चार पूर्व–पश्चिम राजमार्ग

संघीय सरकारसँग चार पूर्व–पश्चिम राजमार्गको अवधारणा छ । सबैभन्दा पुरानो पूर्व–पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) एक हजार २७ किलोमिटर छ । महेन्द्र राजमार्ग अहिले विभिन्न खण्डमा दातृ निकायको आर्थिक सहयोगमा चार लेनमा स्तरोन्नति गर्ने काम भइरहेको छ ।

महेन्द्र राजमार्गभन्दा दक्षिणतर्फ तराईका जिल्ला जोड्न हुलाकी राजमार्ग छ । यसको लम्बाइ ९७५ किलोमिटर छ । हुलाकी राजमार्गका केही लिंक जोड्न बाँकी छ । चितवनको भरतपुर र कपिलवस्तुको सुराई नाकाबाट दाङको कोइलाबास जोड्ने खण्ड राष्ट्रिय निकुञ्ज परेकाले लिंक जोड्न सकिएको छैन । यी दुई खण्डलाई पूर्व–पश्चिम राजमार्गमा मिसाएर अघि बढ्ने कि अर्को विकल्प अवलम्बन गर्ने विषयमा छलफल भइरहेको छ । यीबाहेक हुलाकी राजमार्गमा सडक तयार भइसकेको छ । केही स्थानमा अझै पनि कालोपत्रे गर्न बाँकी छ । साथै केही पुलहरू पनि निर्माण गर्न बाँकी छ । जसले गर्दा बर्खायाममा पुल निर्माण हुन नसकेको स्थानमा यातायात अवरूद्ध हुने गर्छ ।

मध्य पहाडी क्षेत्रमा तीव्र गतिमा भइरहेको बसाइँसराइ रोक्न तथा स्तरीय सडक सञ्जाल विस्तार गर्न मध्यपहाडी राजमार्ग (पुष्पलाल राजमार्ग) निर्माण हुँदै छ । यो विभिन्न पहाडका सदरमुकाम बस्ती जोड्दै अघि बढ्ने भएकाले अन्य राजमार्गको तुलनामा लामो छ । यसको लम्बाइ करिब एक हजार ७७६ किलोमिटर छ । पुष्पलाल राजमार्ग निर्माण नहुँदा एउटा पहाडी जिल्लाबाट अर्को छिमेकी जिल्ला जान पनि तराई झरेर माथि उक्लिनुपर्ने बाध्यता थियो । अहिले पुष्पलाल राजमार्ग हुँदै छिमेकी पहाडी जिल्ला जान सकिने अवस्था बनेको छ । मध्यपहाडीमा केही पुल बन्न बाँकी छन् । दुई वर्षमा पुष्पलाल राजमार्ग पूर्ण रूपमा सञ्चालन हुने अवस्थामा छ ।

भित्री मधेसका फाँटहरूलाई आपसमा जोड्न

मदन भण्डारी राजमार्ग निर्माण गरिएको छ । उदयपुर, मकवानपुर, पाल्पा, झापाका केही भेगहरू कृषि तथा उद्योगका हिसाबले उपयुक्त छन् । यहाँ पनि एक ठाउँबाट अर्को ठाउँ जान तल दक्षिण झरेर गृह जिल्लामा आउनुपर्ने अवस्था थियो । पूर्वी नेपालमा यस्तो अवस्था अन्त्य भइसकेको छ । मदन भण्डारी राजमार्गले चुरे क्षेत्रका बासिन्दाको यात्रा समय घटाउनुका साथै कृषि, कलकारखानाका लागि ढोका खोलेको छ । यो राजमार्ग पनि तीन/चार वर्षमा सम्पन्न हुने अवस्थामा छ ।



**दुई छिमेकी मुलुक भारत र चीनको सीमानाका जोड्ने गरी ११ वटा उत्तर-दक्षिण राजमार्ग निर्माण भइरहेका छन् । तीमध्ये अरनिको राजमार्ग, गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी र पोखरा-जोमसोम-कोरला गरी तीन राजमार्ग सञ्चालनमा छन् । पोखरा-जोमसोम-कोरला राजमार्गमा नेपालतर्फ भन्सार नबनेकाले व्यापारिक सवारीसाधन चल्न सकेको छैन । तर यात्रुवाहक यातायात सञ्चालनमा छन् ।**

दुई छिमेकी मुलुक भारत र चीनको सीमानाका जोड्ने गरी ११ वटा उत्तर-दक्षिण राजमार्ग निर्माण भइरहेका छन् । तीमध्ये अरनिको राजमार्ग, गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेंसी र पोखरा-जोमसोम-कोरला गरी तीन राजमार्ग सञ्चालनमा छन् । पोखरा-जोमसोम-कोरला राजमार्गमा नेपालतर्फ भन्सार नबनेकाले व्यापारिक सवारीसाधन चल्न सकेको छैन । तर यात्रुवाहक यातायात सञ्चालनमा छन् ।

### सडक यातायातको जालो

केन्द्र सरकारले चार पूर्व-पश्चिम र ११ उत्तर दक्षिण राजमार्ग तयार गरेर सडक यातायातको जालो बनाएको छ । प्रदेश र स्थानीय सरकारले आफ्नो मातहतका सडक निर्माण गरिरहेका छन् । तीन तहको सरकारको समन्वयमार्फत यी निर्माण भएका सडकलाई एक-अर्कामा जोड्न बाँकी छ । सरकारबीचको समन्वयतामा यी सडकलाई जोडेर अघि बढ्दा ८/१० वर्षभित्रमा नेपालमा एउटा राम्रो यातायात सडक विकास हुने विश्वास गर्न सकिन्छ ।

### रेल

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सडक यातायातका रूपमा रेल पनि अघि बढाइरहेको छ । पूर्व-पश्चिम रेल सेवाका विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार भएको छ । पूर्व-पश्चिम रेलमार्ग निर्माणको दृष्टिकोणले धेरै खर्चिलो छ । त्यसैले योजनाबद्ध रूपमा अघि बढाउन सकिएको छैन । बजेट तथा स्रोतका आधारमा विस्तारै थोरै-थोरै काम गर्दै अघि बढिरहेका छौं । हाल बर्दिबास-निजगढ खण्डमा रेलमार्गको निर्माण कार्य भइरहेको छ ।

उत्तर-दक्षिणलाई रेल मार्गबाट जोड्ने काम पनि सुरू भइरहेको छ । काठमाडौं-रक्सौल भारत र काठमाडौं-रसुवा चीन सरकारले अध्ययन गरिरहेको छ । भारत सरकारले डीपीआर तयार गरेर कमेन्टका लागि नेपाल पठाइसकेको छ । मन्त्रालयले डीपीआरको अध्ययन गरिरहेको छ । चीनबाट विस्तृत सम्भाव्यता अध्ययन हुन बाँकी छ । भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको जनकपुर-जयनगर रेल सञ्चालन भइरहेको छ । साथै जनकपुर-बर्दिबास जोड्न पनि भारतले काम गरिरहेको छ ।

### लगानी अनुरूपको सडक

हाम्रो सडकको अवस्था लगानी अनुरूपको छ । हाल केही राजमार्गका खण्ड स्तरोन्नतिका चरणमा छन् । सडक विस्तार गर्न खन्नुपर्छ । राम्रो बनाउन सडक भत्काएकाले ती खण्ड भएर यात्रा गर्ने यात्रुले केही समयका लागि सास्ती खेप्नुपरिरहेको छ । विगतमा पूर्व-पश्चिम राजमार्गमा खाल्डा-खुल्डीको धेरै समस्या थिएन । अहिले स्तरोन्नतिको कामले गर्दा केही खण्ड भत्किएका हुन् । पूर्व-पश्चिम राजमार्गको बस्ती भएको स्थानमा ८/६ र बस्ती नभएको स्थानमा चार लेनमा स्तरोन्नति भइरहेको छ । सडकको बीचमा मेडियन निर्माण गरेर द्रुत मार्गका रूपमा विस्तार भइरहेको छ । काठमाडौं-पोखरा जोड्ने पृथ्वी राजमार्ग पनि स्तरोन्नतिको चरणमा छ । पोखरा-मुग्लिङ चार लेन र मुग्लिन-नौबीसे भौगोलिक जटिलताका कारण दुई लेन र मालवाहक सवारीसाधनका लागि छुट्टै ट्र्याक दिने गरी सुधार हुँदै छ ।

### आधारभूत सडक विस्तार

केन्द्र सरकारले आधारभूत सडक सञ्जालको विकास गरिसकेको छ । मुलुकको ७७ वटै जिल्ला सदरमुकाम सडक सञ्जालसँग जोडिएको छ । हुम्ला र डोल्पामा पुल नबन्दा १२ महिना यातायात सञ्चालन हुन सकेको छैन । बर्खामा गाडी फेरेर जानुपर्ने बाध्यता छ । हुम्ला र डोल्पामा पनि चालु आवभित्र पुल निर्माण गर्ने सडक विभागको लक्ष्य छ ।

७५३ स्थानीय तहमध्ये करिब २०/२१ स्थानमा सडक जोडिन बाँकी छ । केन्द्रीय स्तरबाट हेर्दा आधारभूत सडक सञ्जाल विस्तार भइसकेको छ । तर स्थानीय र प्रदेश सरकारको क्षेत्राधिकार भित्रका सडक बन्न बाँकी छन् । प्रदेश र स्थानीय तहले वडा, बजार, उत्पादन केन्द्र जोड्ने सडक निर्माण गरिरहेको अवस्था छ ।

प्रदेश र स्थानीय सरकारले आफ्नो मातहतका सडक विकास गरेपछि केन्द्रीय सरकारले ती सडकलाई आफ्नो नेटवर्कमा जोड्न पुल, कल्भर्ट लगाएको संरचना बनाउनेछ । तीनै तहको सडक एक-अर्कामा जोडिएपछि केन्द्र सरकारले ती नेटवर्कलाई सुरक्षित बनाउने, ट्राफिक सुरक्षाका दृष्टिकोणले सुरक्षित बनाउने, कालोपत्रे गर्ने, पुल कल्भर्ट निर्माण गरेर सबै मौसममा चल्न सक्ने बनाउनुपर्छ । यसले यात्राको समय घट्ने, स्थानीय उत्पादनले बजार पाउने र रोजगारी सिर्जना हुनेछ ।



### सडकमा पहुँच

सरकारले सडकको लम्बाइ विस्तार गर्दै गइरहेको छ । सुरुवाती चरणमा भर्खर सडक सञ्जाल पुगेका ठाउँमा सुखदुःख गरेर यात्रा गर्नुपर्ने अवस्था छ । कनेक्टिभिटीका हिसाबले १२ महिना सेवा दिन नसके पनि सडक निर्माण भएका स्थानमा जनताले सुखदुःखका साथ सेवा उपयोग गर्न पाउनुभएको छ । यसको परिणाम स्वरूप ७७ जिल्ला सडक सञ्जालसँग जोडिएको हो । सामान्यतः सडक तीन प्रकारको हुन्छ– ट्रयाक माटे सडक, ग्राभेल र कालोपत्रे । सडक विस्तारका लागि हामी सुरुवाती चरणमा भएकाले अधिकांश सडक माटे नै छन् । त्यसैले अब केन्द्र सरकारले थप नयाँ सडक निर्माण गर्नेभन्दा पनि भएका सडकलाई सुधार गरेर अघि बढ्नुपर्छ ।

बुटवल नारायणगढ, कञ्चनपुर-कमला सडक चालु वर्षमा सकिन्छन् । अरु आयोजनाहरु पनि अघि बढ्दै जान्छन् । कोभिडका कारण निर्माणको गतिमा ब्रेक लागेकाले केही आयोजना 'ओभर ल्याप' भए । समयमा सुरु भए पनि सम्पन्न हुन समय लाग्यो । यसले गर्दा काम गराइका सन्दर्भमा बेलाबेला प्रश्नहरु उठ्न पुगे ।

### समयमै निर्माण हुन नसक्नुको कारण

सबै सडकका आयोजनाहरु समयमा निर्माण हुँदैनन् भन्ने होइन । केही आयोजना निर्माणमा ढिलाइ हुँदा बदनामी खेप्नुपरेको छ । आयोजना ढिलाइ हुनुका पछाडि धेरै कारण छन् । सरकारसँग निर्माण व्यवसायीहरूको कामको सटिक तथ्यांक नहुँदा क्षमताभन्दा बढीको काम लिँदा समस्या भएको छ । क्षमताभन्दा बढी काम लिँदा निर्माण व्यवसायीले समयमै ठेक्काको व्यवस्थापन गर्न नसक्ने, प्राथमिकतामा नराख्ने, जनशक्ति उपलब्ध गराउन सकिरहेका छैनन् । यसको पछाडि निर्माण व्यवसायीको मात्र कमजोरी भन्न सकिँदैन । सरकारले निर्माण व्यवसायीको कामको एकिन तथ्यांक राख्ने हो भने यस्तो समस्या आउने थिएन ।

साथै पूर्वतयारीविना आयोजना अघि बढाउँदा पनि समस्या भएका छन् । तर कतिपय आयोजनाका हकमा पूर्वतयारी गरेर मात्र कार्यान्वयनमा जान सम्भव छैन । एउटा पोल हटाइसकेपछि काम गर्छु भन्यो भने ३/४ वर्ष कुर्नुपर्छ । बिजुलीका पोल, रूख काट्नेलगायत काम ठेक्का लागेपछि स्वतः पूरा हुन्छन् भन्ने विश्वासका साथ अघि बढाइने गरिन्छ । तर सरकारी निकाय बीचको समन्वय अभावले गर्दा समस्या भइरहेको छ । पछिल्लो समय निर्माण सामग्रीको अभाव पनि देखिएको छ । निर्माण सामग्री स्थानीय सरकारअन्तर्गत छ । निर्माण सामग्रीको उत्खननका लागि स्थानीय सरकारको आफ्नो कार्यविधि र मापदण्ड छ । साथै बर्खाको समयमा नदीजन्य पदार्थ निकाल्न पाइँदैन । साथै केन्द्रीय आयोजनाहरूले निर्माण सामग्रीका लागि स्थानीय तहको प्राथमिकता पाउन सकेको अवस्था छैन । बहुवर्षीय आयोजनाको ठेक्काहरु बजेटका आधारमा ढिलाइ हुने गरेको छ । राजनीतिक पहुँचका आधारमा धेरै बहुवर्षीय ठेक्का अघि बढ्ने गर्छ । राज्यशक्तिमा हुँदा त्यस्ता आयोजना अघि बढ्ने गर्छ । पछि आयोजनाको आवश्यकताअनुसार बजेट विनियोजन हुन सक्दैन । भुक्तानीको समस्याका कारण ती आयोजना अघि बढिरहेका छैनन् । साथै काबुबाहिरको परिस्थिति, बाढी-पहिरो, भूकम्प, कोभिडलगायतले पनि निर्माण कार्यलाई सुस्त बनाइरहेको छ ।

### दीर्घकालीन समाधानका उपाय

सम्भव भएसम्म पूर्वतयारीको काम सकेपछि पनि आयोजनाको ठेक्का लगाउनुपर्छ । ठेक्का भइसकेको आयोजनामा बजेटको व्यवस्थापन गरेर मात्र नयाँ आयोजना सुरु गर्नुपर्छ । आयोजनाका लागि आवश्यक पर्ने निर्माण सामग्रीको अभाव हुन नदिन निर्माणस्थल वरपरका सरोकारवालासँग छलफल गरेर अघि बढ्नुपर्छ ।

सडक निर्माण गर्दा रूख, युटिलिटी (खानेपानी, बिजुलीलगायत) हटाउनुपर्छ । यसका लागि सम्बन्धित निकायको अधिकारीहरूसँग समन्वय गरेर अघि बढ्नुपर्छ । निर्माण व्यवसायीको क्षमता विकास गर्न मन्त्रालयले विभिन्न प्रकारको तालिम आयोजना गर्नुपर्छ ।

सरकारले प्राथमिकताका साथ अघि बढाएको आयोजना समयमै सम्पन्न गर्न सरोकार निकाय, स्थानीय जनसमुदायको साथ-सहयोगको आवश्यकता पर्छ । यसका लागि आयोजना सुरु हुनुअघि स्थानीय र सरोकारवालाबीच आयोजनाको महत्त्व, यसले पार्ने प्रभाव र यसबाट हुने लाभका सम्बन्धमा छलफल गर्नुपर्छ । साथै स्थानीयले उठाएका जायज माग सम्भव भएसम्म पूरा गर्न सक्नुपर्छ ।

ठेक्का लागेपछि त्यसलाई समयमा सम्पन्न गर्नु सरकार र निर्माण व्यवसायीको दायित्व हुन्छ । निर्माण व्यवसायीहरूलाई उनीहरूको क्षमताअनुसारको मात्र काम दिनुपर्छ । यसका लागि निर्माण व्यवसायीहरूको बिड क्यापासिटी (ठेक्का क्षमता) मूल्यांकन गरेर मात्र ठेक्कामा सहभागी गराउनुपर्छ । अहिले सरकारसँग कुन निर्माण व्यवसायीसँग कति वटा ठेक्का छ भन्ने यकिन तथ्यांक छैन । ठेक्काको तथ्यांक राख्नुपर्छ । बिड क्यापासिटी पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनुपर्छ । बिड क्यापासिटी कार्यान्वयनमा आउँदा निर्माण व्यवसायीले आफ्नो जनशक्ति, उपकरण र आर्थिक क्षमताका आधारमा मात्र काम गर्न सक्छन् । यस्तो गर्दा क्षमताभन्दा बढी काम लिएर काम नगर्ने परिपाटी अन्त्य हुन्छ ।

निर्माण सामग्रीका लागि स्पष्ट नीति छैन । हाम्रो निर्माण सामग्रीको स्रोत खोला वा खानी के हो भन्ने विषयमा प्रस्ट हुनुपर्छ । साथै राज्यले सुरु गरेको कुनै पनि आयोजना भुक्तानी अभावले अवरूद्ध हुनु हुँदैन । आयोजनाले आफ्नो भुक्तानी कुनै पनि बखत गर्न सक्ने हुनुपर्छ । पर्याप्त स्रोत छैन भने नयाँ आयोजना सुरु गर्न हतार नगर्ने । सुरु भइकेको र कार्यान्वयनमा गइसकेकामा बजेट अभाव हुन दिनु हुँदैन । त्यसपछि मात्र प्राथमिकताका आधारमा नयाँ आयोजना सुरु गर्नुपर्छ ।

आयोजनाका अधिकारीबाट हुन सक्ने कामका लागि माथिल्लो निकायमा फाइल ल्याउनुपर्ने बाध्यता हटाइनुपर्छ । आयोजनाको महत्त्व र प्राथमिकताका आधारमा तुरुन्तै साइटबाटै निर्णय हुन सक्ने व्यवस्था गरिनुपर्छ । आयोजनाको सफलता र असफलताका आधारमा निर्माण व्यवसायी र सरकारी अधिकारीलाई दण्ड-सजाय तथा पुरस्कारको व्यवस्था गरिनुपर्छ ।

*(शर्मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव हुन्)*

# सकसमा निर्माण उद्योग

सार्वजनिक खरिद नियमावलीको १३औं संशोधनबाट म्याद थप भएका आयोजनालाई भुक्तानी गर्नुपर्ने दायित्व र चालु आयोजनाहरूको निर्माण कार्यहरूमा बजेट अपुग तथा निकासा नभएको समेत गरी राज्यले अझै करिब ४० अर्ब रुपैयाँ व्यवसायीहरूलाई भुक्तानी दिन बाँकी छ ।



रवि सिंह

राणा शासनको अन्त्यसँगै मुलुकमा विकास निर्माणको कामले तीव्रता पाएको मानिन्छ । यद्यपि राणाकालमै पनि विकासका कामहरु नभएका भने होइनन् तर, सीमित थिए । पछिल्लो सात दशकमा मुलुकले विभिन्न किसिमका राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनहरु झेलिसकेको छ । सरकारी निकाय र निर्माण क्षेत्रमा पनि धेरै प्रगति भएका छन् । आकार र जटिलताका हिसाबले मुलुकमा ठुला आयोजनाहरु सञ्चालन हुनु सुखद पक्ष हो तर, निर्माण व्यवसायीमाझ अहिले चुनौतीका चाङ छन् ।

पछिल्लो समय नेपालका अधिकांश निर्माण उद्योगहरु पूर्ण क्षमतामा चलेका छैनन् । मुलुकको समग्र आर्थिक अवस्था कमजोर रहेको असर निर्माण उद्योगमा परेको छ । निर्माण व्यवसायीहरूले आर्थिक वर्ष ०७९/८० देखि नै निर्माण कार्यको ठूलो रकम अझै भुक्तानी पाएका छैनन् । त्यस्तै, सार्वजनिक खरिद नियमावलीको १३औं संशोधनबाट म्याद थप भएका आयोजनालाई भुक्तानी गर्नुपर्ने दायित्व र चालु आयोजनाहरूको निर्माण कार्यहरूमा बजेट अपुग तथा निकासा नभएको समेत गरी राज्यले अझै करिब ४० अर्ब रुपैयाँ व्यवसायीहरूलाई भुक्तानी दिन बाँकी छ । यसरी समयमा भुक्तानी नहुँदा 'सप्लाई चेन' अस्तव्यस्त भई निर्माणसँग सम्बन्धित उद्योगहरु नै बन्द हुने स्थिति सिर्जना भएको छ ।

राज्यले समयमै भुक्तानी नदिई उल्टै व्यवसायीहरूलाई दिनहुँ 'कालोसूची'मा राख्न थालेकाले निर्माण व्यवसायीहरूमा गम्भीर मनोवैज्ञानिक निराशा पैदा भएको छ । यसले कतिपय व्यवसायीहरु आत्महत्यासमेत गर्नुपर्ने अत्यन्त पीडादायी अवस्थाबाट गुज्रिरहेका छन् । हाल देशभर करिब ६ खर्ब रूपैयाँका निर्माण कार्यहरूको स्रोत सुनिश्चितता भएको छ । तर, सरकारको बजेटमा रकम विनियोजन नभएका आयोजनाहरु अघि बढाउन सकिने अवस्था छैन । यस्तो स्थितिमा विभिन्न आधार र सुविधा उपयोग गरेर आयोजनाहरूको फरफारक गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।

हाल सार्वजनिक निकायसँग निर्माण व्यवसायीले गरेका ठेक्का अन्त्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ को उपदफा (३) (ख) र उपदफा (८) बमोजिम हुने विभिन्न सजायहरु भोग्नुपर्ने व्यवस्था छ । ठेक्का तोडिँदा बैंक जमानत जफत हुने, धरौटी रकम फिर्ता नहुने, निर्माण कार्यको भुक्तानी प्राप्त नहुने, बाँकी रहेको निर्माणकार्य पूरा गर्न आवश्यक पर्ने थप रकम निर्माण कम्पनीबाट सरकारी बाँकीसरह असुलउपर गर्नेजस्ता दोहोरो-तेहरो कारबाहीको व्यवस्था छ । एउटै कार्यउपर विभिन्न किसिमको सजायको व्यवस्था न्यायको आधारभूत मान्यताविपरीत मात्र छैन निर्माणसम्बन्धी करारमा विश्वव्यापी रूपमा स्वीकार गरिएको आधारभूत मान्यता अन्तर्गतको मध्यस्थको व्यवस्थासमेत निष्प्रयोजन हुने स्थिति छ । अहिले धेरै ठेक्काबाट न्यायिक निर्णयविनै असुलउपर गर्ने गरिएको छ । हालको ऐनमा भएको दोहोरो-तेहरो कारबाहीको व्यवस्था हटाई अन्तर्राष्ट्रिय रूपमा प्रचलित व्यवस्था (जस्तै- कार्यसम्पादन जमानत मात्र जफत गर्ने व्यवस्था) राख्नुपर्ने आवश्यकता छ । त्यस्तै, खरिद ऐनकै दफा ६३ मा भएको कालोसूचीसम्बन्धी व्यवस्थालाई निर्माण एवं पूर्वाधारमैत्री हुने गरी संशोधन गरिनुपर्ने आवश्यकता छ ।

विगतमा पटक-पटक सार्वजनिक खरिद नियमावलीको संशोधनबाट रूग्ण रहेका ठेक्काहरूको म्याद थप गरिए पनि समस्या समाधान भएन । राज्यले समयमै भुक्तानी नगरेको, बजेट सुनिश्चितता नभएको, प्राकृतिक प्रकोप



**बिमकहरुले प्रतिस्पर्धी प्रिमियम लिने गरी मापदण्ड कायम गर्न निर्देशन दिनुपर्ने आवश्यकता छ । अधिक मूल्य (एक्सेस भ्यालु) मा समेत पहिलाको तुलनामा नियमन आवश्यक रहेकाले व्यवस्थित मापदण्ड बनाउनुपर्छ ।**

र नियोक्ताको काम सम्पन्न हुन नसकेको जस्ता कारणले तोकिएको अवधिभित्र निर्माण पूरा नभएका आयोजनाहरूको पनि आवश्यकताअनुसार पुनः म्याद थप गर्नुपर्ने अवस्था छ । अर्थात् नियमावलीको १३औं संशोधनबाट म्याद थप भएका आयोजनाहरूले फेरि पनि विभिन्न कारण देखाएर तोकिएको समयमा काम पूरा नभएका सबै आयोजनाको पुनः म्याद थपिनुपर्छ ।

'लो बिडिङ (कम बोली)' ले गर्दा निर्माण उद्योग समस्याग्रस्त भएको तथ्य जगजाहेर छ । प्रचलित कानुनी व्यवस्थाका कारण अहिले कुनै पनि ठेक्का अत्यधिक कम मूल्यमा कबुल गर्ने र सार्वजनिक निकायले पनि सबैभन्दा कम मूल्य कबुल गर्नेलाई छनोट गर्ने प्रवृत्ति छ । यसले तोकिएको समयमा गुणस्तरीय काम हुन सकेको छैन भने रूग्ण ठेक्काहरूको संख्या बढ्दै गइरहेको छ । त्यसैले औसत १५ प्रतिशतभन्दा बढी घटेर पेस भएका बोलपत्रहरु स्वतः मूल्यांकन प्रक्रियाबाट हट्ने प्रावधान राखी १५ प्रतिशत भित्रका बोलपत्रलाई छनोट गर्ने व्यवस्था लागु गरिनु आवश्यक छ । निर्माण कार्य गर्दा समय-समयमा मूल्यमा हुने थपघटलाई सम्बोधन गर्न सार्वजनिक खरिद ऐनको दफा ५५ र सार्वजनिक खरिद नियमावलीको नियम ११९ ले गरेको व्यवस्थाबमोजिम बढीमा २५ प्रतिशत मूल्य समायोजन हुनुपर्ने कार्यान्वयन गरिनुपर्छ । मूल्य समायोजन नभएका कारण नेपाल निर्माण व्यवसायी महासंघले बेलाबेलामा आन्दोलनसमेत गर्नुपरेको छ । हाल बजारमा अत्यधिक तथा अप्रत्यासित रूपमा निर्माण सामग्रीहरूमा भइरहेको मूल्यवृद्धिलाई सम्बोधन गर्न, महासंघ र सरकारबीच २०७९ जेठ १२ गते र २०८० भदौ १५ गते भएको सम्झौताबमोजिम मूल्य समायोजन निर्देशिका आवश्यक छ । १२ महिनाभन्दा कम अवधिका ठेक्कामा समेत अत्यधिक मूल्यवृद्धि हुने हुँदा मूल्य समायोजन गर्ने व्यवस्था कार्यान्वयन गरिनुपर्छ । म्याद थप भएका सबै आयोजनामा अनिवार्य मूल्य समायोजन गर्नुपर्छ भने कानुनविपरीत (इन्डेक्स फ्रिज) गर्ने व्यवस्था हटाउनुपर्छ ।

सरकारले विश्व बैंक, एसियाली विकास बैंक, एक्जिम बैंक इन्डिया र चाइनालगायत विभिन्न दातृ संघ/संस्था तथा राष्ट्रहरूबाट ऋण वा अनुदान लिई विभिन्न आयोजनाहरु बनाइरहेको छ । तर, ती निकायहरूसँग सम्झौता गर्दा आयोजना अन्तर्गतको बोलपत्र मापदण्ड निर्धारणका लागि सरकारका तर्फबाट प्रतिनिधित्व गर्ने निकायले पर्याप्त ध्यान नदिँदा ठुल्ठुला प्याकेजहरु बन्ने गरेको छ । यसरी बन्ने प्याकेजमा विदेशी निर्माण कम्पनीहरूले मात्र अवसर प्राप्त गर्ने र त्यसरी विदेशी कम्पनीले प्राप्त गरेका अधिकांश ठेक्काहरु सम्पन्न हुन नसकी असफल भएका छन् । जस्तै- हुलाकी राजमार्ग, बुटवल-नारायणघाट सडक, मुग्लिन-पोखरा राजमार्ग, कमला-कञ्चनपुर राजमार्ग, रवि-रँाके सडक आदि आयोजनाहरु असफलजस्तै भएका छन् । विदेशी कम्पनीहरूले बनाएका आयोजनाहरु असफल भए पनि उनीहरु आयोजनामा दाबी (क्लेम) गर्न केन्द्रित भइरहेको देखिन्छ भने यस्ता आयोजना नेपाली निर्माण व्यवसायीहरूले सकाउनुर्ने अवस्था छ । त्यसैले सरकारले ऋण तथा अनुदान सम्झौता गर्दा नेपाली निर्माण व्यवसायीहरूलाई प्रोत्साहित गर्न कम्तीमा संयुक्त साझेदार (जेभी पार्टनर) का रूपमा समावेश हुने गरी मापदण्ड तोकेर प्रक्रियालाई सरलीकृत गर्नुपर्छ । ठेक्काको प्याकेजिङ गर्दा ठुला राजमार्गहरूको हकमा बढीमा १० किलोमिटरसम्म एउटा ठेकेदारलाई जिम्मा दिने गरी गर्नुपर्छ ।

महालेखा परीक्षकको कार्यालयले देखाउने बेरूजु कानुन र सम्झौताविपरीत हुँदा पनि निर्माण व्यवसायीहरूले धेरै सास्ती खेप्नुपरेको छ । विशेषगरी परीक्षकको कार्यालयबाट पेस्की रकममा समयावधि र भौतिक प्रगतिका आधारमा देखाउने बेरूजु, सार्वजनिक निकायको कारणले म्याद थप हुँदाको अवधिमा हुने मूल्य समायोजनको बेरूजु, सार्वजनिक निकायको कारणले स्रोतमा कट्टी मूल्य अभिवृद्धि कर तथा अग्रिम आयकर समयमा भुक्तानी नगर्दा व्यवसायीलाई देखाउने बेरूजु, भेरियसनलाई 'कन्ट्र्याक डकुमेन्ट' अनुसार सार्वजनिक निकायले स्वीकृत नगर्दा देखिने बेरूजु, स्पेसिफिकेसनमा सार्वजनिक निकायले स्पष्ट नगरेका कारण देखिने बेरूजु र 'प्रोभिजनल सम (पीएस)/लम्पसम (एलएस) आइटम' मा देखिने बेरूजुका कारण व्यवसायीहरूले सास्ती भोग्दै आएका छन् ।

निर्माण व्यवसायीहरूले निर्माण आयोजनाहरूको सम्झौता गर्दाको समयमा खरिद सम्झौता गर्दा बिमा गर्नुपर्ने प्रावधान छ । तर, साबिकको दररेटमा बिमाको प्रिमियम शुल्क नलिई बिमा कम्पनीहरूले खुलाबजार नीतिलाई बाधा पुर्‍याइरहेका छन् । बिमा कम्पनीहरूले प्रतिस्पर्धा गर्नुपर्ने स्थितिमा नियामक नेपाल बिमा प्राधिकरण समेतको संलग्नतामा कार्टेलिङ गर्न थालिएको छ । जसले गर्दा विगतको दररेटभन्दा ५ देखि ८ गुणा वृद्धि गरी बढी प्रिमियम लिन थालिएको छ । यसले निर्माण लागत बढ्न गई निर्माण कम्पनीहरूले कामै गर्न नसक्ने अवस्था सिर्जना भएको छ । बिमकहरूले प्रतिस्पर्धी प्रिमियम लिने गरी मापदण्ड कायम गर्न निर्देशन दिनुपर्ने आवश्यकता छ । अधिक मूल्य (एक्सेस भ्यालु) मा समेत पहिलाको तुलनामा नियमन आवश्यक रहेकाले व्यवस्थित मापदण्ड बनाउनुपर्छ ।

सार्वजनिक खरिद ऐन/नियममा व्यवस्था भएअनुसार स्थानीय तहहरूमा उपभोक्ता समिति गठन गरी करोडौंको जिम्मेवारी लिने र गुणस्तरहीन काम गर्ने गरिएको छ । तर, त्यसको दोष निर्माण व्यवसायीलाई दिने गरिएको छ । पछिल्लो समय उपभोक्ता समिति भ्रष्टाचारको अखडा भएका मात्रै छैनन्, त्यहाँबाट सरकारलाई राजस्वसमेत आउने गरेको छैन । त्यसैले उपभोक्ता समितिको व्यवस्थालाई खारेज गरी प्रतिस्पर्धी वातावरण तयार गर्नु जरूरी छ ।

सार्वजनिक खरिद नियमावलीले एउटा



**व्यवसायीसहित आयोजनामा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न कर्मचारी, परामर्शदाता, निर्माण सामग्री आपूर्तिकर्ता र स्थानीय समुदाय मिलेर आयोजनामा प्राप्त अवसरको सदुपयोग गरी गुणस्तरीय तरिकाले समयसीमाभित्रै सम्पन्न गर्ने वातावरण बनाउन सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ ।**

ठेकेदारलाई पाँचवटा काम (पाँच प्याकेज) को व्यवस्था गरेको छ । यसका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले अद्यावधिक विवरण तयार गरी पाँचवटा काम लिइसकेका ठेकेदारको हकमा 'अटो लक' हुने व्यवस्था हुनुपर्छ र यो व्यवस्था दुई करोड रूपैयाँभन्दा माथिको निर्माण आयोजनाको हकमा लागु गर्नुपर्छ । तर, दुई करोड रूपैयाँसम्मको निर्माण कार्यको हकमा भने दुईवटा मात्र काम पाउने व्यवस्था गर्नुपर्छ ।

सरकारले हालै संसद्मा दर्ता गरेको केही नेपाल संशोधन ऐनमा सार्वजनिक खरिद ऐन २०६३ लाई पनि समेटेको छ । खरिद ऐनमा निर्माण कार्य गर्ने उद्देश्य पूर्ति गर्न नेपाल पूर्वाधार निर्माण कम्पनी स्थापनाको प्रस्ताव गरेको छ । नेपालका निजी क्षेत्रका निर्माण व्यवसायी पर्याप्त काम गरिरहेका बेला सरकारी स्वामित्वको कम्पनी बनाउन खोजिनु गलत छ । विगतमा पूर्ण सरकारी स्वामित्वमा रहेको निर्माण कम्पनी नेसनल कन्स्ट्रक्सन कम्पनी नेपाल लिमिटेड (एनसीसीएन) पूर्ण असफल भई बन्द भइसकेको स्थितिमा पुनः नयाँ कम्पनी ल्याउन खोजिनुमा राजनीतिक दलहरूको स्वार्थ गाँसिएको प्रस्ट देखिन्छ । नयाँ कम्पनीलाई पनि अन्य कम्पनीजस्तै कार्यकर्ता भर्ती केन्द्रमा परिणत गर्ने, भ्रष्टाचारको अखडा बनाउने, राजनीतिक दलहरूको एजेन्ट भई हजारौं निर्माण व्यवसायीहरूलाई बेरोजगार बनाउने नियत रहेको प्रस्ट हुन्छ । खुला बजार अर्थतन्त्र एवं प्रतिस्पर्धाको वर्तमान समयमा सरकारी कम्पनीको औचित्य देखिँदैन ।

निर्माण व्यवसायीको योगदानको राज्यले कदर गर्न सकेको छैन । निर्माण व्यवसायीलाई हेर्ने दृष्टिकोण पनि राज्यका संयन्त्रहरूसहित आमसञ्चारमाध्यमको सकारात्मक छैन । आफ्नो जायजेथा बैंकमा राखेर दिनरात नभनी मुलुकको भौतिक पूर्वाधारमा होमिएका व्यवसायीलाई राज्य र अन्य निकायले अझ प्रताडित बनाउने काम गरिरहेको छ । केही गल्ती-कमजोरी व्यवसायीको पक्षबाट पनि भएका होलान्, तर जता पनि एउटै दृष्टान्त अघि सारेर सम्पूर्ण व्यवसायीलाई दोषी देखाउने काम भइरहेको छ । जबकि निर्माण कार्य समयमै पूरा गर्न व्यवसायीको मात्रै हात नभएर धेरै कुराले असर गरेको हुन्छ । कर्मचारीतन्त्रमा हाबी भएको भ्रष्टाचार, जिम्मेवारी बोध नगर्ने कर्मचारी, गल्ती गर्ने कर्मचारीलाई कारबाहीको भागिदार नबनाइने, साइटहरूको सहज उपलब्धता नहुने, समयमा भुक्तानी नहुने, डिजाइन वास्तविक नहुने, निर्माण सामग्री तथा मजदुरको अभाव, जग्गा प्राप्ति, मुआब्जाको समस्या, विनास्रोतको स्रोत सुनिश्चितता, वनजंगल कटानमा अवरोध, प्रोजेक्टको समयमा इस्टिमेट नहुने, अप्रत्याशित मूल्यवृद्धि र सरकारी निकाय बीचको समन्वय अभावले निर्माण कार्य अवरूद्ध भइरहेको पाइन्छ । त्यसैले व्यवसायीसहित आयोजनामा प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न कर्मचारी, परामर्शदाता, निर्माण सामग्री आपूर्तिकर्ता र स्थानीय समुदाय मिलेर आयोजनामा प्राप्त अवसरको सदुपयोग गरी गुणस्तरीय तरिकाले समयसीमाभित्रै सम्पन्न गर्ने वातावरण बनाउन सबै पक्ष गम्भीर भएर लाग्नुपर्छ । समयसीमाभित्र आयोजना सम्पन्न नहुँदाको प्रभाव तत्काल मात्र नभई दीर्घकालसम्म सबै पक्षले बेहोर्नुपर्ने हुन्छ । त्यसैले सबै सरोकारवाला निकायले आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरे वैमनस्यताहरु स्वतः हटेर जान्छ ।

*(सिंह नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष हुन्)*

# यातायात क्षेत्रका समस्याको प्रभाव मुलुकको अर्थतन्त्रमा

सडकसँगै विद्युतीय गाडीको पूर्वाधार बनाउन पनि ढिला भइसकेको छ । यातायात क्षेत्रलाई चलायमान बनाउन सरकारले कुनै कार्यक्रम नल्याएका कारण पनि यातायात क्षेत्रले ठूलो मार खेपिरहेको छ ।



राजनबाबु श्रेष्ठ

राष्ट्र विकासको स्तर सडकको अवस्था र यातायात सेवाको पहुँचले मापन हुन्छ । यी दुवै क्षेत्रको प्रत्यक्ष सरोकार मुलुकको अर्थतन्त्रसँग पनि हुन्छ । पछिल्लो समय नेपालमा यातायात क्षेत्रको विस्तार हुँदै गएको छ । व्यवसायिक र सार्वजनिक यातायातमा बढ्दो लगानीले अर्थतन्त्रमा राम्रो प्रभाव पारिरहेको छ । यातायातको विस्तारले राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापारलाई मात्रै प्रोत्साहन गरेको छैन, स्थानीय अर्थतन्त्र सबल बनाउन पनि भूमिका खेलिरहेको छ ।

पछिल्लो समय यातायात क्षेत्रले धेरै नै उतारचढाव भोग्नुपरेको छ । जसको असर अटो बजारमा देखियो । कतिपय व्यवसाय बन्द नै गर्नुपर्ने अवस्थामा पुगे । तर, अहिले भने विस्तारै यातायात क्षेत्रको वासलातमा सुधारको संकेत देखिँदै छ ।

गत वर्षको तुलनामा अहिले कमर्सियल गाडीको बिक्रीमा सुधार आएको छ । तर, चार वर्ष अगाडिको अवस्थासँग तुलना गर्ने हो भने अझै सुधारका काम गर्नुपर्ने खाँचो छ । हाल निश्चित सेगमेन्टका गाडीहरूको अवस्थामा मात्रै सुधार देखिएको छ । थुप्रै सेगमेन्टको अवस्था अझै नाजुक छ ।

हाल टिप्पर र साना कमर्सियल गाडीको कारोबारको अवस्था चिन्ताजनक छ । यो सेगमेन्टका गाडीको व्यापार लगभग ठप्पजस्तै भए पनि अन्य सेगमेन्टको व्यापारमा विस्तारै सुधार देखिएकाले अटो बजार पुनः 'रिभाइभ' भइरहेको आभाष मिलेको हो । कुनै बेला १८ हजारसम्म पुगेको कमर्सियल गाडीको व्यापार बजार खस्किँदा पनि १२ हजारसम्म कायम थियो । तर, विगत तीन वर्षलाई नियाल्दा कमर्सियल गाडीको व्यापार थप संकुचित हुँदै गएको छ । गत वर्ष यस्ता गाडीको व्यापार ३ हजार ५ सय हाराहारीमै खुम्चियो । यो वर्ष खुम्चिएको अंकमा बढोत्तरी भए पनि ५ हजारसम्म पुग्ने अपेक्षा छ । त्यसैले अटो क्षेत्र सामान्य अवस्थामा आइपुगेको भन्ने अवस्था अहिले छैन । अर्कोतिर कमर्सियल सवारीसाधन बिक्री गर्ने डिस्ट्रिब्युटर तथा डिलरहरूलाई टिक्नै समस्या छ । समाधानको बाटो फेला नपर्दा व्यापारमा सानो वृद्धिमा पनि रमाउनुपर्ने भएको छ । त्यसैले व्यावसायिक यातायातमा लगानी गर्न अझै पनि मानिसहरूले सहज महसुस गरिरहेका छैनन् ।

### व्यावसायिक यातायातमा देखिएका चुनौती

यातायात क्षेत्रमा सुधारको अपेक्षा गरिएको धेरै भयो तर, काम नभएका कारण यातायात क्षेत्रको वृद्धि (ग्रोथ) मा असर परेको छ । विकास निर्माणको काम अघि नबढ्दाको असर पनि यातायात क्षेत्रले भोग्नुपरिरहेको छ । विकास निर्माणका क्रममा टिप्पर र ट्रकहरु प्रयोग बढी

| VEHICLE TYPE | 2016/17 (Quantity) | 2021/22 (Quantity) | 2022/23 (Quantity) | 2023/24 (Quantity) |
|---|---|---|---|---|
| EV COMMERCIAL VEHICLE | | 141 | 469 | 1514 |
| ICE COMMERCIAL VEHICLE | 38843 | 12441 | 6001 | 7255 |
| TOTAL COMMERCIAL VEHICLES | 38843 | 12582 | 6470 | 8769 |

हुने गर्छ तर, काम नहुँदा व्यापार अहिले ठप्पजस्तै छ ।

बसको बिक्रीमा अहिले केही सुधार देखिएको छ तर, बैंक फाइनान्सिङमा अझै समस्या छ । बैंकहरूले कमर्सियल गाडीका लागि फाइनान्सिङ गर्न विश्वास देखाएका छैनन् । तरलता धेरै हुँदा पनि बैंकहरूले चासो नदेखाएको हुन सक्छन् । विस्तार बजारमा स्थापित हुन भने अझै पर्याप्त रूपमा ऋण प्रवाह हुन सकेको छैन ।

**मुख्य समस्या :**

- अव्यवस्थित अटो र सम्बद्ध उद्योग
- राम्रा सडक पूर्वाधारहरूको अभाव
- सरल वित्तीय पहुँचको समस्या
- अस्थिर ब्याजदर
- रोजगारका लागि दक्ष जनशक्तिको अभाव
- उद्योगमा अस्वस्थ प्रतिस्पर्धा
- प्राकृतिक विपत्तिको समयमा ढिलो आउने सरकारी प्रतिक्रिया
- लगानी असुरक्षा कायमै
- गाडीको बडी बिल्डिङको विषयमा स्पष्ट नियम र कानुन अभाव
- अनिश्चित करका दर तथा बदलिँदो भन्सार दरका कारण थप लगानीका लागि हतोत्साहित लगानीकर्ता
- सार्वजनिक यातायात सञ्चालन गर्न वर्तमान अवस्थामा देशका सबै राजमार्ग पूर्ण रूपमा सञ्चालनमा छैनन् । सञ्चालनमा भएका राजमार्ग पनि पूर्ण रूपमा तयारी अवस्थामा नरहेकाले सार्वजनिक यातायात प्रयोग गरी गन्तव्यसम्म सजिलै पुग्न कठिन छ ।
- कलकारखाना पूर्ण रूपमा सञ्चालनमा नहुनु

अहिले बजारमा भएका सवारीसाधनहरु बिक्री नहुँदा व्यापारमा असर त परेकै छ, त्यसमाथि यस क्षेत्रमा रोजगार गर्नेहरु पनि प्रभावित भएका छन् । अवसरहरु कम हुँदै जाँदा यातायात क्षेत्रमा दक्षता हासिल गरिसकेकाहरु विदेशिन बाध्य भइरहेका छन् ।

राजमार्गमा रहेका संरचना (सुरक्षा जाँचजस्ता प्रविधि) पनि पूर्ण रूपमा सञ्चालन नहुँदा सवारीसाधनले भारवहन क्षमताभन्दा बढी मालसामान तथा यात्रु बोकेर हिँड्ने गरेका छन् । यसबाट अस्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना भएको छ । व्यवसायीबीच विश्वासको कमी हुँदा पनि यातायात क्षेत्रमा पर्याप्त लगानी बढ्न सकेको छैन । सरकारले कुन ठाउँमा कति गाडी आवश्यक छ भनेर सुनिश्चित नगरी रूट परमिट दिएको छ । त्यसमाथि नीति बनेका मात्रै छन्, कार्यान्वयन निकै फितलो छ । नीति व्यवहारमा लागु नहुँदा समस्या बढ्दो छ । उदाहरणका लागि 'ओभरलोड' गाडी सञ्चालनमा रोक लगाइएको छ तर, सरकारले बेवास्ता गर्दै आइरहेको छ । नेपालमा धेरै ट्रक र टिपरहरु आफैंमा ओभरलोड भएका तथा मापदण्डभन्दा बाहिरबाट ल्याइएका छन् । त्यसले नेपालको सडक पूर्वाधार बिगारिरहेको छ । यस्तै, गाडीको सुरक्षासँग सम्बन्धित पक्षहरूबारे पनि नियमन गर्न सकिरहेको अवस्था छैन ।

सवारी भाडा सरकारले समयसापेक्ष बनाएर लागु गर्न सकेको छैन । यसले कमर्सियल सवारीसाधनप्रति मानिसहरु आकर्षित हुन सकिरहेका छैनन् । भाडादरलाई वैज्ञानिक भनिएको छ तर, इन्धनलाई आधार बनाएर भाडा तय हुन्छ । गाडीहरूको लागत बढ्दै गइरहँदा भाडादर समायोजन गर्न ढिला भइसकेको छ ।

अहिले सडक पूर्वाधारको अवस्था यातायात क्षेत्रकै लागि चुनौती बनेको हो । सडक बन्न धेरै समय लगाउने गरिएकाले गाडीहरु सञ्चालन गर्दा मर्मतमा धेरै लागत आउने अवस्था छ । त्यसैले मानिसहरु नयाँ गाडी किन्न चाहँदैनन् । सडकको अवस्थाका कारण गाडी किनेको पाँच महिनामै मर्मतसम्भारमा ठुलो खर्च गर्नुपर्ने अवस्था छ । अहिले एक लाखभन्दा बढी कमर्सियल गाडीहरु सडकमा कुदिरहेका छन् । सडकमा सञ्चालित सयौं वर्कसपहरूमा करिब ६-७ हजार मानिस क्रियाशील छन् । तर, हाल ट्रिपरको घट्दो प्रयोगका कारण वर्कसपले समेत काम पाइरहेका छैनन् ।

अहिलेको अवस्था आउनुमा व्यवसायी र सरकार दुवै दोषी छन् । व्यवसायीको दोष छोटो अवधिको योजना बनाउनु हो । सरकारको दोष स्पष्ट नियम-कानुन बनाउन

**व्यवसायीबीच विश्वासको कमी हुँदा पनि यातायात क्षेत्रमा पर्याप्त लगानी बढ्न सकेको छैन । सरकारले कुन ठाउँमा कति गाडी आवश्यक छ भनेर सुनिश्चित नगरी रुट परमिट दिएको छ । त्यसमाथि नीति बनेका मात्रै छन्, कार्यान्वयन निकै फितलो छ । नीति व्यवहारमा लागु नहुँदा समस्या बढ्दो छ ।**





**अहिले कमर्सियल गाडीको बिक्रीमा सुधार आएको छ । तर, चार वर्ष अगाडिको अवस्थासँग तुलना गर्ने हो भने अझै सुधारका काम गर्नुपर्ने खाँचो छ । हाल निश्चित सेगमेन्टका गाडीहरुको अवस्थामा मात्रै सुधार देखिएको छ । थुप्रै सेगमेन्टको अवस्था अझै नाजुक छ ।**

नसक्नु र नीति पालना गराउन अघि नबढ्नु हो । सडकसँगै विद्युतीय गाडीको पूर्वाधार बनाउन पनि ढिला भइसकेको छ । यातायात क्षेत्रलाई चलायमान बनाउन सरकारले कुनै कार्यक्रम नल्याएका कारण पनि यातायात क्षेत्रले ठुलो मार खेपिरहेको छ । सरकारले पुँजीगत खर्च बढाउन नसक्नु अर्को समस्या हो । यसले विकास निर्माण ठप्प भइरहेको मात्रै छैन त्यससँग सम्बन्धित पक्षहरु पनि लगभग बन्द हुनुपर्ने अवस्थामा पुगेको छ ।

उदाहरणका लागि काठमाडौंकै सार्वजनिक यातायातको अवस्था हेरे पुग्छ । गुडिरहेका गाडीको अवस्थाले सरकारको असफलता देखाउँछ । 'मास ट्रान्सपोर्टेसन' का बारेमा नेपालमा धेरै अध्ययन भए पनि अध्ययनका सुझाव र निष्कर्ष कार्यान्वयनमा सरकारले चासो नदिँदा यातायात क्षेत्र थप अस्तव्यस्त हुँदै गएको छ । नेपालको माटो र हावापानी सुहाउँदो कार्यक्रम दीर्घकालीन हुन्छ । तर, त्यसमा ध्यान नदिई विदेशी देखासिकी गर्न सरकार हतारिँदा समस्या थपिँदै छन् । अटो क्षेत्र पारदर्शी भए पनि व्यक्तिगत इच्छा आकांक्षाको दबदबाले निजी क्षेत्र पनि समस्या समाधानमा अग्रसर हुन सकेको छैन ।

अहिले बस र ट्रकको भाडा जति छ त्यो समयअनुकूल छैन । सवारीसाधनको मूल्य र इन्धनको मूल्य बढिरहेको छ । तर, सार्वजनिक यातायातको भाडा भने जस्ताको तस्तै छ । त्यस्तै, बसहरूले जथाभावी मूल्य निर्धारण गर्नु पनि अर्को समस्या हो । यो विकृतिमा नियमन र नियन्त्रण हुनु आवश्यक छ । यातायात व्यवस्थापनका लागि छुट्टै नियमनकारी निकायको आवश्यकता खड्कि सकेको छ । त्यसमा सबै सरोकारवालाहरूको सहभागिता हुनुपर्छ । त्यसपछि मात्रै भाडा समायोजनसँगै अन्य विषयमा समाधान निकाल्न सकिन्छ ।

सरकारका तर्फबाट दीर्घकालीन रूपमा र वैज्ञानिक तवरबाट भाडा निर्धारण गर्ने, सडक पूर्वाधार तथा यातायात क्षेत्रलाई निर्वाध रूपमा सञ्चालन गर्न आवश्यक सुरक्षा तथा नियमन प्रणाली लागु गर्नेजस्ता कार्य तत्काल गर्नुपर्ने बेला भइसकेको छ । यस्तै, व्यवसायीका तर्फबाट पनि अस्वस्थ प्रतिस्पर्धा सिर्जना नहुने गरी गाडीको मूल्य, भाडा, उधारो समय तथा ब्याजदरजस्ता स्थिरता कायम गर्ने कार्यहरूलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

### सडक पूर्वाधार तथा विकास निर्माण समयमा नहुँदा व्यवसायीले भोग्नुपरेका समस्या

गन्तव्य पुग्न ढिला भएपछि दोहोरो खर्च हुनु, भाडा दुईपटक तिर्नु, खाना दुईचोटि खानुपर्ने, बढी इन्धन खपत हुने, कर्मचारीको खर्च बढ्ने, गाडीमा टुटफुट (टायर र अन्य पाटपुर्जामा बिग्रने) समस्या आउने र समयमा गन्तव्य नपुगिनुजस्ता समस्या देखिँदै आएको छ । भनेका बेला गन्तव्य नपुग्ने भएपछि यात्रुले पनि सार्वजनिक सवारीसाधनलाई प्राथमिकता दिन छाडेका छन् । यसले गर्दा सार्वजनिक यातायात क्षेत्रको व्यापार घाटा बढिरहेको छ । स्टक त बढ्यो तर कार्यशील पुँजी (वर्किङ क्यापिटल) व्यवस्थापन गर्न अत्यन्तै गाह्रो भएको छ । सतहमा देखिएका समस्या समाधानका लागि सरकारले तत्काल काम गर्नुपर्ने बेला भएको छ भने निजी क्षेत्रले पनि सस्तो र सरल 'अफ्टर सेल्स' सेवा दिने, 'अफोर्डेबल' गाडी ल्याउने, वर्कसपहरु तयार गर्ने र व्यवसायीहरूको हकहितका लागि 'लायजनिङ' को भूमिका खेल्नुपर्ने भएको छ ।

### सार्वजनिक यातायात क्षेत्रमा लगानीको अवस्था

सार्वजनिक यातायात क्षेत्रमा अहिले लगानी गर्न व्यवसायीहरु डराएका छन् । अव्यवस्थित तवरबाट आयात भएका विभिन्न ब्रान्डका विद्युतीय सवारीसाधनले व्यवसायीबीच अस्वस्थ प्रतिस्पर्धा सिर्जना गरेको छ । जसले यातायात व्यवसायीहरूलाई बजार विस्तार गर्न कठिन बनाएको छ । तथापि बैंकहरु 'कन्जरभेटिभ' सोच त्यागेर खुला रूपमा आएको खण्डमा यातायात क्षेत्रमा थप लगानीको वातावरण बन्न सक्छ ।

अहिले बिक्रीपछि सेवा-सुविधाहरूको पूर्वाधार तयार नगरी सवारीसाधनहरु बिक्रीको काम भइरहेको छ । साथै बिक्रीपछि वारेन्टी र ग्यारेन्टीका विषयमा पनि व्यवसायीबीच अन्योलको माहोल छ । सरकारले कमर्सियल सवारीसाधनको माग बढाउने गरी योजनाहरु ल्याउनुपर्छ । कमर्सियल सवारीसाधनको माग बढ्नेबित्तिकै आर्थिक अवस्था चलायमान हुन थाल्छ । नगद प्रवाह बढाउँछ । यसले आर्थिक चक्रमा सकारात्मक महोल बनाउँछ । नेपाललाई सबै सडक पूर्वाधारसँगै विकास निर्माणमा वैदेशिक सहायता आवश्यक छैन । अधिकांश क्षेत्रमा नेपालकै लगानीले भ्याउँछ तर, सरकारले पुँजीगत खर्च बढाउने गरी विकासका काम गर्ने वातावरण बनाउनुपर्छ ।

*(श्रेष्ठ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालका उपाध्यक्ष तथा सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत हुन्)*

| | |
|---|---|
| Total number of Commercial vehicles plying on the road at present | 254000 |
| Investment by vehicle buyers | Rs, 1 Kharba |
| No of Workshops | 25000+ |
| No of Dealers | 1000+ |
| No of parts Shop | 10000+ |
| Directemployment(Includeddrivers,conductorsandmechanicsonly)(Directand Indirect) | 10,00,000+ |

# नेपालको सार्वजनिक यातायातः आर्थिक तथा सामाजिक विकासको दर्पण

> नेपालको सार्वजनिक यातायातलाई सुधार गर्ने क्रममा व्यवसायीहरूले लक्जरी गाडीहरू ल्याएर नागरिकलाई सेवा दिइरहेका छन् । तर, सडक पूर्वाधार गुणस्तरीय नहुँदा दिगोपनामा समस्या भइरहेको छ ।



विजयबहादुर स्वाँर

सार्वजनिक यातायात प्रणाली केवल नागरिकलाई आफ्नो गन्तव्यसम्म पुऱ्याउने माध्यम मात्रै नभई देशको आर्थिक, सामाजिक र भौतिक विकासको ऐना हो । इतिहासदेखि वर्तमानसम्म नेपालको आर्थिक, सामाजिक तथा भौतिक विकासलाई मापन गर्न सार्वजनिक यातायातको गुणस्तर र व्यवस्थापनको विश्लेषण गरे पुग्छ ।

नेपाल एक अल्पविकसित राष्ट्र हो । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको चौथो नेपाल जीवनस्तर सर्वेक्षण २०२२-२३ का अनुसार नेपालको कुल जनसङ्ख्याको २०.२७ प्रतिशत मानिस गरिबीको रेखामुनि छन् । निम्न तथा मध्यम आय भएका मानिसको दैनिकी सार्वजनिक यातायातमा निर्भर छ । सार्वजनिक यातायातले आममानिसका लागि व्यवस्थित र गुणस्तरीय सेवा प्रदान गर्न सके मात्रै सही अर्थमा देश विकास भएको ठहर्छ । जसले उच्च र निम्न आय भएका मानिसबीचको दूरी घटाउन र सामाजिक न्याय प्रवर्धनमा सहयोग पुऱ्याउँछ । किनभने सार्वजनिक यातायात दिगो र भरपर्दो भए मानिसहरु आफ्नो निजी गाडी छाडेर सार्वजनिक यातायातमै यात्रा गर्न रूचाउनेछन् ।

नेपालको सार्वजनिक यातायातलाई सुधार गर्ने क्रममा व्यवसायीहरूले लक्जरी गाडीहरु ल्याएर नागरिकलाई सेवा दिइरहेका छन् । तर, सडक पूर्वाधार गुणस्तरीय नहुँदा दिगोपनामा समस्या भइरहेको छ । अस्थिर राजनीतिक व्यवस्था र पूर्वाधार विकासमा सुस्तताले सार्वजनिक यातायात प्रभावित भइरहेको छ ।

## सडक पूर्वाधारको वर्तमान अवस्था

पछिल्लो एक दशकमा नेपालमा सडक विकास एवं विस्तारको काम व्यापक रूपमा अगाडि बढेको छ । संघीय शासन प्रणाली लागु भएसँगै ७५३ वटै स्थानीय तहले शाखा सडक विस्तार, सडक निर्माण तथा मर्मतको काम गर्दै आएका छन् । आर्थिक सर्वेक्षण ०८०/८१ अनुसार २०८० फागुनसम्म प्रदेश र स्थानीय स्तरको सडक सञ्जालमध्ये ६७ हजार दुई सय ४६ किलोमिटर सडक विस्तार भएको छ । जसअन्तर्गत चार हजार आठ सय नौ किलोमिटर कालोपत्रे, १४ हजार दुई सय १४ किलोमिटर ग्राभेल र ४८ हजार दुई सय २३ किलोमिटर कच्ची सडक विस्तार भएको छ । तर, जुन अनुपातमा सडक विस्तारको काम भइरहेको छ, दुर्घटनाको संख्या पनि बढ्दै गइरहेकाले सार्वजनिक यातायात व्यवस्थापनमा सरकारी हेलचेक्र्याइँ उजागर गरेको मात्र छैन सडक पूर्वाधार विकासलाई पनि गिज्याइरहेको छ ।

प्रहरी प्रधान कार्यालयका अनुसार आर्थिक वर्ष ०८०/८१ मा मात्रै २२ हजार नौ सय २७ सवारीसाधन दुर्घटनामा परेर दुई हजार तीन सय ६९ जनाले ज्यान गुमाएका छन् भने ६ हजार एक सय ६० जना सख्त घाइते भएका छन् । पछिल्लो ६ वर्षको तथ्यांक केलाउँदा प्रतिवर्ष औसत २५ सय मानिसले दुर्घटनामा ज्यान गुमाएका छन् भने पाँच हजार सात सय ७२ जना सख्त घाइते भएका छन् । तीव्र रूपमा सडक विस्तारको काम भइरहे पनि सवारीसाधनको बढ्दो दुर्घटनाले सडक सुरक्षा र पूर्वाधारको अवस्थामाथि प्रश्न उठेको छ ।

गत असार, साउन र असोजमा परेको वर्षाका कारण अहिले नेपालका मुख्य राजमार्गहरूको दुर्दशा छ । कालोपत्रे भएका सडकहरु कतिपय ठाउँमा भासिएका छन् भने कतिपय ठाउँमा पहिरोले पुरेको छ । यसले लामो दूरीका सवारीसाधन तोकिएको समयमा गन्तव्यमा पुग्न नसक्दा चालक, सहचालक तथा यात्रु आफ्नो अधिकांश समय सडकमै बिताउन बाध्य भए । व्यवसायीहरूले अत्याधुनिक तथा आरामदायी सवारीसाधन थपे पनि सडकको अवस्था राम्रो नहुँदा चाँडो बिग्रिँदा वार्षिक ठुलो



**गत असार, साउन र असोजमा परेको वर्षाका कारण अहिले नेपालका मुख्य राजमार्गहरूको दुर्दशा छ । कालोपत्रे भएका सडकहरू कतिपय ठाउँमा भासिएका छन् भने कतिपय ठाउँमा पहिरोले पुरेको छ ।**

क्षति व्यहोर्नुपर्ने अवस्था छ । सडक निर्माणको टेन्डर प्रक्रिया, गुणस्तरीय र दिगो सडक निर्माणका लागि अपनाउनुपर्ने विधि, सडक इन्जिनियरिङमै समस्या रहेको तथ्य सडक पूर्वाधारको अवस्थाले औंल्याइरहेको छ ।

सडक निर्माण तथा विस्तारका लागि सरकारले घटाघटको टेन्डर प्रक्रिया अपनाएको छ । थोरै 'बिडिङ' गर्नेलाई सडक निर्माणको जिम्मेवारी दिँदा सडकको गुणस्तरमा सम्झौता भइरहेको पो छ कि भन्ने प्रश्न उठ्छ । जस्तैः एक प्याकेट चाउचाउको उत्पादन लागत १८ रूपैयाँ छ र कोही आएर ६ रूपैयाँमा उत्पादन गर्छु भन्यो भने त्यहाँ चाउचाउको गुणस्तर कमसल हुनसक्छ । त्यसकारण सडक पूर्वाधारलाई दिगो बनाउन घटाघट विधिबाट गरिने बिडिङ प्रक्रियामा समीक्षा गर्नु आवश्यक छ । त्यस्तै, सडक निर्माणसँगै जोडिएर आउने वातावरणीय पक्ष (ईआईए) मा पनि विशेष ध्यान दिनुपर्नेछ । खासगरी नेपालजस्तो भूपरिवेष्ठित राष्ट्र-जहाँ पहाड नै पहाड छन्, ती ठाउँमा जथाभावी भारी उपकरणको प्रयोग गरी सडक खन्नु, सडक बनाउँदा वातावरणीय पक्षलाई विल्कुलै वास्ता नगर्नु, कट एन्ड फिल सिद्धान्त नपनाउनु, वर्षाको पानीको उचित व्यवस्थापन नगर्नु, सडक विस्तारका क्रममा विपद्को आकलन गर्न नसक्नु र नियमनकारी निकायले प्रभावकारी काम नगर्दा सडक पूर्वाधारको विस्तारसँगै असुरक्षित हुँदै गएका छन् । यसले सार्वजनिक यातायात जोखिमपूर्ण बन्दै गएको मात्रै छैन आमनागरिकले आफ्नो ज्यान गुमाएर भरपाई गरिरहेका छन् ।

### सार्वजनिक यातायात क्षेत्रका चुनौती र समाधान

सम्भवत विश्वमा नेपाल मात्रै सार्वजनिक यातायातको क्षेत्रमा सरकारी लगानी शून्य भएको देश हो । सरकारी लगानी नभएर पनि होला यस क्षेत्रले जति प्राथमिकता पाउनुपर्थ्यो त्यति पाइरहेको छैन । सार्वजनिक यातायातको जिम्मेवारी लिने यातायात मन्त्रालयसमेत कहिल्यै एक्लै र स्थिर छैन । समय-समयमा विभिन्न मन्त्रालयसँग जोड्दै र छुटाउँदै ल्याएको छ । एक समय निर्माण तथा यातायात मन्त्रालय रहेको यातायात मन्त्रालय पछि श्रम तथा यातायात मन्त्रालय बन्यो । अहिले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय बनेको छ । तर, यातायात पूर्वाधार विकासका लागि जति काम हुनुपर्थ्यो भइरहेको छैन ।

सहरी क्षेत्रमा चल्ने सार्वजनिक सवारीसाधनहरूको व्यवस्थापनमा पनि समस्या छ । प्रविधिको प्रयोग गरेर समाधान खोज्न सकिने क्षमता भए पनि सफलता मिलिरहेको छैन । यसमा सरकार र व्यवसायी दुवैका आ-आफ्ना कमजोरी सुधार गर्न यातायात व्यवस्था विभागबाट मात्र सम्भव छैन भनेर काठमाडौं उपत्यका प्राधिकरणको गठन गरिए पनि स्वतन्त्र रूपमा काम गर्न नपाउँदा समस्या जहाँको तहीँ छन् ।

मुलुकभरका सहरी क्षेत्रको सार्वजनिक यातायातको समस्या समाधान गर्न यातायात व्यवस्था विभागलाई प्राधिकरण वा आयोग बनाउनुपर्छ । त्यसअन्तर्गत सातै प्रदेशमा प्रादेशिक प्राधिकरण/आयोग गठन गरेर सहरी क्षेत्रमा चल्ने सवारीसाधनहरूको व्यवस्थापन गर्न सकिन्छ । प्राधिकरणले समग्र यातायातको राष्ट्रिय नीति निर्माण, सवारीसाधन आयातसम्बन्धी मापदण्ड, कर व्यवस्थालगायत नीति, नियमहरु बनाउने अधिकार दिने र प्राप्त नीतिहरूलाई संघ, प्रदेश र स्थानीय सरकारले अवलम्बन गर्दै जाने हो भने सार्वजनिक यातायातमा देखिएका समस्याहरु समाधान हुन सक्छन् । तर, संघीय र प्रादेशिक सरकारकाबीच शक्ति सन्तुलन नमिल्दा यातायात क्षेत्रका समस्याहरु अहिले पनि समाधान हुन सकेको छैन । त्यो समस्या भोलि पनि नआउला भन्न सकिन्न । यद्यपि देशभरको सार्वजनिक यातायातलाई सिलसिलाबद्ध प्रविधिमैत्री बनाएर, तथ्यांकमा आधारित भएर चलाउने काममा प्राधिकरण/आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न सक्छ ।

सार्वजनिक यातायात क्षेत्रको सुदृढीकरण गर्न सरकारले तयार पारेको सन् २०२१-२०३० नेपाल सडक सुरक्षा कार्ययोजनासम्बन्धी प्रतिवेदनमा समेटिएका सुझाव कार्यान्वयन गरिए पनि ८० प्रतिशत समस्या समाधान हुन्छ । सडक सुरक्षा, रोड पर्मिट, रोड म्यापिङदेखि लिएर वर्तमान अवस्था कस्तो छ ? भविष्यमा सडक पूर्वाधार कस्तो हुनुपर्छ, कसरी त्यो सम्भव छ र कुन निकायले के काम गर्ने, चालक, सहचालकको व्यावसायिकतालगायत विषयवस्तु प्रतिवेदनमा समेटिएका छन् । व्यवसायीका कमीकमजोरी, समस्या, सरकार पक्षका कमीकमजोरी, चालक अनुमतिपत्रको प्रक्रियालगायत सबै विषयवस्तुको समाधान प्रतिवेदनमा छ ।

नेपालको सबैभन्दा चुनौती नीतिगत व्यवस्था अन्तर्गतका कानुन कार्यान्वयन नहुनु हो । दुर्घटनापछि चार्जसिट भएको २४



**सार्वजनिक यातायातका क्षेत्रमा लगानी बढाउनुअघि व्यवसायीले कुन रुटमा कति बस आवश्यक छ, कति माग छ भनेर अध्ययन गनुपर्छ । रुट पर्मिट लिइसकेपछि गाडी आयात गर्ने नीति अङ्गीकार गर्नुपर्छ । त्यसैगरी 'डिजिटल टिकेटिङ', 'ट्याप एन्ड पे कार्ड' जस्ता आधुनिक प्रविधिहरूको प्रयोगबाट सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउन सकिन्छ ।**

घण्टाभित्र गाडी छाड्नुपर्ने प्रावधान छ । तर, महिनौंसम्म गाडी होल्ड गरेर राख्ने गरिन्छ । नियमावलीमा गाडी होल्ड भएको अवस्थामा प्रतिदिन तीन हजार रूपैयाँका दरले क्षतिपूर्ति दिनुपर्छ भन्ने नियम छ तर, क्षतिपूर्तिको त कुरै छाडौं प्रहरीले होल्ड गरेको गाडी लिनै महिनौं लाग्छ । त्यसैले सरकारले इमानदारीपूर्वक नीतिगत व्यवस्था कार्यान्वयन गर्नु जरूरी छ ।

त्यस्तै सडक 'ह्यासल फ्री' हुनुपर्छ । चेकिङको प्रक्रिया सहज हुनुपर्छ । एउटै जिल्लाभित्र ३/४ ठाउँमा चेकिङ गर्नु पर्दैन । चेकिङ गर्नुपर्ने कारण स्पस्ट हुनुपर्छ ? नागढुंगामा जाँच गरेपछि राजमार्गहरूको बीचबीचमा चेकिङ गर्न नपर्ने गरी प्रक्रिया प्रविधिमैत्री बनाउनुपर्छ ।

## सार्वजनिक यातायातमा गरिएको लगानी र आवश्यकता

निजी क्षेत्रले सार्वजनिक यातायातमा हालसम्म करिब १२ खर्ब रूपैयाँ लगानी गरेको छ । निजी क्षेत्रबाट सञ्चालित सबैभन्दा ठूलो सेवामुखी उद्योग नै सार्वजनिक यातायात हो भन्दा फरक पर्दैन । सार्वजनिक यातायातका क्षेत्रमा १५ लाख श्रमिक प्रत्यक्ष जोडिएका छन् । करिब ४० लाख परिवार आश्रित छन् । राजमार्गमा सञ्चालन भएका होटेल, पेट्रोलपम्पको आधार पनि सार्वजनिक यातायात नै हो ।

हाल नेपालमा ६५-७० हजार ढुवानीका साधन, तीन पाङ्ग्रेदेखि ठुला यात्रुवाहक बसहरु करिब चार लाख छन् । यद्यपि लगानी जोखिमपूर्ण छ । दुर्घटना हुनेबित्तिकै सम्पूर्ण लगानी शून्य हुन्छ । बिमाबाट केही क्षति न्यूनीकरण हुने भए पनि पूर्ण रूपमा हुँदैन । दुर्घटनापछिको आर्थिक भार व्यवसायीको काँधमा मात्रै नपरोस् र नागरिकलाई पनि सहज होस् भन्ने उद्देश्यले 'बास्केट फन्ड' स्थापना गर्नुपर्ने माग व्यवसायीले गर्दै आएका छन् । दुर्घटनाका क्रममा हुने 'हेड इन्जुरी', 'स्पाइनल इन्जुरी' को उपचारका लागि ६०-७० लाख एउटै व्यक्तिमा खर्च हुनसक्छ । त्यो सबै रकम बिमाले व्यहोर्ने त्याकत राख्दैन । त्यसैले सरकारी पहलले बास्केट फन्ड तयार गर्ने र त्यसमा व्यवसायी तथा बिमा कम्पनीहरूले योगदान गर्ने व्यवस्था हुनुपर्छ । फन्डका लागि राज्यले पेट्रोलियम पदार्थमा एक/दुई रूपैयाँ प्रतिलिटर संकलन गर्न सक्छ ।


## निष्कर्ष

नेपालको सार्वजनिक यातायात प्रणालीमा चुनौतीहरु भए पनि भविष्य उज्ज्वल छ । तथापि सार्वजनिक यातायातका क्षेत्रमा लगानी बढाउनुअघि व्यवसायीले कुन रूटमा कति बस आवश्यक छ, कति माग छ भनेर अध्ययन गनुपर्छ । रूट पर्मिट लिइसकेपछि गाडी आयात गर्ने नीति अङ्गीकार गर्नुपर्छ । त्यसैगरी 'डिजिटल टिकेटिङ', 'ट्याप एन्ड पे कार्ड' जस्ता आधुनिक प्रविधिहरूको प्रयोगबाट सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउन सकिन्छ । केन्द्रीय स्तरमा प्राधिकरण र प्रादेशिक तहमा प्रादेशिक प्राधिकरणहरूको गठन गरी समग्र यातायात क्षेत्रको व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउन सकिन्छ । बास्केट फन्डको स्थापना गरी व्यवसायी र यात्रु दुवैलाई लाभ हुने र यातायात क्षेत्रमा थप लगानी आकर्षित गर्ने वातावरण बनाउन सकिन्छ । सरकार, निजी क्षेत्र र सरोकारवाला सबैको सामूहिक प्रयास, सबै पक्षको सकारात्मक सोच, प्रविधिको उचित प्रयोग, नीतिगत सुधार, संस्थागत सुदृढीकरणबाट सार्वजनिक यातायात प्रणालीलाई सुरक्षित, भरपर्दो र आधुनिक बनाउन सकिने प्रशस्त सम्भावनाहरु छन् । जब यात्रुहरु सुरक्षित महसुस गर्दै गन्तव्यमा पुग्न आफूले सोचेको समयभन्दा अघि पुग्नेछन्, जब यात्रु र चालक तथा सहचालकबीच सौहार्दता बढ्न गई नेपालको सार्वजनिक यातायातले देश विकास र सामाजिक न्यायको प्रेमिल चित्र कोर्नेछ ।

*(स्वाँर नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका अध्यक्ष हुन्)*

# पर्यटन क्षेत्रको अवस्था, चुनौती र अबको बाटो

युरोपमा पहिले हामीले एड्भेन्चर मार्केटिङ मात्र भन्ने गरेका थियौँ । अहिले त्यहाँ आध्यात्मिक, सांस्कृति र पुरातात्त्विकमा फोकस गर्न सकिन्छ । यस्तै, नयाँ सेक्टरहरूमा हामीले आक्रामक रूपमा बजारीकरण गर्नु आवश्यकता छ ।



दीपकराज जोशी

अहिले नेपालको पर्यटन क्षेत्रको चलायमान कोरोना महामारीको अवस्थाभन्दा अगाडि पुग्न सकेका छैन । विश्वव्यापी रूपमा पर्यटन क्षेत्रमा ९५ प्रतिशत 'रिकभरी' भए पनि सन् २०२३ मा नेपालको रिकभरी ८४ प्रतिशत छ । यसले विश्वको रिकभरी दरभन्दा नेपालको केही कम रहेको देखाउँछ ।

कोभिडभन्दा अगाडि नेपालको पहिलो पर्यटन बजार भारत थियो । त्यसपछि क्रमशः चीन, अमेरिकालगायत देश थिए । तर, कोरोनापछि पहिलो स्रोत बजार भारत भएको छ । दोस्रोमा अमेरिका छ । चीन हाम्रो छिमेकीसँगै संसारकै ' लार्जेस्ट आउट बाउन्ड मार्केट' हुँदाहुँदै पनि पूर्ण रूपले रिकभरी हुन सकिरहेको छैन ।

करिब १० लाख जनशक्तिलाई प्रत्यक्ष/अप्रत्यक्ष रूपमा नेपालको पर्यटन क्षेत्रले रोजगारी दिएको छ । विदेशी मुद्रा कमाइमा आज पनि महत्त्वपूर्ण क्षेत्रका रूपमा पर्यटन छ । राज्यले पनि विस्तारै पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्न थालेको छ । विभिन्न राजनीतिक पार्टी, प्रशासनिक संयन्त्रलगायत राज्यका सबै सरोकारवालाले पर्यटनलाई आफ्नो प्राथमिकतामा राखेका छन् । दिगो विकासको सशक्त क्षेत्रका रूपमा पर्यटनलाई मान्न थालिएको छ ।

अहिले पर्यटन क्षेत्रको विकासका लागि सबैभन्दा ठुलो चुनौती पूर्वाधारको छ । सबै भरोसायोग्य एउटा मात्र अन्तर्राष्ट्रिय विमानस्थल छ । दुईवटा नयाँ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न भएर सञ्चालनको चरणमा पुगे पनि विश्वसनीयता हात लागिसकेको छैन । भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरास्थित पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालन नहुँदासम्म प्रश्नको घेरामा रहिरहन्छ । अहिले पर्यटनलाई मुख्य गन्तव्यमा जोड्ने प्रयास सडक यातायातमार्फत भइरहेको छ । तर, सडक यातायातको बाटो राम्रो छैन । अहिले पर्यटन क्षेत्रमा संग्लन धेरैजसो जनशक्ति (जो लामो समयदेखिको अनुभव प्राप्त दक्ष जनशक्ति) विदेश पलायन भएका छन् ।

नेपालको पर्यटन क्षेत्र बलियो सम्भाव्यता बोकेको क्षेत्र हो । पाँचवटा क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्ने हो भने अबको केही वर्षभित्रै नेपालको समृद्धिमा योगदान दिन सक्ने क्षेत्रका रूपमा पर्यटनलाई राख्न सकिन्छ । यसका लागि सबैभन्दा पहिले हामीले एभिएसन क्षेत्र (हवाई उडान) को विस्तार गर्नुपर्छ । नेपाल भूपरिवेष्ठित मुलुक भएकाले हवाई उडानको विस्तार र पहुँच बढाउनुपर्छ । त्यसका लागि हामीले तीन छुट्टा-छुट्टै पाटोमा काम गर्नुपर्ने हुन्छ ।

युरोपियन देश जहाँबाट हाम्रो 'भ्यालुबेस' पर्यटकहरु आउँछन् त्यहाँ नेपालको पहुँच पुग्न सकेको छैन । युरोपियन देशबाट विगत १३/१४ वर्षदेखि भ्यालुबेस पर्यटकहरु नेपाल आउने गरेका हुन् । त्यस्ता ठाउँमा नेपालको प्रत्यक्ष पहुँच/संग्लनता कायम राख्न युरोपसँग सिधा हवाई सम्पर्क हुनुपर्छ । त्यसले मात्र राम्रो भ्यालु पाउन सकिन्छ । दोस्रो, बनेका नयाँ दुईवटा विमानस्थल छिटोभन्दा छिटो सञ्चालनमा ल्याउनुपर्छ । त्यसका लागि दुवै विमानस्थलको बजारीकरण गर्नुपर्छ तर, त्यो भएको देखिँदैन । यद्यपि विमानस्थलको प्रचारमा सरकारले केही सहुलियतसमेत घोषणा गरेको छ । सरकारले दुवै विमानस्थल सञ्चालन गर्न दुई वर्षका लागि ल्याएको आकर्षक प्याकेजबारे सम्बन्धित देशमा बजारीकरण गर्नु आवश्यक छ । सरकारले सम्पूर्ण शक्ति प्रयोग गरेर नवनिर्मित एयरपोर्ट सञ्चालन गर्न सक्ने हो भने नेपालमा थप १५ देखि २० लाख विदेशी पर्यटक भित्र्याउन सकिन्छ ।

अहिले नेपाल आउन चाहने विदेशी पर्यटकले भनेको समयमा टिकट नै पाउँदैनन् । टिकट



**१० वटा विमान नेपाल एयरलाइन्ससँग हुने र त्यसको व्यवस्थापन पक्ष बलियो हुने हो भने हाम्रो गन्तव्य अनुसारको माग पूरा गर्न सकिन्छ । अहिले गन्तव्य अनुसारको पहुँच अप्ठ्यारो हुँदा पर्यटक आउन नसकेको स्थिति छ ।**

पाइहाल्यो भने कल्पना गरेभन्दा बढी मूल्य तिर्नुपर्छ । त्यसका लागि सिधा हवाई सम्पर्क बढाउने र नयाँ विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्छ । राष्ट्रिय ध्वजावाहक बलियो नहुँदासम्म आफ्नो प्राथमिकता भएका क्षेत्रमा बलियो उपस्थिति देखाउनै सकिँदैन । विदेशबाट आउने वायुसेवा कम्पनीहरूले आफूलाई फाइदा हुने क्षेत्रमा मात्र उडान गर्छन् । आजको दिनमा सरकारी ध्वजावाहक नेपाल वायुसेवा निगमको क्षमता विस्तार गर्नुपर्नेछ । १० वटा विमान नेपाल एयरलाइन्ससँग हुने र त्यसको व्यवस्थापन पक्ष बलियो हुने हो भने हाम्रो गन्तव्य अनुसारको माग पूरा गर्न सकिन्छ । अहिले गन्तव्य अनुसारको पहुँच अप्ठ्यारो हुँदा पर्यटक आउन नसकेको स्थिति छ । माग अनुसारको गन्तव्यमा नेपाल एयरलाइन्स पुग्ने हो भने पर्यटक नेपाल भित्र्याउन कठिनाइ हुँदैन ।

होटेल क्षेत्रको सहजता अहिले राम्रो अवस्थामा छ । होटेलको संख्या, रूम, चेन होटेल तथा स्टार होटेलहरु भित्रने क्रम बढ्दो छ । होटेल सेवामुखी क्षेत्र हो, हामीले सेवा दिन क्षमता बनाउन दक्ष जनशक्ति विकासमा जोड दिनुपर्छ । अब आउने वर्षहरूमा हरेक २० हजार जनशक्तिलाई तालिम दिएर सेवा दिनलायक बनाउन अभियान चलाउने हो भने अवश्य सहज हुन्छ ।

त्यस्तै, सडक यातायातको अवस्था तत्कालै सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ । अहिले पोखरा, लुम्बिनी, भैरहवालगायत मुख्य पर्यटकीय गन्तव्यमा जाने सडकको अवस्था राम्रो छैन । सरकारले सडक सञ्जाललाई सहज बनाउन उच्च प्राथमिकतामा राखी अवधि तोकेर काम गरेको खण्डमा विश्वास आर्जन गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय स्रोत बजारहरूमा हामीले आक्रामक रूपमा माग सिर्जना गर्न बजारीकरण गर्नुपर्छ । जसका लागि पर्यटन बोर्डको नेतृत्वमा पुराना बजारमा नयाँ सेग्मेन्टमा जान सकिन्छ । जस्तो भारतकै कुरा गर्दा धेरै धार्मिक पर्यटक नेपाल आउँछन् । त्यहाँ हामीले कर्पोरेटलगायत क्षेत्रको बजारीकरण गर्न सकिन्छ । त्यहाँबाट धार्मिक पर्यटक मात्र नभएर अन्य पर्यटकलाई आकर्षण गर्न सकिन्छ ।

यस्तै बंगलादेशको ढाका बजार । जहाँ एक घण्टाको दूरीमा उडानमार्फत जान–आउन सकिन्छ । एउटै सिटीमा साढे तीन करोड जनशक्ति भएको र त्यहाँको आर्थिक अवस्था पनि राम्रो छ । त्यस्ता ठाउँहरूमा हामीले बजारीकरण गर्नुपर्छ । युरोपमा पहिले हामीले एड्भेन्चर मार्केटिङ मात्र भन्ने गरेका थियौं । अहिले त्यहाँ आध्यात्मिक, सांस्कृति र पुरातात्त्विकमा फोकस गर्न सकिन्छ । यस्तै, नयाँ सेक्टरहरूमा हामीले आक्रामक रूपमा बजारीकरण गर्नु आवश्यकता छ ।

अहिले हाम्रो मौसम केन्द्रित पर्यटन मात्रै भएको छ । अक्टोबर, नोभेम्बरमा धेरै पर्यटक आउने, फेरि अन्य सिजनमा खासै नआउने प्रवृत्ति छ । १२ महिनै पर्यटक आउने गरी योजना बनाउनुपर्छ । त्यसका लागि कम पर्यटक आउने भनिएका महिनाहरूका लागि विशेष आकर्षण के हुनसक्छन्, त्यसको पहिचान र प्रवर्धन गर्न जरूरी छ । यसमा विभिन्न संयन्त्रको प्रयोग गर्न सकिन्छ । विभिन्न कूटनीतिक नियोग, नेपाललाई मन पराउने विभिन्न निकायलाई परिचालन गरेर बढीभन्दा बढी पर्यटक ल्याउन ध्यान केन्द्रित गर्नुपर्छ ।

पर्यटन 'आइसोलेसन' मा विकास हुने क्षेत्र होइन । आज पनि सडक पूर्वाधारको जिम्मा भौतिक पूर्वाधार मन्त्रालयलाई छ । धेरैभन्दा धेरै विदेशी पर्यटक जाने गरेका विभिन्न पार्क तथा संरक्षित क्षेत्रहरु वन मन्त्रालयअन्तर्गत पर्छ । पर्यटन क्षेत्रमा अनलाइन भिसा, ई–भिसाको धेरै माग भइरहेको छ, त्यो गृह मन्त्रालयले हेर्छ । विभिन्न स्थानमा कूटनीतिक नियोगहरु छन्, जहाँबाट उहाँहरूले विदेशीलाई भिसा दिनुहुन्छ, पर्यटन प्रवर्धनका कार्यक्रमहरु पनि गर्नुहुन्छ, त्यो पर्यटन मन्त्रालयअन्तर्गत छ ।

यस्ता मुख्य ४/५ वटा निकायको बीचमा एउटा बलियो र प्रभावकारी संयन्त्र निर्माण गर्न सकिए पर्यटन क्षेत्रमा राम्रो योगदान पुग्न सक्छ । विगत २०/२५ वर्षलाई हेर्दा हरेक ३/४ वर्षमा कुनै न कुनै समस्या आएको देखिन्छ । कुनै राजनीतिक, कुनै प्राकृतिक र कुनै महामारीका रूपमा आएको देखिन्छ, त्यस्ता समस्या भविष्यमा नआउने भन्ने होइन, कुनै पनि समयमा फेरि यस्ता खालका समस्या आइपर्न सक्छन् । त्यसैले विभिन्न समयमा विभिन्न किसिमले आइपर्ने समस्या समाधानका लागि पूर्वतयारी गरेर बस्नुपर्छ । तयारी बढाउनुपर्छ ।

अहिले संसारभर जलवायु परिवर्तनको विषय गम्भीर चासोका रूपमा हेरिएको छ । जलवायु परिवर्तनका विषयमा नेपालले धेरै राम्रो गरेको छ । नेपालले अवलम्बन गरेको अभ्यासलाई बाहिर प्रचारसँगै निरन्तरता पनि दिनुपर्छ । यस्तै, जलवायु परिवर्तनमा परेका असरको न्यूनीकरणका लागि संवेदनशील भएर काम पनि गर्नुपर्छ ।

विदेशी पर्यटकसँगसँगै पछिल्लो समय आन्तरिक पर्यटकको संख्यामा पनि बढ्न थालेको छ । साँच्चिकै दिगो रूपमा नेपाललाई समृद्धि बनाउने सम्भावना बोकेको, कम लगानीमा बढी प्रतिफल आउनसक्ने, बढीभन्दा बढी जनसंख्यालाई रोजगारका अवसर सिर्जना गर्नसक्ने, वैदेशिक लगानी भित्र्याउन एउटा छुट्टै आकर्षण पैदा गर्ने क्षेत्र पर्यटन नै हो । राज्यका सबै निकायले (केही नीतिगत, केही बोलीका हिसाबले र केही भाषागत रूपमा) प्राथमिकतामा राखेका छन् । तर, सरकारको कार्ययोजनाको प्राथमिकतामा नेपालको पर्यटन क्षेत्र पर्नु आवश्यक छ । जति छिटो पर्यटनको महत्त्व बुझेर सरकारी प्राथमिकतामा राख्न सकिन्छ, त्यति नै छिटो हामीले पर्यटनबाट लाभ लिन सकिने अवस्था पनि छ । त्यसैल पर्यटनको महत्त्वलाई नजरअन्दाज नगरी उच्च प्राथमिकता दिएर काम गर्नुपर्ने आवश्यकता भने छ ।

*(जोशी नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी निर्देशक हुन्)*

# पर्यटन क्षेत्रमा गर्नुपर्ने सुधार धेरै छन्

बर्सेनि हजारौं विदेशी पर्यटक हिमाल आरोहण गर्न नेपाल आउँछन् । हिमालको पर्यटन बेचेर नेपालले विदेशी मुद्रा आर्जन गरिरहेको छ । सेताम्मे हिमाल आरोहणका लागि मात्रै होइन, हेर्रैर मनोरञ्जन गर्न पनि पर्यटकहरु नेपाल आउँछन् ।



नारायणप्रसाद रेग्मी

पर्यटनलाई मुलुकको अर्थतन्त्रको आधारशिला मानिन्छ । विश्वभर आठ हजार मिटरभन्दा अग्ला हिमाल १४ वटा रहेकामा नेपालमा मात्रै सगरमाथासहित आठवटा छन् । त्यसमध्ये एक हो, सगरमाथा । विश्वसामु नेपाल सर्वोच्च शिखर सगरमाथाको देश भनेर चिनिन्छ । यिनै गगनचुम्बी हिमालहरु नेपाली पर्यटनको प्रमुख आधार बनेका छन् । अग्ला हिमालका कारण पर्वतीय पर्यटनका लागि नेपाल आउने पर्यटकको संख्या अधिक छ । हिमाल हेर्न र आरोहणकै लागि बर्सेनि लाखौं रुपैयाँ खर्चिएर विदेशीहरु नेपाल आउने गरेका छन् ।

बर्सेनि हजारौं विदेशी पर्यटक हिमाल आरोहण गर्न नेपाल आउँछन् । हिमालको पर्यटन बेचेर नेपालले विदेशी मुद्रा आर्जन गरिरहेको छ । सेताम्मे हिमाल आरोहणका लागि मात्रै होइन, हेर्रैर मनोरञ्जन गर्न पनि पर्यटकहरु नेपाल आउँछन् ।

सगरमाथा आरोहणका लागि मात्रै बर्सेनि तीन सयभन्दा बढी स्वदेशी-विदेशी आरोही पुग्छन् । अन्य हिमाल आरोहण गर्ने आरोहीको संख्या पनि उत्तिकै छ । नेपालमा रहेका साना-ठुला हिमालमध्ये तीन सयभन्दा बढी हिमाल आरोहणका लागि खुला गरिएको छ । आवश्यकताअनुसार आरोहणका लागि नयाँ हिमालहरु खुलाउने क्रम जारी छ । नेपालमा हरेक वर्ष तीन हजारभन्दा बढीले हिमाल आरोहण गर्छन् । जसबाट वार्षिक पौने एक अर्ब हाराहारी रोयल्टी संकलन हुन्छ ।

पछिल्ला समय भर्जिन (नयाँ) हिमाल चढ्न पर्यटकको रुचि बढेको देखिन्छ । नयाँ हिमाल आरोहणका लागि जाँदा बाटो फिक्सिङ गर्ने (आफैं बनाउनुपर्ने) भएकाले पर्यटकको रुचि बढेको देखिन्छ । हिमाल पर्यटन मात्र हैन, नेपालका हरेक ठाउँलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न सकिन्छ र त्यसको सम्भावना पनि छ । यसले पर्यटकको बसाइँ अवधि लम्बाउन मद्दत गर्छ ।

पछिल्ला तथ्यांकअनुसार पर्यटकको बसाइँ अवधि सरदर १३ दिन छ । पर्यटकको बसाइँ अवधि लम्बाउन सके मुलुकलाई ठुलो सहयोग पुग्छ । अवधि लम्ब्याउन सबैभन्दा पहिले पर्यटकका लागि मनोरञ्जनका गतिविधिहरु बढाउनुपर्छ । अहिले धेरैजसो पर्यटकहरु एकल उद्देश्य लिएर आइरहेका छन् । नेपाल आइसकेपछि धार्मिक, पर्वतारोहण, पदयात्रालगायतमा छरिन्छन् । जहाँ जाने हो, उद्देश्य पूरा गरेर फर्कन्छन् ।

हिमाल चढ्ने पर्यटकलाई जलयात्रा कसरी गराउने या पशुपति जाने पर्यटकलाई लुम्बिनी लैजाने, पर्वतारोहणमा गएकालाई पोखरा घुम्न कसरी पुऱ्याउनेलगायतमा ध्यान दिनुपर्छ । यसका लागि पर्यटकको रुचि के हो, कस्ता पर्यटक आइरहेका छन् भन्ने बारेमा थाहा पाउनुपर्छ । आवश्यक परे सर्वेक्षण पनि गर्नुपर्छ । निजी क्षेत्रसँग मिलेर पर्यटकका लागि विकल्पहरु खोज्नुपर्छ । त्यसपछि मात्र एउटा प्रयोजनका लागि आएका पर्यटक अरु प्रयोजनमा घुमाउन सकिन्छ र बसाइ अवधि लम्बिन्छ । यसो गर्दा पर्यटकले गर्ने खर्च पनि स्वतः बढ्न जान्छ ।

## एकीकृत पर्यावरण पूर्वाधारको आवश्यकता

पर्यटन विस्तारका लागि चारवटा विषयलाई प्राथामिकतामा राख्नुपर्छ । पहिलो, पूर्वाधार नै हो । छिटो-छरितो र सहज रुपमा यात्रा गर्न पाउनुपर्छ । नेपालमा हरेक दिन यातायात (ट्रान्सपोर्टेसन) को मूल्य बढ्दै गयो भन्ने पर्यटकको गुनासो सुनिन्छ । ट्रान्सपोर्टेसनलाई सहज र सस्तो बनाउन जरुरी छ ।

दोस्रो भनेको 'हस्पिटालिटी' हो । नेपालमा हस्पिटालिटी पनि सहर केन्द्रित छन् । काठमाडौंमा जसरी होटेलका संख्यामा वृद्धि भइरहेका छन्, अरु क्षेत्रमा कम छ । कतिपय प्रदेशमा सुविधासम्पन्न होटेल



**अहिले पूर्वाधारको कमीका कारण पर्यटकले पनि एउटा मात्र गन्तव्यको योजना बनाएर आइरहेका छन् । त्यसैले पर्यटकीय गन्तव्यलाई जोड्न जरुरी छ ।**

नै छैनन् । होटेललाई हरेक क्षेत्रमा लैजानुपर्छ । डिजिटल करेन्सीको सुविधा दिनुपर्छ ।

तेस्रो, कनेक्टिभिटी र रेगुलारिटीको सुनिश्चितता हुनुपर्छ र अर्को स्थानीय संस्कृतिलाई अझै देखाउन जरुरी छ । पछिल्लो समय पुराना संस्कृतिहरु लोप हुँदै गएका छन् । कतिपय ठाउँमा विशेषखाले नाच तथा संस्कृतिहरु देखाइरहेका छन् । हामी सबैले आफ्नो संस्कृति देखाउन सकेमा दीर्घकालीन रुपमा पर्यटन प्रवर्धनमा सघाउ पुग्छ ।

मध्यकालमा बनेका सम्पदाहरु हेर्न आउने पर्यटकहरु अब कुन सम्पदा हेर्न आउने त ? यसमा पनि लगानी आवश्यक छ । नेपाल आउने धेरै पर्यटकहरु सम्पदा र संस्कृति अवलोकनकै लागि आउँछन् । उनीहरुलाई तान्न सक्ने अरु क्षेत्र पनि छन् भनेर नयाँ-नयाँ क्षेत्रमा थप लगानीको खाँचो छ ।

सम्पदा, संस्कृति र सभ्यतामा लगानी भएपछि बल्ल दिगो पर्यटन हुन्छ । यसका साथै राष्ट्रिय निकुञ्जमा थप विकास गर्नुपर्ने देखिन्छ । निकुञ्जभित्र 'बोटानिकल गार्डेन' को आवश्यकता छ । मुलुकमा एक दर्जन राष्ट्रिय निकुञ्ज छन् तर, निकुञ्जमा बोटानिकल गार्डेन छैनन् । राष्ट्रिय निकुञ्जभित्रै बोटानिकल गार्डेन भएन भने पर्यटक आएर के अनुसन्धान (रिसर्च) गर्छ ?

राष्ट्रिय निकुञ्जभित्र बस्ने धेरै पर्यटकको उद्देश्य वा रुचि निकुञ्ज परिसर अवलोकनसँगै रिसर्च पनि हुन्छ । कतिपय पर्यटक रिसर्चकै लागि पनि आउँछन् । यसो गर्न सके राष्ट्रिय निकुञ्जमा पुग्ने पर्यटकको बसाइ अवधि पनि लम्ब्याउन सकिन्छ र यसले पर्यटकको मेनु पनि बढ्न गयो ।

## 'टुरिस्ट इन्फरमेसन एप्स'

प्रविधिले हरेक कुरालाई सहज बनाइदिएको छ । तर विडम्बना ! नेपालमा आउने पर्यटकले प्रविधिको अझै भरपूर प्रयोग गर्न पाएका छैनन् । यसमा हामी चुकेकै भन्नुपर्छ । पर्यटक नेपाल आउँदा उसले सम्पूर्ण जानकारी एउटै एपमा हेरेर आउने सुविधा दिनुपर्नेमा अहिलेसम्म सम्भव भएको छैन । एपको अभावमा पर्यटकले नेपाल आइसकेपछि विमानस्थलमा अवतरण गरेदेखि नै अनेक झमेला खेपिरहेको छ । कतिपय पर्यटकहरु ठगिएका छन् । यसको व्यवस्थापनका लागि सरकार र निजी क्षेत्र दुवै मिलेर प्रविधिलाई पर्यटकमैत्री बनाउन आवश्यक छ र पर्यटक सूचनाका लागि आधिकारिक टुरिस्ट इन्फरमेसन एप ल्याउनैपर्छ । आधिकारिक एप भएमा पर्यटकको यात्रा सहज बन्न सक्छ । कुनै पनि पर्यटकले आफ्नै देश/घरबाटै बुकिङ गर्न सक्छ । त्यही एपले उसलाई सबै कुराको विस्तृत जानकारीसमेत दिन्छ । गन्तव्यको प्रोफाइल सबै राख्न सकेमा पर्यटकका लागि सहज हुनेछ । यसले मार्केटिङ पनि आफै गर्छ ।

## चुनौतीभित्रका अवसर

हामी सधैं सम्भावना र अवसरको मात्र चर्चा गर्छौं तर चुनौतीलाई केलाउने बानी छैन । नेपाल-भारत र चीनको बीचमा जोडिएको र दुवै देश प्रमुख धर्मसँग जोडिएका छन् । नेपाल पनि धर्मको उर्वरभूमि हो । पशुपतिनाथ, लुम्बिनी, मुक्तिनाथलगायत प्रसिद्ध धार्मिक स्थलहरु नेपालमै छन् । यिनै स्थलमा दुई मुलुकबाट बढी भन्दा बढी पर्यटक भित्र्याउन सकिन्छ । यति ठूलो अवसर हुँदा-हुँदै पनि सम्भव किन भइरहेको छैन । यसको अर्थ कतै न कतै खाडल (ग्याप) छ ।

हिमाल आरोहणको अहिलेको अवस्था हेर्दा युरोप अमेरिकाबाट धेरै पर्यटक आइरहेका छन् । पछिल्लो समय चिनियाँ पर्यटक केही हदसम्म बढेको देखिन्छ । भारतीय पर्यटकलाई तीर्थयात्रासँगै आरोहण तथा पदयात्रामा अझै जोड्न सकिएको छैन ।

पर्यटन क्षेत्र पूर्वाधारका कारण 'इन्टर कनेक्टेड' भएन । कुनै पर्यटक लुम्बिनी घुम्न आउँदा पोखरा घुमेर फर्कन्छुभन्दा 'कनेक्टिङ' को सुविधा भएन । इन्टरकनेक्टेड हुन सकेको खण्डमा पर्यटकले दुवै गन्तव्यमा घुम्न र बस्न पाउनेछन् । अहिले पूर्वाधारको कमीका कारण पर्यटकले पनि एउटा मात्र गन्तव्यको योजना बनाएर आइरहेका छन् । त्यसैले पर्यटकीय गन्तव्यलाई जोड्न जरुरी छ ।

त्यस्तै पर्यटनमा पर्याप्त लगानी भएको

> अर्को भनेको ...डेस्टिनेसन प्रमोसन! नै हो । घुमघामका लागि सातै प्रदेशमा फरक गन्तव्य बनाउन सकिन्छ । एउटा प्रदेशले एउटा विधामा फोकस भएर काम गरेमा अम्भव भन्ने हुँदैन । अहिले गण्डकी प्रदेशको पोखरालाई पर्यटनको राजधानी भनेर घोषणा गरिएको छ ।

छैन । पछिल्लो समय हस्पिटालिटीमा मात्र लगानी बढेको छ । पर्यटकको आकर्षण के कुरामा छ भनेर निजी क्षेत्रले पनि रिसर्च गर्नुपर्छ । अहिलेको सन्दर्भमा स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरेर लगानीका





लागि आकर्षित गर्नुपर्छ । त्यस्तै नियमनमै पनि समस्या छ । सरकारले दिने सेवामै समस्या छ । पुरानै कानुन भएकाले पनि कतिपय कामहरु सरकारी तर्फबाटै हुन सकेको छैन ।

बजारीकरण र ब्रान्डिङ गर्न सकिएको छैन । पर्यटनका लागि धनी छौं भनिरहँदा धेरै कुराको ब्रान्डिङमा पछाडि छौं । पर्यटकका लागि हामीले स्थानीय खाना दिन सकेका छैनौं । हरेक मुलुकमा 'फुड कल्चर' छ । तर, नेपालमा विदेशीलाई खाना वा खाजा परिकँदा बाहिरकै खाना दिने चलन छ । खोई त नेपाली स्थानीय खाना ? अर्कातिर संस्कृतिमा धेरै धनी भएर पर्यटकलाई आकर्षित गर्न सकिरहेको अवस्था छैन । हरेक महिना जातजातिअनुसारका पर्व चलिरहेका हुन्छन् । यी नै पर्वलाई प्रवर्धन गरेर पनि पर्यटक आकर्षित गर्न सकिन्छ । तर, त्यसको अभ्यास गर्न सकिएको छैन । अहिले नेपाल गन्तव्यमै महँगो भयो भन्ने गुनासा आइरहेका छन् । नेपालतिर लागत बढी पर्ने भए पछि पर्यटकले सस्तो गन्तव्य खोज्न थालेका छन् । यस विषयमा सोच्नुपर्ने समय आएको छ ।

## अबको योजना

अबको पर्यटन 'जेनेरेसन' केन्द्रित हुनुपर्छ । माउन्टेरिङ त छँदै छ । हिमाल चढ्न सक्ने जाने हुन्, सबै जान सक्दैनन् । त्यसैले युवापुस्ताले चाहेको गन्तव्य बनाउनुपर्छ । साच्चै पर्यटन प्रवर्धन गर्ने हो भने 'टुरिजम प्याकेज' एकीकृत हुनुपर्छ । आरोहणमा लाग्नेहरु आरोहणमा मात्र वा ट्रेकिङ गर्नेले ट्रेकिङमा मात्र होइन अर्को गन्तव्य र गतिविधिमा पनि पर्यटकलाई लैजान सक्नुपर्छ । पर्यटकलाई तान्न घुमघामको मेनुलाई इन्टरलिंक गर्नुपर्छ ।


अर्को भनेको 'डेस्टिनेसन प्रमोसन' नै हो । घुमघामका लागि सातै प्रदेशमा फरक गन्तव्य बनाउन सकिन्छ । एउटा प्रदेशले एउटा विधामा फोकस भएर काम गरेमा अम्भव भन्ने हुँदैन । अहिले गण्डकी प्रदेशको पोखरालाई पर्यटनको राजधानी भनेर घोषणा गरिएको छ । यस्तै सबै प्रदेशको एउटा/एउटा विशेषतालाई प्राथमिकता दिएर प्रवर्धन गर्नुपर्छ । मुलुक संघीयतामा गइसकेको अवस्थामा तीनै तहका सरकारले मिलेर काम गर्नुपर्ने देखिन्छ । स्थानीय तहको पर्यटन विकासका लागि स्थानीय तहले धेरै कामहरु गर्न सक्छन् । पर्यटकका लागि स्थानीय खाना खुवाउन र स्थानीय संस्कृति देखाउन सक्छ । यसले पनि ठाउँसँगै संस्कृति र खानाको प्रवर्धन हुन्छ । स-साना कुरालाई ध्यान दिएर तीनै तहका सरकारले मिलेर पर्यटन प्याकेज बनाउन सक्ने हो भने सहरदेखि गाउँसम्म पर्यटक तान्न सकिन्छ । त्यही प्याकेजलाई वर्णन गरेर बेच्न सके पर्यटनको सम्भावना ठुलो छ । यसका लागि नीतिगत स्थिरता आवश्यक पर्छ ।

*(रेग्मी पर्यटन विभागका महानिर्देशक हुन्)*

# CITYPAY - YOUR ONE STOP FINANCIAL SOLUTION

cityPAY

- Remittance Receive (with exclusive cashbacks )
- Utility Payments (with exclusive cashbacks )
- Government Payments
- QR Payments
- International Flight Bookings
- IELTS Bookings
- Many More....




Download the App

01-4533527 | citypaydigital | citypay_wallet | citywallet.com.np | citypay | City Wallet Private Limited

# सरकारले निजी क्षेत्रलाई केही दिनु पर्दैन, काम गर्न दिए पुग्छ

राज्य संयन्त्रले जहिले पनि प्रोत्साहन गर्नुको साटो खुट्टा तान्ने काम गरिरहेको छ । त्यसैले पर्यटनलगायत अन्य क्षेत्रले पनि सम्भाव्यताअनुसार विकास गर्न सकेको छैन ।



सुमन पाण्डे

कहिले बाढी, पहिरो, भूकम्पजस्ता प्राकृतिक विपत्ति त कहिले हवाई दुर्घटना । नेपालको पर्यटनको विकास र दिगोपनलाई यस्तै कारणले असर गरिरहेको छ । पहिरो, भूकम्प र दुर्घटना नेपालको पर्यटन पूर्वाधारका लागि खतरा तथा रोकावट हुन् भन्दा फरक पर्दैन । प्राकृतिक प्रकोप त छँदै छ । त्यति मात्र होइन उड्डयन सुरक्षा मुद्दाहरु, राजनीतिक अस्थिरता, पर्यटन अमैत्री नीति-नियमहरु, अनावश्यक रुपमा हुने बन्द, हड्तालले पनि पर्यटन क्षेत्रको विकासमा बाधा पुऱ्याइरहेका छन् ।

नेपालको पर्यटन क्षेत्रको मुख्य समस्या दुर्घटना (विमान र सडक) हो । देशको चुनौतीपूर्ण भू-भाग र अप्रत्याशित मौसमी अवस्थाले हुने हवाई दुर्घटनाले नेपालका विभिन्न ठाउँमा पर्यटक जान मन पराउँदैनन्, जुन चिन्ताको विषय हो । हवाई दुर्घटनाले पर्यटकीय गन्तव्यका रुपमा नेपालको प्रतिष्ठालाई नकारात्मक असर गरिरहेको छ । अन्य ठाउँको त के कुरा नेपालको प्रमुख र हालसम्म चालु एकमात्र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमै पनि धेरै विमान दुर्घटना भएका छन् । हवाई यात्रालाई विश्वभर सुरक्षित मानिए पनि नेपालको अवस्था भने ठीकविपरीत रहेको तथ्यांकले देखाउँछ । नेपालमा स्थानीय मौसमबारे सटीक पूर्वानुमान नहुनु, जहाजका प्रकारअनुसार पर्याप्त रनवे नहुनु र नेभिगेसनका लागि पर्याप्त प्रविधि नहुँदा दुर्घटना हुने गरेको छ ।

त्रिभुवन विमानस्थल परिसरमा साउन ९ गते काठमाडौंबाट पोखराका लागि उडेको केही क्षणमै असन्तुलित भएर सौर्य एयरलाइन्सको विमान दुर्घटनामा पऱ्यो । १८ जनाले ज्यान गुमाए । त्यस्तै, २०१८ मार्चमा यूएस बंगला एयरलाइन्सको विमान त्रिभुवन विमानस्थलभित्रै दुर्घटना हुँदा ५१ यात्रुको निधन भयो । २०१५ मार्चमा टर्किस एयरको विमान त्रिभुवन विमानस्थलकै धावनमार्गमा चिप्लिँदा चार दिनसम्म विमानस्थल बन्द भयो । देशका अन्य विमानस्थलमा पनि जहाजहरु चिप्लिने र सामान्य वा गम्भीर क्षति पुग्ने गरेका विवरणहरु बारम्बार सार्वजनिक हुने गरेका छन् । यस्ता घटनाले यात्रुको विश्वास पुनर्स्थापना गर्न गाह्रो भइरहेको छ । अझ समयमै उड्डयन पूर्वाधारको स्तरोन्नति गर्न नसक्दा पर्यटन भित्र्याउने मामिलामा हामी पछि परिरहेका छौं ।

दक्षिण एसियाको ठुलो मुलुक भारतले सन् २०१९ मा एक करोड नौ लाख पर्यटक भित्र्यायो भने २०२४ अक्टोबरसम्म एक करोड ३३ लाख पर्यटक भित्र्याइसकेको छ । पर्यटक भित्र्याएरै थाइल्यान्डले अधिक लाभ लिन थालिसकेको छ । सन् २०१९ मा चार करोड पर्यटक भित्र्याएको थाइल्यान्डले २०२४ अगस्तसम्म तीन करोड ६१ लाख पर्यटक भित्र्याएको छ ।

तर, सन् २०१९ मा झन्डै १२ लाख पर्यटक भित्र्याएको नेपालले भने २०२२ मा ६ लाख १४ हजार, सन् २०२३ मा १० लाख १४ हजार र २०२४ को १० महिनामा ९ लाख ४० हजार ७ सय ३२ विदेशी पर्यटक भित्र्याएको छ । कारोना माहामारी समयको भन्दा केही राम्रो संख्यामा पर्यटक आए पनि सन्तोषजनक मान्न सकिने अवस्था छैन । अन्य मलुकहरुले तीव्र गतिमा पर्यटक भित्र्याइरहँदा नेपाल भने 'कुवाको भ्यागुतो कुवा मैं' भने जसरी एउटै तथ्यांकमा अल्झिएर बसेको छ ।

दक्षिण-पूर्वी एसियादेखि दक्षिण एसियाका मुलुकहरुको समेत उपलब्धिलाई मध्यनजर गर्दा आजको दिनमा हामी कमसेकम ५० लाख पर्यटक भित्र्याएर अर्थतन्त्रको १० प्रतिशत हिस्सा पर्यटन उद्योगले ओगट्नुपर्ने अवस्थामा हुनुपर्ने देखिन्छ ।




सन् २०१४ लाई आधार वर्ष मान्ने हो भने प्रतिवर्ष १५ प्रतिशतका दरले पर्यटक वृद्धि भए २०३० सम्म २५ लाख पर्यटक भित्रिन्छन् भने त्यसपछिका वर्षहरूमा प्रतिवर्ष १० प्रतिशत मात्र वृद्धि गर्न सके २०४० सम्ममा ६५ लाख पर्यटक भित्राउन सक्ने सम्भावना रहन्छ । यस्तो अवस्थामा नेपालमा पर्यटकबाट हुने आम्दानी प्रतिवर्ष १० खर्ब रूपैयाँ हुन जान्छ भने करिब २५ लाख जनतालाई प्रत्यक्ष/अप्रत्यक्ष रोजगारी उपलब्ध हुन सक्छ ।

पर्यटन क्षेत्रको विकास गराउन सकियो भने एक पर्यटकबराबर सात जनाले रोजगारी पाउने अवस्था रहन्छ । अन्य क्षेत्रको आर्थिक गतिविधिमा ह्रास आइरहेको अवस्थामा पर्यटन नै नेपालको अर्थतन्त्रको एक प्रमुख आधारशीला हो । यसलाई सम्पूर्ण राजनीतिक वृत्त तथा नीति निर्माताहरूले सैद्धान्तिक रूपमा आत्मसात् गरे पनि व्यवहारिक रूपमा भने राज्यको प्राथमिकतामा पर्न सकेको छैन ।

पर्यटनको विकास गर्ने निजी क्षेत्रले हो किनभने पर्यटन भित्र्याउन सुरू गर्ने नै निजी क्षेत्र हुन् । त्यसका लागि वातावरण सरकारले बनाइदिनुपर्छ । तर, पर्यटन क्षेत्र सरकारको प्राथमिकतामा परेको देखिँदैन । मुलुकको बजेट तथा सञ्चालनको हिसाबमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय स्वयं तेस्रो प्राथमिकताको मन्त्रालयमा पर्न आएको छ । पर्यटनसहित श्रम, रोजगार तथा सामाजिक सुरक्षा र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणजस्ता मन्त्रालयहरु तेस्रो प्राथमिकतामा पर्नाले ती मन्त्रालयले राजनीतिक तथा प्रशासनिक रूपले अनुभवी, विज्ञ तथा उत्कृष्ट नेतृत्व पाउने सम्भावना कम हुन्छ । जहिले पनि भागबन्डाबाट प्राप्त नेतृत्व आउने हुनाले पर्यटनको विकासभन्दा आफ्नो वृत्तिविकास केन्द्रित नेतृत्व पाउँदा पर्यटन क्षेत्र अभिभावकत्व विमुख भई सन्तोषजनक उपलब्धि हासिल गर्न सकेको देखिँदैन ।

पर्यटन क्षेत्रको विकासका लागि सबैभन्दा पहिला राज्यले पूर्वाधार विकास गरिदिनुपर्छ । कमसेकम हवाई र सडक पूर्वाधारलाई सुरक्षित गरिनुपर्छ । पोखरा र भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई जतिसक्दो चाँडो पूर्ण रूपमा सञ्चालनमा ल्याउनुपर्‍यो । बनेका विमानस्थललाई व्यवस्थित बनाई दैनिक ५० अन्तर्राष्ट्रिय उडान भर्ने क्षमता बनाउनु जरूरी छ । वैकल्पिक विमानस्थल नहुँदा अहिले त्रिभुवन विमानस्थलमा ओर्लन जहाज आकाशमै ४० मिनेट होल्ड गर्नुपरिरहेको छ ।

बढ्दो राजनीतिक हस्तक्षेप तथा गैरजिम्मेवार व्यवस्थापनले गर्दा नेपाल वायुसेवा निगम सधैं बिरामी अवस्थामा चलिरहेको छ । यसले अन्तर्राष्ट्रिय उडानहरूमार्फत पर्यटनमा योगदान पुर्‍याउनु त कता हो कता आफैं सधैं विवाद तथा अनिश्चितताको घेरा भित्रबाट गुज्रिरहेको छ ।

एकपटक रामेछापको मन्थलीबाट लुक्लाका लागि हिँडेका पर्यटक एक सातासम्म हवाई उडान नहुँदा मन्थलीमै अड्किए । कतिपय त लुक्ला नै नपुगी मन्थलीबाटै फर्किए । लुक्ला पुगेका पर्यटक पनि त्यहाँको सडक सञ्जाल राम्रो नभएका कारण झन्झट बेहोर्नुपरेको थियो । अनि पर्यटन क्षेत्रको विकास गर्नुपर्छ भन्ने सरकारले आवश्यक कदम नचाल्ने हो भने अथाह सम्भावना भए पनि पर्यटन क्षेत्रको विकास सम्भव छैन ।

अहिले यदाकदा १२ लाख पर्यटक ल्यायौं भनेर गर्व गरेको पनि देखिन्छ । हामी यसमै रमाउने अवस्था होइन किनभने नेपालसँग ५० लाख पर्यटक भित्र्याउने क्षमता छ । हामीले कम्तिमा ४० देखि ५० लाख पर्यटक कसरी भित्राउने भन्ने सोचेर काम गर्नुपर्छ । विदेशी ऋण लिएर गौतम बुद्ध विमानस्थल बनायौं तर, तीन वर्षअघि नै सञ्चालनमा आउनुपर्ने विमानस्थल अहिलेसम्म चलिरहेको छैन । खोई त जहाज ? यस्तो अवस्था रहिरहे ऋण कसरी तिर्छ विमानस्थलले ? यसतर्फ बेलैमा नसोचे राज्य डुब्दै जान्छ । बिमानस्थल चलाउन पनि राष्ट्रिय ध्वजावाहक बलियो हुनुपर्छ, जसले संसारभरिबाट यात्रु ओसारपसार गर्न सक्ने सामर्थ्य राखोस् । कुनै वेला हवाई यातायातमा ५० प्रतिशत योगदान रहेको नेपाल एयरलाइन्स अहिले तीन प्रतिशतमा खुम्चिएको छ । सन् १९६० को दशकमा जे प्रडक्ट थियो, आज पनि त्यसैमा हल्लिरहेको स्थिति छ । राज्यले अब नयाँ–नयाँ प्रडक्ट विकास गर्न चाहिने प्राविधिक सहयोग गर्नुपर्छ ।

पाँच वर्ष मिहिनेत गर्न सक्यौ भने ७० लाख पर्यटक नेपाल ल्याउन सकिन्छ । जसले कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा २० देखि २५ प्रतिशत योगदान दिनसक्छ । यसो हुँदा रोजगारीको समस्या पनि हुँदैन भने तरलता अभावको स्थिति पनि रहँदैन । ७० लाख पर्यटक नेपाल आउनु भनेको कम्तिमा ५०–५५ लाखले रोजगारी पाउनु हो । पर्यटक आवागमन बढ्दा व्यापार व्यवसाय पनि फस्टाउँछ । उद्योग कलकारखानाको विकास हुन्छ । पर्यटन यस्तो क्षेत्र हो, जहाँ अर्ब, करोडमा लगानी चाहिँदैन, पाँच लाख रूपैयाँले पनि हुन्छ । तर, सरकारले पर्यटन व्यवसायीलाई प्रोत्साहन गर्नुपर्छ र पर्यटन पूर्वाधार निर्माण गरिदिनुपर्छ । त्यसो हुँदा राष्ट्रिय अर्थतन्त्र र पर्यटन व्यवसाय आफैं उँभो लाग्नेछ ।

नेपालमा साहसिक पर्यटन गज्जबले स्थापित हुँदै आएको छ । नेपाल विश्वमै आरोहण र पर्वतारोहणको कौशल तथा विज्ञतामा नयाँ पहिचान बनाउन सफल हुँदै छ । त्यसैले पुरातात्विकवादी सोचबाट भन्दा पनि आधुनिक परिवर्तनलाई आत्मसात् गरेर अगाडि बढ्नुपर्ने हुन्छ । अहिले मार्केटिङको नयाँ–नयाँ अवधारणा आइरहेका छन्, डिजिटल प्लेटफर्मलाई सदुपयोग गरेर धेरै काम गर्न सकिन्छ ।

सरकारले निजी क्षेत्रलाई केही दिनु पर्दैन । खुला रूपमा काम गर्ने वातावरण बनाइ दिए पुग्छ । अहिले सरकारले काम गर्न नदिएरै हामी आर्थिक रूपले पछाडि परेका छौं । नेपालको प्रशासनिक संयन्त्र कुनै पनि क्षेत्रका लागि उपयोगी छैन । राज्य संयन्त्रले जहिले पनि प्रोत्साहन गर्नुको साटो खुट्टा तान्ने काम गरिरहेको छ । त्यसैले पर्यटनलगायत अन्य क्षेत्रले पनि सम्भाव्यताअनुसार विकास गर्न सकेको छैन । टालटुले विकासको संस्कृतिकै कारण त्रिभुवन विमानस्थलले नयाँ सभाव्यता समाउन सकेको छैन ।

नेपालका सबै राष्ट्रिय राजमार्गको अवस्था बिजोग छ । काठमाडौं–मुग्लिन, मुग्लिन–पोखरा, पोखरा–म्याग्दी–मुस्ताङ, बुटवल–पाल्पा–पोखरा, सुर्खेतलाई जुम्ला र रारासँग जोड्ने कर्णाली राजमार्ग, पूर्व–पश्चिम राजमार्ग, काठमाडौं–निजगढ फास्ट ट्र्याकलगायत प्रमुख राजमार्ग विस्तार गर्न सके ठूलो संख्यामा पर्यटक भित्र्याउन सकिने सम्भावना अधिक छ ।

*(पाण्डे प्यासिफिक एसिया ट्रावल एसोसिएन अन्तर्राष्ट्रिय सचिवालयका उपाध्यक्ष हुन्)*

# नेपालमा चेन होटेलको अवधारणा, विकास र चुनौती

नेपालमा पनि चेन होटेलले पर्यटन क्षेत्रमा विशेष भूमिका निर्वाह गरेको देखिन्छ । नेपालको पहिलो पाँचतारे होटेल सोल्टीदेखि ह्यात रिजेन्सीसम्म आउँदा होस् वा पछिल्लो समय मेरियट र हिल्टन होटेल सञ्चालनमा आउँदा पनि चेन होटेलको महत्व कम भएको छैन ।



कृष्ण न्यौपाने

कोरोना महामारीपछि मुलुकको पर्यटन क्षेत्र पुनः चलायमान बन्दै गएको छ । विदेशी पर्यटक आगमनका हिसाबले हेर्दा सन् २०२४ को अन्त्यसम्म कोरोना महामारीभन्दा अघि अर्थात् २०१९ को अवस्थामा पुग्ने संकेत देखिएको छ । जसरी पर्यटन क्षेत्र चलायमान बन्दै गएको छ, त्यसैगरी पर्यटन क्षेत्रको प्रमुख आधार होटेल क्षेत्रमा पनि लगानी बढेको छ । कुनै समय विदेशी पर्यटकका भरमा सञ्चालित पर्यटक स्तरीय होटेलमा पछिल्लो समय आन्तरिक पर्यटकको उपस्थिति बलियो बन्दै गएको छ ।


पर्यटन क्षेत्र चलायमान हुनुको पछाडि होटेलले दिने सेवा तथा सुविधा पनि पर्छ । त्यसमा चेन होटेलहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । नेपालमा पनि चेन होटेलले पर्यटन क्षेत्रमा विशेष भूमिका निर्वाह गरेको देखिन्छ । नेपालको पहिलो पाँचतारे होटेल सोल्टीदेखि ह्यात रिजेन्सीसम्म आउँदा होस् वा पछिल्लो समय मेरियट र हिल्टन होटेल सञ्चालनमा आउँदा पनि चेन होटेलको महत्त्व कम भएको छैन । तारागाउँमा सञ्चालित ह्यात रिजेन्सी होटेल स्थापना हुनुअघि सरकारले तयार पारेको गुरुयोजनामै अन्तर्राष्ट्रिय स्तरका चेन होटेलको परिकल्पना गरिएको थियो । यो अवधारणा पर्यटक बढाउनकै लागि थियो भन्न सकिन्छ ।

अन्तर्राष्ट्रिय चेन होटेलको दबदबाबीच पनि नेपालमा पछिल्लो समय स्वदेशी चेन हस्पिटालिटीको प्रभाव बढ्दो छ । यस्ता चेन होटेलमा पनि ग्राहकको विश्वास बढ्दो छ । अन्तर्राष्ट्रिय चेन होटेलले जस्तै स्वदेशी चेन होटेलहरूको गुणस्तरीय सेवा तथा सुविधा, सेवाप्रतिको प्रतिबद्धताकै कारण ग्राहकको विश्वसनीयता बढेको हो भन्न सकिन्छ ।

## नेपालमा चेन होटेलको विकास

नेपालको हस्पिटालिटी क्षेत्रको इतिहास हेर्ने हो भने व्यावसायिक सफलताले चेन होटेलको अवधारणा सुरू भएको देखिन्छ । कुनै एक ठाउँमा होटेलले व्यावसायिक सफलता प्राप्त गरेपछि अर्को ठाउँमा पनि सोही नाममा होटेल खोल्ने क्रमले सफलता पाउन थालेपछि चेन होटेलको सुरूवात भएको हो । यद्यपि चेन होटेलको प्रकृति भने त्यस्तो होइन ।

सिद्धार्थ हस्पिटालिटी पनि एक स्थानमा प्राप्त व्यावसायिक सफलताले अन्य स्थानमा व्यवसाय सुरू गर्न प्रेरित गरेको अवस्थाबाट चेन होटेलको



अवधारणामा आएको हो । अहिले भने हामीहरूले चेन होटेल निर्माणका लागि ठूलो नीतिगत परिवर्तन गरेका छौँ । नेपालमा चेन होटेलको क्षेत्रमा रिसर्च एन्ड डेभलपमेन्ट, आवश्यक तथा आवश्यकताका विषयमा पर्याप्त अध्ययन हुन सकेको छैन । चेन होटेलसँग नीति पनि स्पष्ट छैनन् । एउटै कम्पनीअन्तर्गत धेरै होटेल सञ्चालन हुनुलाई मात्रै चेन होटेल भन्न सकिँदैन । कुनै ग्रुपद्वारा सञ्चालित होटेललाई ग्रुप अफ कम्पनिज भन्न सकिए पनि चेन होटेलको अवधारणामा सञ्चालित भएको भन्न सकिँदैन ।

अहिले केटीएम, सोल्टी र बाराहीलगायत ब्रान्डले पनि आफूलाई चेन हस्पिटालिटीका रूपमा अगाडि बढाउन प्रयासरत छन् । यी कम्पनीले अहिले विभिन्न स्थानमा विभिन्न वर्गका होटेल सञ्चालनमा ल्याई चेनको अवधारणामा काम सुरू गरेको देखिन्छ । सोल्टी होटेलले लामो समयसम्म विदेशी कम्पनीसँग काम गरेको हो । आफैँले सुरूवात गरेको होइन । यद्यपि अहिले चेन होटेलको अवधारणमा आफूलाई विस्तार गर्ने प्रयासरत छ ।

सिद्धार्थ हस्पिटालिटी पनि सुरूवाती दिनमा चेन अवधारणामा खोलिएको होइन । तर, पछिल्लो एक दशकयता चेन अवधारणामा अगाडि बढाइएको छ । यसका लागि हामीले आफ्नै आन्तरिक नीति बनाएका छौ । यस क्षेत्रमा एक दशकभन्दा लामो समयदेखि अध्ययन, अनुसन्धानको काम पनि गरिरहेका छौं । सुरुमा धेरै नीतिगत समस्या आए । सिद्धार्थले आफ्नै होटेल सञ्चालन गर्नु र अरूको होटेल सिद्धार्थका नाममा व्यवस्थापन तथा सञ्चालन गर्नु नि:तान्त बेग्लै विषय हुन् । त्यसैले सुरूवाती दिनमा हामीलाई चेन होटेलका रूपमा आफूलाई विकास गर्न नीतिगत स्पष्टता जरूरी थियो । त्यसका लागि हामीले लामो समय खर्चिएका पनि छौं ।

सोल्टीलगायत होटेलले सुरूमा विदेशीसँग काम गरे पनि चेन होटेलको अवधारणामा काम सुरू गरेको धेरै भएको छैन । नेपालका अन्य होटेलहरूले पनि चेनमा आधारित काम निकै ढिलो सुरू गरेका हुन् । सिद्धार्थले अन्तर्राष्ट्रिय चेन होटेलसँगको प्रतिस्पर्धामा आफूलाई अब्बल साबित गर्दै आएको छ । गुणस्तरीय सेवा र सुविधामा एकरूपता ल्याउनु सबैभन्दा चुनौतीपूर्ण काम हो । सिद्धार्थ चेन हस्पिटालिटीका रूपमा आफूलाई बलियो गरी स्थापित गर्न सफल भएको छ । सिद्धार्थले अहिले पनि चेन होटेलको अवधारणा बुझेका र विदेशी चेन होटेलमा काम गरिसकेका नेपालीहरूलाई काम दिएको छ । यसबाट उहाँहरूले विदेशमा सिकेको सीपलाई नेपालमा प्रयोग गर्न सम्भव भइरहेको छ ।

## ब्रान्डप्रतिको विश्सनीयता

वैश्विक अर्थतन्त्रमा एउटा उदाउने र अर्को अस्ताउने क्रम चलिरहन्छ । लामो समयदेखि राम्रो काम गरिरहेको अस्ताउने र नयाँ आएको कम्पनीले राम्रो गर्ने पनि हुन्छ । यो आधुनिक अर्थतन्त्रको माग र आपूर्तिसँग सम्बन्धित विषय हो । प्रविधि हावी भएको बजारमा आफूलाई कसरी अगाडि बढाउने र टिकाइराख्ने भन्नेले विशेष अर्थ राख्छ । यो विषय चेन हस्पिटालिटीमा पनि लागु हुन्छ । प्रविधिको विकासअनुसारको सीप र लगानी भएन भने समस्या सुरू हुन थाल्छ । यसमा राम्रो सेवा दिन्छु भनेर मात्रै पनि पुग्दैन ।


चेन हस्पिटालिटीको सबैभन्दा राम्रो पक्ष भनेको विश्वसनीयता हो । विश्वसनीयता कायम राख्न सकियो भने त्यसअन्तर्गतका होटेलमा अकुपेन्सीको समस्या हुँदैन । आज विदेशबाट आउने पर्यटकहरु पनि कुन होटेलमा बस्ने भन्ने निर्णय यसैका आधारमा लिन्छन् । किनभने उनीहरूलाई त्यो ब्रान्डप्रति विश्वास हुन्छ । नेपालमा पनि अहिले ब्रान्डप्रति सचेत हुने र सोहीअनुसारको सेवा खोज्नेहरु बढेका छन् । सिद्धार्थकै हकमा पनि यो लागु भएको हामीले पाएका छौं । सिद्धार्थमा विश्वास गर्ने ग्राहकहरु सिद्धार्थअन्तर्गतकै होटेल, रिसोर्ट तथा क्याफेमा पुगेको देखिन्छ । सिद्धार्थमा स्वदेशी मात्रै होइन विदेशी पर्यटकको पनि आकर्षण बढ्दो छ ।

ओटीए प्लेटफर्ममा पनि स्वदेशी चेन होटेलहरूको राम्रो प्रतिक्रिया आइरहेको देखिन्छ । अन्तर्राष्ट्रिय चेन होटेलहरूले मूल्यमा कडाइ गर्छन् भने स्वदेशी चेन होटेलहरु अलिकति लचक हुन्छन् । तर सेवा-सुविधाका हिसाबले आजका दिनमा स्वदेशी चेन होटेलहरु स्तरअनुसारको सेवा दिन अन्तर्राष्ट्रिय चेन होटेलसँग प्रतिस्पर्धा गर्ने भइसकेका छन् ।

## सिद्धार्थको यात्रा

सिद्धार्थ २६ वर्षअघि कैलालीको टीकापुरबाट सुरु भएको हो । मोफसलबाट सुरु भई देशका अधिकांश स्थानमा पुग्न धेरै काम गर्नुपरेको छ । हामीले सुरुवात नै मध्यम स्थानबाट गरेको र अधिकांश व्यवसाय ठूलो स्थानमा भन्दा पनि मध्यमस्तरका सहरबाट गरेकाले हामीलाई व्यावसायिक रूपमा सफलता प्राप्त गर्न सहज भयो । त्यति मात्रै होइन, स्थानीय स्तरमा काम गर्दा प्रतिस्पर्धा पनि कम हुने र स्थानीयको माया पनि पाइरहेकाले सफलता मिलेको जस्तो लाग्छ ।

सिद्धार्थलाई ठुला सहर जस्तै काठमाडौं, सौराहा र भैरहवामा सेवा सुरु गरेपछि भने चेन होटेलका रूपमा आफ्नो अस्तित्व स्थापित गर्न सहज भयो । आफ्नो पहिचान र अस्तित्व



नेपालको हस्पिटालिटी क्षेत्रको इतिहास हेर्ने हो भने व्यावसायिक सफलताले चेन होटेलको अवधारणा सुरु भएको देखिन्छ । कुनै एक ठाउँमा होटेलले व्यावसायिक सफलता प्राप्त गरेपछि अर्को ठाउँमा पनि सोही नाममा होटेल खोल्ने क्रमले सफलता पाउन थालेपछि चेन होटेलको सुरुवात भएको हो । यद्यपि चेन होटेलको प्रकृति भने त्यस्तो होइन ।

कायम राख्न ठुला सहरमा उपस्थिति आवश्यक थियो भन्ने लाग्छ । सिद्धार्थले अधिकांश स्थानमा त्यहाँका होटेलसँग प्रतिस्पर्धा गर्नुपरेको छैन । तर, केही थप मूल्य लिएर गुणस्तरीय सेवा-सुविधाको अनुभव गराएका छौं । यही संस्कारमा हुर्किएकाले होला सबैजसो स्थानमा सफलता मिलेको छ ।

सिद्धार्थ हस्पिटालिटीअन्तर्गत हाल पाँचतारे स्तरमा सिद्धार्थ भिलासा सञ्चालनमा छ भने सिद्धार्थ वैभव चारतारे स्तरको होटेलका रूपमा छ । सिद्धार्थ वाटिका तीनतारे होटेलका रूपमा

मात्र नभएर प्रिमियम ब्रान्डका रूपमा सञ्चालित छ । प्रिमियम ब्रान्डले तीनतारे र चारतारे स्तरका होटेलबीचको सेवा दिनेछ । कम्पनीले आगामी दिनमा बजेट होटेलका रूपमा एस होटेल सञ्चालनको तयारी गरिरहेको छ । तर, सेवा-सुविधाका हिसाबले अन्य होटेलको तुलनामा राम्रो र स्तरीय बनाउने योजना छ । यस ब्रान्डमा सिद्धार्थ कटेज र एस क्याफे पनि सञ्चालनमा छन् । कटेजमा परिवारसँग कुनै कार्यक्रम आयोजना गर्न, खान र रमाइलो गर्न सकिने सुविधा छ भने क्याफेमा सिद्धार्थले उत्पादन गरेका अरेबिका कफी, बेकरीका साथै फास्टफुड उपलब्ध छन् ।

## सिद्धार्थ अन्य क्षेत्रमा पनि

सिद्धार्थले हस्पिटालिटीसँगै अन्य क्षेत्रमा पनि लगानी गरेको छ । हामी कृषि क्षेत्रमा काम गरिरहेका छौं । आफैंले कफी खेती पनि गरिरहेका छौं । सूचना प्रविधिसँग सम्बन्धित कम्पनी पनि सञ्चालन गरिरहेका छौं । यसले पनि होटेल सञ्चालनमा सहयोग भइरहेको छ । कम्पनीअन्तर्गत सिद्धार्थ हस्पिटालिटी पनि सञ्चालनमा छ । जहाँ अध्ययन गरेका विद्यार्थीले सिद्धार्थमै काम पनि पाउँछन् । पछिल्लो समय सिद्धार्थ हस्पिटालिटी र लुम्बिनी बौद्ध विश्वविद्यालयबीचको सहकार्यमा ' पढ्दै, सीप सिक्दै, कमाउँदै' योजना अघि सारिएको छ । यसअन्तर्गत विद्यार्थीले चार वर्षको पढाइ अवधिमा भएको अधिकांश खर्च उठाउन सक्छन् । त्यति मात्रै होइन, पढाइ सकिएलगत्तै कम्तीमा सुपरभाइजर तहको जागिर सहजै पाउँछन् ।

त्यस्तै, सबै सामान एकै ठाउँमा उपलब्ध गराउने प्रयास स्वरूप सिद्धार्थ हस्पिटालिटी मार्ट पनि सञ्चालनमा छ । यसले स्थानीय उत्पादनलाई प्रवर्धन मात्र गरेको छैन होटेल सञ्चालनलाई थप सहज बनाएको छ । सिद्धार्थले भारतीय पर्यटकलाई नेपाली आकाशबाट चीनमा रहेको कैलाश पर्वतको दर्शनसमेत गराउँदै आएको छ । कोरोना महामारीअघि भारतीय पर्यटकहरु नेपालगन्ज हुँदै पदमार्गबाट कैलाश पर्वतको दर्शन गर्न जान्थे । तर कोरोनापछि भारतीय पर्यटक चीनमा जान नसक्ने अवस्था भयो । पर्यटक नआएपछि नेपालगन्जका होटेल समस्यामा पर्न थालिसकेका थिए । यस्तो अवस्थामा हामीले नेपाली आकाशबाट कैलाश मानसरोवर दर्शन गराउन थालेपछि नेपालगन्जमा भारतीय पर्यटक बढेका छन् ।

पहिले कैलाश जाने यात्रुका कारण जेठ, असारदेखि असोजसम्म नेपालगन्जमा भारतीय पर्यटकको चहलपहल हुने गरेकामा अहिले बाह्रैमहिना आउन थालेका छन् । यसले नेपालगन्जको अर्थतन्त्रमा पनि ठूलो राहत मिलेको छ । कैलाश पर्वत जान मात्रै पछिल्लो एक वर्षमा तीन हजारभन्दा बढी भारतीय पर्यटक नेपालगन्ज आएका छन् । त्यसका लागि भारतीय एक पर्यटकले ६० हजार रूपैयाँसम्म खर्च गर्ने गरेका छन् । यहाँबाट बर्दिया, पोखरा, काठमाडौं, मुक्तिनाथ, चितवनलगायत स्थानमा पनि ती पर्यटक जाने भएकाले नेपालको पर्यटन क्षेत्रमा महत्वपूर्ण भूमिका निभाएको छ भन्न सकिन्छ । त्यस्तै, सिद्धार्थले मुलुकको पर्यटन प्रवर्धनका लागि भारतबाट ब्लगरहरु ल्याएर प्रचारप्रसार गराइरहेको छ । त्यसबाहेक सिद्धार्थले सदगुरू, विभिन्न भारतीय सेलिब्रेटी तथा राजनीतिज्ञलाई ल्याएर समय-समयमा पर्यटन प्रवर्धन गरिरहेको छ ।

## कर्मचारीलाई मालिक बनाउने अभियान

सिद्धार्थले कम्पनी सुरू गर्दा नै एकल मालिकबाट चल्ने कम्पनी होइन भन्ने अवधारणाबाट सुरू गरेको हो । धेरै मालिक भएर पनि धेरै स्थानमा कम्पनी सञ्चालन गर्न सकिन्छ भन्ने सिद्धार्थले प्रमाणित गरेको छ । सिद्धार्थको ५० प्रतिशत लगानी, स्थानीयको ३० प्रतिशत र कर्मचारीको १५ प्रतिशत लगानी गर्ने सोचबाट सिद्धार्थ अगाडि बढेको छ । सिद्धार्थले नेपालमै काम गर्छु, लगानी गर्छु भन्नेलाई एउटा अवसर दिएको छ । यसले सानो पुँजी लगानी गर्न चाहनेका लागि अवसर पनि सिर्जना गरेको छ ।

लगानी गरेपछि नीतिगत तहमा काम गरेर कम्पनी सञ्चालनको ढाँचा स्तरीय बनाउन सकिन्छ । हामीले सुरू गर्न लागेको एस होटेल र एस क्याफेमा यो अवधारणा पूर्णरूपमा लागु गर्ने तयारीमा छौं । एसमा कर्मचारीहरूको लगानी स्थापित भएपछि अन्य ब्रान्डमा पनि लागु हुँदै जानेछ ।

सिद्धार्थमा लगानी गर्न सुरूमा सम्पत्तिको स्रोत हेरिन्छ । त्यसपछि लगानी गर्नुको उद्देश्य र मनसाय । कम्पनीमा लगानी गर्न सहयोगी भावना चाहिन्छ । हामीकहाँ कर्मचारीका रूपमा लगानी गर्ने हो भने कर्मचारीले जागिर छाड्दा लगानी पनि फिर्ता लैजान पाउँछ र नयाँ आउने कर्मचारीले फेरि लगानी गर्न पाउँछ । अहिले पनि यहाँ कमाउँदै लगानी गर्नेहरूको संख्या ठूलो छ ।

## चुनौती

नेपालमा पछिल्लो समय आन्तरिक र विदेशी दुवै पर्यटकको संख्या बढ्दो छ । पर्यटन प्रवर्धनमा उल्लेख्य काम पनि भइरहेका छन् । यस क्षेत्रमा ठूलो लगानी भएको छ । जसरी लगानी भइरहेको छ, त्यसरी नै राज्यले जिम्मेवारी पूरा नगरेको हो कि भन्ने लाग्छ । राज्यले सुरक्षाको प्रत्याभूति दिन सक्नुपर्छ । सडकलगायत पूर्वाधारको विकासमा राज्य चुकेको छ । सरकारले विमानस्थलमा ओर्लिएपछि गन्तव्यमा पुगेर विमानस्थलमा फर्कदासम्मको भौतिक सुविधा उपलब्ध गराउने हो भने पर्यटन क्षेत्रले ठूलो फड्को मार्न सक्छ । त्यसैले राज्य गम्भीर भएर लाग्ने हो र संस्कृति तथा पर्यटनलाई प्रवर्धन गर्ने हो भने पर्यटन क्षेत्रमा धेरै काम गर्न सकिन्छ । त्यसका लागि सरकारले निजी क्षेत्रसँग सहकार्य गर्नुपर्छ ।

*(न्यौपाने सिद्धार्थ ग्रुपका प्रमुख कार्यकारी अधिकृत हुन्)*



**वैश्विक अर्थतन्त्रमा एउटा उदाउने र अर्को अस्ताउने क्रम चलिरहन्छ । लामो समयदेखि राम्रो काम गरिरहेको अस्ताउने र नयाँ आएको कम्पनीले राम्रो गर्ने पनि हुन्छ । यो आधुनिक अर्थतन्त्रको माग र आपूर्तिसँग सम्बन्धित विषय हो । प्रविधि हावी भएको बजारमा आफूलाई कसरी अगाडि बढाउने र टिकाइराख्ने भन्नेले विशेष अर्थ राख्छ ।**

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"

मुक्तिनाथ सरल कर्जाहरु

उद्यमीको प्रगति,
राष्ट्रको उन्नति !

नेपालमै टिक्न, सजिलो छ !

#karzasajilocha



टोल फ्री नम्बर : १६६००१४९९९९

scan to know more

# विश्वभरका मानिसलाई नेपाल घुम्नै पर्ने गन्तव्यका रूपमा परिचित गराउनुपर्छ

पदयात्रामा आउने पर्यटकहरू प्रकृतिप्रेमी हुन् । उनीहरू स्थानीय संस्कृति र मौलिकताप्रति जोडिएका हुन्छन् । पदमार्गमा लागेका संस्था, स्थानीय सरकारले आफ्नो उद्देश्यअनुसार भूमिका निर्माण गर्‍यो भने मात्र समाजलाई फाइदा हुने हो । संस्थाको फाइदा स्थानीयको पनि हो र सर्वसाधारणको पनि हो ।



सागर पाण्डे

नेपाललाई पर्यटनका लागि विश्वकै आकर्षक गन्तव्य मानिन्छ । चाँदीका घेराभैँ चम्किएका अग्ला हिमाल, भौगोलिक तथा जैविक विविधता र पहाडी भू-बनोटले पर्यटकलाई लोभ्याउने गरेको छ । मनमोहक दृश्यहरूकै कारण हिमाल आरोहणपछि पदयात्रा (ट्रेकिङ) पर्यटन विदेशीको रोजाइमा पर्ने गरेको छ । पदयात्रा पर्यटनका लागि अन्नपूर्ण क्षेत्र, मनास्लु, कञ्चनजङ्घा, माथिल्लो मुस्ताङ, थ्री पास ट्रेक, धौलागिरि, रारा ताल, सगरमाथा, मकालु आधार शिविर, माथिल्लो डोल्पा, लाङ्टाङ उपत्यका उत्कृष्ट गन्तव्य मानिन्छन् ।

सन् १९६६ मा विश्वप्रसिद्ध पदयात्री एरिक सिप्टनले अन्नपूर्ण आधार शिविरको पदयात्रा गरेसँगै विश्वका पर्यटकहरूको ध्यान नेपालतिर खिचिएको पाइन्छ । त्यसयता नेपालमा पदयात्राका लागि बर्सेनि लाखौँको संख्यामा विदेशी पर्यटक आउने गर्छन् । एकताका पदयात्रा विदेशीहरूको पेवाजस्तै लाग्थ्यो । तर, अहिले पदमार्गमा विदेशीसँगै स्वदेशीहरू पनि प्रशस्तै भेटिन्छन् ।

केही दशक अघिसम्म पदमार्गमा जाने पर्यटकले होटेलमा बास पाउन मुस्किल थियो । उनीहरू पदमार्गमा रहेका भेडीगोठमा बास बस्थे भने एक्लाएक्लै पद यात्रामा निस्किने गर्थे । तर, पछिल्ला दिनहरूमा पदयात्राको परिवेश बदलिएको छ ।

पदयात्राको प्रशस्त सम्भावना देखेपछि व्यवसायीहरूले पर्यटन पूर्वाधारमा लगानी बढाउन थाले । अहिले नेपालमा ट्रेकिङ कम्पनीको संख्या नै साढे दुई हजार हाराहारी छ । ट्रेकिङ क्षेत्रमा लाखौँले रोजगारी पाएका छन् । त्यसैले भोलिका पुस्ताहरूलाई पनि लाभ दिने गरी ट्रेकिङ क्षेत्रलाई अगाडि बढाउनुपर्ने आवश्यकता छ ।

नेपालमा खासगरी युरोपियन, अमेरिकन, पूर्वी एसियन पर्यटकहरूको बोलवाला छ । पछिल्लो



समय दुई छिमेकी मुलुक भारत र चीनका पर्यटकको संख्या पनि बढ्न थालेको छ । आर्थिक, जनसंख्या र दूरीका हिसाबले छिमेकी राष्ट्रहरूबाट नेपालले पनि केही हदसम्म फाइदा लिइरहेको छ ।

पर्यटनमा नयाँ आयामहरू आइरहेका छन् । भूकम्प, कोरोना महामारीले थिलथिलो पारेको पर्यटन क्षेत्रले विस्तारै गति लिन थालेको छ । कोरोना महामारीपछि नेपालको पर्यटन क्षेत्र कस्तो अवस्थामा पुग्ने हो भने धेरैको चिन्ता थियो । गाह्रो समयलाई कसरी सम्हाल्ने भन्ने थियो । 'गाह्रोमा नआत्तिने र सजिलोमा नमात्तिने' नेपाली उखानजस्तै नीति आत्मसात् गर्दै अघि बढेका कारण नेपालको पर्यटन क्षेत्रले विस्तारै गति लिँदै गएको छ ।

सुरुवातमा नेपालको पदमार्गबारे विदेशीहरूले

व्यवस्थापन गर्न सिकाए । त्यसपछि नेपालीहरु आफैंले सिक्दै गए र पदयात्रा पर्यटन प्राकृतिक रूपमा विकास भइरहेको छ । पछिल्ला वर्षहरूमा विदेशीहरु मात्रै होइन आन्तरिक पर्यटक पनि पदयात्रामा निस्किने चलन बढेको छ । तर, पदमार्गहरु साँघुरिँदै गएका छन् । अहिलेको मुख्य चुनौती पदमार्ग साँघुरिँदै जानु पनि हो । पदमार्गलाई कायम राख्नु चुनौती छ । खासगरी बढ्दो सडक सञ्जालका कारण पौराणिक हिँड्ने बाटो हराउँदै गएकाले पदमार्ग खुम्चिएका छन् । पदमार्गलाई जोगाउने हो भने पर्यटक आउँछन् र त्यसको फाइदा पदमार्गको आसपासका सर्वसाधारणले पनि लिने वातावरण बन्छ ।

पदयात्राबारे प्रचारप्रसार र सुरक्षाबारे पर्याप्त जानकारी दिन सकिएको छैन । पदयात्रामा निस्किएकाहरूको सुरक्षाका लागि टानले विभिन्न कामहरु गरिरहेको छ । टानले विदेशी पर्यटकहरूलाई रजिस्टर्ड ट्रेकिङ कम्पनीमार्फत जानुपर्ने व्यवस्था गरेको छ । एक्लै पदमार्गमा निस्किन दिइएको छैन । पर्यटकको सुरक्षाका लागि ट्र्याकिङ चिप्सको व्यवस्था गरिएको छ । नेपालका पहाड घुम्न आएका पर्यटकहरूलाई गन्तव्य अवलोकनपछि सुरक्षित देश फर्काउनु हाम्रो दायित्व पनि हो ।

पदमार्गका लागि काम गर्न हिजोभन्दा आज सहज छ । विगतमा स्थानीय सरकार प्रभावकारी थिएन । आज स्थानीय सरकारसँग विभिन्न अधिकार भएकाले सहज रूपमा काम गर्न सकिन्छ । व्यवसायीहरूले स्थानीय सरकारलाई बुझाउन सकेमा स्थानीय तहले पनि फाइदा लिन सक्छ ।

पदयात्रामा आउने पर्यटकहरु प्रकृतिप्रेमी हुन् । उनीहरु स्थानीय संस्कृति र मौलिकताप्रति जोडिएका हुन्छन् । पदमार्गमा लागेका संस्था, स्थानीय सरकारले आफ्नो उद्देश्यअनुसार भूमिका निर्माण गर्‍यो भने मात्र समाजलाई फाइदा हुने हो । संस्थाको फाइदा स्थानीयको पनि हो र सर्वसाधारणको पनि हो । यसबाट फाइदा लिन स्थानीय सरकार जागरूक भने हुनुपर्छ ।

वास्तवमा हामीले समयसँगै पर्यटन क्षेत्रलाई अगाडि लैजान सकेका छैनौं । जबसम्म समयलाई पैसामा रूपान्तरण गर्न सकिँदैन तबसम्म न पर्यटनको विकास हुन्छ न त अरूको नै ।

सरकारको नेतृत्व गर्नेहरु राजनीतिक रूपमा आफू स्थापित हुन अग्रसर भए पनि आर्थिक रूपमा नेपाललाई अगाडि बढाउन सकेनन् । विकास कल्पना गरेर, विकास भाषण गरेर हुँदैन भन्ने कुरा नेतृत्व तहमा पुगेकाहरूले बुझेनन् । हामी गफ गर्न जान्ने तर, काम गर्न नजान्ने भयौं । हामी जनतादेखि नेतासम्म सबै गफ गर्न माहिर भयौं । यस्ता गतिविधिले नेपालको पर्यटन क्षेत्रलाई विस्तार गर्न गाह्रो भइरहेको छ ।

अहिले नेपालको सम्पूर्ण विकासको बाधक नै कानुन नमान्दै हिँड्नु पनि हो । तल्लो तहदेखि माथिल्लो तहसम्म कानुन एकरूपले लागु भएको छैन । कानुनलाई सक्नेले आफ्नो हातमा लिएका छन्, नसक्नेले मात्रै मान्नुपर्ने बाध्यता छ । यस्तो अवस्थाका कारण देश पछाडि परेको छ । पर्यटन क्षेत्र पनि यसको मारमा परेको छ ।

नेपालको पर्यटन क्षेत्र कुन अवस्थामा छ भनेर समीक्षा गर्न जरूरी छ । एसियन देशहरूमा चीन, भारत, बंगलादेश, भुटान, श्रीलंकाभन्दा पहिले नेपालमा पर्यटनको विकास भएको थियो । तर, हामी अहिले कहाँ छौं र उनीहरु कहाँ पुगिसके हेर्नुपर्छ । उनीहरु हामीभन्दा अगाडि कसरी पुगे भन्नेबारे नेपालले मनन् गर्नुपर्छ । तर, हामी पर्यटकको संख्या गणनामै खुसी भएर बसेका छौं । एक वर्षमा १० लाख पर्यटक आए भनेर खुसी भइरहेका छौं । जबकि हामीसँग ३० लाख पर्यटकलाई सेवा दिन सक्ने क्षमता भइसकेका छ ।

पर्यटकका लागि भनेर नेपालमा ठुला होटेलहरु खुले । अर्बौं लगानी होटेलमा भइरहेको छ । पर्यटन क्षेत्रका लागि जुन अनुपातमा लगानी भइरहेको छ त्यसको प्रतिफल (रिटर्न अफ इन्भेस्टमेन्ट) छैन । ठुला कतिपय होटेल साधारण सेयरमार्फत पब्लिकमा जाने र लगानी उठाउने दाउमा हिँड्ने गरेका छन् । लगानी उठाउन सार्वजनिक निष्कासन (आईपीओ) मा जाने हो भने सर्वसाधारण फस्ने डर हुन्छ । यसबारे कसैको ध्यान पुगेको छैन ।







करिब तीन दशक यात्रा पार गरिसकेको नेपाली पुँजीबजार अझै पनि प्रौढ अवस्थामै छ। वयस्क अवस्थामा प्रवेश गर्न कति समय लाग्छ भन्ने अनुमान गर्न पनि कठिन छ। वर्षौंदेखि पुँजीबजार सुधारका लागि गरिने भनेका र सरकारका नीतिमा परेका कार्यक्रम अगाडि बढ्न सकेका छैनन्।

अहिले नेपालको पर्यटन टिक्नुमा एउटै कारण मुद्राको अवमूल्यन (करेन्सी डिभ्यालुएसन) हो । हिजो म पर्यटन क्षेत्रमा लाग्दै गर्दा एक डलर बराबर ४५ रूपैयाँ थियो । आज एक डलर बराबर १३५ रूपैयाँ पुगिसकेको छ । यो फरकले मात्रै पर्यटन क्षेत्र टिकेको छ । नत्र यो क्षेत्रको लगानी सबै ध्वस्त भइसक्थ्यो ।

**नेपालसँग दिगो पर्यटनका लागि योजना नै छैन । अहिले नेपाल पर्यटन बोर्ड जागिर खाने थलो मात्रै भएको छ । नेपालको पर्यटनले खोजेको बोर्ड यस्तै हो त ? पर्यटन बोर्डलाई परिमार्जन गरेर पुनर्गठन गर्नुपर्छ किनभने यसलाई दुई भागमा विभाजन गरी अन्तर्राष्ट्रिय प्रमोसन र पोलिसीमा लबिइङ गर्ने खालको बनाउनु आवश्यक छ ।**



नेपाल गरिब राष्ट्र भएकाले विश्व व्यापार संगठन (डब्ल्यूटीओ) ले नेपाललाई विदेशीबाट 'डलर चार्ज' लिन पाउने व्यवस्था गरेको छ । यदि नेपालमा चार्ज लिन पाउने व्यवस्था नभएको भए नेपालको पर्यटन क्षेत्र अहिलेसम्म डुबिसक्थ्यो ।

पर्यटन क्षेत्रलाई अहिलेको अवस्थामा ल्याउन निजी क्षेत्रको ठूलो भूमिका रहेको छ । यसको मतलब राज्यले केही गरेन भन्ने होइन । तर, समयअनुसार राज्यले जुन गतिमा पर्यटन क्षेत्रको विकासका लागि काम गर्नुपर्ने थियो । त्यो गरेन, राज्यबाट भएन ।

नेपालको पर्यटन क्षेत्रलाई माथि लैजान सरकार र निजी क्षेत्र एकजुट हुनुको विकल्प छैन । निजी क्षेत्र, सरकार र अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय, सहकार्य गरेर दिगो पर्यटन बनाउन सकिन्छ । नयाँ गन्तव्यको पहिचान गर्नुपर्छ र पुराना गन्तव्यलाई पनि गुणस्तरीय बनाउनुपर्छ ।

पर्यटनबाट फाइदा लिन पर्यटकीय पूर्वाधारहरू बनाउनुपर्छ । पूर्वाधार निर्माण सरकारले नै गर्ने हो । पूर्वाधार निर्माण पनि द्रुत गतिमा हुन आवश्यक छ । ठूला विमानस्थल बनेका त छन् तर सहज रूपमा सञ्चालन भइरहेका छैनन् । सडकको अवस्था कस्तो छ भन्ने परेन । काठमाडौंबाट पोखरा जाने सडकको दूरावस्था हेरेर पर्यटक कसरी आउन सक्छन् ?

पर्यटनको विकास सडकसँग जोडिएको छ । पर्यटनको विकास हवाई सेवासँग जोडिएको छ । होटेल र सुरक्षासँग जोडिएको छ । त्यसका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले मात्रै काम गरेर पुग्दैन । पर्यटन र पूर्वाधारसँग जोडिएका सबै मन्त्रालयहरूले यसमा काम गर्नुपर्छ । नेपालको पर्यटनको भविष्यलाई हेरेर पर्यटन र पर्यटन पूर्वाधारसँग जोडिएका मन्त्रालयहरूबीच समन्वयन, सहकार्य हुनु जरूरी छ ।

पर्यटनसँग जोडिएका नीति निर्माण समयसापेक्ष छैनन् र समयसापेक्ष बनाउनु जरूरी छ । पर्यटन क्षेत्रका लागि नीति-निर्माण गर्नेहरूलाई पर्यटन व्यवसयीहरूले सदैव सकारात्मक दबाब दिनुपर्छ । विश्वको पर्यटन कता गइरहेको छ भन्ने कुरा पनि नेपालले हेर्नुपर्छ, ध्यान दिनुपर्छ ।

नेपालसँग दिगो पर्यटनका लागि योजना नै छैन । अहिले नेपाल पर्यटन बोर्ड जागिर खाने थलो मात्रै भएको छ । नेपालको पर्यटनले खोजेको बोर्ड यस्तै हो त ? पर्यटन बोर्डलाई परिमार्जन गरेर पुनर्गठन गर्नुपर्छ किनभने यसलाई दुई भागमा विभाजन गरी अन्तर्राष्ट्रिय प्रमोसन र पोलिसीमा लबिइङ गर्ने खालको बनाउनु आवश्यक छ । प्रमोसन र लबिइङका लागि बोर्डलाई प्रभावकारी रूपले परिचालन गर्न सकिएमा पर्यटन क्षेत्रको विकाससँगै भविष्यलाई उज्ज्वल बनाउन सकिन्छ । पर्यटन क्षेत्र सुधारका लागि मन्त्रालयले सुझाव माग्छ तर कार्यान्वयन भने गर्दैन । पर्यटन क्षेत्रको सुधारका लागि दिइएका सुझावहरू कार्यान्वयनमा लैजाँदा मात्रै पनि राज्यले धेरै लाभ लिन सक्छ ।

विशेषगरी नेपालमा हिमाल आरोहण, पदयात्रा, धार्मिकस्थल र मनोरञ्जनका लागि पर्यटक आउने गर्छन् । बेला-बेला पर्यटकहरूको बसाइँ लम्ब्याउने चर्चा हुन्छ । गुणस्तरीय पर्यटनबारे बहस हुन्छ । तर, बसाइ अवधि घट्दै गएको छ । गुणस्तरीय पर्यटक ल्याउने, बसाइँ अवधि लम्ब्याउने र खर्च गर्ने आधार बढाउने विषयमा खासै काम भएको पाइँदैन । गुणस्तरमा ध्यान दिइएन भने पर्यटकको संख्या बढेर मात्रै केही हुँदैन । संख्यासँगै गुणस्तरमा पनि ध्यान दिनुपर्छ । खर्च गर्ने प्रशस्त ठाउँ बनाएको खण्डमा मात्रै पर्यटन क्षेत्रबाट लाभ प्राप्त हुन सक्छ ।

दिगो पर्यटनका 'प्यारामिटर' के-के छन् भन्नेबारे योजना बनाउने र कार्यान्वयन गर्नुपर्छ । एकातिर पर्यटन नै पर्यटन छ अर्कातिर केही पनि छैन भने त्यो दिगो पर्यटन भएन । एभरेस्टमा कुनै समय पर्यटकको भिड हुने र कुनैबेला कोही पनि हुँदैनन् । यसबारे सरकार, निजी क्षेत्र दुवैले ध्यान दिनुपर्छ ।

पर्यटनका लागि अहिलेसम्म एकीकृत योजना बनेको छैन । पर्यटन क्षेत्रका योजनाबारे मुलुक स्पष्ट छैन । व्यवसायी अस्पष्ट छन्, सरकार पनि अस्पष्ट छ । बोर्ड र अन्य संघ-संस्थाहरू पनि स्पष्ट छन् । तर, सबैले पर्यटनका लागि काम गरिरहेको दाबी गर्न चुक्देनन् । हामीले गरेका कामले परिणाम के दियो भन्ने कुराले अर्थ राख्छ । त्यसैले प्राप्त परिणामबारे समीक्षा हुनुपर्छ । पर्यटन क्षेत्रका लागि गरिएको कामबाट पर्यटकको संख्या, राजस्व संकलन, आम्दानी, प्रचारका हिसाबले कति फाइदा पुग्यो भन्नेबारे समीक्षा हुनुपर्छ । त्यसका लागि सरकारले नेतृत्वदायी भूमिका खेलेर सबैलाई एक ठाउँमा राखेर काम गर्न सक्छ । यद्यपि नेपालमा पर्यटनको भविष्य उज्ज्वल छ । कसरी फाइदा लिने भनेर ठोस योजना भने बनाउनुपर्छ । पर्यटन क्षेत्रमा आबद्ध भएका सरकार, व्यवसायी, संघ-संस्थालगायत सरोकारवाला सबै एकजुट भएर बृहत् छलफल गरी ठोस योजना बनाउनुपर्छ । योजना बनाएर मात्रै हुँदैन कार्यान्वयन पनि गर्नुपर्छ ।

पदमार्गमा सुरक्षा निकायको उपस्थिति, सञ्चारको पहुँच, स्वास्थ्य सेवाको ग्यारेन्टी गर्दै प्रचार गर्नुपर्छ । नेपालको पर्यटन क्षेत्रलाई विश्वभर फैलाउन जरूरी छ । विश्वभरका मानिसलाई मर्नुअघि नेपाल घुम्नुपर्छ भन्ने सन्देश दिन सक्नुपर्छ ।

*(पाण्डे ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपालका अध्यक्ष हुन्)*

# जलवायु परिवर्तनको प्रत्यक्ष असर पर्वतारोहीलाई परेको छ

हामीले 'प्याकेज' बिक्रीसँगै सुरक्षा प्रबन्धलाई ध्यान दिनुपर्छ किनभने पर्यटकसँग जोडिने पहिलो स्वार्थ हो सुरक्षा । कुनै पनि पर्यटकले आफ्नो सुरक्षा पहिला हेर्छ । सुरक्षा जिम्मेवारी कसले लिएको छ भन्ने हेर्छ र आपत्‌कालीन अवस्थामा कसलाई सम्पर्क गर्ने भन्ने खोज्छ । पर्वतारोहणमा सरकारीस्तरबाट उद्धार टिम नहुँदा समस्या हुने गरेको छ ।



मिङ्मा डेभिड शेर्पा

नेपाल पर्यटकीय दृष्टिले अत्यन्तै रमणीय देश मानिन्छ । साहसिक पर्यटनअन्तर्गत पर्ने पर्वतीय पर्यटन (पर्वतारोहण) ले नेपाललाई छुट्टै पहिचान दिएको छ । नेपालमा पर्वतारोहणले समग्र पर्यटन क्षेत्रको महत्त्वपूर्ण र आकर्षक गन्तव्य ओगटेको छ । पहिलोपटक सगरमाथामा मानव पाइला पुगेयता पर्वतारोहण कार्यलाई व्यवस्थित बनाउन थालिएको हो ।

म आफैं पनि पर्वतारोहण क्षेत्रमा लागेको डेढ दशक नाघिसक्यो । विगतमा पर्वतारोहणमा जान निकै कठिन थियो । चिनेका भरमा काम पाइँदैन थियो । त्यसबेला संख्यात्मक हिसाबले पनि पर्वतारोहण काम गर्ने मान्छे कम थिए । विशेषगरी शेर्पा समुदायका मान्छे थिए । अरु समुदायका मान्छेहरु पर्वतारोहणमा खासै काम गर्दैन थिए ।

त्यसबेला सामाजिक सञ्जालको प्रयोग पनि खासै थिएन । संख्यात्मक हिसाबले त्यसबेला र अहिलेको समय धेरै फरक छ । पछिल्लो समय सगरमाथा आरोहण गर्नेको संख्या बढ्न थालेको छ । यसको कारणका रुपमा डकुमेन्ट्री फिल्म, सामाजिक सञ्जाल, आरोहीहरूले प्रयोग गर्ने वस्त्र आदिलाई लिने गरिन्छ । राम्रा डकुमेन्ट्री फिल्महरूले अन्तर्राष्ट्रिय अवार्डहरु पाउन थालेका छन् । अहिले धनी मानिसहरु हिमाल आरोहणप्रति आकर्षित भएका छन् । आफ्नो पहिचान बनाउन पनि कोरोनापछि मानिसहरु हिमाल आरोहणमा आउने गरेका छन् ।

नेपालको पर्वतारोहणका गाइडहरु धेरैजस्तो शारीरिक रुपमा बलिया देखिने भेडा गोठाला, चौरी गोठालाहरु हुन्थे । धेरै ट्रेकिङ रुट भेडीगोठ/चौरी गोठ भएर जान्थ्यो । तर, पछिल्लो समय नेपालमा याक, चौरी गोठहरु घट्दै गएपछि पर्यटन समुदाय पनि घट्दै गएको छ ।

## हालको अवस्था

पर्वतारोहण र 'एड्भेन्चर टुरिजम' नेपालले प्रशस्त फाइदा लिन सक्ने सम्भावनायुक्त क्षेत्र हो । तर, पारिवारिक असहयोग र राज्यले चासो नदिएका कारण पछाडि परेको छ । दक्ष पर्यटक गाइडको उत्पादनमा कमी आएको छ । विगतमा नेपाल माउन्टेनियरिङ एसोसिएसनले तालिम दिने गरेको थियो । तर राजनीतिसँगै विभिन्न कारणले एसोसिएसनले ६ वर्षदेखि तालिम कार्यक्रम बन्द गरेको छ । सरकारी निकायले पनि पर्वतारोहण तालिम दिने गरेको छैन ।

नेपालमा हिमाल आरोहण गर्न जान्छु, ट्रेकिङ गर्न जान्छु भन्यो भने परिवारले स्वीकार्दैन । ट्रेकिङ केही महँगो पनि छ । १८/१९ वर्षको उमेरमा ट्रेकिङ खर्च जुटाउने (अफोर्ट गर्ने) क्षमता हुँदैन । परिवारका सदस्यहरु जोखिम बढी हुन्छ भनेर ट्रेकिङभन्दा विदेश जान प्राथमिकता दिने गर्छन् । पर्यटक आगमन बढे पनि गाइडहरूको संख्या घटेको छ । दक्ष जनशक्तिको अभाव छ ।

दक्ष जनशक्ति उत्पादन र पर्यटकहरूको उद्धारमा सरकारी तदारूकता देखिँदैन । नेपालमा आठ हजार मिटरमाथिका हिमाल आठवटा छन् । तर, नेपालमा उद्धार टोलीको व्यवस्था छैन । साधारण उद्धार पनि निजी कम्पनीले गर्ने गर्छन् । पर्यटकको संख्या वृद्धिसँगै सुरक्षालाई पनि ध्यान दिन आवश्यक छ । तथापि नेपालको पर्यटनमा पर्याप्त अवसरहरु छन् ।

नेपालमा हिमाल मात्र नभएर जात-जाति, धर्म, संस्कृति पनि पर्यटकका लागि आकर्षक गन्तव्य हुन् । तर, परस्परागत चालचलन र संस्कृति लोप हुँदै गएको छ । हिमालसँगै जोडिएर एड्भेन्चर टुरिजमको प्रवर्द्धन हुन सकेको छैन । ट्रेकिङ क्षेत्रमा लागेर राष्ट्रिय अन्तर्राष्ट्रिय पहिचान बनाएका व्यक्ति तथा परिवार देश छाडेर जान थालेका



**विगतमा नेपाल माउन्टेनियरिङ एसोसिएसनले तालिम दिने गरेको थियो । तर राजनीतिसँगै विभिन्न कारणले एसोसिएसनले ६ वर्षदेखि तालिम कार्यक्रम बन्द गरेको छ ।**

छन् । नामसँगै दाम पनि कमाइएन भने जीवन कठिन हुने भएकाले अवसर र सेवा-सुविधाको खोजीमा मानिसहरु विदेशिने क्रम बढ्दो छ । लोकप्रियता कमाएका व्यक्तिहरु नै देश छाड्दा बाहिर नकारात्मक सन्देश जान्छ । त्यसो त विदेशिने क्रम पर्यटनमा मात्रै होइन अन्य क्षेत्रमा पनि उस्तै छ । आय स्रोत अभाव र राज्यले सहजीकरण गर्न नसक्दा केही कमजोरी भएको छ । मानिसहरु मुलुक छाड्ने विषयमा राज्यले नै सम्बोधन गर्नुपर्ने हो तर, त्यस्तो हुन सकिरहेको छैन ।

ट्रेकिङ कम्पनीमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) समस्याका रुपमा देखिएको छ । कोरोना महामारीको समयमा कर कम भए पनि अहिले बढाइएको छ । पर्यटकहरु सहरमा बस्नभन्दा पहाडी र ग्रामीण क्षेत्रमा जान रुचाउँछन् । गाउँका होटेलहरुमा स्थायी लेखानम्बर (प्यान) समेत हुँदैन । यस्तो स्थितिमा ट्रेकिङ कम्पनीलाई कर सन्तुलन मिलाउन गाह्रो हुन्छ ।

पछिल्लो समय नेपालमा पनि गुणस्तरीय (क्वालिटी) पर्यटकहरुको संख्या बढ्न थालेको छ । तर, यहाँ पनि समस्या छ । जस्तै गत सिजनमा खुम्बु पासाङ ल्हामु गाउँपालिकाले ठुलो टेन्ट लैजान निषेध गऱ्यो र विभिन्न मापदण्डहरु बनायो । कतिपय मापदण्डले क्वालिटी पर्यटक आकर्षित हुँदैनन् । स्याङबोचेभन्दा माथि हेलिकोप्टर लैजान पाइँदैन । विभिन्न देशबाट नेपाल आएर पर्वतीय उडान (माउन्टेन फ्लाइट) मा घुमेर जाने पर्यटकहरु पनि छन् । हेलिकोप्टर उडानमा रोक लगाउँदा पर्यटकहरु पर्वतीय उडान गर्न पाउँदैनन् । तर, काठमाडौंबाट माउन्टेन फ्लाइट भइरहेको भने छ । हेलिकोप्टर उडान रोक्ने, माउन्टेन फ्लाइट रोक्नेजस्ता धेरै मापदण्डहरुले पर्यटकहरु आकर्षित हुँदैनन् ।

जलवायु परिवर्तनको असर पर्यटन क्षेत्रमा पनि पर्न थालेको छ । पानी पर्ने प्राकृतिक समय बदलिएका कारण पर्यटक आवागमन असहज भइरहेको छ । हिमालको माथिल्लो भेगमा पनि तापक्रम बढ्दै गएको छ । हिमाल आरोहणका क्रममा जोखिम बढ्छ । हिउँ पर्ने प्रक्रिया निरन्तर भए पनि हिउँ पग्लिने प्रक्रिया तीव्र भएको छ । तालको वरिपरिको हिउँ पग्लिएपछि ताल फुट्ने गर्छ । जलवायु परिवर्तनको प्रत्यक्ष असर पर्वतारोहीलाई परेको छ ।

## लगानीको अवस्था

लगानीकर्ताहरुले पर्यटनलाई पनि सहरकेन्द्रित हिसाबले मात्रै बुझेका छन् । अपवादबाहेक तारे होटेलहरु काठमाडौं केन्द्रित छन् । पर्यटकीय क्षेत्रमा स्तरीय होटेलको विकास हुन सकेको छैन र पर्यटकीय गन्तव्यमा सीमित मात्र छन् । पर्वतारोहणमा अन्तर्राष्ट्रिय कम्पनीहरुले गर्दा नेपालको प्याकेज संसारभर बिक्री हुन्छ । तर, लगानीको हिसाबले भने कम छ । प्याकेजलाई बेचेर कमाउने ठाउँ बने पनि लगानीमा ध्यान छैन ।

विदेशी लगानी बढाउन पनि सरकारकै भूमिका आवश्यक छ । सरकारबिना निजी क्षेत्रले मात्रै केही गर्न सक्दैन । पर्यटकीय गन्तव्य बनाउन क्षेत्र पहिचान गरेर लगानीकर्ताहरुलाई उत्साहित बनाउनुपर्छ । लगानीको वातावरण सहज बनाउन बैकिङ क्षेत्रमा ऋणको प्रक्रियालाई सरलीकृत गर्नुपर्छ । कुनै पनि ठाउँलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न तीनै तहका सरकारबीच समन्वय हुनुपर्छ । मुलुककै आर्थिक अवस्था कमजोर बन्दै गइरहेका बेला क्षेत्र विशेषमा लगानी खुम्चँदै जानु स्वभाविक पनि मानिन्छ ।

## अब के गर्ने ?

विश्वमा साना हिमाल भएका देशहरुमा 'रेस्क्यु टिम' हुन्छ । हिमालबाट हामी रोजगारी पनि सिर्जना गर्छौं । नेपालको भौगोलिक बनावटअनुसार हिमालमा मात्रै नभएर सबै ठाउँमा उद्धार टोलीको आवश्यकता छ । प्राकृतिक रुपमा नेपाल संसारभरिका मानिसहरुको रोजाइमा पर्छ । हामीले 'प्याकेज' बिक्रीसँगै सुरक्षा प्रबन्धलाई ध्यान दिनुपर्छ किनभने पर्यटकसँग जोडिने पहिलो स्वार्थ हो सुरक्षा । कुनै पनि पर्यटकले आफ्नो सुरक्षा पहिला हेर्छ । सुरक्षा जिम्मेवारी कसले लिएको छ भन्ने हेर्छ र आपत्कालीन अवस्थामा कसलाई सम्पर्क गर्ने भन्ने खोज्छ । पर्वतारोहणमा सरकारीस्तरबाट उद्धार टिम नहुँदा समस्या हुने गरेको छ । अझ माउन्टेन





हिमाल आरोहण संसारको सबैभन्दा महँगो प्याकेज हो । यसलाई राज्यले प्राथमिकतामा राखी हिमालबाट फाइदा लिनु आवश्यक छ । नेपाली युवाहरूले नेपाल र नेपालको पर्वतारोहण पर्यटनलाई प्रचारप्रसार गर्न आवश्यक छ । सगरमाथाको बेस क्याम्पमा जानेहरू पनि विदेशमा पढेर आएका र बाहिर घुमेर आएकाहरू मात्र छन् ।

टुरिजममा त उद्धार टिम अति आवश्यक छ । निजी कम्पनीबाट उद्धार हुँदा ठगिन पुग्छ । राज्यले रेस्क्युलाई सरकारको अंगका रूपमा विकास गरेको खण्डमा राज्यलाई संसारले हेर्ने दृष्टिकोण पनि फरक हुन जान्छ ।

निजी कम्पनी सधैं नाफामूलक हुन्छन् । रेस्क्युलाई व्यवसाय नभई सेवा दिने तरिकाले बढाइयो भने पर्यटक र नेपालीहरूका लागि पनि राम्रो हुन्छ । नेपालका पर्यटन क्षेत्रलाई संसारको जुनसुकै ठाउँमा प्रचारप्रसार गर्न प्रविधिले गर्दा सानो खर्चले पनि पुग्छ । प्रविधिको विकास भइसकेको अवस्थामा हामीले सुरक्षालाई ध्यान दिनुपर्छ र पर्यटनलाई उचाइमा पुऱ्याउने राज्यले पर्यटक सुरक्षामा ध्यान दिनुपर्छ ।

माउन्टेनियरिङ जीवन र मरण (लाइफ एन्ड डेथ) को खेल हो । तर, 'सुसाइड एटेम्प्ट' होइन । माउन्टेनियरिङ कसैको देखासिकीमा नभई क्षमता र कौशलवान् व्यक्ति तथा शारीरिक रूपमा फिट भएका व्यक्तिहरूले गर्ने काम हो । आरोहीहरूको बर्सेनि मृत्यु भइरहेको हुन्छ । चुनौती छन् भन्दैमा काम गर्नै नसकिने भन्ने होइन । दक्ष जनशक्ति उत्पादन गर्ने, गाइडहरूलाई तालिम दिने र उद्धार टोली बनाउने हो भने चुनौतीलाई कम गर्न सकिन्छ ।

पर्वतारोहणलाई कतिपय देशहरूले खेलका रूपमा हेरेको छ । विश्वका धेरै देशमा पर्वतारोहीलाई एथलेट्स हो भनेर चिन्छन् । तर, नेपालमा कामदारजस्तै छ । कामदार हो भने सरकारले न्यूनतम तलब तोकिदिनुपर्ने हो । अहिलेसम्म हिमाल चढ्नेले कति कमाउँछ भन्ने यकिन छैन । एउटा निजी कम्पनीसँग बार्गेनिङ गरेर कतिमा जान्छ भन्ने विषयको उसको आम्दानी निर्धारण हुन्छ । टुरिस्ट गाइडहरूको न्यूनतम तलब तोकिएको छैन । पारिश्रमिक तोकिदिने हो भने दक्ष जनशक्ति पनि बढ्छ । व्यावसायिक रूपमा बसेका कम्पनीहरूबाहेक सिजनैपिच्छे बार्गेनिङ गरेर बस्नुपर्ने गाइडहरु विदेशिन बाध्य छन् ।

हिमाल आरोहीको संख्या वृद्धि भएका कारण हिमालहरु फोहोर हुँदै गएका छन् । त्यसलाई व्यवस्थापन गर्न एउटा 'एक्सपेडिसन टिम'ले ४ हजार डलरको 'गार्बेज डिपोजिट' भनेर राख्नुपर्छ । सरकारी नीतिअनुसार एक्सपेडिसनबाट फर्किंदा फोहोर सफा गरेको अवस्थामा मात्रै डिपोजिट रकम फिर्ता हुन्छ । त्यसको आधारमा मात्रै सगरमाथा आरोहणको प्रमाणपत्र (सर्टिफिकेट) पाउने चलन छ ।

फोहोर सबै ल्यायो भनेर संस्थाले कागज बनाइदिन्छ । अनि पर्यटन विभागले पैसा फिर्ता दिन्छ । यो नीति आफैंमा मेल खाएको छैन । कागजी रूपमा हिमाल सफा हुने भए हिमालमा फोहोर हुने थिएन होला नि ? तर, सरसफाइका लागि डिपोजिट गरेको पैसामध्ये केही रकम नन् रिफन्डेबल (फिर्ता गर्न नमिल्ने) बनाएको भए बाँकी भएको पैसाले हिमाल सफा गर्न सकिने थियो ।

पर्वतारोहणमा रहेकाहरूले आरोही कल्याणकारी कोष, उद्धार कोष र फोहोर व्यवस्थापनको मुद्दा उठाइरहेका छन् । तर, सरकारले कुनै पनि माग सम्बोधन गरेको छैन । आरोहीले उठाएका सवालहरु सम्बोधन गरेको खण्डमा केही हदसम्म हिमाल क्षेत्र सफा हुन्छ भने आरोहणमा थप आकर्षण पनि बढ्छ ।

## निष्कर्ष

हिमाल आरोहण संसारको सबैभन्दा महँगो प्याकेज हो । यसलाई राज्यले प्राथमिकतामा राखी हिमालबाट फाइदा लिनु आवश्यक छ । नेपाली युवाहरूले नेपाल र नेपालको पर्वतारोहण पर्यटनलाई प्रचारप्रसार गर्न आवश्यक छ । सगरमाथाको बेस क्याम्पमा जानेहरु पनि विदेशमा पढेर आएका र बाहिर घुमेर आएकाहरु मात्र छन् । काठमाडौंका मानिसहरु खासै जान रूचि राख्दैनन् । नेपालले हिमाल मात्र नभएर ट्रेकिङ र एड्भेन्चरबाट पनि फाइदा लिन सक्छ ।

पछिल्लो समय मानिसहरूको खर्च गर्ने क्षमता बढेको छ । मौसम पूर्वानुमानहरु मिल्न थालेको छ । खाने र लगाउने विषयमा भएका नयाँ अध्ययन अनुसन्धानहरूले नयाँ तह (लेभल) पार गरेको छ । त्यसैले नेपालमा पर्वतारोहण पर्यटनमा उच्च सम्भावना छ । नेपालले राम्रो फाइदा लिन पर्यटनमा लागेका व्यक्ति, निकाय, सरकार र निजी क्षेत्र एकजुट भएर कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्छ ।

*(शेर्पा पर्वतारोही हुन्)*

# भूराजनीति र विश्व व्यापारका चुनौती

चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको विवरणअनुसार कुल पाँच खर्ब १३ अर्ब ३८ करोड ८० लाख रुपैयाँ बराबरको वस्तु आयात भएको छ । जसमा केवल ५२ अर्ब ६७ करोड रुपैयाँ बराबरको वस्तु नेपालबाट निर्यात भएको छ ।



डा. पोषराज पाण्डे

दोस्रो विश्वयुद्धको समाप्तिपछि विश्वको राजनीतिक संरचना मात्रै होइन, अर्थव्यवस्थामा पनि आमूल परिवर्तन आयो । सन् १९४५ पछि विश्व दुई ध्रुवमा विभाजित भयो- पश्चिमी खेमा (वेस्टर्न ब्लक) र साम्यवादी खेमा (कम्युनिजम ब्लक) । अमेरिकाको नेतृत्वमा रहेको पश्चिमी खेमाले प्रजातान्त्रिक राजनीतिक प्रणाली, उदार आर्थिक नीति, खुला व्यापार र पुँजीवादी अर्थव्यवस्थालाई प्राथमिकता दियो । यता साम्यवादी खेमाको नेतृत्व गरिरहेको सोभियत संघ (हालको रूस) ले राज्य नियन्त्रित आर्थिक तथा राजनीतिक व्यवस्था, सामूहिकता र साझा सम्पत्तिको अवधारणालाई अघि बढायो । यही विभाजनले विश्वको आर्थिक व्यवस्थालाई समेत दुई खेमामा बाँड्यो- पुँजीवादी र समाजवादी । पश्चिमा देशहरूले आफ्नो ब्लकभित्रका मुलुकलाई व्यापार, सहयोग र लगानीको अवसर दिएर आफ्नो सिद्धान्त फैलाउने प्रयास गरे । सोभियत संघले पनि आफ्ना सहयोगी राष्ट्रहरूसँग हातेमालो गरी कम्युनिजम सिद्धान्तको मलजल गर्‍यो । यसरी सन् १९४५ मा दोस्रो विश्वयुद्धको अन्त्य भए पनि भिन्न विचारधारा बोकेका यी दुई खेमाको नेतृत्व गरेका अमेरिका र रूसबीच सन् १९४७ देखि शीतयुद्ध सुरु भयो जसले यी दुई खेमाबीचको द्वन्द्वलाई अझै तीव्र बनायो । आर्थिक नीति, व्यापार र अन्तर्राष्ट्रिय सहयोग भूराजनीतिक प्रतिस्पर्धाको महत्त्वपूर्ण हिस्सा बन्न पुगे । शक्तिशाली राष्ट्रहरूले आफ्नो प्रभाव विस्तार गर्न व्यापारिक नीतिको प्रयोग गरिरहँदा, व्यापार केवल आर्थिक उपकरण मात्रै रहन सकेन, राजनीतिक र कूटनीतिक रणनीतिको एक प्रभावकारी माध्यम बन्यो ।

## अन्तर्राष्ट्रिय व्यापारमा बहुपक्षीय संगठनको आवश्यकता

दोस्रो विश्वयुद्धपछि अमेरिका र पश्चिमी राष्ट्रहरूले आर्थिक पुनर्उत्थानका लागि बहुपक्षीय संस्थाहरूको आवश्यकता महसुस गरे । आर्थिक सहकार्यका लागि मार्सल प्लान, ब्रेटन वुड्स सम्झौता, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) तथा विश्व बैंकको स्थापना गरे । युद्धबाट क्षतिग्रस्त बनेको विश्व अर्थतन्त्रलाई पुनःस्थापित गर्न र व्यापारलाई थप उदारवादी बनाउने उद्देश्यसाथ सन् १९४७ मा ग्याट (जेनेरल एग्रिमेन्ट अन ट्यारिफ एन्ड ट्रेड) को स्थापना भयो । यसरी विश्वव्यापारमा बहुपक्षीय संघ-संस्थाहरूको प्रभाव बढ्न थाल्यो ।

अन्तर्राष्ट्रिय व्यापारमा करको दर घटाउने र व्यापार सहज बनाउने उद्देश्यले स्थापना भएको ग्याटले व्यापार उदारीकरणका लागि वकालत गरिरह्यो । यी संस्थाहरु पनि भूराजनीतिक खेलबाट अछुतो रहन सकेनन् र शक्तिशाली राष्ट्रहरूले आफ्नो प्रभाव जमाउन यी संस्थाहरूको प्रयोग गरिरहे । समयक्रममा पुँजीवादी देशहरूले समृद्धि हासिल गरे । पछि साम्यवादी र समाजवादी विचारधारा बोकेका देशहरूले पनि उदार आर्थिक नीति र पुँजीवादलाई अपनाउन थाले । यसरी सन् १९४७ मा दुई ध्रुवमा विभाजन भएको अर्थव्यवस्था सन् १९९० को दशकमा आइपुग्दा एकीकृत भयो ।

विश्वव्यापारलाई थप व्यवस्थित गर्न, व्यापार विवाद समाधान गर्न र व्यापारिक द्वन्द्वलाई कम गर्दै सहकार्यलाई प्राथमिकता दिन सन् १९९५ मा ग्याटकै आधारमा विश्व व्यापार संगठनको स्थापना भयो । यसरी सन् २०१५ सम्म विश्वव्यापी आर्थिक स्थिरता, व्यापार प्रवर्धन, नियन्त्रण र व्यवस्थापनमा बहुपक्षीय संगठन र अन्तर्राष्ट्रिय संस्थाहरूबीच सहकार्य भइरह्यो । बहुपक्षीय आर्थिक शासन व्यवस्थाले मलजल पाइरह्यो । नेपालले पनि बहुपक्षीय संस्था- विश्व व्यापार संगठन, आईएमएफ, विश्व बैंक लगायतबाट आर्थिक सुधार, पूर्वाधार




**कोभिड–१९ संक्रमणको प्रभाव कायमै हुँदा सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमाथि हमला गर्‍यो । जसकारण खाद्यान्न र प्राकृतिक ग्यास, कच्चा तेलको आपूर्ति शृंखला थप अवरुद्ध हुँदै गयो र मूल्यवृद्धि आकाशियो । अमेरिका, युरोपियन युनियनलगायत शक्तिशाली मुलुकले रुसमाथि आर्थिक प्रतिबन्ध थप्दै गए ।**

विकास, वैदेशिक लगानी र अन्तर्राष्ट्रिय व्यापारमा सहयोग पाइरहेको छ ।

### विश्व व्यापारका चुनौती

बहुपक्षीय आर्थिक शासन व्यवस्था लागु भए पनि केही देशले करको दर तय गर्ने अधिकार सार्वभौम राष्ट्रमै निहित हुनुपर्ने तर्क अघि सारेका थिए । जसकारण बहुपक्षीय संगठनभित्रै पनि विरोधका आवाज उठिरहेका थिए । ती विरोधी आवाजलाई थप सशक्त बनाउन जुन नेतृत्वको आवश्यकता थियो, सन् २०१६ को अमेरिकाको राष्ट्रपति निर्वाचनले नेतृत्वकर्ता जन्माइदियो ।

जसरी दोस्रो विश्वयुद्धपछि व्यापारलाई भूराजनीतिक प्रभाव विस्तारको माध्यम बनाइएको थियो, इतिहास दोहोर्‍याउने गरी डोनाल्ड ट्रम्पले राष्ट्रपति चुनावमा विजय हासिल गरे । अनि व्यापारलाई उनले आफ्नो शक्ति प्रदर्शन मात्रै नभई राजनीतिक एजेन्डाका रूपमा प्रयोग गर्न सुरु गरे । व्यापार र अन्तर्राष्ट्रिय अर्थव्यवस्थालाई व्यवस्थित गर्न बनेका बहुपक्षीय संगठनको आधारलाई नै हल्लाउने गरी उनले 'अमेरिका फर्स्ट' नीतिका नाममा व्यापारलाई संरक्षणवादतर्फ धकेल्दै सन् २०१८ को जनवरी महिनामा सोलार प्यानलमा ३०–५० प्रतिशत, स्टिलका सामग्रीमा २५ प्रतिशत, एलम्युनियमका सामग्रीमा १० प्रतिशत कर बढाउने घोषणा गरे । चीनबाट अमेरिका निर्यात हुने सामग्रीमा छुट्टै करको दर लागु गर्ने ट्रम्पको निर्णयले चीन–अमेरिकाबीच व्यापारिक युद्ध सुरु गर्‍यो । अमेरिकाले बढाएको करको सामना गर्दै चीन, युरोपियन युनियन, क्यानडा, भारतलगायत मुलुकले प्रतिरोधमा करका दर बढाए । जसकारण विश्व व्यापार संगठनको नियमहरू आपसमा बाझिन पुगे । यसले अन्तर्राष्ट्रिय व्यापार प्रणालीलाई नै अस्थिर बनायो । यसरी व्यापार केवल आर्थिक गतिविधिको हिस्सा मात्रै नभई लोकप्रियताका लागि प्रयोग गरिने खतरनाक राजनीतिक उपकरण बनेको छ ।

चीन–अमेरिकाबीच व्यापार युद्ध चर्किएको समयमा चीनको वुहान सहरबाट सुरु भएको कोभिड–१९ संक्रमण विश्वव्यापी रूपमा फैलियो जसले आपूर्ति शृंखला अवरोध गर्नुका साथै विश्व अर्थतन्त्रलाई नै अँध्यारोतिर धकेल्यो । उत्पादन र यातायात क्षेत्र ठप्प हुँदा विश्वव्यापी रूपमा खाद्यान्नको अभाव बढ्दै गयो । कोभिड–१९ संक्रमणको प्रभाव कायमै हुँदा सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमाथि हमला गर्‍यो । जसकारण खाद्यान्न र प्राकृतिक ग्यास, कच्चा तेलको आपूर्ति शृंखला थप अवरुद्ध हुँदै गयो र मूल्यवृद्धि आकाशियो । अमेरिका, युरोपियन युनियनलगायत शक्तिशाली मुलुकले रुसमाथि आर्थिक प्रतिबन्ध थप्दै गए ।

विश्वबजारमा कच्चा तेल, प्राकृतिक ग्यास, खाद्यान्नको अभाव बढ्दै गयो । शक्तिशाली देशहरू युद्धमा होमिँदा विशेषगरी विकासशील र कमजोर अर्थतन्त्र भएका मुलुकहरूले दुःख पाइरहेका छन् । साथै मध्यपूर्वमा जारी इजरायल–प्यालेस्टाइन बीचको युद्धले व्यापारिक मार्ग र आपूर्ति शृंखलामा अवरोध सिर्जना भइरहेको छ । जसले गर्दा विश्वका व्यापारिक गतिविधिमा एक किसिमको अस्थिरता छाएको छ भने बहुपक्षीय व्यापार संस्था र संगठनको भूमिका महत्त्वपूर्ण बनेको छ । यस्तै विश्व व्यापारको अर्को चुनौतीका रूपमा अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डनल्ड ट्रम्पले अघि सारेको संरक्षणवादी नीति पनि हो । ट्रम्पको उदयपछि आर्थिक राष्ट्रियवाद (इकोनोमिक नेसनालिज्म) हाबी हुँदै गएको छ । उनले आन्तरिक बजार विस्तार र आन्तरिक उत्पादनको प्रवर्धन गर्दै विदेशी मुलुकसँगको व्यापारमा कडाइ गर्ने नीति अघि सारेका छन् । ट्रम्पको 'मेक अमेरिका ग्रेट अगेन' क्याम्पियनले अन्तर्राष्ट्रिय व्यापारको धार नै परिवर्तन गर्ने संकेत दिइरहेको छ । वर्तमान परिप्रेक्ष्यमा अन्तर्राष्ट्रिय व्यापार ग्लोबल अफ–सोरिङबाट नियर सोरिङ वा फ्रेन्ड सोरिङतर्फ बढी आकर्षित भएको छ । जसअन्तर्गत प्रतिस्पर्धात्मक लाभलाई केन्द्रविन्दुमा राख्दै देशहरूले आपूर्ति शृंखला, उत्पादन, र श्रमका लागि मित्रराष्ट्रलाई प्राथमिकता दिँदै आएका छन् । यसरी ट्रम्पको संरक्षणवादी नीति, शक्तिशाली राष्ट्रबीचको व्यापारिक युद्ध, रुस–युक्रेन युद्ध र मध्यपूर्वमा जारी युद्ध विश्वव्यापारका प्रमुख चुनौतीका रूपमा देखापरेका छन् ।

### नेपालको व्यापारिक अवस्था

चालु आर्थिक वर्षको कात्तिक मसान्तसम्मको वैदेशिक व्यापारको विवरणअनुसार कुल पाँच खर्ब १३ अर्ब ३८ करोड ८० लाख रुपैयाँ बराबरको वस्तु आयात भएको छ । जसमा केवल ५२ अर्ब ६७ करोड रुपैयाँ बराबरको वस्तु नेपालबाट निर्यात भएको छ । यसरी चार खर्ब ६० अर्ब ७३ लाख रुपैयाँ बराबरको व्यापार घाटा चालु आवको चार महिनामा मात्रै देखिएको छ । प्रतिवर्ष नेपालको व्यापार घाटा बढ्दै गएको छ । व्यापार घाटा कम गर्न अर्थतन्त्रको संरचना विश्लेषण गरौं । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २४.२ प्रतिशत छ भने सेवा क्षेत्रको योगदान ५९ प्रतिशत छ । अझ उत्पादन क्षेत्रको योगदान ५ प्रतिशतभन्दा कम छ । सेवा क्षेत्रको स्वास्थ्य सेवा, बैंकिङ सेवालाई हामीले निर्यात गर्न सक्दैनौं । निर्यात नबढाएसम्म हाम्रो व्यापार घाटा घट्दैन । यसका लागि व्यापारयोग्य वस्तुको उत्पादन बढाउनुपर्छ । आजको प्रतिस्पर्धात्मक समयमा, नेपालले मूल्य बढाउने (भ्यालु एड) सामग्री उत्पादन गरी निर्यात गनुपर्छ । उदाहरणका लागि नेपालमा हामीले कार उत्पादन गर्न सक्दैनौं तर त्यही कारमा

प्रयोग हुने गुणस्तरीय टायरको उत्पादन गरी भारतमा निर्यात गर्न सकियो भने पनि त्यसले भ्यालु एडको काम गर्छ । यसतर्फ निजी क्षेत्रले ध्यान दिनुपर्छ ।

निकै पेचिलो तर खासै नेपालले ध्यान नदिएको विषय भनेको नेपाली र भारतीय मुद्राबीचको विनिमयदर निर्धारण पनि हो । सन् १९९२ मा एक भारूबराबर एक रूपैयाँ ६० पैसा नेपाली रूपैयाँमा विनिमयदर तय भयो । तर, तीन दशक भइसक्दा पनि समीक्षा गर्नेतर्फ कसैको ध्यान गएको छैन । यसो नहुँदा नेपालको व्यापार भारतमा आश्रित हुँदै गएको छ । सन् १९९२ मा विनिमयदर कायम गर्दा नेपाल र भारतको अर्थतन्त्रबीच धेरै अन्तर थिएन । तर पछिल्लो ३० वर्षमा भारतले धेरै फड्को मारिसकेको छ । नेपालको तुलनामा भारतमा महँगी कम छ । मूल्यवृद्धिमा करेक्सन ल्याउने भनेकै विनिमयदरले हो । तर यस विषयमा हाम्रा नेता तथा नीतिनिर्माता कसैको पनि ध्यान जान सकेको छैन । यसका लागि राजनीतिक स्थायित्वको आवश्यकता पर्छ । नेपालको राजनीति अस्थिर हुँदा विनिमयदर परिवर्तन गर्ने आँट कसैले गर्न सकेको छैनन् । फ्लोटिङ एक्सेन्ज रिजिममै जानुपर्छ भन्ने होइन तर आवधिक समीक्षा हुनुपर्छ । अनि मात्रै नेपालको व्यापारमा विविधीकरण आउन सक्छ र भारतमा मात्रै आश्रित हुनु पर्दैन । नेपालका कलकारखानाबाट उत्पादित सामग्रीको प्रयोग नेपालमै हुन्छ ।



**चीनबाट अमेरिका निर्यात हुने सामग्रीमा छुट्टै करको दर लागु गर्ने ट्रम्पको निर्णयले चीन-अमेरिकाबीच व्यापारिक युद्ध सुरु गऱ्यो । अमेरिकाले बढाएको करको सामना गर्दै चीन, युरोपियन युनियन, क्यानडा, भारतलगायत मुलुकले प्रतिरोधमा करका दर बढाए । जसकारण विश्व व्यापार संगठनको नियमहरू आपसमा बाझिन पुगे । यसले अन्तर्राष्ट्रिय व्यापार प्रणालीलाई नै अस्थिर बनायो ।**

नेपालले बहुपक्षीय संघ-संस्थासँग कूटनीतिक वार्ता गर्नुपर्छ । कुनै एक देशसँग मात्रै गठबन्धन गर्ने र त्यसैमा मात्रै सीमित नभई बहुपक्षीयता अवलम्बन गर्नुपर्छ । साथै नेपालले क्षेत्रीय संगठनसँग सहकार्य गरी दीर्घकालीन विकासबारे ध्यान दिनुपर्छ । यातायात क्षेत्रको विकासका लागि बीबीआईएन मोबिलिटी एग्रिमेन्टको सहायता लिन सकिन्छ । क्षेत्रीय संगठन बिमस्टेकसँग सहयोग लिएर विकासका कामहरु गर्न सकिन्छ तर त्यसका लागि नेपालले सशक्त रूपमा नेगोसिएसन गर्नुपर्छ ।

अर्को समस्या नेपाल एक भूपरिवेष्ठित राष्ट्र हो, जसले हामीलाई अशक्त बनाएको छ । व्यापारका लागि नचाहेर पनि भारत र चीनमै भर पर्नुपर्ने अवस्था छ । जलमार्गजस्तो सस्तो यातायात सुविधा नेपाल उपलब्ध नहुँदा व्यापार लागत यसै पनि धेरै छ । यसका लागि सरकारले सडक पूर्वाधार, भन्सारमा आवश्यक पर्ने भण्डारण पूर्वाधारको विकास गरी प्रभावकारी ढंगबाट सञ्चालनमा ल्याउनुपर्छ । साथै भन्सार क्षेत्रमा प्रविधिको प्रयोग बढाउनुपर्छ ।

यस्तै चीन र नेपालको सीमा क्षेत्रमा खुला व्यापार क्षेत्रको निर्माण गर्न सके दुई देशबीचको व्यापारमा सुधार आउँछ । दक्षिण कोरिया र उत्तर कोरियाको सीमा क्षेत्रमा दक्षिण कोरियाले लगानी गरी 'फ्री जोन एरिया' को निर्माण गरेको छ जहाँ उत्तर कोरियाका मानिसहरु काम गर्छन्, आम्दानी गर्छन् । त्यसरी नै नेपालले पनि चीनसँग वार्ता गर्न सके त्यो सम्भव छ ।

अर्को सम्भावना बोकेको क्षेत्र भनेको आईटी क्षेत्र हो । यो एक विशेष क्षेत्र हो भनी सरकारले बुझ्नुपर्छ । सरकारले कम्पनीदर्ता, सफ्टवेयर खरिदका लागि आवश्यक पर्ने डलर सटहीमा केही सहजता प्रदान गर्दै त आएको छ तर यो क्षेत्र एउटा मात्रै त्यस्तो क्षेत्र हो जसले हाम्रो भौगोलिक सीमितता तोड्न सक्छ । सफ्टवेयर बिक्री गर्दा हामीले भारतको नाका प्रयोग गर्नु पर्दैन, चीन जानु पर्दैन । तसर्थ हाम्रा दुर्बल र सबल पक्षको पहिचान गरी सोहीअनुरूप नीति-निर्माण तथा कार्यान्वयन गर्न सके नेपालको व्यापार राम्रो हुनसक्छ ।

## निष्कर्ष :

वैश्वीकरणले विश्वलाई सानो बनाएको छ । शक्तिशाली राष्ट्रहरूको हरेक कदमले साना अर्थतन्त्र भएका देशहरूमा गहिरो प्रभाव पारिरहेको छ । हालैको उदाहरण हेर्दा, डनल्ड ट्रम्पको उदयले नेपाल-अमेरिका व्यापार प्रभावित हुने देखिन्छ । यदि ट्रम्पले घोषणा गरेबमोजिमै चिनियाँ सामानमा ५० प्रतिशत कर र अन्य देशका सामानमा १० प्रतिशत कर व्यवस्था लागु गरे नेपाल-अमेरिका बीचको व्यापार कम हुनेछ ।

अर्कोतर्फ रूस-युक्रेन युद्ध र इजरायल-प्यालेस्टाइनबीच जारी युद्धले आपूर्ति शृंखला अवरुद्ध गर्दै खाद्यान्न, तेल र अन्य सामग्रीको मूल्यवृद्धि गरिरहेको छ । नेपालजस्तो देशका लागि भू-राजनीतिक गतिविधि केवल समाचारका विषय मात्र होइनन्, ती अर्थतन्त्रका लागि चुनौती र अवसरका स्रोत हुन् । चीन र भारतजस्ता दुई विशाल शक्तिराष्ट्रले घेरेको नेपालले दीर्घकालीन कूटनीतिक दृष्टिकोण अपनाउँदै बहुपक्षीय सम्बन्धहरूको सदुपयोग गर्नुपर्छ । यस्तै नेपालले क्षेत्रीय सम्बन्धहरु जस्तै भुटान, बंगलादेश, भारत, र नेपाल मोटरवाहन सम्झौताबाट यातायात क्षेत्रको विस्तारका लागि प्रयोग गर्नुपर्छ । साथै, नेपालले चीनसँग सिमानानजिक मुक्त व्यापार क्षेत्र स्थापना गर्न सके दुई देशबीचको व्यापार प्रवर्धन गर्न सकिन्छ । तर, यी सम्भावनालाई वास्तविकतामा बदल्न दीर्घकालीन योजना र प्रभावकारी कूटनीतिक प्रयास आवश्यक छ । यद्यपि, युद्ध, संरक्षणवाद र महामारीले विश्व व्यापारलाई निरन्तर चुनौती दिइरहेको छ । नेपालजस्तो साना अर्थतन्त्रका लागि यो समय चुनौतीपूर्ण भए पनि, बहुपक्षीय सम्बन्धहरूलाई मजबुत बनाउन र दीर्घकालीन विकासको योजना बनाउँदै अघि बढ्न सके भविष्य राम्रो हुनसक्छ ।

*(पाण्डे साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भायरोमेन्ट- सावतीका चेयर इमेरिटस हुन्)*



यो चाडपर्व IME गरौं
उद्यमी बनौं
१० जना
दैनिक
Ultima Earbud
प्रत्येक दिन, 1 जनालाई
१२ जना
प्रत्येक हप्ता
DHI का उपहारहरु, 1 जनालाई
३ जना
प्रत्येक महिना
iPhone 16, 1 जनालाई
बम्पर
DOST STRONG PICKUP
विदेशबाट पठाएको रकम IME PAY वालेट, आइएमई काउण्टर वा
बैंक खाता मार्फत प्राप्त गरौं र जितौं आकर्षक उपहारहरु
यो योजना २०८१ मंसिर मसान्तसम्म मात्र लागु रहनेछ ।
शर्तहरु लागु हुनेछ ।
IME
International Money Express
Fast, Reliable And Secure Remittance
GME
REMITTANCE
IME pay
GET IT ON
Google Play
Download on the
App Store
SCAN & DOWNLOAD




साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित
STC ग्यांस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
साल्ट ट्रेडिङ समूहका उत्कृष्ट खाद्य वस्तुहरु

# ‘नीति कार्यान्वयन हुन नसक्नु नै अर्थतन्त्रको मूल समस्या हो’

नेपालसँग युरोनियम छ । नवलपरासीको धौवादीमा फलाम खानी छ । ढुंगा, मार्बल खानी छन् । कालीगण्डकीमा काला पत्थरहरू छन्, चुनढुंगाको खानीहरू छन् । तर, खनिजजन्य पदार्थहरू प्रयोगमा आउन सकेको छैन अर्थात् सदुपयोग भएको छैन । पुँजीगत खर्च बढाउन जग्गा प्राप्तिलाई सहज बनाउनुपर्छ ।



कृष्णहरि बास्कोटा

## वर्तमान आर्थिक अवस्था

कुनै पनि मुलुकको अर्थतन्त्रको अवस्था हेर्न केन्द्रीय बैंकको तथ्यांक केलाउनुपर्ने हुन्छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्ष ०८१/८२ को पहिलो दुई महिनाको समष्टिगत अर्थतन्त्रको सूचकहरू हेर्ने हो भने अहिले बजारमा औसत मूल्य वृद्धिदर ३.८ प्रतिशत मात्रै छ । यसले महँगी सीमाभित्रै रहेको देखाउँछ । ब्याजको दर २५ प्रतिशतले बढेकाले मूल्यवृद्धिबाट आमजनतालाई ठुलो आहत पुगेको देखिँदैन । तर, दैनिक उपभोग्य २९ वस्तुको सर्वसुलभ र गुणस्तरीय आपूर्तिमा भने सरकारले विशेष ख्याल राख्नुपर्ने देखिन्छ ।

कोभिडअघि करिब २० खर्ब बराबरको आयात र करिब तीन खर्ब रूपैयाँबराबरको निर्यातको स्थिति थियो । तर, कोभिडपछि आयात १.१ प्रतिशतले बढ्दा निर्यात ५.१ प्रतिशतले घटेको देखिन्छ । नेपालमा सिमेन्ट, फलाम, क्लिङ्करलगायत निर्माण सामग्री उत्पादन वृद्धि र विकास निर्माणको काममा सुस्तता आउँदा डोजरलगायत ठुला उपकरणहरू आयात नहुँदा समग्रमा आयात घटेको देखिन्छ । विकास निर्माणको काम अघि नबढ्दा पुँजीगत खर्च पनि बढ्न सकेको छैन ।


अर्कोतिर उत्पादन घटेका कारण निकासी सामान्य घटेको देखिन्छ । दाल धेरै उत्पादन भयो भन्ने अवस्था नभए पनि सबैभन्दा बढी निकासी हुने वस्तुमा परेको छ । नेपालले जडीबुटीहरू निकासी गर्नुपर्ने देखिन्छ । घरेलु उत्पादनका सामग्रीहरू र नेपाली कागजका विभिन्न सामग्री निकासी गर्न सकिने वस्तु हुन् । खासगरी खानीजन्य पदार्थको उत्पादनलाई बढावा दिन सके निकासीलाई प्रोत्साहन पुग्छ । पछिल्लो समय थोरै परिमाणमा भए पनि विद्युत् निकासी हुन थालेकाले नेपाली अर्थतन्त्रलाई केही सहयोग गर्ने देखिन्छ ।

परम्परागत रूपमा नेपाली तयारी पोसाकहरू अमेरिकासम्म पुगेको इतिहास छ । गलैंचा जर्मनीलगायत मुलुकमा जान्थ्यो । तर, पछिल्लो समय निर्यात भएको देखिँदैन । विगतमा नेपालबाट भारतलगायत मुलुकमा निर्यात हुने कृषिजन्य सामग्रीहरू अम्रिसोको कुचो, चिया, कफी, सुन्तलाजस्ता वस्तुहरूमा पनि अवरोध सिर्जना भएकाले निर्यातमा समस्या देखिएको छ ।

पछिल्लो समय विप्रेषणको आप्रवाह (रेमिट्यान्स) नेपाली रूपैयाँमा १५.२ प्रतिशतले बढेको छ । जसले गर्दा हाम्रो कुल विदेशी विनिमय सञ्चिति २१ खर्ब ५२ अर्ब ५३ करोड रूपैयाँ (१६ अर्ब ४ करोड अमेरिकी डलर) छ । केही विश्लेषक रेमिट्यान्सबाट आउने पैसा सधैं नआउने र कुनै बेला सुक्खासमेत हुन सक्ने बताउँछन् । तर, नेपाली कामदारहरूलाई उच्च प्रकारको नभई न्यून प्रकारको श्रमिक प्रकृतिकै काम र सेवासुविधा दिएका कारण विश्व बजारबाट तत्काल हट्ने अवस्था रहँदैन । अवैध प्रणालीलाई नियन्त्रण गरी बैंकिङ प्रणालीबाट रेमिट्यान्स ल्याउने बाटो अपनाए राम्रै गर्छ ।

त्यस्तै नेपाल सरकारको खर्च अहिले ३७ अर्ब ५५ करोड र राजस्व परिचालन १६६ अर्ब ७९ करोड रहेको राष्ट्र बैंकको तथ्यांक छ । यसले अझै पनि चालु खर्च हुने र पुँजीगत खर्च नहुने प्रवृत्ति देखाएको छ । चालु खर्च नियन्त्रण गर्नैपर्ने बाध्यतामा सरकार रहेका कारण मितव्ययिताको सिद्धान्त अवलम्बन गर्नुका साथै पुँजीगत खर्च बढाउन देखिएका अवरोधहरू हटाउनुपर्ने आवश्यकता छ ।

दोस्रो जनआन्दोलनपछि उच्च विन्दुमा राजस्व संकलन गर्दै आएकामा आर्थिक वर्ष ०६५/६६ मा सबैभन्दा बढी ३३.३ प्रतिशत वृद्धि भएको थियो । वि.सं. २००८ मा सुवर्णशमशेरले बजेट ल्याएपछिको सर्वाधिक बढी राजस्व वृद्धि त्यसै बेला (अर्थमन्त्री




**नेपालीले नोटको कारोबार नगरी डिजिटल कारोबार गर्ने अवस्था सिर्जना गर्नुपर्छ । अब विस्तारै राष्ट्र बैंकले नोट छाप्न बन्द गर्नुपर्छ । पूरै डिजिटल गरेको खण्डमा आम्दानी/खर्चको रेकर्ड देखिने भएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतले सम्पत्तिको स्रोत खोजी गर्नै नपर्ने हुन्छ । सम्पूर्ण कारोबारको रकम तथा जागिरेको तलबको रेकर्ड रहन्छ । डिजिटल प्रणालीमा गएर पारदर्शी ढंगले अर्थतन्त्र चलाउनु पर्छ ।**

डा. बाबुराम भट्टराई र राजस्व सचिव म स्वयं) भएको हो । त्यसबेला तत्कालीन सरकार भन्सार नाकामा दस्तुर लगायतमा हुने भ्रष्टाचार रोक्न कठोरतापूर्वक प्रस्तुत भएका कारण सम्भव भएको हो । यसबाट कर्मचारी प्रशासनमा तलमाथि गर्न पाइँदैन भन्ने डर तथा उत्प्रेरणाका कारण भन्सारमा गलत कार्य रोकिएको थियो । त्यसबेला राम्रो प्रदर्शन गरेका कारण भन्सारका कर्मचारीलाई शतप्रतिशतसम्म प्रोत्साहन भत्ता दिइएको थियो । भन्सारमा हुन सक्ने चुहावटलाई रोक्न राज्य प्रणालीबाट प्रोत्साहित हुने रकम दिँदाको असर राजस्व संकलनमा पऱ्यो ।

न्यून बीजकीकरण अन्तर्राष्ट्रिय रूपमै देखिने समस्या हो । त्यसैले करको दरभन्दा दायरा विस्तारमा जोड दिने गरिएको हो । भन्सार नाकाबाट जाँचपास भइसकेपछि पनि पुनः परीक्षण गर्ने विधि अपनाइन्छ । बजार अनुगमनलाई प्रभावकारी बनाइन्छ । विगतमा निजी क्षेत्रलाई दिनुपर्ने सहुलियतमा कन्जुस्याइँ नगरी निजी क्षेत्रलाई विश्वासमा लिएर राज्य प्रणालीका सुविधाहरु सजिलै पाउने वातावरण बनाइएको थियो । तर, करमा तलमाथि गरिएको खण्डमा निर्ममतापूर्वक दण्डित गर्ने व्यवस्था कार्यान्वयन भएको थियो । त्यसैबेला वार्षिक २५ लाख रूपैयाँभन्दा बढी आम्दानी गरे विशेष कर लाग्ने व्यवस्था गरिएको हो ।

त्यसपछि सुरेन्द्र पाण्डे अर्थमन्त्री र म स्वयं राजस्व सचिव हुँदा २५ प्रतिशत राजस्व वृद्धि भएको थियो । पछिल्ला वर्षहरूमा राजस्व लक्ष्य पूरा नहुनुमा राजस्व असुलीमा छिद्रहरु देखिएको छ । आयकरको अधिकतम सीमा २५ प्रतिशत छ । यद्यपि बैंक, बिमा, चुरोट, रक्सी, कारोबार गर्नेलाई ३० प्रतिशत लाग्छ । व्यवसायीले पाउने सुविधामा कुनै कन्जुस्याइँ नगरी राजस्व चुहावट हुन नदिने प्रबन्ध गर्नुपर्छ किनभने नेपालको अर्थतन्त्र त्यति खराब पनि छैन, ठीकै छ ।

हाल रूस र युक्रेनबीच युद्ध भइरहेको छ । युद्धको असर नेपालमा समेत आउनसक्छ । चामल, गहुँ, तेलको बढी उत्पादन गर्ने मुलुकहरूमा रूस, युक्रेन नै पर्छन् । यस्ता वस्तुको बजारमा अभाव हुँदा मूल्यवृद्धि हुन्छ । मूल्य नियन्त्रण गर्न नेपालकै कृषि उत्पादन बढाउनुबाहेक अरु विकल्प छैन । कृषिको २० वर्षे योजना लागु गरिएको अवस्थामा कृषिलाई केन्द्रमा राखेर कृषिजन्य पदार्थमा आत्मनिर्भर हुने गरी अगाडि बढेको खण्डमा युक्रेन र रूसबीचको युद्धको प्रभावबाट जोगिन सक्छौँ । रूस, युक्रेन पेट्रोलियम पदार्थका समेत खानी भएकाले नेपालमा समेत पेट्रोल, डिजेलको मूल्य बढ्न सक्ने र महँगीको मारमा पर्ने सम्भावना रहन्छ ।

नेपालमा अहिले सरकारी तथ्यांकअनुसार दुई हजार नौ सय मेगावाट जलविद्युत् उत्पादन भइरहेको छ । चाँडै अर्को पाँच हजार मेगावाट विद्युत् थप्ने अवस्थामा छौं । भारत र बंगलादेशमा विद्युत् निकासी गर्न सम्झौता भइसकेको छ । अहिले नेपालका घर-घरमा प्रयोग भइरहेको एलपी ग्यासलाई विस्थापित गरी विद्युतीय चुलोको प्रयोगलाई बढाई खपत बढाउन सकिन्छ । घरघरमा अन्य विद्युतीय उपकरणहरु प्रयोग गर्न सकिन्छ । त्यस्तै, विद्युतीय गाडीका सन्दर्भमा विभिन्न अफवाह आएकाले त्यसको प्रयोग बढाउन सकिरहेको अवस्था छैन । विश्वका विकसित मुलुकहरूमा शतप्रतिशत विद्युतीय सवारीसाधन प्रयोग भइरहेका बेला नेपालमा भने अफवाह फैलाएर पेट्रोल, डिजेलकै गाडी बेच्ने गरिएको छ । राज्यले त्यस्तो अफवाहलाई चिर्न सक्नुपर्छ ।

२१औँ शताब्दीको युग भनेको डिजिटल युग भएकाले संसार नै डिजिटल प्रविधिमा अगाडि बढेको छ । अब सबै नेपालीले नोटको कारोबार नगरी डिजिटल कारोबार गर्ने अवस्था सिर्जना गर्नुपर्छ । अब विस्तारै राष्ट्र बैंकले नोट छाप्न बन्द गर्नुपर्छ । पूरै डिजिटल



**लगानी बोर्ड नेपाल पनि एक प्रकारको सुझाव दिन बनेको संस्था हो । बोर्डले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई खोजीसमेत गर्छ । बोर्डकै पहलमा बेलाबेलामा लगानी सम्मेलन गरी नेपालमा आकर्षित गर्ने प्रयास गरेको छ । हालसालै भएको लगानी सम्मेलनमा सातवटा त ऐन संशोधन गरिएको थियो ।**

गरेको खण्डमा आम्दानी/खर्चको रेकर्ड देखिने भएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतले सम्पत्तिको स्रोत खोजी गर्नै नपर्ने हुन्छ । सम्पूर्ण कारोबारको रकम तथा जागिरेको तलबको रेकर्ड रहन्छ । डिजिटल प्रणालीमा गएर पारदर्शी ढंगले अर्थतन्त्र चलाउनु पर्छ ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अर्थशास्त्र विभागले हालै सार्वजनिक गरेको मुद्रा माग विधिबाट गरेको एक अध्ययन प्रतिवेदनअनुसार अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा ४१.३१ प्रतिशत रहेको उल्लेख छ । यसले पनि देखाउँछ नेपालमा अझै ठुलो हिस्सा अनौपचारिक अर्थतन्त्र कारोबारको छ । निजी क्षेत्रले आफ्नो सम्पत्ति घोषणा गर्न दिन माग गरिरहेको छ । २०४८ सालमा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको कार्यकालमा सम्पत्तिसँग सम्बन्धित ऐन संसद्बाट पारित भए पनि आजसम्म नेपाल राजपत्रमा सूचना प्रकाशन भएको छैन । राजपत्रमा सूचना नआई ऐन कार्यान्वयन हुँदैन । कार्यान्वयनमा नआएको सम्पत्ति कर ऐनमा करिब ५० लाख सम्मको नगदमा सम्पत्ति कर नलाग्ने र करिब ५० लाखसम्म स्थिर सम्पत्तिमा पनि कर नलाग्ने उल्लेख छ । तर, ऐन लागु गर्न केही तयारी गर्नुपर्ने हुन्छ । सम्पत्ति घोषणा कसरी गराउने, सम्पत्ति घोषणा गर्दा असुरक्षा बढ्ने हो कि चिन्ता छ । सुरक्षा चुनौती समाधान गर्दै एकपटक सम्पत्ति घोषणा गरी कर तिर्न दिनुपर्छ ।

भारतमा नोटबन्दी गरी एक हजार र पाँच सयको नोट नचल्ने बनाइयो । नेपालमा पनि एक हजार र पाँच सयको नोट छाप्ने कार्य रोक्नुपर्छ किनकि सय/सयको नोट कसैले अवैध रूपमा एक करोड लिन खोजेको अवस्थामा समस्या हुन्छ । जति महँगो नोट बनाइन्छ, त्यति लुकाउन सजिलो हुन्छ । ठुला नोटले अपारदर्शी कारोबार र भ्रष्टाचारलाई बढावा दिइरहेको छ ।

मुलुक संघीयतामा गएको लामो समय भइसक्यो तर, अझै सम्पत्ति कर संघ, प्रदेश अथवा स्थानीय सरकार कसले उठाउने भन्ने विवाद कायमै छ । यस्तो बेला सम्पत्ति कर लगाए के हुन्छ ? सम्पत्ति राज्यको हुन्छ कि व्यक्तिको भन्ने प्रश्न छ ।

विकसित राज्यमा लामो अवधिका लागि जग्गा लिजमा दिने चलन छ । ९९ वर्षका लागि जग्गा लिजमा पाइन्छ, नेपालको जस्तो बाबुको जग्गाधनीपुर्जा छोरामा सर्ने, छोराको लालपुर्जा नातिकोमा सर्ने भन्ने हुँदैन । मानौं ती देशहरूमा कसैले चिया बगान चलाएको छ, उनी बिते वा उनको बगान बन्द भयो भने स्वतः त्यो जग्गा सरकारको हुन्छ । नेपालमा त निजीकरणका कुनै उद्योग चलायो र त्यस उद्योग बन्द भयो भने पनि जग्गा उसैको रहिरहने भन्ने विवाद भइराखेको छ । उदाहरणका लागि चोभारमा सिमेन्ट उद्योग खोल्न जग्गा अधिग्रहण गरियो । उद्योग बन्द भएपछि जनताले मुआब्जा फिर्ता गर्छौं, जग्गा फिर्ता गरिदेऊ भन्न थाले । यस्तो समस्याबाट बाहिर निस्कन, निश्चित प्रयोजनका लागि राज्यको जग्गा दिने र प्रयोजन सकिएपछि स्वतः राज्य प्रणालीमा आउने व्यवस्था लागु गर्नुपर्छ । डेनमार्क, फिनल्याड, नर्वेमा बाबुबाजेको सम्पत्ति छोरा-नातिले लिन चाहे भने सरकारलाई ६५ प्रतिशतसम्म कर तिरेपछि ३५ प्रतिशत सम्पत्ति उनीहरूकोमा जान्छ । त्यसैले कोही पनि झन्झटमा फस्न चाहँदैनन् ।

ग्रिसमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को १६ प्रतिशत सामाजिक सुरक्षा भत्ता दिइन्छ । इटालीमा कुल जीडीपीको १४ प्रतिशत खर्च भइरहेको छ । भारतमै पनि जीडीपीको ४ प्रतिशत खर्च भएको छ । नेपालमा जीडीपीको २ प्रतिशत खर्च हुन्छ । तैपनि नेपालका अर्थशास्त्रीहरू ज्येष्ठ नागरिकलाई मासिक ४/४ हजार रूपैयाँ भत्ता दिइराख्ने हो भने मुलुक टाट पल्टिन्छ भनेर वकालत गरिरहेका छन् ।

### समस्यासँगै अनेकौं सम्भावना

नेपालको अर्थतन्त्रको पहिलो समस्या पुँजीगत खर्च नहुने हो । निजी क्षेत्र उद्योगमा लगानी गर्न उत्सुक नहुनु दोस्रो समस्या हो । त्यस्तै विदेशी लगानी (एफडीआई) नआउनु अर्को समस्या हो । चौथो कृषि उत्पादनको उद्योगहरू खोल्न सकिएको छैन । कृषि उत्पादनको ग्रेडिङ, प्याकेजिङ, प्रोसेसिङ हुन सकेन भने जडीबुटी, लालीगुराँस, बयर, छहरा आदि जस्ता कच्चा पदार्थहरूको सदुपयोगसमेत हुन सकेन ।

नेपालसँग युरोनियम छ । नवलपरासीको धौवादीमा फलाम खानी छ । ढुंगा, मार्बल खानी छन् । कालीगण्डकीमा काला पत्थरहरू छन्, चुनढुंगाको खानीहरू छन् । तर, खनिजजन्य पदार्थहरू प्रयोगमा आउन सकेको छैन अर्थात् सदुपयोग भएको छैन । पुँजीगत खर्च बढाउन जग्गा प्राप्तिलाई सहज बनाउनुपर्छ । पुल, सडक, भवनलगायत पूर्वाधार बनाउन जग्गा प्राप्त गर्न निकै कठिन हुन्छ । जग्गा सरकारले किन्नै पर्छ भन्ने नीति छ, त्यो अत्यन्तै कठिन भयो ।

त्यस्तै, निर्माण सामग्रीको सहज आपूर्ति नहुनु अर्को समस्या हो । निर्माण सामग्री खोलाबाट निकाले खोलाले नै बस्ती बगाउँछ भन्ने, डाँडाबाट भत्काए पूरै पहाडै सिध्यायो भन्ने तर, करोडौं रूपैयाँ बराबरको ढुंगा-गिट्टी भारतमा बगेर गइरहेको छ । निर्माण सामग्री प्रयोगमा नजरअन्दाज गर्‍यौं तर, नीति बनाएनौं ।

अहिले नेपालको कुल क्षेत्रफलको करिब ४७ प्रतिशत जमिन जंगलले ढाकेको छ । कार्बनबापत विश्व बैंकबाट अर्बौं रूपैयाँ नेपालले

पाउने अवस्था छ । तर, वातावरण प्रभाव मूल्यांकन भनेर जंगलमा प्रवेश निषेध गरिएको छ । वातावरण प्रभाव मूल्यांकनका नाममा विकास निर्माण प्रक्रियालाई लम्ब्याइएको छ । लगानीकर्तालाई निरूत्साहित बनाइएको छ । विद्युत् प्रशारण लाइन जंगल भित्रैबाट ल्याउनुपर्ने हुन्छ भने जलविद्युत्को स्रोत पानी पनि जंगल भित्रैबाट प्राप्त हुन्छ । बाटो पनि जंगलको बीचबाटै निकाल्नुपर्छ । जंगलका नाममा भएका ढिलासुस्ती अन्त्य गरी लगानीयोग्य वातावरण बनाउन जरूरी छ ।

अहिले ठेकेदारहरूसँग काम गर्ने मजदुरहरु छैनन् । त्यसैले विदेशिएका युवाहरूलाई स्वदेश फिर्ता ल्याउनुपर्ने देखिन्छ । नेपाली खेतहरूमा धान रोप्न र काट्न पनि भारतबाट मानिसहरु आइहेको अवस्था छ । पुँजीगत बजेट खर्चको सम्बन्धमा राष्ट्रिय योजना आयोगले समस्याहरु केलाएर समाधानको उपाय पनि सुझाएको छ । साउनबाट सुरू गरेर असारमा सकिने आर्थिक वर्ष नै मिलेन । नेपालले वि.सं. को पात्रो प्रयोग गरेकाले आर्थिक वर्ष पनि वैशाखबाट सुरू गरेर चैतमा अन्त्य गर्ने व्यवस्था गर्नुपर्छ । आर्थिक वर्षको अन्त्यमा बढी बजेट खर्च गर्नुपर्ने अवस्थाका कारण समस्या भएको छ ।

नेपालले खुला अर्थतन्त्र अवलम्बन गरिरहेको छ । खुला अर्थतन्त्रबाट फर्कर नियन्त्रणात्मक व्यवस्थामा फर्किन नसक्ने भएकाले निजी क्षेत्रलाई विश्वासमा लिएर अघि बढ्दा अथाह सम्भावना छ । निजी क्षेत्रलाई औद्योगिक व्यवसाय ऐनबाट कैयौं सुविधा दिइएको छ । ५०० जनालाई रोजगारी दिएको खण्डमा ५० प्रतिशत आयकरमा छुट पाउँछन् । त्यस ऐनमा ७ पेज निजी क्षेत्रलाई दिएको सुविधा उल्लेख गर्नमै सकिएको छ तर, दिइएका सुविधा कार्यान्वयनमा चुकिएको छ ।

नेपालमा अहिलेसम्म निजी क्षेत्रले सडक बनाएर 'टोल ट्याक्स' उठाएको छैन । काठमाडौं जस्तो ठाउँमा निजी क्षेत्रले पार्किङस्थल बनाएर पार्किङ शुल्क लिएको छैन । निजी क्षेत्रले फोहोर व्यवस्थापन गरेको खण्डमा उपयुक्त हुन्छ । काठमाडौंमा माथि गुड्ने रेल पनि बनाउन सकिन्छ । निजी क्षेत्रले नवीन क्षेत्रमा लगानी गर्न नआएको हुँदा उत्प्रेरित गर्नुपर्ने आवश्यकता छ । जडीबुटी तथा खानीको विकासका लागि एफडीआई ल्याउनुपर्छ । हामी विश्वग्राम (ग्लोबल भिलेज) मा गइसकेको र अर्थतन्त्र खुला नीतिमा गएको हुनाले फराकिलो मानसिकता बनाउनुपर्ने हुन्छ । कुनै क्षेत्र निजी क्षेत्रले दिँदा खाइदिन्छ कि भन्ने भावना लिएर द्विविधाजनक अवस्थाबाट हिँडेर अर्थतन्त्रलाई अपेक्षाकृत रूपमा अघि बढाउन सकिँदैन ।

सरकारले समय-समयमा विद्यमान समस्या समाधान गर्न आयोग तथा समितिहरु बनाउने गरेको छ । २०४६ को जनआन्दोलनपछि खुला नीति अवलम्बन गरिसकेपछि योजना आयोगले निजीकरणबाट कसरी हित हुन्छ भनेर अध्ययन गरी निजी क्षेत्रको वातावरणलाई सहज बनाउन प्रयास भएको थियो । त्यसबेला आर्थिक वृद्धि ८ प्रतिशतसम्म पुगेको थियो र २ अंकको आर्थिक वृद्धिदर भन्ने बहस सुरू भएको थियो ।

चीनले असाध्यै राम्रो नीति हुँदा पनि ७/८ प्रतिशतभन्दा धेरै आर्थिक वृद्धि गर्न सकेको छैन । भारतको अत्यन्तै तीव्र गतिमा जाँदा पनि ६/७ प्रतिशत मात्रै छ । उदियमान अर्थतन्त्र भएका सिंगापुर, हङकङ, मलेसिया, कम्बोडिया, भियतनामजस्तो देशले भने १०/११ प्रतिशतको वृद्धि सम्भव बनाएका छन् । युरोपमै १.५/२ प्रतिशतभन्दा बढी छैन । नेपालमा ४/५ प्रतिशत मात्रै आर्थिक वृद्धि छ । विकासको क्षेत्र पहिल्याएर ५/६ प्रतिशतको दिगो आर्थिक वृद्धि हासिल गर्न सकिए पनि राम्रै हो ।

### अर्थतन्त्र सुधारका लागि आयोग

पूर्वअर्थसचिव तथा पूर्वमन्त्री विद्याधर मल्लिकको संयोजकत्वले राजस्वसम्बन्धी सुझावहरु दिएको छ । पूर्वअर्थसचिव रामेश्वर खनालको नेतृत्वमा बनेको समितिले मुलुकको अर्थतन्त्र सुधारका लागि चाल्नुपर्ने कदमसहित सुझाव चाँडै पेस गर्ला । हरेक वर्ष बजेट तयारीका क्रममा सरकारको राजस्व परामर्श समितिले सुझाव दिन्छ । सरकारले पनि समय-समयमा सुझाव माग गर्छ । राष्ट्र बैंकले पनि मौद्रिक नीति ल्याउँछ । समितिहरूले उचित नै सुझाव दिएका हुन्छन् । राष्ट्रिय योजना आयोग तथा नीति अनुसन्धान प्रतिष्ठानले पनि सरकारलाई विभिन्न किसिमको सुझाव दिइरहन्छ । सबैले उचित सुझाव दिएको भए पनि कार्यान्वयमा भने समस्या देखिन्छ ।

डा. डिल्लीराज खनाललाई संयोजक बनाउँदा डिल्ली खनालकै जस्तो सरकार थियो । विद्याधर मल्लिकलाई संयोजक बनाउँदा विद्याधर मल्लिक प्रकारको सरकार थियो । रामेश्वर खनाललाई संयोजक बनाउँदा रामेश्वर खनाल प्रकारको सरकार छ । तर, सुझाव कार्यान्वयन भइरहेको छैन ।

राजनीतिक आग्रह, पूर्वाग्रहबाट प्रेरित आयोग बनाएर अर्थतन्त्रको मूल समस्या समाधान हुन सक्दैन । छिमेकी चीनले एक प्रकारले अर्थतन्त्रलाई अगाडि बढाएको छ । भारतले अर्को किसिमले अर्थतन्त्रलाई अगाडि बढाएको छ । अमेरिका, क्यानडा, युरोपले अर्को प्रकारले अर्थतन्त्रलाई अगाडि बढाएका छन् भने जापान, कोरिया अर्कै ढंगबाट अघि बढेका छन् । मुलुकको अवस्थाअनुसार अर्थतन्त्र सञ्चालन गर्नुपर्ने हुन्छ ।

लगानी बोर्ड नेपाल पनि एक प्रकारको सुझाव दिन बनेको संस्था हो । बोर्डले अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई खोजीसमेत गर्छ । बोर्डकै पहलमा बेलाबेलामा लगानी सम्मेलन गरी नेपालमा आकर्षित गर्ने प्रयास गरेको छ । हालसालै भएको लगानी सम्मेलनमा सातवटा त ऐन संशोधन गरिएको थियो । तर, नेपालमा आशातित् लगानी नआएकाले सम्मेलनमा गरेको खर्च फजुल भएजस्तो देखियो ।

दोस्रो- आयोगहरूले दिने सुझाव अत्यन्तै आदर्शवादी हुने गरेको छ । ठीक कुरा अगाडि बढाउनुपर्छ, बेठीक कुरा नियन्त्रण गर्नुपर्छ भन्छ । समस्या भनेको बेठीक कुरा नियन्त्रण गर्नेबित्तिकै केही मान्छेलाई प्रभाव पर्छ । उनीहरूले पहुँच पुर्‍याएर नियन्त्रण गर्न दिँदैनन् । नेपालमा न्यून बीजकीकरण भइरहेको छ, त्यसलाई रोक्न आयोगले सुझाव दिन्छ । तर, न्यून बिजकीकरण गर्न पल्केकाहरूलाई बाधा पर्न जान्छ र सुझाव कार्यान्वयमा समस्या आउँछ ।

बैंकहरूले घरजग्गाजस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्नु हुँदैन भन्नेबित्तिकै केही बैंक तथा वित्तीय संस्थाहरु चलाउने त दलाली गर्ने मान्छेहरु नै रहेको देखिन्छ । यस्तै कारण सहकारीलगायत केही बैंक तथा वित्तीय संस्थाहरु समस्यामा परेका छन् । सुझावहरु आदर्शका रूपमा आउँछ र कार्यान्वयन गर्दा केही प्रतिष्ठानहरूलाई असर गर्छ । राम्रो कुरा प्रयोग गर्न नदिने एउटा समस्या हो भने एउटा सरकारले बनाएको नीति अर्को सरकारले कार्यान्वयन नगर्ने अर्को समस्या हो । त्यसो गरिँदासम्म नेपालको अर्थतन्त्र अन्योलको भुमरीमा रूमलिरहन्छ ।

*(बास्कोटा अर्थ मन्त्रालयका पूर्वसचिव हुन्)*

अहिले ठेकेदारहरूसँग काम गर्ने मजदुरहरु छैनन् । त्यसैले विदेशिएका युवाहरूलाई स्वदेश फिर्ता ल्याउनुपर्ने देखिन्छ । नेपाली खेतहरूमा धान रोप्न र काट्न पनि भारतबाट मानिसहरु आइहेको अवस्था छ । पुँजीगत बजेट खर्चको सम्बन्धमा राष्ट्रिय योजना आयोगले समस्याहरू केलाएर समाधानको उपाय पनि सुझाएको छ । साउनबाट सुरु गरेर असारमा सकिने आर्थिक वर्ष नै मिलेन ।

# स्रोतमा मुठ्ठी बाँधेर वित्तीय संघीयताको परिकल्पना साकार हुँदैन

बजेट, नीति तथा कार्यक्रम पहिल्यै बनाउनुको उद्देश्य कार्यक्रमहरू नजुधोस् भनेर हो । संघले गर्ने के–के हो ? प्रदेशले गर्नुपर्ने के–के हो ? स्थानीय सरकारले के–के गर्ने हो व्यवहारिक रूपमा स्पष्ट छैन ।



गोपी हमाल

वित्तीय संघीयताले तहगत सरकारको आर्थिक निर्णयसँग सरोकार राख्ने गर्छ । बृहत् अर्थमा वित्तीय संघीयता भनेको सरकारको वित्तीय सशक्तीकरणका माध्यमबाट हुने आमनागरिकको आर्थिक सशक्तीकरण पनि हो । वित्तीय संघीयताले राजस्व स्रोत उठाउने, उठेको राजस्व स्रोत खर्च गर्ने र त्यससम्बन्धी प्रशासन तथा नियमन गर्नेजस्ता वित्तीय शक्ति र जिम्मेवारीको दुई वा दुईभन्दा बढी तहका सरकारबीच बाँडफाँट गर्छ ।

नेपालको सन्दर्भमा वित्तीय शक्ति र जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच बाँडफाँट गरी आमनागरिकको आर्थिक सशक्तीकरणलाई वित्तीय संघीयता भनेर बुझ्नुपर्छ । नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ ले वित्तीय संघीयता व्यवस्थापनका अधिकांश विषयलाई संरचनागत रूपमा व्यवस्थापन गरेको छ । ( नेपालमा वित्तीय संघीयता अवधारणा र अभ्यास, नेपाल सरकार २०७८)

संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार प्रत्येक वर्ष आगामी वर्षको बजेट जेठ १५ गते केन्द्रले, असार १ गते प्रदेश र असार १० गतेभित्र स्थानीय तहले ल्याइसक्नुपर्छ । संघ र प्रदेश सरकारले दिने समानीकरण अनुदान बजेटमै तोकेको हुन्छ । पालिकाहरूले पनि त्यसैअनुसार बजेटमा समावेश गर्छन् । कार्यक्रम पनि आइसकेको हुन्छ । तर, पछि अनुदान रकम दिँदा घटाएर वा काटेर पठाउने गरिन्छ । यसले योजना कार्यान्वयन गर्न पैसा नपुग्दा पालिकाहरु ठुलो समस्यामा पर्ने गरेका छन् ।

बजेट, नीति तथा कार्यक्रम पहिल्यै बनाउनुको उद्देश्य कार्यक्रमहरु नजुधोस् भनेर हो । संघले गर्ने के–के हो ? प्रदेशले गर्नुपर्ने के–के हो ? स्थानीय सरकारले के–के गर्ने हो व्यवहारिक रूपमा स्पष्ट छैन । ५० लाखको योजना मात्रै पठाउनुपर्ने केन्द्र सरकारले दुई लाखको योजना पनि पठाउँछ । प्रदेशले त्यही गर्छ । सामान्यतः प्रदेश सरकारले २५ लाखभन्दा तलका योजना स्थानीय तहमा नपठाउनुपर्ने हो तर, ५ लाख, २ लाख, डेढ लाखसम्मका योजना पठाउँछ । अझ एउटै विषयमा विभिन्न योजना पठाउने गर्छ । यसले प्राथमिकता के हो भन्ने प्रश्न उब्जिन्छ ?

समन्वय, सहकार्य र सहअस्तित्वको कतै तालमेल छैन । प्रदेशले आफ्नै तालले बजेट, कार्यक्रम, नीति बनाउँछ । स्थानीय तहलाई रद्दीको टोकरीमा फालिदिन्छ । केन्द्रले त्यही हिसाबले काम गर्छ । पालिकाहरूले आफ्नो प्राथमिकता पहिचान गरेका हुन्छन् । तर, संघ र प्रदेशलाई योजनाको प्राथमिकतासँगै कुनै मतलब छैन । वास्तवमा स्थानीय आयोजनाहरूको प्राथमिकीकरण स्थानीय सरकारले नै गर्ने हो । आमजनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर काम गर्ने भएकाले स्थानीय सरकारले नै विकासका कामको प्रभावकारी कार्यान्वयन गर्न सक्छ ।

चालु वर्षको एउटा उदाहरण हेरौं, धनगढीमा साढे ६ करोड रूपैयाँका २३ वटा योजना आयो । तर, पालिकाको प्राथमिकतामा रहेका योजना निकै कम थिए । पालिकाको प्राथमिकतामा परेका योजनामा 'म्याचिङ फन्ड' हाल्दा स्थानीय सरकारलाई पनि आनन्द आउँछ । पालिकाको प्राथमिकताभन्दा नेता, मन्त्रीको प्राथमिकता र राजनीतिक पार्टीको पहुँचका मान्छेको प्राथमिकताको योजना आउँछ । यस्तो अवस्थामा सिफारिस नदिउँ भने धनगढीमै बन्न लागेको हुन्छ, सार्वसाधारणले आक्रमण (पब्लिकले अट्याक) गर्छन् । बनाउँ भन्दा प्राथमिकता भित्रको योजना होइन । यस्ता समस्याले नतिजा देखिएन । धनगढीको भागमा एउटा पुल परेको छ भने त्यो कहाँ बनाउने भन्ने औचित्य पुष्टि गर्न सक्नुपर्छ । त्यसका लागि समय आवश्यक हुन्छ । सम्बन्धित ठाउँमा पुल बनाउने योजना किन छानिएको भन्ने कारण दिनुपर्दैन ? दिनमा कति चारपांग्रे, दुईपांग्रे,

भारी सवारीसाधन आवतजावत गर्छन् ? कति मान्छेले प्रयोग गर्छन् ? भविष्यमा सम्बन्धित क्षेत्रको सम्भावना कस्तो छ भन्नेजस्ता विषयमा पालिकाले औचित्य गर्नुपर्छ । त्यो पालिकाको दायित्व पनि हो । तर, पालिकाको चौथो प्राथमिकतामा समेत नरहेका योजनाहरु संघ र प्रदेशबाट आउँदा जुन किसिमको प्रगति देखिनुपर्ने हो, त्यो देखिन पाएको छैन । राजस्व बाँडफाँटमा मात्रै होइन, योजना वितरणमा पनि समस्या छ । काम बाँडफाँटको तालमेल कतै मिलेको छैन । त्यसकारण जनतामा निराशा बढेको छ ।

त्यसो त धनगढीले नीतिगत निर्णय गरेर यस्ता कार्यक्रम चलाउन बन्द गरेको छ । संघ र प्रदेशबाट आउने अधिकांश कार्यक्रम उपभोक्ता समितिमार्फत गरिने हुन्छन् । पछिल्लो समय उपभोक्ता समिति भ्रष्टाचार सिकाउने पाठशाला बन्दै गएको छ । उपभोक्ता समितिको नाममा असल नागरिक होइन, भ्रष्टाचारी जनता बनाइरहेको स्थिति छ । अहिलेको व्यवस्थाले कार्यकर्तासम्म बजेट कसरी पठाउने भन्नेमा जोड दिएको छ । स-सानो टुक्रा बनाएर उपभोक्ता समितिलाई योजना कार्यान्वयन गर्न दिने परिपाटी विकासभन्दा बढी कार्यकर्ता पोस्न सक्रिय भइरहेको छ । उपभोक्ता समिति भनेको गाउँको मानिस सबै लागेर श्रमदान गर्छन् भने ठीकै हो, गाउँको पैसा गाउँमै जान्छ, केही रोजगारी सिर्जना हुन्छ । तर, त्यही समिति सरकारको पैसा मिलाएर खान प्रयोग हुन्छ भने त्यसले मुलुकको विकासमा कहाँनिर सहयोग गर्ला ? स्थानीय सरकारले खेपेको सबैभन्दा ठुलो समस्या भनेको संघीय योजना, प्रादेशिक योजना पालिकाको प्राथमिकीकरणअनुसार छनोट हुँदैन । स्थानीय तहलाई पैसासँगै योजना अभाव पनि छ । स्थानीय तहले पुल बनाउन सक्दैन, ठुला-ठुला योजना संघ र प्रदेशले नै बनाउने हो तर, प्राथमिकीकरण पालिकाले गर्न पाउनुपर्छ भन्ने हो ।

राजस्व बाँडफाँडमार्फत मालपोतबाट रजिस्ट्रेसनको पैसा ढिलो भए पनि आउँछ, आइरहेको छ । राजस्व बाँडफाँडमा वनको रोयल्टी स्थानीय तहले पनि पाउने व्यवस्था छ । तर, धनगढी उपमहानगरपालिकाले अहिलेसम्म वनको रोयल्टी पाउन सकेको छैन भन्नलाई मुलुक संघीयतामा गएको भनिए पनि यथार्थमा संघीयता लागु भएको छैन । सबै अधिकार केन्द्रमै लगेर राखिएको छ । संघमा अधिकार चलाएकाहरूले छोड्न नचाहने, दिन नचाहने अवस्था छ । यद्यपि अधिकांश विभाग, कार्यालय स्थानीय सरकारअन्तर्गत ल्याएर फालिएको छ । माध्यामिक तहसम्मको शिक्षा, कृषि, स्वास्थ्य, सहकारी, उद्योग सबै क्षेत्र स्थानीय तहको अधिकारभित्र राखिएको छ । तर, स्रोत जति सबै संघमै मुठ्ठी कसेर राखिएको छ ।

काम जति सबै स्थानीय तहको टाउकोमा हालेपछि स्रोत पनि दिनुपर्छ । ७ वर्षको अभ्यासबाट पालिकाको मागअनुसार पैसा वा योजना दिएको खण्डमा मात्रै सही अर्थमा संघीयताको कार्यान्वयन हुन्छ । तर, अवस्था त्यस्तो छैन, राजस्व बाँडफाँडको हिस्सेदारीसमेत मिलेको छैन । ६० प्रतिशत केन्द्रले राख्छ, ४० प्रतिशत प्रदेश र स्थानीय तहले बाँड्नुपर्छ । यस्तो अवस्थामा स्थानीय तहले कति राजस्व पाउने र विकास निर्माणको काम अघि बढाउने ? यस्तो अवस्थामा ६० प्रतिशत संघीय बजेट स्थानीय तहको प्राथमिकीकरणमा सहभागी भइदिएन भने स्थानीय सरकारले केही गर्न सक्ने सम्भावना रहँदैन ।

आन्तरिक आय वृद्धि गर्न आर्थिक क्रियाकलाप बढ्नुपर्छ । धनगढी नगरपालिकामा तीनवटा (बेलादेवीपुर, उर्मा र फूलबारी) गाउँपालिका गाभेर उपमहानगर बनाइयो । भूगोल भयो २६१.७५ वर्ग किलोमिटर । गाउँपालिका पछि, नगरउन्मुख गाउँपालिका हुन्छ, त्यसपछि नगरपालिका बन्छ, अनि बल्ल उपमहानगरपालिका बनाउनुपर्ने हो । तर, धनगढीका हकमा त्यस्तो भएन । गाउँ नै गाउँ भएको क्षेत्र गाभेर क्षेत्रफल ठुलो बनाएर उपमहानगर बनाइयो । गाउँमा के हुन्छ र आम्दानी ? एउटा वडाबाट वर्षको पाँच लाख रूपैयाँजति आम्दानी हुन्छ । पाँचवटा वडा कमाउने छ, अरु १४ वडा खर्च गर्ने मात्रै छ । त्यहाँ बत्ती, पानी, ग्राभेल सडकजस्ता आधारभूत आवश्यकतासमेत पूर्ति भएको छैन । यस्ता ठाउँको विकासका लागि पूर्वाधारमा लगानी हुनुपर्ने हो तर, लगानी नहुँदा नगरवासी असन्तुष्ट हुँदै गएका छन् । उपमहानगरवासी भन्नलाई भयो, सडकमा खाल्डो हुन्छ, नगरपालिकाले खाल्डोमा ग्राभेल हाल्न पाएको हुँदैन । नगरवासीले खाल्डोको फोटो खिचेर हामी त धनगढी उपमहानगरपालिकावासी भन्न लाज लाग्यो भनेर सामाजिक सञ्जालमा हाल्छन् । त्यसकारण राजनीतिक निर्णयमै त्रुटि देखिएको छ । बजारमा १० वटा पसल नभएको ठाउँ पनि नगरपालिका भनिएको छ । नगर भनेको त सहर हो, त्यसैले नगरको झल्को दिने केही त हुनुपर्छ नि ।

| विवरण/ आर्थिक वर्ष | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | | | | | |
| समानीकरण अनुदान | २९५१५७७५० | २९०२००००० | ३१४८००००० | ३०६४००००० | २६४३०६००० |
| शसर्त अनुदान | ४७४८९४८९३ | ५७९५६३०८७ | ५४७२१८२०९ | ६१८१४००५६ | ५४१३१९४७७ |
| विशेष अनुदान | | ७२७९७७९ | १८१४८१६१ | १५७९५८०७ | २९३०८५९८ |
| सममूरक अनुदान | ३५०९९६९४ | ४६११२५६३ | १०५५१९२८ | २५६९९८३७ | ७५००००० |
| **प्रदेश सरकार** | | | | | |
| समानीकरण अनुदान | ९२८२००० | ९५२६००० | २३०६८००० | २४३४५००० | २५७१२००० |
| शसर्त अनुदान | १३३४७५३० | १०२१८२१० | २५१८०३७० | | १३४२५९९१ |
| विशेष अनुदान | ९०७०९५५ | ८९०११८७ | ७४३७७१४ | १४३९८३० | ४२८३२२४ |
| सममूरक अनुदान | २९४५६१०९ | २६४८०३२९ | २३७२३०७० | १७८७२२७ | १४८७२५५२ |
| **राजस्व बाँडफाँड** | | | | | |
| घरजग्गा रजिस्ट्रेसन दस्तुर | ११९५२२०१४ | २०५९९२६६२ | २३९१०२७८९ | १७८१२०१०२ | १५५३७७५१६ |
| राजस्व बाँडफाँड संघीय सरकार | १४९५२५४९७ | १४१३७९४८५ | २१७१९३६४५ | १६२२०७८६२ | १८६५२३८६५ |
| राजस्व बाँडफाड प्रदेश सरकार | १६८७४३५९ | १६२८८०७४ | १२४३७४७३३ | १४५६२५८४ | १४५७३६०३ |
| आन्तरिक आय | १४५४७३२७२ | २०००६०२४६ | २२१९२२५२० | २७९२४७६५० | ३३६१४८६६० |

राजस्व तब सम्भव हुन्छ, जब विकास हुन्छ । विकास भएपछि व्यापार हुन्छ, पैसा आउँछ । गाउँमा कसरी आम्दानी हुन्छ । धनगढीमा पनि आन्तरिक आम्दानी बढाउने स्रोत कम छ, गाउँ धेरै छ । अधिकांश मानिस आ-आफ्नो घरमा बसेका छन्, घर बहाल कर उठ्ने कुरै भएन । राजस्वका लागि बजारीकरण हुनुपर्छ । आर्थिक क्रियाकलाप बढेपछि मानिसहरु आउँछन्, डेरामा बस्ने, सटर बनाउने, भाडामा दिने हुन्छ । आन्तरिक राजस्व कार्यालयले स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने घरबहाल कर उठाइरहेको छ । नउठाउ भनेर पालिकाले झगडा गरेको छैन नि, नगरपालिकाको क्षेत्राधिकर पर्छ, उता जाउसम्म भन्न त सकिन्छ नि । तर, त्यति पनि गरेको पाइँदैन ।

धनगढीको बजेट २७ करोड रूपैयाँ पुगेको छ । यति बेजेटले के-के मात्र गर्न सकिएला ? शिक्षा, स्वास्थ्य, कृषि, सहकारी, उद्योग, महिला उत्थानको काम त्यही बजेटले गर्नुपर्छ । टुक्रा-टुक्रा बाँड्दा त लाखमा आउँछ र त्यसको प्रभाव कहीँकतै देखिँदैन । कम्तिमा पालिकको कामसँग म्याचिङ हुने बजेट चाहिन्छ । बजेट बरू केन्द्रले नै बनाओस्, केन्द्रले नै बजेट देओस्, केन्द्रले नै टेन्डर गरोस् समस्या भएन तर, पालिकाको माग अनुसारको योजना हुनुपर्छ । यसले मात्रै नतिजामुखी काम हुन सक्छ । पालिकको आवश्यकताअनुसार पैसा चलाउन दिएको स्थितिमा मात्र वास्तविक स्थानीयताको कदर हुन्छ । तर, संघ र प्रदेशले आफ्नो योजना हालेर पठाउँछन् र काम गर भन्छन्, अहिलेको मुख्य समस्या नै यही हो । जसरी हुन्छ हामीले छनोट गरेको योजना कार्यान्वयनमा आउनुपर्छ । माथिबाट छनोट गरेर पठाउने अनि पछि सिफारिस माग्ने बाध्यात्मक स्थिति सिर्जना गर्न भएन । स्थानीय सरकार आफ्ना पालिकालाई आफ्नो प्राथमिकताअनुसार विकास गर्न चाहन्छ । त्यसैका लागि जनताले अमूल्य मत दिएर पालिकाको नेतृत्व गर्न पठाएका हुन् ।

*(हमाल धनगढी उपमहानगरपालिकाका मेयर हुन्)*

# वित्तीय संघीयता र स्थानीय सरकार

वित्त आयोगले संविधान र संघीयताको प्रावधानबमोजिम भन्दा पनि भाग लगाइएको रकमलाई निश्चित सूत्रका आधारमा सिफारिस गर्ने गरेको छ । यसबाट समग्र वित्तीय संघीयता कार्यान्वयन नहुने मात्र नभई स्थानीय प्रदेश सरकार प्रभावकारी नभएको र संघीय व्यवस्थामै प्रश्न उठ्न थालेकोप्रति सबै सचेत हुनुपरेको छ ।



कलानिधि देवकोटा

नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक मूल संरचना संघ, प्रदेश र स्थानीय तहको हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारले गर्ने व्यवस्था गरेको छ । संविधानबमोजिम तहगत सरकार एक-अर्काका परिपूरक हुन्, मातहत होइनन् ।

यो यथार्थलाई सबै सरोकारवालाहरूले आत्मसात् गर्नुपर्छ । संविधानमा व्यवस्था गरिएको तीनै तहका सरकारले क्रमशः संघलाई ३५, प्रदेशलाई २१ र स्थानीय सरकारलाई २२ वटा एकल अधिकार प्रदान गरेको छ । आवश्यकताअनुसार कानुन बनाई कार्यान्वयन गर्ने तहगत सरकारको जिम्मेवारी पनि हो । तीनै तहको भूगोल एउटै र शासन गर्ने जनता पनि उनै हुन् । संघीयता कार्यान्वयनका लागि आधारभूत कुरामा सबैको बुझाइमा एकरूपता हुन जरूरी छ ।

संघीय व्यवस्थामा तहगत सरकारहरूको सफलता र विफलता राजनीतिक व्यवस्थाका आतिरिक्त वित्तीय संघीयताको कार्यान्वयन र कर्मचारीको परिचालनमा निर्भर हुन्छ । नेपालमा संविधान जारी भइसकेपछि तीनै तहका सरकारमा समुचित स्रोत परिचालन र कर्मचारीको व्यवस्थापन पहिलो आवश्यकता थियो । यसका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन-२०७४ आए पनि संविधानको मर्मअनुसारको व्यवस्था आउन सकेन । यस ऐनले संघ सरकारको हातमा डाडुपन्यु राखी स्थानीय र प्रदेश सरकारहरु हात थाप्नेजस्तो बनाइयो । हालको समानीकरण अनुदानको वितरण प्रतिशत, बढ्दो ससर्त अनुदान, प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट, विशेष र समपूरक अनुदान दिने परिपाटी र कार्यविधिले नेपालमा अझै पनि वित्तीय संघीयता दयनीय अवस्थामा रहेको देखिन्छ । संविधानको मर्मविपरीत संघले अधिकार केन्द्रित गरी प्रदेश र स्थानीय सरकारलाई अधीनस्थ जस्तो बनाइएको छ ।

संघीय संरचनाबमोजिम कर्मचारी व्यवस्थापन गर्न संवैधानिक प्रावधानको अभ्यास गर्न कर्मचारी समायोजन ऐन, २०७५ बनाइयो । जसअनुसार निजामतीलगायत कर्मचारीहरु फाजिल अवस्थामा थिए । उनीहरु कुनै सेवा वा समूहअन्तर्गत थिएनन् । यसको मतलब उनीहरूलाई सरकारले जुनसुकै स्थान र तहमा व्यवस्थापन गर्न सक्नुपर्ने हो । समायोजन गर्दा कर्मचारीको मनोबल गिर्ने किसिमले गर्नु हुँदैनथ्यो भन्ने तर्क जति सही छ त्योभन्दा गम्भीर विषय त संविधानबमोजिम संघीयताको सही कार्यान्वयन आवश्यक हो । तर कर्मचारी समायोजन अत्यन्तै सतही र अविवेकी ढंगबाट मात्र होइन प्रशासनिक संघीयताको प्रतिकूल हुने गरी गरियो । जसले सदैव स्थानीय र प्रदेश सरकारलाई अक्षमजस्तो बनाइयो । यसैगरी विगतमा गरिएको असफल कर्मचारी समायोजन र नयाँ संविधान लागु भएको आठ वर्षसम्म पनि परित हुन नसकेको निजामती सेवा ऐनका कारण संघीयता कमजोर हुँदै गइरहेको छ ।

स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधि र विषय विज्ञहरूसँगका विभिन्न छलफल, अन्तर्क्रियाबाट प्राप्त सुझावका आधारमा नेपालमा वित्तीय संघीयता लागु गर्न निम्नबमोजिम काम गर्न आवश्यक छ ।

१) संविधानबमोजिम तहगत सरकारका एकल र साझा अधिकारका आधारमा वित्तीय हस्तान्तरण (राजस्व बाँडफाँट, रोयल्टी बाँडफाँट, समानीकरण अनुदान, ससर्त अनुदान, विशेष र समपूरक अनुदान) र खर्च आवश्यकताका आधारमा राष्ट्रिय मापदण्डबमोजिम खर्च नपुग्ने वा सेवा प्रवाहको न्यूनता पूर्ति गर्ने पक्ष ध्यान दिनुपर्छ ।

२) राजस्व सम्भाव्यता, उपयोग क्षमता र संकलन र दक्षतालाई दृष्टिगत गर्दै एकनासमा नभई वित्तीय सन्तुलनको पक्ष सम्बोधन गर्ने गरी अनुदान

**संविधानमा व्यवस्था गरिएको तीनै तहका सरकारले क्रमशः संघलाई ३५, प्रदेशलाई २१ र स्थानीय सरकारलाई २२ वटा एकल अधिकार प्रदान गरेको छ । आवश्यकताअनुसार कानुन बनाई कार्यान्वयन गर्ने तहगत सरकारको जिम्मेवारी पनि हो । तीनै तहको भूगोल एउटै र शासन गर्ने जनता पनि उनै हुन् । संघीयता कार्यान्वयनका लागि आधारभूत कुरामा सबैको बुझाइमा एकरूपता हुन जरुरी छ ।**



प्रवाहित गर्न आवश्यक छ । सबै अनुदानको उपयोगसम्बन्धी प्रत्येक सरकारले प्रतिवेदन दिनुपर्छ ।

३) संघीयताअनुरूप खासगरी वित्तीय संघीयताको कार्यान्वयन गर्दा संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई सरकारका रूपमा हेर्नुपर्‍यो । संघको समग्रताका दृष्टिबाट जाँदा वित्तीय पारदर्शिताको पाटो विश्लेषण गर्नुपर्छ ।

४) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संस्थागत विकास र यसका सिफारिस अझ बढी वैज्ञानिक र व्यवहारिक बनाउनुपर्छ ।

५) कार्यविधि र मापदण्डका आधारमा ७५३ स्थानीय सरकार र ७ प्रदेशको विश्लेषण गरी अनुदान पाउने र नपाउने छुट्याएर कार्यान्वयन गर्नु उपयुक्त हुन्छ ।

६) प्रदेश र स्थानीय सरकारका आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रम दृष्टिगत गरी विषयगत क्षेत्रसम्बन्धी अनुदानको व्यवस्था हुनुपर्ने ।

७) एउटै संस्था होइन विषयगत मन्त्रालयले अनुदान पद्धति स्थापित गर्नुपर्छ । समानता र विषयगत अनुदानको समन्वय अर्थ मन्त्रालले गर्ने गर्दा राम्रो हुन्छ ।

८) ससर्त अनुदानमा विषयगत क्षेत्र अनुदानको समन्वय र आबद्धता आवश्यक छ ।

९) अनुदान दिने विषयगत मन्त्रालयहरूले आ-आफ्नो विषय क्षेत्रमा अनुदानको प्रतिफल मूल्यांकन गर्नु उचित हुन्छ ।

### वित्तीय संघीयता कार्यान्वयनमा गर्नुपर्ने काम

- संघीय अर्थ मन्त्रालयले वितरण, लगानी, सेवा प्रवाह र प्रादेशिक तथा स्थानीय अर्थतन्त्रमा योगदान पुर्‍याउने विषय क्षेत्रहरु वर्गीकरण गर्ने ।
- वितरण गर्ने अनुदान सामाजिक सुरक्षाको नगद हस्तान्तरण जस्तै- विषयक्षेत्रगत मापदण्ड बनाई स्थानीय तहमार्फत वितरण गर्ने ।
- समपूरक र विशेष अनुदानसँग आबद्धता राखी कार्यान्वयन प्रतिवेदन र समीक्षा गर्ने, क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।
- एकिकृत तथ्यांकीय आधार/खाका बनाई ७५३ वटै स्थानीय सरकारको तथ्यांक समावेश र अद्यावधीकरण गर्ने ।
- अनुदान कार्यविधिमा जवाफदेही पद्धति समाहित गर्ने ।
- नीतिगत तथा कानुनी समस्यामा अनुदानसम्बन्धी एकीकृत राष्ट्रिय नीति भनिएको छ तर वित्तीय संघीयतामा तहगत सरकारलाई एउटै दृष्टिकोणबाट हेर्दै एकीकृत राष्ट्रिय नीतिले समानीकरणलाई टेवा पुर्‍याउने प्रस्ट देखिँदैन ।
- विभिन्न संघीय विषयगत मन्त्रालयहरु तथा प्रदेश सरकार एवं स्थानीय तहबाट अनुदान प्रदान गर्ने सम्बन्धमा जारी गरिएका कार्यविधि, निर्देशिका, मापदण्डको स्पष्ट कानुनी आधार नहुनु ।
- संघीय निकायहरूले वितरण गर्ने गरेको अनुदानले सेवाप्रवाह, लगानी प्रवर्धन, स्थानीय आर्थिक विकासमा सघाउ पुर्‍याएका छन्/छैनन् र वित्तीय स्वयत्ततामा के कस्तो प्रभाव परेको छ विश्लेषण हुनुपर्छ ।

संघीयता कार्यान्वयनको नौ वर्ष लाग्दा पनि वित्तीय संघीयताको अभ्यास स्थानीय सरकारले अझै गर्न पाएका छैनन् । उल्लिखित परिदृष्यमा वित्तीय संघीयताजस्तो आधारभूत कुरामा ध्यान नदिई स्थानीय सरकारले कसरी जवाफदेही र उत्तरदायी रूपमा प्रभावकारी सेवा प्रवाह गर्न सक्छन् यो गम्भीर प्रश्न छ । संविधानको धारा २३२ बमोजिम तहगत सरकारबीच हुनुपर्ने सहकारिता, सह-अस्तित्व र समन्वय कायम गरी समावेशिताका आधारमा नागरिकलाई सहज सेवाप्रवाह गर्न राजनीतिक इमानदारी आवश्यक छ । साथै कार्यान्वयन गर्न कर्मचारी संयन्त्रको उच्च मनोबल र सही परिचालन पनि आवश्यक छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग वित्तीय संघीयता कार्यान्वयन गर्न संविधानको धारा २५० बमोजिम गठन गरिएको स्वायत्त आयोग हो । यसको सिफारिस सरकारले पालना गर्नु जति जरूरी छ त्यति नै सिफारिसका आधार वैज्ञानिक, यथार्थ र तथ्यपरक हुन आवश्यक छ । त्यसैले यसमा नियुक्त हुने व्यक्तिको व्यावसायिक क्षमता र कार्यकुशलता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । नेपाल सरकार यस संवैधानिक आयोगको संस्थागत विकासका लागि गम्भीर हुनुपर्ने र आवश्यक पूर्वसर्तहरु पूरा गर्नुपर्छ ।

नेपाल नगरपालिका संघले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्थापनाकालदेखि नै आयोगसँग सहकार्य गर्दै आइरहेको छ । विशेषगरी रोयल्टी बाँडफाँट र अन्तरसरकार वित्त व्यवस्थापनका विविध क्षेत्रमा संघीय, प्रादेशिक र स्थानीय सरकारबीच संवाद गराई महत्त्वपूर्ण सुझावहरु दिने काम भइरहेको छ । नेपाल नगरपालिका संघले स्थानीय सरकारका पक्षमा समानुपातिक अनुदान कटौती नगर्न पटक-पटक गरेका वकालत र पैरवीहरूमा आयोगबाट ऐक्यबद्धता र सहयोग प्राप्त पनि भएको छ । यसर्थ संविधान र संघीयता कार्यान्वयनमा आयोगको इमानदारिता देखिन्छ । तर संविधानको मक्सदबमोजिम समग्र संघीय नेपालको वित्त व्यवस्थापनको जिम्मेवारी आयोगले वहन गर्न सकेको देखिँदैन । वित्त आयोगले संविधान र संघीयताको प्रावधानबमोजिम भन्दा पनि भाग लगाइएको रकमलाई निश्चित सूत्रका आधारमा सिफारिस गर्ने गरेको छ । यसबाट समग्र वित्तीय संघीयता कार्यान्वयन नहुने मात्र नभई स्थानीय प्रदेश सरकार प्रभावकारी नभएको र संघीय व्यवस्थामै प्रश्न उठ्न थालेकोप्रति सबै सचेत हुनुपरेको छ ।

*(देवकोटा नेपाल नगरपालिका संघका कार्यकारी निर्देशक हुन्)*

# नाफिज जर्नलका योगदानकर्ता


अमृत चिमरिया


निर्दोश घोरसाइने


अनुप आचार्य


प्रयाश श्रेष्ठ


अंकुश विष्ट


निरोजकुमार थापा


वसन्त अर्याल


रीता राउत


मिलन विक


विजय दमासे


सम्झना बरुवाल


परिवर्तन देवकोटा



शिव घिताल


सीआर भण्डारी


प्रकृति थापा


भीमा पन्थी



सुरेश बिडारी



सम्झना घिमिरे



शुक्र गिरी


अम्बिका शर्मा


समुन्द्रा घिमिरे


कृष्णराज गौतम


बलराम बुढाथोकी


अर्चना न्यौपाने

# नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का पुर्वअध्यक्षहरु


अमृत खरेल


शुकदेव चापागाई


प्रकाशचन्द्र सापकोटा

# नेपाल आर्थिक पत्रकार संघ (नाफिज) कार्यसमिति


**मोदनाथ ढकाल**
अध्यक्ष



**सिताराम भट्टराई**
निवर्तमान अध्यक्ष


**मेनुका कार्की**
उपाध्यक्ष


**परमेश्वर अधिकारी**
उपाध्यक्ष


**नवीन ढुंगाना**
महासचिव


**दीपक भट्ट**
सचिव


**दिलु कार्की**
कोषाध्यक्ष


**सबिना कार्की**
कार्य समिति सदस्य


**निकेश खत्री**
कार्य समिति सदस्य


**विजय पराजुली**
कार्य समिति सदस्य


**राजाराम न्यौपाने**
कार्य समिति सदस्य


**खेमराज श्रेष्ठ**
कार्य समिति सदस्य


**शम्भुराज रेग्मी**
कार्य समिति सदस्य

# नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का सदस्यहरु

| क्र.स | नाम | कार्यरत संस्था | मोबाइल नम्बर | सम्पर्क ई-मेल |
|---|---|---|---|---|
| १ | अच्युत पौडेल | एपीवान टेलिभिजन | ९८५१०७४९७४ | achyootp@gmail.com |
| २ | अंकुश बिष्ट | लोकान्तर डटकम | ९७४५६५४३४६ | ankushbist2058@gmail.com |
| ३ | अजित कुमार अधिकारी | नयाँ पत्रिका दैनिक | ९८४९७१९९३७ | news.ajitkumar@gmail.com |
| ४ | अञ्जना लामिछाने | कान्तिपुर टेलिभिजन | ९८४९००८४१९ | anjanalamichhane6@gmail.com |
| ५ | अञ्जना सुवेदी | | ९८४००३९९९७ | kristinasubedi40@gmail.com |
| ६ | अनिल अधिकारी | साझासवाल डटकम | ९८५११२४२४१ | mcchauthanga@gmail.com |
| ७ | अनिल सापकोटा | टक्सार म्यागजिन | ९८५१२१८८६२ | anil.taksar@gmail.com |
| ८ | अनिश मिजार | न्युज एजेन्सी नेपाल | ९८४३७७७२०८ | anishabiral2072123@gmail.com |
| ९ | अनुप आचार्य | टक्सार म्यागजिन | ९८५१३१०६७० | anup.taksarnews@gmail.com |
| १० | अमिर भट्टराई | हाम्रोअर्थ डटकम | ९८४१०५६५१७ | amirbhattarai18@gmail.com |
| ११ | अमिर लामा | आर्थिकप्लस डटकम | ९८५१००७६१७ | amirlama2012@gmail.com |
| १२ | अमृत चिमरिया | अनलाइनखबर डटकम | ९८४५६१४३५४ | chimariyaamrit@gmail.com |
| १३ | अमृत खरेल | संस्थापक अध्यक्ष | | |
| १४ | अम्बिका भण्डारी | इकालोपाटी | | |
| १५ | अम्बिका शर्मा | टक्सार म्यागजिन | ९८५१३१११५३ | ambika.taksarnews@gmail.com |
| १६ | अर्चना न्यौपाने | नोटबजार डटकम | ९८६१०८७७९२ | kardiyothapali@gmail.com |
| १७ | अर्जुन खनाल | कालीगण्डकीखबर डटकम | ९८५१०९५८६५ | pakariarjun@gmail.com |
| १८ | अर्जुन न्यौपाने | क्लाउडपत्रिका डटकम | ९८४१६५३४०७ | arjun.cloudp@gmail.com |
| १९ | अर्जुन भुसाल | अलनेपालखबर डटकम | ९८४३७०३०२१ | arjunbhusal180@gmail.com |
| २० | अशोक शिवाकोटी | अर्थ सवाल विक्ली | ९८४१८००६३३ | ashok.shiwakoti80@gmail.com |
| २१ | आनन्द अधिकारी | | ९८४१५१७०६८ | anandadh@gmail.com |
| २२ | आशिष ढुंगाना | कर्पोरेटनेपाल डटकम | ९८६१९८०४१३ | dhuashish@gmail.com |
| २३ | आशुतोष अर्याल | प्राइम टेलिभिजन | ९८६०९९४५८३ | ashuaryap@gmail.com |
| २४ | इन्द्र बानियाँ | आर्थिकन्युज डटकम | ९८५१०५६७६३ | baniyaindra2@gmail.com |
| २५ | ईश्वर अर्याल | लोकान्तर डटकम | ९८४६१७००९६ | aryal.ishwor86@gmail.com |
| २६ | उर्वसी बस्न्यात | रेडियो सगरमाथा | ९८४९७५७४६६ | urbasi001@gmail.com |
| २७ | एलिजा अर्याल | नेपालटप डटकम | ९८६०१७८२७२ | alishaaryal907@gmail.com |
| २८ | कमल धिताल | बाह्रखरी डटकम | ९८४११५२९१८ | kd152918@gmail.com |
| २९ | कमलमणि पोखरेल | प्राइम टेलिभिजन | ९८४५२०३३१४ | kpatrakar2075@gmail.com |
| ३० | कमला भुसाल | एटुजेड समाचार | ९८४३९१७८७८ | bhusalkamala89@gmail.com |
| ३१ | कल्पना घिमिरे | रातोपाटी डटकम | ९८६९५४०३४६ | kalana2025@gmail.com |
| ३२ | कल्पना सानु भट्टराई | बागमती टिभी | ९८४८२५८७८० | kalpuko@gmail.com |
| ३३ | कविता घिमिरे | | ९८६१५०९४६९ | kabita.ghimire69@gmail.com |
| ३४ | काशीराम बजगाई | आर्थिकन्युज डटकम | ९८५१३२२००३ | krmbjg@gmail.com |
| ३५ | कुलप्रसाद घिमिरे (रवीन्द्र) | अनलाइनखबर डटकम | ९८४५१६८७२२ | rabindra@onlinekhabar.com |
| ३६ | कुमार अधिकारी | अनुगमन डटकम | ९८५१०४९४५८ | nuwakotkumar2017@gmail.com |
| ३७ | कृष्ण सिंह धामी | रातोपाटी डटकम | ९८४८८४१८१० | dhamikrishna99@gmail.com |
| ३८ | कृष्णप्रसाद लामिछाने | आर्थिक दैनिक | ९८५१०८२२३६ | krishnapdlamichhane@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ३९ | कृष्णराज गौतम | रासस | ९८४१६०९३२९ | krishnagautam7@gmail.com |
| ४० | केशर बोगटी (आकाश) | नेपालखबर डटकम | ९८६०१३८३३६ | kesharbogati7@gmail.com |
| ४१ | केशव प्रसाद भण्डारी | इन्सुरेन्सखबर डटकम | ९८५११७०४८३ | kpbhandari.ska@gmail.com |
| ४२ | केशव भट्ट | सौर्य दैनिक | ९८४००२२८५१ | keshavbhatta22@gmail.com |
| ४३ | केशव भट्टराई | न्युज नेपाल | ९८६२२१००१७ | keshavbhojpure@gmail.com |
| ४४ | केशव भुल | नेपालप्रेस डटकम | ९८५११७४२५२ | keshabbhul@gmail.com |
| ४५ | खगेन्द्र प्रसाई | संस्थापक कोषाध्यक्ष | | |
| ४६ | खेम बोलाखे | कर्पोरेट नेपाल डटकम | ९८४५०२२६२४ | khem2news@gmail.com |
| ४७ | खेमराज श्रेष्ठ | सिंहदरबार डटकम | ९८४३७०११८३ | krstha2016@gmail.com |
| ४८ | खेमराज अधिकारी | कर्पोरेट नेपाल डटकम | ९८४१३६४०३९ | adhikarikhem16@gmail.com |
| ४९ | गणेश श्रेष्ठ | बिजनेसपाना डटकम | ९८५१२७४२८७ | gstha3366@gmail.com |
| ५० | चिरञ्जीवी भट्टराई | आर्थिक दैनिक | ९८४१३८५०९७ | chiranjibibhattarai117@gmail.com |
| ५१ | चन्द्र कुमारी कार्की | | ९८४९१४२४४२ | chandakarki6@gmail.com |
| ५२ | चित्रराज भण्डारी | विकासन्युज डटकम | ९८६५७२४०३५ | chitrarajbhandary@gmail.com |
| ५३ | चुडामणि उप्रेती (कृष्ण) | सौर्य दैनिक | ९८६१७०७०७७ | davilrajkumar11@gmail.com |
| ५४ | चेत नारायण पाण्डे | अर्थचौतारी डटकम | ९८५१२१०५४२ | cnpandey10@gmail.com |
| ५५ | छविलाल सापकोटा | हिमालय टेलिभिजन | ९८५१०८१९४३ | thisischhabi@gmail.com |
| ५६ | जानुका रेग्मी | सन्देशडेली डटकम | ९८५११२६५६५ | regmijanuka65@gmail.com |
| ५७ | ज्योति शाह | मेरोलगानी डटकम | ९८४९६३२७८३ | shahjyoti47@gmail.com |
| ५८ | टंकबहादुर कार्की | क्रसचेक डटकम डट एनपी | ९८५११७५६७५ | cross.check23@gmail.com |
| ५९ | तमिश गिरी | न्यू बिजनेस एज | ९८४३८००३२८ | tamish.giri@gmail.com |
| ६० | तीर्थराज पौड्याल | बिजनेस भ्युज डटकम | ९८४९६८०८३९ | Paudyaltr@gmail.com |
| ६१ | दिपक बिष्ट | अर्थपथ डटकम | ९७४१७०८३७१ | bist4453@gmail.com |
| ६२ | दीपक भट्ट | हाम्रोअर्थ डटकम | ९८४११९९७५८ | deepakbhattaji7@gmail.com |
| ६३ | दिपेश घिमिरे | नेप्से ट्रेडिङ डटकम | ९८५१११९९८८ | dipeshghimire222@gmail.com |
| ६४ | दिलु कार्की | क्यापिटल नेपाल डटकम | ९८६२०३४७२२ | dillkshya@gmail.com |
| ६५ | दुर्गाप्रसाद हुमागाईं | सफल आवाज डटकम | ९८५६०२६५७२ | safalawaj@gmail.com |
| ६६ | धर्मेन्द्र कुमार कर्ण | लुम्बिनी सञ्चार डटकम | ९८५१३१२६४७ | editor.lumbinisanchar@gmail.com |
| ६७ | धिरज पौड्याल | नेपाली पैसा डटकम | ९८४७९०२५९० | cmdhiraj128@gmail.com |
| ६८ | धुनबहादुर बुढाथोकी 'संघर्ष' | फ्रिलेन्स | ९८५११९९५७७ | dhun.struggle@gmail.com |
| ६९ | नमिता दुलाल | अर्थबजार डटकम | ९८४३०५६१७४ | dulalnamu9843@gmail.com |
| ७० | नमुना केसी | बैंकिङ समाचार डटकम | ९८६७०९९१६० | kcnamuna0@gmail.com |
| ७१ | नरहरि प्रसाद आचार्य | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८४५०२०८०४ | nararharirajacharya@gmail.com |
| ७२ | नवराज रेग्मी | नेपालखबर डटकम | ९८४३११५७९१ | navabihani55@gmail.com |
| ७३ | नविन ढुंगाना | सिधाकुरा डटकम | ९८४१९७९०७५ | nabs.dhungana@gmail.com |
| ७४ | नविन पोखरेल | बीमा दर्पण डटकम | ९८४५५७३१९० | nabinpokhrel73@gmail.com |
| ७५ | नविन तिमल्सीना | संस्थापक महासचिव | | |
| ७६ | नानु खड्का | इन्सुरेन्सखबर डटकम | ९८६१४४५५१९ | knirjala807@gmail.com |
| ७७ | नारायण प्रसाद अधिकारी | अनलाइनपाना डटकम | ९८५११५२४८६ | Onlinepana@gmail.com |
| ७८ | नारायण प्रसाद पौडेल | सिंहदरबार डटकम | ९८४९२८६५४२ | npaudel3@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ७९ | निकेश खत्री | बैंकिङसमाचार डटकम | ९८५११५०४१६ | khatrinike@gmail.com |
| ८० | निरजन सापकोटा | नेपाली पैसा डटकम | ९८४४२३९९९८ | nirajansapkota09@gmail.com |
| ८१ | निरोज कुमार थापा | बिजनेस पाना डटकम | ९८५१२७४२८४ | thapanirojapk93@gmail.com |
| ८२ | निर्दोष घोरसैनी | टेक्नोलोजी खबर डटकम | ९८५११२९०१६ | cool.nirdosh@gmail.com |
| ८३ | पदम बहादुर भुजेल | क्यापिटल नेपाल डटकम | ९८४०७४७९९८ | bhujelpadam63@gmail.com |
| ८४ | परमेश्वर अधिकारी | नोटबजार डटकम | ९८५११२४२७१ | pmhrad@gmail.com |
| ८५ | परिवर्तन देवकोटा | कारोबार दैनिक | ९८५१२३८८७० | pariwartan73@gmail.com |
| ८६ | पवित्रा मुडबारी | दैनिकी डटकम | ९८४१५८९३३८ | mudvaripabitral@gmail.com |
| ८७ | पवित्रा ढकाल | नारी नेपाल | ९८४३७९७७६४ | pabitradhakal.puja@gmail.com |
| ८८ | पहलमान घर्ती | कान्तिपुर टेलिभिजन | ९८५७८२४८२३ | Pahalmang@gmail.com |
| ८९ | पार्वत विश्वकर्मा | रोजगार मिडिया प्रा.लि. | ९८१९०२०८६६ | Parbatb00@gmail.com |
| ९० | प्रमिला खतिवडा | इमेज टेलिभिजन | ९८६०८९८४५१ | pramila.khatiwada@gmail.com |
| ९१ | पुजा चन्दरा | राजधानी राष्ट्रिय दैनिक | ९८०६४९४०८५ | Pujachandaral23@gmail.com |
| ९२ | पुस्कर पोखरेल | न्युजकास्ट नेपाल | ९८४१९७७४२६ | puskar.p2015@gmail.com |
| ९३ | पुस्कर बस्नेत | राष्ट्रिय आर्थिक मासिक | ९८४९३५७४५८ | |
| ९४ | पूर्ण कार्की | बिजनेस जर्नल | ९८५१०९०२०९ | purnakarki333@gmail.com |
| ९५ | पूर्णिमा बिक | देशसञ्चार डटकम | ९८४८४४९५०३ | purnimab880@gmail.com |
| ९६ | पूर्णिमा पराजुली | नेपाल टेलिभिजन | ९८६५९९६३८७ | pur035nime@gmail.com |
| ९७ | प्रकाश चन्द्र सापकोटा | संस्थापक सदस्य | | |
| ९८ | प्रकाश चन्द्र जोशी | बाह्रखरी डटकम | ९८४८८९२५४० | pj87937@gmail.com |
| ९९ | प्रकाश थपलिया | कर्पोरेट नेपाल डटकम | ९८५५०१२१८८ | 9pthapaliya@gmail.com |
| १०० | प्रकाश लम्साल | कारोबार दैनिक | ९८५५०२४६५७ | Prakashlamsalbara@gmail.com |
| १०१ | प्रकाश वाग्ले | सिंहदरबार डटकम | ९८५४०३५९३७ | wagleprakash.977@gmail.com |
| १०२ | प्रकृति थापा | नोटबजार डटकम | ९८६७३६१६३८ | prakritithapa0421@gmail.com |
| १०३ | प्रजिता कुमारी बुढाथोकी | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८४४०४१६०८ | rjparu2043@gmail.com |
| १०४ | प्रयाश श्रेष्ठ | कर्पोरेट नेपाल डटकम | ९८४९५०६०७४ | leojr.prayash@gmail.com |
| १०५ | प्रशान्त खड्का | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८४८००५५६९ | prsnt1991@gmail.com |
| १०६ | प्रशन्न ढुंगाना | न्यूज एजेन्सी नेपाल | ९८६१९७७७८१ | Add.developmentforum@gmail.com |
| १०७ | प्रस्तुत कोइराला | खबरपाटी डटकम | ९८४३१३२१४५ | theprastoot@gmail.com |
| १०८ | अप्सरा गौतम | कर्पोरेट बजार डटकम | ९८५१२९७७९० | gautam.apsara674@gmail.com |
| १०९ | बलराम बुढाथोकी | बाह्रखरी डटकम | ९८६०५२००१३ | br.budhathoki101@gmail.com |
| ११० | वसन्त अर्याल | नेपालखबर डटकम | ९८४४७०९२२१ | basantaryal90@gmail.com |
| १११ | बसन्त पाण्डे | अर्थसंसार डटकम | ९८४०७८६२३५ | nicolsarjak@gmail.com |
| ११२ | भगवती खनाल | नेपाल अर्थ | | |
| ११३ | भावना अवस्थी | बैंकिङ समाचार डटकम | ९७४२८४५३५९ | Bhumiawasthi9@gmail.com |
| ११४ | भीमा पन्थी | अर्थलगानी डटकम | ९८६३८३२३४६ | panthibhima1998@gmail.com |
| ११५ | भुपराज बस्याल | अन्नपूर्ण पोस्ट दैनिक | ९८५१११०८५० | bbraj99@gmail.com |
| ११६ | भुवन पौडेल | नोटबजार डटकम | ९८४१९५८२३६ | uniquepoudel@gmail.com |
| ११७ | भुवन प्रसाद आचार्य | रेडियो नेपाल | ९८४१९३६९४८ | bhuban2054@gmail.com |
| ११८ | भूमिराज जोशी | रासस | ९८५११२५८७१ | jbhumiraj803@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ११९ | मञ्जरी पौडेल | विकासन्युज डटकम | ९८६०६३४४२८ | paudelmanjari@gmail.com |
| १२० | मनिषा पुडासैनी | | ९८४३२२९४०१ | manishapudasaini16@gmail.com |
| १२१ | मनोज थापा | अर्थनेपाल डटकम | ९८५११९४२३९ | manojthapa049@gmail.com |
| १२२ | मनोज रेग्मी | | ९८६०४७२५८५ | manojregmi54@gmail.com |
| १२३ | मल्लिका घिमिरे | | ९८४३३७०८२५ | ghimirmallika@gmail.com |
| १२४ | महेन्द्र शाही | लगानीन्युज डटकम | ९८५११४३७४० | nepalimahendra4@gmail.com |
| १२५ | मानमती पन्त | अर्थपथ डटकम | ९८४८४९७९८७ | Pmanmati@gmail.com |
| १२६ | मित्र बहादुर क्षेत्री | बिजशाला डटकम | ९८६०८०३६८४ | bizshala@gmail.com |
| १२७ | मिना साउद | नेपालखोज डटकम | ९८६८४२०९०४ | minasaud84@gmail.com |
| १२८ | मिरा श्रेष्ठ | सिंहदरबार डटकम | ९८६५४४६०२४ | mira.shrestha2077@gmail.com |
| १२९ | मिलन खड्का | अर्थसंसार डटकम | ९८४९१३३६६७ | contactwithmilan@gmail.com |
| १३० | मिलन बिक | नयाँ पत्रिका दैनिक | ९८५७६२४५८९ | milan.shree53@gmail.com |
| १३१ | मीना अर्याल | आईसीटी फ्रेम डटकम | | |
| १३२ | मिलन भण्डारी | हिमालय पोस्ट डटकम | ९८५१००६९३३ | bhandarimilan546@gmail.com |
| १३३ | मेनुका कार्की | हाम्रोअर्थ डटकम | ९८४१४४७९८५ | menukarki81@gmail.com |
| १३४ | मोदनाथ ढकाल | द राइजिङ नेपाल डेली | ९८५११५५७०० | dhakalutsav@gmail.com |
| १३५ | मोहमद अजमत अली | बिजपाटी डटकम | ९८५११६६२६९ | ajmatali.ali1@gmail.com |
| १३६ | यमप्रसाद पौड्याल 'यमन' | इन्द्रेनी डटकम | ९८५१०९४९७३ | yamanpaudyal@gmail.com |
| १३७ | यशोदा शर्मा | | ९८४६०१७०९६ | yeshodadanai72@gmail.com |
| १३८ | युकला पौडेल | केटीएम भ्वाइस डटकम | ९८२४०९२५९७ | yukalapoudel@gmail.com |
| १३९ | रक्षा रेग्मी | क्लाउडपत्रिका डटकम | ९८५११५६६७० | ojesbi@gmail.com |
| १४० | रबिन पौडेल | मेरोलगानी डटकम | ९८६१६९५५१७ | poudelrabin24@gmail.com |
| १४१ | रबिना खत्री | अर्थखोज डटकम | ९८४४०६५५२३ | rabinakhatry@gmail.com |
| १४२ | रमेश कुमार बोहोरा | अर्थ सवाल विक्ली | ९८५१०८४३५२ | rameshkumarbohora@gmail.com |
| १४३ | रमेश घिमिरे | संस्थापक सहसचिव | | |
| १४४ | रमेश भारती | हिमालय टाइम्स | ९८४११८७६०९ | jmcrsmedia21@gmail.com |
| १४५ | रवि बहादुर थापा | टक्सार म्यागजिन | ९८५१३२५९८४ | thaparabi2059@gmail.com |
| १४६ | राजन ढकाल | एनएनटिभी | ९८६१५१५११८ | dhakalrajan75@gmail.com |
| १४७ | राजाराम न्यौपाने | नेपालप्रेस डटकम | ९८५११२०४९२ | merajaram700@gmail.com |
| १४८ | राजिव न्यौपाने | विकासन्युज डटकम | ९८४९६५२२६२ | rajivneupane789@gmail.com |
| १४९ | राजु श्रेष्ठ | नेपाल समाचारपत्र दैनिक | ९८४१४६५७७२ | srajujeek6@gmail.com |
| १५० | राधिका श्रेष्ठ | अर्थसरोकार डटकम | ९८६४५९०१८७ | Arthasarokarnews@gmail.com |
| १५१ | राधेश्याम प्रसाद पटेल | बिजमाण्डू डटकम | ९८५५०३३२९२ | radhereporter1@gmail.com |
| १५२ | राम कार्की | आर्थिकन्युज डटकम | ९८५११८६०७४ | ramkarki166@gmail.com |
| १५३ | रामकृष्ण अधिकारी | संस्थापक सदस्य | | |
| १५४ | रामचन्द्र खड्का | खबर एक्सप्रेस | ९८५१२४२२६५ | ramchandra86@gmail.com |
| १५५ | रामशरण न्यौपाने | फरकपत्र डटकम | ९८५१०६५७१४ | neupaneramsaran6@gmail.com |
| १५६ | रितेश त्रिपाठी | उकालो डटकम | ९८५५०२०२४५ | riteshtripathi.brj@gmail.com |
| १५७ | रिना खत्री | बीमापोस्ट डटकम | ९८६५५५२३३१ | Khatririna13@gmail.com |
| १५८ | रीता राउत | नेपालप्रेस डटकम | ९८६२८१३९७१ | rautrita19@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १५९ | रूपा घिमिरे | जनता टिभी | ९८४१९५२६१२ | ghimirerupa222@gmail.com |
| १६० | रूपेश चौलागाईं | नेपालखोज डटकम | ९८६१७७४६१६ | rupeshchaulagainanjan1999@gmail.com |
| १६१ | रेखा श्रेष्ठ | फरकधार डटकम | ९८४०२६०७०६ | rekhashrestha23@gmail.com |
| १६२ | रोयल आचार्य | केटीएम भ्वाइस डटकम | ९८५११४५६४१ | acharyaroyal87@gmail.com |
| १६३ | रोविन पौडेल | क्लिकमान्डु डटकम | ९८५११८१०६० | robinpaudell@gmail.com |
| १६४ | लक्ष्मी ज्ञवाली | लुम्बिनी सञ्चार डटकम | ९८४१७१३४७१ | laxmi.lumbinisanchar@gmail.com |
| १६५ | लक्ष्मी बुढा 'लिजा' | कर्पोरेट बजार डटकम | ९८४४८६४७७७ | laxmibudha75@gmail.com |
| १६६ | लक्ष्मी शर्मा | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९७४२५२०७१९ | lsharma09850@gmail.com |
| १६७ | लक्ष्मी श्रेष्ठ | कर्पोरेट बजार डटकम | ९८६१२५३८९० | Laxshrestha2015@gmail.com |
| १६८ | लवेश प्याकुरेल | इन्स्टा खबर डटकम | ९८४१९३५६३४ | laveshl1@gmail.com |
| १६९ | लालकुमार मोक्तान | ग्लोबल टिभी | ९८५४०४५६३० | moktanlalu@gmail.com |
| १७० | लोकेन्द्र विश्वकर्मा | न्युज कारोबार | ९८६६२३३७९० | lokendrajournal@gmail.com |
| १७१ | लोमश चापागाई | हिमालय पोस्ट डटकम | ९८५१००८१२२ | hellolomash@gmail.com |
| १७२ | विक्रम सुनार | अर्थपथ डटकम | ९८४६७९४२०३ | sunarbikram144@gmail.com |
| १७३ | विजय दमासे | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८५१११५१३३ | newsbijay@gmail.com |
| १७४ | विजय पराजुली | अनलाइनखबर डटकम | ९८४३७५१८४५ | Parajuli015@gmail.com |
| १७५ | विजय फुयाँल | आर्थिक भ्वाइस | ९८५१२५९८८१ | bijaya.phuyal81@gmail.com |
| १७६ | विजया बास्कोटा | | ९८४९२६४५९९ | mebijayabaskota@gmail.com |
| १७७ | विपिन घिमिरे | देखापढी डटकम | ९८६७५२७९०८ | ghimire98675@gmail.com |
| १७८ | विष्णुप्रसाद ढुंगाना | सीधाकुरा डटकम | ९८४३८९२८४० | dpbishnu3753@gmail.com |
| १७९ | शंकर अर्याल | चबतोपाटी डटकम | ९८४१०९७९५१ | oneofnation2015@gmail.com |
| १८० | शकुन्तला जोशी | जिन्दगानी डटकम | ९८४१९८१०८७ | sakun.joshi@gmail.com |
| १८१ | शम्भुराज रेग्मी | | ९८५१०६९३०० | shambhuraja08@gmail.com |
| १८२ | शर्मिला सुवेदी | टिभी अन्नपूर्ण डटकम | ९८०२०५१२०२ | subedisharmeela@gmail.com |
| १८३ | शिव धिताल | बिजनेस पाना | ९८६०००७२६१ | shiva.dhital.ois@gmail.com |
| १८४ | शिव बस्नेत | संस्थापक उपाध्यक्ष | ९८४१६९६७६६ | |
| १८५ | शुक्र गिरी | बिजमाण्डू डटकम | ९८४३७९०४२१ | shukragiri2@gmail.com |
| १८६ | शुकदेव चापागाई | संस्थापक उपाध्यक्ष | | |
| १८७ | शोविता रिसाल | सीआईएन | ९८४१०७४७५० | rishalsobi@gmail.com |
| १८८ | सन्ध्या कट्टेल | संस्थापक सदस्य | | |
| १८९ | संगिता कटुवाल | प्राइम टेलिभिजन | ९८६२८६५२३८ | sangita1katuwal@gmail.com |
| १९० | सचिन श्रेष्ठ | बाह्रखरी डटकम | ९८६००४२५४७ | Sanjeevshrestha820@gmail.com |
| १९१ | साजन प्रसाद सुवेदी | टेक्नोलोजी खबर डटकम | ९८५१०७१७१७ | sajan.subedi@gmail.com |
| १९२ | सन्तोष तिमल्सिना | काभ्रेसन्देश विक्ली | ९८५१२३२९५२ | Santosh32952@gmail.com |
| १९३ | सन्तोष रोकाया | विकासन्युज डटकम | ९८६८५७१४५८ | santoshrokaya9@gmail.com |
| १९४ | सबिना कार्की | सेतोपाटी डटकम | ९८४४०११८९९ | Karkisabina841@gmail.com |
| १९५ | समुन्द्रा घिमिरे | सिएनएन खबर डटकम | ९८४६४९५४८० | samundraghimire5@gmail.com |
| १९६ | सम्झना घिमिरे | नेपालखबर डटकम | ९७४१८०१३२२ | samjhanaghimire44@gmail.com |
| १९७ | सम्झना बरूवाल | वित्तियपोष्ट डटकम | ९८४४२५७१५० | chhetrisamjhu143@gmail.com |
| १९८ | सरला सुवेदी | विजमाण्डु डटकम | ९८४३६५३६५६ | saralasubedi2052@gmail.com |
| १९९ | सरस्वती अधिकारी | अर्थसञ्जाल डटकम | ९८४३४४९५१४ | khusiadhikari43@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| २०० | सरिशा अछामी | काठमान्डुप्रेस डटकम | ९८४९८३२१६९ | sarishaachami@gmail.com |
| २०१ | साईराम उपरकोटी | मेरोअटो डटकम | ९७४१८५२२५५ | sairamuparkoti8@gmail.com |
| २०२ | सागर न्यौपाने | नेपालखबर डटकम | ९८४१३९२०६१ | sagar.mankakura@gmail.com |
| २०३ | सीता मैया श्रेष्ठ | अर्थ डबली डटकम | ९८४१४६२३५६ | shresthame2@gmail.com |
| २०४ | सीताराम चौधरी | | ९८४५०९३६०६ | strm.chaudhary@gmail.com |
| २०५ | सीताराम भट्टराई | आर्थिकन्युज डटकम | ९८५१०९१२९२ | sitaram.bhattarai@gmail.com |
| २०६ | सुदर्शन अर्याल | अनलाईन खबर डटकम | ९८५१०९८९०४ | ashrukiran@gmail.com |
| २०७ | सुदर्शन श्रेष्ठ | अर्थसरोकार डटकम | ९८५८४७८३३३ | Arthasarokarnews@gmail.com |
| २०८ | सुधा देवकोटा | मेरोलगानी डटकम | ९८५१०५३४३१ | mesudhadevkota@gmail.com |
| २०९ | सुधीर भण्डारी | | ९८४९९१५९५० | sudhirbhandari77@gmail.com |
| २१० | सुनिता पुडासैनी | | ९८४३६०१२४३ | pudasainisani2018@gmail.com |
| २११ | सुनिल कुँवर | चाणक्यपोस्ट डटकम | ९८६४६७४३१० | sunilkunwar002@gmail.com |
| २१२ | सुप्रिया आचार्य | अर्थसरोकार डटकम | ९८४३०४५०३२ | Arthasarokarnews@gmail.com |
| २१३ | सुमित्रा कार्की | बिजखबर डटकम | ९८५१२७८८९६ | sumitrakarki2019@gmail.com |
| २१४ | सुरज प्याकुरेल | अर्थसरोकार डटकम | ९८५१०१७९१४ | Arthasarokarnews@gmail.com |
| २१५ | सुरज राजथला | रेडियो कान्तिपुर | ९८५१२०६०४५ | surajrajthala@gmail.com |
| २१६ | सुरञ्जन घिमिरे | हिमालप्रेस डटकम | ९८६१४९२५५१ | ghimiresuranjan123@gmaol.com |
| २१७ | सुरेन्द्र बजगाई | | ९८६१२१९०२५ | Surendrabajagain73@gmail.com |
| २१८ | सुरेश बिडारी | ईसनेश | ९८४५१२३९५८ | chitlangnews@gmail.com |
| २१९ | सुरेश राउत | आर्थिक दैनिक | ९८४१४८६८०७ | aabu2051@gmail.com |
| २२० | सुरेन्□ पौडेल | आर्थिक आवाज | ९८५११०६०८० | arthikawaj@gmail.com |
| २२१ | सुष्मा केसी | न्यूज २४ टेलिभिजन | | |
| २२२ | सुष्मा तिमल्सिना | सिंहदरबार डटकम | ९८४३५२९३०८ | timalsinasushma5@gmail.com |
| २२३ | सुस्मिता बाँस्तोला | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८६२००८६०९ | bastolasumee@gmail.com |
| २२४ | सृष्टि पराजुली | | ९८४१२२४५६१ | shristyparajuli12345@gmail.com |
| २२५ | सोनी शाही | काठमान्डुप्रेस डटकम | ९८६०३३७७४० | shahisoni123@gmail.com |
| २२६ | सोमनाथ बाँस्तोला | बिजशाला डटकम | ९८५१०१५३९४ | bizshala@gmail.com |
| २२७ | सौरभ देवकोटा | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८६९६८५७२० | muskasturid@gmail.com |
| २२८ | स्तुति चौधरी | न्युज पोलार डटकम | ९८६२१२९१०० | stuteechaudhary@gmail.com |
| २२९ | हरि लामिछाने | संस्थापक सचिव | | |
| २३० | हरिशरण न्यौपाने | अर्थ प्रणाली डटकम | ९८४१८६९८६६ | harisharan069@gmail.com |
| २३१ | हिम बिष्ट | टक्सार म्यागजिन | ९८५१२५४०२८ | news.lumbinisanchar@gmail.com |
| २३२ | ज्ञानबहादुर श्रेष्ठ | बैंकिङ समाचार डटकम | ९८६१५७३५१२ | gyanu5006@gmail.com |
| २३३ | लोचन खतिवडा | | | |
| २३४ | माधव निर्दोश | बैंकिङ खबर डटकम | | |
| २३५ | शुरेस यादव | | | |
| २३६ | अरिष्मा मोक्तान | | ९८४९५३७३८१ | arishma.moktan7777@gmail.com |
| २३७ | अरूण पाख्रेन | | ९८४१५९५५४५ | pakhrena@gmail.com |
| २३८ | अशोक घिमिरे | रासस | ९८५१०००२१७ | ghimireashok977@gmail.com |
| २३९ | कपिल खड्का | कृषि टेलिभिजन | ९८४१८५३१३१ | Samrockkhadka@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| १४० | कामना घिमिरे | शिलापत्र डटकम | ९८१७९९७०१७ | kamanag969@gmail.com |
| १४१ | किरण आचार्य | टक्सार म्यागजिन | ९८५१०८२१०२ | achkrn@gmail.com |
| १४२ | खुश बहादुर घोले | बिजनेसआवाज डटकम | ९८४४०४५६३३ | businessawaj@gmail.com |
| १४३ | गोपाल चन्द्र सुवेदी | गोरखापत्र दैनिक | ९८५११८७९६८ | gopalsubedi@gmail.com |
| १४४ | टोपबहादुर सोती | बिजपाटी डटकम | | |
| १४५ | डोमी शेर्पा | | ९८४३४५५२३५ | Domisherpa96@gmail.com |
| १४६ | तारा दुबे चापागाईं | | ९८५१०९१७४९ | tarachapagain73@gmail.com |
| १४७ | तीर्थमाया तामाङ | कृषि टेलिभिजन | ९८४७३८६००७ | tmg.tirthamaya123@gmail.com |
| १४८ | निशा हुमागाईं | अर्थसञ्चार डटकम | ९८६९२५९४१० | nishuhumagain123@gmail.com |
| १४९ | पुष्पेन्द्र खड्का | फाइनान्सियल नोटिसेज | ९८४९६५४३१८ | lovelypuspen@gmail.com |
| १५० | प्रज्वल नेपाली | | ९८०१०८२८११ | prajjwal.nepali1@gmail.com |
| १५१ | प्रतिक्षा कँडेल | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८६०६८०८४० | pratikchhakandel@gmail.com |
| १५२ | प्रनिशा अधिकारी | नेपालखोज डटकम | ९८४६६७५१६० | adhikarip215@gmail.com |
| १५३ | फणिन्द्र दाहाल | रोजगार मिडिया प्रा.लि. | ९८५१००१३२५ | phadindraonline@gmail.com |
| १५४ | बिनम कोइराला | | ९८६२१७८७६६ | binam2054@gmail.com |
| १५५ | बिनु लुइँटेल | नेपालटप डटकम | ९८६०६७४९८४ | luitelbinu66@gmail.com |
| १५६ | भक्तराज रसाइली | अर्थबिट डटकम | ९८४३५९८५४१ | hakkimnexus@gmail.com |
| १५७ | ममता ओली | केटीएम भ्वाइस डटकम | ९८२२४२३०४७ | mamtaoli226@gmail.com |
| १५८ | मिना आचार्य | कृषि टेलिभिजन | ९८४०५७९७४१ | bplusmina@gmail.com |
| १५९ | यज्ञराज जोशी | | ९८६९३०२९४९ | yagyarajsuman@gmail.com |
| १६० | युवराज बस्नेत | | ९८५११६४७१८ | bhubanbasnet514@gmail.com |
| १६१ | रमेश पौडेल | द नेपाल टप | ९८१६३७११७० | |
| १६२ | रेखा चन्द | बिजशाला डटकम | ९८६७३१६३७७ | rekhac870@gmail.com |
| १६३ | रेश्मा गुरागाईं | केटीएम भ्वाइस डटकम | ९८२४७९७६५४ | |
| १६४ | रेश्मी मगर | कृषि टेलिभिजन | ९८०९६१६४५२ | reshmikingringmagar@gmail.com |
| १६५ | विष्णु पोखरेल | न्युजसेवा डटकम | ९८५११९४८७० | pokhrel24@gmail.com |
| १६६ | शुभाष नेपाल | | ९८६०६२०१९० | Shubhashnepal2013@gmail.com |
| १६७ | संगम ढकाल | खबरहब डटकम | ९८४४४१५८३४ | sangam.dhakal21000@gmail.com |
| १६८ | सज्जिता आचार्य | थाहा खबर | ९८६०९५८१५६ | sanjeetaacharya2017@gmail.com |
| १६९ | सुन्दर न्यौपाने | आर्थिक अभियान राष्ट्रिय दैनिक | ९८६३७२७६८८ | anantya.sundar@gmail.com |
| १७० | सौरभ यादव | एपीवान टेलिभिजन | ९८५२८२०२५५ | Saurav20869@gmail.com |
| १७१ | सीता शर्मा | गोरखापत्र दैनिक | ९८४१४४८९८२ | sitagko@gmail.com |